शनिबारको

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक ३२८ काठमाडौं | ४ माघ २०७६ शनिबार माघ कृष्णपक्ष अष्टमी | नेपाल संवत् ११४० | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Saturday, January 18, 2020 | पृष्ठ १२+४+८ | १० रुपैयाँ

# तनाव व्यवस्थापनमा चुक्दा

बढी कमाउने प्रलोभनमा ऋण लिएर गरेको लगानी डुब्न थालेपछि परिवारसहित आत्महत्या प्रयास गरेका युवाले श्रीमती र दुई छोरा गुमाएका छन्

■ **हरिहरसिंह राठौर** (धादिङ)
**मातृका दाहाल** (काठमाडौं)

व्यवस्थापन विषयका लेक्चरर विनय लामिछाने आफैंमा एक कुशल व्यवस्थापक पनि थिए। काठमाडौंको चन्द्रागिरि नगरपालिकास्थित मंगलोदय क्याम्पसमा व्यवस्थापन संकायमा पढाउँदै आएका उनले व्यवसायमा पनि हात हालेका थिए। सेयर र कमोडिटी मार्केटमा उनको लगानी थियो। उनी 'वेस्ट काठमाडौं बिजनेस इन्भेस्टमेन्ट प्रालि' का प्रमुख कार्यकारी अधिकृत पनि हुन्।

डेढ वर्षअघिदेखि सेयर र कमोडिटी मार्केटमा लगानी गरेका विनयले ६ महिनासम्म राम्रै नाफा कमाए। त्यसपछि लोभिएर लगानी बढाए। तर दुर्भाग्य, नाफा पहिलेभैंं निरन्तर हुन सकेन। एक वर्षको अवधिमा डेढ करोडभन्दा बढी घाटा व्यहोरेपछि उनको जिन्दगीले अर्कै मोड लियो। हिसाब गर्दा आफ्ना भएभरको जायजेथाले पनि ऋण र सापटी तिर्न नभ्याउने भयो। त्यसपछि तनाव व्यवस्थापन गर्न नसकेका लामिछाने गलत निर्णयमा पुगे। अन्ततः पत्नी र दुई अबोध छोरासहित बिहीबार साँझ त्रिशूली नदीमा हेलिन पुगे।

मकवानपुर, चित्लाङका विनयले धादिङको सिद्धलेख-७, बडघरेकी जमुना रेग्मीसँग २०७४ मा विवाह गरेका थिए। उनीहरूका दुई वर्षीय छोरा विजन र ६ महिनाका रिजन थिए। रिजनको शुक्रबारै पास्नीको साइत जुरेको थियो। तर परिवारमा सुतक परेकाले उनी पास्नी छोडेर श्रीमती र दुई छोरासहित घरबाट निस्किए।

घर छोड्नुअघि विनयले जमुनासँग भनेका थिए, 'म ऋणमा डुबिसकें, अब मर्छु।' जवाफमा जमुनाले 'एक्लै होइन, परिवार नै सँगसँगै मरौं' भनेपछि उनीहरू दुवै छोरालाई लिएर धादिङतर्फ लागेका थिए। घर छोड्नुअघि विनयले लेखेको तीन पाना लामो 'सुसाइड नोट' मा ऋण तिर्नुपर्ने लामो फेहरिस्तसहित आफू मृत्यु रोज्न बाध्य भएको खुलाएका छन्। 'यो पढ्नु होला' शीर्षकमा हरियो अक्षरमा लेखिएको सुसाइड नोटमा परिवार नै मास्नुपरेको कारण उल्लेख गरेका छन्। गएको वर्षदेखि व्यापार निकै खस्केको, सापटी लिएका मानिसले फोन गरेर चर्को मानसिक तनाव दिएको र आफ्नो अंश लाग्ने सम्पत्ति बेच्दा पनि सापटी र ऋण तिर्न नसक्ने अवस्था आएकाले श्रीमती र छोराहरूसहित परिवारले नै मृत्युवरण गर्ने निर्णय गरेको उनले सुसाइड नोटमा लेखेका छन्।



**विनय लामिछाने (दायाँ)। त्रिशूलीमा डुबेर मृत्यु भएकी उनकी पत्नी जमुना र बेपत्ता छोराहरू।** *तस्बिर : विनयको फेसबुकबाट*

धादिङको बेनीघाटस्थित सिउरेनीटार जोड्ने पुलमुनिबाट ६ महिनाका छोरा रिजनलाई श्रीमती र दुईवर्षे विजनलाई विनय आफैंले काखमा लिएर नडुबुन्जेल त्रिशूलीमा हेलिएका थिए। संयोगले विनयलाई जलयात्रा गर्ने समूहले जीवितै उद्धार गर्‍यो। तर जमुना दुई छोरासहित बेपत्ता भइन्।


बाँकी पृष्ठ १३ ▶▶

# किन हुन्छ सामूहिक आत्महत्या ?

■ **गोकर्ण गौतम** (काठमाडौं)

धादिङमा बिहीबार साँझ भएको घटनाले सामूहिक आत्महत्या प्रयास किन बढ्दै छ भन्ने प्रश्न फेरि जगाइदिएको छ।

गत वर्ष चितवनको भरतपुर महानगरपालिका-१८, शशीनगरमा एकै परिवारका तीन जनाले आत्महत्या गरेका थिए। सहरी क्लिनिक टोलकी ३५ वर्षीया माया आलेमगर, उनका १४ वर्षीया छोरी विनिता र १२ वर्षे छोरा विवेक सलमा झुन्डिएका थिए। विवेकले सुनाइड नोटमा लेखेका थिए, 'बुबा, तपाईं हामीलाई नसोधी किन जानुभयो ? ममीले साह्रै दुःख मान्नुभएको छ।' नेपाली सेनामा कार्यरत उनका बाबु घटनाको दुई दिनअगाडि काठमाडौं फर्किएका थिए। पारिवारिक बेमेलले आमाले बच्चासहित आत्महत्या गरेको खुलेको थियो। अघिल्लो वर्ष बझाङको सुर्मामा एउटै रुखमा पासो लगाएर तीन बालिकाले सामूहिक आत्महत्या गरेका थिए। १४ वर्षे जुनतारा पुजारा, १४ वर्षकै रेखा पुजारा र उनीहरूभन्दा एक वर्ष जेठी कविता बोहराले जंगलमा एउटै रुखमा नाम्लोले पासो लगाएर मृत्यु रोजेका थिए। यो रहस्यमयी घटनाको अन्तर्य त्यतिकै लुक्यो।



प्रेममा मनमुटाव वा वियोग भएपछि जोडीले आत्महत्या गरेका घटना पनि उत्तिकै छन्। गत वर्ष फागुनमा वीरगन्जमा तीन किशोरकिशोरीले सामूहिक विष सेवन गरेर आत्महत्या प्रयास गरेका थिए। जिरा भवानी गाउँपालिका-४ की १८ वर्षीया संगीताकुमारीको उपचार क्रममा मृत्यु भयो भने मञ्जिता कुमारी र सञ्जय दास समयमै उपचार पाएरकाले बाँचे। मञ्जिताको राज चौधरीसँग र संगीताको सञ्जयसँग प्रेमसम्बन्ध थियो। सञ्जय र राजचाहिँ साथीसाथी। विवाह गरेर भाग्ने प्रयास असफल भएपछि विष सेवन गरेको खुलेको थियो।

बाँकी पृष्ठ १३ ▶▶


## भित्र



गुठीको २ हजार रोपनी व्यक्तिको नाममा


- फुक्दै नेकपामा असहमतिको गाँठो
- कांग्रेस भन्छ- 'सभामुख-उपसभामुख राष्ट्रिय हैसियतको फरक दलबाट'
- उस्तै कसुर, दुई थरी फैसला

साथमा




अमेरिकी दूतावास भन्छ-

# 'एमसीसीमा सैन्य मामिला छैन'



काठमाडौं (कास)- अमेरिकी दूतावासले मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) कुनै सैन्य गठबन्धन नभएको जनाएको छ। जनस्तरमै पक्षविपक्षमा व्यापक तर्क उठेपछि काठमाडौंस्थित दूतावासले शुक्रबार दसबुँदे विज्ञप्ति जारी गरेर एमसीसीमा कुनै सैन्य मामिला नजोडिएको बताएको हो।


दूतावासले अमेरिकी कानुनले कुनै पनि एमसीसी परियोजनामा सैन्य संलग्नतालाई निषेध गरेको दाबी गरेको छ। उसले एमसीसीलाई 'विशुद्ध रूपमा आर्थिक विकासमा केन्द्रित' भनेको छ। 'नेपालमा विद्युत् प्रसारण लाइन निर्माण र सडकको स्तरोन्नतिमार्फत आर्थिक विकासमा सघाउने एमसीसी परियोजनाको लक्ष्य छ,' विज्ञप्तिमा भनिएको छ। सत्तारूढ नेकपाभित्रै एमसीसी 'चीनविरुद्ध लक्षित' इन्डो-प्यासिफिक रणनीतिको अंग भएकाले उसँग भएको परियोजनासम्बन्धी सम्झौता संसद्बाट अनुमोदन गर्न नहुने आवाज उठ्न थालेपछि अमेरिकी दूतावासले विज्ञप्तिमार्फत प्रस्टीकरण सार्वजनिक गरेको हो। एमसीसी सम्झौता अनुमोदनका लागि संघीय संसद्मा पेस गरिएको छ, जसलाई यही हिउँदे अधिवेशनमा पारित गराउने सरकारको तयारी छ।

दूतावासले एमसीसीका सम्बन्धमा उठेका प्रश्नहरूबारे आफू जानकार भएको उल्लेख गरेको छ। 'हालै नेपाली नागरिक, नेतृत्व र सञ्चारकर्मीले एमसीसीको नेपाल कम्प्याक्ट (सम्झौता) बारे सोधिरहनुभएको छ। यस्ता प्रश्नलाई हामी स्वागत गर्छौं। यस कार्यक्रमभित्र नेपालका लागि केकस्ता लाभ छन् भन्नेसम्बन्धी बुझाइ निर्माणमा नेपाली जनसाधारणको सहभागितालाई पनि हामी स्वागत गर्छौं,' विज्ञप्तिमा भनिएको छ, 'अन्तर्राष्ट्रिय विकासका निम्ति पारदर्शिता तथा सच्चा साझेदारीमा आधारित नयाँ मोडलका रूपमा एमसीसी स्थापना भएको हो।'

बाँकी पृष्ठ १३ ▶▶

# फेरि हिमपात र वर्षा

अन्नपूर्ण हिंडेका ७ जना सम्पर्कविहीन, गोरखामा हिमपहिरो



फाइल तस्बिर

**कान्तिपुर संवाददाता** (काठमाडौं)

सुदूरपश्चिम हुँदै भित्रिएको न्यूनचापीय प्रणालीका कारण शुक्रबार देशैभर वर्षा भएको छ। उच्च पहाडी र हिमाली भागमा हिमपात भएको छ। गोर्खामा हिमपहिरो गएको छ भने पर्यटकीय पदमार्ग अन्नपूर्ण आधारशिविर हिंडेका पाँच विदेशी पर्यटक र दुई नेपाली गाइड सम्पर्कविहीन छन्। निरन्तर वर्षा र खराब मौसमकै कारण चार अन्तर्राष्ट्रिय उडान डाइभर्ट भए भने ३७ आन्तरिक रद्द हुन पुगे।

पोखरास्थित संवाददाताका अनुसार अन्नपूर्ण आधारशिविर हिंडेका चार कोरियाली, एक चिनियाँ र दुई नेपाली सम्पर्कविहीन छन्।

'अन्नपूर्ण बेसक्याम्प (एबीसी) जाने क्रममा नौ कोरियालीमध्ये चार जना सम्पर्कमा नरहेको जानकारी प्राप्त भएको छ,' गण्डकीका प्रदेश प्रहरी प्रमुख डीआईजी विनोद शर्मा घिमिरेले भने, 'नेपाली भरियासहित गएका एक चिनियाँ र छुट्टै टोलीका दुई नेपाली गाइड पनि सम्पर्कविहीन छन्।' कास्कीको अन्नपूर्ण गाउँपालिका-११ हिमालय र देउरालीबीचको हिंकुमा हिमपहिरो आएपछि उनीहरू सम्पर्कमा नरहेको उनले बताए। उक्त वडाको दोभानस्थित डेस्टिनेसन एबीसी होटलका सञ्चालक सुक गुरुङले पनि केही पर्यटक र नेपाली बाटैबाट सम्पर्कविहीन रहेको बताए। अत्यधिक हिमपातले उक्त मार्गमा तत्काल ओहोरदोहोर गर्न सकिने अवस्था छैन। स्थानीय र प्रहरीले उक्त स्थानमा फोनले काम नगरेकाले पनि खोजीमा समस्या भएको बताएका छन्।

'एबीसी जाने बाटोमा रहेका होटलमा उनीहरू सुरक्षितसाथ बसेका पनि हुन सक्छन्,' डीआईजी घिमिरेले भने, 'टेलिफोन सम्पर्क छैन। अत्यधिक हिमपातले कोही जान सक्ने अवस्था छैन।' नजिकै रहेको घान्द्रुक प्रहरी चौकीबाट घटनास्थल पुग्न एक दिन लाग्छ। शुक्रबार बिहान ११ बजेतिर उक्त स्थानमा हिमपहिरो आएको थियो। डीआईजी घिमिरेले स्थानीय र प्रहरीलाई घटनास्थलतर्फ परिचालन गरिएको बताए। कास्की प्रहरीका प्रवक्ता डीएसपी राजकुमार केसीले पनि घटनाबारे अपुष्ट सूचना आएको बताए।

अत्यधिक हिमपातपछि गएको हिमपहिरोले गोरखामा ट्रेकिङ रुट (पैदल मार्ग) बन्द भएको छ। चुमनुब्री गाउँपालिका-४ नामरुङमा शुक्रबार दिउँसो हिमपहिरो जाँदा लार्केबाट सामागाउँ जाने बाटो बन्द भएको प्रहरीले जनाएको छ। गोरखा प्रहरी प्रमुख एसपी ओम अधिकारीका अनुसार करिब ५ सय मिटर माथिबाट आएको हिमपहिरोले लार्केपास ट्रेकिङ रुटको २५ मिटर बाटोमा क्षति पुर्‍याएको छ। 'बाटो नभएका कारण तत्काललाई आवतजावतमा रोक लगाइएको छ,' अधिकारीले भने, 'स्थानीयसँग समन्वय गरी बाटो खुलाउने प्रयासमा छौं।'

बाँकी पृष्ठ १३ ▶▶






**नारायणहिटीमा गणतन्त्र** | काठमाडौंको नारायणहिटीमा नवनिर्मित गणतन्त्र स्मारक । जनआन्दोलनका क्रममा मृत्यु भएका, बेपत्ता पारिएका र अंगभंग भएकाहरूको सम्झनामा ४५ करोड रुपैयाँ खर्च गरेर स्मारक बनाइएको हो । स्मारक शुक्रबार सहरी विकास मन्त्रालयले नारायणहिटी संग्रहालय तथा गणतन्त्र स्मारक सञ्चालन तथा व्यवस्थापन विकास समितिलाई हस्तान्तरण गरेको छ । मुख्य स्मारकमा हिमाल, पहाड र तराई झल्किने आकृति राखिएका छन् ।

*तस्बिर : इलिट जोशी/कान्तिपुर*

# उस्तै कसुरदार, दुई थरी फैसला

उच्च अदालत तुलसीपुरको बुटवल इजलासले एक साताको अवधिमा गरेका दुई बन्दीप्रत्यक्षीकरणका मुद्दामा भएका आदेश एकअर्कामा बाझिन्छन् ।

■ **कृष्ण ज्ञवाली** (काठमाडौं

उच्च अदालत तुलसीपुरको बुटवल इजलासबाट एक साता अवधिमा दुई फरक फैसला भएको भेटिएको छ । बैंकिङ कसुरको मुद्दामा दोषी ठहर भई ३ वर्षका दरले कैदको फैसला भएका दुई फरक व्यक्तिका हकमा उच्च अदालत बुटवलले फरक-फरक आदेश जारी गरेको हो ।

कसुरदार ठहर भई म्याद नबुझेका दुई व्यक्तिलाई प्रहरीले पक्राउ गरेपछि दुवै जनाले बन्दीप्रत्यक्षीकरणको निवेदन हालेका थिए । गत पुस २२ गते न्यायाधीश शेषराज शिवाकोटी र दीपेन्द्रबहादुर बमको इजलासले अधिवक्ता अर्जुनबहादुर कार्कीलाई गैरकानुनी थुनामा राखेको ठहर गर्दै रिहा गर्न आदेश गऱ्यो भने पक्राउ गर्ने प्रहरी र अदालतका स्रेस्तेदारलाई कारबाहीको निर्णयसमेत सुनायो ।

त्यसको ६ दिनपछि केशवराज जोशी र कृष्णकमल अधिकारीको इजलासले राजेन्द्रप्रसाद ध्वजुको हकमा बन्दीप्रत्यक्षीकरण आदेश जारी नगरी उनलाई पक्राउ गर्ने काम 'कानुनसम्मत भएको' ठहऱ्यायो । कार्की र ध्वजु एउटै मुद्दामा कसुरदार ठहरिएका व्यक्ति हुन् । उनीहरूको कसुर के थियो ? त्यो जान्न उच्च अदालत पाटनबाट गत वर्ष टुंगिएको अर्को मुद्दाको विषयवस्तुमा प्रवेश गर्नुपर्ने हुन्छ ।

●●●

२०७१ माघ ८ गते नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले उच्च अदालत पाटनमा एकैसाथ ११ वटा मुद्दा दर्ता गऱ्यो । बुटवल फाइनान्समा भएको अनियमितताको अनुगमन गरेपछि नेपाल राष्ट्र बैंकको वित्त कम्पनी सुपरिवेक्षण विभागको पत्रका आधारमा ब्युरोले अनुसन्धान गरेर 'बैंकिङ कसुर' को मुद्दा अघि बढाएको थियो ।

नेपाल राष्ट्र बैंकको वित्त कम्पनी सुपरिवेक्षण विभागले अनुगमन गर्दा बुटवल फाइनान्सबाट एउटा कमसल धितोमा बढी ऋण प्रवाह भएको भेट्यो । करिब एक करोड रुपैयाँ मात्रै मूल्यांकन हुने सरस्वती थापा भण्डारीको जग्गालाई ३ करोड २१ लाख रुपैयाँको मूल्यांकन गरेर दुई करोड रुपैयाँ ऋण प्रवाह गरेको थियो । छानबिनका क्रममा देवेन्द्र ध्वजुले सञ्चालक समिति र कर्जा समितिमा आफ्ना नातेदार राखी बहुमतका आधारमा निर्णय गराएको खुल्यो । कानुनविपरीत उनी स्वयं कर्जा समितिका संयोजक बनेका थिए ।

गलत विवरणको आरोपमा कृत्रिम व्यवसायलाई कर्जा दिएको, धितोको ज्यादा मूल्यांकन गरी बढी ऋण प्रवाह गरेको आरोपमा छानबिन अघि बढ्यो । फाइनान्सका अध्यक्ष देवेन्द्र ध्वजुले आफ्नो चिनजानकी सरस्वती थापा भण्डारीलाई प्रयोग गरेर ऋणका लागि निवेदन दिन लगाएको खुल्यो । जग्गा राख्नेबाहेक कुनै अरू विषय उनलाई थाहा थिएन । छानबिन हुँदा उनको नाममा खाता खोलेर चेकमार्फत रकमसमेत देवेन्द्र ध्वजुले आफ्ना अरू व्यावसायिक कम्पनीलाई भुक्तानी गरेको भेटियो । छानबिन हुँदासम्म ब्याजसमेत जोडिएर ऋण रकम ३ करोड २० लाख पुगेको थियो ।

फाइनान्सका अध्यक्ष ध्वजुलाई ३ वर्ष कैद, ३ करोड २० लाख बिगो अनि बिगोबमोजिम जरिवाना फैसला भयो । राजेशकिरण श्रेष्ठ, तुलसी पाण्डे, प्रदीपबहादुर प्रधान र अर्जुनबहादुर कार्कीलाई ३ करोड २० लाखको दामासाहीले जरिवाना र ३ वर्ष कैद हुने फैसला भयो । पहिले नै २ लाख रुपैयाँ धरौटी बुझाएकाले कानुन व्यवसायी कार्कीको ७८ लाख रुपैयाँ जरिवाना लगतमा बाँकी छ । सञ्चालक राजेन्द्रप्रसाद ध्वजुको हकमा ३ वर्ष कैद र ३२ लाख जरिवाना हुने फैसला भयो ।

धितोको बढी मूल्यांकन गरी ऋण प्रवाह गरेको, त्यो ऋण फेरि आफ्नै नाममा लिएको र सबै पदमा नातेदार नियुक्त गरेको आरोपमा बुटवल फाइनान्सका अध्यक्ष देवेन्द्रप्रसाद ध्वजु पनि उक्त मुद्दामा दोषी ठहर भएका थिए । २०७५ फागुन ५ गते उच्च अदालत पाटनका न्यायाधीशहरू रमेश पोखरेल र अच्युतप्रसाद भण्डारीको इजलासले अधिवक्ता कार्कीसहितका व्यक्तिलाई बैंकिङ कसुरको अभियोगमा दोष ठहर गरेपछि कार्की र ध्वजुले अदालतबाट म्याद बुझेका थिएनन् ।

**अपराधी पक्रँदा सजाय**

गतवर्ष उच्च अदालत पाटनले गरेको फैसला कार्यान्वयनका क्रममा इलाका प्रहरी कार्यालय बुटवलका डीएसपी भीमलाल भट्टराईले अधिवक्तासमेत रहेका कार्की र फाइनान्सका तत्कालीन सञ्चालक ध्वजुलाई पक्राउ गरी जिल्ला अदालत रूपन्देहीमा हाजिर गराए । अदालतका तहसिल्दार कृष्ण पौडेलले अपराधी ठहर भएका दुवैलाई कैदी पुर्जी दिएर थुनामा पठाइदिए । त्यतिन्जेलसम्म पाल्पा भैरवस्थान घर भएका कार्कीको नाममा जिल्ला अदालत पाल्पाले समेत म्याद तामेल गर्न सकेको थिएन ।

पक्राउ परी कैद भएको भोलिपल्ट अधिवक्तासमेत रहेका कार्कीले आफूलाई गैरकानुनी रूपमा थुनामा राखिएको भन्दै उच्च अदालतको बुटवल इजलासमा बन्दीप्रत्यक्षीकरणको निवेदन दिए । निवेदन परेकै दिन न्यायाधीश शिवाकोटीको इजलासले बन्दीलाई उपस्थित गराउन आदेश दियो भने भोलिपल्ट शिवाकोटी र बमको इजलासले कार्कीलाई गैरकानुनी रूपमा थुनामा राखेको ठहर गर्दै रिहा गर्न आदेश दियो । अनि निर्दोष व्यक्तिलाई गैरकानुनी रूपमा थुनेको ठहर गर्दै डीएसपी भीमलाल भट्टराईलाई ५० रुपैयाँ जरिवाना हुने र जिल्ला अदालत रूपन्देहीका तहसिल्दार कृष्ण पौडेललाई सचेत गराउने फैसला गरे ।

एक साताभित्रै पूर्णपाठसमेत तयार पारिएको फैसलामा मुलुकी फौजदारी कार्यविधि संहिता ऐनको दफा १५३ को उपदफा (१) (क) उद्धृत गरिएको छ । जसमा 'कानुनबमोजिम पुनरावेदन लाग्न सक्ने मुद्दामा मुद्दाको अन्तिम किनारा नभएसम्म वा पुनरावेदन नपरेको भए लाग्न सक्ने म्याद भुक्तान नभएसम्म अदालतले फैसला कार्यान्वयन स्थगन गर्नुपर्ने' भन्ने उल्लेख छ ।

कैद ठहर भएका कार्कीले सर्वोच्च अदालतमा पुनरावेदन दिन बाँकी भएको अनि मुद्दाको अन्तिम किनारा पनि नभएको भन्दै न्यायाधीशद्वय शिवाकोटी र बमको इजलासले तत्काल हतारमा कैद ठहर गर्नु गलत रहेको भनी ठम्यायो । जबकि उपदफा ३ मा 'माथि जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै कसुरदारलाई कैदको सजाय हुने ठहरी फैसला भएकोमा त्यस्तो कसुरदारलाई तत्काल कैदमा पठाउनुपर्नेछ' भन्ने व्यवस्था छ । शिवाकोटी र बमको फैसलामा २०६९ सालमा प्रकाशित एउटा नजिरलाई आधार मानिएको छ । तर त्यसभन्दा चार वर्षपछि जारी भएको मुलुकी फौजदारी कार्यविधि संहिता ऐनको व्यवस्थाबारे फैसला 'मौन' छ ।

डीएसपी भट्टराईले स्वेच्छाचारी किसिमले व्यक्तिको स्वतन्त्रतामा प्रत्यक्ष असर पर्ने गरी गिरफ्तार गरेको भन्दै ५० रुपैयाँ जरिवानाको निर्णय सुनायो । अनि 'कैद र जरिवानाको अन्तिम लगत कायम नहुँदै कैदी पुर्जी दिई कार्कीलाई कारागार पठाएको' भन्दै तहसिल्दार कृष्ण पौडेललाई सचेत गराउन आदेश जारी गऱ्यो । यो आदेशको चर्को विरोध हुनुका साथै गृह प्रशासनले समेत सर्वोच्च अदालतमा असन्तुष्टिको सन्देश पठायो । त्यसपछि फैसलाको पूर्णपाठको तपसिल खण्डमा भने, १५ दिनभित्र डीएसपीले सन्तोषजनक जवाफ दिएमा 'जरिवानाको लगत नराख्ने' आदेश दियो । अनि तहसिलदार पौडेलको हकमा पनि सन्तोषजनक जवाफ दिएमा 'सचेत गराउन परेन' व्यहोरा उल्लेख छ ।

**सातापछि अर्कै आदेश**

एकै दिन पक्राउ परेका कानुन व्यवसायीसमेत रहेका कार्की बन्दीप्रत्यक्षीकरणको आदेशबाट रिहा भएपछि अर्का कसुरदार राजेन्द्र ध्वजुले पुस २४ गते उच्च अदालतको बुटवल इजलासमै बन्दीप्रत्यक्षीकरणको निवेदन हाले । आफूलाई गैरकानुनी रूपमा पक्राउ गरेको दाबी गरेका ध्वजुको मुद्दा न्यायाधीशद्वय केशवराज जोशी र कृष्णकमल अधिकारीको इजलासमा पुऱ्यो । उनीहरूले निवेदन खारेज हुने फैसला सुनाइदिए ।

ध्वजुलाई 'कानुनसम्मत पक्राउ गरेको' ठहर गरेको जोशी र अधिकारीको इजलासले गरेको फैसलाको पूर्णपाठ सार्वजनिक भएको छैन । रायकिताबमा भने ध्वजु पक्राउ हुनु कानुनसम्मत रहेको व्यहोरा उल्लेख गरेको उच्च अदालत स्रोतले बतायो । रायकिताबमा मुलुकी फौजदारी कार्यविधि संहिता ऐनको दफा १५३ को उपदफा ३ उद्धृत गर्दै 'माथि जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै कसुरदारलाई कैदको सजाय हुने ठहरी फैसला भएकोमा त्यस्तो कसुरदारलाई तत्काल कैदमा पठाउनुपर्नेछ' भन्ने व्यवस्थाका आधारमा पक्राउ गरिएकाले बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनु नपर्ने भन्ने छ ।

एउटै मुद्दाबाट दोषी ठहर भएका दुई व्यक्ति पक्राउ गर्दा फरकफरक आदेश भएपछि सांकेतिक कारबाही स्वरूप न्यायपरिषद्ले बुटवल इजलासको नेतृत्व गर्ने न्यायाधीश शिवाकोटीलाई उच्च अदालतको दिपायल इजलासमा सरुवा गरेको छ । शिवाकोटीको ठाउँमा जनकपुरबाट न्यायाधीश बाबुराम रेग्मीलाई पठाइएको छ ।



**न्यायाधीशद्वय शेषराज शिवाकोटी र दीपेन्द्रबहादुर बमको इजलास**
(**पुस २२ गतेको फैसला**) :

'मुलुकी फौजदारी कार्यविधि संहिता ऐनको दफा १५३ को उपदफा (१) (क) मा 'कानुनबमोजिम पुनरावेदन लाग्न सक्ने मुद्दामा मुद्दाको अन्तिम किनारा नभएसम्म वा पुनरावेदन नपरेको भए लाग्न सक्ने म्याद भुक्तान नभएसम्म अदालतले फैसला कार्यान्वयन स्थगत गर्नुपर्नेछ' भन्ने उल्लेख छ । अर्जुनबहादुर कार्कीलाई पक्राउ गर्ने कार्य गैरकानुनी देखियो ।'

**न्यायाधीशद्वय केशवराज जोशी र कृष्णकमल अधिकारीको इजलास**
(**पुस २८ गतेको राय**) :

'मुलुकी फौजदारी कार्यविधि संहिता ऐनको दफा १५३ को उपदफा ३ मा 'माथि जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै कसुरदारलाई कैदको सजाय हुने ठहरी फैसला भएकोमा त्यस्तो कसुरदारलाई तत्काल कैदमा पठाउनुपर्नेछ' भन्ने व्यवस्था छ । ध्वजुलाई पक्राउ गरेको कानुनसम्मत नै देखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपरेन ।'




# 'प्रदेशको अस्तित्व धरापमा'

**'संघले कानुन लागू गर्न दिएन'**



मकवानपुर (कास)- वागमती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले संघीय सरकार र स्थानीय सरकारबीच समन्वय नहुँदा प्रदेशको अस्तित्व धरापमा परेको बताएका छन् । प्रतिनिधिसभाको विकास तथा प्रविधि समितिले शुक्रबार हेटौंडामा गरेको विकास र समृद्धिमा अन्तरतह समन्वय विषयक कार्यक्रममा उनले संघीय सरकारले प्रदेशले बनाएका कानुन पूर्णरूपमा लागू गर्न नदिएको र स्थानीय तहले प्रदेश सरकारलाई बेवास्ता गरेको बताए ।

मुख्यमन्त्री पौडेलले समन्वयकै समस्याले ढुंगागिट्टी, बालुवा र अवैध क्रसरलाई नियन्त्रण गर्न नसकिएको बताए । 'बरु केन्द्र र स्थानीय तहबीच समन्वय देखियो । प्रदेशसँग कसैको पनि सरोकार र समन्वय देखिएन,' उनले भने । केन्द्र प्रदेशमाथि योजनाको भारी मात्र थुपारेर बसेको तर दायित्व बहन नगरेको उनको टिप्पणी छ । 'संघले जथाभाबी योजना वितरण गरिरहेको छ ।

योजना निर्माण र वितरणमा प्रदेशसँग कुनै पनि किसिमको सहकार्य हुँदैन,' उनले भने । मुख्यमन्त्री पौडेलले प्रदेश सरकार चारैतिरबाट बाँधिएको बताए । उनले संघीयता कमजोर भए दोष आफूहरूमाथि आउने भन्दै सबैले आआफ्नो दायित्व पूरा गर्नुपर्नेमा जोड दिए ।

मुख्यमन्त्री पौडेलले प्रदेश सरकारलाई बुझ्न संघ र स्थानीय तहले कन्जुस्याइँ गरेको आरोप लगाए । उनले तीन तहको सरकारबीच समन्वय गर्ने गरी प्रदेश तहमा प्रदेश सरकार समन्वय इकाई गठन गर्ने तयारीमा आफू रहेको पनि जानकारी दिए । 'संघले योजना छनोटलाई व्यवस्थित र पारदर्शी बनाउँदै तीन तहबीच समन्वय गरे व्यवस्था परिवर्तन भएको महसुस सबैले गर्नेछन्,' उनले भने ।

# फुक्दै असहमतिको गाँठो

'तपाईंले पार्टीमा सर्वसम्मत उम्मेदवार तय गर्न सक्नुभएन, मैले नै संसदीय दलबाट चुनूँ कि कसो ?' भनी ओलीले दाहाललाई व्यंग्य गरे ।

## सभामुखमा सहमति हुनै बाँकी

■ **बिनु सुवेदी** (काठमाडौं)

नयाँ सभामुख चयनका विषयमा प्रधानमन्त्री एवम् नेकपा अध्यक्ष केपी शर्मा ओली र अर्का अध्यक्ष पुष्पकमल दाहालबीचको छलफल सकारात्मक रूपमा अघि बढेको छ । प्रधानमन्त्री निवास बालुवाटारमा बिहीबार र शुक्रबार गरी करिब साढे ४ घण्टा दाहालसँग छलफल गरेपछि ओलीले 'केही भ्रम चिरिएको' बताएका छन् ।


फाइल तस्बिर : कान्तिपुर

बालुवाटार स्रोतका अनुसार प्रधानमन्त्री ओलीले प्रतिनिधिसभाको माघ ६ को बैठक नसर्ने गरी सहमति हुने दाबी गरेका छन् । सभामुख कसलाई बनाउने भन्नेबारे भने दुई अध्यक्षबीच अझै कुरा मिलिनसकेको स्रोतको भनाइ छ । 'पात्रबारे अडान यथावत् छ,' स्रोतले भन्यो, 'अरू कुरा मिलेर पात्रका विषयमा मात्रै छलफल हुन्थ्यो भने दुई अढाई घण्टासम्म बसेर सघन छलफल गर्नै पर्दैनथ्यो ।'

प्रधानमन्त्रीका प्रेस सल्लाहकार सूर्य थापाले पनि अध्यक्षद्वयबीच पछिल्लो समयमा भएको छलफल सकारात्मक रूपमा अघि बढेको जानकारी दिए । 'यसअघि पनि छलफलबाटै धेरै विषयको टुंगो लगाएझैं अध्यक्षद्वयले छलफल गरेरै सहमति गर्नुहुन्छ,' थापाले कान्तिपुरसँग भने, 'पछिल्ला दुई दिनको छलफलले छिट्टै निकास निकाल्नेमा उहाँहरू प्रतिबद्ध देखिएको संकेत गर्छ ।' उनले दुई अध्यक्षबीच दरार सिर्जना गरेर स्वार्थसिद्ध गर्ने उद्देश्यले विभिन्न पक्षहरू खेले पनि त्यो सफल नहुने दाबी गरे ।

ओली र दाहालबीचको सहमतिकै आधारमा सरकारले पुस ४ गतेका लागि संसद् अधिवेशन आह्वान गर्न राष्ट्रपतिसमक्ष सिफारिस गरेको थियो । त्यतिखेर संविधानसभा अध्यक्ष सुवास नेम्वाङलाई नै सभामुखको उम्मेदवार बनाउने विषयमा दुई अध्यक्षबीच भद्र सहमति भएको प्रधानमन्त्री निकट स्रोतको भनाइ छ । त्यही सहमतिका आधारमा अध्यक्षद्वयले नेम्वाङलाई सभामुख चयनबारे सार्वजनिक रूपमा धारणा नराख्न सुझाव पनि दिएका थिए तर पछि पूर्वमाओवादी पक्षको दबाबका कारण अध्यक्ष दाहालले कुरा फेरेको आरोप ओली पक्षधर नेताहरूको छ ।

पछिल्लोपटक नेता वामदेव गौतमको निवासमा भएको भेलामा उपसभामुखको राजीनामा मागेर मात्रै सभामुखको उम्मेदवार चयन गर्ने विषयमा अध्यक्ष दाहालसहितका नेताले सहमति जुटाएपछि ओली रुष्ट बनेका थिए । उनले बाहिर भेला र बैठक गर्नेले नै सभामुख तय गर्नुपर्ने अभिव्यक्ति दिँदै आएका थिए । शुक्रबार पनि अध्यक्ष दाहालसँगको भेटमा उनले 'तपाईंले पार्टीमा सर्वसम्मत उम्मेदवार तय गर्न सक्नुभएन, मैले नै संसदीय दलबाट चुनूँ कि कसो ?' व्यंग्य गरेका थिए । प्रधानमन्त्रीको यो कटाक्ष भैंसेपाटी भेलाप्रति केन्द्रित रहेको स्रोतको दाबी छ । दाहालले अहिले पार्टीको जिम्मेवारी लिइरहेका छन् भने ओली संसदीय दलका नेता हुन् ।

दाहाल पक्षधर नेताहरू भने प्रधानमन्त्री ओलीसँग दाहालले सभामुख चयनका विषयमा पहिले कुनै सहमति नगरेको दाबी गर्छन् तर सभामुख चयन गर्नुपर्छ भनेरै सरकारले यसअघि भन्दा करिब साता दिनअघि संसद् अधिवेशन डाकेको ब्रिफिङ दाहालले नेकपा संसदीय दलको बैठकमा पनि गरेका थिए । उनले उक्त बैठकमा सभामुखमा सबैलाई मान्य हुने व्यक्ति चयन गरिने पनि बताएका थिए ।

पछि दुई अध्यक्षले आफ्नै पक्षको सभामुख चयन गर्ने कुरालाई प्रतिष्ठाको विषय बनाएपछि उनीहरूबीच केही दिन संवादहीनतासमेत भयो । यसअघि गत असारमा पनि पार्टी एकताका विषयमा दुई अध्यक्षबीच कुरा नहुँदा उनीहरूबीच झन्डै साता दिनसम्म छलफल भएको थिएन । बिहीबार र शुक्रबार भएको छलफल भने सहमतिको निकै नजिक पुगेको अध्यक्षहरूले आफूनिकट नेताहरूलाई बताएका छन् । नेकपा स्थायी समिति सदस्य हरिबोल गजुरेलले पनि दुई अध्यक्षको छलफल सकारात्मक भएको जानकारी आएको बताए । 'प्रधानमन्त्रीज्यू पूर्वमाओवादीलाई नै सभामुख दिन तयार हुनुहुन्छ भन्ने जानकारी आयो तर पात्रका विषयमा उहाँहरूबीच अझै कुरा मिलिसकेको रहेनछ,' उनले भने । गजुरेल उनै हुन्, जसलाई पछिल्लो समय अध्यक्ष दाहालले सभामुखको दाबेदारका रूपमा प्रधानमन्त्रीसमक्ष प्रस्तुत गरिरहेका छन् । 'सुरुमा अग्नि सापकोटाको नाम आएको थियो तर उहाँका विरुद्ध मुद्दा छ भन्ने भएपछि अर्को व्यक्ति खोजौं भन्ने कुरा भयो,' प्रधानमन्त्री निकट एक मन्त्रीले भने, 'त्यसपछि दाहालले गजुरेलको नाम अघि सार्नुभएको छ तर प्रधानमन्त्रीले जवाफ दिनुभएको छैन ।' ती मन्त्रीका अनुसार प्रधानमन्त्री अहिले पनि सुवास नेम्वाङकै नाममा अडिग छन् ।

उपसभामुख शिवमाया तुम्बाहाङ्फेले पनि सभामुखको दाबेदारी प्रस्तुत गरिरहेकी छन् तर उनको नाममा अध्यक्ष दाहालले रुचि नदेखाएपछि तुम्बाहाङ्फेको सम्भावना क्षीण भइसकेको स्रोतहरू बताउँछन् । तुम्बाहाङ्फेले पनि सभामुखको उम्मेदवार तय हुनेबित्तिकै आफूले उपसभामुखबाट राजीनामा दिने बताइसकेकी छन् । यसअघि उनले आफैंलाई सभामुखको उम्मेदवार नबनाए उपसभामुखबाट पनि राजीनामा नदिने बताउँदै आएकी थिइन् ।

## 'सभामुख-उपसभामुख राष्ट्रिय हैसियतको फरक दलबाट'

■ **कुलचन्द्र न्यौपाने** (काठमाडौं)

प्रमुख प्रतिपक्षी कांग्रेसले सभामुख सत्तारूढ नेकपाले लिए उपसभामुख संसद्मा दलीय हैसियत प्राप्त गर्ने फरक दलबाट हुनुपर्ने माग उठाएको छ । संसद्मा दलीय हैसियत प्राप्त गरेका दलको संख्या चार छ ।

समानुपातिकतर्फ प्रतिनिधिसभामा तीन प्रतिशत र प्रदेशसभामा डेढ प्रतिशतभन्दा कम मत ल्याउने दलको हैसियत संसद्मा स्वतन्त्रसरह मानिन्छ । कांग्रेस संसदीय दलले नेकपाले सभामुख लिए उपसभामुख दलीय हैसियत प्राप्त कांग्रेस, समाजवादी र राजपामध्ये एक दलबाट हुनुपर्ने मत अघि सारेको हो ।

संसदीय दलको शुक्रबार भएको बैठकपछि राष्ट्रिय सभाका कांग्रेस संसदीय दल नेता सुरेन्द्र पाण्डेले संसद्ले चारवटा दललाई मात्रै चिन्ने बताए । 'सभामुख सत्तारूढ दलले लिए उपसभामुख हैसियत प्राप्त गरेको फरक दलबाट हुनुपर्ने संवैधानिक व्यवस्थाप्रति कांग्रेसले ध्यानाकर्षण गराएको हो,' उनले कान्तिपुरसित भने ।



**सभामुख सत्तारूढ दलले लिए उपसभामुख राष्ट्रिय दलको हैसियत प्राप्त गरेका फरक दलबाट हुनुपर्छ**

**सुरेन्द्र पाण्डे**
**राष्ट्रिय सभा, कांग्रेस संसदीय दल नेता**



**निर्वाचन आयोगमा दर्ता भएका र संसद्मा प्रतिनिधित्व भएका जोकोही दलले दाबी गर्न पाउँछ**

**रामनारायण बिडारी**
**नेकपा सांसद**

संसद्मा चार दलका अतिरिक्त राष्ट्रिय जनमोर्चा, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल, नेपाल मजदुर किसान पार्टी र स्वतन्त्रको एक/एक सिट छ । सत्तारूढ दलले सभामुख लिने पक्कापक्की छ । सभामुख कसलाई बनाउने भन्नेमै सत्तारूढ दलभित्र रस्साकसी चलिरहेकाले उपसभामुखबारे उसले केही बोलेको छैन । संवैधानिक परिषद्को सदस्यसमेत रहने भएकाले उपसभामुख कसले पाउने भन्ने विषयमा सत्तारूढ र विपक्षी दुवैका लागि चासो बढेको छ । सत्तारूढ दलले संवैधानिक परिषद्मा समेत आफ्नो अनुकूल हुने गरी उपसभामुख अर्को दललाई दिने तयारी गरेको छ ।

कांग्रेस केन्द्रीय सदस्य मीनेन्द्र रिजालले भने, 'माघ ६ गते प्रक्रिया अघि बढाउनुपर्छ । प्रक्रिया अघि बढाउनुअघि नै उपसभामुखले राजीनामा दिए केही भएन । तर उपसभामुखले नै सभामुख निर्वाचनको प्रक्रिया अघि बढाउनुभयो भने त्यतिबेला सभामुख अर्को पार्टीले पाउनुपर्छ ।'

सत्तारूढ दल नेकपाका राष्ट्रिय सभा सांसद रामनारायण बिडारी संविधानले संसद्मा राष्ट्रिय हैसियत प्राप्त गरेको नभनी निर्वाचन आयोगमा दर्ता भएका र संसद्मा प्रतिनिधित्व रहेका सबै दलले उपसभामुखमा दाबी गर्न मिल्ने बताउँछन् । 'सेवा र सुविधा पाउने हिसाबले संसद्मा राष्ट्रिय हैसियत प्राप्त दल भनिएको हो । तर निर्वाचन आयोगमा दल दर्ता गर्ने भनेको के हो ? आयोगमा दर्ता भएको छ र संसद्मा समेत प्रतिनिधित्व छ भने फरक दल जोकोहीले उपसभामुखमा दाबी गर्न मिल्छ,' उनले भने ।

कांग्रेस संसदीय दलले सत्तारूढ नेकपाका दुई शीर्ष नेताको विवादका कारण संसद्लाई बन्धक बनाइएको भन्दै आपत्ति जनाएको छ । उसले आगामी

### एमसीसी सम्झौता अनुमोदन गर्न कांग्रेसको माग

माघ ६ गतेको प्रतिनिधिसभाको बैठक सञ्चालन गरी सभामुख निर्वाचन प्रक्रिया अघि बढाउनसमेत माग गरेको छ ।

सभामुखको रिक्त पदको निर्वाचनलाई कारण देखाएर प्रतिनिधिसभा बैठक अवरुद्ध भइरहनुलाई सत्तारूढ दल नेपाल कम्युनिस्ट पार्टीको घोर अकर्मण्यता भनी कांग्रेसले टिप्पणी गरेको छ । आन्तरिक विवादलाई केन्द्रीय विषय बनाएर नेकपाले संसदीय परिपाटीको धज्जी उडाएको र यसले संसदीय व्यवस्थाप्रतिको आस्थामै गम्भीर प्रश्न खडा गरेको कांग्रेसले जनाएको छ । 'यस्ता गैरजिम्मेवार क्रियाकलापप्रति घोर आपत्ति प्रकट गर्छौं,' संसदीय दलका प्रमुख सचेतक बालकृष्ण खाँणद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

कांग्रेसले मुलुकको हितमा रहेको जनाउँदै अमेरिकी सहयोग निकाय मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) सँग भएको सम्झौतालाई तत्काल संसद्बाट अनुमोदन गर्न माग गरेको छ । कतिपय सञ्चार माध्यमबाट एमसीसीका विरुद्धमा पार्टी सभापति एवं दलका नेता शेरबहादुर देउवा र कांग्रेसका कतिपय सांसद तथा नेताहरूबाट आएको भनिएको अभिव्यक्ति भ्रमपूर्ण र कपोलकल्पित रहेको भनी कांग्रेसले खण्डन गरेको छ । 'यस सम्झौतालाई यथाशीघ्र सदनबाट अनुमोदन गर्ने पक्षमा नेपाली कांग्रेस रहेको स्मरण गराउन चाहन्छौं,' कांग्रेसले भनेको छ ।



# डीपीआरले रोकियो एकीकृत बस्ती निर्माण

रामेछाप (कास)- भूकम्पले ध्वस्त पारेको रामेछापका तीन स्थानमा एकीकृत बस्ती निर्माण गर्ने योजना बनाइए पनि प्रभावकारी काम हुन सकेको छैन । बस्ती निर्माणका लागि आवश्यक विस्तृत योजना प्रतिवेदन (डीपीआर) कै काम प्राविधिक जनशक्तिको अभावमा रोकिएको छ ।

रामेछापको सबैभन्दा बढी प्रभावित मन्थली नगरपालिकाको गाईखुरा माझी बस्तीमा एकीकृत बस्ती निर्माण गर्ने राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको ०७५ भदौ १७ को निर्णय कार्यान्वयन नभइरहेका बेला ०७५ पुस २० मा गुन्साल र दुरागाउँ एकीकृत बस्ती विकास गर्ने निर्णय गरिएको थियो । प्राधिकरणले एकीकृत बस्ती स्वीकृत गरे पनि त्यसको विकासका लागि आवश्यक जनशक्ति जिल्लामा नपठाएका कारण योजनाको काम अघि बढ्न नसकेको हो ।

प्राधिकरणले उक्त तीन वटै एकीकृत बस्तीको डीपीआर बनाएर पठाउन जिल्ला आयोजना कार्यान्वयन इकाइ (भवन) मा भनेको । तर उक्त कार्यालयमा दरबन्दी बमोजिमको प्राविधिक नहुँदा काम अघि बढेको छैन । आयोजना प्रमुख बीरवहादुर रावलका अनुसार प्राधिकरण र केन्द्रीय आयोजना कार्यान्वयन इकाइमा एकीकृत बस्तीको डीपीआर बनाउन जनशक्ति माग गरिएको छ । 'जनशक्ति पठाए हामी चाँडै डीपीआर तयार पारेर कार्यान्वयनका लागि पठाउछौं,' रावलले भने, 'अहिलेकै जनशक्तिले उक्त कार्य सम्भव छैन ।' गैरसरकारी संस्थाको सहयोगमा दुरागाउँ र गुन्सालको डीपीआर बनाउन थालिए पनि पूरा हुन सकेको छैन ।

एकीकृत बस्ती निर्माण हुने गाईखुरामा पीडितहरूले आफूखुसी घर बनाएका छन । एकीकृत बस्तीमा आवासका अतिरिक्त अन्य विकासका पूर्वाधारसमेत निर्माण गर्नुपर्ने हुन्छ । गुन्सीको गुन्सालमा स्थानीय सेतियुवा क्लबको अगुवाइमा अघि सारिएको ३५ परिवारको एकीकृत बस्ती भने लगानीको अभावमा अलपत्र छ । 'थोरै काम गरेका छौं, पूर्वाधारको काममा भने हातै हालिएको छैन,' स्थानीय प्रज्वल श्रेष्ठले भने । दोरम्बा गाउँपालिकाले उक्त बस्ती निर्माणका लागि न्यूनतम लगानी गर्ने योजना अघि सारेको छ ।

# हिमपातले सामान ठप्प

रसुवा (कास)- तिब्बतमा लगातार बाक्लो हिमपात हुँदा केरुङ आउने सामान बाटोमै रोकिएका छन् । बिहीबार बिहानैदेखि तिब्बतमा हिमपात भइरहेको केरुङबाट पुरुषोत्तम पौडेलले बताए । हिमपातका कारण धिङ्ग्री, झोङ्गालगायतका ठाउँमा सडक अवरुद्ध भएको उनले बताए । केरुङका लागि पाँचवटा गाडीमा सामान लोड गरिएको थियो । सामान लोड भएका १० वटा कन्टेनरमा शिल भएको छ । शुक्रबार पनि हिमपात रोकिएको छैन ।

चीनबाट नेपालतर्फ तयारी कपडा, स्याउ, रबर, प्लास्टिकका जुत्ताचप्पल, हाते झोला, छालाको जुत्ता, मोटरको ब्याट्री, युपीएस लगायतका सामान पैठारी भइरहेको छ । नेपालबाट चीनतर्फ धातुको मूर्ति, शृंगारका सामान, ऊनी, गलैंचा, कार्पेट, भाँडाकुँडालगायत वस्तु निकासी भइरहेको छ ।



वर्षापछि शुक्रबार काठमाडौंका विभिन्न स्थानको दृश्य । न्यूनचापीय प्रणाली बिहीबार दिउँसो नै सुदूरपश्चिम क्षेत्रमा प्रवेश भएसँगै वर्षा सुरु भएको थियो । तस्बिर : अंगद ढकाल/कान्तिपुर

# स्कुल होइन, गोठालो जाने हतार



गोठालो जाने तरखरमा निशा । तस्बिर : कान्तिपुर

■ **रमेशकुमार पौडेल** (चितवन)

बिहानको १० बज्न लाग्दै गर्दा स्कुल जाने बालबालिका फाट्टफुट्ट देखिन थाले । राप्ती नगरपालिका-१३ मा पर्ने पहाडी गाउँ चिउदिङकी निशा तामाङ पनि हतारमा थिइन् । १५ वर्षकी निशा यो बेला आठ/नौ कक्षामा पढ्नुपर्ने हो । तर उनी विद्यालय जान छाडेको वर्षौं भयो । उनको हतारो किताब बोकेर विद्यालय जान थिएन, लौरो समाएर गोठालो दौडिन थियो ।

'बाले गाईबाख्रा फुकाएर माथि पुऱ्याइसके, अब दिनभरि मैले हेर्नुपर्छ,' उनले भनिन् । हस्तबहादुर र बिमाया तामाङको कान्छी सन्तान हुन् निशा । बिमायाको कोखबाट सात छोरी र एउटा छोरा जन्मिए । जेठी छोरी साढे तीन वर्षमा नै बितिन् । माइली संगीता अहिले ३५ वर्षकी भइन् । 'निमोनिया भएपछि उपचार नपाउँदा सानै उमेरमा जेठी छोरी बिती,' बिमाया सुनाउँछिन्, '६ छोरी र एक छोराचाहिँ हुर्किए ।' छोरा दीपकुमारले पाँच र कान्छी निशाले दुई पक्षासम्म पढे पनि अरू कोही सन्तानले स्कुल टेकेनन् । 'उः बेलामा स्कुलै थिएन अनि कसरी पढ्न पठाउनु ?' बिमाया उल्टै प्रश्न गर्छिन् । स्कुलमात्रै होइन बिरामी भए जँचाउने ठाउँसमेत गाउँमा नभएको उनको भनाइ छ । उपचार गराउन नपाउँदा निमोनिया भएकी जेठी छोरीलाई बचाउन नसकिएको पीडा पनि उनले सुनाइन् । पछि एउरेलीटारमा स्कुल खुलेपछि छोरालाई पनि पठाइन्, त्यहीँ कान्छी छोरीले भर्ना हुने मौका पाइन् ।

अहिले स्कुल पुग्न घरदेखि बढीमा पौने घण्टा हिँड्नुपर्छ । 'स्कुल टाढा पनि भयो । घरमा काम गर्नुपर्ने हुन्छ, गोठाला जानुपर्छ । त्यसैले स्कुल भर्ना गरे पनि छोराछोरीले धेरै पढेनन्,' बिमायाले भनिन् । साबिकको लोथर गाविसमा पर्ने राप्ती नगरपालिकाको १२ र १३ नम्बर वडा जिल्लाकै विकट पहाडी क्षेत्र हो । जहाँ अधिकांश बासिन्दा अल्पसंख्यक चेपाङ छन् भने तामाङको बसोबास पनि रहेको छ ।

निशा भने दिदीहरूको बिहे भएपछि आफू स्कुल जान छाडेको बताउँछिन् । 'दाइ पनि विदेश गयो । दिदीको बिहे भएपछि त गाईबाख्रा मैले नै हेर्नुपर्ने भयो,' उनको बाध्यता छ, 'पढ्ने रहर नभएको होइन तर काम गर्नुपर्ने भएपछि स्कुल जान भ्याइएन ।' लोथर खोलाले बनाएको सानो टारमा उनको घर छ । त्यसैले थोरै भए पनि धान रोप्ने खेत र केही गाईगोरु र बाख्रा गोठमा छन् ।

पहाडी क्षेत्रका अन्य बासिन्दाको तुलनामा निशाका बाबुआमाको आर्थिक अवस्था केही हदसम्म राम्रै देखिन्छ । तर गाउँको आडैमा कक्षा १० सम्म पढाइ हुने विद्यालय सञ्चालनमा आए पनि उनका अधिकांश सन्तान स्कुल जानै पाएनन् । गएका दुई सन्तानले पनि पढाइलाई बिट मारे । राप्ती नगरपालिकाको पहाडी क्षेत्रमा शैक्षिक अवस्था निकै कमजोर देखिएको छ । नगरपालिकाले गत वर्ष गरेको घरधुरी सर्वेक्षणमा वडा नम्बर १३ को कुल ३ हजार ३०३ जनसंख्यामध्ये एमफिल वा स्नातकोत्तर तह उत्तीर्ण गर्ने एकजना पनि छैनन् । स्नातक उत्तीर्ण गर्ने ६ जना छन् भने माध्यमिक तह पार गरेका ६७ जनामात्रै भेटिएको नगरप्रोफाइलमा विवरणमा उल्लेख छ । एक तिहाइ अर्थात् एक हजार ३७ जना निरक्षर नै छन् ।

# असुरक्षित टेन्टबाटै सुरक्षा

## सानो टेन्टभित्र ६ जना प्रहरी सुत्छन्, उच्छृंखल र आपराधिक कार्यमा संलग्न व्यक्तिलाई राख्ने स्थानसमेत अभाव छ

■ **प्रताप विष्ट** (हेटौंडा)

माघको ठिही । पानी चुहिएर रातभर सुत्न सकिन्न । हतियारजति सबै प्लास्टिकले बेरेर पानीबाट जोगाउनुपर्छ । मकवानपुरको थाहा नगरपालिका-४ सिमभञ्ज्याङस्थित प्रहरी चौकीका प्रहरीले यस्तो कष्टकर हिउँद भोगेको पाँच वर्ष पुग्यो । ०७२ वैशाखको भूकम्पले चौकी ध्वस्त भएपछि उनीहरू टेन्टमुनि बस्दै आएका छन् । घाम-पानीले टेन्ट ठाउँठाउँमा च्यातिएको छ । भात पकाउने भान्साघर अस्तव्यस्त छ । 'बिहीबार रातिदेखि पानी परेकाले चुहिएर सुत्न सकिएन, शुक्रबार त भान्साघरमा भात पकाउने अवस्थै रहेन,' प्रहरी हवल्दार सुमन ढकालले भने । नागरिकलाई सुरक्षा प्रदान गर्ने आफूहरू नै यो अवस्थामा असुरक्षित रहनुपरेको उनको भनाइ छ ।

'राति उच्छृंखल र आपराधिक कार्यमा संलग्न भएका व्यक्तिलाई पक्राउ गरेर ल्याएर राख्ने स्थान छैन,' हवल्दार ढकालले भने, 'टेन्टमुनि कोचाकोच गरेर सुत्ने गरेका छौं, थुनुवालाई राख्ने ठाउँ नै छैन ।' चौकीमा टेन्ट सानो खालको छ । त्यसमा ६ जना प्रहरी सुत्ने गरेका छन् । बकैया गाउँपालिकामा पर्ने ठिंगानस्थित इलाका प्रहरी कार्यालय हाल साबिकको गाविस भवनको एउटा कोठामा छ । साँघुरो कोठामा प्रहरीहरू कोचिएर बस्ने गरेका छन् ।

यसैगरी भार्ता, कान्द्राङ, फाखेल, भोर्लेनी र डाँडाखर्कस्थित प्रहरी चौकी घरभाडामा लिएर राखिएको छ । त्यहाँका प्रहरीको बसाइ पनि उस्तै कष्टकर छ । मकवानपुरस्थित चित्लाङ प्रहरी चौकी भवन थाहा नगरपालिका-९ स्थित पुरानो ऐतिहासिक पाटीमा राखिएको छ । भौतिक पूर्वाधारको अभावमा प्रहरी जवानदेखि अधिकृतसम्म पाटीमा कोचिन बाध्य भएको प्रहरी उपरीक्षक सुशीलसिंह राठौरले बताए ।





थाहा नगरपालिका-४ सिमभन्ज्याङस्थित प्रहरी बस्ने टेन्ट । भूकम्पले भवनमा क्षति पुऱ्याएको थियो । तस्बिर : प्रताप/कान्तिपुर

**जग्गा खोज्दै नगरपालिका**


वागमती प्रदेश सरकारले मकवानपुरमा सात वटा प्रहरी चौकी भवनका लागि बजेट विनियोजन गरेको छ । त्यसमध्ये केही निर्माणाधीन अवस्थामा छन् । भौतिक पूर्वाधार र जनशक्ति पूर्ति गर्न विभागमा माग गरेर पठाएको प्रहरी उपरीक्षक राठौरले बताए । जिल्ला प्रहरी कार्यालय मातहत मकवानपुरमा ६ सय ६९ जना प्रहरी छन् । एउटा प्रहरीले ६ सय ५५ जनालाई सुरक्षा प्रदान गर्नुपर्ने अवस्था छ ।

जिल्ला प्रहरी कार्यालयका अनुसार जिल्लाका विभिन्न क्षेत्रमा रहेका १७ वटा प्रहरी चौकीका भवन भूकम्पले क्षतिग्रस्त बनाएको थियो । त्यसमध्ये ६ वटा चौकी पूर्ण क्षतिग्रस्त बनेका थिए भने ११ वटा चौकीमा आशिंक क्षति पुगेको थियो । वैशाख २९ गतेको पराकम्पले प्रहरी चौकी चौघडा र सिमभन्ज्याङमा पनि क्षति पुग्यो ।

प्रहरी चौकी चौघडालगायत ६ वटाको पुनर्निर्माण भइसकेको छ । तर सिमभन्ज्याङ चौकीको पुनर्निर्माणमा जग्गा अभावले कठिनाइ भएको छ । चौकी निर्माण गर्न प्रहरी कार्यालयको नाममा जग्गाको स्वामित्व हुनुपर्छ । सिभन्ज्याङ क्षेत्र सबै ऐलानी हो । थाहा नगरपालिकाले उक्त क्षेत्रमा प्रहरी चौकी निर्माण गर्न नम्बरी जग्गा खोजिरहेको जनाएको छ । 'चौकी सिमभन्ज्याङमा आवश्यक छ,' थाहा नगरपालिकाका मेयर लवशेर विष्टले भने, 'भवन निर्माणका लागि जग्गाको खोजी गरिरहेका छौं ।'

















## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | यात्रा हुने | तुला | शत्रु वृद्धि |
| वृष | भाग्य वृद्धि | वृश्चिक | केही लाभ |
| मिथुन | विद्यामा सफलता | धनु | यात्रामा सफल |
| कर्कट | आलस्यता | मकर | कार्य सिद्धि |
| सिंह | पराक्रम बढ्ने | कुम्भ | पुण्य आर्जन |
| कन्या | धन आर्जन | मीन | अस्वस्थता |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल माघ ५ गते आइतबार तदनुरुप १९ जनवरी २०२० माघ कृष्णपक्ष दशमी रात्रिको ५:८ बजेसम्म उप्रान्त एकादशी तिथि, विशाखा नक्षत्र रात्रिको २:१६ बजेसम्म उप्रान्त अनुराधा नक्षत्र, शुल योग दिनको १:८ बजेसम्म उप्रान्त गण्ड योग, वणिज करण साँझको ५:५९ बजेसम्म उप्रान्त भद्रा करण, तुला राशिमा चन्द्रमा रात्रिको ८:३२ बजेसम्म उप्रान्त वृश्चिक राशिमा ।

**ज्यो. रामप्रसाद सिटौला**

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| समय | कार्यक्रम |
|---|---|
| ५:०० | भक्तिसुर |
| ५:३० | आध्यात्मिक सन्देश |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | मार्गदर्शन (लाइभ) |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | हर्के हल्दार (रिपिट) |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | मनी टक्स (रिपिट) |
| ११:०० | कान्तिपुर न्यूज |
| ११:३० | यू एण्ड आई (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | सरोकार (रिपिट) |
| १:३० | कान्तिपुर समाचार |
| २:०० | मुभी |
| ४:०० | कान्तिपुर समाचार |
| ४:३० | यू एण्ड आई (रिपिट) |
| ५:०० | कल कान्तिपुर |
| ६:०० | कान्तिपुर न्यूज |
| ६:३० | हियर्ज टु लाइफ |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | आउन मसँग खाउन |
| १०:०० | हियर्ज टु लाइफ (रिपिट) |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपीटेड |
| १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १:३० | हियर्ज टु लाइफ (रिपिट) |
| २:०० | कान्तिपुर समाचार (रिपीट १) |
| २:३० | मार्गदर्शन (रिपिट) |
| ३:०० | कल कान्तिपुर रिपीटेड |
| ४:०० | आउन मसँग खाउन (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| समय | कार्यक्रम |
|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (बालचन्द्र) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | विज्ञान प्रविधि (नाष्ट) |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (भूपेन्द्र) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | घुम्ने मेच (डिनेश डिसी) |
| १०:०० | स्पोर्टस् डायरी |
| १०:०५ | गजब छ बा (दुर्गाराज) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | गेम्स् पिपुल प्ले (प्रियंका) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | टप टेन (एलिसा) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | सेलिब्रेटी आवर (रस्मिला) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | किक स्टार्ट (सञ्जय गुप्ता) |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | राइवार (नन्दकुमार) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | क्विक फिक्स (स्मिता/एलिसा) |
| १७:०० | डिष्ट्रिक्ट डायरी |
| १७:०५ | म्यूजिक लाउन्ज (राजेश पाण्डे) |
| १८:०० | ज्योतिश दर्शन (शिवराज) |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | काठमान्डु बीट (सागरिका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | रक मेसिन (मानस्वी वान्तवा) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | हेलो मिथिला (धिरेन्द्र/रुपा) |
| २३:०० | सो टाइम (स्वर्ण) |
| २४:०० | टप टेन (एलिसा) |
| २४:१० | म अनि मेरो कथा (शुभ) |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरू लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| कान्ति बाल अस्पताल | ४४११५५० |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| शहीद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४९११७२५ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल | ४९११००८ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल | ४४७६१५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| नेपाल मेडिसिटी अस्पताल | ११३४/४२१७७६६/४२१७७५५ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडीकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडीकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| कान्तिपुर हस्पिटल | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| वयोधा अस्पताल (प्रा.) लि. | ४२८६४२८/४२८१६६६ |
| लाइफ केयर अस्पताल | ४२२७०३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| भक्तपुर रेडक्रस | ६६१२२६६ |
| नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| नेपाल मेडिसिटी | ४२१७७५५/४२१७७६६ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल | ४३७७४०४/४३७७७०४ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि. | ४४७४९६८/४४८९८९१ |
| सामुदायिक मानसिक स्वा. से. केन्द्र | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल | ४३६६३०१-०५ |
| मध्यपुर अस्पताल | ०१-५०९३३८८/५०९३३९५/५०९३३७२ |
| विनायक अस्पताल तथा प्रसुति गृह | ४३८३१५२/४३८०८४८ |
| केन्द्रीय पशु चिकित्सालय | ४२६१३८२/४२२९०६४/४२६८१९३ |
| हेल्पिङ हेन्ड्स सामुदायिक अस्पताल | ४४७३५१८/४४७०६१५ |
| शहीद मेमोरियल अस्पताल | ४६७२९३४/०१६२०८६७२ |
| स्पार्क हेल्थ होम अस्पताल | ४२७३०९४/४२७०९२३ |
| ओम समाज अस्पताल | ४३१३५९२ |
| स्टार अस्पताल | ५५५०१९७/५५५०१९८/५५५२२२७ |
| अल्का अस्पताल | ५५५५५५५ |
| नागरिक सामुदायिक अस्पताल | ६६३७७००/५६३९१८४ |
| हिमाल अस्पताल/एम्बुलेन्स | ४४१५०७६/४४१९६७२ |
| स्पाइनल इन्जरी पुनस्थापना केन्द्र | ०११-६६०८४७/६६०८४८ |
| काठमाडौं अस्पताल | ४२२२२९२ |
| अन्तराष्ट्रिय मैत्री बाल अस्पताल | ४४१११३४/४४१५४६१ |
| बी.पी. स्मृति अस्पताल | ४३८७००४/४३८७००६ |
| सुमेरु अस्पताल | ५२७५३७७/५२७५०८८/९९ |
| वेलकेयर हस्पिटल | ४४२६१३५/४४२६१८४ |
| एभरेष्ट हस्पिटल | ४७८१२९४/४७८३०२४ |
| काठमाडौं नाक कान घाँटी अस्पताल | ४२४५५५४/४२२६७३० |
| ग्रान्डी इन्टरनेशनल हस्पिटल | ५१५९२६६/५१५९२६७ |
| ग्रिन सिटी हस्पिटल | ४३५२२४८/४३५७४५२ |
| शुभेक्षा इन्टरनेशनल हस्पिटल | ४२८९५३४/४२८९५३५ |
| कान्तिपुर जनरल हस्पिटल | ४३८५९१०/४३८५९११ |
| नि:शुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| दीर्घायु गुरु हस्पिटल | ४४६९५९३/९८४४८५५५७ |
| गणेशमान सिंह मेमोरियल अस्पताल | ०१-५५३०८८५/५५२३४२०, ५५४४२४४/५५५५८७४ |
| ॐ समाज डेण्टल हस्पिटल | ०१-४४७३४४४/४४८०८८० |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

**कान्तिपुर सम्पर्क** जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

# पोखरी मासेर कतै भवन, कतै मैदान

उपत्यकामा सार्वजनिक पोखरी मासेर भौतिक संरचना बनाउने क्रम रोकिएको छैन । कतिपय पोखरी मैदान भएका छन्, केही सुकेका छन् । कुनैमा भवन र मन्दिर बनेका छन् त केही पोखरी मासेर प्रहरी कार्यालय राखिएको छ । सप्तपाताल पोखरी पुरानै अवस्थामा फर्काउन सर्वोच्चले आदेश दिएपछि पोखरी पुनःस्थापना अभियानमा लागेकाहरु भने उत्साहित भएका छन् ।

■ **दामोदर न्यौपाने** (काठमाडौं)

उपत्यकाका 'तीन सहर'मा ११८ पोखरी छन् । काठमाडौंमा २७, भक्तपुरमा ४० र ललितपुरमा ५१ । तीमध्ये २५ पोखरीमा भवन बनेका छन् । १६ पोखरी मैदान भएका छन् । ९ पोखरी सुक्खा छन् । एउटामा मन्दिर बनेको छ । धेरै पोखरी जीर्ण र सुक्खा छन् । केही मात्र ठीक अवस्थामा छन् । मासिएका कतिपय पोखरी पुनःस्थापित गर्न स्थानीय बासिन्दा जुर्मुराएका छन् ।

पोखरी मासेर भौतिक संरचना बनाउन लागेपछि दुइटाको विवाद सर्वोच्च अदालतमा पुगेको छ । ललितपुर, थेचोको पिन पोखरीको केही भाग मासेर वृद्धाश्रम बनाउन लागिएको छ । प्रदेश सरकार र गोदावरी नगरपालिकाको बजेटमा स्थानीय उपभोक्ता समितिले निर्माणको काम अघि बढाएको हो । स्थानीयले भने निर्माण रोक्न माग गर्दै सर्वोच्च अदालतमा रिट दायर गरेका छन् । हाल मुद्दा र भवन निर्माण सँगसँगै चलिरहेका छन् ।

काठमाडौं, ठमेलस्थित सिंहसार्थबाहु गुठीको पोखरीमा पाँच अर्ब रुपैयाँमा १५ तले व्यापारिक भवन छाया सेन्टर ठडिएको छ । पोखरीलाई राणा प्रधानमन्त्री चन्द्रशमशेरका छोरा केशर शमशेर र तिनका सन्ततिले जबर्जस्ती हडपेको भन्दै स्थानीय बासिन्दाले सर्वोच्च अदालतमा मुद्दा दायर गरेका छन् । छाया सेन्टरले भने त्यो पोखरी निजी भएको दाबी गर्दै आएको छ । सेन्टरका प्रबन्ध निर्देशक महेश्वर श्रेष्ठले भने, 'पहिले यो पोखरी नै हो तर केशरशमशेरले नौका विहार गर्ने पोखरी ।' स्थानीय बासिन्दा छाया सेन्टर भत्काएर पोखरी कायम गर्न माग गर्दै आन्दोलनमा छन् । उनीहरूले सोमवार पत्रकार सम्मेलन गरी सरकारले नभत्काए छाया सेन्टर आफैं भत्काउने चेतावनीसमेत दिए ।

ललितपुर, लगनखेलको सप्तपाताल पोखरी पुरानै अवस्थामा फर्काउन सर्वोच्च अदालतले गत असार २३ गते आदेश दिएपछि पोखरी पुनःस्थापना अभियानमा लागेकाहरू उत्साहित भएका छन् । नमुना मच्छिन्द्र स्कुलले पोखरी हडपेर भवन बनाउन थालेपछि २०६१ सालयता अदालतमा पटकपटक रिट दायर भएका थिए । अदालतले हरेकपटक पोखरीको पक्षमा फैसला गरे पनि कार्यान्वयन भएको थिएन । पछिल्लोपटक निर्माणाधीन भवन, टहरासहितका संरचना हटाएर पोखरीलाई पुरानै अवस्थामा फर्काउन सर्वोच्चले आदेश दिएपछि भवन बनाउने प्रक्रिया रोकिएको छ । पोखरी जोगाउन १५ वर्ष कानुनी लडाइँ लडेका पूर्ण स्थापितले भने, 'मुद्दा छाड्न धेरैले दबाब दिए । धेरैले धम्की दिए तर हामीले छाडेनौं ।'

विवाद लिएर अदालत नपुगे पनि मध्यपुर थिमीको प्राचीन पोखरी 'वंगा पुखु' पुनःस्थापना गर्न स्थानीय जनता अघि सरेका देखिन्छन् । सो पोखरीमाथि २०३२ सालमै तत्कालीन गाउँ पञ्चायतले आफ्नो भवन बनाएको थियो । त्यसैलाई भत्काएर हालसालै मध्यपुर थिमी नगरपलिकाले करिब तीन करोड रुपैयाँमा ६ नम्बर वडा कार्यालय भवन बनाउन लागेपछि स्थानीय बासिन्दा विरोधमा उत्रेका छन् । वडाध्यक्ष इन्द्रबहादुर प्रजापति भने भवन बनाउन दृढ देखिन्छन् । 'वडा भवनको पहिचानै पोखरीमाथिको भवन भन्ने हो,' उनले भने, 'भवनको यो पहिचान जोगाउनुपर्छ । विरोध दुई-चार जना काम नपाएकाले गरेका हुन् । धेरैको माग भवन बनाउनुपर्छ भन्ने नै छ ।'

काठमाडौंमा भीमसेन थापाले खनेको नागपोखरीमा अहिले सिभिल मल खडा भएको छ । नक्सालको सिन्धुवाल पोखरीमा प्रहरी कार्यालय बसेको छ । टेकुमा बमवीर विकटेश्वर गुठीको नाममा रहेको पोखरीमा गगनचुम्बी भवन बनेका छन् ।

ललितपुर, पुल्चोकको एउटै परिसरमा ३२ रोपनीमा फैलिएका चारवटा पलेस्वाँ (कमल) पोखरी मध्ये एउटामा ललितपुर महानगरपालिकाको भवन ठडिएको छ । अर्कोमा त्रिपद्म मावि भवन बनाइएको छ भने तेस्रो पोखरीमा महानगरपालिकाले गत साउनदेखि पार्किङ सञ्चालन गर्न ठेक्का दिएको छ । पुल्चोककै नाग गाः पुखु (पोखरी) मा व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र भवन रहेको छ । नः टोलको पोखरीमा मदन स्मारक विद्यालय बनेको छ । हिटी गाः पोखरीमा काठमाडौं उपत्यका खानेपानी लिमिटेडको कार्यालय छ । मचागाः पोखरीमा भवन बनेको छ । पाटनढोकाको लिगा पोखरीमा शौचालय बनेको छ । लगनखेलको लखन पोखरीमा प्रहरी कार्यालय छ । सप्तपातालमा नमुना मच्छिन्द्र स्कुल बनेको छ ।

१६ रोपनीमा फैलिएको कुमारीपाटीको तः पुखु (पोखरी) मा व्यक्तिगत भवन ठडिएका छन् । ०४६ सालसम्म पुरानै स्वरूपमा रहेको यो पोखरी अहिले चार आना पनि बाँकी छैन । पाँच रोपनीमा फैलिएको प्रयाग पोखरीमा ललितपुर जिल्ला खेलकुद विकास समितिको भवन रहेको छ । समितिले १० वटाभन्दा बढी सटर भाडामा लगाएको छ । 'नगरपालिकालगायत निकायले त पोखरीजस्ता ऐतिहासिक सम्पदा जोगाउने पो हो, तिनैले आफ्ना कार्यालय पोखरीमा बनाएका छन्,' स्थानीय भन्छन्, 'पहिला गरेका गल्ती सच्याऊ भन्दा उल्टै हामीमाथि अनेक आरोप लगाइन्छ ।' पुरातत्व विभागले भने सम्पदा संरक्षणको जिम्मेवारी स्थानीय सरकारले पनि लिनुपर्ने बताएको छ । 'हामीले देख्ने ठाउँमा त हामी संरक्षण गर्छौं । मासिन लागेको रहेछ भनेर जोगाउँछौं,' पुरातत्व विभागका महानिर्देशक दामोदर गौतमले भने, 'दूरदराजमा त विभाग पुग्न सक्दैन । त्यहाँको संरक्षण गर्ने जिम्मा स्थानीय सरकारकै हो । संविधानले पनि सम्पदा जोगाउने जिम्मेवारी स्थानीय सरकारलाई दिएको छ ।'

**सहर सभ्यताको अंग**

पानी विज्ञ पीएस जोशीका अनुसार उपत्यकाका पोखरी रणनीतिक दृष्टिले बस्तीको सिरानमा, बीचमा र पुछारमा तीन किसिमले बनाइएका हुन् । सिरानका पोखरी बर्सातको भेल बस्तीमा नपसोस् भनेर खनिएका हुन् । लैनचौरको पोखरी, रानीपोखरी, लगनखेलको पोखरी, पुल्चोकको पोखरी, कमलपोखरी सिँचाइका लागि पनि बनाइएका हुन् । यिनले बस्तीमा बनाइएका इनार पनि रिचार्ज गर्थे । बस्तीबीचका पोखरीचाहिँ साना हुन्थे । तिनमा आकाशबाट बर्सिएको र नालीबाट आएको पानी जम्मा हुन्थ्यो । यस्ता पोखरीमा हाँस पालिन्थे, भैंसी आहाल बसाइन्थे । तल्लो क्षेत्रका पोखरी भने ओरालो लाग्ने ठाउँमा बनाइएका हुन्थे । जोशीले भने, 'नेवार बस्ती झुरुप्प परेका हुन्छन् । सबै नेवार बस्तीमा यस्तै रणनीतिक पोखरी थिए ।'

पोखरी निर्माण भएपछि यसलाई जीवनशैलीसँग जोड्दै लगिएको इतिहासकार पुरुषोत्तमलोचन श्रेष्ठ बताउँछन् । 'कोही मर्दापर्दा पिण्डदान गर्न पोखरीमै गइन्छ । देवाली मनाउन सहरै खाली गरेर पोखरीमा आइन्छ,' उनी भन्छन्, 'पोखरी सहर सभ्यताका अंग हुन्, यिनलाई जोगाउनुपर्छ ।'



थेचो पोखरी



थेचो पोखरीमाथि बनाइएको भवन



सप्तपाताल पोखरी



सप्तपाताल पोखरी मासेर बनाइएको भवन


पाँच रोपनीमा फैलिएको प्रयाग पोखरीमाथि बनेको भवन । ललितपुर जिल्ला खेलकुद विकास समितिको कार्यालय रहेको यो भवनमा समितिले १० भन्दा बढी सटर भाडामा लगाएको छ । *तस्बिर : कान्तिपुर*

**भवन बनेका पोखरी**

**काठमाडौं**
१. लाजिम्पाट पोखरी
२. टुकु पोखरी
३. सोह्रखुट्टे पोखरी
४. नागपोखरी, बागदरबार
५. पाको पोखरी, नयाँ सडक

**ललितपुर**
१. फलेस्वाँ पोखरी- महानगरपालिका भवन
२. छ्याबहाल पोखरी
३. जावलाखेल पोखरी
४. भैला पोखरी
५. मच्छिन्द्रबहाल पोखरी
६. बालकुमारी पोखरी पश्चिम- गुठी भवन
७. पोडे पोखरी
८. हिटीगा पोखरी- केयूकेएल भवन

**मैदान बनेका पोखरी**

**काठमाडौं**
१. हाँडीगाउँ पोखरी 'क'
२. हाँडीगाउँ पोखरी 'ख'
३. चारुमती पोखरी, चाबहिल
४. पचली भैरव पोखरी, टेकु
५. केटीहिटीमानिका पोखरी, कालिमाटी
६. भुइँखेल पोखरी, स्वयम्भू
७. हरिभवन पोखरी, सुन्धारा
८. खिचापोखरी, नयाँसडक
९. लैनचौर पोखरी

**ललितपुर**
१. गुह्य पोखरी
२. सुवहाल पोखरी
३. नागपोखरी
४. खाः पोखरी
५. उ वहा पोखरी
६. हनुमानस्थान पोखरी
७. द्यो पोखरी
८. इखा पोखरी

**अतिक्रमित, सुक्खा र ढलान गरिएका**

**काठमाडौं**
१. गहना पोखरी, हाँडीगाउँ- ढलान
२. बौद्ध पोखरी- ढलान
३. कुबहाल लामपोखरी, चाबहिल-ढलान/सुक्खा
४. बहटी पोखरी, सोह्रखुट्टे- अतिक्रमित
५. भण्डारखाल पोखरी, हनुमानढोका- सुक्खा
६. इखापोखरी, न्योखा- सुक्खा

**ललितपुर**
१. तब पोखरी- अतिक्रमित
२. लाखुसी पोखरी- ढलान/सुक्खा
३. बालकुमारी पूर्व- अतिक्रमित
४. बालकुमारी उत्तर- सुक्खा
५. चिंधपोखरी- सुक्खा
६. खपिंछे पोखरी- ढलान
७. कमलपोखरी- अतिक्रमित
८. पूर्णचण्डी पोखरी- सुक्खा
९. ख्वालया पोखरी- सुक्खा
१०. कुम्भेश्वर पोखरी- सुक्खा

**भक्तपुर**
१. दुईमाजु पोखरी- धाप

**विद्यालय बनेका पोखरी**

**ललितपुर**
१. ल : पोखरी- मदन स्मारक स्कुल
२. मदन स्मारक पोखरी
३. दुरुपोखरी
४. पाटनढोका पोखरी
५. लाखे पोखरी
६. भाज पोखरी
७. ख्वायबही पोखरी

**भक्तपुर**
१. अष्टांग भैरव पोखरी, तौंलाछें
२. भुलुखेल पोखरी

**प्रहरी कार्यालय रहेका**
सिन्धुवाल पोखरी, नक्साल
लगनखेल पोखरी

**सार्वजनिक स्थल बनेका**
लिगं पोखरी (ललितपुर)- सार्वजनिक शौचालय
नागपोखरी (ललितपुर)- मन्दिर

*स्रोत : पुरातत्व विभाग*

# ल क्याम्पसमा पढाइ अनिश्चित

■ **सुदीप कैनी** (काठमाडौं)

त्रिभुवन विश्वविद्यालयअन्तर्गतको नेपाल ल क्याम्पसमा विद्यार्थी कोटा निर्धारणको विवादका कारण एलएलबी तहको शैक्षिक कार्यक्रम रोकिएको छ । त्रिभुवन विश्वविद्यालय, डिन कार्यालय र क्याम्पस पदाधिकारी कोटा प्रणाली लागू गर्नुपर्ने पक्षमा र विद्यार्थीहरू त्यसको विपक्षमा लाग्दा शैक्षिक कार्यक्रम रोकिएको हो । क्याम्पसमा वैशाखमा हुनुपर्ने पहिलो वर्षको भर्ना हालसम्म पनि भएको छैन । त्यसका साथै दुवै पक्षबीच जारी विवाद चर्कंदै गएपछि आगामी शैक्षिकसत्रको कार्यक्रम पनि अनिश्चित बनेको छ । कोटा कायम गर्ने सर्वोच्च अदालतको आदेश र विश्वविद्यालयको निर्देशनका कारण त्यसविपरित विद्यार्थी भर्ना गराएर पठनपाठन गराउन नसकेको क्याम्पस प्रशासनले जनाएको छ । क्याम्पस प्रमुख दीनानाथ पराजुलीले अदालत र विश्वविद्यालयको निर्णयअनुसार ३ सयको कोटा तोकिएको बताए ।

'विद्यार्थी पहिलेजस्तै असीमित संख्यामा भर्ना गराऊ भन्छन्, अदालत र विश्वविद्यालयले कोटा तोकिदिएका छन्,' उनले भने, 'त्यही चेपुवामा परेर यसपालि भर्ना गराउन सकिएन, अर्कोपालि पनि के हुन्छ थाहा छैन ।'

धेरै विद्यार्थी हुँदा बेथिति बढ्ने र पढाइको गुणस्तर पनि नहुने गरेको उनले जनाए । भर्ना भएकामध्ये करिब ३ सय विद्यार्थी मात्रै नियमित कक्षामा आउने गरेको क्याम्पसले जनाएको छ । यो वर्ष पनि ३ हजार विद्यार्थीले प्रवेश परीक्षाका लागि आवेदन दिएका छन् । क्याम्पसले १२ उत्तीर्ण गरेका विद्यार्थीका लागि स्नातक तहमा पाँच वर्षे बीएएलएलबी र अन्य संकायबाट स्नातक उत्तीर्ण गरेका तीनवर्षे एलएलबीको पढाइ सञ्चालन गर्दै आएको छ ।

एलएलबीको भर्ना विवादबारे विश्वविद्यालय पदाधिकारी र सरोकारवाला पक्षसँग छलफल चलिरहेको डिन विजयसिंह सिजापतिले जनाए । 'निर्णय कसरी कार्यान्वयन गर्ने विषयमा छलफल भइरहेको छ,' उनले भने ।

विद्यार्थीले भने पूर्वाधार हुँदाहुँदै सिट संख्या संकुचित पार्न खोजिएको आरोप लगाउँदै आएका छन् । आंगिक क्याम्पसमा सीमित सिट गरी निजी कलेजलाई सम्बन्धन बाँड्ने पूर्वतयारी भइरहेको ल क्याम्पसका विद्यार्थी दीपक थापाले दाबी गरे ।

**विद्यार्थी कोटा निर्धारण विवादले एलएलबीको शैक्षिक कार्यक्रम ठप्प**

डिन कार्यालयले अघिल्लो शैक्षिकसत्रमा ५ सय जनाको सिट संख्या कायम गरेर क्याम्पसलाई परिपत्र गरेको थियो । विद्यार्थीले विरोध जनाए । त्यसपछि सिट संख्या बनाएर ६ सय र ८ सय बनाइयो । डिन कार्यालयको यस्ता खाले थरीथरी निर्णयमा विद्यार्थीले आशंका गरेका छन् । '२०७५ सम्म प्रत्येक शैक्षिकसत्रमा ३ हजारभन्दा बढी विद्यार्थी पास आउट हुँदै आएका छन्,' थापाले भने, 'अहिले आएर कसरी क्षमता घट्यो ?'

कहिले ८ सय, कहिले ३ सय सिट क्षमता तोक्ने त्रिवि पदाधिकारीको निर्णय आशंकापूर्ण रहेको विद्यार्थीहरूको तर्क गर्छन् । एलएलबीमा अधिकांश अन्य पेसा व्यवसायमा संलग्न व्यक्तिहरू भर्ना भएर स्वअध्ययन गर्दै परीक्षामा सहभागी हुने गरेका छन् । विद्यार्थीले पनि असीमित विद्यार्थी भर्ना गर्नुभन्दा मापदण्ड तोकेर निश्चित विद्यार्थी भर्ना गर्नुपर्ने बताएका छन् । '३ हजार विद्यार्थी पढाउँदै आएको क्याम्पसले एक्कासि सिट घटाएर ३ सयमा झार्दा आश्चर्यमा परेका छौं,' उनले भने, 'विद्यार्थी संख्या कम भएका आंगिक क्याम्पसमा एलएलबीको पढाइ थालेर मात्र ल क्याम्पसमा कोटा लागू गर्नुपर्ने हाम्रो माग हो ।'

विश्वविद्यालय र विद्यार्थीको सिट संख्या कायम गर्ने/नगर्ने विवाद बल्झेपछि सर्वोच्च अदालतले गत जेठमा प्रवेश परीक्षा लिई क्षमताअनुसार पूर्णकालीन विद्यार्थी मात्र पढाउन आदेश दिएको थियो । त्रिवि कार्यकारी परिषद्, डिन कार्यालयको निर्देशन र अदालतको आदेश देखाएर क्याम्पसले ३ सय सिट क्षमता तोकेपछि विद्यार्थीले डिन कार्यालय तथा क्याम्पस प्रशासनमा तालाबन्दी गर्दै आएका छन् । तालाबन्दीका कारण परीक्षाको तयारी गर्नुपर्ने बेलासम्म पहिलो वर्षको भर्नासमेत हुन सकेको छैन । प्रवेश परीक्षामा फाराम भरेका विद्यार्थीसमेत अन्योलमा छन् । एलएलबी अन्य विषयमा स्नातक पढ्ने स्नातक तह सो सरहको विषय भएकाले बन्देज र कडाइ गर्नुपर्ने कारण नभएको उनीहरूको भनाइ छ । गत शैक्षिकसत्रमा पनि क्याम्पसले निश्चित कोटामा विद्यार्थी भर्ना लिने प्रक्रिया अघि बढाएको थियो । तर विद्यार्थीको चर्को विरोधपछि १० हजार ८ सयलाई भर्ना लिइयो ।

# विभागभित्र व्यवसायीको हालीमुहाली

■ **फातिमा बानु** (काठमाडौं)

औषधि व्यवस्था विभागको मुलगेट छिर्नेबित्तिकै विभागका कर्मचारीभन्दा पहिले औषधि व्यवसायीसँग सेवाग्राहीको भेट हुन्छ । सेवाग्राहीलाई सघाउने भन्दै संस्थाको बोर्ड नै राखेर व्यवसायी बसिरहेका हुन्छन् । उनीहरूलाई छुट्टै कोठाको व्यवस्था पनि छ । विभाग परिसरमा कर्मचारीभन्दा व्यवसायीका गाडी बढी देखिन्छन् । झट्ट हेर्दा व्यवसायीले सेवाग्राहीलाई औषधि पसल दर्ता र नवीकरण गर्ने फाराम भर्न सघाइरहेको देखिए पनि त्यहाँ व्यवसायीलाई भेटघाट गर्नेको घुइँचो बढी देखिन्छ । व्यवसायी बसिरहेको त्यो कोठाबाट पहिले दर्ताचलानीको काम हुन्थ्यो । सरकारी कामकाज गर्दा सबैभन्दा पहिले गरिने दर्ता चलानीका आवश्यक कोठा भने विभागले भवनपछाडिको कुनामा राखेको छ । यी औषधि व्यवसायी औषधि बिक्रीका लागि तालिमप्राप्त दक्ष जनशक्ति होइनन्, उनीहरूले तीन महिनाको मात्र तालिम लिएका छन् । विभागले यस्ता व्यवसायीलाई दर्ता पनि गर्दैन । अब यस्ता जनशक्ति उत्पादन हुन छाडिसके । तर, पहिलेदेखि नै विभागमा हाबी हुन थालेका यस्ता व्यवसायी त्यहाँबाट हट्न मानेका छैनन् ।

औषधि व्यवसायीलाई नियमन गर्ने सरकारी निकायको सम्पत्ति व्यवसायीलाई प्रयोग गर्न दिएको भन्दै फार्मास्टिहरू (औषधिसम्बन्धी पढेका दक्ष जनशक्ति) ले एक साताअगाडि विरोध पनि गरे । बोर्ड निकालेर फालिदिए । 'व्यवसायीको नियमन गर्न गठन भएको विभागले व्यसायीलाई नै विभागभित्र कार्यालय दिएर राख्नु औषधि ऐनविपरीत छ, सेवाग्राहीलाई सहायता गर्न राज्यले जनशक्ति दिएको छैन र ?' एक फार्मासिस्टले प्रश्न गरे । व्यवसायीलाई यसरी कार्यालयभित्रै राख्दा विभागको गोपनीयता भंग हुन सक्ने फार्मासिस्टहरूको भनाइ छ ।



औषधि व्यवस्था विभाग परिसरभित्र औषधि व्यवसायी बस्ने कोठा । *तस्बिर : कान्तिपुर*

विभागबाट दैनिक औषधि पसलको अनुगमन गर्न कर्मचारीको टोली निस्कन्छ । 'संस्थाभित्र बसिरहेका व्यवसायीले भने निरीक्षणबारे थाहा पाइरहेका हुन्छन्,' स्रोतले भने, 'ती व्यवसायीले सुरुमै औषधि पसललाई जानकारी गराइदिन्छन्, टोली पुग्दासम्म औषधि पसलका सटर बन्द भइसकेका हुन्छन् ।'

लिखित सम्झौतामै स्वयंसेवकका रूपमा व्यवसायीलाई त्यहाँ राखिएको विभागका सूचना अधिकारी सन्तोष केसीले बताए । 'औषधि दर्ता गर्न आउने सेवाग्राहीलाई फाराम भर्न समस्या भइरहेको हुन्छ, बाहिरबाट फाराम भर्ने सहयोगी खोज्दा शुल्क तिर्नुपर्ने सेवाग्राहीको आयो,' उनले भने, 'उनीहरूलाई सघाउने जनशक्ति हामीसँग छैन । व्यवसायीले निःशुल्क सेवा गर्ने भनेपछि हामीले उनीहरूलाई राखेका हौं ।' विभागका पूर्व निमित्त महानिर्देशक पानबहादुर क्षेत्रीको नेतृत्व हुँदा व्यवसायीलाई विभागभित्र राखिएको हो । 'व्यवसायीले विभागमाथि आफ्नो प्रभुत्व जमाउँदै आएको पुरानो समस्या हो । हाकिमसँग साँठगाँठ बढाउने उद्देश्यले व्यवसायी सहयोगी बनेर विभाग छिरेका हुन्,' विभाग स्रोतले भन्यो, 'सरकारी कार्यालयभित्र गैरसरकारी संस्थाको कार्यालय राख्न कसरी मिल्छ ?'

निजी संस्थाका व्यक्ति र व्यवसायीलाई सरकारी कार्यालयभित्र कोठा दिएर राख्न नहुने विभागका महानिर्देशक नारायणप्रसाद ढकाल बताउँछन् । 'मैले विभागको जिम्मेवारी लिएको केही दिनमात्रै भयो,' उनले भने, 'पुरानो नेतृत्वबाट व्यवसायी राख्ने काम भएको रहेछ, सल्लाह गरेर हटाउँछु ।' व्यवसायीलाई विभागभित्र कोठै दिएर राख्ने लिखित सम्झौताको कागजातबारे आफूलाई केही पत्तो नभएको उनको भनाइ छ । 'दिनभर निःशुल्क सेवा दिन तयार हुनुको पछाडि कुनै नियत त होला,' महानिर्देशक ढकालले भने ।

# विज्ञानको सहज सिकाइ



मधु राई

*'रातो बत्ती भन्छ- रोक्, रोक्, रोक्*
*पहेँलो बत्ती भन्छ- पर्ख, पर्ख, पर्ख*
*हरियो बत्ती भन्छ- जाऊ, तिमी जाऊ ।'*

युकेजीका विद्यार्थीलाई सडक बत्तीबारे पढाउँदा म पहिले नेपालीमा अभिनय गर्दै उक्त गीत गाउन सिकाउँछु । यसरी गीत गाउन सिकेपछि बल्ल अंग्रेजी शब्द राखी उही लयमा गीत गाउन सिकाउँछु । यस्तो अभ्यासले उनीहरूले सहजै शब्द उच्चारण गर्न सिक्छन् भने विषय-वस्तु बुझाउन पनि सहज हुन्छ । यसरी सिकाउँदा विद्यार्थी थप सिक्न उत्साहित हुन्छन्, शिक्षण सिकाइ प्रभावकारी र जीवन्त हुन्छ ।

पूर्व प्राविका विद्यार्थीलाई यसै पनि अंग्रेजी भाषाका नयाँ-नयाँ शब्द सिकाउन र त्यसको अर्थ बुझाउन गाह्रो हुन्छ । विज्ञान शिक्षकले विद्यार्थीको उमेर र रुचिलाई ध्यानमा राखी यस्तो शिक्षणविधि अपनाउने हो भने विज्ञानप्रति उनीहरूको सिक्ने अभिरुचि बढ्दै जान्छ । माथिल्ला कक्षामा पनि शिक्षकहरूले माथिको विधि अपनाई शिक्षण सिकाइ गर्ने हो भने विद्यार्थीमा घोकेर होइन, बुझेर पढ्ने बानीको विकास गराउन सकिन्छ ।

विज्ञान सिकाइलाई प्रभावकारी, रमाइलो र जीवन्त बनाउने अभिभारा शिक्षककै हो । तर अपसोच, बहुसंख्यक शिक्षकलाई शिक्षण सिकाइ प्रभावकारी र जीवन्त बनाउनेभन्दा पनि 'कोर्स' सक्नै हतारो हुन्छ, उनीहरू व्यावहारिक कक्षाबारे कल्पनै गर्दैनन् । विज्ञान विषयको सैद्धान्तिक ज्ञान, व्यावहारिक ज्ञानबिना अपुरो र अधुरो नै हुन्छ ।

विज्ञानका अधिकांश शिक्षकले आफ्ना शिक्षकबाट जसरी हतारोमा सिके, त्यसरी नै विद्यार्थीलाई हतारोमै 'कोर्स' पूरा गराउन सैद्धान्तिक शिक्षामात्रै बाँडिरहेका छन् । यस्ता शिक्षकले विद्यार्थीमा आफूले पाएको सूचना र जानकारीमात्र हस्तानान्तरण गरिरहेको अनुसन्धानले देखाएको छ । हिजो आफू विद्यार्थी छँदा किन र केका लागि विज्ञान पढेँ भन्ने आधारभूत कुरा थाहा नपाएका यस्ता शिक्षकले आज आफ्ना विद्यार्थीले किन विज्ञान पढ्ने भन्नेबारे बुझाउन सकेको देखिँदैन । यसैकारण विज्ञान विषय बहुसंख्यक विद्यार्थीका लागि हाउगुजी बनेको छ ।

**बहुसंख्यक शिक्षकलाई शिक्षण सिकाइ प्रभावकारी र जीवन्त बनाउनेभन्दा पनि 'कोर्स' सक्नै हतारो हुन्छ ।**

विज्ञान विषयलाई हाउगुजी बनाउने पहिलो काम शिक्षकले गर्दै आएका छन् । आफूले पाएको ज्ञानलाई जीवन र जगतसँग जोड्न बिर्सेका कतिपय शिक्षकले आफ्नो विषयभन्दा फरक र भिन्न विषय र कार्यक्रमहरूमा बढी ऊर्जा र समय खर्चने गरेको देखिन्छ । यसमा विज्ञान मात्र होइन, फरक विषय लिएर उच्चशिक्षा हासिल गरेका प्रधानाध्यापक र प्राचार्य लगायत व्यवस्थापन पक्ष पनि दोषी छन् । विज्ञान विषय पढाउने शिक्षकलाई जीवन्त र प्रभावकारी शिक्षण सिकाइका लागि विद्यालय व्यवस्थापनले सोही अनुरुपको शैक्षिक सामग्री जुटाइदिनुपर्ने हुन्छ, विद्यार्थीलाई सैद्धान्तिकसँगै व्यावहारिक ज्ञान दिनका लागि । जस्तो–वनस्पतिबारे पढाउँदा विद्याथीलाई बोटबिरुवा देखाउँदै, छुवाउँदै पढाउनुपर्ने हुन्छ । वनस्पति विज्ञान पूर्वप्रावि तथा प्रावि तहमा पढ्ने विद्यार्थीका लागि बोटबिरुवा सबैभन्दा उत्कृष्ट र जीवन्त शैक्षिक सामग्री हुन् । यसो गर्नाले बोटबिरुवाको जीवनचक्रबारे बुझ्न र बुझाउन उनीहरूलाई थप मद्दत पुग्छ । विद्यालय परिसरमा भएको बगैंचा वा करेसाबारी अवलोकन गर्दै विउबाट कसरी बिरुवा निस्कन्छ भन्ने थाहा पाउँदा विद्यार्थी पक्कै उत्साहित हुन्छन् । उनीहरू स्वयम्लाई विउ रोप्न लगाई बिरुवा स्याहार्ने परियोजना काम दिने हो भने उनीहरूमा बोटबिरुवाप्रतिको कौतुहल बढ्दै जान्छ । आफैले विउ रोपी उम्रेका बिरुवा ठूलो भएर त्यसमा तरकारी र फलफूलको चिचिला लागेको देख्दाको क्षण विद्यार्थीका लागि पक्कै पनि अविस्मरणीय र रमाइलो हुन्छ ।

विज्ञानलाई विकसित मुलुकहरूले विकास र समृद्धिको मुख्य आधार बनाउँदै आएको वर्षौं बितिसक्दा पनि हामीकहाँ सैद्धान्तिक शिक्षाको निष्क्रिय शिक्षण सिकाइले न त शिक्षकलाई अध्ययन-अनुसन्धान गर्न प्रेरित गऱ्यो, न विद्यार्थीमा विज्ञान विषयले कौतुहलता नै जगाउन सक्यो । आफ्ना विद्यार्थीलाई वैज्ञानिक बन्नुपर्छ भनेर अभिप्रेरणा दिने पहिलो गुरु भनेकै शिक्षक हो । यस्ता गुरुकै अभावमा अहिले वैज्ञानिक बन्न सक्ने हाम्रा कतिपय शिक्षित युवा कोही पलायन भएका छन् भने कोही जागिरे जीवन बिताउन बाध्य छन् ।

विज्ञानलाई प्राविधिक विषय मान्नुको सट्टा मानव उद्यम र मानवीय भावनाहरूको उत्कृष्ट अभिव्यक्ति मान्नुपर्छ भन्ने भारतका आधुनिक विज्ञानका प्रोफेसर भीभी रमणको भनाइ छ । त्यसैले विज्ञानका शिक्षकहरूले पनि यस्तो दृष्टिकोण अपनाई आधुनिक विज्ञानलाई कसरी जीवन र जगतसँग जोड्न सकिन्छ भनी चिन्तन गर्नुपर्छ ।

# असामान्य समय



लोकरञ्जन पराजुली

अहिले संसारभर जे भइरहेको छ, अचम्म भइरहेको छ । यी घटनावली दिनदिनै र जताततै भएकाले हामी कतिपयलाई सामान्य नै जस्तो लाग्दो हो । तर अलि ठन्डा दिमागले, अलि निरपेक्ष भावले सोच्ने हो भने खासमा अहिले जताततै अनौठै र उल्कै भैरहेको छ । हामीले पढिआएका पुस्तक, हाम्रा संग्रहित ज्ञान, हाम्रो समाज विज्ञानले अहिले जे भैरहेको छ, त्यसलाई व्याख्या गर्न, बुझाउनसकेका छैनन् । तिनले तर्कहरूलाई धुलो चटाइदिएका छन् ।

यो आलेख अहिले हामीले जिइरहेको समय– जसलाई मैले असामान्य समय भनेको छु– बुझ्ने र अर्थ लगाउने मेरो एउटा सानो प्रयत्न हो । समय असामान्य भएका कारण सामान्य समयका सामाजिक-राजनीतिक सिद्धान्तहरूले काम गरिरहेका छैनन् । हामी सबैजसोले आफूलाई पीडित (भिक्टिम) को रूपमा देखिरहेकाले हामी रातोदिन आवेग, उत्तेजना र क्रोधमा छौं, जुन असामान्य हो । हामी उत्तेजनामा हुँदा त्यसले के गर्दो रहेछ र हाम्रो आक्रोशलाई कसरी नयाँ दुई परिस्थिति– पीसी कल्चर र (अ)सामाजिक मिडिया–ले थप मलजल गरेका छन् भनेर यो आलेखमा मैले चर्चा गरेको छ ।

**किन हामीहरू सही–गलतको भेद छुट्याउन सकिरहेका छैनौं ? किन हाम्रो समाज सामूहिक अधपतनको दिशामा गइरहेको छ ? किनभने अहिले हामीहरू सबैजसो या त उत्तेजित छौं या क्रोधित । हामी जीवनका फगत कालो र सेतो देखिरहेका छौं, ती दुई बीचको ठूलो खैरो रङ छुटाइरहेका छौं ।**

### किन असामान्य समय ?

हामी सिधा हिसाबले कुनै मुद्दा या विषयसँग जोडिन्छौं, हामीले निरपेक्ष हिसाबले त्यसलाई पर्गेल्ने क्षमता गुमाउँछौं । कि त भौगोलिक कि त समयको हिसाबले दूरी बनाउँदा हामीले अलि राम्ररी देख्न-बुझ्न सक्छौं र हाम्रो विश्लेषण गहन हुन्छ जस्तो मलाई लाग्छ । त्यसैले कुरा अलि टाढैको मुलुक संयुक्त राज्य अमेरिकाबाट सुरु गरौं । अमेरिकामा सन् २००८ को राष्ट्रपतीय निर्वाचनमा अर्धश्वेत बाराक ओबामा विजयी भए । अमेरिका जस्तो पुरातनपन्थी-बहुल मुलुकमा उनको चयनलाई प्रगतिशीलताको विजयको रूपमा हेरियो । उनी अर्कोपटक पनि चुनिए । ओहो, साँच्चै जमाना फेरिएछ, समयले ठूलै फड्को मारेछ भनियो ।

तर उनी लगत्तै अमेरिकामा यस्तो व्यक्ति निर्वाचित भए (हुन त उनले आफ्नो प्रतिद्वन्द्वीभन्दा करिब ३० लाख कम मत पाएका हुन्) जो धेरै हिसाबले ओबामाभन्दा ठ्याक्कै विपरीत देखिन्छन् । डोनाल्ड ट्रम्पको विजयमा अन्य पक्षका अतिरिक्त ती मतदाताको ठूलै भूमिका छ, जसले पहिले ओबामालाई मत दिएका थिए र पछि ट्रम्पलाई मत दिए । ओबामालाई भोट हालेको व्यक्तिले लगत्तैको चुनावमा ट्रम्पजस्तो व्यक्तिलाई अमेरिकाको सर्वोच्च पदमा कसरी सहजै मत दिन सक्छ, प्रश्न उठ्छ ।

कुनै राम्रो र नैतिक काम गरेपछि मानिसहरूलाई अर्को नराम्रो वा अनैतिक काम गर्न मनले छुट दिने मनोवैज्ञानिक प्रक्रियालाई 'मोरल लाइसेन्सिङ' भनेर व्याख्या गरिएको पाइन्छ । यहाँसम्म ठिकै छ, 'मोरल' या 'सेल्फ लाइसेन्सिङ'का कारण मतदाताले एउटा अनैतिक वा नराम्रो काम गरे भनेर मानौं । तर निर्वाचनपछि मात्रै सार्वजनिक भएका ट्रम्पका हर्कत र उनका झुटका फेहरिस्त (आफू निर्वाचित भएयता उनले १५ हजारभन्दा बढीपटक झुट बोलिसके) हेर्ने हो, उनलाई मत दिने जनता पछुताउनुपर्ने हो । त्यस्तो भएको छैन, अमेरिकी मूल्य-मान्यताको कुरा गरेर नथाक्ने रिपब्लिकनहरू र अझ इभान्जेलिकल क्रिस्चियनहरू एउटा नश्लवादी, महिलाद्वेषी, र झुठ र फरेबको पिण्डको समर्थन र प्रतिरक्षामा अटल उभिएका छन्, उनले जेजस्तो घिनलाग्दो हर्कत गरे पनि । त्यसैले यो वर्ष हुने निर्वाचनमा उनी पुनः विजयी भए भने त्यो अनौठो मानिने छैन ।

भर्खरै बेलायतमा भएको निर्वाचन वा छिमेकी भारतको संसदीय निर्वाचनमा पनि त्यस्तै भयो । वर्षौंदेखि लेबर पार्टीलाई मत दिएर आएकाहरू र आफूलाई अझै लेबर समर्थक भन्नेहरूले खुला रूपमा 'हो, हामी धनीहरूको, उद्योगीहरूको हित हेर्छौं' भन्नेहरूलाई मत दिए, लेबरलाई हराए । भारतमा हालैको लोकसभाको निर्वाचनअघि र पछि भएका विधानसभा निर्वाचनमा मतदाताले भारतीय जनता पार्टी (भाजपा) लाई रुचाएनन् । तर लोकसभामा पुनः नरेन्द्र मोदी र भाजपालाई विजयको ताज पहिऱ्याइदिए, पहिलेभन्दा ज्यादा सिटसहित ।

यो त्यही मोदी/भाजपाको सरकार हो, जसले लिएका नीतिका कारण, चाहे त्यो 'डिमनिटाइजेसन' होस् वा 'जीएसटी', सामान्य भारतीयको खल्तीमा प्वाल पऱ्यो । हामीले देख्दै, पढ्दै, बुझ्दै आएको कुरा के हो भने 'अर्थ' ले ठूलै अर्थ राख्छ । प्रतिस्पर्धात्मक राजनीतिमा सत्तामा भएको दलले मुलुकको आर्थिक स्थिति सुधार्दैमा त्यो दलले आउने चुनावमा राम्रै गर्छ भन्ने छैन । तर सामान्यतया जुन सरकारका पालामा जनताको जीवनस्तर खस्कन्छ, त्यो दलले आउने चुनावमा सत्ता गुमाउँछ । तर भारतमा, बेलायतमा त्यो भएन । अहिले 'इट्स द इकोनोमी, स्टुपिड' भन्नेहरू स्वयंलाई चुनावी नतिजाले मूर्ख देखाइरहेका छन् । मानिसहरू आफ्नो खल्तीमा लामो हात गर्ने दल/व्यक्तिलाई समेत मत दिइरहेका छन् । हिजो काश्मीरमा भाजपाले जे गऱ्यो र आज मुलुकैभरि आफ्नै नागरिकमाथि जे गर्दैछ, त्यो अकल्पनीय छ, यद्यपि त्यसलाई पनि पूर्वीय संस्कृति र मूल्य-मान्यता भन्दै ठूला कुरा गर्नेहरू जोडतोडले समर्थन गर्दैछन् । यो फगत 'फल्स कन्ससनेस'को कुरामात्र होइन ।



### आवेग र पीडितको मनोविज्ञान

किन हामीहरू सही-गलतको भेद छुट्याउन सकिरहेको छैनौं ? किन हाम्रो समाज सामूहिक अधपतनको दिशामा गइरहेको छ ? किनभने अहिले हामीहरू सबैजसो या त उत्तेजित छौं या क्रोधित । एकादुई व्यक्तिको म कुरा गरिरहेको छैन । उत्तेजित हुनु, आक्रोशित हुनु स्वाभाविक हो । हामी पहिले पनि हुन्थ्यौं, तर कहिलेकाहीं । तर अहिले दिनैभर जस्तो आवेगमा हुन्छौं । दिमागमा आवेग, आक्रोश, प्रेम, रिस, घृणा हुँदा हामीले सोच्ने, विचार्ने, लामो दूरीमा राखेर निरपेक्ष हिसाबले हेर्ने काम कठिन हुन्छ । हामी जीवनका फगत दुई रङ कालो र सेतो देखिरहेका छौं, ती दुई बीचको ठूलो खैरो रङ छुटाइरहेका छौं ।

हामी निरन्तर आवेगमा, उत्तेजनामा किन छौं भने सबैले आफूलाई पीडित देखिरहेका छौं, अरूलाई पीडक । पहिले दमित, शोषित भनिएकाहरू अहिले धेरै हदसम्म बिउँतिएका छन् । व्यक्ति र संस्था (सिस्टम) मिलेर आफूहरूलाई दमनचक्रको घानमा पिसेको उनीहरू देखिरहेका छन् । त्यसैले हक-अधिकारका लागि उनीहरू संघर्ष गरिरहेका छन् ।

उनीहरू दुई कारणले आक्रोशित छन् । एक त दमनचक्रको सपाट तस्बिर हुँदा पनि दमनकारीहरू र 'प्रिभिलेज्ड' हरू यो मान्न तयार छैनन् कि उनीहरू दमन गरिरहेछन्, विशेष सुविधा पाइरहेका छन् । दोस्रो, उनीहरू आफैप्रति पनि आक्रोशित छन्, किन यतिका वर्षदेखि हामी यो सहेर आइरहेको भनेर । हामीहरू के हेरिरहेका थियौं भनेर । यसले उनीहरूलाई निरन्तर आवेगको अवस्थामा राखेको छ । उनीहरू आफू जस्तैसँग एकाकार हुन खोजिरहेका छन् । र व्यक्ति/संस्थाको दमनको प्रतिकार गर्न चाहन्छन् ।

अर्कोतर्फ दमनकारीहरू त आतंकित हुने नै भए, दमितहरूका पहिले कहिल्यै नदेखिएका, नसुनिएका समवेत स्वरहरूबाट । हिजोसम्म प्रिभिलेज्ड भएकाहरू पनि भयभित र आक्रोशित छन् । एक त विशेष सुविधा खोसिने डरले । अझ अर्को 'आफूले नगरेको दोष' भागी हुनपरेकाले । उनीहरूलाई लागिरहेको छ, 'होला विगतमा केही भयो होला, दमन पनि, उत्पीडन पनि भयो होला । तर त्यसमा मेरो दोष होइन नि । न मैले कुनै उत्पीडन गरेको छु, न कसैको निगाहबाट केही पाएको छु ।' उनीहरू भनिरहेका छन्, 'विगतका कसै अरूका कमी-कमजोरी या बदमासीका कारण मैले अहिले पीडित हुनपर्ने ? मेरो अधिकार खोसिने ?' यो भयले उनीहरूलाई सगोल बनाइरहेको छ ।

त्यसैले हामी सबका-सब आफूलाई पीडित ठानिरहेका छौं । र आफू जस्तैको साथ खोजिरहेका छौं । गुणदोषका आधारमा होइन, 'मेरिट' को आधारमा होइन, मजस्तै मेरो रूपको, मेरो जातको, मेरो लिंगको, मेरो ठाउँको आदि भनेर पक्ष लिइरहेका छौं । गलत होस्, केही भएन । कामचोर या नैतिकहराम, केही फरक परेन । मजस्तै हो, मेरो बिरादरीको हो, सकियो । सबैजना भयाक्रान्त भएकाले गर्दा हामीमा 'प्राइमेट इन्स्टिङ्क्ट/लोयल्टी' हावी भएको छ । आफ्नो बथानको खोजी छ, त्यहाँ । राम्रो-नराम्रो, असल-खराब, सही-गलत केही हेरिएको छैन ।

### पीसी कल्चर र (अ)सामाजिक सञ्जाल

पछिल्लो समयका दुई परिस्थितिले यो बथाने मनस्थितिलाई परिपोषण गरिरहेको जस्तो मलाई लाग्छ । एउटा हो, 'पीसी कल्चर' । निजी र सार्वजनिक जीवनमा एक-अर्कालाई नजिस्क्याई, नहियाई, नहोच्याई बोल्ने कुरालाई हामी 'पोलिटिकल करेक्टनेस' भन्न सक्छौं । मैले लेख्ने-बोल्ने कुराले अरूलाई नदुखाओस् भनेर म सचेत हुन्छु र धेरै हिसाबले त्यसो गर्न उपयुक्त नै हो भन्ठान्छु (जस्तो कि यो कुरा यहाँ गरौं कि नगरौं, लेखौं कि नलेखौं भनेर मलाई ठूलो द्विविधा थियो) । तर हामीले यो पीसीलाई अर्कै तहमा त पुऱ्याएनौं ?

म हुर्कंदा घरमा 'काले' पनि भएर हुर्किएको हुँ । माया गर्दा पनि काले र गाली गर्दा पनि । फगत 'टोन' फरक । स्कुल/कलेज पढ्दा हामी सबैजसोका हाजिरी खातामा लेखिनेभन्दा भिन्न नाम थिए । जिस्क्याउन राखिएका ती कति नामले हामीलाई बिझ्थ्यो होला, तर कतिले सहजै लिएका हुन्थ्यौं । म मेरा अत्यन्त नजिकका साथी बाहेक अरूलाई अहिले ती नामले सम्बोधन गर्दिन । कहिलेकाहीं साथीहरूको इमेल पाउँदा मुन्तिर त्यही जिस्किने/जिस्काउने नाम पाउँदा पुलकित हुन्छु ।

घरमा, स्कुले जीवनमा (वा कलेजमै पनि) सुन्दै, बोल्दै आएका ती कतिपय नाम, शब्द हामी सार्वजनिक जीवनमा प्रवेश गर्नासाथ उच्चारण गर्न सक्दैनौं । अरू त अरू, साहित्य लेखनमा समेत बाँधिनुपर्ने भएको छ । कुनै पात्रले कसैको भावनामा चोट पुऱ्यायो भने लेखकको हुर्मत लिइन्छ । कथं कतै अनौपचारिक कुराकानी गर्दा केही फुस्कियो भने त्यसले पनि वितण्डा मच्चाउँछ । यसरी सानैदेखि र अनौपचारिक रूपमा सुनी-बोली आएका हाम्रा अभिव्यक्तिमा अकस्मात र अत्यधिक लगाम कसिँदा त्यसले हामीलाई 'स्ट्रेस' मा धकेलिरहेको छ । तर सार्वजनिक रूपमा अभिव्यक्त गर्न नपाएका कतिपय ती कुरा हामीले अर्कै ठाउँमा, अर्कै हिसाबले अभिव्यक्त गरिरहेका छौं । या त हामी आफ्नो बथानमा या विभिन्न सामाजिक भनिने सञ्जालमा (खुला वा अज्ञात हुँदै) अर्थात् हामी अन्तस्करणबाटै 'सिभिल' भैरहेका छैनौं, फगत सिभिल भएको पाखण्ड गरिरहेका छौं ।

मैले कुरा गर्न चाहेको अर्को नयाँ परिस्थिति कथित सामाजिक सञ्जाल हो, जुन खासमा असामाजिक सञ्जाल बनेको छ । हाम्रो आवेग सिर्जनामा म त्यसको प्रभाव पनि उत्तिकै देख्छु । अहिले हामी फेसबुक, ट्विटर, इन्स्टाग्राम, युट्युब लगायतका सञ्जालमा बाँधिएका छौं । यी सञ्जालले निर्माण गरेका 'अलोगरिदम'का कारण हामी यस्तो 'इको-च्याम्बर'मा छिरेका छौं, जहाँ हामीले सुन्न-बोल्न चाहेका कुरामात्रै सुनिन्छ-बोलिन्छ । पहिले हामी पत्रपत्रिका पढ्थ्यौं, टिभी-रेडियो हेर्थ्यौं, सुन्थ्यौं । तर हामीले पढ्ने-हेर्ने भनेको मोबाइल र कम्प्युटर भएको छ, पत्रपत्रिका पढ्नदेखि रेडियो-टिभी सुन्न/हेर्नसमेत ।

अहिले पनि पत्रिका, रेडियो, टिभीमा एक तहको विविधता पाइन्छ, फरक वैचारिक धारका सामग्री पनि केही हदसम्म पाइन्छ । तर कम्प्युटर/मोबाइलका कुरा अर्कै छ । फेसबुक वा ट्विटर वा युट्युबले हामीलाई हाम्रो सबैभन्दा नजिकको व्यक्तिले भन्दा ज्यादा चिन्छ । हामीले खाने खाना, हामीलाई मनपर्ने रङ वा फूल, मनपर्ने मानिस, हाम्रो विचारधारा सबै उसले बुझेको छ । हामीले कसैलाई नभनेका कुरा, हाम्रा 'डार्केस्ट सेक्रेट्स' सबै उसलाई थाहा छ । हाम्रो 'डिजिटल फुटप्रिन्ट्स' कैद गरेकोले ऊ ती सबै जाँची-परखी ऊ हामीलाई हामीले हेर्न-सुन्न-पढ्न खोजेको कुरा पस्किदिन्छ ।

अनि यी सब कुराले हामीलाई झन् साँघुऱ्याउँदैछ, खुम्च्याउँदैछ । हामीलाई थप ध्रुवीकरण गर्दैछ । हाम्रो बथानमा ऊ झन्-झन् हामीलाई धकेल्दैछ । हाम्रा मनका अन्तरकुन्तरमा सुषुप्त रहेका उग्र विचारलाई ऊ 'रिइन्फोर्स' गरिरहेछ । हाम्रो अहंलाई तुष्ट गर्दैछ । हामीमा अजस्र घृणा, आक्रोश मौलाउँदैछ । अर्को पक्षबाट हेर्ने, अर्काको धरातलमा बसेर पर्गेल्नै नसक्ने हुँदैछौं हामी ।

अब यदि यो असामान्य समय नै नयाँ सामान्य समय (न्यु नर्मल) हुने हो भने त्यसको व्याख्याका लागि, त्यसको सैद्धान्तीकरणका लागि नवीन शिराबाट, बाकस बाहिरबाट सोच्न आवश्यक भैसकेको छ । अनि यो निरन्तरको आवेग, क्रोधबाट उम्कन र बथाने मानसिकताबाट बाहिर निस्कन जरुरी भैसकेको छ । अन्यथा यसले हामीलाई निकै टाढा पुऱ्याउँदैछ ।

# मैथिली भाषाको मर्म



रामभरोस कापडि भ्रमर

अहिले नेपाल-भारत दुवैतर्फ मैथिली भाषाप्रतिको चिन्ता ह्वात्तै बढेको छ । भारतमा 'मथिलाराज्य' र 'प्राथमिक शिक्षामा मैथिली'को लागि आन्दोलनहरू चर्किंदै गएका छन् । तर सबैभन्दा महत्त्वपूर्ण के छ भने ती आन्दोलनमा सहभागिताको संख्या र स्तर कस्तो छ- विचारणीय पक्ष हो । मैथिली भाषासँग अनुराग राख्ने, त्यसप्रति परम्परागत रूपमा एकाधिकारका दाबी गर्नेहरू मध्येका अभियानीहरू बढी हुन्छन् भन्ने रणनीति अन्तर्गत ती समूहमा समेटिएका केही 'इतर वर्ग'का प्रतिनिधिहरू पनि हुन्छन् ।

**मैथिली भाषाको प्राचीन र समृद्ध स्वरूपलाई निरन्तर अग्रगामी बनाइराख्न यसमा व्याकरण र शब्दकोशको निर्माण गरी त्यसैको आधारमा पाठ्य–पुस्तकको लेखन र सम्पादन हुनुपर्छ ।**

भारतमा मैथिलीको संख्या करोडमा भए पनि तिनका लागि कुनै कार्यक्रम लागू नहुँदा अन्य जातका प्रबुद्ध, शिक्षित जनसमुदाय मैथिली भाषा, साहित्यतिर आकर्षित नहुने, यसका 'मानक' स्वरुपको सिकञ्जामा कसिएर छटपटिन पुग्ने बाध्यता भोग्ने अनेकौं प्रसंग हामीबीच छर्लंग छन् । दरभंगा महाराजको समय (लगभग डेढ सय वर्षपूर्व) देखि नै मैथिलीलाई राजदरबारको भाषाको रूपमा स्थापित गरेर तत्कालीन दरबारिया पण्डित, विद्वानहरू यसलाई जनसामान्यको 'बोली' भन्दा फरक उच्च वर्गले बोल्ने विशिष्ट भाषाको रूपमा प्रचलनमा ल्याउन सफल भएका थिए । र यसै मानकताको साम्राज्यमा मैथिली विकसित भएर यो 'उच्च वर्ग' भनिने केही जातको भाषा बन्न पुग्यो ।

मैथिली भाषी जमातले आफ्नै लवजमा बोल्ने र लेख्ने काम गर्दै आए । परिणामतः मैथिलीको नाममा सरकार र समुदायद्वारा उपलब्ध अवसरहरूमा उनीहरूको हालीमुहाली चल्यो । पद-प्रतिष्ठा प्राप्त गरे । पुरस्कार थापे । अन्य समुदाय झन्-झन् टाढा हुँदै गए । उनीहरूलाई मूलधारमा ल्याउने कुनै प्रयास गरिएन । यो उपेक्षामा अज्ञानताभन्दा रणनीतिक उपक्रम बढी देखिन्छ । एकाधिकारको सुख भोग्ने कामना । र त्यसै अनुरुप आजसम्म हुँदै आएको पनि छ ।

अहिले केही हदसम्म भावनात्मक परिवर्तन भएको बाहिरी गतिविधिबाट अनुमान गर्न सकिन्छ । त्यो अवस्था सबैलाई समेट्ने उदारभाव जागेर आएको मलाई लाग्दैन । परिस्थितिजन्य बाध्यात्मक अवस्था आएको जस्तो देखिन्छ । अचेल मञ्चमा दस जनामा एक/दुईजना इतर वर्गका प्रतिनिधिलाई पनि राखिहाल्ने परिपाटी चलेको छ । तर मञ्चको केन्द्रविन्दु उनीहरू नै हुने गर्छन् ।


सम्मान, पुरस्कार थाप्नेहरूका सालाना सूची हेरौं- दर्जनौंबीच कुनै एक/दुईजना इतर वर्गका स्रष्टा, अभियानी शौभाग्यशाली बन्न पुग्छन् । पद/प्रतिष्ठाको कुरा हो, यो अहिले पनि तिनै समूहका व्यक्तिहरूले हात पार्छन् ।

रुचि राख्ने, केही उच्च वर्गका मैथिली भाषा, साहित्य अभियानी मित्रहरूको प्रामाणिक कथन अनुसार 'खास वर्गमा विशिष्ट प्रकारको संस्कारी जिन' नभए पनि अनेकौं मैथिली भाषा, साहित्यमा अग्रपंक्तिमा उपस्थित भएका छन् र निरन्तर साधनारत छन् । तर यो उनीहरूको वैयक्तिक र संयोगले प्राप्त अवसरको प्रतिफल हो । सहज र स्वाभाविक प्रक्रियाबाट प्राप्त भएको अवसर भने पक्कै होइन ।

नेपाल क्षेत्रमा त्यस्तै अवस्था छ । नेपाली साहित्यका सबै सरकारी पुरस्कारहरू एकलौटी रूपमा थोकभाउमा एकपक्षीय वितरण हुन्छ भने अन्य भाषाभाषीबाट गरिने मातृभाषा वा राष्ट्रभाषा नेपालीको सेवालाई निरन्तर उपेक्षा गरिँदै आइएको छ ।

यो आलेखको विषय मैथिली भाषाको वर्तमान अवस्थाप्रति केन्द्रित हुने रहेकोले म आज सबैथोकका एकला हकदार ठान्नेहरू समूहगत रूपमा मैथिलीलाई सबैको भाषा मान्न किन अगाडि सरे त ? यस विषयमा चर्चा गर्नेछु ।

नेपालको राष्ट्रिय जनगणना २०६८ ले नेपालका भाषामध्ये दोस्रो ठूलो भाषाको रूपमा मैथिली (११.६७) लाई राखेको छ । यो पहिलेदेखिकै निरन्तरता हो । बरु जनसंख्याको गणनामा केही संख्या बढे पनि प्रतिशतमा केही कम आएको देखिन्छ । यो प्रारम्भिक संकेत थियो, जसलाई मैथिलीका दाबेदारहरूले अनुभव गर्न सकेनन् ।




अब नयाँ जनगणना हुँदैछ । जुन गतिले मैथिली भाषीहरूले नै मैथिली भाषा अढाई प्रतिशतको मातृभाषा भएकोले हामीले बोल्ने भाषा मगही वा पश्चिमतिर बज्जिका हो भनेर अभियान नै सञ्चालन गर्दै आएका छन्, त्यसले मैथिलीका अभियन्ताहरूलाई घचघच्याउन थालेको छ । र अबको नारा 'मैथिली सबै मिथिलाको साझा भाषा हो' भन्न सक्नुपर्छ । मञ्चहरूमा सहकार्यको प्रवृत्ति र त्यसलाई सामाजिक सञ्जालहरूमा खुलेर प्रचार गर्नु यसै आवश्यकताको स्वीकारोक्ति पनि हो । तर पनि यसमा ठूलो पेच अझ पनि खुल्नसकेको छैन । र त्यो हो, भाषाको सर्वव्यापीकरणको लागि शब्दको सहजीकरण अर्थात ग्रामीण शब्दहरूको औपचारिक रूपमा शब्दकोशमा समावेश ।

मैथिलीलाई सबै समुदायको भाषाको रूपमा मान्यता दिन यसको परम्परागत व्याकरण र शब्दकोशमा व्यापक परिमार्जनको आवश्यकता छ । तर यस्तो गर्दा परम्परागत मानक स्वरुपको बखेडा सबैभन्दा ठूलो बाधक बन्न पुग्छ । आज यही मानकको बखेडालाई भाषाविज्ञहरू, भाषाप्रति रुचि राख्नेहरूको आवश्यक सहमतिको आधारमा परिवर्तन गर्नुपर्ने बाध्यात्मक परिस्थिति आइपरेको छ । मुखले जे बोलिन्छ, त्यही लेख्नुपर्छ भन्ने नाराकै भरमा भाषा, साहित्यको स्वरुप स्थिर हुन सक्दैन । त्यसका लागि न्यूनतम आधार, सिद्धान्त र स्वरुपको निर्धारण हुनैपर्छ । नत्र भाषा, साहित्यमा छाडातन्त्रको प्रवेशले यसको स्वरुपलाई अझ विकृत बनाउनेछ, आकर्षक होइन । हो, बोल्दाखेरी यथारूप मैथिली भनी स्वीकार गर्नुपर्छ । त्यसमा कुनै मापदण्ड राख्नु भाषाको क्षेत्र अनुसार स्वरुप बदलिने पूर्वको सिद्धान्तको पनि खिलाफ हुन जान्छ ।

मैथिली पढेका, विद्यावारिधि गरेका, पुस्तक लेखेका कसरी रातारात मगही भाषी भए ? यसका दुई पक्ष कारण छन् ।

१. परम्परादेखि मैथिली भाषाको लेख्य परम्परा र बोलिने भाषिक विशिष्ट शैलीबाट परिचित रहँदै आएका समाजका ठूलो वर्गले आफूलाई मैथिली भाषीभन्दा आफ्नो भाषा र परिवेश फरक भएकोले कालान्तरमा यत्रो वर्ष (लगभग डेढ सय वर्षभन्दा बढी) चुपचाप स्वीकार्दै आए पनि अब नयाँ पुस्ताको सोच र सत्यलाई अवगत गरी भाषाको स्वामित्वलाई ठाढै चुनौती दिनुको सट्टा आफ्नो कित्ता बेग्लै छुट्याउने र मगही लगायतका भाषाको प्रवेश हुन थाल्यो ।

२. समुदायका इतर वर्गभित्र कुनै खास जात-जाति र तिनले बोल्ने विशिष्ट शैलीको भाषा (निश्चय मैथिली) कै कारण आफूलाई अलग-थलग मान्न विवश भइरहेका जनसमुदायलाई एउटा भाषाको नाम दिनुपर्ने ठूलो गृहकार्यपछि मगही भाषा ठम्याए र त्यसपछि मैथिली भाषीहरू ब्राह्मणेत्तर वर्गका केही युवा पिढी, जागरुक समाजसेवी, राजनीतिकर्मीहरू संगठित रूपमा मगहीको प्रचार-प्रसारमा लागे ।

पूर्वमा मैथिली भाषी भनिने २ नं. प्रदेशको सर्लाही पूरा र रौतहट आधा-आधीजति मानिँदै आएकोमा ती भूभागमा आज बज्जिकाको वर्चस्व छ । त्यस्तै मैथिली भाषाको रूपमा रहेका महोत्तरी, धनुषा, सिरहा, सप्तरी जिल्लामा मगही भाषाको प्रचार बढी देखिन थालेको छ ।

नेपालको प्रारम्भिक र दुई दशक पहिलाको जनगणनामा यी दुई भाषाको अवस्था न्यून थियो भने २०६८ सालको जनगणनाले केही मात्रामा मगही देखाए पनि बज्जिकाको संख्या (७,९१,६४२ ) मा राम्रो बढोत्तरी भएको देखिन्छ । यदि यही अवस्था रह्यो भने अगामी जनगणनामा मगहीको संख्या ह्वातै बढ्ने पूर्वानुमान गर्न सकिन्छ । गंगाको दक्षिणी क्षेत्रमा बोलिने मगही मध्य मैथिली क्षेत्रमा कसरी छिऱ्यो ? प्रस्ट गर्नुपर्ने जिम्मेवारी भाषा वैज्ञानिकहरूको हैन र ? कुनै पनि भाषाको बढ्दै गएको अस्वाभाविक संख्याको पृष्ठभूमिप्रति चिन्तनशील हुनुको सट्टा अतिरञ्जित रूपमा विरोध गर्नुको कुनै अर्थ हुँदैन । सत्य केलाउनैपर्छ र त्यसपछि आउने समाधान निश्चय नै दीर्घकालीन हुनेछ ।

नेपालमा आजसम्म भाषा-वैज्ञानिक सर्भेक्षण गरिएको छैन । जनगणनामा गएका गणकहरू विज्ञ हुँदैनन् । उनले प्राप्त हलफनामालाई नै सामान्यतः अन्तिम ठान्छन् । एकै परिवारका थरीथरीका मातृभाषा लेखाउनेहरू पनि देखापर्न सक्छन् । त्यसैले जनगणना अघि भाषाप्रति गम्भीर छलफल र दिशानिर्देश दिनु आवश्यक छ । मैथिली क्षेत्रमा मात्रै होइन, पहाडी क्षेत्रमा पनि भाषा सम्बन्धी समस्या आउन सक्छ, त्यतातिर पनि समयमै ध्यान पुऱ्याउनसके त्यो विवादलाई न्यून गर्न मद्दत हुनेछ । जनगणनापछिको विश्लेषण बैठकहरूमा यसबारे गम्भीरतापूर्वक विमर्श हुनु जरुरी हुनेछ ।

समष्टिमा विचार गर्दा मैथिली भाषाको प्राचीन र समृद्ध स्वरुपलाई निरन्तर अग्रगामी बनाइराख्न यसमा व्याकरण र शब्दकोशको निर्माण नयाँ ढंगबाट गर्नुपर्छ । पाठ्य-पुस्तकको लेखन र सम्पादन त्यसै व्याकरण र शब्दकोशको आधारमा हुनुपर्छ । जसले गर्दा भाषाप्रति अपनत्व बढ्न सकोस् र भावनात्मक उद्वेगमा जसले पनि कुनै वर्ग विशेषको भाषा भनी मैथिलीको छुट्टै नामकरण गरी आफू अत्यन्त समृद्ध र बहुसंख्यक बोलिने भाषाबाट पृथक बस्न नयाँ भाषालाई मातृभाषाको रूपमा स्वीकार गर्न लागिपरेका छन्, तिनीहरूले पनि पुनर्विचार गर्न सकुन् ।

मैथिली भाषा आजको अवस्थासम्म आइपुग्न निकै दशकको कठिन दौडबाट गुज्रेको छ । यस्तै विकसित भाषाको अवस्थामा पुग्न अन्य नयाँ भाषाभाषीलाई कति दशक अझ संघर्ष गर्नुपर्ने हो, त्यो अहिल्यै भन्न सकिँदैन ।

# बमको भाषाशास्त्र



सिउँडी

विमल निभा

बिगब्रदरको बम हान्ने शैली बडो मौलिक खालको रहेको छ। यसको युद्धक विमानले पहिले त कुनै पनि स्वतन्त्र मुलुकमा हठात् बम खसाल्छ। त्यसपछि 'श्वेत भवन' मा रहेका मिस्टर प्रेसिडेन्ट त्यसलाई आरामसँग अंग्रेजी भाषामा उल्था गरेर दुनियाँलाई सुनाउने गर्छन्। यही अहिलेसम्म चलिआएको सुपरपावर बिगब्रदरको बमको सम्पूर्ण भाषाशास्त्र हो।

मेरो अंग्रेजी भाषा पर्याप्त कमजोर रहेको छ। तथापि मैले सुपरपावर बिग्रब्रदरको बमको भाषा बुझ्न थालें कि के हो! केही दिन अघि इरानी कमाण्डर कासिम सुलेमानी बमले इराकमा मारिँदा म पनि घाइते भएको थिएँ। यसको अर्थ मिस्टर प्रेसिडेन्टको ठाडो आदेशमा मेरो टाउकोमाथि बम खसालिएको भन्ने पनि होइन। त्यो दिन म अचानक खुट्टा चिप्लिएर भऱ्याङबाट लडेको थिएँ। तर अहिलेको प्रधान सवाल मेरो

**सुपरपावर बिगब्रदरको इतिहास भनेकै अविच्छिन्न रूपमा बमकै इतिहास हो।**

एकथान घाइते टाउकोको होइन। वस्तुतः बहुचर्चित एमसीसी (मिलिनियम च्यालेन्ज कर्पोरेसन) को हो। झन्डै यही बेला हाम्रो विदेश मन्त्री कमरेड प्रदीप ज्ञवालीले अति उत्फुल्ल मुद्रामा घोषणा गरेका थिए- 'एमसीसीको कुनै रणनीतिक प्रयोजन रहेको छैन।' त्यसो भए यसमा कुनै पनि किसिमका बम आदि समावेश रहेको छैन त कमरेड? यो बहुतै खुसीको बात भयो। तर एमसीसीसँग प्रत्यक्ष-अप्रत्यक्ष सम्बन्धित बिगब्रदरको बोलीको टोन त अर्कै रहेको छ नि! यही सिलसिलामा उसको एम्बेसीको प्रवक्ताले के स्पष्ट गरे भने एमसीसी इन्डो-प्यासिफिक रणनीति अन्तर्गत नै हो। अब हामीले कसको भनाइलाई मान्ने? मेरो विचारमा त आफ्नै मुलुकका विदेश मन्त्रीको कुरा मान्नु बढियो हुन्छ। कुनै विदेशी दूतावासका पराई मानिसको कुरा किन मान्ने? हेर्नोस्, एक प्रकारले पुँजीवादी मुलुकका व्यक्तिसँग एक समाजवादी मुलुकका मन्त्रीको कुरा नमिल्नु बेसै हो। म त पुरै विदेशमन्त्री कमरेड ज्ञवालीको साथमा छु। तर स्वयम् एमसीसी बाहकले नै अघि बढेर एमसीसीलाई रणनीतिक अंग भनिरहेको सन्दर्भमा मनमा थोरै शंका त अवश्य उत्पन्न हुन्छ- कतै हाम्रा विदेशमन्त्री साँच्चिकै विदेशमन्त्री त होइनन्? मेरो मतलव कुनै विदेशको नै मन्त्री भनेर नठानियोस्। वास्तवमा प्रदीप ज्ञवाली कमरेड स्वदेशकै विदेशमन्त्री हुन्। मेरो कुरामा पत्यार नलागे सम्माननीय प्रधानमन्त्री कमरेड खड्गप्रसाद शर्मा ओलीसँग डाइरेक्ट सोधे हुन्छ। एक छिनपछि मेरो मनमा एउटा अर्को शंका उत्पन्न हुन्छ- यो सोधाइले पनि के हुन्छ र? हाम्रा प्रधानमन्त्री कमरेड ओली कुनै एमसीसी विरोधी त पक्कै होइनन्। उनी त खाँट्टी एमसीसीप्रेमी हुन्। त्यसकारण बेला-मौकामा निर्धक्कसँग मुलुकमा एमसीसी नल्याई छाड्दिन भनिरहेकै छन्। यसले मेरो मनमा फेरि पनि शंका उत्पन्न भएको छ- कतै हामी एमसीसीको असीम कृपाले बम आदिको रेन्जमा त आउन लागेका छैनौं?

सुपरपावर बिगब्रदरको इतिहास भनेकै अविच्छिन्न रूपमा बमकै इतिहास हो। र आजसम्मको विश्व इतिहासमा एकमात्र यसलाई नै परमाणु बम पड्काएर जापानका लाखौंलाख नरनारी र ससाना बालक/बालिका निर्दोष ज्यान हरण गर्ने गौरव प्राप्त छ। तर भियतनामको युद्धमा भने बिगब्रदरको बम त्यति कामलाग्ने भएन। त्यस युद्धमा धेरै भियतनामीहरूले बमबाट मृत्युवरण गर्नुपरेको थियो। र अन्ततः भियतनामी नेता कमरेड हो चि मिन्हको नेतृत्वमा भियतनामका जनताहरूले बिगब्रदरको बमबाट मर्न ठाडै इनकार गरेका थिए। त्यसैले आफ्ना सबै बम बोकेर सुपरपावर बिगब्रदर त्यहाँबाट लुरुलुरु फर्कन बाध्य भएको थियो। र हाल भियतनाममा काम नलागेका तमाम् बमलाई अन्य मुलुकमा काममा लगाइएको छ। तर उसको बम वर्षाउने टेक्निक भने केही परिवर्तित भएको देखिन्छ। हो, अफगानिस्तानको युद्धदेखि बिगब्रदरले बम सँगसँगै राहतको पकेट पनि युद्धक विमानबाट खसाउन थालेको छ। यसको परिणामस्वरुप अफगानिस्तान, सिरिया, इराक, लिबिया आदि मुलुकका जनताले पकेटमा भएको राहतको केक आदि टन्न खाएर आरामसँग बमबाट गर्ने सुविधा पाएको छ।

**अन्त्यमा,**

नेपाली जनताहरू हो, अपार आनन्दको कुरो के हो भने सुपरपावरको एमसीसीबाट अग्रिम राहतस्वरुप लगभग पचपन्न अर्ब डलरको प्राप्ति हुने भएको छ। त्यसउसले सम्माननीय प्रधानमन्त्री कमरेड खड्गप्रसाद शर्मा ओली ब्रान्डेट 'कम्युनिस्ट राज्य' मा हामी बिगब्रदरको एमसीसी जनित बम-समले मृत्युन्मुख अर्थात् मर्ने नै भए पनि सित्तैमा चाहिँ पर्ने छैनौं है!

# अष्ट्रेलियाको आगो



उत्तमबाबु श्रेष्ठ

नयाँ वर्षको दिनमा अष्ट्रेलियाको राजधानी क्यानवेरामा वायुको गुणस्तर विश्व स्वास्थ्य संगठनले तोकेको मापदन्डभन्दा बीस गुणा ज्यादा हानिकारक थियो। त्यस अघि प्रदूषणकै कारण मेलवर्नमा भएको क्रिकेट प्रतियोगितामा दर्शकहरूले बलसमेत देखेनन्। हरेक वर्ष बसोबासका लागि उपयुक्त सहरको विश्वसूचीमा उपल्लो स्थान ओगट्ने अष्ट्रेलियाका यी सहरहरूको वायु प्रदूषणको अवस्था यतिखेर संसारकै प्रदूषित सहरहरूको भन्दा नाजुक छ। त्यसको कारण– गत सेप्टेम्बरयता निरन्तर लागिरहेको आगलागी हो।

अहिलेसम्म आगलागीले १ करोड ७ लाख हेक्टर जमिन सखाप पारेको छ। जुन नेपालको प्रदेश नम्बर १, २, वागमती, गण्डकी र ५ नम्बर प्रदेशको जम्मा क्षेत्रफल जोड्दाभन्दा पनि ठूलो भूभाग हो। क्षेत्रफलमा अष्ट्रेलिया नेपालभन्दा करिब ५२ गुणाले ठूलो छ। नेपालको कुल वन क्षेत्रभन्दा दोब्बर क्षेत्र हो। अझै पनि सयौं ठाउँहरूमा आगो लागिरहेका छन्, जुन तत्काल रोकिने गुन्जायस छैन। अष्ट्रेलियाका कतिपय ठाउँहरूमा त आगलागीको मौसम सुरु भएकै छैन।

अष्ट्रेलियामा आगलागी शताब्दियौंदेखिको नियति हो। त्यहाँ आगोको लागि आवश्यक मौसम र इन्धन प्रचुर भएकाले झिल्कोमात्रै भेटे पनि आगोले रौद्ररूप धारण गर्छ। अष्ट्रेलिया संसारकै सुक्खा महादेश हो। त्यहाँ गर्मीयाममा तापमान उच्च हुने गर्छ। त्यहाँको १३ करोड ४० लाख हेक्टर जमिनमा वन छ। गर्मीयाममा उच्च तापमान, कम आद्रतायुक्त हावा र जंगलहरूमा सुकेको झारपात र रुखका हाँगाबिँगाले आगलागीको इन्धनको काम गर्छ। प्राकृतिक (चट्याङ) वा मानवीय कारण (बिजुलीको तारबाट झिल्का खसेर, मान्छेले जानाजान वा असावधानीवश आगो जंगलमै छोडेमा) बाट आगो लाग्छ। उच्च गतिको हावाले आगोलाई ठूलो भूभागमा फैलाउँछ र नियन्त्रणमा बाधा पुऱ्याउँछ। यो वर्ष तुलनात्मक रूपमा आगलागीका लागि मौसम धेरै नै अनुकूल रह्यो। त्यसैले प्रभाव र तीव्रताको हिसाबले यसपालीको आगलागी कीर्तिमानी बनेको छ।

आगोले ठूलो जनधन र अतुलनीय वातावरणीय क्षति पुऱ्याएको छ। क्षति अझै बढ्ने निश्चित छ। हालसम्म २९ जनाले ज्यान गुमाइसकेका र ४३०० घर तथा भवनहरू जलेर नष्ट भएका छन्। दसौं हजार मानिस घरबार छोड्न बाध्य भएका छन्। एक अनुमान अनुसार हालसम्म उक्त आगलागीले १ सय १० अर्ब डलर बराबरको प्रत्यक्ष-अप्रत्यक्ष क्षति पुऱ्याएको छ।

यतिखेर आगलागीले अष्ट्रेलियाको जैविक विविधता र विश्व वातावरणमा पारेको प्रभाव संसारभर चर्चामा छ। आगलागीमा करिब १ अर्ब जनावर मरेको आशंका छ। लोपोन्मुख रैथाने प्रजातिहरूको वासस्थानमा लागेको आगोको कारण करिब ५०० जति त्यस्ता जीवजन्तुहरू सधैंका लागि लोप भएको बताइएको छ। आगलागीले जनावरहरूको वासस्थान, प्रजननस्थल, खाद्य सामग्री र पानीको स्रोतहरूसमेत नष्ट वा क्षतिग्रस्त भएको त्यसबाट बचेका जनावरहरूको भविष्यको जीवन पनि संकटग्रस्त बन्ने पक्का छ। यस आगलागीबाट पृथ्वीको वायुमण्डलमा हालसम्म जलवायु परिवर्तनको कारक मानिने ३५ करोड टन कार्बन उत्सर्जन भएको छ। जुन अष्ट्रेलियाले वर्षभरिमा उत्सर्जन गर्ने परिमाणको दुई तिहाइ हो।

**सञ्चार माध्यममा देखिने अष्ट्रेलियामा दन्किरहेका आगोका ज्वाला, त्यसबाट निस्केको कालो बाक्लो धुवाँ र नियन्त्रणका लागि हवाइजहाज र जमिनमा भइरहेका प्रयास, बस्ती छोडेर भाग्दै गरेका मानिसहरू, यत्रतत्र मरेका जनावर र उजाडिएको दृश्य हलिउडको कुनै फिल्मजस्तो लाग्छ। तर अध्येताहरूले यसलाई जलवायुजन्य संकटको 'टेलर' मात्रै भनेका छन्।**

### जलवायु परिवर्तनको असर

जलवायु परिवर्तनको हिसाबले बितेको वर्ष र पुरै दशक अष्ट्रेलिया लगायत सम्पूर्ण विश्वको लागि ऐतिहासिक बन्न पुग्यो। अष्ट्रेलियाको मौसम विभागको प्रतिवेदन अनुसार, सन् २०१९ देशकै इतिहासमा सबैभन्दा गर्मी र कम वर्षात भएको वर्ष बन्न पुग्यो। यस अघि सबैभन्दा सुक्खा वर्ष मानिएको सन् १९०२ भन्दा सन् २०१९ मा १२ प्रतिशतले कम वर्षात भयो। त्यसैगरी सबैभन्दा उष्ण वर्षको रेकर्ड बनाएको २०१३ को तुलनामा २०१९ को औसत तापक्रम ०.२ डिग्री सेल्सियसले बढी थियो। सन् २०१९ पृथ्वीको लागि पनि अहिलेसम्मकै सबैभन्दा उष्ण वर्ष सावित भयो। गतवर्ष पृथ्वीको औसत तापमान (सन् १९६१ देखि १९९० सम्मको औसत तापमानको तुलनामा) ०.८ डिग्री सेल्सियसले उच्च थियो र २०१० को दशक नै सबैभन्दा गर्मी। यसरी निरन्तर उकालो लागेको तापमानले पृथ्वीको वर्षात, वातावरण, विपद्हरूमा व्यापक फेरबदललाई ल्याएको छ, जसलाई जलवायु परिवर्तन भनिन्छ। त्यसकारण अष्ट्रेलियामा यसपाला समय अगावै र भीषण रूपमा लागेको आगोको कारक जलवायु परिवर्तन हो भन्नेमा धेरैको मतैक्य छ।

### यो त टेलर मात्रै

यतिखेर सञ्चार माध्यममा देखिएका दन्किरहेका आगोका ज्वाला, त्यसबाट निस्केको कालो बाक्लो धुवाँ र त्यसलाई नियन्त्रणको लागि हवाइजहाज र जमिनमा भइरहेका प्रयास, आगलागीबाट बच्न बस्ती छोडेर भाग्दै गरेका मानिसहरू, आगोपछि मरेका जनावरहरूका छरिएका सिनो र उजाडिएको दृश्य हलिउडको कुनै फिल्मको जस्तो लाग्छ। तर अध्येताहरूले यसलाई जलवायुजन्य संकटको टेलरमात्रै भनेका छन्। किनभने जलवायु परिवर्तनले पृथ्वीको पर्यावरणमात्र होइन, कृषि, औद्योगिक उत्पादन र अर्थतन्त्र लगायतका मानवीय क्रियाकलापहरूमा व्यापक असर पार्ने वैज्ञानिक दाबी छ। यसले विश्वभर बाढी-पहिरो, अतिवृष्टि, खडेरी, आगलागी जस्ता विपद्हरूको बढोत्तरी गरिरहेको छ। भविष्यमा त्यस्ता विपद्हरूको तीव्रता, सीमा र आवृति अझै बढ्ने अनुमान छ।

अष्ट्रेलियामा जलवायु परिवर्तन र डढेलोको सम्बन्ध बारेमा सन् २०१२ मा अर्थशास्त्री रोज गार्नेटको नेतृत्वमा एक अध्ययन गरिएको थियो। अध्ययनले जलवायु परिवर्तनको कारण भविष्यमा आगलागीको मौसम चाँडै सुरु हुने, लामो समयसम्म रहिरहने र तीव्र हुने पूर्वानुमान गरेको थियो। उक्त अध्ययनमा त्यहाँ जलवायु परिवर्तनले चरम आगलागीका घटनाहरूमा सन् २०३४ सम्ममा ६५ प्रतिशत र २०६७ सम्ममा ३०० प्रतिशतले बढ्ने र त्यसको संकेत २०२० सम्म देखिने बताइएको थियो। जुन यतिखेर सत्य सावित भएको छ। तथापि अष्ट्रेलियाली स्कट मोरिसनको सरकार त्यस्ता अध्ययनहरूमा आधारित पूर्वतयारी भन्दा जलवायु परिवर्तन र आगलागीको सम्बन्धलाई नकार्न र बंग्याउन उद्यत छ–देशभित्र र देश बाहिर।

अष्ट्रेलियाको वर्तमान सरकार जलवायु परिवर्तनको विश्व राजनीतिमा कहिले ट्रम्पको अमेरिकासँग मिलेर (जलवायु विज्ञानप्रति अविश्वास र आक्रमण गर्न) त कहिले ब्राजिल, चीन र भारतसँग मिलेर (कोप २५ मा) सम्झौताको वातावरण बिगार्न लागिपरेको छ। कोप २५ मा अष्ट्रेलियाले आफूले क्योटो अभिसन्धिले निर्दिष्ट गरेको भन्दा बढी कार्बन उत्सर्जन घटाएकोले त्यो क्रेडिट पेरिस सम्झौताको कार्यान्वयनमा पाउनपर्ने अडान राखेको थियो। जसलाई ब्राजिल, चीन र भारतले समर्थन र १०० भन्दा बढी देशले विरोध गरेका थिए। क्योटो अभिसन्धि अनुसार कार्बन उत्सर्जन केही समयसम्मलाई बढाउन पाउने छुट पाएको विकसित राष्ट्र अष्ट्रेलियाले त्यही छिद्रमा टेकेर गरेको त्यस्तो हर्कत कोप २५ को असफलताको एउटा कारक बन्न पुग्यो। यद्यपि पेरिस सम्झौतामा पुरानो क्रेडिट पाउने बुँदा उल्लेख छैन। अष्ट्रेलियाले कोप २५ मा देखाएको उक्त चलाखीपूर्ण कदमलाई गार्डियन पत्रिकाले घरमा डढेलो लाग्दा आगोको कारक घटाउने विश्व सम्मेलनमा मोरिसन सरकार सलाइको काँटी बोकेर गएको भन्दै कटाक्षपूर्ण टिप्पणी छापेको थियो।

अष्ट्रेलियाले विश्व मञ्चमा जलवायुबारे प्रतिगामी चरित्र देखाउनुका पछाडि वर्तमान मोरिसन सरकार र उनको पार्टीको कोइलाजस्ता फोहोरी ऊर्जाप्रतिको मोह प्रमुख छ। अष्ट्रेलिया विश्वमै कोइला बढी उत्पादन गर्ने मध्येमा चीन, भारत र अमेरिकापछिको चौथो राष्ट्र हो। अष्ट्रेलियाको कार्बन उत्सर्जन धनी देशहरूको तुलनामा कम भए तापनि प्रतिव्यक्ति उत्सर्जनमा अष्ट्रेलिया उच्च



### जलवायु सम्मेलनमा सलाइको काँटी

पृथ्वीको जलवायु परिवर्तनको कारक मानव निर्मित कार्बन लगायतका हरितगृह ग्यास उत्सर्जन रहेको वैज्ञानिक तथ्यहरूले पुष्टि गरिसकेका छन्। यद्यपि यस विषयलाई कार्बन उत्सर्जक विकसित देशका सरकारहरू र ठूला तेल/कोइला कम्पनीहरूले विवादित बनाइरहेका छन्। उनीहरूले आफ्नो कार्बन उत्सर्जनको विगतको दोषबाट उम्कन तथ्यहरूलाई बेवास्था गर्ने, बंग्याउने र त्यसमाथि धावा बोल्ने गरिरहेका छन्। फलस्वरुप विश्वव्यापी रूपमा कार्बन उत्सर्जन घटाउने ठोस कदम चाल्न बाध्यकारी सम्झौताहरू हुन सकिरहेका छैनन्।

डिसेम्बरमा स्पेनको म्याड्रिडमा सम्पन्न भएको जलवायु परिवर्तन सम्बन्धी राष्ट्रसंघीय सम्मेलन (कोप २५) लेपेरिस सम्झौताको कार्यान्वयनमा ठोस काम गर्ने अपेक्षा गरिएको थियो। तर सम्मेलन उत्सर्जन कटौती, कार्बन व्यापारको व्यवस्थापन र जलवायुजन्य क्षति तथा नोक्सानीमा लगानी र जलवायु वित्तजस्ता विषयमा विना सहमति टुंगियो। त्यसका लागि अष्ट्रेलिया लगायतका धनी राष्ट्रहरू बाधक बने। पेरिस सम्झौतालाई जलवायु परिवर्तनको कोशेढुंगा माने पनि त्यो बाध्यकारी सम्झौता होइन, स्वयंसेवी प्रकृतिको सम्झौता हो। त्यसकारण पेरिस सम्झौताको पालना भएमा पनि पृथ्वीको तापमान सन् २१०० सम्ममा ३.२ डिग्री सेल्सियसले वृद्धि हुने क्लाइमेट एक्सन ट्र्याकरको प्रक्षेपण छ। जबकि जलवायु परिवर्तन सम्बन्धी राष्ट्रसंघीय निकाय आईपीसीसीले जलवायुको प्रलयकारी असरबाट पृथ्वीलाई जोगाउन तापमान वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित राख्नुपर्ने बताएको छ। यसै बीचमा बाराक ओवामा राष्ट्रपति हुँदा गरिएको पेरिस सम्झौताबाट ट्रम्पको अमेरिकाले हात झिकेपछि यसको प्रभावकारितामा थप प्रश्न उब्जेको छ।


स्थानमा पर्छ। एक नेपालीले वर्ष दिनभरि गर्ने कार्बन उत्सर्जन एक अष्ट्रेलियालीले केही दिनमै गर्छ। जलवायु विश्व नीतिमा यस्तै रवैयाको कारण जलवायु परिवर्तन निस्पादन सूचांक २०२० मा अष्ट्रेलिया जलवायु परिवर्तन नीतिको लागि संसारकै खराब मुलुक बन्यो। जर्मन वाच भन्ने संस्थाले निकालेको उक्त प्रतिवेदनले मोरिसन सरकारलाई प्रतिगामी भनेको छ।

घर बाहिर त्यस्तो चरित्र देखाइरहेको मोरिसन सरकार घरभित्र आगलागीको कारक जलवायु परिवर्तनलाई मान्न तयार छैन। मोरिसन सरकार र उनका समर्थकहरूको राय छ– अष्ट्रेलियाभर यतिखेर लागिरहेको आगोको कारण जलवायु परिवर्तन होइन, बरु जंगलमा थुप्रिएको इन्धन हो। यो अर्धसत्यमा टेकेर पुरातनपन्थी सञ्चार माध्यमहरूले जलवायु परिवर्तन पक्षधरहरूमाथि निरन्तर दोषारोपण गरिरहेका छन्। उनीहरूले जंगलमा आगलागीको इन्धन मानिने सुकेका हाँगाबिँगा त्यसै छोडिएकोले डढेलो लागेको बताइरहेका छन्। तर जंगलमा इन्धन थुप्रनुले भन्दा जलवायु परिवर्तनले आगलागीलाई यति भयावह बनाएको वैज्ञानिक दाबी छ।

अष्ट्रेलियाको घरेलु राजनीति र वैदेशिक नीति एक दशकदेखि जलवायु परिवर्तनको पक्ष र विपक्षमा विभाजित भइरहेकोले आगलागीको समस्यामा यतिखेर घ्यु थपिएको जस्तो भएको छ। समस्याको कारकप्रतिको बुझाइ र समाधानको उपायमा यहाँका राजनीतिक दलहरू विपरीत ध्रुवमा छन्। त्यसैले अष्ट्रेलियाको यसपालीको आगो त ढिलो-चाँडो निभ्ला नै, तर आगलागीको कारक मानिएको जलवायुजन्य राजनीतिक आगो निभ्न भने निकै समय लाग्न सक्छ।

ट्वीटर : @uttambabu

# कोही किन काठमाडौं धाउँछ ?



जनकराज सापकोटा

आफ्नो फसलको पैसा उठाइदिन माग गर्दै मध्य पुसमा मध्य मधेसबाट काठमाडौं आएका किसानहरू घर फर्किसके। शरीरमा गढेको काठमाडौंको चिसो फाल्न उनीहरू यतिबेला घुर तापेर पैसा आउने भाका गनिरहेका होलान्। आफ्नै पैसा उठाउन राजधानी धाउनुपर्ने, मिडियाका अघि धरधरी रुनुपर्ने अनि सिंहदरबारका कोठा-कोठा चहारेर न्यायको भिख माग्नुपर्ने अवस्था लोकतन्त्रपछि सबैभन्दा धेरैपटक दोहोरिएको विद्रुप दृश्य हो। यद्यपि लोकतन्त्रको गद्दीमा आसिनहरूलाई आफ्नो पाउमा छाँद हाल्न आइरहेका अदनाहरूको शृंखलाबद्ध लस्कर देखेर आजसम्म लाज लागेको इतिहास छैन। किनकि भेनेजुयलाका पक्षमा वक्तव्य निकालेर हस्ताक्षर गर्न आतुर हातहरू सत्तामा छन्। उनीहरूको मन किसानका आँसुले पोल्दैन। बरु मेडिकल सञ्चालकका पक्षमा उनीहरू दर्जनौं भाषण गर्न तयार छन्। चिनी व्यापारीले सरकारलाई झुक्याएको बक्न तयार छन्, तर किसानका दुःखमा उनीहरूको वक फुट्दैन।


**भेनेजुयलाका पक्षमा वक्तव्य निकालेर हस्ताक्षर गर्न आतुर हातहरू सत्तामा छन्। उनीहरूको मन किसानका आँसुले पोल्दैन।**

देशका दूरदराजबाट न्यायको खोजीमा ऋण काढेर, निरीह अनुहार लगाएर, खाली खुट्टा र भोट हाल्दाहाल्दै धुमिल रेखा भएका बुढीऔंला बोकेर काठमाडौं आउनेहरूको शृंखला लोकतन्त्र स्थापनापछिका प्रत्येक वर्षहरूमा सबैभन्दा धेरै दोहोरिएको कुरूप दृश्य हो। औंला भाँचेरै वर्षहरू गन्ने हो भने २०६६ चैत २२ गते त्यति धेरै अघिको समय होइन। त्यतिबेला राजनीतिमा संक्रमण त थियो, तर राजनीति सही बाटोतिरै हिँडिरहेको थियो। सम्झिनुपर्ने धेरै कुराहरूको माझमा यो मिति परोइन। सरकारलाई त झन् इतिहासका यस्ता मितिहरू सम्झिने फुर्सदसम्म हुँदैन। त्यो दिन बाराका किसानहरू मकैको बोट नै बोकेर सिंहदरबार छिरेका थिए। उनीहरूका आँखामा सुकिसकेको आँसुको डोब थियो। रुँदारुँदै थाकेजस्तो स्वर थियो। त्यस यताका वर्षहरूमा कैयन बाली मकै लगाइयो र कैयन बाली मकै भित्र्याइयो। सरकारी लापरबाहीका कारण कमसल मकैको विउ भित्रिएको र पसिना र खुन सिञ्चिएर हुर्किएको मकैको घोकामा दाना नलागेको भन्दै ती किसानहरूले सिंहदरबारका कोठाचोटामा आँसु बगाएका थिए। अनि बदलामा एक भारी आश्वासन पाएर उनीहरू कहिल्यै काठमाडौं नफर्किने भन्दै घर फर्केका थिए।

त्यसयता सालिन्दा किसानहरू, सुदखोरबाट अन्यायमा परेकाहरू, स्थानीय प्रहरी र प्रशासनको चेपुवामा परेकाहरू हुल बाँधेर काठमाडौं आउने क्रम रोकिएको छैन। अघिल्लो वर्षमात्रै आर्थिक सूचकांकमा सबैभन्दा पिँधमा रहेको सर्लाहीका झन्डै सय दीनहीनहरू सुदखोरलाई कारबावही गरिपाउँ भन्दै याचना बोकेर राजधानी छिरेका थिए। दुई साल लगातार काठमाडौं धाएपछि मात्रै उनीहरूले दलका ठूला नेतालाई भेट्ने मौका पाए। अनि निख्रिसकेको आँसु देखाउन भ्याए। त्यसपछि बल्ल केही नेताहरूले बडो पराक्रम गरेको शैलीमा अनेकतिर फोन घुमाए। अखबारहरूमा तिनका कान्तिहीन अनुहार छापिए। तिनका आक्रोश प्रकाशित भए। शक्ति र सत्ताको केन्द्रमा रहेकाहरूको पाउ परेपछि बल्ल सुदखोर पक्राउ परे।

एउटा सुदखोर पक्राउ परेको केही महिनापछि त्यस्तै प्रकृतिको सैतानी ब्याजको पासोमा परेका सर्लाहीका अर्को हुल पीडितहरू काठमाडौंमा आए। उनीहरूले पनि मिडियासामु ब्याजको पासोमा झुन्डिँदाको सकस सुनाए। अनि प्रहरी र प्रशासनले गम्भीरताको बर्को ओढेर ती सुदखोरहरूलाई पक्राउ गरिहाल्यो।

यतिका समयदेखि पीडितहरू स्थानीय अड्डा-अदालतको दैलो धाउँदा-धाउँदा पनि ती सुदखोर किन पक्राउ परेनन्? दीनहीनको आँसु स्थानीय प्रशासन, रैथाने दलका नेताका



आँखामा किन परेनन्? क-कसको के-के स्वार्थको भुमरीमा फँसेर ती दीनहीन वर्षौंसम्म अन्याय दुश्चक्रमा हेलिनुपऱ्यो? कसैले सोधेन, कसैले खोजेन। गला रेट्न आँटिरहेका सुदखोर पक्राउ परेको खुसीमा उनीहरू मौन बसे। अनि इतिहासतिर फर्किने फुर्सद नभएको हतार यात्रीझैं राज्य आफ्नै गतिमा घिस्रिरह्यो।

सर्लाहीका अघिल्लो सुदखोरको घटना विस्मृतिमा पुग्न नपाउँदै उखु किसानहरू निमभन्दा तितो ठगीको कथा लिएर केही साताअघि माइतीघर मण्डलामा आइपुगेका थिए। काठमाडौंको चिसो र झरीमा केही दिन आँत कपाएपछि मात्र तिनका कुरा सिंहदरबारले सुन्यो। अनि वार्ता र छलफलको अनौठो नाटकपछि किसानहरू वाग्मतीमा आफ्नो आँसु पखालेर घर फर्किए। अनि केही चोथाले सरकारी मुखहरूले स्वर उँचो पारेर भने, 'देख्नुभयो, सरकारले कुशलतापूर्वक समस्या किनारा लगायो।'

प्रत्येक दलभित्र किसानका नाममा खुलेका भ्रातृ संगठन छन्। तिनको नेतृत्व वर्षौं पुराना बासी अनुहारहरूले गरेका छन्। त्यस्ता संगठनमा माटोको गन्धसम्म थाहा नभएका तर असार पन्ध्रमा गमलामा धानको विउ रोपेर कृषकको पक्षमा बोलेको स्वाङ पार्नेहरूको हालीमुहाली छ। तिनीहरू उखु किसानका कान्तिहीन अनुहार देखेर न भावुक हुन्छन्, न बोल्नुपर्ने सम्मको कर्तव्य निर्वाह गर्छन्।

जसरी मेडिकल कलेजले सरकारी सर्तभन्दा उधुम शुल्क उठाएर ढाड सेकिएका विद्यार्थी र अभिभावकहरू सडकमा उत्रिएर कुर्लिंदा पनि क्रान्तिकारी भनिएका विद्यार्थी संगठनका माउहरू बोलेका थिएनन् नि हो, त्यसैगरी उखु किसान कुर्लिंदा पनि किसान संगठनका माउहरू कतै देखा परेनन्। सायद तिनीहरू कतै समृद्धिको गीत गाउन ब्यस्त थिए वा सत्ताको कुनै उछलकुदमा समय बितिरहेको थियो।

सम्झाउन परोइन, देशले केन्द्रीकृत राज्य प्रणालीको बर्को फ्याँकेर संघीयताको नेमप्लेट राखेको कति वर्ष भइसक्यो। अनि कति शृंखला भइसके, न्यायको खोजीमा हुल बाँधेर काठमाडौं धाउनुपर्ने घटनाको पटाक्षेप भएको। उखु किसानहरूभन्दा पहिले मेडिकल माफियाको ठगी पासोमा फँसेका विद्यार्थीहरू न्याय माग्न काठमाडौं आएका थिए। माइतीघर मण्डलामा आफ्नो स्वर उँचो पारेका थिए। सिंहदरबारतिर फर्केर न्याय खै? भनेका थिए। केही दिन कराएपछि, अखबारमा तिनका निरीह अनुहार छापिएपछि मात्रै सरकारले हत्त न पत्त छलफल सुरु गरेको थियो। अनि तोकेभन्दा बढी शुल्क लिएका मेडिकल सञ्चालकहरूलाई तातो चिया टक्र्याउँदै सरकारी निवासमा वार्ताका अनेकन भागहरू मञ्चन भएका थिए। त्यसपछि त्यही भयो, जुन उखु किसानहरूका हकमा भएको थियो। बिग्रेको नगदी कारोबार मिलाउन उधारो सहमति।

धन्न गरिमा धानको विउबाट पीडित भएका चितवनका किसानहरू काठमाडौं धाउन भ्याएनन्। विउ बिक्रेताको चंगुलमा परेर बाली भित्र्याउने बेला आँसु र ऋण भित्र्याएका किसानहरू खेतका डिलबाट पर्तिर पाइला सार्नै नसक्नेगरी थला परे। ती किसानहरूको आँसुको स्वाद नुनिलो थियो कि कस्तो थियो, सिंहदरबारले थाहै पाएन्। तिनीहरू पनि आएको भए सिंहदरबारले उही पुरानो उधारो सहमतिको एक शृंखला नाटक मञ्चन गर्ने थियो। अनि सत्तासिनहरू मुख मिठ्याउँदै भन्ने थिए, 'जनताको पीरमर्का सम्बोधन गर्न कति आतुर छौं।'

आफ्नै अभिमानको हुस्सुले पुरिएको काठमाडौंमा न्याय खोज्दै कोमात्रै धाएनन्। कञ्चनपुर निम्बुखेडाकी निर्मला पन्तकी आमा आइनन् कि सीमापारि बेचिएर पनि न्याय नपाएकी नेपालगन्जकी किशोरी आइनन्। न्याय माग्ने हो कि पाउने हो? न्याय खोज्ने हो कि न्याय प्रदान गरिने हो? समृद्धिको चर्को बहसमा यो प्रश्न कसले सुन्ने? किन सुन्ने?

एक समय सुस्तावासीहरू आफ्नो भूमि खोसियो भन्दै सालिन्दा काठमाडौं धाउँथे। अनि गाँसबासमा भएभरको खर्च सकिएपछि निराश भएर फर्किन्थे। अब त तिनीहरू काठमाडौं नधाएको पनि धेरै भइसक्यो। काठमाडौंले कतिलाई थकाएर पठाइदियो, गलाएर पठाइदियो त्यसको हिसाब कसैले राखेको छैन। तर यत्ति हो, शक्तिको केन्द्रले धेरैलाई भुलाएर पठाइदिएको इतिहास पढ्न धेरै समयको पुरानो पात्रो पल्टाउनु परोइन।

लोकतन्त्र स्थापनापछि संविधान नलेखिँदाका वर्षहरूमा सिंहदबारको ढोकामा बादीहरू आए। सिमान्तकृतहरू आए। जनजातिहरू आए। दलितहरू आए। सत्ता र शक्तिले पिँधमा धकेलेकाहरू पनि आए। अनेकन यत्नपछि संविधान जारी भयो। सबैको संविधान भनियो। गाउँ-गाउँमा सिंहदरबार पनि भनियो। तर गाउँका सिंहदरबारहरू किन कसैका न्याय नपाएहरूका निम्ति कामयावी भएनन्? के प्रदेशको न्वारन गर्नेसम्मको अधिकार बालुवाटारले खोसेर काठमाडौंले आफ्नो शक्ति देखाएको हो? के यो कदम जानीबुझीकन काठमाडौंको पाउमा आएर ललाट नठोकेसम्म न्याय मुस्किल छ भन्ने सन्देशको भरणपोषण हो। इतिहासको पुनर्संकथनको लस्करमा राम शाहको पालामा न्याय नपाए गोर्खा जानु भनेजस्तै न्याय नपाए काठमाडौं धाउनु भनेर स्थापित गर्न खोजिएको हो।

# योग किन गर्ने ?

**योग शारीरिक स्वास्थ्यका लागि फाइदाजनक रहेको मान्यता समाजमा भए पनि यसले मानसिक स्वास्थ्यमा समेत बल पुऱ्याउँछ । अमेरिकाको इलिनोइस विश्व विद्यालयमा हठ योगमा गरिएको ११ वटा अनुसन्धानको अध्ययन पछि के देखियो भने, योग गर्नेहरूको मानसिक स्वास्थ्य र स्मरणशक्ति राम्रो हुन्छ ।**



■ अतुल मिश्र

तीन दशकअघिसम्म नेपालमा मधुमेह, दम, मुटु र मृगौलालगायतका नसर्ने रोगबाट करिब एक तिहाइ (३१ प्रतिशत) मानिसको मृत्यु हुने गरेको थियो । तर अहिलेको अव्यवस्थित सहरीकरण, नकारात्मक जीवनशैली, खानपान, शारीरिक सक्रियतामा कमी, तनाव, प्रदूषण आदिले गर्दा उक्त तथ्यांक बढेर दुई तिहाइभन्दा बढी भएको छ ।

यस्ता रोग लागिसकेपछि 'चिकित्सकीय उपाय' रहे पनि बिरामी हुनै नदिन योग वा आयुर्वेदिक जीवनशैलीको विकल्प छैन । हिमालको काखबाट हजारौं वर्षअघि अस्तित्वमा आएको योग हाल विश्वभर फैलिए पनि नेपालीले त्यसको अझै फाइदा लिन सकेका छैनन् । 'आफू स्वस्थ रहने जिम्मेवारी तपाईंकै हो,' स्वास्थ्य मन्त्रालय, आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागका महानिर्देशक डा. वासुदेव उपाध्याय भन्छन्, 'आयुर्वेदको स्वस्थ जीवनशैली अपनाए नसर्ने रोगको ७० प्रतिशत बोझ देशमा कम हुन सक्छ ।' रोग लाग्ने आनुवांशिक कारणलाई परिवर्तन गर्न नसके पनि बाँकी सम्पूर्ण कारणको उपचार आफैं गर्न सकिने उनको भनाइ छ । करिब ३० प्रतिशत नसर्ने रोग वंशानुगत अवस्था, प्रदूषण, वातावरणीय कारण र थाहा हुन नसकेका विषयलगायत अन्य कारणले लाग्ने गरेका छन् । तसर्थ, आयुर्वेदले बिनाकुनै अतिरिक्त खर्च ७० प्रतिशतसम्म नसर्ने रोगमा कमी ल्याउँछ ।

विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) को दक्षिणपूर्वी एसिया शाखाले योग सबै उमेरका मानिसले गर्न सक्ने बताउँदै बालबालिकाले सातामा ६० मिनेट र वयस्कले १ सय ५० मिनेट योग गर्दा नसर्ने रोगबाट टाढा रहन सकिने जनाएको छ । हाल सहरिया जीवनशैली, शारीरिक सक्रियताको कमीलगायतका कारणले गर्दा दक्षिणपूर्वी एसियामा समेत नसर्ने रोगको जोखिम बढ्दो छ ।

६५ वर्ष माथिका मानिसमा योगले उदासी रोग (डिप्रेसन) को जोखिम कम गर्न सघाउनुका साथै संज्ञानात्मक क्षमतालाई कायम राख्ने उल्लेख गर्दै डब्लूएचओले यो क्षेत्रका ७० प्रतिशत युवा र ८० प्रतिशत युवतीले अपर्याप्त शारीरिक गतिविधि गर्ने गरेको बताएको छ । बर्सेनि यो क्षेत्रमा नसर्ने रोगका कारण ८५ लाख मानिसको मृत्युसमेत हुने गरेको छ ।

५ हजार वर्षदेखि अभ्यासमा रहेको योग शारीरिक शक्ति र लचिलोपना वृद्धिको प्रभावकारी उपाय रहेको भन्दै डब्लुएचओले मुटुसम्बन्धी स्वास्थ्य राम्रो पार्न मात्रै नभई क्यालोरी बढाउन र मस्तिष्कलाई आराम पुऱ्याउन पनि यसको प्रभावकारिता रहेको बताएको छ । 'योग साधारण व्यायाम मात्रै हैन । यो शारीरिक, मानसिक र सामाजिक स्वास्थ्यमा सकारात्मक प्रभाव पारेर निरोगी राख्ने विधि पनि हो,' डब्लूएचओले भनेको छ ।

'योगमा गरिने आसनले मुटु र रक्तनलीसम्बन्धी समस्या र मधुमेह आदि जस्ता रोगबाट जोगाउँछ,' डा.उपाध्याय भन्छन्, 'प्राणायामले शरीरमा अक्सिजनको प्रवाह बढाएर छाला र श्वास-प्रश्वाससम्बन्धी रोग, क्यान्सरलगायतका जटिल रोगबाट जोगाउँछ वा यसको विस्तारलाई कम गर्छ ।' योगअन्तर्गतको ध्यानले हाल समाजमा अत्यधिक देखिन थालेको उदासीपन, तनाव र छटपटी आदि कम गर्ने उनी बताउँछन् । पछिल्लो दशक नेपालमा कुनै न कुनै रूपमा, जानी नजानी योग गर्ने क्रम देखिएको छ । योग गर्नेहरू ग्रामीण क्षेत्रको दाँजोमा सहरमा बढी छन् ।

पतञ्जली योग समिति, नेपालका केन्द्रीय प्रमुख एवं योगगुरु लवदेव मिश्रका अनुसार, समितिको दिनहुँ नियमित चल्ने ४ हजार योग कक्षामा औसत ५ जना सरिक हुने गरेका छन् । यसरी हेर्दा करिब दुई लाखभन्दा बढी नेपाली नियमित रूपमा कक्षामा आएर दिनहुँ योग गर्ने गरेका छन् । पतञ्जलीले हालै गरेको सर्वेक्षणअनुसार, घरमै बसेर पनि करिब १५ लाख नेपालीले दिनहुँ नियमित योग गरिरहेका छन् । यसरी दिनहुँ नियमित योग गर्ने नेपाली करिब १७ लाख रहेको औंल्याउँदै मिश्र भन्छन्, 'अझ योगको सम्पर्कमा रहेका करिब ७० लाख नेपालीसमेत छन् ।'

विज्ञहरूका अनुसार, मुलुकमा हरेक परिवारले योगलाई आफ्नो जीवनशैलीको अंग बनाउँदा हाल आकासिँदै गएको नसर्ने रोगको जोखिममा कमी आउँछ । यसले जीवनभर उपचार, औषधिको सेवन गर्नुपर्ने नसर्ने रोगबाट बचाएर व्यक्ति, समाज र मुलुकको अर्बौं रुपैयाँ जोगाएको छ ।

स्वस्थ व्यक्तिले प्रमाणपत्र प्राप्त प्रशिक्षकको सुझावमा उपयुक्त तरिकाले नियमित योग गर्नु फाइदाजनक हुन्छ भने बिरामी, बूढापाका आदिले चिकित्सकसँग सल्लाह गरी आफ्नो उमेर, रोग, अवस्थाअनुकूल हुने योग गर्नुपर्छ ।

**स्वस्थ व्यक्तिले गर्नुपर्ने योग**

एउटा सामान्य स्वस्थ व्यक्तिले आफ्नो स्वास्थ्यलाई कायम राख्न दिनहुँ योगका केही क्रियाहरू अपनाउनुपर्छ । यसअन्तर्गत दिनहुँ पूर्ण व्यायाम (यौगिक जगिङ), सूर्य नमस्कारको साथै आठवटा प्राणायाम गर्नुपर्ने मिश्र बताउँछन् । प्राणायामअन्तर्गत भस्त्रिका, कपालभाती, बाह्य, उज्जाइ, अनुलोमविलोम, भ्रामरी, उद्गिथ, प्रणव प्राणायाम गर्नुपर्छ । स्वस्थ व्यक्तिले दिनहुँ सामान्यतः आधा घण्टादेखि आफूसँग भएको समयअनुसार दुई घण्टासम्म योगमा खर्चनु उपयुक्त हुन्छ ।

सूर्योदय हुनुभन्दा दुई घण्टाअघिदेखि सूर्य उदाएको दुई घण्टा पछिसम्म खाली पेटमा योग गर्दा यसको अधिकतम फाइदा पाउन सकिने योगगुरु मिश्र बताउँछन् । उसो त दिनमा अन्य समयमा योग गर्दासमेत पेट खाली हुनु उपयुक्त हुन्छ ।

**विद्यार्थीको लागि योग**

विद्यार्थीका लागि मनलाई एकाग्र बनाउने योग बढी प्रभावकारी हुन्छ । योगगुरु मिश्रका अनुसार, विद्यार्थीले आठवटा प्राणायाम गर्नुको साथै वृक्षासन, गरुडासन, मयूरासन, चक्रासन, कुक्कुट आसन, बक्रासन, शीर्षासा, सर्वाङ्ग आसन, हलासन र पश्चिमोत्तानासन गर्नु फाइदाजनक हुन्छ । यी प्राणायाम र आसनहरूले विद्यार्थीमा एकाग्रता बढाउनुका साथै शरीरको स्वस्थकर वृद्धिमा समेत सघाउँछ ।

यति मात्र नभई सूर्य नमस्कार र योगिक जगिङसमेत गर्दा एकातर्फ सूर्य नमस्कारले शरीरको लचकता बढाउँछ भने अर्कोतर्फ प्राणायामबाट हुने लाभसमेत मिल्छ ।

**मानसिक स्वास्थ्यका लागि फाइदाजनक**

योग शारीरिक स्वास्थ्यका लागि फाइदाजनक रहेको मुख्य मान्यता समाजमा रहे पनि यसले मानसिक स्वास्थ्यमा समेत बल पुऱ्याउँछ । अमेरिकाको इलिनोइस विश्व विद्यालयमा हठ योगमा गरिएको ११ वटा अनुसन्धानको अध्ययन पछि के देखियो भने, यसले योग गर्नेहरूको मानसिक स्वास्थ्य र स्मरणशक्ति राम्रो हुन्छ ।

मनुष्यको स्मरणशक्तिसँग सम्बन्ध रहेको हिप्पोकेम्पस क्षेत्र उमेरसँगै खुम्चिन थाल्छ । यो क्षेत्र बढी खुम्चिएपछि स्मरण क्षमता प्रभावित हुने अल्जाइमरजस्तो रोग हुने सम्भावना रहन्छ । तर अध्ययनमा के देखियो भने योग गर्नेहरूको हिप्पोकेम्पसको आकार नखुम्चिई यसको सामान्य वृद्धि कायम भएको देखियो ।

योग नगर्नेको दाँजोमा योग गर्नेहरूको भावनात्मक आदानप्रदानमा भूमिका खेल्ने मस्तिष्कको एउटा खण्ड 'इमिग्डाल' ठूलो हुन्छ । यति मात्र नभई योग गर्नेहरूको मस्तिष्कको क्षेत्र प्रि-फ्रन्टल कर्टेक्स, सिगुलेट कर्टेक्ससमेत ठूलो हुन्छ वा बढी क्षमतासँग काम गर्छ ।

यूएस डिपार्टमेन्ट अफ हेल्थ एन्ड ह्युमेन सर्भिस, नेसनल सेन्टर फर कम्प्लिमेन्ट्री एन्ड इन्टिग्रेटिभ हेल्थ (एनआईएच) को तथ्यपत्रअनुसार, विभिन्न अध्ययनहरूले तल्लो ढाडको दीर्घकालीन दुखाइको समस्या भएकाहरूमा सावधानीपूर्वक योगाको केही आसनहरू अपनाउँदा दुखाइ कम गर्न सक्नुको साथै अन्य क्रियाकलाप सहज हुने देखिएको उल्लेख छ ।

अध्ययनहरूले यो पनि सुझाव दिएको छ कि योगाले मुटुको गति र रक्तचाप घटाउनुका साथै अन्य स्वास्थ्यसम्बन्धी फाइदासमेत देखिन सक्छ । यस्तै व्याकुलता र उदासीपन हटाउनसमेत योगाले सघाउन सक्ने एनआईएचको तथ्यपत्रमा उल्लेख छ । योगको नकारात्मक प्रभाव र जोखिमबारे एनआईएचको तथ्यपत्रमा उपयुक्त रूपमा पूर्ण दक्ष प्रशिक्षकको रेखदेखमा स्वस्थ व्यक्तिले योग गर्दा सामान्यतः सुरक्षित रहेको उल्लेख छ । एनआईएचका अनुसार, गर्भवती महिला, उच्च रक्तचाप, ग्लुकोमा (पानी भरिएर आँखा नदेखिने रोग), सियाटिकाजस्ता चिकित्सकीय अवस्था भएकाहरूले आसनमा सुधार वा केही आसन गर्नु हुँदैन ।

**योग गर्नुअघि के गर्ने ?**

योग विज्ञान भएकाले यो प्रक्रिया सुरु गर्दा विशेषत दिशानिर्देश, सिद्धान्तको पालन गर्नु आवश्यक मानिन्छ । मुलुकको सरकारी स्वास्थ्य निकायले हालसम्म आम व्यक्तिका लागि योगबारे कुनै प्रोटोकल निर्माण गरेको छैन । भारत सरकारको आयुष (आयुर्वेद) मन्त्रालयले योगसम्बन्धी निर्माण गरेको सामान्य प्रोटोकलअनुसार योगाभ्यास गर्नुअघि समेत केही विशेष प्रक्रिया अपनाउनु आवश्यक हुन्छ ।

योग अभ्यास गर्नुभन्दा अघि नै शौच गरेको हुनुपर्छ । यसको अर्थ शोधन भएकाले यो योग अभ्यासका लागि महत्त्वपूर्ण र अपेक्षित क्रियाकलाप मानिन्छ । यस्तै, योगाभ्यास शान्त वातावरणमा आरामले शरीर र मनलाई शिथिल गर्दै गर्नुपर्छ । योग अभ्यास अल्पाहार लिएर वा खाली पेटमा गर्नु उपयुक्त मानिन्छ । अभ्यासको समय कमजोरी अनुभव भए मन तातो पानीमा अलिकति मह मिलाएर लिन सकिने आयुष मन्त्रालयको प्रोटोकलमा प्रस्तावित छ ।

योग अभ्यास गर्दाताका सुतीको हलुको र आरामदायी लुगा लगाउनु उपयुक्त हुन्छ । रोग, थकाइ वा हडबडीको अवस्थामा योग गर्नु हुँदैन । पुरानो रोग, दुखाइ एवं मुटुसम्बन्धी समस्या भएको अवस्थामा योग सुरु गर्नुभन्दा अघि चिकित्सक वा योग विशेषज्ञको सल्लाह लिनु आवश्यक मानिन्छ । गर्भावस्थासँगै महिनावारीको अवस्थामा समेत योग गर्नुअघि विशेषज्ञसँग परामर्श लिनुपर्ने प्रोटोकलमा उल्लेख छ ।

योग अभ्यासको प्रारम्भ प्रार्थना वा स्तुतिबाट गर्नुपर्ने बताइएको छ । यसले मस्तिष्क शान्त अवस्थामा ल्याउने अवस्था सृजना गर्छ । योग अभ्यास आरामदायी स्थितिमा शरीर एवं श्वासप्रश्वासको सजगताका साथ बिस्तारै बिस्तारै सुरु गर्नुपर्छ । तपाईंलाई प्रशिक्षकले नभनेसम्म अभ्यासको समय श्वासप्रश्वासको गति रोक्नु हुँदैन । श्वास लिँदा पनि प्रशिक्षकले अन्य विधिले नभनेसम्म सधैं नाकबाटै श्वास लिनुपर्छ ।

योगको अभ्यास गर्दाताका शरीरमा विशेष ध्यान दिनुपर्छ । शरीरलाई कडा राख्नु हुँदैन, शिथिल राख्नुको साथै कुनै पनि प्रकारको झड्काबाट जोगाउनुपर्छ । योग गर्दा आफ्नो शारीरिक एवं मानसिक क्षमताअनुसार नै गर्नुपर्छ । राम्रो परिणाम आउन केही समय लाग्ने भएकोले निरन्तर अभ्यास आवश्यक मानिन्छ । प्रत्येक योग अभ्यासका लागि हुने गरेको निर्देशन, सावधानी र सीमालाई पालना गर्नुपर्छ । योग सत्र समापन सधैं ध्यान र मौनबाट गर्नुपर्छ । आयुष मन्त्रालयको प्रोटोकलअनुसार, योगाभ्यास गरेको २० मिनेटदेखि आधा घण्टापछि नुहाउनुपर्छ भने अभ्यासको २० मिनेटदेखि ३० मिनेटपछि नै खाना खानुपर्छ ।

आयुषको प्रोटोकलअनुसार योग अभ्यासको सुरुवात प्रार्थनाबाट गर्नुपर्छ । यसले मस्तिष्कलाई शिथिल गर्न शान्त वातावरण तयार पार्छ । योग अभ्यासलाई आरामदायक स्थितिमा शरीर एवं श्वासप्रश्वासको सजगताका साथ बिस्तारै बिस्तारै सुरु गर्नुपर्छ । योग अभ्यासको विशेष रूपमा नभनिएसम्म श्वासप्रश्वासको गति भने रोक्नु हुँदैन ।

अन्य विधिले श्वास लिन नभनिएसम्म योग गर्दाताका नाकले मात्र सास फेर्नुपर्छ । योग अभ्यास गर्दा शरीरलाई शिथिल राख्नुपर्छ । कुनै प्रकारको झड्का दिनु हुँदैन ।

योग अभ्यास आफ्नो मानसिक र शारीरिक क्षमताअनुसार नै गर्नुपर्छ । योग अभ्यासबाट देखिने राम्रो परिणामका लागि केही समय लाग्न सक्ने भएकोले नियमित र निरन्तर अभ्यास धेरै आवश्यक छ । प्रत्येक योग अभ्यासका लागि हुने निर्देशन, सावधानी एवं सीमालाई पालना गर्नुपर्छ । योग अभ्यास सत्रको समाप्ति सधैं ध्यान गहन मौन र शान्ति पाठबाट गर्नुपर्ने आयुषको प्रोटोकलमा उल्लेख छ । यस्तै योग अभ्यास गरेको २० देखी ३० मिनेटपछि नुहाउनुपर्छ भने यतिकै समय पछि खानुपर्छ ।

**योगले के गर्छ ?**

विगत केही दशकमा विश्वको विभिन्न भागमा भएका अध्ययनअनुसन्धानअनुसार योगले शारीरिक स्वास्थ्य, स्नायुतन्त्र र अस्थिपञ्जर प्रणालीलाई सुचारु रूपले काम गर्न र मुटु तथा नाडीको स्वास्थ्यका लागि फाइदाजनक अभ्यास हो ।

योगले उच्च रक्तचाप, श्वासप्रश्वाससम्बन्धी विकार, मधुमेह निम्न रक्तचापलगायत जीवनशैलीसँग सम्बन्धित थुप्रै विकारको व्यवस्थापन गर्न लाभकारी छ ।

यसले मानसिक अर्थात् उदासी रोग, चिन्तासम्बन्धी विकार, थकाइ, तनाव कम गर्न सहयोगी हुन्छ । महिलालाई महिनावारी नियमित गर्नसमेत योगले सघाउने आयुषको प्रोटोकलमा उल्लेख छ ।




## कसले कुन योग गर्नु हुँदैन ?

उमेर, शरीरको बनावट, रोग, शारीरिक स्थिति आदि हेरेर हरेक योगको प्रक्रिया सबै व्यक्तिका लागि उपयुक्त हुँदैन ।

योगगुरु मिश्रको अनुसार ढाड, कम्मरका रोगीले अगाडितिर झुक्ने र गह्रुँगो आसन गर्नु हुँदैन । यस्तै उच्च रक्तचाप र मुटुका रोगीहरूले कपालभाती तीव्र गतिमा गर्नु हुँदैन भने शरीरलाई पछाडितिर फर्काउने प्रकार को कुनै पनि आसन गर्नु हुँदैन । चक्रासन, धनुरासन, टाउको तल हुने शीर्षासन, सर्वाङ्ग आसनजस्ता आसन गर्नु हुँदैन । श्वासलाई रोक्ने प्राणायाम र आसनहरू उच्च रक्तचाप भएकाहरूले गर्नु हुँदैन । उनीहरूले श्वासभित्र लिएर रोक्नु वा बाहिर छोडेर रोक्नु अर्थात् कुम्भक गर्नु हुँदैन ।

पेटमा रक्तश्राव भएकाहरूले कपालभाती गर्नु हुँदैन । पेट, छाती आदिको शल्यक्रिया गराएका व्यक्तिले ४ देखि ६ महिनासम्म कपालभाती र बाह्य प्राणायाम गर्नु हुँदैन । छातीसम्बन्धी समस्या भएकाहरूले लामो श्वास लिने, लामो श्वास छाड्ने प्रक्रिया मन्द वा मध्यम गतिले गर्न मिल्छ तर तीव्र गतिले गर्नु हुँदैन ।

महिनावारी भएको स्थितिमा महिलाले कठिन आसन गर्नु हुँदैन । महिनावारीमा बढी रक्तश्राव हुनेहरूले कपालभाती गर्न रोक्नुपर्छ ।

# यौनक्रिया नहुँदा महिनावारी सुक्छ

हालै गरिएको एउटा अध्ययन अनुसार, स्वस्थ यौनक्रियामा बढी संलग्न रहने महिलामा महिनावारी सुक्ने (मेनोपेज) सम्भावना कम हुन्छ ।

सातामा एक पटक यौनक्रियामा संलगन रहने महिलामा महिनावारी सुक्ने सम्भावना महिनामा एक पटक यौनक्रिया गर्ने महिलाको दाँजोमा २८ प्रतिशत कम हुन्छ ।

तीन हजार महिलामा गरिएको यो अध्ययन जर्नल रोयल सोसाइटी ओपेन साइन्समा प्रकाशित छ । अध्ययनअनुसार यौनको भौतिक संकेतले शरीरलाई संकेत दिन सक्छ कि गर्भवती हुने सम्भावना छ । अध्ययनअनुसार मध्य आयु अर्थात् ३५ वर्ष वा योभन्दा बढी उमेरमा बारम्बार यौनक्रियामा संलग्न नहुने महिलामा छिटो महिनावारी सुक्ने अवस्था अर्थात् रजोनिवृत्ति देखिन्छ ।

अध्ययनले के देखाउँछ भने, यदि कुनै महिलाले यौन सम्बन्ध बनाउँदैनन् र गर्भधारणको मौका छैन भने शरीरले अण्डा (ओभम) को निर्माण गर्न बन्द गर्छ । किनभने यसको कुनै आवश्यकता हुँदैन ।

महिलामा हरेक महिना अण्डा निस्किने समय महिलाको प्रतिरक्षा क्षमता बिग्रिन्छ । यसले शरीरमा रोग हुने सम्भावना बढ्छ ।

अध्ययनमा सहभागी महिलाहरूलाई यौन संलग्नताबाहेक पछिल्लो ६ महिनामा कामोत्तेजना (सेक्सुअल अराउजल) सँग सम्बन्धित प्रश्नसमेत गरिएको थियो । यस अन्तर्गत यौन स्पर्श, आत्मोत्तेजना, मुखमैथुन, हस्तमैथुन आदिबारे विस्तृत जानकारी लिइएको थियो ।

अध्ययनअन्तर्गत यौनक्रियामा भाग लिनेबारे सबैभन्दा बढी जवाफ साप्ताहिक थियो । अर्थात् ६४ प्रतिशत महिलाले सातामा एकपटक यौनसम्बन्ध बनाउनेबारे बताएका थिए । दस वर्षको समयमा के देखियो भने, ३ हजार महिलामध्ये ४५ प्रतिशत अर्थात् १ हजार ३ सय २४ जनाले ५२ वर्षको औसत उमेरमा रजोनिवृत्तिको अनुभव गरे ।

# जौको फाइदा नै फाइदा



प्राचीनकालदेखि नै उपयोग गरिने अन्न हो- जौ । यसमा बोसो र नुनको मात्रा कम हुन्छ । यो प्राकृतिक लौह तत्त्वको राम्रो स्रोत हो । क्याल्सियमको राम्रो स्रोत भएकोले जौ मुटु, हाड, नङका लागि राम्रो मानिन्छ ।

विभिन्न अध्ययनहरूका अनुसार, जौ घुलनशील रेसाको सर्वोत्तम स्रोत हो । जौको एक खोराक (पाकेको, आधा कप) मा करिब चार ग्राम टाँसिने घुलनशील रेसा (बिटा ग्लुकन) पाइन्छ । यो रेसा रगतमा एचडीएल कोलेस्ट्रोल अर्थात् तथाकथित नराम्रो कोलेस्ट्रोललाई कम गर्न सहयोग गर्छ ।

जौ अतिरिक्त बोसोलाई अवशोषित गर्छ र प्रणालीबाट बाहिर पठाउँछ । यसै कारणले उच्च घुलनशील रेसाले गर्दा जौ कन्सिटिपेसनलाई निको पार्छ । यसले 'ग्यास्ट्रो इन्टेसटाइनल बर्क' लाई नियन्त्रित गर्न समेत सहयोग गर्छ । जौ स्नायुसम्बन्धी विकारमा समेत उपयोगी मानिन्छ । जौले महिलामा रजोनिवृत्तिको सुरुवातसँग जोडिएको डिम्बग्रन्थी एवं मूत्र प्रणालीसँग सम्बन्धित समस्या कम गर्न सहयोग गर्छ । जौमा केही फरक प्रकारको बोसोयुक्त एसिड र एन्टिअक्सिडेन्ट हुन्छ जो भिटामिन 'ई' सँग मिलेर कोषिकाको नोक्सानलाई न्यून गर्छ तथा यसबाट क्यान्सरको खतरा कम हुन्छ ।

भारतको उत्तर प्रदेश फैजावादस्थित नरेन्द्रदेव कृषि एवं प्रविधि विश्वविद्यालयको अनुसन्धानअनुसार जौको नियमित उपयोगले रक्तचाप, मधुमेह, पेट र मूत्रसम्बन्धी रोग, मृगौलाको रोग, बिर्सने रोग आदिमा प्रभावकारी मानिन्छ । आयुर्वेद चिकित्सकहरू जौलाई उमारेर कलिलो हरियो टुसाको जुस खानाले क्यान्सर रोगको वृद्धिलाई समेत मत्थर गर्ने दाबी गर्छन् ।

# वायु प्रदूषणले सिजोफ्रेनिया

वायु प्रदूषणले हाम्रो शारीरिक स्वास्थ्यलाई मात्र प्रभावित पार्दैन, यसले मानसिक स्वास्थ्यलाई समेत प्रभावित पार्ने अध्ययनमा देखिएको छ ।

जामा नेटवर्क ओपेन साइन्समा प्रकाशित अध्ययनअनुसार वायु प्रदूषणको उच्च स्तरको प्रभावमा पर्ने बच्चामा सिजोफ्रेनिया हुने खतरा बढी हुन्छ ।

यो अध्ययनमा संलग्न २३ हजार ३ सय ३५ व्यक्तिमध्ये ३ हजार ५ सय ३१ जनामा सिजोफ्रेनियाको समस्या थियो ।

सिजोफ्रेनिया एक प्रकारको मानसिक रोग हो, जसले व्यक्तिको सोच्ने बुझ्ने, अनुभूति गर्ने व्यवहारलाई नकारात्मक रूपले प्रभावित गर्छ ।

पर्यावरण विज्ञान विभागको प्रदूषणसम्बन्धी तथ्यांक र आईपीएसवाईसीएचको आनुवांशिक तथ्यांकको संयुक्त अध्ययनले प्रदूषणको स्तर जति बढी हुन्छ, सिजोफ्रेनियाको खतरा त्यति नै बढ्ने थाहा भएको हो ।

वायु प्रदूषणको घनत्वमा दिनहुँ १० मिलिग्राम प्रति लिटरको वृद्धिले सिजोफ्रेनियाको खतरा २० प्रतिशतसम्म बढ्छ । अध्ययनअनुसार त्यस्तो बच्चा जो दिनहुँ २५ मिलिग्राम प्रति घनमिटरभन्दा बढी वायु प्रदूषण भएको पर्यावरणमा रहन्छन्, उनीहरूमा सिजोफ्रेनिया हुने आशंका ६० प्रतिशतसम्म बढी हुन सक्छ ।

अनुसन्धानकर्ताले तथ्यांकका आधारमा के पत्ता लगाए भने कुनै व्यक्तिको सम्पूर्ण जीवनमा सिजोफ्रेनिया हुने आशंका करिब २ प्रतिशत हुन्छ । यसको अर्थ हरेक १ सय व्यक्तिमध्ये दुई जनामा यो रोग हुने सम्भावना रहन्छ ।

वायु प्रदूषणको निम्नस्तरको सम्पर्कमा आउनेलाई सिजोफ्रेनिया हुने खतरा २ प्रतिशतसम्म हुन्छ भने वायु प्रदूषणको उच्च स्तरको सम्पर्कमा आउनेका लागि यो तथ्यांक करिब ३ प्रतिशतसम्म हुन्छ ।

यो पहिलो अनुसन्धान हो, जसमा वायु प्रदूषण र आनुवांशिक सम्बन्धको संयुक्त अध्ययन गरेर सिजोफ्रेनियाको जोखिम पत्ता लगाइएको हो ।

# अमेरिका र रूसबीच जुहारी

## नयाँदिल्लीमा अमेरिका र रूसका उच्च अधिकारीहरू आईपीएसको उद्देश्य र लक्ष्यलाई लिएर सार्वजनिक रूपमै आरोप प्रत्यारोपमा उत्रिए

■ सुरेशराज न्यौपाने (नयाँदिल्ली)

नेपालमा मिलेनियम च्यालेन्ज कर्पोरेसन कम्प्याक्ट (एमसीसी) परियोजना अमेरिकाको इन्डो प्यासिफिक स्ट्राटेजी (आईपीएस) अन्तर्गत हो वा होइन भन्ने विवाद चर्किरहेका बेला दुई परम्परागत शक्तिराष्ट्र अमेरिका र रुसबीच यही विषयमा जुहारी चलेको छ ।

नेपालमा एमसीसी परियोजना आईपीएसअन्तर्गत नै भएको भन्दै विरोध हुँदै आएको छ । जबकि नेपाल सरकारले भने आईपीएसको अवधारणा लागू हुनुअघि नै एमसीसी परियोजनाको सम्झौता भएको भन्दै त्यसको बचाउ गर्दै आएको छ । अमेरिकाले नेपालको सडक र जलविद्युत् पूर्वाधार विकासका लागि एमसीसीअन्तर्गत ५० अर्ब रुपैयाँ अनुदान दिने भएपछि आईपीएससँगको सम्बन्धबारे नेपालमा विवाद भइरहेको हो । यही बेला भारतको राजधानी नयाँदिल्लीमा अमेरिका र रुसका उच्च अधिकारीहरू आईपीएसको उद्देश्य र लक्ष्यलाई लिएर सार्वजनिक रूपमै आरोप प्रत्यारोपमा उत्रिएका छन् ।

दिल्लीमा सम्पन्न 'रायसिना डायलग' मा सहभागी रुस र अमेरिकाका उच्च अधिकारीहरूबीच यसै साता जुहारी चलेको हो । बुधबार रुसका विदेशमन्त्री सर्गेइ लाभरोभले विद्यमान विश्व व्यवस्थामा अवरोध सिर्जना गर्ने र चीनलाई अलग राख्ने उद्देश्यले ल्याइएको भन्दै आईपीएसको आलोचना गरेका छन् ।

**रूसी विदेशमन्त्री सर्गेई लाभरोभले चीनलाई अलग राख्ने उद्देश्यले ल्याइएको भन्दै आईपीएसको आलोचना गरे**

'आईपीएसको अवधारणा अमेरिका, जापान र अन्य मुलुकको विद्यमान संरचनालाई नयाँ आकार दिने प्रयास मात्र हो,' रायसिना डायलगमा विशेष सम्बोधन गर्दै लाभरोभले भने । उनले एसिया प्रशान्तका रूपमा चिनिँदै आएको क्षेत्रलाई हिन्द प्रशान्तका रूपमा अगाडि सार्नुको प्रस्ट उद्देश्य चीनलाई अलग राख्नु रहेको दाबीसमेत गरे । 'कुनै पनि शब्दावली विभाजनकारी नभई जोड्ने खालको हुनुपर्छ,' उनले भने ।

**इन्डो प्यासिफिक स्ट्राटेजी**



इन्डो प्यासिफिकको अवधारणा अघि सार्नेहरूले यसलाई बढी लोकतान्त्रिक अवधारणा रहेको दाबी गरे पनि यसको उद्देश्य सही नभएको हुँदा भ्रममा नपर्न र सावधान रहनसमेत उनले सुझाए ।

रुसी विदेशमन्त्रीले आईपीएसको चर्को आलोचना गरेको २४ घण्टा नबित्दै उच्च अमेरिकी अधिकारीले त्यसको बचाउ गरेका छन् । रायसिना डायलगकै एउटा छलफल सत्रमा बोल्दै अमेरिकाका सहायक राष्ट्रिय सुरक्षा सल्लाहकार म्याथु पोटिन्गरले आईपीएस विद्यमान क्षेत्रीय संरचना भत्काउनतर्फ लक्षित रहेको भन्ने रुसी विदेशमन्त्रीको आरोपको खण्डन गरे । उनले आईपीएस विधिको शासनको सम्मान गर्ने तथा सामुद्रिक र हवाई क्षेत्रको स्वतन्त्र नेभिगेसनको पक्षमा रहेका मुलुकहरूको समूह लक्षित अवधारणा भएको दाबी गरे । 'यो खुला र स्वतन्त्र अवधारणा हो । कुनै पनि मुलुकलाई निषेध गर्नेभन्दा पनि प्रत्येक मुलुकबीच रहेको साझा सिद्धान्त र मान्यताको सम्मान र प्रवर्द्धन गर्ने उद्देश्यले यो प्रेरित छ,' पोटिन्गरले भने । उनले उल्टो रुसले

**अमेरिकी सहायक राष्ट्रिय सुरक्षा सल्लाहकार म्याथु पोटिन्गरले आईपीएस विद्यमान क्षेत्रीय संरचना भत्काउनतर्फ लक्षित नरहेको बताए**

आईपीएससँग प्रतिस्पर्धा गर्ने उद्देश्यका साथ साँघुरो, कम खुला र लचिलो नभएको युरोसिएन आर्थिक परियोजना अघि सारेको भन्दै आलोचनासमेत गरे । पोटिन्गरले खुला र स्वतन्त्र इन्डो प्यासिफिक क्षेत्रको अवधारणाको समर्थन गर्ने मुलुकहरूसँग शासन केन्द्रित भन्दा पनि नागरिक केन्द्रित दृष्टिकोण रहेकोसमेत दाबी गरे ।

अमेरिकाले अघि सारेको आईपीएसमा जापान, अस्ट्रेलिया र फ्रान्सलगायतका मुलुकले सुरुदेखि नै समर्थन जनाउँदै आएका छन् भने पछिल्लो समय भारत पनि यसको पक्षमा उभिँदै आएको छ । नेपाल भने यसमा तटस्थ रहँदै आएको छ ।

यद्यपि गत वर्ष अमेरिकाको रक्षा मन्त्रालयले जारी गरेको 'इन्डो प्यासिफिक स्ट्राटेजी रिपोर्ट' मा नेपाललाई अमेरिकाको 'इन्डो प्यासिफिक' सहभागिता कार्यक्रमअन्तर्गत रहेको राष्ट्रका रूपमा चित्रण गरिएको थियो । उक्त प्रतिवेदन सार्वजनिक भएपछि नेपाल सरकारको चर्को आलोचना भएको थियो । त्यसपछि परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले नेपाल असंलग्न परराष्ट्र नीतिमा अडिग रहेको भन्दै प्रतिवेदनको खण्डन गरेका थिए ।

# दिल्ली बलात्कार काण्ड दोषीको मृत्युदण्ड सऱ्यो

नयाँदिल्ली (एजेन्सी)- प्रख्यात दिल्ली सामूहिक बलात्कार काण्डका दोषी ठहर गरिएका चार जनालाई दिइने मृत्युदण्डको मिति सरेको छ ।

भारतको एउटा अदालतले दिएको आदेशअनुसार अब ती दोषीलाई फेब्रुअरी १ मा मृत्युदण्ड दिइनेछ । यसअघि अदालतले जनवरी २२ मा मृत्युदण्ड दिन भनेको थियो ।

भारतीय कानुनअनुसार मृत्युदण्ड पाएका अभियुक्तले राष्ट्रपतिसमक्ष याचिका गर्न सक्छन् । त्यहीअनुरुप चारमध्ये एकको दया याचिका राष्ट्रपतिसामु विचाराधीन रहेकाले २२ जनवरीमा उनीहरूलाई मृत्युदण्ड दिन सम्भव नभएको दिल्ली सरकारले अदालतसमक्ष बताएको थियो ।



'निर्भया' काण्ड भनेर परिचित यस बलात्कार घटनामा सुरुमा ६ जनाविरुद्ध मुद्दा चलाइएको थियो । सन् २०१२ को सो घटना राजधानी दिल्लीस्थित एउटा गुडिरहेको बसमा भएको थियो । बसमा सवार विद्यार्थीलाई ती अभियुक्तले सामूहिक बलात्कारपछि हत्या गरेका थिए । उनको लगभग १५ दिनपछि उपचारकै क्रममा सिंगापुरमा मृत्यु भएको थियो । बलात्कारको यस घटनापछि भारतभर प्रदर्शन भएको थियो भने विश्वभरका सञ्चारमाध्यमले यस घटनालाई प्राथमिकता दिएका थिए ।

अभियुक्त ६ जनामध्ये एकलाई किशोरकिशोरीसम्बन्धी कानुनअनुसार हिरासत केन्द्रमा राखिएको थियो । तीन वर्ष त्यहाँ बसेर उक्त व्यक्ति रिहा भइसकेको छ भने अर्का एक अभियुक्तले जेलमै आत्महत्या गरेको थियो । बाँकी चार जनालाई भने मृत्युदण्डको फैसला भएको थियो ।

यद्यपि मृत्युदण्डको समय परिवर्तन पटकपटक परिवर्तन भएपछि पीडितका आफन्तहरूले दिक्क लागिसकेको बताएका छन् । 'हाम्री छोरीलाई न्याय दिलाउन हामीले सात वर्ष संघर्ष गरेका छौं । दोषीहरूले मृत्युदण्डको मिति ढिला गर्न हदैसम्मको उपाय लगाइरहेका छन् । उनीहरूलाई नझुन्ड्याइएसम्म हामी सन्तुष्ट हुन सक्दैनौं,' शुक्रबारको फैसलापछि पीडित विद्यार्थीकी आमाले सञ्चारकर्मीसँग बताइन् । फेब्रुअरी १ मा पनि उनीहरूलाई मृत्युदण्ड दिइनेछ भन्नेमा आफूहरू ढुक्क नभएको पीडित विद्यार्थीको अभिभावकको आशंका छ ।

# युक्रेनी प्रधानमन्त्रीको राजीनामा



किभ (एजेन्सी)- युक्रेनका प्रधानमन्त्री ओलेक्सी हनचारुकले शुक्रबार पदबाट राजीनामा दिएका छन् । राष्ट्रपति भोलोदिमियर जेलेन्स्कीलाई अर्थतन्त्रबारे केही थाहा नभएको भनेर बोलेको टेप सार्वजनिक भएको केही दिनपछि उनको राजीनामा आएको हो ।

'राष्ट्रपतिका कार्यक्रम लागू गर्न मैले यो पद लिएको थिएँ । पारदर्शिताको उदाहरण उहाँ मप्रति नरम हुनुहुन्छ,' पद त्यागपछि सामाजिक सञ्जाल फेसबुकमा उनले लेखेका छन्, 'यद्यपि राष्ट्रपतिप्रति मैले सम्मान र विश्वास नगरेको भने शंका हटाउन लिखित राजीनामा दिएको छु ।'

'रेकर्डेड सरकारी बैठकका टुक्रा जोडेर' अपरिचित 'प्रभाव समूह' ले आफूलाई राष्ट्रपतिको सम्मान नगर्ने व्यक्तिका रूपमा देखाउन खोजेको हनचारुकले बताएका छन् । भिडियो टेपमा आएको विवरण सत्य नभएको उनको भनाइ छ ।

यसै साताको सुरुवातमा हनचारुकले राष्ट्रपतिले अर्थतन्त्र नबुझेको भन्दै गरेको प्रतिक्रियाको अडियो सार्वजनिक भएको थियो । सो टेपमा उनले जेलेन्स्कीलाई अर्थतन्त्रका मामिलामा 'साधारण मानिस' भएको आरोप लगाउँदै उनले राष्ट्रिय मुद्राबारे थप अध्ययन गर्नुपर्ने बताएका थिए ।

टेप सार्वजनिक भएपछि हनचारुक र उनको मन्त्रिपरिषद्ले राष्ट्रपतिको अपमान गरेको भन्दै विपक्षी दल 'अपोजिसन प्ल्याटफर्म-फर लाइफ' ले बिहीबार हनचारुकको राजीनामा मागेका थिए । सत्तारूढ 'सरभेन्ट अफ द पिपल पार्टी' ले भने उनले राजीनामा दिनुपर्ने कुनै कारण नभएको जिकिर गरेको थियो ।

हनचारुकले पदबाट राजीनामा दिए पनि उनको राजीनामा स्वीकृत गर्ने वा नगर्नेबारे संसद्मा मतदान गर्नुपर्ने हुन्छ । राष्ट्रपति जेलेन्स्कीको कार्यालयले पनि प्रधानमन्त्रीको राजीनामा पत्र प्राप्त भएको र यसबारे छलफल भइरहेको पुष्टि गरेको छ ।

UNOPS

**INVITATION TO BID (ITB)**

**Invitation to bid for supply and delivery of desktop computers and UPS**
**ITB Reference No. ITB/2020/13234**

The United Nations Office for Project Services (UNOPS) invites tenders from interested eligible manufacturers/distributers/suppliers for supply and delivery of desktop computers and UPS for Nepal Police as follows:

- Lot 1: supply and delivery of 214 sets of Branded desktop computers with monitor.
- Lot 2: supply and delivery of 214 units of Branded Uninterrupted Power Supply (UPS).

Bid submission deadline: 4 PM Nepal Time, 03 February 2020; Pre-bid meeting: 4 PM Nepal Time, 22 January 2020 at UNOPS office Bishalnagar.

Digital copies of ITB documents can be obtained by clicking the 'Express Interest' or title of the tender of the respective tender through the link **http://www.ungm.org/public/notice/102699** The bid submissions can be made only through the UNOPS e-sourcing portal.

UNOPS Nepal
Bishalnagar, Kathmandu 4
Tel: 977 1 4416520, Ext: 100/9801008903

# ट्रम्पलाई जोकरको संज्ञा

तेहरान (एजेन्सी)- इरानका सर्वोच्च नेता आयातोल्लाह अली खामेनीले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई 'जोकर' को संज्ञा दिएका छन् ।

राजधानी तेहरानस्थित मोसल्ला मस्जिदबाट शुक्रबार ८ वर्षपछि सार्वजनिक सम्बोधन गरेका खामेनीले इरानका जनतालाई समर्थन गरेजस्तो देखाउने ट्रम्पलाई 'जोकर' भनेका हुन् ।

अमेरिकी हवाई हमलामा मारिएका उच्च सैन्य कमान्डर कासिम सुलेमानीको अन्तिम संस्कारमा लाखौं सहभागी हुनुले इरानी जनताले इस्लामिक गणतन्त्रको समर्थन गरिरहेको प्रस्ट भएको सम्बोधनका क्रममा खामेनीले बताए ।

इस्लामिक स्टेट समूहविरुद्धको लडाइँमा अति प्रभावशाली सैन्य नेतृत्व गरेका सुलेमानीलाई अमेरिकाले जनवरी ३ मा 'कायरतापूर्वक हत्या गरेको' उनले आरोप लगाए । उनको हत्याको बदलामा इरानले इराकस्थित अमेरिकाका दुई सैन्य आधार शिविरमा कैयौं ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरेको थियो । यद्यपि सो आक्रमणबाट कुनै ठूलो क्षति नभएको वासिङ्टनको दाबी छ । इरानले प्रहार गरेको क्षेप्यास्त्र 'आफूमात्रै विश्वको शक्ति सम्पन्न राष्ट्र हौं' भन्ने अमेरिकी इज्जतमा प्रहार भएको उनको भनाइ छ ।

शुक्रबारको प्रार्थनापछि सर्वोच्च नेता खामेनीले विरलै गर्ने सम्बोधनमा अमेरिकालाई मध्यपूर्वबाट फिर्ता पठाएपछि मात्रै 'वास्तविक सजाय' दिइएको हुने बताए ।

सम्बोधनका क्रममा उनले देशको शक्तिशाली सेनाको समर्थन पनि गरेका छन् । इराकमा क्षेप्यास्त्र हमला गरेकै युक्रेनी यात्रुवहाक विमानलाई 'भूलवश' खसालेको भन्ने इरानी सेनाको भनाइलाई 'झूटो' रहेको भन्दै तेहरानमा प्रदर्शन भइरहेकै बेला खामेनीले सेनाको बचाउ गरेका हुन् ।

'भूलवश' भएको भनिएको हमलाका कारण युक्रेनी ध्वजाबाहक विमानमा सवार चालक दलसहितका १ सय ७६ जना सबै यात्रुको मृत्यु भएको थियो, जसमा अधिकांश यात्रु इरानकै थिए ।

विमान खसेको तीन दिनसम्म इरानी प्रशासनले प्राविधिक कारणले दुर्घटना भएको भन्दै हमला नगरेको दाबी गरिरहेको थियो । पश्चिमा राष्ट्रले इरानले नै युक्रेनी विमान खसालेकोबारे प्रमाण रहेको बताएपछि मात्रै सेनाले 'गम्भीर मानवीय त्रुटिका कारण भूलवश विमानमा क्षेप्यास्त्र आक्रमण भएको' स्वीकार गरेको थियो ।

झूटो बोलेको भन्दै तेहरानलगायतका क्षेत्रमा प्रदर्शन भएपछि सरकारले बल प्रयोग गरेको थियो । शुक्रबारको सम्बोधनमा खामेनीले पनि 'विमान खसाल्नु एउटा तितो दुर्घटना भएको' बताएका छन् ।

Habitat for Humanity Nepal

**Call for Proposal**

Habitat for Humanity Nepal's vision is a world where everyone has a decent place to live. Habitat Nepal operates as part of an international network with a common objective of reducing poverty and eliminating substandard housing and homelessness from the world. Habitat Nepal invites proposals from interested individual consultant or firms to review and update the policies and procedures related to HR/Admin, Procurement and Finance of the NGO partners working with Habitat for Humanity International Nepal.

Please refer to **www.habitatnepal.org/career** for the terms of reference (ToR).

Interested individual or firms should submit their technical and financial proposals including testimonials by 5:00 pm, January 31, 2020 to:

**National Director**
**Habitat for Humanity International- Nepal,**
**Sanepa Chowk, Lalitpur - 2,**
**P.O. Box: 24037, Kathmandu, Nepal**
**or**
**Email: procurement@habitatnepal.org**

सुनौलो परिवार नेपाल

**REQUEST FOR PROPOSALS**

UKaid from the British people

SPN is seeking Request for Proposals from prospective qualified research consultants to conduct a desk review on the facilitators and barriers to vasectomy uptake in Nepal.

Sunaulo Parivar Nepal (SPN) is a well-established NGO delivering Family Planning and Sexual Reproductive Health services through-out Nepal via different service delivery channels: centres, mobile outreach, Marie Stopes (MS) Ladies, and through contraceptive social marketing. It is the local implementing partner of Marie Stopes International (MSI), UK, a global social business providing reproductive health services across the world with a mission of ensuring every individual's fundamental right to have children by choice, not chance.

SPN calls for Proposals from prospective qualified research consultants to conduct a desk review on the facilitators and barriers to vasectomy uptake in Nepal. The main objectives of the review will be to examine sterilization trends in Nepal using available literature (including manuscripts, program reports and project documents) and secondary data (DHS and HMIS data) and review the literature on couples' perspectives on sterilization especially vasectomy and factors that affect uptake including socio-demographic factors, seasonality, myths and misconception and the dynamics of a couple's decision making when selecting a permanent method and the profile of couples opting for vasectomy services.

Please visit the link below for detailed Terms of Reference.
*www.mariestopes.org.np/news/rfp-for-vasectomy-desk-review*

The proposals should be submitted by 2nd February 2020, 5:00 PM. Interested applicants are requested to send the documents as requested in the ToR to the following address with the subject line "Submission for NSV Study: A review of the facilitators and barriers to the uptake of NSV in Nepal".

**Evidence to Action Department**
**Sunaulo Parivar Nepal implementing partner of Marie Stopes International Nepal**
**GPO Box: 11254, Bhatbhateni, Baluwatar, Kathmandu, Nepal**
***Please ensure that the technical and financial proposals are submitted in two separate sealed files.***

If you have any questions regarding the RFP document, please send an email to msi@mariestopes.org.np with the subject line "Query for NSV Study: A review of the facilitators and barriers to the uptake of NSV in Nepal"

**Only shortlisted will be contacted for further negotiation.**


# वर्षात्ले केही राहत

सिड्नी (एजेन्सी)- लामो समयदेखि आगलागी र खडेरीसँग जुधिरहेको पूर्वी अस्ट्रेलियामा शुक्रबारको वर्षाले केही राहत दिएको छ । वर्षाका कारण आगलागी भएका केही ठाउँको आगो निभे पनि अझै धेरै ठाउँमा आगो लागिरहेको फ्रान्सेली समाचार एजेन्सी एएफपीले जनाएको छ ।

गत सेप्टेम्बरदेखि फैलिएको भीषण आगलागीका कारण अस्ट्रेलियामा हालससम्म २९ जनाको मृत्यु भइसकेको छ भने करोडौं वन्यजन्तु मारिएका छन् । आगोमा जलेर २ हजार ५ सयबढी घर पनि ध्वस्त भएका छन् ।

**2 Houses for Sale**
**Pabitra Awas, Hattiban**
**Elites Colony, Sitapaila**

Semi Furnished Houses, Newly Built by CE Constructions



**Pabitra Awas**
**1.7 KM from Satdobato Chowk**

**Elites Colony**
**200m from Sitapaila Chowk**

**Contact: 9851000281, 4434003/4/5/6**

**विज्ञप्ति**

**काठमाडौं विश्वविद्यालयमा कार्यरत केही प्राध्यापक तथा कर्मचारीहरूले राखेका विभिन्न मागहरू सम्बोधन गर्न गत २०७६ साउन महिनामा वार्ता समितिले सम्झौता गरेको र सम्झौता कार्यान्वयन गर्न पहल भइरहेको कुरा सर्वविदितै छ । सम्झौता कार्यान्वयन गराउने क्रममा ती विषयहरू २०७६ पुस ४ गते बसेको विश्वविद्यालय सभाको ८५ औं बैठकमा प्रस्तुत गरिएको हुँदा त्यही बैठकले अनुरोध गरेबमोजिम सम्माननीय प्रधानमन्त्री तथा कुलपतिज्यूको अध्यक्षतामा आगामी २०७६ माघ १३ गते विशेष सभा बस्ने भएको छ । विशेष सभामा प्रस्तुत गरिने विषयसूचीको तयारीका लागि प्राध्यापक तथा कर्मचारीका प्रतिनिधिहरूलाई समस्या समाधानमा सहकार्य गर्न आह्वान पनि गरिएको छ ।**

**हाल विश्वविद्यालयमा तालाबन्दीका कारण पठनपाठन, परीक्षा र अन्य महत्वपूर्ण नियमित कार्यक्रमहरूमा अवरोध पुगेको छ । यसले विश्वविद्यालयको छविमा गम्भीर असर पर्नु स्वभाविकै हो । विश्वविद्यालयले आफ्ना विद्यार्थीहरूको हितलाई उच्च प्राथमिकतामा राखेको हुनाले विद्यार्थीहरूको भविष्य अन्योलमा पार्ने तथा संस्थाको समग्र छवि धूमिल बनाउने कार्य विश्वविद्यालयमा हुनु हुँदैन । तसर्थ तालाबन्दी अन्त्य गरेर विश्वविद्यालयका कार्यक्रमहरू सुचारु रूपमा सञ्चालन गर्न दिन तथा आगामी विशेष सभाको तयारीमा केन्द्रित हुन प्राध्यापक तथा कर्मचारीहरूलाई आह्वान गरिन्छ ।**

**तालाबन्दीका कारण असहज परिस्थिति भोगिरहेका सम्पूर्ण विद्यार्थी तथा अभिभावकहरूलाई यो विश्वविद्यालय सुरक्षित शैक्षिक वातावरणको प्रत्याभूति दिन प्रतिबद्ध रहेको जानकारी गराउन चाहन्छ ।**

**काठमाडौं विश्वविद्यालय**
धुलिखेल, काभ्रे
**info@ku.edu.np**

# झोलामा भेटिने छैनन् खगेन्द्र

उचाइ २ फिट २.४१ इन्च र तौल ६ केजी भएका उनलाई १८ वर्षको हुँदा गिनिज वर्ल्ड रेकर्ड्सले संसारकै होचो व्यक्तिको घोषणा गरेको थियो

■ लालप्रसाद शर्मा र दीपक परियार (पोखरा)

डेढ दशकअघि बागलुङ बजारमा एक अधबैंसे झोलामा मान्छे बोकेर हिँडिरहन्थे। दुधे बालकजस्तै देखिने ती उमेरले खासमा किशोर थिए। घरी बुबाको कोटको खल्तीमा पस्थे। घरी टाउकामा चढ्थे। दक्षिणी बागलुङको धुल्लुबाँस्कोटबाट रूपबहादुरले सदरमुकाम ल्याएपछि छोरा खगेन्द्र थापामगरले विश्वकै ध्यान खिचे। गिनिज वर्ल्ड रेकर्ड्समा विश्वकै होचो पुरुषको रेकर्ड आफ्ना नाममा दर्ता गराए। उनै खगेन्द्र अब रूपबहादुरको झोलामा भेटिनेछैनन्। २८ वर्षको उमेरमा शुक्रबार उनले पोखरामा देह त्यागे।

मणिपाल शिक्षण अस्पतालमा उपचारका क्रममा शुक्रबार दिउँसो उनको निधन भएको हो। स्वास्थ्यमा समस्या आएपछि उनलाई बिहीबार अस्पतालको आईसीयूमा राखेर उपचार गरिएको थियो। निमोनियाका कारण उनको निधन भएको अस्पतालले जनाएको छ। उनलाई दिउँसो ३ बजे मृत घोषणा गरिएको खगेन्द्र थापामगर प्रतिष्ठानका अध्यक्ष मीनबहादुर रानाले बताए। खगेन्द्रमा यसअघि मुटु, श्वासप्रश्वाससम्बन्धी समस्या, हेमोग्लोबिनको कमी र ह्वाइट ब्लड सेल बढी हुने समस्या देखिएको थियो।

२०६७ असोज २८ मा उनले गिनिज वर्ल्ड रेकर्ड्सबाट विश्वकै होचो पुरुषको प्रमाणपत्र पाएका थिए। उनको उचाइ ६७.०८ सेन्टिमिटर (२ फिट २.४१ इन्च) थियो। तौल झन्डै ६ केजी। २०४९ असोज २८ मा जन्मिएका उनले गिनिज वर्ल्ड रेकर्ड्सको प्रावधानअनुरूप १८ वर्ष पुगेपछि प्रमाणपत्र पाएका थिए।

जन्मिँदा उनको तौल जम्मा ६ सय ग्राम थियो, हत्केलामा अट्ने। जन्मेको तीन दिनसम्म आमाको दूध चुस्न सकेनन्। आमाले आफूलाई दूधको थोपा थोपा खुवाएर बचाएको उनी भन्थे।

७/८ वर्षको भएपछि मात्र उनको तोतेबोली निस्कियो। त्यही बेला चार हातखुट्टाले टेकेर हिँड्न थाले। ११ वर्ष पुगेपछि उनको उचाइ बढ्ने क्रम रोकियो। गाउँलेले उनलाई सानो देखेर 'भगवान्' भने। बाँच्ने हो कि होइन भन्ने पीरले आमाबुबा भने चिन्तित थिए। उनको शरीर छोटो मात्र होइन, तौल पनि निकै कम थियो। बोली तोते नै थियो। लवाइखुवाइ, हिँडाइ, खेलाइ सबै ठ्याक्कै दुई-तीन वर्षको बच्चाको जस्तै थियो।

उनी सानो भएकाले आमाबुबाले झोलामा राखेर हिँड्न थाले। बागलुङ सदरमुकाम आउँदा उनलाई हेर्न सर्वसाधारण झुम्मिन्थे। उनी विभिन्न मेला महोत्सवमा पुग्न थाले।



त्यही क्रममा उनी पोखरा आइपुगे। मीनबहादुर रानामगरसँग उनीहरूको भेट भयो। मीनबहादुरले नै खगेन्द्र थापामगर प्रतिष्ठान खोलेर गिनिज बुकमा नाम लेखाउन प्रयास थाले। बेलायतमा रहेको गिनिज वर्ल्ड रेकर्ड्सको प्रधान कार्यालयमा प्रतिष्ठानले आवश्यक प्रक्रिया अघि बढायो। प्रतिष्ठानको प्रयासले २०६७ असोज २८ मा मूर्तरूप पायो। रेकर्ड्सका उपाध्यक्ष मार्को फ्रिगाटीले पोखरा आएरै मेडल र प्रमाणपत्र दिएका थिए।

उनको वास्तविक उचाइ र तौल पत्ता लगाउन पोखराकै फेवासिटी अस्पतालका बालरोग विशेषज्ञ डा. हुमप्रसाद न्यौपानेले बिहान, दिउँसो र साँझ परीक्षण गरेका थिए। चिकित्सकले गर्भावस्थामा क्रोमोजममा भएको गडबडीले उचाइ र तौल नबढेको हुन सक्ने बताएका थिए।

वर्ल्ड रेकर्ड्समा नाम दर्ता गराएपछि उनी पोखरा बसेर पढ्न थाले। बुबाआमाले पोखरामै बसेर पसल चलाए। पोखराकै निजी विद्यालयमा पढे पनि उनले निरन्तरता दिन सकेनन्। खगेन्द्रले विश्व रेकर्ड कायम गरेपछि बुबा रूपबहादुर र आमा धनमाया औधी खुसी थिए। सर्वत्र खगेन्द्रको चर्चाले उनीहरूले विगतका दुःख बिर्सिए।

रेकर्ड रहेपछि सरकारले उनलाई नेपाल पर्यटन वर्ष २०११ का लागि सद्भावना राजदूत घोषणा गरेको थियो। उनी इटाली र बेलायत तीनपल्ट, बेल्जियम, नेदरल्यान्ड्स, लक्जेम्बर्ग, फ्रान्स, थाइल्यान्ड, अमेरिका, अस्ट्रेलिया, स्विट्जरल्यान्ड, जर्मन, दक्षिण कोरिया, हङकङ, कतार र भारत पुगिसकेका थिए। उनी नाच्न, मादल बजाउन र चुट्किला भन्न रमाइलो मान्थे।

उनले ताइवानका ली यु चीको रेकर्ड तोडेका थिए। पछि उनको रेकर्ड हंगेरीका इस्तभान तोथ, फिलिपिन्सका जुनरे वालाविङ, भारतका गुल मोहम्मद र नेपालकै चन्द्रबहादुर डाँगीले तोडे। डाँगीको निधन भएपछि फिलिपिन्सका जुनरेका नाममा विश्वकै होचो पुरुषको रेकर्ड छ। उनको उचाइ ५९.९ सेन्टिमिटर छ। उनी हिँड्डुल गर्न सक्दैनन्। हिँड्डुल गर्न सक्ने विश्वकै जीवित पुरुषको रेकर्ड भने खगेन्द्रकै नाममा थियो।

उनको निधनपछि शनिबारै गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले शोक वक्तव्य जारी गरी खगेन्द्रप्रति श्रद्धाञ्जली व्यक्त गरेका छन्। शनिबार खगेन्द्रको दाहसंस्कार गरिने प्रतिष्ठानले जनाएको छ।

## छोटकरी

### मन्त्रीका तस्बिरमा जुत्ता प्रहार

जनकपुर (कास)- गत वर्ष सम्पन्न योजनाको भुक्तानी माग गर्दै उपभोक्ता समितिले शुक्रबार जनकपुरधाममा विरोध प्रदर्शन गरेका छन्। उनीहरूले जिरो माइलमा प्रदेशका मुख्यमन्त्री र मन्त्रीहरूका तस्बिरमा जुत्ता हाने। घटनामा प्रहरीले उपभोक्ता समिति सम्बद्ध रोशनसिंह राणा, रोशन ठाकुर, विमलेश ठाकुर र शंकर साहलाई नियन्त्रणमा लिएर केही घण्टापछि छाडिदिएको छ। मुख्यमन्त्रीको कार्यालय समिति प्रदेशका चार मन्त्रालयका टुक्रे योजनामा गत वर्षको १ अर्ब ३५ करोड रुपैयाँको भुक्तानी रोकिएको भन्दै प्रदेशसभामा पनि बारम्बार सांसदले आवाज उठाउँदै आएका छन्। प्रदेशसभाका सभामुख सरोज यादवको संयोजकत्वमा ती योजनाको वास्तविकता छानबिनका लागि संसदीय समिति गठन भएको थियो। उक्त समितिले स्थलगत अनुगमनपछि ती योजनामातहत काम भएको भनिएकामध्ये ८६ करोड भुक्तानी दिन सकिने प्रतिवेदन दिएको छ।

### कैदी भाग्दा दुई प्रहरी निलम्बित

रौतहट (कास)- रौतहट जिल्ला कारागारबाट १५ वर्षको जेल सजाय भुक्तान गरिरहेका कैदी फरार भएको घटनामा दुई प्रहरी निलम्बनमा परेका छन्। हवलदार नीरजकुमार सिंह र जवान महानन्दप्रसाद यादवलाई जिल्ला प्रहरीले शुक्रबार निलम्बन गरेको हो। कारागारका सई र असइलाई निलम्बनका लागि प्रहरी प्रधान कार्यालयमा लेखी पठाइएको छ। घटनापछि कारागारका एक कर्मचारीलाई प्रहरीले पक्राउ गरी अनुसन्धान थालेको छ। घटना छानबिन समितिले प्रहरीसहित पाँच जनाविरुद्ध विभागीय कारबाहीको सिफारिस गरेको छ। गत पुस २७ को राति गढीमाई-१ का अशोकराय यादव फरार भएका थिए। अपहरण, शरीर बन्धक तथा संगठित अपराध मुद्दामा जेल परेका उनी फेला परेका छैनन्।


# बर्गिकृत विज्ञापन

## घर जग्गा

हेटौंडा सुनाचुरी हाइवेसंगैको प्लानिङ्गको सुविधासम्पन्न घडेरीहरू धुरको एकलाख मात्र ९८५१००९३३२

मुलपानीमा ११,५०,००० -२२,००,००० प्रतिआना, गोठाटारमा ९५,००,०००। घर 9841542598, 9849098343

भैंसेपाटी हाईटमा ०-७-२-०, ०-६-२-०, ०-६-०-०, ०-७-०-०, जग्गाहरू बिक्रीमा, 9841515302

जग्गाबिक्रीमा १०,२०, ५०,१००, १००० रोपनी कृषिफर्म, हस्पिटल,कलेज, गुम्बा, संघसंस्था, फ्याक्ट्री, होटल,रिसोर्ट, प्लटिंगकोलागि अतिउपयुक्त जग्गा काठमाडौं, भक्तपुरमा चाहिएमा 9823140441, 9840856188

बुढानीलकण्ठ चपलीवरिपरी टुक्राजग्गा बिक्रीमा 9851074256

मध्यबानेश्वर पिपलबोटनजिक टुक्राजग्गा बिक्रीमा ९८६०४२५४०७

ललितपुरमा प्लानिङ्का ०-३-३-३ बिक्रिमा 9851179040

कलंकी ढुङ्गेअड्डाको हाईवेमा ०-१२-०-० बिक्रीमा 9851027364

किर्तिपुर, गोलढुंगा, सीतापाइला, रामकोट 9841409716

कलंकी ढुङ्गेअड्डामा चारआना तीसलाख प्रतिआना ९८०२०३४१२७

फास्टट्र्याक, निजगढमा र अन्तराष्ट्रिय विमानस्थल पश्चीम पिलुवामा घडेरी बिक्रिमा ,9741096667, 9841616996, 9851005415,

सुन्दरीजल नयांपाटीमा पल्लानीको २० फिटे बाटोमा टुक्रा घडेरी सस्तोमा 9851066393, 9851021659

तल्लो/माथिल्लो भंगालकोबिचमा दक्षिणमोहडाको ०-१४-०-०, मुलपानी ग्रिनहिलसिटीको गेटसंगै ०-४-०-० जग्गाविक्रीमा 9823699121

कपनआकाशेधारा चोकैमा ०-६-१-०, कपनबालुवाखानीमा, ०-५-१-१, ९८४१३४५००५

टिकाथलीमा ३.३आनामा बनेको ३.५तले नयांघर बिक्रिमा ९८६०३९३३१२

शंखमुलको १७ आना जग्गाविक्रिमा 9851148343

हात्तिगौंडा गणेशस्कुल भंगालहाईटमा ०-३-२-१ जग्गाविक्रीमा नयांघरसंग सट्टापट्टागर्न सकिने 9860193128

बालुवाटारमा ०-१३-०-० जग्गा बिक्रीमा 9823727933

कपन आकाशेधारामा तिनआनाको नयां घर ९८५१०३७४३१

प्रस्तावित विरहस्पिटल अगाडी दुवाकोट मनोहरा फांटमा ०-११-३-०, ०-७-१-१, ०-४-२-० बिक्रीमा/ घरसंग सट्टापट्टा, ९८४९९३९५५०

इमाडोलमा ०-४-१-० जग्गा बिक्रिमा आनाको २०,५०,०००/- ९८५१०७४३०७, ९८४४१५४०८०

चितवनपर्साबाट ६किमि दक्षिण सुण्डी पिचरोडमा १४कठ्ठा बिक्रीमा ९८५११६३८४१

कलंकी मैत्रिनगरमा ९आना बिक्रीमा ९८५११६३८४१

गोकर्ण भैरबचौरमा ०-५-२-० बनेको घर २,१०,००,०००/- ९८४१९६४२०४

गोलढुंगांको पृथिवीमाबिस्कुल नजिकैटुक्रा जग्गाबिक्रीमा ९८१८६६००५९

भक्तपुरस्थित Kathmandu World स्कुलअगाडी 26F. पिचबाटोमा 90F. मोहडाभएको २१- आनाजग्गा 9851097221

सुकेधारा मन्डिखाटार घरको २,४०,००,०००/- 9851027364

बुंगमति फास्टट्र्याक नजिकै टुक्रा घडेरीहरू ९८०८०००३९७

भक्तपुर, कमेरोटार प्लानिङ्मा ४-आनामा बनेको २.५-नयांघर विक्रीमा रु.२,४५,००,०००/-, 9841993077

सस्तोमा घर बङ्गला निर्माण ९८५११८५२९७, ९८०३०२४९१५

गणेशबस्तिमा ०-६-२-० वनेकोघर 4720147, 9851067692

बारा, निजगढ पिलुवा, कोल्हबीमा टुक्रा, एकमुष्ट जग्गाबिक्रीमा 9741096667, 9807281008, 9851040876, 9855044141

बालकोटसंगैको तीनतले घर, जग्गासंग साटपाट वा विक्रिमा ९८५१०६६७७९

धापासी हाईटमा सस्तोजग्गा चाहियो ९८१३८५४१५४

बसुन्धारामा ४६२.६०ब.मि. बनेको घरबिक्रीमा ८,७५,००,०००/- 9851010600

भैंसेपाटीमा हालसालैबनेको पूर्वदक्षिण मोहडाभएको साढेदुईतलेघर सिधासम्पर्क 9843135598

**मकवानपुरको पहाडी भेगमा रहेको सस्तो जग्गाहरू सिधै जग्गाधनीबाटै एकमुष्ठ बिक्रीमाछ। ९८४३६०८७९५**

दुवाकोटमा २४ फुटेबाटोमा ३आना जग्गाबिक्रीमा 9841660557, 9823634158

बालकोट नयांबस्तीमा १८ आना 9803989574

बागडोल ललितपुर स्थित २रोपनी घरजग्गा तुरुन्त बिक्रीमा 9803804686

टोखावरीपरी विभिन्न घरजग्गाहरू किनबेचको लागि, 9801097815

भक्तपुर ताथलीमा आकर्षक प्लानिङको घडेरीहरू प्रतिआना ५ लाख देखी ८ लाख ५० हजार सम्म साथै टिकाथलीमा आकर्षक घरहरू विक्रीमा, ०१-६६१६१२९, ९८५११७६३८१, ९८६५४३८१०५, ९८५११४८१७१

तिनथाना, ढुंगेअड्डामा ०-८-०-२ जग्गाबिक्रिमा ९८५११६२२६०

धुम्बाराही पूर्व मोहडा ०-८-०-०, 9851265324

मण्डिखाटार हाईटमा ०-७-०-० जग्गा, 9851265324

सातदोबाटो सुमिङ्गपुल पछाडी ०-८-०-० हात्तीवनमा ०-५-०-० बिक्रिमा ९८५१०७०११३

बालकोटहाईटमा ०-३-२-२मा बनेको आधुनिकघर ९८५१०५६५१४, ९८४३२०७३८६

०-४-१-० घरविक्रीमा सानेपा, गुसिङ्गाल, 9841217571

सातदोबाटो स्विमिङ्गपुल पछाडी ०-५-०-०, ०-३-०-० माबनेको तिनतल्ले आधुनिक नयांघरहरू बिक्रीमा ९८४१६८९१८५, ९८४४४७२६९१

टोखागेट नजिक सोह्रआना-21,00,000/- प्रतिआना: 9851222227

ग्राण्डि हस्पीटलबाट १ किमी उत्तर साइबाबाचोकबाट हात्तिगौडा जाने बाटोनजिक पुर्वमोहडाको ०-६-२-० सिधासंपर्क 9851104599

टोखा बानियाटारमा साढेतिनतले आधुनिकघर बिक्रीमा 9851041264

ललितपुर बिष्टछापहाईटमा टुक्राजग्गाहरू बिक्रीमा आनाको 7.75, 9849037259

सुन्ताखान वालुवामा जग्गाविक्रीमा प्रतिआना १२,००,०००। 9841332604

टोखागेट नपुग्दै देब्रेतिरलाग्ने बिसफुटे ठूलोबाटोमा पूर्वमोहडाको ०-५-१-० जग्गा तुरुन्तैबिक्रीमा 9860193128

बसुन्धरामा आधुनिक घर बिक्रिमा ९८५१०५९०७६

पेप्सीकोलामा 1,60,00000- 3,00,00000/- नयाँघरहरू 9860304050

चावहिल गोपिकृष्णछेउमा कमर्सीएल घरबिक्रीमा ९८६३६०१८८१, ९८५११०६२३७

भपुजि मालपोतबाट ८ सयमिटर अगाडि बागेश्वरीमा ०-३-१-० प्रतिआना १३ लाखमा तुविक्रीमा 9851171245 , 9851171238

चापागाउँमा १५ आना जग्गाविक्रिमा (Nobroker) 9866470225

अरनिको राजमार्गमा सुकुटे पुलपारी १७ रोपनीको सेरातारखेत बिक्रीमा 9861592684

सिरुताको जग्गा बिक्रीमा ९८६९५६२६०३ .

बालकोट रेडक्रसहाईट दक्षिण पुर्वमोहडा २०-फिट बाटोभएको ६-आना जग्गाबिक्रीमा 9849687630

मध्यबानेश्वरमा ०-७-०-० माबन्दैगरेको बंगला बिक्रीमा 9851000515

हरिसिद्धी, हात्तीवन, ठैबमा जग्गाहरू ९८२३८५२९६०

काठमाण्डौ मेडिकलकलेज सिनामंगल अगाडी ब्यापारिक प्रयोजनलाई उपयुक्त ०-६-२-१ जग्गाकुल रु.६,५०,००,०००/- हालदुईलाख भाडाआईरहेको 9841044807

नारायणथानमा सस्तो घर-जग्गा चाहिएमा सम्पर्क 9813583321

ताथलीमा छरोपनी एकमुष्ट टुक्राघडेरी 9851033353, 9813339040

रिङ्गरोड ग्वार्कोनजिकै ०-५-०-० बनेको बंगला ३,२५,००,०००/- सट्टापट्टा गरिने ७०डनगद, ३०डजग्गा ९८४१३३५४१९

**पोखरा रंगाशाला अगाडीकोघर ५२x११५ ९८५६०२०८५२**

## सवारी साधन

स्कार्पियो रिजर्भमा चाहिएमा संपर्क ९८२३८१६५२६

TAXI किन्न तथा बेच्न परेमा ९८५१०९१४०१

## सम्पर्क

बिधार्थीलाई सस्तोमा Cash Deposit 9826104122

Cash deposit without collateral 9841756349

अतिसस्तोमा धितोफुकुवागर्न, बिदेश अध्ययनकोलागि Cashdeposit, ऋणलिन ९८५१११७९८०

धितो राखी ऋण चाहिएमा ९८५११९४९३०

धितोफुकुवा, क्यासडिपोजिट, धितोराखी ९८४४४७८७५८, ९८०३१२३५७८

सस्तोमा Bank Cash Deposit 9841081605

Tour Package Japan Visa 100% Guarantee 9801025507, 01-4414312

बैंक तथा सहकारीको घरजग्गा लिलाम उठाउन परेमा तथा जग्गा धितोराखी लोन चाहिएमा तु: सम्पर्क: 9801025507

सस्तोमा Cash Deposit धितो फुकुवा ९८४१०००६५

सस्तोमा Cash deposit धितोफुकुवा 9851053106

सस्तोमा Cash deposit धितोफुकुवा 9841027010

सित्तैमा माटो लैजाउँ, साँगादेखि ३किमि दक्षिण बनेपा वडानं१२ बासडोलबाट आफूनै टिपरमा चाहिएजति माटो सित्तैमा लैजानुहोस ९८०३४४१६२३

## विविध विक्रीमा

शंखमुलको चलिरहेको पार्टिप्यालेस रेष्टुरेन्ट विक्रिमा 9851148343

एयरपोर्ट अगाडीको लज बिक्रिमा ९८०८१६८५८१

न्यूरोडमा चलिरहेको रेष्टुरेन्ट मुल्य: ४८,००,०००/- भाडा: ५५,०००/- Space: 1200sq.ft. ९८०३४३५९२४, ९८१३४४५२७५

**Furnished office sale Dillibazer बाटुलेघर अगाडी** ९८१३१३२९४३

सतुंगलस्थित चलिरहेको रेष्टुरेण्ट बिक्रिमा/भाडामा ९८१००१९३३१

फास्ट्फुड क्याफे बिक्रीमा पुतलीसडक ९८६०१६१५४६

नयांबसपार्कमा चलिरहेको गेष्टहाउस बिक्रीमा 9841800198

बौद्धमा फेन्सीपसलको डेकोरेशन बिक्रीमा 9818016336

कोटेश्वरमा चलिरहेको खाद्यान्न पसल बिक्रीमा ९८२३८३११५५

ब्यस्तठाँउमा चलिरहेको रेष्टुरेण्ट बिक्रीमा तिनकुने 9857042377, 9847078277

पुतलीसडक -शंकरदेव लाइनको साथै बागबजार -अद्वैतमार्गमा सस्तो भाडा भएको प्रसस्त स्पेश, फूल डेकोरेशन सहितको अफिस तु.बिक्रीमा ९८२३१३४८४८

रेष्टुरेन्ट/पार्टी प्यालेस बिक्री वा पार्टनरसिप बालाजु ९८१३६२८२५५

तु.बिक्रीमा चलिरहेको पोलिक्लिनिक 9849369502

चलिरहेको तन्दुरीरेष्टुरेण्ट सुपथमुल्यमा चावहिल 9807288664

बिजुलीपसल बिक्रीमा नयाँबानेश्वर 9801036644, 9801036646

सुनपसल बिक्रीमा अन्यपसल गर्नमिल्ने पुरानोबानेश्वर 9849623111

चाबहिल प्राधिकरणसङै क्याफे बिक्रिमा 9803272416

## निर्माण सफाई

सेफ्टीटैंकी सफाई २०००। ९८४१६७३२३०, ९८५१०९९५७२

ढलट्वाइलेट, मंगालबनाउने, जामखोल्ने 9840540700, 9860053124

ढलट्वाइलेट, मंगाल जामखोल्ने इनारसफाई, रिजर्बटैङ्कीसफाई, सोलारफिल्टर 9851116022

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने सस्तोमा 9841663344, 9841050858

ईनारसफाई, बोरिङ्गसर्भिस, प्लम्बिङ्ग, धाराजामखोल्ने, सोलारसर्भिस पहेलोपानिफिल्टर, रिर्जभटैङ्कीसफाई इनारखन्ने 9851168028

ढलट्वाईलेट मंगाल जामखोल्ने निर्माण 9841982894

ढलमंगाल बनाउने जामखोल्ने सेफ्टीटैंकी मेशिनबाट 9841448770 होमप्रसाद

गाडीमेसीनबाट सेफ्टीट्याङ्की ढलट्वाईलेट सफाई 9851247369

ढलट्वाईलेट मंगाल जामखोल्ने सस्तोमा 9841955291

भ्याकुमबाट सेफ्टिटैंकी सफाई 014114455, 015712671, 9851152299, 9851052299

प्रोफेशनल पानीटैंकी सफाई 9851152299, 9841367851

सस्तोमा सेफ्टीट्याङ्की उठाइन्छ र ढलमंगाल खोलिन्छ 9841634234, 9841176292

सेफ्टीट्याङ्की, ढलमंगाल जामखोल्ने सस्तोमा 9849442728

सेफ्टिटैंकी सफाई 9841212244, 9841488132, 01582401

ढलमंगाल ट्वाइलेट जामखोल्ने 9851089410, 9841266950

ढलट्वाईलेट मंगालसफागर्ने निर्माणपनि 9841559659, 9843052042

सोलार फिल्टर ईनारबोरिङ्ग प्लम्बिङ्ग 9841441798

ढलट्वाइलेट, मंगाल, जामखोल्ने ममतगरिन्छ ९८५१०१९८८९

ढलट्वाइलेट, मंगालबनाउने, जामखोल्ने 9844531660, 9841516395

जेटमेशिनबाट ढलमंगाल सफाई ९८५१०७९२३५, ९८६५४७८६२९

सेफ्टीट्यांकी सफाई गाडीमा १५००/- ९८४३७६८७३७

सेफ्टीट्यांकी सफाई ठुलोगाडीमा मेसिनबाट ५२५१०९२, ९८५१०२४३६४

सेफ्टिटैंकी सफाई सस्तोमा 9841343487, 4464568

सेफ्टिटैंकी सफाई गाडिबाट 9851118279, 9851087058

## भाडामा

बालकोटमा फ्ल्याटहरू, सटरहरू, टहराहरू ५६३९७४४

ललितपुरमा छिटै घरफ्ल्याट लिनदिन, 9841358684

ललितपुरमा चाडै घरफ्ल्याट लिनदिन, 9851085854

भाडामा लिनदिन परेमा bhumikarealestate076@gmail.com, 9851136162

टहरा कोठा ११ भएको १-११-०-० जग्गा वहालमा हाडीगाउ का.म.पा.-५, ९८४९४६५९४४

Flat, बंगलो अफिसस्पेस लिनदिन सम्झनुहोला www.homektm.com 9801117335

गोंगबु रिङ्गरोडमा अफिसकोलागी फ्ल्याट भाडामा 9824447478, 9803529404

नयाँबानेश्वरमा खाली सटर भाँडामा ९८४९५४४०२२

काठमाण्डौ मलजाने नक्कली गहना पसलसंगै पसल तथा गोदामकोलागि कोठा ९८१८३९३९४६

हात्तीवनमा सानदार फ्ल्याट ९८४१५००९९४, ९८४१९५९३२८

पुतलिसडकमा अफिसकोलागी फ्ल्याट तथा सटरभाडामा 9841385721, 4240894

चावहिल चोक वा गौरीघाट आसपास Residence Flat तुरुन्त चाहियो 9841124415

लाजिम्पाटमा पुरै घर भाडामा ९८४१११६४८०

नयांबानेश्वरमा सटरसहित घर लामो समयकोलागी लिज/भाडामा सम्पर्क: ९८६०२५०९२२

ग्रिनल्याण्ड धापासीमा तिनकोठाको फ्ल्याट ९८४१४८१२०४

गोल्फुटार आवासक्षेत्रमा चारकोठाको फ्ल्याट भाडामा नोदलाल ९८६१५८२८३८

काठमाण्डौं न्यूप्लाजामा ५ तल्ला अपार्टमेन्ट भाडामा छ सम्पर्क ९८४६१३७०१७

सिनामंगल गुणकोलनीको FLAT भाडामा सम्पर्कनम्बर ९८०११३१०७५

## चाहियो

गोंगबु अफिसलाई कर्मचारी 15,500/- 9842942463, 9803390405

कोटेश्वर अफिसलाई १५कर्मचारी 15,500/- 9818535221, 9841466409

चावहिल Kltowerको अफिसलाईस्टाफ 15000/- 9861028530, 9821626393

साधारण सेक्यूरीटी तुअर्जेन्ट 17000/ 9813209817

Homebased Typing Job 26,500/- 9803188112

भारतको उत्कृष्ट आलमुनिय सरकारी औद्योगिक कम्पनीमा १५०सेक्युरिटीगार्ड अर्जेन्ट, तलब-भु.पु.३५०००/-,सिभिल २४०००/-, संचयकोष, बोनस खानबस्न बीमा तलबबृद्धि 014916689, 9848731351, 9741427400

साधारण सेक्यूरीटी तुअर्जेन्ट 17000 9801101472

लगनखेल म:म सेन्टरमा कामदारको आवश्यकता तलब ८,०००/- खानबस्ने ९८०३३२५९८७, ९८०३३२०७५५

कस्मेटिकभित्र खानबस्नसहित 15000/- 9841692640, 9803274227

सबै प्रकारको जागीरकोलागि सम्पर्क ०१-५२३४६३८

CUG कम्पनीलाई 17,000/- 9818339744, 9843015411

हस्पिटलमा सफाईगर्ने केहीमहिला, पुरुष चाहियो 9851059126, 9860342764

खानबस्नसहित कर्मचारी 15500/- 9851058062, 9803497678 कलंकी

मम मिस्त्री चाहियो माछापोखरी ९८४१६८२८६०

घरायसी कामगर्ने महिला चाहियो क्वाटरको व्यवस्था छ स्थान: सानेपा 9851069495

क्यान्टिनकोलागि मसाल्ची -१२,०००। खानेबस्नेसुविधा ९८२३१५३१९९, ९८०३५३९९४४

खानबस्नसहित कर्मचारी बल्खुचोक 18,500/- 9808570864, 9860909328, 9823091703

Lahan-1, siraha All Roundercook-1, Thakalicook-1 9861393111, 9816331539

कुक, वेटर, हेल्पर, अर्जेन्ट ०१-५२०४१९१

माछापोखरीको रेष्टुरेण्टमा कुक चाहियो 4390747

तन्दुरीकुक, हेल्पर मसाल्ची चाहियो 9807288664

होस्टेलमा महिला कामदार 9843477369, 9849392380

घरमा कामगर्ने महिलाहरू चाहियो 9851227616, 9812355230

रेष्टुरेण्टको लागि अनुभवी वेटर 9851193293

घरायसी कामगर्ने कामदार चाहियो ९८२३६२५६२२

Advance कम्पनीलाई 15,000/- 9828888339, 014488043

क्याफेको लागी अनुभवी कुक चाहियो गोंगबु ९८४०००१६२७

भैरव लुम्बिनीतन्दुरी मेडिसिटी हस्पिटल अगाडी तन्दुरीकुक, वेटर, हेल्पर, मसाल्ची 9864275587

फाष्टफुडलाई ममम्स्त्री १३,०००/- मैतिदेवी 9803530772

गेष्टहाउसमा श्रीमान, श्रीमती बासवारी 9841289726

प्रिन्टिङ्ग प्रेसकोलागि अनुभवि हेल्पर, वाइण्डरहरू- ४२८२१४०, ९८८० ९२१०५१

सातदोबाटोको रेष्टुरेण्टमा किचेन हेल्पर ९८०१२३२३१०, ०१५१७०३४३

अनुभवी स्क्रीन प्रिन्टर चाहियो ९८८०२३८०७९

Kitchen Headchef bachelors in hotel mgmt (7pm-4am) 9813891060

क्यान्टिनलाई कर्मचारी आवश्यक खानबस्न सुविधा तलब ८०००। देखि १०,०००। सम्म ९८४१२१३३५८

## मर्मत

ढलट्वाइलेट, सेफटीटेङ्की मंगालको जामखोल्ने 9851109635

ढलट्वाइलेट मंगाल जामखोल्ने सस्तोमा 9851039094

ढलमंगाल ट्वाइलेट जामखोल्ने सस्तोमा 9841881901

LED/TV, Computer, CCTV ग्यारेन्टीसाथ घरैमामर्मत 01-4215169, 9841688285

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने सस्तोमा 9841072969

प्लम्बिन ईनारसफाई सोलारफिल्टर मर्मत 9861292559

ढलट्वाईलेट मंगाल जामखोल्ने सस्तोमा ९८४३७४९८५५

सेफ्टीट्याङ्की, ढलमंगाल जामखोल्ने सस्तोमा 9849442728

ढलमंगाल ट्वाइलेट जामखोल्ने 9851089410, 9841266950

फ्रिज, वासिङ्गमेशिन, A/C, LEDTV, Microwave ग्यारेन्टी घरमैमर्मत 9851156123

A/c, Fridge, washer, oven, 9841517747

घरैमा LED.Tv, फ्रिज, वासीङमेसिन, 9841296192

TV LED Sony LG Samsung जुनसुकै ब्राण्डको ग्यारेण्टीमर्मत 9851059629

## भर्ना

सजिलो संग अग्रेजी सिक्न 9851045716

## तालिम

निशुल्क मण्टेश्वरी, मोवाईल तालिम 9851003391

डोजर (एस्काभेटर, JCB), फोर्कलिफ्ट अपरेटर तालीमकेन्द्र CTEVT सम्बन्धनप्राप्त: 9851122136

## उपचार

लिङ्गकोसाईज बढाउने Herbal Supplement 9851014602

## बिहावारी

Msc पढेको बधु चाहियो 9861649590

उपत्यकावासी शाक्य/बज्राचार्यमा २२देखी ३४वर्ष BBS/MBA, Doctor/engineer स्वदेश/विदेश बरबधुमा, 9808475714

# बर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ०१-५१९९६११/९८५११७८८३० | अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० | गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |
| जिरो मिडिया | अनामनगर | ४२२०३२७ | पशुपति विज्ञापन सेवा | सोह्रखुट्टे चोक | ९८६६४३०१५५, ९८१३६३५६०९ | आर्क मिडिया | सुन्धारा | ०१-५७१३९७१, ९८५१२२८२२८ |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ०१-४१०४२३७, ९८५१०२११७२ | मरमिड | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ | भिजन एडभरटाइजिङ्ग | कलंकी | ४०३२०४२, ९८५१०९६०४४ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ४८२३१२५, ९८४३७८७५५६ | निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१९५७ | अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१ | सेढाई स्टेशनरी | बसुन्धरा | ४३५६४७५ | माउण्टेन एर एड | एकान्तकुना, नख्खु | ५५३३७६६, ९८४९६६९४६५ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८६३३३७२१७ | नेपाल मिडिया कन्सर्ल्ट | अनामनगर | ४१०२८२८ | लुमिनेन्ट एड एजेन्सी | कुमारीपाटी | ०१-५५२५५५०, ९८५११९५५२५ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ | सूर्य विनायक साइबर | सूर्यविनायक | ५०९२६७४, ९८४१९७०८४१ | सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| मेमोरेक्स मिडिया | धापाखेल | ९८४१५३२९३३ | डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ | अंकुर मिडिया हाउस प्रा.लि. | गठ्ठाघर | ६६३३५५८, ९८५११५२०५६ |
| गोर्खा न्यूज एण्ड स्टेशनरी | सोह्रखुट्टे चोक | ४३५५७६० | स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९७४१०१७२५३ | सेभेन24 प्रा.लि. | जावलाखेल, लपु | ५५३५९२४, ५५४७७९७ |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१ | प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ | मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ | किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ | सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१९५४००७, ०१-५१००४७० |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ४३७२३३०, ९८४९९६५२९३ | कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४४१४९२२, ९८४१४७८६०० | गणेश पुस्तक | कांकडभित्ता | ९८४२६३३४०६, ०२३-५६३१०९ |
| बि. एण्ड बि. कम्यूनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ | मिडिया वे प्रा.लि. | नयाँबजार | ४३८७८५५, ९८४१५१७०४५ | मुनाल पुस्तक पसल | गाईघाट | ९८४२८७५५५५, ०३५-४२०१२५ |
| लोटस कम्युनिकेशन | गोंगबु, नयांवसपार्क | ४३६४७५१ | न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९८४१३२३८२८ | श्रेष्ठ बुक्स एण्ड स्टेशनरी | दमक | ०२३-५८४१२५, ९८४२६२०७५७ |
| विडलिंक मिडिया | पु. बानेश्वरचोक | ४४९२३०९, ९८४९९६०६१४ | दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० | के.डि.ए. सप्लायर्स एण्ड एड | भरतपुर | ०५६-५७२१०९, ९८४५१९९३६१ |
| | | | क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४३८३४५२ | चितवन एडभरटाइजिङ्ग | भरतपुर | ०५६-५३१००८, ९८५५०६३४०७ |

बर्गीकृत डिस्प्ले
श्याम/श्वेत रू. ३०००/-
स्पट कलर रू. ३५००/-
मल्टी कलर रू. ५०००/-

बर्गीकृत विज्ञापन
साधारण प्रति शब्द रू. ४५/-
बोल्ड प्रति शब्द रू. १००/-

* मू.अ.क. बाहेक



**कपडामा कला**

ललितपुर ज्यागलमा साडीमा कडाइ गर्दै युवक ।



## 'आर्थिक वृद्धिदर ६ प्रतिशत मात्रै'

काठमाडौं (कास)- अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) ले यस वर्ष नेपालको आर्थिक वृद्धिदर ६ प्रतिशत मात्रै हुने प्रक्षेपण गरेको छ। 'आर्टिकल फोर' अध्ययनका लागि नेपालमा आएको आईएमएफको टोलीले शुक्रबार गरेको पत्रकार सम्मेलनमा यस्तो जानकारी दिइयो। यो प्रक्षेपण सरकारले गरेको अनुमानभन्दा २.५ प्रतिशत विन्दुले कम हो।

सरकारले ८.५ प्रतिशतको आर्थिक वृद्धि प्राप्ति गर्ने लक्ष्य बजेट वक्तव्यमार्फत निर्धारण गरेको छ। सरकारले पुँजीगत (विकास बजेट) खर्च गर्न नसक्दा ६ प्रतिशतमा सीमित हुने आईएमएफको भनाइ छ। हालसम्म पुँजीगत खर्च करिब १५ प्रतिशत हाराहारीमा छ।

राजनीतिक स्थायित्व, पुनर्निर्माण र विद्युत्को सहज आपूर्ति भए पनि विकास खर्चका कारण वृद्धिदर कम भएको बताइएको छ। लाउरा जस्माइलो नेतृत्वमा आएको आईएमएफको टोलीले अर्थमन्त्री युवराज खतिवडा, गभर्नर चिरञ्जीवी नेपाल र धितोपत्र बोर्ड एवं निजी क्षेत्रका अधिकारीहरूसँग भेट गरी नेपालको वित्तीय अवस्थाबारे जानकारी लिएको थियो।

सरकारी तथा निजी क्षेत्रका अधिकारीहरूसँगको भेटमा टोलीले वित्तीय संस्थाका केही विकृतिका विषय पनि औंल्याएको थियो। बैंक तथा वित्तीय संस्थाले ऋणको ब्याज तिर्नकै लागि थप ऋण दिई खराब कर्जा लुगाउने प्रवृत्ति बढेको आईएमएफको भनाइ छ। बहुसंख्यक बैंक तथा वित्तीय संस्थाले यस्तै काम गर्दै आएकाले समग्र नेपाली बैंकको खराब कर्जा २ प्रतिशतभन्दा कम रहेको आईएमएफको निष्कर्ष छ। 'आर्टिकल फोर' अध्ययनका लागि नेपालमा आएको टोलीले सरोकारवालासँगको छलफल र त्यसपछिको विस्तृत विवरणसहितको प्रतिवेदन पछि सार्वजनिक गर्छ। दुई साताअघि नेपाल आएको टोलीले अध्ययन पूरा गरिसकेको जनाएको छ। आईएमएफ टोली आफ्ना सदस्य राष्ट्रमा अध्ययनका लागि हरेक वर्ष जान्छ। टोलीले सदस्य राष्ट्रको वित्तीय नीति, मौद्रिक नीति, वास्तविक क्षेत्र र बाह्य क्षेत्र अर्थात् अर्थतन्त्रका चार वटै क्षेत्रको बृहत् अध्ययन गरी प्रतिवेदन तयार पार्ने गरेको छ।

# प्रदेश १ लाई स्विस सरकारको १ अर्ब अनुदान

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेश सहयोग कार्यक्रम कार्यान्वयन गर्नेछ

**देवनारायण साह** (मोरङ)

प्रदेश १ सरकारलाई स्विट्जरल्यान्ड सरकारले १ अर्ब रुपैयाँ अनुदान सहयोग दिएको छ। स्विट्जरल्यान्डले 'प्रदेश सहयोग कार्यक्रम'अन्तर्गत उक्त अनुदान दिएको हो।

प्रदेश १ स्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा शुक्रबार आयोजित कार्यक्रममा अर्थ मन्त्रालयका अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाका सहसचिव श्रीकृष्ण नेपाल र नेपालका लागि स्विट्जरल्यान्डकी राजदूत एलिजाबेथ भन क्याप्लरले द्विपक्षीय सम्झौतापत्रमा हस्ताक्षर गरे। हस्ताक्षर कार्यक्रममा अर्थमन्त्री युवराज खतिवडा, मुख्यमन्त्री शेरधन राईलगायत प्रदेश १ सरकारका मन्त्रीहरूको उपस्थिति थियो। प्रदेश सहयोग कार्यक्रमका लागि स्विट्जरल्यान्ड सरकारको १ अर्ब र प्रदेश सरकारको २० करोड रुपैयाँ रहेको प्रदेश १ का प्रमुख सचिव सुरेश अधिकारीले जानकारी दिए।

कार्यक्रमअन्तर्गत प्रदेश सरकारलाई समतामूलक विकास अघि बढाउन तथा सार्वजनिक सेवा प्रवाह गर्न सक्षम बनाउने सम्झौतापत्रमा उल्लेख छ। प्रदेश र स्थानीय सरकारबीच रणनीतिक साझेदारी अभिवृद्धि गर्न सहयोग गर्ने कार्यक्रमको उद्देश्य हो। कार्यक्रमले संस्थागत क्षमता विकासका लागि लक्षित प्राविधिक सहयोग, क्षमता अभिवृद्धि, तालिम, प्रशिक्षणका साथै प्रदेश सरकारको समग्र कार्यान्वयन क्षमता विकास गर्न सघाउने प्रमुख सचिव अधिकारीले बताए। कार्यक्रमअन्तर्गत सूचना प्रविधिको व्यापक प्रयोगसँगै विद्युतीय सुशासन तथा डिजिटल प्रदेशको अवधारणालाई संस्थागत गराउन पनि सघाउ पुग्ने उनको भनाइ छ।

प्रदेश सहयोग कार्यक्रम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कार्यान्वयन गर्नेछ। 'कार्यक्रमलाई आवश्यक मार्गदर्शनका लागि मुख्यमन्त्री राईको अध्यक्षतामा एक निर्देशक समिति रहनेछ,' सम्झौतापत्रमा भनिएको छ, 'समितिका सदस्यमा आर्थिक मामिला तथा योजनामन्त्री, आन्तरिक मामिला तथा कानुनमन्त्री, भौतिक पूर्वाधार विकासमन्त्री, प्रदेश योजना आयोगका उपाध्यक्ष, प्रमुख सचिव, नगरपालिका प्रमुख, उपप्रमुख, गाउँपालिका अध्यक्ष र उपाध्यक्ष १/१ जना र स्विस सरकार विकास सहयोगका प्रतिनिधि रहनेछन्।' कार्यक्रम संघीयता कार्यान्वयनमा कोसेढुंगा बन्ने मुख्यमन्त्री राईले बताए। 'प्रदेश १ संघीयता कार्यान्वयनका लागि सबभन्दा पहिले वैदेशिक अनुदान प्राप्त गर्न सफल भएको छ,' उनले भने, 'प्रदेशको आवश्यकता पहिचान गरी संघीय सरकारबाट पूर्वसहमति लिई प्राप्त अनुदान सहयोगले प्रदेश सरकारको समग्र क्षमता अभिवृद्धिका लागि ठोस आधार निर्माण भएको छ।'

प्रदेश सरकारले प्रदेश सहयोग कार्यक्रमको अवधारणापत्र ०७५ साउन १४ को मन्त्रिपरिषद् बैठकले स्वीकृत गरी कात्तिक १५ मा संघीय सरकारको अर्थ मन्त्रालयबाट सैद्धान्तिक सहमति प्राप्त गरेको थियो। त्यसपछि प्रदेश सरकारले संघीय सरकारमार्फत स्विट्जरल्यान्ड सरकारसँग सहमति गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले विस्तृत परियोजना प्रस्ताव तयार गरेको थियो।



**स्विट्जरल्यान्ड सरकारले दिएको अनुदान सहयोगसम्बन्धी सम्झौतामा शुक्रबार हस्ताक्षर गरिँदै।** *तस्बिर : देवनारायण/कान्तिपुर*

**बाँकी पृष्ठ १२**

# ८ हजार २ सय किलोलिटरको पेट्रोल भण्डारण बनाइने

**राजु चौधरी** (काठमाडौं)

सरकारले भारतीय आयल कर्पोरेसन (आईओसी) सँगको सहकार्यमा थप ८ हजार २ सय किलोलिटर क्षमताको पेट्रोल भण्डारण बनाउने भएको छ। मोतीहारी-अमलेखगन्ज पेट्रोलियम पाइपलाइनको दोस्रो चरणअन्तर्गत अमलेखगन्जमा भण्डारण बनाउन लागिएको हो। आईओसीले ४ हजार १ सय र नेपाल आयल निगमले ४ हजार १ सय किलोलिटर क्षतमताको भण्डारण बनाउने उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले जानकारी दिएको छ। भण्डारण निर्माणमा दुवै पक्ष सहमत छन्।


'पुस अन्तिम साता नेपाल-भारत पेट्रोलियम तथा प्राकृतिक ग्याससम्बन्धी जोइन्ट वर्किङ ग्रुपको पहिलो बैठकमा पेट्रोलियम ट्यांकका विषयमा अवधारणा र लागत अनुमान गर्ने निर्णय भएको छ,' नेपालका तर्फबाट बैठकको नेतृत्व गरेका आपूर्ति सहसचिव ध्रुव घिमिरेले भने, 'अब छिट्टै लागत अध्ययन गर्छौं। ४ हजार १ सय किलोलिटर क्षमताको भण्डारणको लागत आईओसीले बेहोर्छ। अर्को निगमले बनाउँछ।'

निगमको अहिले डिजेल, पेट्रोल, मटितेल र हवाई इन्धन गरी करिब ७१ हजार २० किलोलिटर इन्धन भण्डारण क्षमता छ। त्यसले पेट्रोल करिब ६ दिन र डिजेल ८ देखि ९ दिनलाई मात्रै पुग्छ। अमलेखगन्जका हकमा पेट्रोलको भण्डारण क्षमता १ हजार ९ सय ३० किलोलिटर मात्रै छ। दैनिक माग भने तीन सय किलोलिटर छ। माग बढ्दै गएकाले भण्डारण आवश्यक भएको अमलेखगन्ज डिपो प्रमुख प्रदीप यादवले बताए। इन्धन भण्डारण निर्माण छिट्टै सुरु हुने उनले जानकारी दिए।

'आईओसीका कर्मचारीले जग्गा नापिसकेका छन्। अबको दुई-तीन महिनामा काम अघि बढ्छ,' उनले भने। निगमलाई ८ हजार २ सय किलोलिटरको भण्डारण बनाउन करिब दुई बिघा जग्गा चाहिन्छ। अमलेखगन्जमा निगमको १० बिघा जग्गा छ। २ हजार ३ सय किलोलिटरको फायरफाइटिङ ट्यांक निर्माण गरिनेछ। उक्त ट्यांकीमा पानी राखिने यादवले बताए। यीबाहेक २४ वटा 'लोडिङ वे' पनि निर्माण गरिने निगमले जनाएको छ। 'यी सबै निर्माणमा आईओसीले सहयोग गर्ने प्रतिबद्धता जनाएको छ,' उनले भने। मन्त्रालयका अनुसार मोतीहारी-अमलेखगन्ज पेट्रोलियम पाइपलाइन चितवन लोथरसम्म विस्तार गर्न अध्ययन टोली बनाउने सहमति पनि भएको छ। सिलिगुडी-झापा पेट्रोलियम पाइपलाइन निर्माण गर्ने सम्बन्धमा नेपाल-भारत संयुक्त अध्ययन टोली गठन गरी प्राविधिक प्रतिवेदन बनाउनेसमेत निर्णय भएको सहसचिव घिमिरेले बताए। अध्ययन टोलीले तयार पार्ने अध्ययन प्रतिवेदन नेपाल-भारत ज्वाइन्ट वर्किङ ग्रुपमा पेस गरिनेछ।

**सिलगुढी-झापा पेट्रोलियम पाइपलाइनमा भारत सकारात्मक**

**बाँकी पृष्ठ १२**

# उखु बुझाएको दुई सातामै भुक्तानी

**कान्तिपुर संवाददाता** (विराटनगर)

दशकदेखि उखु खेती गर्दै आएका सुनसरी बर्जुका किसान दखाराम चौधरी मिललाई उखु बिक्री गरेको १५ दिन नबित्दै शुक्रबार भुक्तानी पाउँदा गद्गद् भए । उनले घर नजिकको इस्टर्न सुगर मिललाई पुस १४ देखि २३ गतेसम्म २७१ क्विन्टल उखु बेचेका थिए । त्यसको भुक्तानी चौधरीले मिलबाट एकमुष्ट पाएका हुन् ।

'विगतका वर्षमा मिलले उखु बेचेको वर्ष दिन बित्दा पनि भुक्तानी नदिएर दुःख दिन्थ्यो,' उनले भने, 'गत वर्ष उखु बेचेको तीन महिनामा मिलले भुक्तानी दिएको थियो । यसपालि १५ दिनमै भुक्तानी पाइयो ।' उनले ९६ हजार १ सय १३ रुपैयाँ पाएका हुन् । बर्जुकै प्रमोद गुरुङले पनि मिलबाट ३२ हजार ७ सय ७३ रुपैयाँ भुक्तानी लिए । उनले पनि मिललाई उखु दिएको १५ दिन पुगेको छैन । यहीँका पुष्पराज गुरुङले पनि शुक्रबार ६८ हजार ५ सय १ रुपैयाँ उखुको भुक्तानी पाए । उनले इस्टर्न सुगर मिललाई पुस १४ देखि २३ गतेसम्ममा २२० क्विन्टल उखु दिएका थिए ।

'यति छिटो पैसा पाइन्छ भन्ने सोचेकै थिइनँ,' गुरुङले भने । विगतमा भुक्तानी ढिलो पाउँदा खेती गर्ने रुचि हटेको उनको भनाइ छ । यसपालि मिलले समयमै भुक्तानी दिँदा खेती गर्न थप उत्साह थपिएको उनले बताए । सरकारबाट पाउनुपर्ने गत वर्षको २९१ क्विन्टलको अनुदान भने अझै नपाएको उनको गुनासो छ ।

दखाराम, प्रमोद, पुष्पराज मात्र होइन इस्टर्न सुगर मिललाई उखु बेचेका बर्जुका २० जना किसानले शुक्रबार मिलबाट ९ लाख ६८ हजार रुपैयाँ भुक्तानी पाए । मिलले डेढ सातामा पहिलो चरणमा अढाई सय क्विन्टल उखु क्रसिङ गरिसकेको मिलका नायब महाप्रबन्धक कृष्ण गौतमले जानकारी दिए ।



सिन्धुलीको कमलामाई नगरपालिका-४ अन्तर्गत बीपी राजमार्गबाट हिरापानी जोड्ने सडक कालोपत्रे गरिँदै । सडक निर्माण सकिएपछि स्थानीय उत्पादनले सहज बजार पाउनेछ । *तस्बिर : राजकुमार कार्की/कान्तिपुर*

# माथिल्लो कर्णालीले गति लिन सकेन


## ९ सय मेगावाट क्षमताको आयोजनाको काम सुरु नहुँदै १२ वर्षमा आक्रमणका ८ घटना

**ज्योति कटुवाल** (दैलेख)

माथिल्लो कर्णाली जलविद्युत् आयोजना निर्माणको जिम्मा लिएको भारतीय कम्पनी जीएमआरले आफ्नो कार्यालयमा बारम्बार आक्रमण हुँदा निर्माणले गति लिन नसकेको जनाएको छ । ९ सय मेगावाट क्षमताको आयोजनाको काम सुरु नहुँदै १२ वर्षमा ८ आक्रमणका घटना भएपछि निर्माणमा समस्या भइरहेको कम्पनीको भनाइ छ ।

आयोजनाको कार्यालयलाई लक्ष्य गर्दै शुक्रबार राति नेत्रविक्रम चन्द समूहका कार्यकर्ताले बम विस्फोट गराएका छन् । चन्द समूहका कार्यकर्ताले कार्यालय आसपासका क्षेत्रमा नाराबाजीसमेत गरेका थिए । आफूहरूको समूहले विस्फोट गराएको चन्द समूहका अछाम जिल्ला सेक्रेटरी भरत साउदले स्विकारेका छन् । ०६८ वैशाखमा आयोजनाका कर्मचारी चढेका गाडीलाई लक्ष्य गर्दै बम विस्फोटन गरिएको थियो भने जेठ ८ गते कार्यालयमै आक्रमण गरिएको थियो । ०७२ पुस ६ गते आयोजनाको सुर्खेतस्थित कार्यालय र पुस २१ मा काठमाडौंस्थित केन्द्रीय कार्यालयमा आक्रमण भयो ।

०७३ वैशाख ११ मा राकमस्थित रामाघाट खोलामा आयोजनाको गाडीमा तोडफोड गरियो भने माघ ११ गते आयोजना प्रमुख केके शर्मा आक्रमणको सिकार बने । शर्मा आयोजनाको कार्यालय डाबमा जाँदै गर्दा अज्ञात समूहले आक्रमणमा गरेको थियो । ०७४ माघ २७ मा आयोजनाको कार्यालयमै लक्ष्य गरी बम विस्फोट हुँदा विभिन्न संरचनामा क्षति पुगेको थियो । आठबिस नगरपालिका-१ का सुजन शाहीले भने निर्माण कम्पनीको लापरबाहीका कारण कामले गति लिन नसकेको बताए । 'कार्यालय स्थापना भएयता बमकाण्ड दोहोरिइरहेका छन्,' उनले भने, 'कम्पनीले त्यसको निहुँमा काम पछि धकेलिरहेको छ ।' कार्यालयको सुरक्षाका लागि ६० जना सशस्त्र प्रहरीको टोली खटाइएको छ ।



दैलेखस्थित माथिल्लो कर्णाली जलविद्युत् आयोजना बनाउने जिम्मा लिएको कम्पनी जीएमआरको कार्यालय । *तस्बिर : ज्योति/कान्तिपुर*

आयोजना निर्माणको जिम्मा पाएको जीएमआरको म्याद थप नभएको दुई वर्षभन्दा बढी भइसकेको छ । वित्तीय व्यवस्थापन गर्न नसक्दा लगानी बोर्डले जीएमआरको म्याद थप नगरेको जनाएको छ । आयोजना निर्माणका लागि ०७१ असोज ३ मा आयोजना विकास सम्झौता (पीडीए) गरिएको थियो । जीएमआरले बंगलादेशसँग विद्युत् खरिद सम्झौता (पीपीए) को पहल गरिरहेको छ । ५ सय मेगावाट विद्युत् खरिद गर्न बंगलादेश तयार रहेको कम्पनीले जनाएको छ । तत्कालीन प्रधानमन्त्री सुशील कोइराला र भारतीय गृहमन्त्री राजनाथ सिंहको उपस्थितिमा भएको सम्झौताअनुसार ०७७ माघसम्ममा आयोजना निर्माण सम्पन्न भइसक्नुपर्ने थियो । जीएमआर एक वर्षयता कार्यस्थलमा छैन ।

आक्रमणको कारण जनाउँदै अन्य कर्मचारीले कार्यालय छाडेपछि पाँच जना कार्यालय सहायकको भरमा परियोजना छ । बीचैमा मुआब्जा प्रक्रिया स्थगन गरेर फर्किएदेखि जीएमआर आयोजनास्थल नआउँदा स्थानीय अन्योलमा छन् । आयोजनाको काम सञ्चालनमा आउने आस नै मरिसकेको डाबकी माया शाहीले बताइन् । 'आयोजना कहिले बन्छ भन्ने जवाफ कसैले दिँदैनन्,' उनले भनिन् । एक वर्षअघि जीएमआरले ड्याम साइटमा पर्ने दैलेख र अछामका २२० घरधुरीलाई पहिलो चरणमा १३ करोड ६२ लाख रुपैयाँ मुआब्जा वितरण गरेको थियो । ०७४ असार मसान्तभित्र प्रभावित क्षेत्रको जग्गा खरिद गर्ने सम्झौता भए पनि अहिलेसम्म १५ प्रतिशत मात्रै खरिद भएको छ । जीएमआरले ४८.५९ हेक्टर निजी र २६७.१७ हेक्टर सरकारी जमिन उपयोग गर्न पाउनेछ ।

# मोदी प्रसारण लाइन अन्तिम चरणमा

पर्वत (कास)- जिल्लाको देउपुरदेखि कास्कीको लेखनाथसम्मको नयाँ मोदी-लेखनाथ प्रसारण लाइनमा पर्ने न्यु मोदी र लाहाचोक सबस्टेसन निर्माण सकिन लागेको छ । मोदी गाउँपालिका-२ देउपुरस्थित न्यु मोदी सबस्टेसन र कास्कीको माछापुच्छ्रे गाउँपालिका-१ लाहाचोकस्थित सबस्टेसन निर्माण हुँदै छन् ।

मोदीतर्फको सबस्टेसन ८० र लाहाचोक सबस्टेसन निर्माण ८५ प्रतिशत पूरा भएको छ । देउपुरमा ६३ रोपनी क्षेत्रफलमा सबस्टेसन बनेको आयोजना निर्माण पक्षले जानकारी दिएको छ । मोदीको देउपुरमा निर्माणाधीन १३२ केभी क्षमताको न्यू मोदी सबस्टेसनमा सिभिलतर्फको निर्माण कार्य भने ९५ प्रतिशत सकिएको छ । कन्ट्रोल भवन, आवास गृह, पर्खाल र पहुँच मार्गको काम अन्तिम चरणमा रहेको आयोजना प्रमुख रोशन अग्रवालले जानकारी दिए । 'धेरैजसो काम अन्तिम चरणमा पुर्‍याएका छौं,' उनले भने, 'इलेक्ट्रिकतर्फको अलि कम हो, त्यो पनि ७५ प्रतिशतभन्दा बढी छ । सिभिलतर्फको फिनिसिङ मात्रै बाँकी छ ।'

आयोजनाले वातावरणीय प्रभाव मूल्यांकनतर्फ समुदाय साझेदारी सहयोग कार्यक्रम पनि आयोजनासँगै अघि बढाएको छ । यसअन्तर्गत समुदायको मागअनुसार आयोजनाले पातीखोला नियन्त्रणको काम सकेको छ । पातीखोला कटान नियन्त्रणमा मात्रै करिब ४ करोड लगानी भएको आयोजनाले जनाएको छ । साढे ८ हजार घनमिटर ग्याबिन जाली लगाउन ३ करोड ७५ लाख रुपैयाँ खर्च भएको अग्रवालले बताए । यसले पातीचौर हुँदै देउपुर जाने सडक र पातीचौर बजारलाई सुरक्षित बनाएको मोदी-२ देउपुरका वडाध्यक्ष विकास तिमिल्सिनाको भनाइ छ ।

कास्कीको माछापुच्छ्रे गाउँपालिकामा बन्दै गरेको लाहाचोक सबस्टेसनमा आवास गृह प्रयोगमा आइसकेको छ । यसमा कन्ट्रोल भवन र स्विच्यार्ड निर्माण सकिएको आयोजनाले जनाएको छ । ट्रान्सफर्मर जडान र केही सामान्य काम मात्रै बाँकी छ । कास्कीको बिजयपुर खोलामा पुलको समस्याका कारण ट्रान्सफर्मर लेखनाथमै रोकिएको आयोजना प्रमुख अग्रवालले बताए । पर्वत कास्कीको सीमा भएर बग्ने मोदीखोला र कास्कीको सेती तथा मर्दीखोलामा उत्पादित विद्युत् पोखरास्थित सबस्टेसनबाट राष्ट्रिय प्रसारण लाइनमा जोड्न नयाँ प्रसारण लाइन निर्माण गर्न लागिएको हो ।

# सिमेन्टमा नयाँ मापदण्ड

काठमाडौं (कास)- सरकारले ४३ र ५३ ग्रेडका ओपीसी सिमेन्टका लागि छुट्टै नेपाल गुणस्तर मापदण्ड बनाएको छ । ओपीसी सिमेन्टको गुणस्तर पहिचान गर्न गुणस्तर तथा नापतौल विभागले ग्रेड निर्धारण गरेको हो । मापदण्ड शुक्रबार नेपाल गुणस्तर परिषद्को १०२औं बैठकले स्वीकृत गरेको छ । पहिला ३३ ओपीसी सिमेन्टको मात्र नेपाल गुणस्तर मापदण्ड थियो । ओपीसी सिमेन्टको गुणस्तर सुधार गर्न ४३ र ५३ ग्रेड निर्धारण गरिएको विभागले जनाएको छ ।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टको अध्यक्षतामा सम्पन्न परिषद् बैठकले ब्लक र प्यानलको मापदण्ड पनि स्वीकृत गरेको छ । सबै ओपीसी सिमेन्टको गुणस्तर एउटै भएकाले यसलाई छुट्याउन फरकफरक मापदण्ड तयार पारिएको विभागका महानिर्देशक विश्वबाबु पुडासैनीले बताए । 'स्वदेशी सिमेन्ट उद्योगले उत्पादन गरेका ३३ ग्रेडभन्दा माथिका सिमेन्ट बजारमा पाइन्छन् । ती सबै एउटै ग्रेडमा चलिरहेका छन्,' उनले भने, 'अब ३३, ४३ र ५३ गरेर तीन वटा सिमेन्टको ग्रेड निर्धारण गरेका छौं । यसले सिमेन्टको गुणस्तर छुट्याउन सघाउँछ ।'

## अर्थ संक्षेप

### रिचार्जरको बिग सेल




काठमाडौं (कास)- मोबाइल एप रिचार्जरले माघ ६ गते 'रिचार्जरमा बिग सेल २०२०' आयोजना गर्ने भएको छ । भ्रमण वर्ष २०२० लाई लक्ष्य गरी रिचार्जरले सस्तो मूल्यमा विभिन्न वस्तु तथा सेवा उपलब्ध गराउन लागेको हो । ग्राहकले बिगसेलका अवसरमा ६० प्रतिशतसम्म छुट पाउनेछन् ।

### सुरु भयो बिल्डटेक एक्स्पो

काठमाडौं (कास)- निर्माण व्यवसाय विकास परिषद्को आयोजनामा शुक्रबारदेखि भक्तपुर सल्लाघारीमा 'नेपाल बिल्डटेक एक्स्पो २०२०' सुरु भएको छ । तीनदिने प्रदर्शनीमा निर्माण उपकरण, इन्टेरियर डिजाइनका सामग्री, फर्निचरसहित समग्र निर्माण उद्योग र प्रविधिसम्बन्धी १६० भन्दा बढी स्टल छन् । उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेलले मेलाको उद्घाटन गरे ।

### डिस होमको 'र्‍याम्स'




काठमाडौं (कास)- डिसहोमले २ देखि १२ वर्षसम्मका बालबालिका लागि मनोरञ्जन दिने र्‍याम्स च्यानलमार्फत प्रारम्भिक शिक्षण आधार तयार पारेको छ । च्यानलमा बालबालिकाले घरमै बसेर पढ्न र सिक्न सक्ने वातावरणका लागि अंग्रेजी, गणितलगायत विषयका साथै मनोवैज्ञानिक सामग्री प्रसारण गरिने कम्पनीले बताएको छ ।

### भूकम्प सुरक्षामा जगदम्बाको सहकार्य



काठमाडौं (कास)- 'भूकम्प सुरक्षा प्रदर्शनी' कार्यक्रममा जगदम्बा सिमेन्टले सहकार्य गरेको छ । सरकार तथा नेसनल सोसाइटी फर अर्थक्वेक टेक्नोलोजी-नेपाल (एनसेट नेपाल) ले बिहीबारदेखि शनिबारसम्म राष्ट्रिय सभागृहमा आयोजना गरेको प्रदर्शनी कार्यक्रममा कसरी सुरक्षित निर्माण बनाउने भन्नेबारे जानकारी प्रदान गरेको छ ।

### कनेक्ट आईपीएसको १२ अर्ब कारोबार

काठमाडौं (कास)- नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसीएचएल) ले सञ्चालन गर्दै आएको कनेक्ट आईपीएस ई-पेमेन्ट प्रणालीमार्फत भएको मासिक कारोबार पुसमा १२ अर्ब रुपैयाँभन्दा बढी पुगेको छ । एनसीएचएलका लागि ०७५ वैशाखबाट प्रारम्भिक सञ्चालनमा आएदेखि पुसमा सबैभन्दा बढी कारोबार भएको छ । चालु आवको पुस अन्तिमसम्मको कारोबार ४२ अर्ब रुपैयाँ बराबर रहेको कम्पनीले बताएको छ । कनेक्ट आईपीएसअन्तर्गत अनलाइन फन्ड ट्रान्सफर, पेमेन्ट प्रोसेसर (गेटवे), क्रेडिट कार्ड, बिल भुक्तानीलगायत सुविधा उपलब्ध छन् ।

# ८ हजार २ सय...

झापा र धनुषामा निगमले बनाउने बोटलिङ प्लान्ट निमार्णमा पनि आईओसीले प्राविधिक सहयोग गर्ने प्रतिबद्धता जनाएको छ । बोटलिङ प्लान्ट निर्माणका लागि आयल निगमले विस्तृत अवधारणापत्र तयार गरी आईओसीलाई उपलब्ध गराउने सहमति भएको घिमिरेको भनाइ छ । निगमले ६ हजार टन क्षमताको प्लान्टको तयारी गरेको छ । ग्यास प्लान्टको सम्भावयता अध्ययन गर्न निगमले टेन्डर गरिसकेको छ । टेन्डरका क्रममा चीनदेखि इरानसम्मका १३ कम्पनीले प्रस्ताव पेस गरेका छन् । ती कम्पनीको मूल्यांकनमा भने ढिलाइ भएको छ । छानिएका कम्पनीले माटो परीक्षण, वातावरणीय मूल्यांकन, पुनर्वास अध्ययन, फ्रन्ट इन्ड इन्जिनियरिङ डिजाइन, सजावट तयारी, अग्नि सुरक्षा प्रणाली, लागत खर्चलगायतको अध्ययन गर्छन् । अध्ययनको प्रतिवेदनपछि विस्तृत अवधारणा आईओसीलाई पेस गरिनेछ । त्यसकै आधारमा आईओसीले पनि प्राविधिक सहयोग गर्ने जनाएको छ । हाल व्यवसायीबाहेक सरकारसँग ग्यास भण्डारण छैन । सरकारले ग्यास प्लन्ट राख्ने तयारी गरेपछि ग्यास उद्योगीहरूले भने आपत्ति जनाएका छन् ।

# रिडी मेलामा घरेलु उत्पादन

**माधव अर्याल** (रुरु क्षेत्र)

बाँसका दुई सय नाङ्ला बोकेर रैनादेवी छहरा-६ जुठापौवा पाल्पाका जेनबहादुर खाम्चा रिडी मेला पुगेका छन् । आफूले बुनेकाबाहेक गाउँका अरूले बुनेका पनि खरिद गरेर उनले मेला लगेका हुन् । रिडी बगरमा बेच्न राखिएका तिनै नाङ्ला किन्न अहिले गृहिणीको भीड लागेको छ ।

'आफैंले मात्र बुनेर कहाँ सकिन्छ छ र ?' उनले भने, 'अरूले बुनेका पनि किनेर ल्याएको हुँ ।' उनी मात्र होइन, जुठापौवाकै देवी सारू पनि आफ्ना र अरूका नाङ्ला किनेर व्यापार गर्न मेलामा पुगेकी छन् । उनले अघिल्लो वर्ष १२५ नाङ्ला बेचेकी थिइन् । यस वर्ष १५० वटा ल्याएकी छन् । 'अघिल्लो वर्ष एउटा पनि फिर्ता लग्नुपरेको थिएन,' बिहीबार मेलामा भेटिएकी उनले भनिन्, 'यस वर्ष व्यापार कस्तो हुने हो ? थाहा छैन ।'

गुल्मी उद्योग वाणिज्य संघ रिडी शाखाले रुरु महोत्सव आयोजना गरेको छ । पाल्पाको जुठापौवाबाट मात्र सयभन्दा बढीले नाङ्ला लिएर रिडी मेला आएका छन् । यसबाट उनीहरूको घरखर्च चल्छ । ३ सयदेखि ५ सय रुपैयाँसम्ममा नाङ्ला बिक्री हुन्छन् ।

रिडी मेला घरेलु उत्पादनको प्रदर्शन र बिक्री गर्ने प्रमुख थलो बनेको छ । 'हामी धेरै मेला डुल्छौं तर रिडीमा जस्तो घरेलु उत्पादनको बिक्री अन्यत्र कमै हुन्छ,' रेवतीरमण ज्ञवालीले भने, 'रिडी मेलामा घरेलु उत्पादन किन्न भनेरै मानिस यहाँ आउँछन् ।' बाँसबाट बुनिएका डोको, डाला, काइँयो, भकारी, ढाकर किन्न धेरै गृहणी रिडी आउने उनले जानकारी दिए ।

बाग्लुङबाट बाँसको डाला लिएर आएका मनबहादुर थापा मगर पनि घरेलु सामग्री बेचेर ३० देखि ५० हजार रुपैयाँसम्म कमाउने सोचमा छन् । उनले ल्याएका डाला ५ सयदेखि ८ सय रुपैयाँसम्मका छन् । मेलामा गुल्मीको उखुबाट बनाएको गुड पनि राखिएको छ । उखुभन्दा पनि गुडको बिक्री राम्रो रहेको थोर्गाका तिलकराम ज्ञवालीले बताए । मेलामा १० टनभन्दा बढी खुदो र गुड बिक्री हुने उनको भनाइ छ ।



रिडी मेलामा बाग्लुङबाट बेच्न ल्याइएका बाँसका डाला किन्दै ग्राहक । *तस्बिर : माधव/कान्तिपुर*

रिडी मेलामा पूर्वी रुकुम र जुम्लाबाट ल्याइएका काम्लो, राडीपाखी पनि बिक्रीमा राखिएका छन् । जाडो मौसममा व्यापार राम्रो हुने भएकाले रुकुमबाट काम्लोको व्यापार गर्न टोली नै रिडी आउने गर्छन् । आफूहरूको प्रमुख पेसा र आर्थिक स्रोत नै काम्लो भएकाले बिक्रीका लागि रुकुमबाट रिडी आएको लालकुमारी बुढा मगरले बताइन् । उनीसहित सय जनाभन्दा बढी मानिस काम्लो लिई यहाँ आएका छन् । उनीहरूले ओखरको घाँजी मात्रै ४० डोको ल्याएका छन् । गुल्मीका कृषि तथा घरेलु उत्पादन पनि मेलामा राखिएको छ ।

# प्रदेश १ लाई...

उक्त प्रस्ताव प्रादेशिक मन्त्रिपरिषद्ले ०७५ चैत २१ मा स्वीकृत गरी संघीय सरकारमा पठाएको थियो । संघीय मन्त्रिपरिषद्ले ०७६ मंसिर २३ गते स्वीकृति प्रदान गरेपछि सम्झौता भएको हो । नेपालका लागि स्विट्जरल्यान्डकी राजदूत क्याप्लरले यो सहयोग नेपालमा संघीयता कार्यान्वयनका लागि प्रभावकारी हुने दाबी गरिन् । 'यसले प्रदेश सरकारको वैदेशिक सहयोग प्राप्तिको बाटो खुलेको छ,' उनले भनिन् ।

**एमसीसी ग्रान्ट मुलुकको आवश्यकता** : अर्थमन्त्री

यसैबीच अर्थमन्त्री खतिवडाले अमेरिकाले मिलेनियम च्यालेन्ज कर्पोरेसनअन्तर्गत दिएको अनुदान मुलुकको आवश्यकता र प्राथमिकताका आधारमा स्वीकार गरिएको बताएका छन् । यसमा राजनीतिक विवाद गर्नु आवश्यक नभएको उनको भनाइ छ ।

'लोकतान्त्रिक व्यवस्थाबाट जनताले गरेको अपेक्षा पूरा गर्नु अहिलेको सरकारको दायित्व हो । मुलुकमा राजस्वको दायरा सीमित रहेकाले विदेशी सहयोग आवश्यक छ,' खतिवडाले भने, 'विदेशी सहयोग लिनेमा कहीँकतै राष्ट्रिय सुरक्षा, स्वतन्त्रता र स्वाधीनतामा हस्तक्षेप हुँदैन ।' विदेशी सहायता दिँदा दातृ निकायले मानव अधिकार, लोकतान्त्रिक, पारदर्शिता, वातावरणजस्ता सर्त राख्ने गरेको खतिवडाले बताए । 'एमसीसीमा पनि त्यस्तै सर्त छन्,' उनले भने, 'अमेरिकाले दिएको अनुदान निश्चित क्षेत्रमा निश्चित समयभित्र कार्यान्वयन गर्ने जस्ता सर्त राखेकाले यसमा अनावश्यक राजनीतिक विवाद गर्नु हुँदैन ।'

अल्पविकससित मुलुकको सूचीमा नेपाल रहेकाले अनुदान पाउने अधिकार पनि भएको उनले प्रस्ट्याए । 'अहिले नै विदेशी सहायता अस्वीकार गर्दा हतारो र प्रत्युत्पादक हुन जान्छ,' उनले भने, 'पर्यावरणलगायत क्षेत्रमा विश्वव्यापी प्रभाव पार्ने देशबाट हामीजस्ता मुलुकले सहयोग लिनुपर्छ ।'

## सुचिकृत हुने सम्बन्धि सुचना

नेपाल बालमजदूर सरोकार केन्द्र (CWIN-Nepal) ले यही सन् २०२० मा संचालन गर्ने विभिन्न कार्यक्रमहरूका लागि आवश्यक पर्ने निम्न बमोजिमका सामाग्री तथा सेवा आपुर्ति गर्न इच्छुक विक्रेता, संघ सस्था, श्रोत व्यक्ति, होटेल तथा अन्य इच्छुक सेवा प्रदायकहरूलाई यस संस्थामा सुचिकृत हुनको लागि यो सुचना प्रकाशित गरिएको छ ।

दरखास्त बुझाउने मिति : २०२० जनवरी ३१, ५:०० बजे सम्ममा

आपुर्ति गरिने सामाग्रीहरू/सेवा :-

- स्टेशनरी तथा मसलन्द, पाठ्य पुस्तक तथा पत्र-पत्रिका, लत्ताकपडा/स्कूल ड्रेस, जुत्ता चप्पल खेलकुद सामाग्री, रंग रोगन तथा अन्य शैक्षिक सामाग्री सम्बन्धि सेवा प्रदायकहरू
- ल्यापटप, कम्प्युटर, मोबाईल, प्रिन्टर, फोटोकपी तथा अन्य विद्युतिय सामाग्री तथा पार्टपुर्जाहरू, सोलार प्रणालीका सामाग्री तथा जडान सेवा प्रदायकहरू, इन्टरनेट रेडियो तथा टिभि सेवा प्रदायकहरू,
- फर्निचर, पर्दा, कार्पेट तथा अन्य आन्तरिक सजावट सामाग्रीका सेवा प्रदायकहरू, विद्यालय (डेक्स, बेन्च) का समानहरूको निर्माता तथा सेवा प्रदायकहरू
- औषधी, प्राथमिक उपचारका औषधी, स्वास्थ्य संस्था सम्बन्धि उपकरण, औजार तथा अन्य सामाग्रीका सेवा प्रदायकहरू,
- यातायात सेवा, हवाई टिकेटीङ्ग/ट्राभल एजेन्सी, गाडी मर्मत सम्बन्धि सेवा प्रदायक
- छापाखाना/प्रकाशनको - डिजाइन तथा छपाई सम्बन्धि सेवा प्रदायकहरू
- सेमिनार, मिटिङ्ग, गोष्ठि तथा तालिम संचालनार्थ खाना तथा हल सेवा प्रदायकहरू, पाकेट खाजा, खानाको सेवा प्रदायकहरू, होटल सेवा प्रदायकहरू
- खाद्यान्न सप्लाई, खानेपानी ढुवानी सम्बन्धि सेवा प्रदायकहरू
- सीपमूलक तालिम सेवा प्रदायक संस्था
- हार्डवयर सामाग्री, ट्रस निर्माण तथा जडान सेवा, आल्मोनियम पार्टिसन निर्माण तथा जडान सेवा, किचेनवयर सामाग्री सम्बन्धि सेवा प्रदायकहरू
- बालअधिकारका विषयमा विज्ञव्यक्ति/अनुसन्धान कर्ता/अनुगमन कर्ता, श्रव्य दृष्य निर्माण सम्बन्धी सेवा प्रदायक

संलग्न गर्नु पर्ने कागजातहरू :-

१. संस्थाको हकमा :- दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र, नविकरण प्रमाण पत्र, पान/भ्याट प्रमाण पत्रहरू
२. विज्ञव्यक्तिको हकमा :- व्यक्तिगत विवरण, पान, भ्याट दर्ता प्रमाण पत्रहरू ।

आबेदन बुझाउन सकिने स्थानहरू :-

सिविन-नेपालको केन्द्रीय कार्यलय, रविभवन,काठमाडौं ४२८२२५५,
दोलखा सम्पर्क कार्यलय ०४९-४२१७६०, बाँके सम्पर्क कार्यलय ०८१-५२७१००,
कास्की सम्पर्क कार्यलय ०६१-४६७७७५, कैलाली सम्पर्क कार्यलय ०९१-५२५६००,
मोरङ्ग सम्पर्क कार्यलय ०२१-४६२७००, मकवानपुर सम्पर्क कार्यलय ०५७-५२०१०२,
म्याग्दी सम्पर्क कार्यलय ०६९-५२१२८५/ इमेल : cwinprocurement@gmail.com

## Invitation for Sealed Bids

Sanima Bank Ltd. invites sealed bids from interested contractors for its upcoming Faika extension counter at Kapan, Kathmandu with the following terms and conditions.

- Bidder company/firm should be registered with the Government of Nepal and should have updated company/firm registration certificate and latest tax clearance status.
- At least 3 years of work experience in the interior works of 'A' class Commercial Bank.
- Each Bidder should submit a bid bond with validity of 1 month/cash deposit in the bank of 5% of total bid value.

The bid documents with specifications and other details for the interior works in the branch may be obtained from Bank's General Service Department, Head Office during office hours till January 23, 2020 except public holidays upon payment of NPR 2,000/- (non-refundable).

Original signed copies of all the bid documents along with copies of related certificates should be submitted to the Bank's General Service Department in a sealed envelope by 2.00 P.M. on January 24, 2020.

The bid documents will be opened at 3.00 P.M. on January 24, 2020 at the bank with/without presence of the bidders.

The bank reserves the right to accept or reject any or all bids without assigning any reason whatsoever.

Sanima Bank www.sanimabank.com

Alakapuri, Naxal, Kathmandu | Tel No.: 01-4428979/80 | Email: sanima@sanimabank.com

# 'एमसीसीमा सैन्य...

एमसीसी सम्झौता संसद्बाट अनुमोदन हुनुपर्ने प्रावधानमाथि समेत आलोचना भइरहेको छ। यस सम्बन्धमा दूतावासले भनेको छ, 'एमसीसीले काम गर्ने प्रत्येक मुलुकमा झैं नेपालमा पनि संसदीय अनुमोदन जरुरी छ। यसबाट पारदर्शिता स्थापित हुन्छ र नेपालीलाई परियोजनाबारे बुझ्ने अवसर पनि प्राप्त हुन्छ।'

एमसीसी परियोजनाको कुनै अदृश्य स्वार्थ नभएको दूतावासले जनाएको छ। 'यो ५० करोड डलरको अनुदान हो, जसमा कुनै स्वार्थ छैन, ब्याजदर छैन वा कुनै लुकेको प्रावधान छैन,' विज्ञप्तिमा भनिएको छ, 'नेपालले गर्नुपर्ने भनेको सहमति भइसकेका परियोजनामा पारदर्शी रूपमा खर्च गर्न प्रतिबद्ध हुनु मात्र हो।' अमेरिकी दूतावासले एमसीसीमा सहभागी हुन नेपालले कतै पनि सम्मिलित हुनु वा हस्ताक्षर गर्नु नपर्ने पनि जनाएको छ।

नेपालका हरेक सरकार र सत्तामा छँदा राजनीतिक दलले विगतमा आर्थिक विकासका लागि एमसीसी कम्प्याक्ट गर्ने इच्छा व्यक्त गरेको उल्लेख गर्दै दूतावासले भनेको छ, 'नेपालको नेतृत्वको आग्रहमा अमेरिकी सरकारले सन् २०१२ मा नेपालसँग सहकार्य गर्दै एमसीसी परियोजना विकास गर्ने कार्य थालनी भएको हो।' एमसीसीले नेपालमा कुन परियोजनामा खर्च गर्ने भन्ने विषय आफ्नै प्राथमिकताका आधारमा नेपालीले नै प्रस्ताव र निर्क्योल गरेको दूतावासले जनाएको छ।'

एमसीसी परियोजनामा नेपालीलाई नेतृत्व गर्न नदिने प्रावधान रहेको भनी उठेको टिप्पणीमा दूतावासले भनेको छ, 'एमसीसी सम्झौताको प्रावधानअनुसार परियोजना कार्यान्वयनको नेतृत्व गर्न नेपालले नेपालीलाई नै लगाउनु आवश्यक छ।' एमसीसी परियोजनाका टेन्डरहरू खुला, पारदर्शी र सबैका लागि उपलब्ध हुने विज्ञप्तिमा उल्लेख गरिएको छ। एमसीसीबारे जिज्ञासा भए 'एमसीसी डट जीओभी' मा गई सबै जानकारी लिन वा आफ्नो सूचना अधिकृत एड्रिया डी आरमेन्टसँग सम्पर्क गर्न पनि दूतावासले आग्रह गरेको छ।

# फेरि हिमपात र वर्षा...

घटनास्थलमा प्रहरी चौकी लार्केका प्रसनि प्रेमबहादुर बानियाँको कमाण्डमा प्रहरी खटाइसकिएको अधिकारीले बताए। हिमालबाट आएको हिमपहिरो नभई स्थानीय पहाडमा अत्यधिक हिमपातपछि पहिरो आएको प्रहरीले जनाएको छ।

**औसतभन्दा बढी वर्षा**

जल तथा मौसम पूर्वानुमान महाशाखाका अनुसार यो बर्षको हिउँदमा विगत भन्दा बढी हिमपात र वर्षा भएको छ। न्यूनचापीय प्रणाली बिहीबार दिउँसो नै सूदूरपश्चिम क्षेत्रमा प्रवेश भएसँगै वर्षा सुरु भएको थियो। काठमाडौंसहित मध्य र पूर्वी भागमा शुक्रबार बिहान पानी पर्न थालेको हो। पश्चिम क्षेत्रका तुलनामा पूर्वी भागमा कम वर्षा भएको छ। हिमपात पनि पश्चिमका उच्च पहाडी र हिमाली भागमा बढी छ।

काठमाडौंमा एक दिनमै औसतभन्दा चार गुणा बढी वर्षा भएको छ। जनवरीमा काठमाडौंमा औसत १४.४ मिलिमिटर पानी पर्ने तथ्यांक छ। तर शुक्रबार एकै दिन ४८ मिलिमिटर वर्षा भएको छ। शुक्रबार काठमाडौंसहित देशैभर निरन्तर वर्षा भएको छ। सुर्खेतको वीरेन्द्रनगरमा सबभन्दा बढी ६० मिलिमिटर पानी परेको जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। महाशाखाका वरिष्ठ मौसमविद् बरुण पौडेलले यो वर्षको हिउँदमा देशैभर औसतभन्दा बढी वर्षा भएको बताए। 'पटकपटक न्यूनचापीय प्रणाली विकसित भएकाले बढी पानी परेको हो,' उनले भने।

पश्चिम क्षेत्रमा शनिबार बिहानदेखि र काठमाडौंसहित मध्य र पूर्वी भागमा अपराह्नदेखि मौसममा सुधार आउने पौडेलले बताए। महाशाखाका अनुसार शनिबार दिउँसो पहाडी भूभागका थोरै स्थानमा हल्का वर्षा हुने देखिन्छ भने पश्चिमी उच्च पहाडी तथा हिमाली भेगका केही स्थानमा हिमपातको सम्भावना छ। राति पश्चिमी पहाडी भूभागका थोरै स्थानमा हल्का वर्षा हुन सक्नेछ। यस्तै आइतबार दिउँसो पहाडी भूभागका थोरै स्थानमा हल्का वर्षा हुन सक्ने र राति मौसममा केही सुधार आउन सक्ने देखिएको छ।



कपिलवस्तुको तौलिहवा बजारमा झरीमा रुझेर साइकलमा गन्तव्य जाँदै दम्पती। *तस्बिर : मनोज पौडेल/कान्तिपुर*

**उडान प्रभावित**

काठमाडौं अवतरण हुनुपर्ने चारवटा अन्तर्राष्ट्रिय उडान शुक्रबार अन्यत्रै डाभइर्ट गरिए। कम्तीमा ३७ वटा आन्तरिक उडान रद्द भए। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका प्रवक्ता देवचन्द्रलाल कर्णका अनुसार थाइल्यान्डको राजधानी बैंककबाट आएको थाई एयर काठमाडौंमा अवतरण हुन नसकेपछि बंगलादेशको राजधानी ढाका फर्किएको थियो। थाईको टीजी-३१९ उडान नम्बरको जहाजले काठमाडौं विमानस्थलमा अवतरणका लागि दुईपटक प्रयास गरेको थियो। विमान साँझ ढाकाबाट फेरि बैंककतर्फ फर्कियो।

बैंककबाटै आएको थाई लायनको अर्को विमान नेपालको सिमानाभित्र आएर भारतको कोलकाता फर्किएको थियो। त्यसैगरी, तिब्बतको ल्हासाबाट काठमाडौं आउने क्रममा रहेको तिब्बत एयरको जहाजले काठमाडौंको मौसम सुधार नभएपछि उडान रद्द गरेको थियो। भारतको राजधानी नयाँदिल्लीबाट आएको इन्डिगो एयरको जहाज पनि नेपाली सिमाभित्र छिर्नुअघि नै दिल्ली फर्किएको थियो। आन्तरिक उडानतर्फ काठमाडौंबाट पहाडी भेगलगायत स्थानका लागि तय भएका ३७ उडान स्थगित भए।

## यूएईको बस दुर्घटना

# तीन नेपाली महिलाको मृत्यु

काठमाडौं (कास)- संयुक्त अरब इमिरेट्स (यूएई) को राजधानी आबुधाबीस्थित शेख जायद विन सुल्तान सडकमा बिहीबार बिहान भएको बस दुर्घटनामा तीन नेपाली महिलासहित ६ जनाको ज्यान गएको छ। दुर्घटनामा घाइते १३ जना नेपाली महिलाको अस्पतालमा उपचार भइरहेको छ। आबुधाबीस्थित नेपाली दूतावासका अनुसार झापाकी कृष्णकुमारी अधिकारी, बाराकी अमिसा मोक्तान र प्यूठानकी भावना कुँवरको मृत्यु भएको हो। दुर्घटनामा पाकिस्तानी ड्राइभर, एक अफ्रिकी र एक श्रीलंकाली महिलाको मृत्यु भएको हो।

नेपाली महिला कामदार बोकेको एमबीएम कम्पनीको मिनिबस लरीको पछाडिको भागमा ठोकिँदा दुर्घटना भएको हो। आबुधाबी प्रहरीले सार्वजनिक गरेको भिडियोअनुसार तीव्र गतिमा गइरहेको कारले एक्कासि आफ्नो साइड परिवर्तन गर्दा आफ्नो लाइनमा गुडिरहेको लरी ट्रकमा ठोक्किएको देखिन्छ। हुस्सुका कारण अगाडि नदेखिँदा बस लरी ट्रकमा गएर ठोक्किएको जनाइएको छ। बसमा सवार सफाइ कामदारहरू काममा जाने क्रममा दुर्घटनामा परेका हुन्।

दूतावासका अनुसार बसमा रहेकामध्ये १६ जना नेपाली महिला घाइते भएका छन्। तीन जना सामान्य उपचारपछि कम्पनीको क्याम्पमा फर्किसकेका छन्। तीन जनालाई आईसीयूमा राखिएको छ।

दूतावासकी प्रवक्ता रीता धितालले १३ जनाको माफ्राक, एनएमसी र अलरहा अस्पतालमा उपचार भइरहेको जानकारी दिइन्। उनका अनुसार पालुङ मकवानपुरकी रीता सिवाकोटी, चापागाउँ ललितपुरकी कमला नेपाली, खुदुनाबारी झापाकी मुना राना, घोराही, दाङकी आशा घर्ती मगर र ठेगाना खुलेकी सुजला विश्वकर्माको माफ्राक अस्पतालमा उपचार भइरहेको छ। माया तामाङ र इलामकी सीता सुब्बाको एनएमसी अस्पतालमा उपचार भइरहेको छ भने हेटौंडाकी मीना थिङ, नुवाकोटकी सरीता तामाङ, धरानकी वर्षा विश्वकर्माको अलरहा अस्पतालमा उपचार जारी छ।

# तनाव व्यवस्थापनमा...

केहीबेरमा जमुनाको शव फेला परेको गजुरीस्थित इलाका प्रहरी कार्यालयका डीएसपी खड्गबहादुर खड्काले बताए। त्रिशूलीमा हेलिनुअघि यो दम्पतीले साँझ करिब ६ बजे बेनीघाट बजारस्थित बदनकुमारी श्रेष्ठको होटलमा चिया खाएको, छोराहरूलाई दूध पिलाएको र पानी परिरहेकाले छातासमेत किनेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ।

स्थानीयका अनुसार विनयको परिवार करिब पौने ७ बजे त्रिशूलीमा हेलिएको अनुमान छ। नदीमा पस्नुअघि जमुनाले त्रिशूली किनारमा छाडेका झोलामा दुइटा मोबाइल र चाँदीका दुइटा बाला फेला परेका छन्।

चिया पिएको होटल तलबाट सिउरेनीटार जाने झोलुंगे पुल तरेर गोरखातर्फको विगफिग रिसोर्ट किनार हुँदै विनय दम्पती लागेका थिए। रिसोर्ट नजिकैको किनारबाट त्रिशूलीमा पसेर बगेको देखेपछि झोलुंगे पुल तर्न लागेका स्थानीय कराएका थिए। तत्कालै विगफिग रिसोर्टबाट राजेन्द्र श्रेष्ठ उद्धार सामग्री लिएर त्रिशूली नदी पुगे। त्यतिबेलासम्म जमुना २ छोरासहित नदीमा हराइसकेकी थिइन्। विनयलाई भने पानी पिएको अवस्थामा उद्धार गरिएको हो।

हाल गजुरी प्रहरीको नियन्त्रणमा रहेका विनयले अब आफू आत्महत्या गर्छु भन्दा श्रीमतीले पनि सँगै मर्ने बताएका कारण परिवारले नै मृत्यु रोजेको बयान दिएका छन्। 'आमाबाबुको मृत्युपछि नाबालक छोराहरू झनै बिचल्लीमा पर्ने देखेर सँगै लग्नुपरेको हो,' प्रहरीसँगको बयानमा विनयले भनेका छन्।

परिवार नै मास्ने योजना बनाएका विनयले १३ जना आफन्त, चन्द्रागिरि, सिद्धेश्वर र नवीन सहकारीलाई ५० हजारदेखि १५ लाख रुपैयाँसम्म तिर्न बाँकी रहेको व्यहोरा सुसाइड नोटमाछ। उक्त ऋण आफ्नो अंशको जायजेथा बेचेर पुगेसम्मको ऋण तिरिदिन तथा बेचबिखन हुन्जेलसम्म कुर्न पनि ऋणीलाई उनले आग्रह गरेको नोटबाट खुलेको छ।

सुसाइड नोट फेला परेपछि कान्तिपुरसँग सम्पर्कमा आएका चन्द्रागिरि सहकारीका प्रमुख कार्यकारी अधिकृत कृष्णकुमार श्रेष्ठले विनय सहकारीको सदस्य रहेको र उनले दुई पटकमा १ लाख ५८ हजार रुपैयाँ ऋण लिएको बताए। विनय २०६५ फागुनमा सहकारीको सदस्य बनेका थिए। यसबाहेक उनले अरु दुई सहकारीबाट पनि ऋण लिएको पाइएको छ। उनले आफन्त र अन्य व्यक्तिबाट पनि मिटरब्याजमा ऋण लिएका थिए। 'केही दिनयता उहाँ निराश हुनुहुन्थ्यो, बोल्दा पनि झर्कने, एकोहोरो जस्तो देखिने व्यवहार हुन्थ्यो,' विनयका एक साथीले शुक्रबार साँझ कान्तिपुरसँग भने, 'म ऋणमा डुबे, जायजेथाले पनि धान्न सक्तैन जस्तो लागिसक्यो भन्ने कुरा गर्नुहुन्थ्यो।' ती साथीका अनुसार विनयको थानकोटमा ३ करोडभन्दा बढीको जायजेथा छ।

सुसाइड नोटमा उल्लेख गरिएअनुसार ८६ लाख रुपैयाँ तिर्नुपर्ने देखिए पनि गजुरीस्थित प्रहरीलाई विनयले पछिल्लो एक वर्षको अवधिमा करिब डेढ करोड रुपैयाँ घाटा लागेको बयान दिएका छन्। धादिङ प्रहरीका एसपी रवीन्द्र रेग्मीले यी सबैबारे थप अनुसन्धान भइरहेको बताए।

**कमोडिटिजका कारोबारी**

व्यवस्थापन विषयका ज्ञाता विनय सेयर मार्केटसँगै कमोडिटिज मार्केटका पनि जानकार हुन्। विनयले परिवारसहित मृत्यु रोज्नुको प्रमुख कारण भने उनले झैं व्यापार घाटा नै देखिन्छ। विनय कमोडिटिजका '१३ नम्बर' दलाल रहेको खुलेको छ। उनी 'वेस्ट काठमाडौं बिजनेस इन्भेस्टमेन्ट प्रालि' का प्रमुख कार्यकारी अधिकृत पनि हुन्। प्रहरीले फेला पारेको मोबाइलमा विनयले आफू ऋणमा डुबेको र आफू आबद्ध अनलाइन कारोबार 'नेपाल डेरिभेटिभ एक्सचेन्ज प्रालि' का कार्यकारी निर्देशकलाई ऋणबाट उकास्न गरेको आग्रहसहितको भिडियो सन्देश पनि फेला परेको छ। डेरिभेटिभ एक्सचेन्जमा सूचीकृत २९ अनलाइन संस्था 'ट्रेन्डिङ मेम्बर' रहेकोमा विनयको संस्था १३ औं नम्बरको हो। सेयर कारोबार जस्तै कमोडिटिज बजार अपरेसन गर्ने संस्था हो, नेपाल डेरिभेटिभ एक्सचेन्ज प्रालि। यसमा आफ्नो संस्थामार्फत कारोबार गर्न ३ वटा बैंकमा खाता खोलेर विनयले कारोबार गरेको देखिन्छ। आफ्नो कारोबार घाटामा गएपछि उकास्न उनले चर्को ब्याजमा रकम लिएर लगानी गरेको पनि देखिएको छ।

विनय दम्पती नै कमोडिटी अनलाइन कारोबारमा आबद्ध थिए। उनीहरू तीनकुनेस्थित नेपाल डेरिभेटिभ एक्सचेन्ज लिमिटेडमार्फत बजार भाउ हेरेर सुन, चाँदी, तामा र पेट्रोलियम पदार्थमा बैंक खातामार्फत लगानी गर्थे। सुन लगायतका धातुको मूल्य घट्दा खरिद गर्ने र वृद्धि भएको समयमा बेचेर नाफा लिने गर्थे। खरिद गरिएको वस्तु र रकम अनलाइनमै कारोबार हुन्थे, खरिद/बिक्री गरेको सामानको नाफा/घाटा बैंक खातामै जम्मा हुन्थ्यो। कमोडिटीमा लगानी गर्न विनयले नेपाल बैंक लिमिटेड, नेपाल इन्भेस्टमेन्ट र अर्को एक बैंकमा खाता खोलेका थिए। सुरुमा नाफामा गए पनि एक वर्षयता डेढ करोड घाटामा व्यहोरे पनि आफन्त र सहकारीबाट चर्को ब्याजमा ऋण लिए। लगानी गरेको घाटामा जान थालेपछि आफन्तले पनि ऋण पत्याउन छोडेर विनयमा निराशा छाउन थालेको चिनेजानेका व्यक्तिले बताए। आफूबाहेक अन्य थुप्रै व्यक्ति अनलाइन सेयर मार्केटमा डुबेको पनि उनले बताएका छन्।

**आत्महत्या दुरुत्साहनमा अनुसन्धान**

ऋणमा डुबेपछि मृत्युको बाटो रोजेका विनयले अन्ततः श्रीमती र दुई अबोध छोरालाई गुमाए। उद्धार गरिए लगत्तै उनी आत्महत्या दुरुत्साहन गरेको कसुरमा पक्राउ परेका छन्। त्रिशूलीबाट उद्धार गरेपछि गजुरी प्रहरीले उनलाई हिरासतमा लिएर अनुसन्धान गरिरहेको छ। कानूनले आत्महत्या गर्न र उकास्न बर्जित गरेको छ। बालकको बाँच्न पाउने अधिकारसमेत विनयले हनन गरेको एसपी रेग्मीले बताए। प्रहरीसँग विनयले 'म बाँचेर अनर्थ भो, मर्न दिनुहोस् वा कहिल्यै नछुट्ने गरी कैद पठाउनुहोस्' भन्ने गरेका छन्। आफूलाई जन्मकैद हुने गरी सजाय गरे मात्रै अनुसन्धानमा सहयोग गर्ने बताएको एक अनुसन्धान अधिकृतले बताए।

**जमुनाको शव परिवारलाई हस्तान्तरण**

त्रिशूली नदीमा पसेर ज्यान गुमाएकी विनयकी श्रीमती जमुनाको शव प्रहरीले आफन्तको जिम्मा लगाएको छ। शुक्रबार पोस्टमार्टमपछि प्रहरीले शव विनयका दाइ जेठाजु हरिहर लामिछानेको जिम्मा लगाएको हो। पानीमा डुबेर बेपत्ता भएका दुई अबोध बालक अझै भेटिएका छैनन्। शुक्रबार दिनभर पानी परेकाले बेपत्ताको खोजी कठिन भएको प्रहरीले जनाएको छ।

# किन हुन्छ सामूहिक...

गत साउनमा पर्वतमा झोलुंगे पुलबाट हाम फालेर बागलुङको हरिचौरका २५ वर्षीया मुना राना र धरान उपमहानगरपालिका-११ का २६ वर्षीय अकिन गुरुङले एकसाथ आत्महत्या गरे।

नेपालमा सन् १९९० दशकको तुलनामा अहिले आत्महत्याको दर ६० प्रतिशत वृद्धि भएको तथ्यांकले देखाउँछ। प्रायः आत्महत्यामा डिप्रेसनको भूमिका हुन्छ। तर आमाबाबु दुवैले एकसाथ बच्चा लिएर आत्महत्या गर्नुमा मानसिकभन्दा सामाजिक हीनताबोधको भय कारण हुने मनोविद् नन्दिता शर्मा बताउँछिन्।

भर्खरै जन्मिएको बच्चा र आफूसँगै आत्महत्या गर्ने रोगलाई मनोविज्ञानको भाषामा 'पोस्टपार्टम डिप्रेसन' भनिन्छ।

विज्ञहरूका अनुसार प्रायः सामूहिक आत्महत्यामा सामाजिक संरचनाकै दोष हुन्छ। महत्त्वाकांक्षाअनुरूप सफलता नपाउँदा निराशा जन्मन्छ। समाजले तिरस्कार गर्छ भन्ने सोच पैदा हुन्छ। शर्माले भनिन्, 'मान्छेले सबै अवस्थामा आफूलाई समायोजन गर्न नसक्दा आत्महत्या विकल्प बनेर आउँछ। यसलाई निराकरण गर्न बच्चा हुर्काइ पद्धतिमै धैर्य, प्रेम, सहनशीलता, संघर्ष र समस्यासँग जुध्ने आत्मविश्वास सिकाउनुपर्छ।' समाज र आफन्तको न्यानोपन आभास हुने हो भने आत्महत्या निराकरण हुने उनको भनाइ छ।

## आत्महत्यालाई सहज ठानियो



**मीना उप्रेती,** समाजशास्त्री

हरेक आत्महत्याका पछाडि भिन्न कारण हुन सक्छ। साझा समस्या भनेको सहनशीलताको अभाव हो। साना सन्तानलाई मार्ने वा मर्न प्रेरित गर्ने घटना अझ विस्मयकारी हुन्छ। अहिलेको पुस्तामा सहने शक्ति कम छ, अप्ठ्यारो स्थिति सामना गर्न सक्दैनन्। दुःख परेपछि भागिहाल्छन्। यो हाम्रो हुर्काई पद्धतिमै समस्या छ। सुखबारे बुझाइन्छ तर संकटसँग लड्ने मनोबल विकास गरिन्न।

सामूहिक आत्महत्याको एउटा कारण आक्रोश पनि हो। सुरुमा दुवै मर्नेमा सहमत हुँदैनन्। समस्या आउनुमा एकअर्कालाई दोष लगाउँछन्। तार्किक निचोडमा नपुगेपछि एउटाले मर्छु भनेर तर्साउँछ, अर्काले लौ म पनि मरिदिन्छु भन्छ। उनीहरूमा बच्चालाई पनि आफूसँगै आत्महत्या गराउनुपर्छ, त्यसो गर्दा न्याय हुन्छ, नत्र पाप लाग्छ भन्ने मानसिकता विकास हुन्छ। संघर्ष होइन, मरणको बाटो रोज्छन्। एकदमै डरलाग्दो पक्ष त के भने आत्महत्या सामान्य लाग्न थालेको छ। थोरै तलमाथि केही भयो कि 'मर्छु' भनेर धम्काइहाल्छन्। हरेकले आफ्नो हैसियतअनुसार अगाडि बढ्ने हो भने निराशाको वीजारोपण हुँदैन। परिवार र समाजले त्यस्तो माहोल निर्माण गरिदिनुपर्छ। जीवनप्रति प्रेम जगाउनुपर्छ। एक्लोपना र भौतिकवादी सोचले पनि आत्महत्यामा प्रेरित गर्छ।


**JOB OPPORTUNITY**

**A well established ISO Certified Company would like to invite applicants for the following vacant positions.**

1. **Account Officer : 1 (F), Bachelor Degree**
2. **Maintenance Supervisor : 1 (M), Min. +2**
3. **Handyman(Plumber Cum Carpenter) : 1 Male (CTEVT Preferred)**

**Experience :-** Min. 2 years in the similar field.
Negotiable salary with attractive incentives.

Interested candidates are requested to drop their resume to *operations@moderncleaning.com.np,*
*Contact:* 9801046561, 9801046560



**JOB ANNOUNCEMENT**

**First date of publication: 17 January 2020**

The Provincial and Local Governance Support Programme (PLGSP) is the national flagship Programme of the Government of Nepal (GoN) to build institutional, organizational and individual capacity at all levels of government, with special focus on the provincial and local levels. The ultimate goal of the Programme is to attain functional, sustainable, inclusive and accountable provincial and local governance. The Programme aims to contribute to delivery of quality services at provincial and local levels, promote better local infrastructure and enhance economic prosperity. The Programme will achieve 14 outputs under the following three outcomes:

- Government institutions and inter-governmental mechanisms at all levels are fully functioning in support of federal governance as per the Constitution;
- Provincial and local governments have efficient, effective, inclusive and accountable institutions; and
- Elected representatives and civil servants at provincial and local governments have the capacity and serve citizens to their satisfaction.

UNDP is partnering with the Ministry of Federal Affairs and General Administration through the Technical Assistance to the PLGSP (TAP) Programme. The Project is seeking applications from qualified, talented and result oriented Nepalese citizens for the following positions:

| Position Title | Level | Number of Position | Duty Station |
|---|---|---|---|
| Administrative and Finance Officer | SB 4/I | 1 (One) | Programme Coordination Unit, Kathmandu |

**Weblink for application: http://www.np.undp.org/content/nepal/en/home/operations/jobs/**

***Please visit the given weblink for detailed job description and for online application. Applications along with duly filled up UN Personal History Form-P11 (downloadable from website http://www.np.undp.org/content/nepal/en/home/operations/jobs/) must be submitted by 31 January 2020. Only short-listed candidates will be contacted. UNDP retains the right to contact referees directly***. UNDP is committed to achieve work force diversity (in terms of minority groups, caste/ethnic groups, persons with disability etc.) and has a policy to have gender balance among staff at all levels. Qualified female candidates and candidates particularly from disadvantaged and socially excluded groups are strongly encouraged to apply.

All applications will be treated with highest confidentiality.



**URGENTLY WANTED**

A reputed +2 invites applications from dedicated, experienced and smart candidates for:

**GIRLS HOSTEL WARDEN**
*(Female-Residential/Age 30+)*

**Qualification:** Graduate
**Experience:** Min. 2 years.
**Salary:** Attractive (Negotiable)
***Contact: 9841235460***
**Send your updated CV at: academyadv2019@gmail.com**



पहिलो पटक प्रकाशित मिति: माघ ३, २०७६ (१७ जनवरी २०२०)

**प्रदेश तथा स्थानीय सरकार सहयोग कार्यक्रम (PLGSP) मा**

**ड्राइभर पदको आवश्यकता**

यस कार्यक्रम कार्यान्वयनको लागि ड्राइभरहरुको आवश्यकता भएको हुँदा निम्नानुसारको योग्यता र अनुभव भएका नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ।

**न्यूनतम शैक्षिक योग्यता :** एस.एल.सी.उत्तीर्ण **आवश्यक संख्या :** १७ (सत्र)
**तह :** एसबी १/पेग २

**कार्यक्षेत्र :** कार्यक्रम समन्वय इकाई, काठमाण्डौ (३ जना),
प्रदेश कार्यक्रम कार्यान्वयन इकाई (७ जना) (प्रत्येक प्रदेशमा एक जना)
प्रदेश सुशासन केन्द्र (७ जना) (प्रत्येक प्रदेशमा एक जना)

**अनुभव :**

- मान्यता प्राप्त भारी तथा हलुका सवारी चालक अनुमति पत्र **(driving license)** प्राप्त गरेको र कम्तिमा ३ बर्षको अनुभव भएको;
- सवारी सम्बन्धी कानून तथा नियमको पूर्ण ज्ञान हुनुका साथै साथै सवारीसम्बन्धी मर्मत तथा सम्भार **(vehicle repair)** को अनुभव भएको;
- शारीरिक तथा मानसिक रुपमा स्वस्थ्य र आँखा कमजोर नभएको;
- अनुशासित, मिलनसार;
- लामो दूरीको सवारी साधन चलाउन ईच्छुक;
- नेपाली तथा अंग्रेजी बोल्न र राम्ररी बुझ्न सक्ने;
- सवारीसाधनको सुरक्षित संचालनको लागी तथा दुर्घटनामा संलग्न भएको अवस्थामा पालना गर्नुपर्ने नियम र नियमावलीहरूको पूर्ण जानकारी हुनु अनिवार्य छ।

विस्तृत जानकारी र आवेदनका लागि यस लिंक **http://www.np.undp.org/content/nepal/en/home/operations/jobs/** मा जानु पर्नेछ। आवेदनका साथमा व्यक्तिगत विवरण **(Bio-Data)** र दुई जना सिफारिस गर्ने व्यक्तिहरुको नाम, ठेगाना र सम्पर्क टेलिफोन नम्बर सहित आफ्नो दरखास्त माघ १७, २०७६ गतेसम्म बुझाई सक्नु पर्नेछ।

**प्रारम्भिक छनौटमा परेका आवेदकहरुलाई मात्र सम्पर्क गरिनेछ । आवेदकले सन्दर्भमा सुझाएको व्यक्तिलाई युएनडीपी आफैले प्रत्यक्ष रुपमा सम्पर्क गर्न सक्नेछ।**

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) अपागंता भएका व्यक्ति, अल्पसंख्यक समूह, यौनिकता तथा जात/जातीयता आदिका आधारमा समावेशिता हासिल गर्नका लागि प्रतिबद्ध छ। साथै, सबै तहका कर्मचारी संरचनामा लैंगिक समानता सुनिश्चित गर्ने नीति युएनडीपीको रहेको छ। तसर्थ, योग्यता पुगेका महिला उम्मेदवार तथा पछाडि पारिएका र सामाजिक बहिष्करणमा परेका समुहका उम्मेदवारलाई आवेदन दिनका लागि विशेष प्रोत्साहित गरिन्छ।

सबै आवेदनहरुमा उच्च गोपनीयता कायम गरिनेछ।



**VACANCY ANNOUNCEMENT**

World Vision

World Vision International Nepal (WVIN), an international Christian relief, development and advocacy organisation dedicated to working with children, families and communities to overcome poverty and injustice, is looking for potential Nepalese candidates to fill out the following positions:

**1. Position: Health Officer (One) based in West Field Office, Kailali**

**Key Responsibilities:** The purpose of the **Health Officer's** role will be to implement PNS KISHORI project in Kailali. S/he is specifically responsible for local level coordination with stakeholders, planning, organizing and facilitating events, leading major training events, adequate tracking of project implementation, reporting & documentation of project learnings related to Menstrual Hygiene Management (MHM). S/he will work in the development of relevant IEC/BCC materials.

**Minimum Qualifications and Experience required:** Bachelors' Degree in Public Health or related field with at least 1-2 years working in public health projects. Master Degree in Public Health or related field is preferred. Must have good knowledge of community based health projects. Must have knowledge of menstrual hygiene management and ASRH (Adolescent Sexual and Reproductive Health). Must have experience in using logical frameworks and project monitoring and specific experience in the western Region particularly in public health sector. Knowledge and skills for conduction research and studies in the areas of ASRH and MHM including data management is preferred.

**Core competencies for the position:** The candidate must have good communication skills with proven English language fluency (written and verbal) along with excellent analytical skills; Demonstrated proficiency in computer applications including use of Microsoft Office Packages; Willing to work under pressure and exhibit a high level of flexibility; Hold a high level of integrity and honesty, self-motivated, confident, and able to work independently; Must be strategic, creative, and innovative with decision making and problem solving skills.

****This position needs to be filled urgently; priority will be given to early applicants.****

**Candidates fulfilling the criteria mentioned above may send in their complete 'Curriculum Vitae (CV) with statement of purpose' by 26 January 2020 to the email, address mentioned below.**

Email: **NPL-Vacancy@wvi.org**
For Details: **https://careers.wvi.org/job-search**

*World Vision International Nepal is committed to diversity and inclusion within its workforce, and encourage candidates of diverse background, women and differently abled, to apply. Only short-listed candidates will be called for the subsequent selection procedure.*

**WVIN reserves all rights to qualify/disqualify applications in any case.**
People & Culture Department
**World Vision International Nepal**

# मन्दिरको २००० रोपनी व्यक्तिका नाममा

## डेढ दर्जन मन्दिरअन्तर्गतका एक हजार १६ रोपनी राजगुठी र एक हजार रोपनीभन्दा बढी निजी गुठीको जग्गा बिक्री गरी घडेरी बनाइँदै

■ **विप्लव महर्जन** (सल्यान)

शारदा नगरपालिका-१ स्थित रुद्रेश्वर महादेवको गुठीको ८७ रोपनी जग्गा मोहीका रूपमा रहेका दर्जन व्यक्तिले २० वर्षपहिले रैकरमा परिणत गरे । त्यो जग्गा अहिले धमाधम घडेरीका रूपमा बिक्री भइरहेको छ । बन्गाडकुपिण्डे नगरपालिका-१, देवस्थलस्थित कृष्ण मन्दिरको ५७ रोपनी खेत पनि लामो समयदेखि स्थानीयकै कब्जामा छ । अहिले कृष्ण मन्दिर एक रोपनी जग्गामा सीमित बनेको छ । कालीमाटी गाउँपालिकाको रामपुरस्थित गंगामाला भगवती मन्दिरको जग्गामा सिंगै गाउँ बसिसकेको छ ।

यी तीनवटा मात्र होइनन्, जिल्लाका अधिकतर मन्दिरका नाममा रहेका गुठी जग्गा व्यक्तिको कब्जामा छन् । प्राचीन महत्त्वका मन्दिर क्षेत्र घरैघरले भरिएका छन् । जिल्लामा रहेका डेढ दर्जन मन्दिरअन्तर्गतका एक हजार १६ रोपनी राजगुठी र एक हजार रोपनीभन्दा बढी निजी गुठीको जग्गा व्यक्तिका नाममा रहेको सरकारी तथ्यांक छ । गुठी संस्थानका अनुसार दुई हजार ३४ रोपनी गुठी जग्गा मोही र पुजारीले आफ्नो नाममा बनाएर बेचिसकेका छन् । राजगुठीमा सिद्धभगवन्त, रुद्रेश्वर, कालिका, भैरवी, बराह मौजेघर देवता, दक्षिणकालिका पूजागुठी र निजीमा भुवनेश्वरी, लक्ष्मीनारायण भैरव, पञ्चली, रतननाथ, बेरामाई, पितृदेवता, त्याले पौवा, रिमका तीनपौवा गुठी छन् ।

गुठी संस्थान ऐन, २०३३ को संविधानसँग बाझिने प्रावधानका कारण गुठीको जग्गा व्यक्तिका नाममा गएको हो । ऐनको दफा २५ (२) को खण्ड (ग) मा संस्थानले 'गुठी रैतानी जग्गामध्ये ऐलानी बाँझो जग्गा तोकिएको सर्त राखी गुठी रैतानी नम्बरी जग्गामा परिणत गरी दर्ता गरिदिने' व्यवस्था छ । त्यही ऐनको दफा ३६ मा 'गुठी जग्गा कमाउने दर्तावाला मोहीले सो जग्गा गुठी रैतानी नम्बरी जग्गामा परिणत गरी तोकिएको रकम संस्थानमा बुझाएर निजको नाममा दर्ता गरिदिने' व्यवस्था छ । सर्वोच्चले ऐन लागू भएको ३१ वर्षपछि उक्त प्रावधान खारेज गरे पनि व्यक्तिका नाममा नामसारी भइसकेको जग्गा फिर्ता ल्याउन कानुनी जटिलता देखिएको छ ।

खैराबाङ भगवती मन्दिरका नाममा सल्यान र रोल्पाको बुढागाउँमा रहेको जग्गा व्यक्तिकै कब्जामा छ । भुवनेश्वरी गुठीका नाममा रहेको मन्दिरको पाँच सय २८ रोपनी जग्गा स्थानीयले रैकरमा परिणत गरेका छन् । केही जग्गा द्वन्द्वको समयमा माओवादीले कब्जा गरे । अहिले मन्दिरका नाममा लान्तीमा ६ रोपनी र मन्दिर आसपास २२ रोपनी बाँकी छ । मन्दिर संरक्षण समितिका अध्यक्ष छविकुमार शर्माले रोल्पाको बुढागाउँमा रहेको सबै जग्गा रैकरमा परिणत भइसकेको बताए । लान्तीमा ६ रोपनी खेत भए पनि लालपुर्जा नभएको उनले जनाए । तत्कालीन माओवादीले सशस्त्र द्वन्द्वका बेला स्थानीय गणेश भारतीलाई दिएको उक्त जग्गा तीन वर्षअघि फिर्ता भएको थियो ।

जिल्ला मालपोत कार्यालयका अनुसार छत्रेश्वरी मन्दिरको सिद्धभगवन्तनाथ गुठीको नौ सय ७१ मध्ये नौ सय दुई, खैराबाङ भगवतीको भुवनेश्वरीदेवी गुठीको पाँच सय ५७ मध्ये पाँच सय २८, रुद्रेश्वर महादेवको एक सय चारमध्ये ८७ रोपनी जग्गा व्यक्तिका नाममा गइसकेको छ । त्यस्तै पञ्चली भैरवी गुठीको १२ रोपनीमध्ये आठ, कृष्ण मन्दिरको ५७, गंगामाला भगवती मन्दिरको ३०, लक्ष्मीनारायण गुठीको १४ र लक्ष्मीनारायण भैरव गुठीको सात रोपनी जग्गा रैकरमा परिणत भएको छ । कुमाख गाउँपालिकास्थित रतननाथ गुठीको ३२, छायाक्षेत्रको पौवा गुठीको ६, बेरानाथमाई गुठीको सात, सिद्ध भगवन्तनाथको ६ र प्रीतिदेवता गुठीको १० रोपनी जग्गा व्यक्तिले उपभोग गरिरहेका छन् । त्याले पौवा गुठीको ३१, दार्माको कोटस्थित भगवती मन्दिरको ४०, भद्रकालीको १० र कालिका मन्दिरको २५ रोपनी जग्गा पनि व्यक्तिको नाममा गएको वर्षौं बित्यो । अधिकतर मन्दिर जीर्ण बन्दै गएका छन् । स्थानीय तहले संरक्षणमा ध्यान नदिँदा अतिक्रमण रोकिएको छैन ।

रुद्रेश्वर महादेवको जग्गामा केही दशकअघि शीतलपाटीका राई समुदायले खेती गर्ने गरेका थिए । ६५ वर्षीय शेरबहादुर खत्रीका अनुसार शिवजन माविदेखि बसपार्क र टाउन प्लानिङसम्मको जग्गा मन्दिरको गुठीको हो । 'अहिले सबैमा घर बनिसकेका छन्,' उनले भने, 'मन्दिर कम्पाउन्डभित्रको बेलपत्रको रूखसमेत व्यक्तिका नाममा पास भएको छ ।' संरक्षण समितिको दबाबपछि अहिले बेलपत्रको रूख स्थानीयले छाडेको उनी बताउँछन् । अहिले मन्दिर साँघुरो कम्पाउन्डमा सीमित भएको छ । मन्दिरमा पूजाआजा गर्न पुजारी र साधु बस्न बनाएका घर मात्र बाँकी रहेको स्थानीयको गुनासो छ ।


बन्गाडकुपिण्डे नगरपालिका-१ स्थित कृष्ण मन्दिरको बासकोटमा १७ रोपनी खेत र ४० रोपनी पाखो थियो । मन्दिरअगाडिको प्रभाकर मावि, स्वास्थ्यचौकी र नगरपालिकाले अधिकांश जग्गा अतिक्रमण गरेको मन्दिर व्यवस्थापन समितिले जनाएको छ । अन्य जग्गा मन्दिरका तत्कालीन पुजारी नन्दकिशोर उपाध्यायले ०४८ सालमा आफ्नो नाममा बनाएर बिक्री गरेको स्थानीयको गुनासो छ । ०२५ सालदेखि पुजारी रहेका उपाध्यायको मृत्युपछि मन्दिर पुजारीविहीन छ । स्थानीय पुरनसिंह विष्टले मन्दिरमा रहेका कृष्ण, राधा र रुक्मिणीका प्राचीन महत्त्वका मूर्ति, सुनको बाँसुरी, औंठीलगायत सामग्री हराइसकेको जनाए । कालीमाटी गाउँपालिका अध्यक्ष दानबहादुर खत्रीले रामपुरस्थित गंगामाला भगवती मन्दिरको जग्गा टाढाबाठाले आफ्नो नाममा गराएर उपभोग गरिरहेको बताए । जग्गा कति हो भन्ने यकिन नभएकाले खोजी नगरिएको उनी बताउँछन् ।

गुठी संस्थान ऐन, ०३३ मा मोहीले तोकिएको दस्तुर बुझाएर रैतान नम्बरी (आफ्नो नाममा पास) गर्न पाउने व्यवस्थामा टेकेर अधिकतर मोहीले ०४१ सालमा जग्गा आफ्नो बनाएको मालपोत कार्यालयका मोठ प्रमुख हुर्मतबहादुर हमाल बताउँछन् । उनका अनुसार ०३८ मा सिद्धभगवन्त नाथ गुठी र ०५६ मा रुद्रेश्वर महादेव शीतलपाटी गुठीसहित अन्य गुठीको जग्गा रैकरमा परिणत गरेको पाइएको छ । गुठीको जग्गा अहिले निर्बाध रूपमा बिक्री र अंशबन्डा भइरहेको उनले जानकारी दिए । 'कतिपय जग्गा ४/५ पल्टसमेत नामसारी भइसकेका छन्,' उनले भने ।

गुठी संस्थान ऐनको उक्त व्यवस्था कार्यान्वयन गर्न सर्वोच्च अदालतले ०६४ माघ १० मा रोक लगाएको थियो । सर्वोच्चको उक्त फैसलामा गुठी संस्थान ऐनका उल्लिखित प्रावधानहरूले संस्कृतिको संरक्षण र संवर्द्धन तथा धार्मिकस्थल र धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्ने संविधान प्रदत्त हकमै आघात पुग्न जाने देखिएको उल्लेख छ । सर्वोच्चले अगाडि भइसकेका कामकारबाहीलाई प्रतिकूल असर पर्न जाने हुँदा फैसलाभन्दा अगाडि भएगरेका कामकारबाही प्रभावित नहुने फैसला गरेको छ । 'ऐन लागू भएको वा अमान्य घोषित गरिएको (फैसला भएको), जुनसुकै मितिबाट गर्न सक्ने असाधारण अधिकार यस अदालतलाई रहेको भए पनि प्रारम्भदेखि अमान्य घोषित गर्दा अगाडि भइसकेका कामकारबाहीलाई समेत प्रतिकूल असर पर्ने हुँदा आजका मितिदेखि ऐनका उल्लिखित दफा तथा तत्कालीन श्री ५ को सरकारका उल्लिखित आदेशहरू समेत अमान्य र बदर घोषित गरिएको छ,' फैसलामा भनिएको छ । गुठी संस्थान काठमाडौंका प्रमुख सरोज थपलियाले ऐनअनुसार नामसारी भएको र सर्वोच्चले समेत ती कार्य प्रभावित नहुने भनेकाले फिर्ता ल्याउन गाह्रो भएको बताए ।

सर्वोच्चको फैसला आउनुअघि लक्ष्मीनारायण भैरव गुठीका मोही भैरवप्रसाद उपाध्यायले भोगचलन गरिरहेको जग्गा रैकर गरिपाऊँ भनी ०५८ असोज २९ मा गुठी संस्थानमा पठाएको पत्र फिर्ता भएको थियो । जग्गाअनुसारको मूल्य दस्तुर बुझाएर रैकरमा परिणत हुन नसकी फिर्ता आएको यो एक मात्र घटना भएको मालपोत कार्यालयले जनाएको छ । फाँट प्रमुख हमालका अनुसार सर्वोच्चमा त्यससम्बन्धी मुद्दा चलिरहेको भन्दै संस्थानले ०६१ चैत २६ मा पत्र फिर्ता पठाएको थियो ।

सल्यानमा १० गुठी छन् । ती गुठीअन्तर्गत १ हजार १ सय ६७ रोपनी जग्गा रहेकामा १ हजार १६ रोपनी रैतान नम्बरी तथा रैकरमा परिणत भएको गुठी संस्थानका प्रमुख थपलियाले बताए । त्यसमध्ये १ सय ५१ रोपनी मोही लागेको लगत रहेका जग्गा फिर्ता नहुने उनी बताउँछन् । प्रमुख जिल्ला अधिकारी चूडाराज न्यौपानेले सरकारले नै रैकरमा परिणत गर्ने अधिकार मोहीलाई दिएकाले गुठीको जग्गा फिर्ता ल्याउन समस्या हुने जनाए । अन्य अतिक्रमित जग्गाबारे कार्यालयले अनुसन्धान गरिरहेको उनको भनाइ छ । अधिवक्ता चन्द्रप्रकाश वली गुठीको जग्गा व्यक्तिका नाममा गर्नु न्यायसंगत नभएको बताउँछन् । कानुनी प्रक्रिया पुऱ्याएर व्यक्तिको कब्जाबाट फिर्ता गर्नुपर्ने उनको भनाइ छ । राजगुठीलाई व्यक्तिका नाममा नभई समिति बनाएर सरकारले उपयोग गर्नुपर्ने उनले बताए ।




**सल्यानको रुद्रेस्वर महादेव शीतलपाटीमा रहेको गुठीको जग्गा रैकरमा परिणत गरी बिक्री गरिएपछि बनाइएका घर ।**

*तस्बिर : विप्लव/कान्तिपुर*

हार्दिक श्रद्धाञ्जली



जन्म: वि.सं. १९७९
स्वर्गारोहण: वि.सं. २०५२

**स्व. टेक बहादुर रायमाझी**

यस आरोग्य मन्दिरका संस्थापक अध्यक्षज्यू दिवंगत हुनुभएको २४औं वार्षिक पुण्यतिथिमा यस संस्थाका सम्पूर्ण कर्मचारी र सदस्यहरू तथा शुभचिन्तकज्यूहरूबाट हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

**टेक बहादुर रायमाझी आरोग्य मन्दिर, परिवार**
तिलगंगा, पिंगलास्थान, काठमाडौं, फोन नं. ४४८०१७०

# सत्य निरूपण ऐन संशोधन गरिने

■ **घनश्याम खड्का** (काठमाडौं)

सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी ऐन संशोधन गर्न शीर्ष नेताहरू सहमत भएका छन् । प्रधानमन्त्री एवं नेकपा अध्यक्ष केपी शर्मा ओली, अर्का अध्यक्ष पुष्पकमल दाहाल र कांग्रेस सभापति शेरबहादुर देउवाबीच शुक्रबार भएको छलफलमा ऐन संशोधन गर्ने सहमति जुटेको हो ।

छलफलमा संक्रमणकालीन न्यायका सम्बन्धमा काम गर्दै आएका नेकपा र कांग्रेसका नेताहरू सुवास नेम्वाङ, खिमलाल देवकोटा, मीनेन्द्र रिजाललगायत पनि सहभागी थिए । रिजालका अनुसार बालुवाटारमा शुक्रबार डेढ घण्टासम्म चलेको बैठकमा पीडितहरूसँग गत सोमबार भएको परामर्शबारे प्रधानमन्त्री तथा शीर्ष नेताहरूलाई 'ब्रिफिङ' गरिएको थियो । 'शनिबार सिफारिस समितिको बैठक पनि बस्दै छ,' ओलीको भनाइ उद्धृत गर्दै रिजालले भने, 'समितिले पदाधिकारीको नाम सिफारिस गऱ्यो भने तुरुन्तै दुवै आयोग गठन गर्नुपर्छ ।'

सर्वोच्च अदालतको फैसलाअनुरूप सत्य निरूपण ऐन संशोधन गर्नुपर्ने अवस्था छ । हत्या, अपहरण, बलात्कार र व्यक्ति बेपत्ता पार्ने काम मानव अधिकारको गम्भीर उल्लंघन भएकाले तिनलाई कुनै हालतमा आममाफी दिन नहुने गरी ऐन संशोधन गर्न सर्वोच्चले २०७१ फागुन १४ मा सरकारलाई आदेश गरेको थियो । राजनीतिक सहमतिका आधारमा ल्याइएका ऐनका प्रावधानले दोषीलाई उन्मुक्ति दिने व्यवस्था गरेको भन्दै त्यसविरुद्ध द्वन्द्वपीडितहरूले दायर गरेको रिटमा सुनुवाइ गर्दै तत्कालीन न्यायाधीशहरू कल्याण श्रेष्ठ, वैद्यनाथ उपाध्याय र चोलेन्द्रशमशेर जबराको विशेष इजलासले उक्त ऐनको दफा २६ को उपदफा २ र दफा २९ को उपदफा १ लाई खारेजसमेत गरिदिएको थियो । दफा २६ (२) मा क्षमादानको प्रावधान छ भने दफा २९ (१) मा मानव अधिकार उल्लंघनका दोषीलाई मुद्दा चलाउन सरकारले 'महान्यायाधिवक्तासमक्ष लेखिपठाउनुपर्ने उल्लेख छ ।

**'दाहालले आयोगमा बयान दिने हो ?'**

मानव अधिकारवादी अभियन्ता तथा नागरिक समाजका अगुवाले सशस्त्र द्वन्द्वका समयमा मारिएका १७ हजारमध्ये ५ हजारको मात्रै जिम्मा लिन्छु भन्ने पूर्वमाओवादी अध्यक्ष पुष्पकमल दाहालको अभिव्यक्तिको आलोचना गरेका छन् ।

'उहाँले यो कुरा टुँडिखेलमा उभिएर भन्ने होइन, सत्य निरूपण तथा मेलमिलाप आयोगले बयानका लागि बोलाएका बेला भन्ने हो,' पूर्वसभामुख दमननाथ ढुंगानाले भने, 'उहाँलाई राष्ट्रिय कानुन रोज्ने कि अन्तर्राष्ट्रिय भन्ने मात्रै छुट छ, न्यायलाई छल्ने छुट छैन ।'

२०५८ माघ ३ गते तत्कालीन विद्रोही माओवादीद्वारा मारिएका लमजुङका शिक्षक मुक्तिनाथ अधिकारीको १८ औं स्मृति दिवसका क्रममा शुक्रबार आयोजित कार्यक्रममा ढुंगानाले सत्य निरूपण तथा मेलमिलाप आयोग अविलम्ब गठन गर्न पनि आग्रह गरे ।

पत्रकार कनकमणि दीक्षित, अधिकारीपुत्र सुमनलगायतका द्वन्द्वपीडितले पनि दाहालको उक्त भनाइको आलोचना गर्दै कानुनको दायरामा आएर द्वन्द्वकालका ज्यादतीको हिसाबकिताब हुनुपर्ने बताए ।

## बर्गिकृत डिस्प्ले

**भाडामा**
पार्किङ्ग प्रसस्त भएको बैंक, अफिस, सोरुम सटर भाडामा खुशिबुँ लिङक रोड नयाँबजार
सम्पर्क: 9851059785, 9841373417

**DATA SCIENCE COURSES**
Fully customizable data analysis training at all levels offered to individuals and organizations in banking, finance, health, engineering, law, marketing, and other fields. Using SPSS, STATA, R, EViews, Python, etc.
Institute for Public Economics & Data Science, 9843346434
ipedsnepal@gmail.com

**के तपाई वैदेशिक रोजगारमा जाँदै हुनुहुन्छ ?**
सुरक्षित वैदेशिक रोजगारका लागि नि:शुल्क परामर्श/जानकारी लिन तलको फोनमा मिस्कल गर्नुहोस् वा फेसबुकमा मेसेज गर्नुहोस् ।
साथै हाम्रो SaFE एप Google playstore मा गएर Safe foreign employment लेखेर खोजी नि:शुल्क download गर्नुसक्नुहुन्छ ।
www.fb.com/SAFE.THN
नोट: हामी म्यानपावर कम्पनी चाही होइनौं ।
९८०३८८८४२४

**सुवर्ण अवसर**
CHICKEN FRY गरेर बिक्री गर्न ईच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क: ९८०१०२६०४२
Email: aryalsram@gmail.com

**URGENTLY WANTED**
For Secondary Level
OPT. MATH TEACHER
Experience: 3 years
Salary: Min. NRs. 35,000/-
Contact: 9851185590
Email your updated C.V. within a week at vacancysch@gmail.com

Study in India & Abroad
**M.Phil./Ph.D.** in all streams
Training on SPSS, Research Methodology, Proposal Writing & Entrance Preparation classes are going on.
Admission and Counselling Centre @Kathmandu
City Education Foundation
Koteshwor, Kathmandu
01-4602033/9841206019
Email: cityfoundation@gmail.com

**जग्गा भाडामा**
चोभार नयाँ DRY PORT नजिक चाल्नाखेल MAIN HIGHWAY मा जोडिएको, FACTORY/GODAM को लागि उपयुक्त PLAIN मिलेको ६ रोपनी जग्गा भाडामा
सम्पर्क
९८६१६६६९४६
९८६१६६६९४७

फ्रि-होम डेलिभरी
**यौन-शक्ति**
यौन सम्बन्धी सम्पूर्ण समस्याहरूको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्टहरू
जाँड-रक्सी, चुरोट, ड्रग्स जस्ता अन्य कुलत थाहै नदिई छुटाउन
चाँयापोतो डण्डीफोर चाउरीपना हटाउन
STEP-UP हाइट बढाउन
महिलाको स्तन बढाउन, घटाउन र योनी टाईट पार्न
मोटोपना घटाउन-बढाउन
SEX-TOYS पनि पाईन्छ
कपाल झर्न रोकी पुन:उमार्न-Hair Building Fiber
★हेलो शप नेपाल★
कोटेश्वर City-Tower
9808650895, 9868200286
Note: This Is Food Supplement Products, Not For Medicinal Use

Indian Made Tractor
STOCK CLEARANCE
55 HP 4WD
65 HP 4WD
75 HP 4WD
50 HP
45 HP
CONTACT: 9851237529/ 9851059553

**मोटरसाईकल हराएको**
बजाज पल्सर NS 200cc
सवारी नं: को ३३ प १५८३
च्यासिस नं: MD2A36FY1HCJ - 76684
Engine no: JLYCHJ - 40329
मोटरसाईकल हराएको मिति: २०७६/03/01 (असार महिना) कोशी राजमार्ग
Excel Development Bank र Machapuchre Sahakari Bank को तल बाट हराएको
सम्पर्क: ९८००९२६३६९, ९८०७०६०५६४
नाम: बुन्ना कटवाल
बिराटनगर- ३

**प्रिन्टिङ्ग मेसिन बिक्रिमा**
१९ x २५ र १३ x १९ को एकदमै राम्रो कलर छाप्ने चेक अफसेट प्रिन्टिङ्ग मेसिन बिक्रिमा २ पैसा को मर्मत खर्च नलाग्ने साथै प्रोग्राम भएको कटिङ्ग मेसिन चाहियो
सम्पर्क ९८५१० ७९९९६, ९८५१० ४९५६२

**चाहियो**
Katti Roll बनाउन Expert
Cook/Chef-1
(कम्तिमा ६ महिना Katti Roll को अनुभव)
मासिक तलब: २०,०००/- (+बोनस)*
सम्पर्क: Kattiroll in Kathmandu
9803113110

**WANTED**
1. Pre-Primary Teacher (Montessori Trained)
2. Assistant Pre-Primary Teacher
South Point School
Buddhanagar, Kathmandu
Email: kspbs@hotmail.com
Phone: 01-5905605

**बर्गिकृत डिस्प्ले**
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*
अब मल्टिकलरमा पनि छाप्न सकिने
* उपरोक्त दररेटहरूमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।



## प्रतिभा खोजिँदै

महिलाको प्रतिभा प्रस्फुटन गर्ने उद्देश्यले वी युनाइटेडले महिला प्रिमियर लिग फुटसल गर्ने भएको छ । तेस्रो संस्करणको प्रतियोगिता शनिबार सुरू हुनेछ । खेल हरेक शनिबार हुनेछ ।

# कहाँ चुक्यो मछिन्द्र ?

### हिमालयन शेर्पा २-० मछिन्द्र

■ **राजु घिसिङ** (काठमाडौं)

मछिन्द्रको लागि शुक्रबारको बिहानी नै शुभ भएन । टोलीका अधिकांश खेलाडी त्रिपुरश्वरकै होटलमा बस्छन्, उनीहरू करिब १ सय मिटर हिडेरै दशरथ रंगशाला प्रवेश गर्छन्, खेल्छन् । हिमालयन शेर्पाको टिम भने अभ्यास गर्ने मैदानको खोजीमा धुलिखेलमै बसेको छ । त्यहींबाट झन्डै २ घण्टाको बस यात्रापछि हिमालयन शेर्पा मैदानमा ओर्लने गर्दछ । अघिल्लो दिनदेखि निरन्तर परेको वर्षाले सहिद स्मारक 'ए' डिभिजन लिगमा शुक्रबार मछिन्द्रविरुद्ध हिमालयनको दशरथ रंगशालामा तय खेल सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा सारियो । मछिन्द्रका लागि मैदानको दूरी बढ्यो, बस नै चढ्नुपर्‍यो । हिमालयन शेर्पालाई भने बाटो छोटियो ।

छोटिएको बाटो र माघे झरीबीच हिमालयन शेर्पाले शीर्षस्थानको मछिन्द्रलाई सातदोबाटोको 'अर्टिफिसयल टर्फ' मा २-० ले स्तब्ध पार्‍यो । यससँगै हिमालयन शेर्पाले यो लिगमा पहिलो जित रच्ने क्रममा मछिन्द्रको अपराजित यात्रालाई सातौं चरणमा आएर पूर्णविराम लगाइदियो । यसअघि एक गोलमात्रै गरेको हिमालयन शेर्पा थप गोलका लागि मछिन्द्रकै सामना गर्नुपर्‍यो । हरेक खेलमा गोल गर्दै आएको मछिन्द्रको त्यो क्रम सातौं खेलमा आएर रोकियो ।

विनोद गुरुङको क्रसमा मछिन्द्रका डिफेन्डर पिटर सेगुनले पहिलो मिनेटमै आत्मघाती गोल गरेपछि हिमालयन शेर्पाले अनपेक्षित अग्रता लियो । सेगुनले हेडद्वारा 'फ्लिक' गरेको बल आफ्नै पोस्टमा जाली चुमेको थियो । अर्को गोलमा पनि सेगुनको 'योगदान' रह्यो । मैदानको मध्यभागबाट नीरज बस्नेतले प्रहार गरेको फ्रि-किकमा विजय श्रेष्ठले हेडद्वारा प्रहार गरेको बल सेगुनकै टाउकोमा लाग्दै गोलमा परिणत भएपछि २० औं मिनेटमै हिमालयन शेर्पाले २-० को अग्रता लियो ।

हिमालयन शेर्पाले दोस्रो खेलमा एपीएफविरुद्ध १-१ को नतिजा निकालेको थियो । त्यसमा त्रिदेव गुरुङले ४७ औं मिनेटमा गोल गरेका थिए । त्यसयता हिमालयनले पहिलोपल्ट गोल गरेको हो । उनै त्रिदेवले २६ औं मिनेटमा प्रहार गरेको बल आन्द्रेस निआले नरोकेको भए हिमालयनले अझै ठूलो अग्रता लिन सक्थ्यो । क्यामरुनी फरवार्ड स्टेफेन निलम्बनमा रहे पनि हिमालयनले उनको अभाव खट्कन दिएन । टोलीले सुधारिएको खेल पस्कियो, जुझारु प्रदर्शन गर्‍यो ।

छैटौं चरणसम्म सबैभन्दा बढी १० गोल गर्ने गर्ने क्लब हो मछिन्द्र । हिमालयन शेर्पा पुछारमा रहेको सरस्वतीसँगै सबैभन्दा कम १ गोल गर्ने क्लब रहेको थियो । यो सबै हिसाब सातौं चरणको पहिलो खेलमै फेरियो ।



सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा शुक्रबार मछिन्द्रका तीन खेलाडीलाई जिल्याउँदै हिमालयन शेर्पाका विनोद गुरुङ बल अघि बढाउँदै । *तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर*

**'ए' डिभिजन लिग २०७६**

| मछिन्द्र क्लब | |
|---|---|
| २-० | ब्रिगेड ब्वाइज |
| १-१ | च्यासल |
| ३-० | फ्रेन्ड्स |
| १-० | एनआरटी |
| २-२ | मनाङ |
| १-० | जावलाखेल |
| ०-२ | हिमालयन शेर्पा |

| हिमालयन शेर्पा | |
|---|---|
| ०-० | पुलिस |
| १-१ | एपीएफ |
| ०-२ | आर्मी |
| ०-१ | ब्रिगेड ब्वाइज |
| ०-० | फ्रेन्ड्स |
| ०-० | मनाङ |
| २-० | मछिन्द्र |

**आजका खेल**

जावलाखेलविरूद्ध पुलिस
१२:०० बजे
एन्फा कम्प्लेक्स

मनाङविरूद्ध थ्रीस्टार
१५:०० बजे
दशरथ रंगशाला

पहिलोपल्ट च्याम्पियन बन्ने लक्ष्य बनाएको मछिन्द्र कहाँ चुक्यो त ?

'लिगको सुरुदेखि नै हामीले प्रत्येक खेलमा पाएको मौकामा गोल गर्न सकेको छैन,' यो लिगमा पहिलो हारपछि मछिन्द्रका प्रशिक्षक प्रवेश कटुवालले भने, 'झन सुरुमै गोल खाएपछि हामीलाई गाह्रो भयो । दोस्रो हाफमा पाएको मौकामा चुक्नु दुर्भाग्य भयो ।' मनाङ मर्स्याङ्दी र थ्रीस्टारका नाम चलेका खेलाडीहरूलाई भित्र्याएको मछिन्द्रको समस्या नै 'स्कोरिङ' मा हो । यसलाई उसले सातौं खेलसम्म आइपुग्दा पनि सुधार गर्न सकेको देखिएन । प्रशिक्षक कटुवालले भने, 'सेन्टर फरवार्ड रेजिन सुब्बालाई खेलाएको हो । उनलाई अभिषेक (रिजाल), सुजल (श्रेष्ठ), एडेलाजा सोमिडेसँग वान-टु गर्दै खेल्ने सिकाएका थिए । तर, उनी धेरै बाहिर (पेनाल्टी क्षेत्र पछाडि) आएर खेलिदिए । उनले सेन्टर फरवार्डको भूमिकामा खेल्न नसक्दा गाह्रो भयो ।'

**निलम्बनको पीडा**

मनाङविरुद्ध २-२ मा टुंगिएको खेलपछि भएको झगडामा संलग्न डिफेन्डर देवेन्द्र तामाङ, विजय धिमाल र दीपक राई २-२ खेल निलम्बनमा परेका थिए । उनीहरूमाथि कारबाहीको अन्तिम खेल हो हिमालयनसँग । मिडफिल्डर हेमन गुरुङ अस्ट्रेलियामा छन् ।

'यी चार खेलाडी हुँदा वैकल्पिक पनि राम्रो थियो । उनीहरू नहुँदा गाह्रो भयो,' उनले भने, 'निलम्बनमा परेका तीन खेलाडी अर्को खेलमा फर्कने छन् । त्यसैले पुलिसविरुद्ध पक्कै राम्रो हुनेछ ।' देवेन्द्र नहुँदा उनले मिडफिल्डर आन्द्रेस निआलाई सेन्टरब्याकमा खेलाए । निआले राम्रै खेले पनि पिटर सेगुन फिक्का देखिए र त्यसको मूल्य मछिन्द्रले हिमालयन शेर्पासँग चुकाउनुपर्‍यो । 'डिफेन्समा देवेन्द्र नहुँदा पिटरले सुरुबाटै मन दिएर खेलेजस्तो देखिएन । त्यो महत्त्वपूर्ण हुन्छ । सुरुमा सहज रूपमा लिँदा गर्दा गोल खायो,' उनले भने ।

प्रशिक्षक कटुवालले हिमालयन शेर्पाको प्रदर्शनको प्रशंसा पनि गरे, 'उसले पहिलाभन्दा राम्रो खेल्यो । उनीहरूलाई जित्नैपर्ने थियो, हार्दा पनि खासै थिएन, एउटा राम्रो टिमसँग हार्‍यो भन्ने हुन्थ्यो, त्यो भएर पनि राम्रो खेल्यो । मछिन्द्रले भन्दा एकदम राम्रो खेल्यो ।' मछिन्द्र र एक खेल कम खेलेको आर्मीको १३-१३ अंक छ । आर्मी सोमबार च्यासलसँग कम्तीमा बराबरी नतिजा निकाल्दै शीर्षस्थानमा पुग्नसक्छ । मछिन्द्रको हारसँगै एक्लो अपराजित बनेको डिफेन्डिङ च्याम्पियन मनाङ (१२ अंक) पनि शनिबार थ्रीस्टारलाई पन्छाउँदै अगाडि बढ्नसक्छ । थ्रीस्टार (१०) पनि चिरपरिचित प्रतिद्वन्द्वीविरुद्ध ३ अंक जोड्न सके उपाधि होडमा हुनेछ ।

**'भाग्यको साथ'**

'आज भाग्य पनि लाग्यो, गेम पनि खेल्यो,' हिमालयन शेर्पाका प्रशिक्षक सन्जीव बुढोथोकीले भने, 'मछिन्द्रले गोल खाएको लामो लामो फ्रिकिकमा हो । सातौं खेलमा आएर च्याम्पियनको दाबेदारजस्तो राम्रो टिमलाई जित्नु धेरै राम्रो हो । पहिलो हाफमै अग्रता लिएकाले हामीलाई मौका थियो ।'

उनले थपे, 'अलि मिहिनेत गर्‍यो, त्यसमा लक क्लिक भयो, दुई गोल गरिहाल्यौं ।' जित्ने अवसर नगुमाउनका लागि अग्रता लिएपछि रक्षात्मक खेलेको पनि उनले बताए । 'मुख्य फरवार्ड एडेलाजा र मिडफिल्डर विशाल राईलाई रोक्ने योजनामा पनि सफल भयौं,' उनले सुनाए, '६ खेलसम्म जित्न नसक्दा धेरै दबाब लिएको थिएन । सबैले रेलिगेसनबारे सोच्थे । एक दिन नतिजा (जित) ल्याउँछौं भन्ने आस थियो ।'

आर्मी र ब्रिगेड ब्वाइजसँग हारेको हिमालयन शेर्पाले पुलिस, एपीएफ, फ्रेन्ड्स र मनाङसँग बराबरी खेल्यो । पछिल्ला तीन खेलमा गोल नबेहोरेका हिमालयनका गोलकिपर किशोर गिरीले मछिन्द्रविरुद्ध पनि उत्कृष्ट प्रदर्शन गरे । विशेषगरी दोस्रो हाफमा अभिषेक रिजाल, रेजिन सुब्बा र सुजल श्रेष्ठको प्रहारमा राम्रो बचाउ गरेका थिए । मनबहादुर तामाङको कप्तानीमा रहेको हिमालयनको डिफेन्स पनि संगठित देखियो ।

उपाधि होडमा अगाडि रहेका आर्मी, मछिन्द्र र मनाङविरुद्ध खेलिसकेपछि हिमालयनका प्रशिक्षक बुढाथोकीले भने, 'मछिन्द्रको सबै पक्ष राम्रो छ, आक्रमण राम्रो छ, उसका १८ खेलाडी राम्रो छन्, जे पनि गर्न सक्छन् ।' उनले एन्फा कम्प्लेक्सको खेलबारे भने, 'मछिन्द्र धेरै राम्रो छ, हामीसँग मौका पाएको हो तर क्लिक गर्न सकेन ।'

## छोटकरी

### तेस्रो एमपीएल आजदेखि

काठमाडौं (कास)- वी युनाइटेडले महिला प्रिमियर लिग (एमपीएल) को तेस्रो संस्करण शनिबार (आज) देखि आयोजना गर्दै छ । महिलाका लागि पहिलो फुटसल लिगका रूपमा रहेको एमपीएलमा यसपल्ट आठ टिमले प्रतिस्पर्धा गर्नेछन् । हरेक शनिबार (६ साता) चल्ने प्रतियोगिता फेब्रुअरी २२ मा सकिने प्रोग्रामकी संयोजक सिलिका शाक्यले बताइन् ।
उनले यसपालि लिगमा धेरै टिमले सहभागिता जनाउन चासो राखेको बताउँदै आठ टिमलाई मात्र छनोट गरिएको बताइन् । प्रतिस्पर्धी टिममा एबीसी, ढुकु फुटसल, कुमारी फुटसल, बार्का फुटसल, फुटसल एरिना, लोकहार फुटसल, एमयुएफसी नेपाल गर्ल्स र द माइथी महिलाज छन् । मन्डिखाटारस्थित ग्रासरुट रिक्रिएसन सेन्टरमा हुने प्रतियोगिताको अंकका आधारमा शीर्ष तीन स्थानमा रहने टिमलाई पुरस्कृत गरिने संयोजक शाक्यले बताइन् । उनका अनुसार नगद पुरस्कारभन्दा पनि नेपालमा उत्पादित सामग्री प्रदान गरिनेछ । प्रतियोगितालाई युरोपियन युनियनको पनि सहयोग रहने जनाइएको छ ।

### भोजपुर ट्रेल रेस मार्चमा

काठमाडौं (कास)- 'भोजपुर ट्रेल रेस' को पाँचौ संस्करण मार्च ७ र ८ मा हुने भएको छ । अल्ट्रा धाविका मीरा राईको गृह जिल्ला भोजपुरमा हरेक वर्ष हुँदै आएको प्रतियोगितामा यसपालि करिब ४ सय खेलाडीले भाग लिने आयोजक मीरा राई इनिसिएटिभले शुक्रबार विज्ञप्तिमार्फत जनाएको छ । रेसको दूरी मीराको जन्मस्थल सानोदुम्मादेखि सदरमुकामसम्म ३६ किलोमिटरको हुनेछ । नेपाल भ्रमण वर्ष २०२० लक्षित गर्दै चौथो संस्करणको रेसलाई समेटेर सर्जुन राईले निर्देशित वृत्तचित्र पर्यटन बोर्डको सभाहलमा प्रदर्शन गरियो । दूरदराजमा रहेका धावकलाई उत्साह तथा अवसर प्रदान गर्दै खेलमार्फत पर्यटन प्रवर्द्धन गर्न रेस गर्दै आएको मीरा राईले बताइन् ।

### कानाजावा कप कराते हुने

काठमाडौं (कास)- नेपाल सोतोकान कराते संघ (एसकेआईएफ) को आयोजनामा १२ औं कानाजावा कप कराते प्रतियोगिता शनिबार हुने भएको छ । प्रतियोगितामा कुमुते र काता गरी ३२ स्वर्णका लागि प्रतिस्पर्धा हुने शुक्रबार पत्रकार सम्मेलनमा आयोजक संघका अध्यक्ष नरेशप्रसाद श्रेष्ठले बताए । नेपाल, भारत, पाकिस्तानलगायत राष्ट्रका करिब २ सय खेलाडी सहभागी हुने आयोजकका उपाध्यक्ष एवं प्रमुख प्रशिक्षक निवासगोपाल वैद्यले बताए । प्रतियोगिता गर्न करिब ४ लाख ६० हजार रुपैयाँ खर्च हुने आयोजक संघका महासचिव दिलेन्द्रगोविन्द वैद्यले बताए । दुईदिने प्रतियोगिताका खेल सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुद परिसर हातामा रहेको कराते एकेडेमीको हलमा खेलाइने छ ।

### भ्रमण वर्षलक्षित अन्तर्राष्ट्रिय कराते

काठमाडौं (कास)- नेपाल भ्रमण वर्ष २०२०, सचिवालयसँगको सहकार्यमा नेपाल सितोरियो कराते डो संघले प्रथम गौतम बुद्ध हिमालय अन्तर्राष्ट्रिय कराते च्याम्पियनसिप गर्ने भएको छ ।

पोखरामा हुने प्रतियोगिता माघ २२-२६ सम्म हुने संयोजक राजीव थापाले जानकारी गराए । करिब ३० राष्ट्रबाट २ हजार खेलाडीलाई सहभागिता गराउने नेपाल सितोरियो कराते डो संघका अध्यक्ष दावा गुरुङले दाबी गरे । सिनियर, जुनियर र भेट्रानमा गरी २७ स्पर्धामा खेल हुनेछ । अध्यक्ष गुरुङले भ्रमण वर्ष २०२० लाई सफल बनाउन हरेक क्षेत्रले आ-आफ्नोतर्फ सक्दो प्रयास गर्नुपर्ने बताउँदै यो प्रतियोगिताले पनि सहयोग पुग्ने बताए । भ्रमण वर्षका सदस्य-सचिव बच्चुनारायण श्रेष्ठले खेलकुदको माध्यमबाट पनि विदेशी पर्यटकलाई आकर्षित गर्न सकिन्छ भन्ने मान्यतासाथ प्रतियोगिता गर्न लागिएको बताए । प्रतियोगिता गर्न करिब ५ करोड रुपैयाँ खर्च हुने बताइएको छ ।

### कागेश्वरीबाट सम्मानित

काठमाडौं (कास)- १३ औं दक्षिण एसियाली खेलकुद (साग) मा निर्णायकको भूमिका निर्वाह गरेका तेक्वान्दोका अशोक खड्का र प्रशिक्षक गल्फका धनबहादुर थापालाई कागेश्वरी मनोहरा नगरपालिकाले शुक्रबार नगदसहित सम्मान गरेको छ । सागमा आबद्ध कागेश्वरी मनोहरामा बसोवास गर्नेलाई सम्मान गरिएको हो । दुवैलाई जनही २५ हजार गरी सम्मान गरियो ।




विकेटनेपाल

मनमोहन मेमोरियल लिग (एमएम कप) क्रिकेट प्रतियोगिताको फाइनलमा शनिबार त्रिभुवन आर्मी क्लब र नेपाल पुलिस क्लब प्रतिस्पर्धा गर्दैछन् । सुनसरीको इनरुवामा भइरहेको प्रतियोगिता विजेताले ४ लाख ५ हजार र उपविजेताले २ लाख ५ हजार रुपैयाँ पाउनेछन् । आर्मीका कप्तान विनोद भण्डारी र पुलिसका समकक्षी मन्जित श्रेष्ठ शुक्रबार प्रिम्याच कन्फ्रेन्समा ट्रफीसाथ ।

## चन्दुलाई स्वर्ण

काठमाडौं (कास)- मूलपानीकी चन्दु शाहीले दोस्रो एभरेस्ट राष्ट्रिय खुला तेक्वान्दोको महिला पुम्से १८ वर्षमाथि कालोपेटीमा स्वर्ण जितेकी छन् । शुक्रबार चन्दुले न्यु जेनकी रुबिना घलेलाई हराइन् ।

महिला १० वर्षमुनि रातोपेटीमा न्यु जेनकी एरो ली, महिला १८ वर्षमुनि रातोपेटीमा माइती नेपालकी सुस्मिता केसी र महिला १५ वर्षमुनि हरियोपेटीमा लैनचौरकी स्यारोन गुरुङ तथा पुरुष १८ वर्षमुनि कालोपेटीमा आर्मीका रोशन श्रेष्ठ विजेता भए । ग्योरोगीतर्फ प्रसिद्धकी प्रजोला लामा, द गोर्खाजकी रोशिना ओझा, मूलपानीकी प्रगति कुइँकेल, गोर्खाजकी सुनीता गोले, सुर्खेतकी काजल बिक, बाराकी सम्झना पाखिन, ईसीडीसीकी मनमाया तामाङ, युनाइटेडका स्वस्तिका महर्जन र सुप्रिमा बजगाईंले आफ्नो तौलमा स्वर्ण जिते ।

# भीर सम्याएर खेलमैदान




कुश्मास्थित बडागाउँ-ज्ञादी झोलुङ्गे पुलछेउको भीर सम्याएर बनाइएको खेलमैदान । *तस्बिर : अगन्धर/कान्तिपुर*

■ **अगन्धर तिवारी** (पर्वत)

सशस्त्र प्रहरी बल तथा नेपाली सेनाले खाली जग्गा कब्जामा लिएपछि अभाव भएको खेलमैदानको समस्या अबको केही समयभित्रै समाधान हुने भएको छ । पर्वत उद्योग वाणिज्य संघलगायतको पहलमा कुश्मामा करिब ३० रोपनीमा मैदान बन्न लागेको हो ।

कुश्मा-ज्ञादी झोलुङ्गे पुलछेउमा ६० मिटर चौडाइ र २ सय ३० मिटर लम्बाइको भिरालो जमिन सम्याएर खेलमैदान बनाउन लागिएको छ । यसअघि पर्वत मिलन क्लब, स्थानीय टोल सुधार समिति, समाजसुधार सेवा मञ्चलगायत संस्थाले देउसीभैलो तथा चन्दा संकलन गरेर मैदान सुधार्ने प्रयास गरेका थिए । भिरालो जमिनमा करिब ६ सय थान ग्याभिन जालीले पर्खाल लगाएर केही सुधार गरेको जमिनलाई चालु वर्ष उद्योग वणिज्य संघको पहलमा फराकिलो बनाउन लागिएको हो ।

यसअघि करिब एकसय रोपनी क्षेत्रफलमा फैलिएको बडागाउँ चौरमा स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका प्रतियोगी खेल हुँदै आएका थिए । २०५८ मा सशस्त्र प्रहरी बलको धौलागिरि हेर्ने गण राखेपछि जिल्लामा खेलमैदानको अभाव थियो । सशस्त्रलाई अन्यत्र स्थानान्तरण गर्न स्थानीयले प्रयास गरे पनि सफल भएको छैन । संस्थाको पहलमा भिरालो जमिन सम्याएर बडागाउँ मैदानको विकल्प खोज्ने क्रममा करिब दुई दशकमा सपना पूरा भएकोमा गौरव महसुस भएको खेलाडीको प्रतिक्रिया छ । 'फुटबल खेल्ने ठाउँले साह्रै समस्या थियो,' खेलाडी अनिश पुनले भने, 'अब आस पलाएको छ ।'

मैदान सम्याएर उवासंघले माघ ९ देखि १९ सम्म छैटौं पर्वत महोत्सव गर्ने भएको छ । महोत्सव पहिलोपटक सार्वजनिक चौरमा गर्न पाउँदा गौरव महसुस भएको संघका अध्यक्ष केदारनाथ शर्माले बताए । 'हरेकपल्ट निजी जग्गा भाडामा लिएर महोत्सव गर्थ्यौं,' उनले भने, 'त्यसो गर्दा एउटा सागको बिरुवाको समेत क्षतिपूर्ति दिनुपर्थ्यो । अब सहज भयो ।'

मैदान सम्याउन करिब ४४ लाख रुपैयाँको लगत तय गरिएको उनले बताए । हालसम्म दुई सय थान ग्याभिन जाली लगाइसकिएको अध्यक्ष शर्माले बताए । अझै दुई सय थान ग्याभिन लगाउनुपर्ने र त्यसका लागि संघिय सांसद पदम गिरीले निर्वाचन क्षेत्र पुर्वाधार कार्यक्रमबाट २० लाख रुपैयाँ छुट्याउने प्रतिवद्धता जनाएका छन् । त्यसबाहेक अपुग रकम कुश्मा नगरपालिका र गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालयमा प्रस्तावपत्र पेश गरिएको संघका वरिष्ठ उपाध्यक्ष गोपी अधिकारीले बताए । उनले भने, 'महोत्सव सकिएलगत्तै मैदानको व्यवस्थापन र विस्तार सुरु भइहाल्छ ।'

कुश्मा नगरपालिकाकै गौरवका स्थानभित्र समेटिएको यो मैदानलाई व्यवस्थित गर्न नगरपालिकाले सक्दो तदारुकता देखाउने नगरप्रमुख रामचन्द्र जोशीले बताए । 'स-साना प्रतियोगिता पनि कुश्माबाहिर पठाउनुपर्ने अवस्था थियो,' उनले भने, 'अब त्यो समस्या हुँदैन । खेलमैदानले खेलकुदसँगै कुश्माको व्यवसायलाई पनि सहयोग गर्छ ।'

# जयन्ती र विन्दु फाइनलमा

**कान्तिपुर संवाददाता** (काठमाडौं)

आर्मीकी मन्जु बिक र एपीएफकी विनिता थापा मगर वीर गणेशमान सिंह स्मृति तेस्रो राष्ट्रिय खुला किक-बक्सिङको महिला ६५ केजी तौलमा शुक्रबार फाइनल पुगेका छन् । सेमिफाइनलमा मन्जुले एपीएफकी मनीषा राउत र विनिताले मेन डोजोकी रविना तामाङलाई हराए । खुला तौलमा एपीएफकी जयन्ती श्रेष्ठले मेन डोजोकी पुनम कर्माचार्य र आर्मीकी विन्दु पुनले सो क्योकुसिनकी सुमी श्रेष्ठलाई हराउँदै फाइनलमा स्थान पक्का गरे ।

६० केजीमा एपीएफकी निशा बिकले मकवानपुरकी रेश्मा माझी र मेन डोजोकी सुस्मिता शाहीले प्रिया वाइबालाई हराएर स्वर्ण भिडन्त तय गरे । ५० केजीमा आईकेकेएफकी करिश्मा कार्कीले आर्मीकी रुबिका खड्का र एपीएफकी सन्जुमाया थिङले आर्मीकी शान्ति थापामगरलाई हराएर फाइनल यात्रा तय गरे । महिला ५५ केजीमा एपीएफकी विद्या गुरुङले आर्मीकी अनुपमा नेपाली र आर्मीकी रिना धिमालले पुलिस क्लबकी रिता ठकुल्ललाई हराएर फाइनल तय गरे ।



वीर गणेशमान सिंह स्मृति तेस्रो राष्ट्रिय खुला किक-बक्सिङमा प्रतिस्पर्धा गर्दै खेलाडी ।

वर्षाका कारण शुक्रबारका सम्पूर्ण खेल सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुद परिसर हातामा रहेको कराते हलमा खेलाइएको थियो । पहिलो दिन ललितपुरको चापागाउँस्थित प्याङगाउँ चौरमा भएको थियो । तेस्रो तथा अन्तिम दिनको खेल प्याङगाउँमै खेलाइने संयोजक मीनकृष्ण महर्जनले जनाएका छन् ।



# मणिका प्यारो साथी

आधुनिक नेपाली लिग फुटबल इतिहासको सबैभन्दा सफल क्लब हो मनाङ । यसले कीर्तिमान आठपल्ट 'ए' डिभिजन लिग जितिसकेको छ । यो क्लबको जग बसाउने समयका खेलाडी हुन् मुकेश शाही ।

■ **हिमेश** (काठमाडौं)

मनाङ मर्स्याङ्दी क्लबको समर्थक हुनुहुन्छ भने तपाई एउटा मिति याद गर्नुस्, २०४३ साल असार २६, बिहीबार ।

यो त्यही दिन हो । जतिबेला मनाङले सहिद स्मारक लिग ए डिभिजनमा डेब्यू गरेको थियो । दशरथ रंगशालामा भएको खेलमा प्रतिद्वन्द्वी थियो फ्रेन्ड्स क्लब । मनाङ त्यसमा २-० ले विजयी रह्यो ।

दुवै गोल एउटै खेलाडीले गरेका थिए । अब त्यो नाम पनि याद गर्नुस् । नाम हो, मुकेश शाही । उनले ४० औं मिनेटमा मनाङका लागि पहिलो गोल गरे अनि ६५ औं मिनेटमा दोस्रो गोल थपे । दुवै गोलका लागि पास उपलब्ध गराउने खेलाडी थिए, उनै मणि शाह । मणि नेपाली फुटबलले पाएको अहिलेसम्मकै सबैभन्दा राम्रा खेलाडी हुन् । मुकेश रहे, यिनै मणिका सबैभन्दा प्यारो साथी । आधुनिक नेपाली फुटबल इतिहासको सबैभन्दा सफल क्लब हो मनाङ । यसले कीर्तिमान आठपल्ट 'ए' डिभिजन लिग जितिसकेको छ । यो क्लबको जग बसाउने समयका खेलाडी हुन् मुकेश । अहिले उनी ५४ वर्ष पुगिसके । मज्जाले क्लब लेजेन्डभन्दा हुन्छ उनलाई ।

मनाङले ०४० सालमा 'डी' डिभिजन जित्यो अनि ०४१ मा 'सी' डिभिजन । उसले ०४२ मा 'बी' डिभिजन पनि जित्यो । यहाँसम्मको यात्रामा मनाङले एक गोल पनि खाएन । बरू हिसाब-किताब के छैन भने यसक्रममा क्लबले गोलचाहिँ कति गर्‍यो होला । यसपछि त सुरु भयो, 'ए' डिभिजनको यात्रा नै । 'हामी त्यतिबेला कति धेरै बलियो टिम थियौं भनेर भनिसाध्य नै थिएन,' मुकेश अहिले सम्झन्छन् ।

यो यात्रामा धेरै खेलाडीले साथ दिए । तर केहीले मात्र पूरा यात्रा गरे । त्यसमध्ये एक हुन् मुकेश । अरू दुई ठूला नाम विराटजंग शाही र अन्जित बस्नेत थिए । अन्जित त कप्तान पनि भए । भर्खर किशोर उमेर हुँदा घरछेउकै लैनचोरमा मुकेश फुटबल खेल्थे । पछि उनी खेल्न सानो गौचरण पुगे । त्यहाँ तीन टोलका खेलाडी जम्मा हुन्थे । सानो गौचरण त भयो नै । लैनचोर र पकनाजोलका पनि मिसिन्थे । सबै मिलेर नियमित खेल्थे । यस्तैमा कुरा निस्कियो, एउटा क्लब बनाऔं त । नाम जुर्‍यो, मर्स्याङ्दी मनाङ । नाम जुराउने काम टासी घलेले गरेका थिए । पछि यसलाई मनाङ मर्स्याङ्दी भनियो । यो त्यही बेला हो, जतिबेला ठमेल ११ प्रतिबन्धमा थियो । त्यसको केही वर्षमा अर्जेन्टिनाले सन् १९८६ को विश्वकप पनि जित्यो । डिएगो म्याराडोनाले सबैको मन जितेको थियो ।

त्यसैले क्लबले पनि रोज्यो, त्यही अर्जेन्टिनाकै जस्तो जर्सी, आकाशे रंगमा सेतो धर्सा । सुरुका दिनका 'बी' डिभिजनसम्म खेल्दा प्रशिक्षक थिए दार्जलिङका दोर्जे । 'ए' डिभिजन खेल्दा भने प्रशिक्षक थिए अमृत पन्त । त्यो ०४३ को लिगमा सहभागी कुल टिम थियो ११ । तिनलाई दुई समूहमा विभाजन गरिएको थियो । समूह 'ए' मा मनाङसँगै संकटा, एनआरटी योङ, आरसीटी, थ्रीस्टार र फ्रेन्ड्स क्लब । पहिलो खेल त फ्रेन्ड्सविरुद्ध नै भयो । लिग चरणका ५ खेलमध्ये मनाङ ३ मा विजयी रह्यो । बाँकी दुई बराबरीमा । त्यो समय एक जितको अंक थियो २ मात्र । मनाङ ८ अंकसहित समूह विजेता भयो ।

टिमका लागि मुकेशले ५ गोल गरे भने मणिले ४ । यस्तै विनोद आलेले १ र राजु गुरुङले २ ।

यो समूहबाट फ्रेन्ड्स दोस्रो भयो । अर्को समूहबाट एनआरटी र ब्वाइज स्पोर्ट्स अगाडि पुगे । त्यो चरणलाई सुपर लिग भनिएको थियो । त्यसमा अचम्मले सेमिफाइनल थियो, फाइनल पनि । सेमिफाइनलमा मनाङले ब्वाइज स्पोर्ट्सलाई १-० ले पन्छाएको थियो र त्यसमा निर्णायक गोल उनै मुकेशको थियो । अर्को सेमिफाइनलमा फ्रेन्ड्सले एनआरटीलाई हरायो ।

फाइनलमा मनाङ फेरि एकपल्ट फ्रेन्ड्सलाई २-१ ले हराउन सफल रह्यो । खेल भएको थियो, महाराजगन्जको



मुकेश

पुलिस एकेडेमीमा । मनाङले केसाङको गोलले सुरुआती अग्रता लिएको थियो, तर फ्रेन्ड्सले केही समय अन्तरमै बराबरी गोल फर्कायो । यो काम गरेका थिए पवन श्रेष्ठले । खेल अन्तिम समयतिर पुगिसकेको थियो । मुकेश आफ्नै पोस्टनजिक थिए । उनले मणिलाई आवाज लगाए, 'म अगाडि बढ्दै छु ।' मुकेश अगाडि नपुन्जेलसम्म मणिले मैदानको बीच भागमै केही समय बल दायाँबायाँ चलाए । अनि मणिले बल फ्रेन्ड्सको पोस्टतर्फ फाले । स्थिति केही समय यताउता भयो । त्यही बेला मुकेशले एयर बल पाए । त्यसलाई टुच्च हेड गरे । त्यसमा गति थिएन, मान्छे उफ्रिएर हिँडे जस्तै गरेर बलले बिस्तारै टुकुटुक पोस्टको जालीलाई चुम्न पुग्यो । हेड गरेर लडेका मुकेशले त्यसलाई नजिकबाट हेरिइरहेका थिए । बलले के ठ्याक्कै जाली चुम्यो, रेफ्रीको सिठी पनि बज्यो । मनाङका बाँकी खेलाडी भूइँमा लडिरहेका मुकेशमाथि एकपछि अर्को गरेर चढिहाले ।

उनले के भयो केही क्षण विचार गर्नै सकेनन् । तर त्यो ऐतिहासिक क्षण थियो । जतिबेला मनाङले पहिलोपल्ट 'ए' डिभिजन जितेको थियो । दिन थियो, ०४३ सालको कात्तिक २१, शुक्रबार । उनले कुल ७ गोल गरेका थिए । भए लिगकै सर्वाधिक गोल गर्ने खेलाडी । यही टिमले ०४४ मा पनि फेरि लिग जित्यो अनि त्यही सफलता ०४६ मा पनि दोहोर्‍यायो । यसरी लिग उपाधिको ह्याट्रिक नै भयो । तर उनले त्यो ०४६ को लिग भने खेलेनन् ।

त्यही वर्षको छेउछाउमा उनले सगुन शाहीसँग विवाह गरे । निर्णय गरे, 'अब म आफ्नै काममा लाग्छु ।' हुन पनि त्यतिबेला फुटबल खेलेर कमाइ हुन्नथ्यो । उनले आफ्नो खेलजीवनको उत्कर्षमै खेल्न छाडे । त्यो अर्थमा उनको खेलजीवन निकै छोटो रह्यो, गाह्रो मानेर ६-७ वर्ष । त्यसबीच उनले एकैपल्ट मात्र नेपाली राष्ट्रिय टिमबाट खेले । त्यो पाकिस्तानविरुद्ध सन् १९८७ को ओलम्पिक छनोटको पहिलो चरण हो ।

पाकिस्तानविरुद्ध दुई लेगको खेल थियो । दुवै काठमाडौंमा भएको थियो । पहिलो खेल गोलरहित बराबरीमा टुंगियो भने अर्को खेलमा नेपाल १-० ले विजयी रह्यो । धीरेन्द्र प्रधानले कर्नरबाट त्यो निर्णायक गोल गरेका थिए । उनै धीरेन्द्रको स्थानमा उनी ७० औं मिनेटमा मैदान छिरे, वैकल्पिक खेलाडीका रूपमा । यो नै उनले जितेको एकमात्र क्याप रह्यो । त्यसपछि उनी नेपाली फुटबलबाट यसरी अलग भए कि विराट र अन्जितको समूहसँग पनि आफूलाई 'हाई-हेल्लो' मै सीमित राखे । किन हो, नेपाली फुटबलसँग उनलाई चित्त दुखेको थियो । तर यसबीच पनि मणिसँग उनको सम्बन्ध उस्तै रह्यो । कुनै त्यस्तो दिन पनि भयो, जतिबेला उनीहरूले एउटै कट्टु पालो पालो लगाए । 'हाम्रो सम्बन्ध जति मैदानमा सुमधुर थियो, त्यत्तिकै नजिकको सम्बन्ध निजी जीवनमा पनि थियो,' अहिले मुकेश सम्झन्छन् । मणिले गोल गर्‍यो भने सबैभन्दा बढी खुसी मुकेशलाई नै लाग्थ्यो । मुकेशले जति पनि गोल गरे, लगभग सबै मणिकै पासमा सम्भव भएका थिए ।

मणि आफैं भन्थे, 'यी मुकेश निकै राम्रा खेलाडी हुन् ।' तर मुकेश भन्छन्, 'मणि पो राम्रो खेलाडी । उनी कति राम्रा फुटबल खेलाडी थिए भने उनीजस्ता अब्बल दर्जाका खेलाडी नेपाली फुटबलले सायद दोहोर्‍याएर पाउने छैन । उनलाई भगवान्ले फुटबल खेल्न यस धर्तीमा पठाएका थिए । उनको बायाँ खुट्टामा जादु थियो ।' उनी केसम्म भन्छन् भने मणिले बल प्रहार गर्दा आउने आवाज पनि मीठो सुनिन्थ्यो । त्यसले जाली चुम्दा पनि गज्जबको 'फिस्स...' आवाज आउँथ्यो ।

निधनको केही दिनअगाडि मात्र मणि मुकेशलाई भेट्न गएका थिए । उनको लैनचौरको घरमा । मणिले भनेका थिए, केही कुरा सुनाउनु छ भनेर । तर त्यो के थियो, त्यो भने खुलाएनन् । आफूसँग त्यो कुरा पनि लगे । अहिले मुकेश मान्छन्, उनमा सायद कुनै ठूलै व्यथा थियो । जुन दिन मणिले यो संसारबाट विदा लिए, मुकेशलाई असह्य पीडा भएको थियो । मुकेश यतिसम्म भन्छन्, 'कसैले मलाई मणिको प्यारो साथी भनेर सम्झे पुग्छ ।'

# भारतको जित



**अस्ट्रेलियाविरुद्धको दोस्रो एकदिवसीय जितेपछि कप्तान विराट कोहलीसहित भारतीय खेलाडी ।** *तस्बिर : एपी*

राजकोट (एएफपी)- भारतले शुक्रबार दोस्रो एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटमा अस्ट्रेलियालाई ३६ रनले पराजित गरी शृंखला १-१ को बराबरीमा ल्याएको छ । उत्कृष्ट फर्ममा रहेका अस्ट्रेलियाका ब्याटिङ स्टार स्टिभ स्मिथको सानदार इनिङ्स पन्छाउँदै भारतले जित पाएको हो ।

स्मिथले ९८ रन बनाए पनि ३ सय ४१ रनको विशाल लक्ष्य लिएर आएको अस्ट्रेलिया ४९.१ ओभरमा ३ सय ४ रनमा अलआउट भयो । स्मिथले १ सय २ बल खेल्दै ९ चौका र १ छक्का प्रहार गरे । उनले मार्नस लाबुसच्यानसँग तेस्रो विकेटमा ९६ रनको साझेदारी गर्दा अस्ट्रेलियाले जितको सम्भावना देखाएको थियो ।

लाबुसच्यानलाई रवीन्द्र जडेजाले आउट गरेपछि यो साझेदारी टुटेको थियो । ४७ बल खेलेका उनले ४ चौका प्रहार गरे । यसअघि ओपनरद्वय डेविड वार्नर १५ र कप्तान आरोन फिन्च ३३ रन बनाई आउट भए । एलेक्स केरी १८, एस्टन टर्नर १३, एस्टन एगर २५ रनमा आउट भए ।

रिचर्डसन ११ बलमा ४ चौका र १ छक्का प्रहार गरी २४ रनमा अविजित रहे । भारतका मोहम्मद सामीले १० ओभरमा ७७ रन खर्चेर ३ विकेट लिए । नवदीप सैनी, जडेजा र कुलदीप यादवले २-२ तथा जसप्रित बुमराहले १ विकेट लिए ।

यसअघि अस्ट्रेलियाले टस जितेपछि ब्याटिङमा आएको भारतले ३४०-६ को स्कोर बनाएको थियो । ओपनर शिखर धवनले ९६, केएल राहुलले ८० र कप्तान विराट कोहलीले ७८ रन बनाएपछि भारतले उत्कृष्ट पुनरागमन गरेको थियो । मुम्बईमा मंगलबारको पहिलो खेल भारत १० विकेटले हारेको थियो ।

रोहित शर्मासँग पहिलो विकेटमा ८१ रनको साझेदारी गरेका धवन १८ औं एकदिवसीय अन्तर्राष्ट्रिय शतक बनाउन थोरैले चुकेका थिए । कोहलीसँग पनि दोस्रो विकेटमा १ सय ३ रन जोडेका धवनले ९० बलको इनिङ्समा १३ चौका प्रहार गरे । तीव्र गतिका बलर केन रिचर्डसनको बलमा उनले मिचेल स्टार्कलाई क्याच दिन पुगे । 'हामीले उत्कृष्ट पुनरागमन गर्न सक्यौं, त्यो नै प्रमुख हो । एकपटक जमेपछि हामीले उनीहरूमाथि दबाब बनाउन सफल भयौं,' धवनले भने ।

रोहितले ४२ रन बनाए । ४४ बल खेलेका उनले ६ चौका प्रहार गरे । कोहलीले पनि आक्रामक खेल्दै ७६ बलको इनिङ्समा ६ चौका प्रहार गरे । एडम जाम्पाको बलमा स्टार्कले कोहलीको क्याच पनि लिए । तर बलिङमा स्टार्क जम्न सकेनन् । उनले १० ओभरमा ७८ रन खर्चेर कुनै विकेट लिन सकेनन् । रिचर्डसनले पनि २ विकेट लिन ७३ रन खर्चे । शृंखलाको तेस्रो तथा अन्तिम खेल आइतबार बेंग्लोरमा हुनेछ ।

## इंग्ल्यान्ड बलियो

पोर्ट एलिजाबेथ (एएफपी)- बेन स्टोक्स र ओली पोपको शतकमा इंग्ल्यान्डले तेस्रो टेस्टमा बलियो स्थितिमा पहिलो इनिङ्स समाप्तिको घोषणा गरेको छ । इंग्ल्यान्डले पहिलो इनिङ्स ४९९-९ मा घोषणा गरेको छ । जवाफमा आएको दक्षिण अफ्रिकाले दोस्रो दिनको खेल सकिँदा २ विकेट गुमाई ६० रन बनाएको छ । इंग्ल्यान्डलाई दुवै सफलता डम बेसले दिलाए । उनले पिटर मलानलाई १८ र जुबायर हम्जालाई १० रनमा आउट गरे । डिन एल्गार ३२ रन बनाई क्रिजमा छन् भने नाइट वाचम्यान एनरिच नोर्टजेले खाता खोल्न बाँकी छ । चार टेस्टको शृंखला १-१ को बराबरीमा छ ।

सेन्ट जर्ज पार्कमा विश्व वर्ष खेलाडी स्टोक्सले १ सय २० रन बनाए । यो उनको नवौं टेस्ट शतक हो । पहिलो टेस्ट शतक बनाएका पोप १ सय ३५ रनमा अविजित रहे । २ सय २६ बल खेलेका उनले १८ चौका र १ छक्का प्रहार गरे । इंग्ल्यान्ड १४८-४ को स्थिति पुगेको समयमा यी दुईले पाँचौं विकेटमा २ सय ३ रन जोडे । इंग्ल्यान्डले पहिलो दिनको खेलमा ९० ओभरमा ४ विकेट गुमाई २ सय २४ रनमात्र बनाउन सकेको तुलनामा स्टोक्स र पोपले दोस्रो दिनमा खुलेर खेलेका थिए । साम कुरानले ५० बलमा ६ चौका र १ छक्का प्रहार गरी ४४ रन बनाए । मार्क उड ४२ रन बनाई आउट भएसँगै इंग्ल्यान्डले इनिङ्स समाप्तिको घोषणा गरेको थियो । उडले २३ बल खेली २ चौका र ५ छक्का प्रहार गरे । दक्षिण अफ्रिकाका केशव महाराजले ५ विकेट लिए । कागिसो राबाडाले २ तथा डेन पेटरसन र नोर्टजेले १-१ विकेट लिए ।

**महँगो खुसी**

विकेट लिएको खुसीमा जोसिलो हिसाबमा मनाउनु नै कागिसो राबाडाले चौथो टेस्ट गुमाउनुको कारण बनेको छ । बिहीबार पहिलो दिनको खेलमा इंग्ल्यान्डका कप्तान जो रुटलाई २७ रनमा बोल्ड गरेपछि राबाडा निकै उत्तेजित हुन पुगेका थिए । उनले रुटसामु पिचमै गएर जोसिलो हिसाबमा त्यसको खुसी मनाए, जुन आईसीसी आचारसंहिता विपरीत थियो । उनलाई म्याच फिको १५ प्रतिशत जरिवाना लगाइएको थियो र एक डिमेरिट अंक काटिएको थियो । २४ महिनाको अन्तरमा उनले चौथोपल्ट डिमेरिट अंक गुमाएकाले स्वतः निलम्बनका कारण एक खेल गुमाउने भएका हुन् । उनले अर्को साता जोहानेसबर्गमा हुने चौथो टेस्ट खेल्न पाउने छैनन् । राबाडाले आफूले गल्ती गरेको स्वीकारेका छन् ।

# पाँच सेटको रोमान्च



**आरबीबी-एनभीए कप क्लब च्याम्पियनसिप भलिबलमा शुक्रबार न्यु डायमन्ड (नीलो) को प्लेसिङ रोक्ने प्रयासमा नेपाल पुलिस क्लबका खेलाडी ।** *तस्बिर : कान्तिपुर*

**कान्तिपुर संवाददाता** (काठमाडौं)

क्लब भलिबलमा पछिल्लो तीन वर्षयता न्यु डायमन्ड र एपीएफकै दबदबा रहँदै आएको छ । पछिल्ला हरेक प्रतियोगिताको फाइनलमा यी दुईको भेट हुने गर्छ । शुक्रबार काठमाडौंमा सुरु आरबीबी-एनभीए कप क्लब च्याम्पियनसिप भलिबलमा भने न्यु डायमन्डलाई अर्को विभागीय टोली नेपाल पुलिस क्लबले कठिन चुनौती दियो । दुईपल्ट पछि परेको स्थिति उल्टाउँदै न्यु डायमन्डले खेलमा जितेको हो ।

महिला भलिबलमा तीन विभागीय र न्यु डायमन्डकै दबदबा छ । एपीएफ र न्यु डायमन्ड अघि-अघि, त्रिभुवन आर्मी र पुलिस पछि-पछि हुन्थे । राष्ट्रिय टोलीका युवा खेलाडीहरू पुनम चन्द र उषा विष्टलाई अनुबन्ध गरेको पुलिस आफ्नो विरासत फर्काउने लक्ष्यमा छ । तर अनुभवी खेलाडीको अभाव प्रस्ट छ । राष्ट्रिय टोलीका तीन सदस्य (सेटर अरुणा शाही, लिबेरो सलिना श्रेष्ठ र स्पाइकर प्रतिभा माली) प्रेरित न्यु डायमन्डले पहिलो सेट १७-२५ ले गुमायो । मुख्यतः यिनै तीन खेलाडीको भरमा रहेको न्यु डायमन्डको कमजोर ब्लकको फाइदा पुलिसले लिएको थियो ।

दोस्रो सेट २५-१८ ले जितेर खेल बराबरीमा ल्यायो । प्रतिस्पर्धात्मक बनेको तेस्रो सेटमा कुनै समय न्यु डायमन्डले ११-१५ को अग्रता बनाइसकेको थियो । त्यसलाई जोगाउन नसक्दा २३-२५ ले सेट गुमाउन पुग्यो र खेलमा पुनः पछि पर्‍यो । चौथो सेटमा सुरुमै पछि परेको डायमन्डले पुनरागमनसहित २५-१८ ले नै सेट जित्यो । अन्तिम तथा निर्णायक सेटमा भने सुरुदेखि नै अग्रता बनाएको उसले अन्तिमसम्म कायम राख्न सफल रह्यो । अन्तिम सेट न्यु डायमन्डले १५-११ ले जित्यो । टोलीले समूह 'बी' मा विजयी सुरुआत गरेको छ । पुरुषतर्फ साबिक विजेता त्रिभुवन आर्मी र एपीएफले आफ्नो खेलमा जितका छन् । पहिलो खेलमा आर्मीले आरजी भलिबल ग्रुपलाई ३-० को सोझो सेटमा हरायो । आर्मीले २५-९, २५-१६, २५-९ को सेटमा खेल जित्यो ।


बुलबुले रारा क्लबलाई ३-१ को सेटमा हराउन एपीएफलाई भने हम्मेहम्मे पर्‍यो । स्तरीय तीन विदेशी खेलाडीसहित पहिलोपल्ट प्रतियोगितामा सहभागी बुलबुले क्लबले पहिलो सेट २३-२५ ले जितेको थियो । तर त्यसपछि तीन सेटमा एपीएफले सम्हालिएको खेल प्रदर्शन गर्‍यो । एपीएफले पछिल्ला सेट २५-२३, २५-२०, २५-१८ ले आफ्नो पक्षमा पारेको थियो । शनिबार महिलामा एपीएफ र जावलाखेल तथा भरतपुर महानगर र आर्मी तथा पुरुषतर्फ आरजी ग्रुप र नयाँबजार तथा पुलिस र पार्वती भलिबल क्लबबीच प्रतिस्पर्धा हुनेछ ।

**कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि.** द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुधीर शर्मा**

ekantipur.com
कोसेली
कान्तिपुरको साप्ताहिक परिशिष्टांक
शनिबार, ४ माघ २०७६

# धमिलिँदै गएको तस्बिर

यहाँ अरू नै कसैका सम्झनाका प्रसंगहरू छन् । व्यक्ति पंक्तिकारको आमा हो । जीवनकालमा उहाँले देखेर/सुनेर/पढेर पनि सहजै सेयर गर्नुभएन । जे धेरथोर भए, त्यसको केही रूप यहाँ दिइएको छ ।



**अवलोकन**
सौरभ



आफ्ना अर्थहीन कुराहरू पनि असंख्यलाई महत्वपूर्ण लाग्छ । तर, त्यसमा सार्वजनिक रुचि हुनुपर्छ भन्ने छैन । सञ्चारले जति दबाब दिए पनि पंक्तिकार आफूसँग भने त्यस्ता कुनै कुरा छैनन् । यसैले यहाँ अरू नै कसैका सम्झनाका प्रसंगहरू छन् । व्यक्ति पंक्तिकारको आमा हो । जीवनकालमा उहाँले देखेर/सुनेर/पढेर पनि सहजै सेयर गर्नुभएन । जे धेरथोर भए, त्यसको केही रूप यहाँ दिइएको छ ।

### विक्रम संवत् १९९७

रगतले पूरै भिजेको लुगा देउलाले फुकालेर बगरमा फाले, दशरथ चन्दलाई सोलामा चढाइसकेपछि । तर, त्यहाँ दशरथ चन्द मेरो आफन्त हो भन्न कोही पनि आएन । आएको भए देउलाले त्यो संस्कार गर्नु पर्दैनथ्यो । आज दशरथलाई मेरो नातेदार भन्ने चन्दहरू त्यतिबेला कहाँ थिए ? उहाँ प्रश्न गर्नुहुन्थ्यो ।

खोलाको वारि बगरबाट सत्र वर्षको उमेरमा त्यो दृश्य देखेकी उहाँ चन्द थरलाई रुचाउनु हुन्नथ्यो ।

गंगालाल त्यही केटो हो, जो आफ्नो काकालाई भेट्न छेत्रपाटीमा धाइरहन्थ्यो ? श्रेष्ठ पक्राउ परेपछिको सनसनाहटमा उहाँको पहिलो प्रश्न थियो किनभने गंगालालका काकाको त्यो घर हाम्रै घरपारिपट्टि सडकमा थियो (हाम्रा आफ्ना दुई घरचाहिँ बहादुरशमशेर राणाले २००३ सालमा जबर्जस्ती लिइदिएका थिए आफ्ना मानिसहरू राख्न, जुन अहिले जुद्धोदय हाइस्कुलसँगै पश्चिमपट्टि सडकमै थियो) ।

'एक्लै बस्न सक्दिनस् भने पोइल जा !' पतिलाई ज्यान सजाय नदेऊ भन्दै आफ्नो मोटरअगाडि पसारो पर्न आएकी हसिना श्रेष्ठलाई जुद्धशमशेरले निकृष्ट दर्जाको जवाफ दिएका थिए । उनका छोराहरू के गर्दै होलान् अहिले ? उहाँ निरन्तर उत्तर खोजिरहनुहुन्थ्यो ।

शुक्रराज शास्त्रीको लास हेर्न टेकुको उत्तरी भिरालो बाटो ओर्लेर सेतै कपाल र सेतै लामो दाह्री भएका माधवराज जोशी आए । झुन्ड्याइरहिएका छोरालाई हेरे र वरिपरि घुमेर नमस्कार गरे । 'तिमीजस्तो बहादुर छोरालाई सलाम !' भन्ने एक वाक्य सबैले सुन्ने गरेर बोले । त्यसपछि फनक्क फर्केर उही उकालो उक्लेर हराए । पछिसम्म त्यो दृश्यले विष्मित हुनुहुन्थ्यो उहाँ ।

शास्त्री परिवारसँग उहाँको पाँच-सात वर्षको उमेरदेखि नै हिमचिम थियो । शास्त्रीकी बहिनी चन्द्रकान्ता मल्लसँग उनकै घर गईगई पढेकाले मल्लका निम्ति उहाँको सम्बोधन थियो 'गुरुमा' ।

एउटा विशेष तस्बिर हेर्न खोज्दा नपाएपछि उहाँले दिएको जवाफ थियो, माधवराज जोशी र उनकी श्रीमती हेरेपछि तिनलाई हेर्नै पर्दैनथ्यो । यसैले शुक्रराज शास्त्रीले अनुवाद गरेको 'ब्रह्मसूत्र शांकरभाष्य' को मुखपृष्ठमा छापिएको उनको बाबुआमाको तस्बिरलाई आफ्ना बुबाको मावलीपट्टिको जिजुबाजे-जिजुबजैको तस्बिर ठान्ने गर्छ पंक्तिकार अचेल ।

पछि मल्लले बागबजारमा दाजुको नाममा एउटा स्कुल खोलिन् । त्यतिबेलासम्म पुतलीसडक निवासी भइसकेका हाम्रो घरअगाडिबाट उनलाई हिँडिरहेको देखिन्थ्यो । झ्यालको ऐनाभित्रबाट पंक्तिकारले धेरैपल्ट देखाइदियो मल्ललाई । तर, किन हो उहाँले अब भेट्नचाहिँ चाहनुभएन ।

### 'लीला टिप्पणी'

गालाको कोठी छोप्न लेखनाथ पौड्यालले दाह्री पालेका हुन् । यस्तो भनाइ एउटा पत्रिकामा कसैले लेखेको पढेपछि पंक्तिकारले सोध्यो- साँच्चै हो त ?

स्वर्गद्वारी महाप्रभुमाथि 'तरुण तपसी' लेखेको मानिसले कोठी छोप्नकै लागि दाह्री पाल्ने कुरा उहाँलाई मान्य भएन । लेखनाथको 'बुद्धिविनोद' लाई डा. पिनाकीप्रसाद आचार्य (शैलजाको बाबु) ले दिएको उत्तरको पुस्तक कैयनपटक दोहोर्‍याउनुभएको थियो उहाँले । लेखनाथलाई धेरैपटक देखेकी उहाँले भन्नुभयो, 'त्यति सानो कोठी छोप्न त्यति ठूलो दाह्री किन पाल्नुपर्‍यो ?'

'ठूला कवि हुन्, खान नपाएर ज्यामिर चुस्छन् !' कसैले प्याच्च टिप्पणी गरेको उहाँको कानमा पर्‍यो, ज्ञानेश्वरबाट मैतीदेवी जाँदै गर्दा । जहाँको एउटा खुला चउरमा लक्ष्मीप्रसाद देवकोटा भाषण गर्दै रहेछन्, त्यसैले 'मुनामदन' र अन्य कृतिहरू पढिसकेपछि पनि उहाँले भने देवकोटालाई चिन्ने एउटै प्रतीक थियो- ज्यामिर चुस्ने कवि ।

इन्डियाको पुट्टपर्तीका साईबाबा जिउँदै छँदा उनी जादुगर हुन् भन्नेमाथि चर्चा भइरहेथ्यो । अब्राहम कभुरले किताबै लेखेका थिए त्यसमा । घण्टौं कुरा सुनेपछि उहाँले भन्नुभयो- नेपाली चाला, बाँचुन्जेल जादुगर मरेपछि देउता !

९७ सालमा सहिदहरूलाई पोल्ने भनिएका पात्र थिए शुक्रराजका आफ्नै भाइ । उसमाथि भएको चर्चा सुनेपछि भन्नुभयो- उसको नामै वाकपति, नबकेर के गरोस् ?

सम्पन्न मानिस देखेमा त्यसलाई जबर्जस्ती जागिर भिडाइदिने, कमाइरहेको थाहा पाए केही वर्ष आँखा पनि चिम्लने, अनि अत्तो लगाएर निचोर्दै जाने र आफ्नो ढुकुटी भर्ने चन्द्रशमशेर नीति धनकुटाका धनाढ्य श्रीविलास दाहालबाट सुरु गर्दै आदिभक्त माथेमाहरूसम्म आइपुगेको कुरा बताउनुहुन्थ्यो उहाँ । दाहाल एक पूर्वज थिए । टिप्पणी थियो- मोटो बोकालाई पहिले काट्छन् !

सान्चा पहलवानको उल्लेख समले 'मेरो कविताको आराधन' मा गरेजस्तो मात्रै लाग्छ, यकिन छैन । तर, ठहिँटीका कायस्थ थर भएका ती सान्चा पहलवान उहाँको मान्यताभित्र पर्दैनथे । नेवार नाम सुनिए पनि सान्चा पहलवान ठकुरी थिए पश्चिमका । उहाँका भनाइमा १९९० पछि उपत्यकाबाट निकाला गरिएको कारण थियो- मान्छे होइन धेरै हलुवाई पसल कुच्याएको थियो ।

दरबार हत्याकाण्डपछि कोतपर्व औंल्याउँदै गरेको टिप्पणी थियो- पहिला नाति जन्मिएथ्यो, अहिले बाजे जन्मियो ।

हैजा, टाइफाइड र बिफरले मृत्युदर उच्च रहेको उपत्यकामा घाटे वैद्यहरूको ठूलो बजार थियो । यमराजसरह कोही जुँगामुठे चापागाईंका नाकमुनि लामै घाउ र दलिएको औषधि देख्नेहरूलाई उनले दिएको स्पष्टीकरण थियो- दुई दिनमा आमा बित्छिन् भनेर तैंले घोषणा गरिस्, तर अहिले आमालाई घर फर्काइयो भनेर कोही रिसाहा दुवै जुँगा मुठ्याउँदै झुन्डियो । अब मैले यो काम छोडें पनि ।

उहाँले भन्नुभयो- तिनको ज्ञान अनुभवमा होइन, जुँगामा रहेछ ।

(विश्वास गर्न गाह्रो मान्नेहरूलाई उदाहरण दिइन्छ । पुराना पारखीहरूले आँपको बेर्ना किन्न जाने ठाउँ हो इन्डियाको यूपीमा पर्ने मलिहाबाद । दिवा निद्राबाट ब्युँझेर उठ्दा दुवै घना जुँगा उखेलिएर रगतपच्छे भए त्यहाँका नबाब । गद्दी नछोडेको रिसमा भतिजाले निदाएका काकाको जुँगा अजंगको गह्रौं मेचका हेन्डलमा डोरीमा बाँधिदिएको रहेछ ।)

एउटै छोरी पनि अमेरिका बसाइ सर्ने सुनेपछि भन्नुभयो- जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी !

नीलो जिल्ला भएको पातलो पुस्तक- लेखक भैरव जोशी । त्यसमा लेखकले आफूले घरको भित्तामा देउता देखेको वर्णन पढेपछि भन्नुभयो- बाले भन्नुहुन्थ्यो, तराईको चर्सा (छाला) ठेक्कामा कोटा पुर्‍याउन नसकेपछि चउरमा विष छरेर थारूहरूका गाईबस्तु मराइदियो । यस्तोलाई देउताले दर्शन दिए होलान् ?

गाईबस्तुलाई चाहेअनुसार, विष प्रयोग गरेर मैदानी इलाकामा मार्ने चलनबारे अहिले नेटमा पढ्न पनि पाइन्छ । तराईका कुरा गर्दा उहाँका तीन अविस्मरणीय थारू पात्र थिए- बलबहादुर, भोलैया र गिरिधारी । यी तीनैजना उहाँको माइती मौजा पर्साको हर्पुरगाउँका बासिन्दा हुन् ।

> रगतले पूरै भिजेको लुगा देउलाले फुकालेर बगरमा फाले, दशरथ चन्दलाई सोलामा चढाइसकेपछि । तर, त्यहाँ दशरथ चन्द मेरो आफन्त हो भन्न कोही पनि आएन । आएको भए देउलाले त्यो संस्कार गर्नु पर्दैनथ्यो । आज दशरथलाई मेरो नातेदार भन्ने चन्दहरू त्यतिबेला कहाँ थिए ?

गिरिधारी ठ्याक्कै मोहनदास करमचन्द गान्धीजस्तै थिए । उस्तै चस्मा लगाएका, उस्तै थोतो, लट्ठी टेकेका, अनुहार, उचाइ, पहिरन, हँसाइ सबै एउटै ।

पर्साका व्यापारी शंकर केडियाले धेरैपछि जब बारम्बार भन्न थाले- गान्धी गुजरातमा होइन, हाम्रै पर्सामा जन्मेका हुन्, उहाँ भन्नुहुन्थ्यो- त्यसले गिरिधारीलाई भन्या होला ?

यतिबेला अरुणा उप्रेती र क्यानडावासी नारायण घिमिरेले ममको पक्ष लिएर चाउचाउविरुद्ध धर्मयुद्ध छेडेको सामग्री पढ्न पाएको भए उहाँको टिप्पणी सम्भवतः हुने थियो- अब व्यापारीहरूले चाउचाउको नाम मम राख्नेछन् ।

### सिर्जनाका पात्रहरू

'रत्नदास प्रकाश गीत गाउन त ल्याइए, तर उनी माथिल्लो तलामा उक्लन अनकनाए । उनले भने- म त साही हुँ । त्यसपछि भेषनाथ दाइले (उतिबेलाका नाम चलेका तर रेकर्ड हुनअगावै बितेका गायक भेषनाथ अर्याल) हाम्रोमा त्यस्तो बारना छैन भनेर भर्‍याङ उकाल्नुभयो । तैपनि सतरन्जा पल्टाएर बसे रत्नदास र झन्डै तीन घण्टा गीतहरू सुनाए ।' –यस्ता अनेक प्रसंग थिए प्रकाशबारे । दाजुका कारणले देखे-सुनेका त्यतिबेलाका गायक-गायिकाहरू हरिप्रसाद रिमाल, बटुकृष्ण ज्वाला, किशोरीदेवी र पछि आफ्नै घरमा एकताका भाडामा बसेका बच्चुकैलाश, पुष्प नेपालीदेखि त्यहाँ गफ गर्न आइरहने किशोरी वयकी तारादेवीबारे उहाँका सम्झनाहरू अनेक थिए ।

जीवनका अन्तिम क्षणतिर प्रकाशबारे डकुमेन्ट्री बनाएको थियो एनटीभीले । त्यो देखाउँदा उहाँ भन्नुहुन्थ्यो- कहिल्यै बूढो हुँदैनरहेछ । एल्भिस प्रिस्ले बराबरको लोकप्रियता थियो रत्नदासको उहाँको अभिव्यक्तिलाई सार दिनुपर्दा, सुपरस्टार थिए उनी आफ्नो समयका । त्यस्तो स्थान नारायणगोपालले कहिल्यै पाएनन् ।

तर, कृष्णप्रसाद कोइराला, सोमनाथ सिग्देल, भजनप्रसाद गौतम, मृगेन्द्रशमशेर राणाप्रति राम्रो धारणा थिएन । प्युखास्थित आफ्नो माइतघरमा धेरैधेरैपल्ट कोइरालालाई देखेको, उनले गरेको संवादहरू सुनेको, प्रसिद्ध जुवाडे दिव्यदेव पन्तको घरमा कोइराला परिवार बस्दा नलिनी, इन्दिरा, गिरिजाप्रसाद कोइरालाहरूसँग खेलेको, खोइरोले कपाल झारेकाले चिन्डेसमेत भन्ने गरेको, विश्वेश्वरप्रसाद कोइराला भूमिगत अवस्थामा मध्यरातजस्तो खान आएको हेरेको र मातृकाप्रसाद कोइरालाले आफ्नो बाबुको कोट माग्दै लगाउँदै धेरैपल्ट गरेको जस्ता सयौं-हजारौं प्रसंग उहाँसँग भए पनि उनका परिवारबाहेक अन्य सर्वसाधारणले गरेको पिताजी सम्बोधनप्रति उहाँ ओठ नै लेब्र्याउनुहुन्थ्यो ।

१९९२ सालमा त्रिचन्द्र कलेजले आयोजना गरेको निबन्ध प्रतियोगितामा अंग्रेजीतर्फ सोमेन्द्रनाथ अर्याल र नेपालीतर्फ यदुनाथ खनाल पहिलो भए । यो त्यही सोमन्द्रनाथको कुरा हो । नौ कक्षाको परीक्षाफलमा आफू दोस्रो भएपछि सोमेन्द्र स्कुल गएनन् । शक्ति छ भन्दैमा नम्बर बढी दिन मिल्छ ? भनेर उनले सम्भवतः त्यो बेलाका प्रिन्सिपल बटुकृष्ण मैत्रेयलाई भने । तर, मैत्रेय गलेनन् । आखिर घोडा चढेर प्रथम भएका विद्यार्थी मृगेन्द्रशमशेर राणा स्वयं बोलाउन आए । अब पहिलोको नम्बर घटाइयो र दोस्रोको बढाइयो । उहाँले भन्नुभयो- त्यसपछि सोमेन्द्र दाइ स्कुल गए ।

तर, अमृत भाइलाई पहिलो हुँदा पनि शिक्षाका डाइरेक्टर भइसकेका तिनै मृगेन्द्रशमशेरले कलकत्ता पढ्ने छात्रवृत्ति उपलब्ध गराएनन् । धेरै आग्रहपछि उनले एउटा पत्र थमाएर कलकत्ता पठाए । तर, विश्वविद्यालयको प्रिन्सिपलले आँखा कमजोर छ भन्ने बहानामा इन्जिनियरिङमा भर्ना लिएनन् । बहाना हो भन्ने बुझेपछि काठमाडौंमा गएर प्रतिवाद उठाउँदिनँ, कसैलाई भन्दिनँ भन्ने कबुल अमृतनाथले गरे । प्रिन्सिपलले कारण खोल्यो- यो विद्यार्थीलाई जसरी भए पनि भर्ना नलिई पठाइदिनू भन्ने लेखेको छ ।

(यदुनाथ खनाललाई पनि बिनाकारण छात्रवृत्तिमा मृगेन्द्रशमशेरले अन्याय गरे- पेज १४ यदुनाथ खनाल : जीवनी र विचार)

लैनसिंह बाङ्देलले 'छ महान् कलाकार' शीर्षकको आफ्नो पुस्तकमा यस्तै प्रसंग लेखेका छन्- 'लास्ट सपर' चित्रको निम्ति भिन्सीले महिनौं कुरेपछि क्राइस्टको चित्र बनाउन लायक मोडल भेट्छन् तर त्यसको कैयन् वर्षसम्म जुडासको अनुहार बनाउन लायक पात्र भेट्दैनन् । वर्षौंपछि त्यही मोडमा जुन पात्र भेटेर स्टुडियो लान्छन् उसले पहिले पनि आफू त्यहाँ आइसकेको सम्झना गर्छ । अर्थात् सोमेन्द्रकालका क्राइस्टजस्ता मृगेन्द्र अमृतकालमा जुडास भइसकेका छन् । फ्रेस्को भनिने यो भित्ताभरिको विशाल चित्रकला मिलानको एउटा गिर्जाघरमा आज पनि छ । पंक्तिकारले आफैंले हेरेको पनि छ ।

पंक्तिकार पुग्नुको एउटा कारण भिन्सीको मोडल मृगेन्द्रशमशेर हो भन्ने अवचेतन मनमा रहेको छापले होला । अमृतनाथलाई मृगेन्द्रशमशेरले पन्छाएको कारण भने स्पष्टै छ- मुड । तर, २००७ सालपछि अमृतनाथले त्यो अन्यायको कारण मृगेन्द्रशमशेरसँग सोध्दा उनले दिएको जवाफ थियो- त्यो बेला त्यस्तै चलन थियो ।

बाँकी पृष्ठ ख मा

## साइत : डोरबहादुर जन्म

# 'बड्डा' को डोब



रवीन्द्र ढकाल

मानवशास्त्री डोरबहादुर विष्ट २०४८ सालमा जुम्लाको चौधबीसा उपत्यका पुगे । उद्देश्य थियो- समाज विज्ञानका सिद्धान्तलाई व्यवहारमा उतार्नु । यही चौधबीसाबाट २०५२ सालको अन्त्यतिर उनी जुम्ला बजार हुँदै नेपालगन्ज उडेका थिए । त्यसपछि उनी हराए । हालसम्म उनको खबर छैन । डोरबहादुरले समाज–विज्ञान अध्ययन गरेको थलो बुझ्न विष्ट हराएको लगभग २३ वर्षपछि (२०७५ पुस ६) गते रवीन्द्र ढकाल चौधबीसा उपत्यका पुगेका थिए । डोरबहादुर हराएको दुई दशकपछि त्यस उपत्यकाको चित्र कस्तो थियो ? डोरबहादुरबारे गाउँलेहरू के भन्थे ? एक आलेख :



**डायरीमा डोरबहादुर** - **वसन्त थापा**, पृष्ठ - ख

बड्डाका कपाल पूरै सेतो, आँखानिर कालो कोठी । राडीपाखी काँधको दुवैपट्टि हालेर कम्मरमा डोरीले बाँध्थे रे ! प्रायः एक्लै हिँड्थे । कहिलेकाहीँ गाउँलेहरू भेला गराउँथे । र भन्थे, 'तिमीहरू लाटा हौ, जडीबुटी भईकन पनि ठगिएका छौ ।'

बड्डाको यो वचन चौधबीसा उपत्यकाको लुम गाउँका कल्लीबहादुर रावतको मनमै गडेको छ । उनका 'बड्डा' हुन् डोरबहादुर विष्ट हुन् ।

चौधबीसाको विकासका लागि पहिला शिक्षा र शिक्षामार्फत अन्धविश्वास हटाउनुपर्छ भन्थे डोरबहादुर । यो कुरा उनले हिमालखबर पत्रिकाको २०५२ 'माघ-चैत' सालमा प्रकाशित लेखमा 'चौधबीसाको अनुभव : खसहरूमा आत्म-पहिचानको संकट' मा बताएका छन् ।

यही परिकल्पनाअनुरूप, उनले कर्णाली इन्स्टिच्युट खडा गरे चौधबीसामा । सदियौंदेखि खस जातिको आत्मविश्वास र पहिचानलाई सामूहिक रूपमा कमजोर परियो भन्ने उनको बुझाइ थियो ।

चौधबीसा उपत्यकावरिपरि पाइने जडीबुटीको उचित उपयोगले आर्थिक स्थिति सबल बनाउँछ, अर्थ भएपछि पहिचानको संकटको खाडललाई पुर्न सजिलो हुन्छ अनि आत्मविश्वास फर्किन्छ भन्नेमा विष्ट विश्वस्त थिए । विष्टले चौधबीसामा यही कुरा लागू गर्ने प्रयत्न गरेका थिए ।

चौधबीसा उपत्यकाभित्रको खस बस्ती हो– लुम गाउँ । गाउँमुन्तिर जवा नदी फैलिएर बगेको छ । नदीकै मास्तिर झुरुप्प माटोका छत भएका घरहरू टक्क मिलेर बसेका छन् । यी घरहरूलाई जहिल्यै पतरासी हिमालले हेरिरहेको हुन्छ ।

लुम गाउँकै शिवलाल रावत र गोविन्द बुढालाई विष्टले त्यसबेला काठमाडौं पढ्न पठाए । शिवलाल रावत अझै उनले भनेको वाक्य सम्झन्छन्, 'काठमाडौं गएर पढ्नु अनि फर्कनु, काठमाडौंलाई चौधबीसासँग जोडने पुल हौ तिमीहरू ।'

• • •

जुम्लाको खलंगा बजारबाट ४५ मिनेटको जिप-यात्रापछि म लुम गाउँ पुगेको थिएँ । लुममा अहिले जिन्स पाइन्ट, मास्क, टुबोर्ग बियर र मोबाइलका सेटहरू बाटोसँगै पुगेर फेसन बनेका छन् ।

म लुम पुग्दा घाम टाउकोमाथि पुगिसकेको थियो । गाउँलेहरू विद्यालयको चउरमा जम्मा भएका थिए । चउरबीचमा कुर्सी थियो । कुर्सीमाथिको टपरीमा रातो अक्षता र सुकेको रगतको पाप्रा देखियो ।

कुर्सीअगाडि नाइलनको डोरीले दुई हात बाँधेका 'मान्ठा' हरू लस्करै उभिएका थिए । ती मान्ठाहरूलाई टपरीमा छुवाउँदै 'तुइले चोर्‍या हो कि नाइ ?' भनिँदै थियो ।

पाठोको रगतको सुकेको पाप्रा छोएपछि चोरले सत्य बोल्नुपर्छ रे ! यदि उसले झूट बोल्यो भने धामी लाग्छ भन्ने मान्यता रहेछ ।

यहाँ सरकारी ऐनभन्दा पनि धामीको शासन कडा रहेछ । टपरी छोएर कसम खाने मान्ठाहरू मुगुका बासिन्दा थिए ।

लुम गाउँको सामुदायिक वनको सिमानाले मुगुलाई छुन्छ । यी मान्ठाले बिनाजानकारी सामुदायिक वनमा पसेर हिड्डे र भोल्टे (जडीबुटी) चोरेका रहेछन् । चोर पत्ता लगाउने यस्तो प्रथालाई स्थानीय शब्दमा 'रक्त्यावली' भनिन्छ । धामी लाग्ने भएपछि साँचो नबोलेर भयो त ?

बाँकी पृष्ठ ख मा

# डायरीमा डोरबहादुर

वसन्त थापा

***नेपाली 'मानवशास्त्रका पिता' भनेर ख्याति कमाएका प्राध्यापक डोरबहादुर विष्ट ९३ वर्षअगाडि आजकै दिन अर्थात् माघ ४ गते ललितपुरको काँठ झरुवारासीमा जन्मेका थिए। 'पिपुल अफ नेपाल', 'सबै जातका फूलबारी', 'रिपोर्ट फ्रम ल्हासा', 'सोताला', 'फेटलिज्म एन्ड डेभेलपमेन्ट' आदि पुस्तकका लेखक विष्टले जीवनको उत्तरार्द्धमा जुम्लाको चौधबीसामा कर्णाली इन्स्टिच्युट स्थापना गरेर त्यहाँको विकास कार्यमा योगदान गर्नुका साथै आफ्नो विषयमा स्थलगत तथा प्रायोगिक अनुसन्धान गर्दै आएका थिए।***

***जुम्लाबाट हवाइजहाजमा नेपालगन्ज आएर कोहलपुरमा बस चढी चिसापानीतर्फ गएका प्रा. विष्ट त्यसपछि कहाँ गए अहिलेसम्म कसैलाई पत्तो छैन। उनी त्यसरी बेपत्ता भएको अहिले लगभग २५ वर्ष भएको छ। उनले लेखेका पुस्तकहरूमा 'फेटलिज्म एन्ड डेभेलपमेन्ट' सर्वाधिक चर्चित र विवादित रहृयो। अंग्रेजीमा लेखिएको त्यस पुस्तकको वसन्त थापाद्वारा नेपाली भाषामा अनुवाद भएको छ र त्यसको विमोचन पनि आजै हुँदै छ।***

***लेखक वसन्त थापाको निजी डायरीबाट उद्धृत गरिएको यस लेखोटलाई सान्दर्भिक ठानेर प्रा. विष्टको ९३ औं जन्मदिनको अवसरमा प्रस्तुत गरेका छौं।***

मैले टुरिस्ट गाइडको तालिम लिँदा उनी 'एन्थ्रोपलोजी' पढाउँथे, नेपालका विभिन्न जातजातिबारे चिनारी गराउँथे। मृदुभाषी, सहज र आफ्नो विषयबारे पूर्ण अधिकार राख्ने उनको पढाउने शैली र भावभंगिमा विशेष किसिमको थियो। झन् अंग्रेजी उच्चारण त आफ्नै पाराको- नेपालीभाषीले बोलेको जस्तो पनि होइन, अमेरिकीहरूको सोझो नक्कल पनि होइन- दुवैको अलिअलि मिश्रण थियो क्यार! त्यसैले उनी 'आन्थ्रपालोजी' भन्ने गर्थे। उनको 'क्लास' रोचक हुने गर्थ्यो र ज्ञानवर्द्धक। त्यो सन् १९७६ सालको कुरा हो।

त्यसपछि फेरि उनलाई देखिनँ। एकैचोटि सन् १९९१ मा हो क्यार उनलाई फेरि देखें। अंग्रेजी 'हिमाल' पत्रिकाले गोर्खा भर्तीसम्बन्धी एउटा विचार गोष्ठी आयोजना गरेको थियो पाटनको होटल हिमालयमा। म पुग्दा उनी बोल्दै थिए र एकै छिनमा बिसाइ पनि हाले।

यसबीच मैले उनका पुस्तक, लेख, रचना, अन्तर्वार्ता आदि पढें। उनको पछिल्लो किताब 'फेटलिज्म एन्ड डेभलपमेन्ट' ले त निकै चर्चा कमायो। उनलाई भेटेर कुरा गर्ने इच्छा सधैं मेरो मनमा थियो, तर संयोग जुरेको थिएन। त्यो संयोग हिजो जुऱ्यो।

हिउँजस्तै सेता फुलेका कपाल ओढेको अनुहारमा समयले वृद्धत्वको नमेटिने र लुकाउन नसकिने छाप पारेछ। डोरबहादुर विष्टको आफ्नै भनाइमा उनको उमेर ६८ वर्ष भयो रे तर आफूलाई बूढो भन्दैनन् र मान्दैनन् पनि। त्यो दुई-अढाई घण्टाको बसाइ र कुरा गराइमा उनको दाबी असत्य ठहरिएन। मैले सन् १९७६ मा देखेको उनको शान्त र सौम्य रूप त्यहाँ थिएन। उनी आक्रामक भई बोल्थे र उनी कुनै युद्धमा होमिएका कटिबद्ध योद्धाझैं देखिन्थे। उनी आफ्ना मान्यता, प्रस्थावना र सिद्धान्तप्रति पूर्ण समर्पित र विश्वस्त लाग्थे। उनी स्वप्नद्रष्टाझैं धाराप्रवाह अभिव्यक्त भइरहन्थे। खास लक्ष्यमा पुग्न हिँडेको मानिसझैं उनी आतुरीमा भएको भान हुन्थ्यो।

आफूलाई 'मतुवाली खस' भन्न मन पराउने डोरबहादुर विष्ट नेपालका राजालाई मगर जातिको सन्तान भन्छन्। नेपालको विकासमा सबैभन्दा ठूलो तगारो बाहुनवाद र त्यसले जन्माएको भाग्यवादी प्रवृत्तिलाई मान्छन्। उनी वस्तुतः यहाँको प्रत्येक समस्याको जड बाहुनवाद हो भन्ने मान्यता राख्छन्– यहाँसम्म कि काठमाडौंको फोहोरमैलाको मुख्य समस्या पनि बाहुनवाद नै हो भनी ठोकुवा गर्छन्। यसो भन्दा उनी मूढाग्रही देखिँदैनन् बरु तर्कसम्मत र 'राशनाल' देखिन्छन्। उनका यिनै अशास्त्रीय मान्यता र मथिंगल हुँडल्ने खालका विचारहरूले गर्दा उनी चर्चित हुन पुगेका छन् र उनको आफ्नै शब्दमा 'मित्रविहीन' पनि।

आफ्ना धेरै दौंतरीहरू बूढो भइयो भनेर कुना लागिसकेका छन् भने कतिचाहिँ कति दुःख गर्ने बुढेसकालमा भनेर आरामी जिन्दगी बिताइरहेछन् र एकाथरी भने तास खेलेर समय काटिरहेका छन्। त्यसैले त्यस्ताहरूसित आफू मिल्न नसक्ने कुरा बताउँछन्, 'उमेरले बूढा र कामले तन्नेरी' डोरबहादुर। उनलाई आफ्नो समय सीमित छ भन्ने राम्ररी थाहा छ, तर काम भने धेरै-धेरै भ्याउन चाहन्छन्। उनी काम गर्दागर्दै मर्न चाहन्छन्, बूढो भएर होइन। हामीलाई भर्खर सुरु गर्न लागेको उपन्यासका केही पानाहरू देखाउँछन्। आफैंले लेखेको पुस्तकको नेपाली संस्करणको खेस्रा अघिल्तिर सार्छन् र अनेक विषयमा एकसाथ लेखिरहेको बताउँछन्।

लेखेर उनले जति नाम अथवा दाम कमाए सम्भवतः त्यति नै र त्यसभन्दा बढी शत्रुहरू पनि कमाए होलान्। तर, ती शत्रुहरूको सराप र खोइरो खनाइले उनलाई रत्तिभर विचलित पारेको छैन, बरु उनलाई झनै दृढ र कृतसंकल्पित पारेको छ। उनी यस उमेरमा काठमाडौंका यावत् सुखसुविधालाई पन्छाउँदै नेपालको अत्यन्त पछौटे ठाउँ जुम्लामा केही गरेर त्यहाँका अशिक्षितहरूलाई जम्जमाउने तरखरमा लागेका छन्। ईर्ष्यालाग्दो उत्साह र उमंगसाथ आफूले देखेको सपनालाई वास्तविकतामा अनुवाद गर्ने कार्ययोजनाहरू अल्छी नमानी बयान गर्छन्। राजनीतिदेखि टाढा धर्मदेखि विरत कर्मवादी डोरबहादुर आफू एक्लोले जे-जति दिन सकिन्छ, त्यो नेपाली समाजलाई दिएर जाने संकल्पसाथ कर्मभूमिमा लागिपरेका छन्। यति हुँदाहुँदै पनि उनी नेपालको विकास हुन्छ भन्ने कुरामा पटक्कै विश्वास राख्दैनन्। कारण : बाहुनवाद। नेपालमा बाहुनवादको यस्तै हालीमुहाली रहिरहने हो भने अबको बीस वर्षमा काटमार मच्चिने ठोकुवा गर्न पनि हिच्किचाउँदैनन्, मानौं उनी सर्वद्रष्टा हुन् र नेपालको विकराल भविष्यलाई झल्झली देखिरहेछन्।


हिजो उनलाई भेटेर अनि उनीसित कुरा गरेर लाग्यो, 'मिसन' भएका मानिस वा आदर्श बोक्ने मानिस सके यस्तै हुन्छन्। समयले उनका प्रस्तावनाहरूलाई गलत पनि साबित गरिदेला या उनी जुन ध्येयलाई अघि बढाउन खोजिरहेछन् त्यो भताभुंग पनि होला। तथापि जीवनपर्यन्त उनले बाँच्ने बडो राम्रो कारण पाइरहेछन्। जुन कारणका लागि उनी आफ्नो विद्वता र ज्ञानलाई काठमाडौंको तारे होटलका सभाकक्षहरूमा घन्काएर बसिरहन सक्थे। कूटनीतिक नियोगहरूमा हुने 'ककटेल पार्टीहरूमा' साँढे भएर पनि उनी आत्मसन्तुष्टि पाउन सक्थे। तर, यी सबैदेखि टाढा अनकण्टार ठाउँमा नयाँ चुनौतीहरूसित भिड्न उनले कम्मर कसेका छन्, जुन चुनौतीहरू उनका आफ्नै सिर्जना हुन्।

हिजो डोरबहादुर विष्ट नामको त्यस ६८ वर्षे तरुनो बोलाकी र कर्मठ व्यक्ति देखेर मलाई केही खुसी लाग्यो, केही गर्व लाग्यो, केही प्रेरणाको अनुभूति भयो र केही ईर्ष्या र डाहा पनि लाग्यो। ईर्ष्या यस निम्ति कि उनले बाँच्ने आधार फेला पारेका रहेछन्, जिन्दगीको 'मकसद' भेट्टाएका रहेछन्, उनी एउटा मिसनमा भिडेका रहेछन्। खै मेरो के आधार, के मकसद र के मिसन ? ? ?

म उनीसित लामो वार्तालाप गर्न लालायित थिएँ र उनी पनि तत्पर। तर, मेरा मित्र मानधोज मोक्तानजीको छटपटी र समयाभावले त्यो लालसा अपूर्ण रह्यो। केही रिस पनि उठ्यो मोक्तानजीसित। फेरि सम्झें, आखिर उनकै कारणले र उनैले गर्दा त म भेट्न पुगेको थिएँ लेखक, विचारक, समाजशास्त्री, मानवशास्त्री र अरू के-के डोरबहादुरलाई, पुल्चोकस्थित उनको विशाल बगैंचायुक्त निवासस्थलमा!

*१३ अगस्ट १९९४*
*सामाखुसी*

> हिजो डोरबहादुर विष्ट नामको त्यस ६८ वर्षे तरुनो बोलाकी र कर्मठ व्यक्ति देखेर मलाई केही खुसी लाग्यो, केही गर्व लाग्यो, केही प्रेरणाको अनुभूति भयो र केही ईर्ष्या र डाहा पनि लाग्यो।



डोरबहादुर विष्ट हराउनुअघि उनले प्रायोगिक अनुसन्धान गरेको चौधबीसा उपत्यकास्थित लुम गाउँ। दृश्यमा जवा नदी मास्तिरको पतरासी हिमाल। तस्बिर : रवीन्द्र ढकाल

पृष्ठ क बाट

## 'बड्डा' को डोब

डोरबहादुर विष्टले सधैं भन्थे, 'धामी, देवी, देवता, बाहुनले नेपाली समाजको पौरखको बाटो छेकिदिए।'

उनी आफ्नो लेखमा यहाँका मान्ठाभित्र गडेर बसेको धामी अर्थात् अन्धविश्वास पनि हटाउने प्रयास गर्दैछु भन्थे। तर, अहिले उनी आफैं अलप भएका छन्।

● ● ●

चौधबीसाका मान्ठाहरूको घर अहिले पनि बर्खाभरि वनको पाटनमा कोतरेको जटामसी, वन लसुन, नक्कली च्याउ, सेतो चिनी र कटुकोले चलाइदिन्छ। पहिले सुकेका जडीबुटीलाई पिठ्युँमा बोकेर २४ दिनमा मान्ठाहरू नेपालगन्ज पुऱ्याउँथे। अहिले ७ वर्षअगाडि खुलेको कच्ची बाटो हुँदै व्यापारी आउँछन्। दैनिक ज्यालामा यहाँका मान्ठालाई खटाएर जुडीबुटी बटुल्छन्। बोलेरोमा चढेर लुम पुगेका उनीहरूले बजारका साथै फाइदा पनि खाइदिएका छन्।

गाउँलेका हातमा पचास हजारदेखि एक लाख रुपैयाँ नगद पर्छ। यसबाहेक अन्य आम्दानीको स्रोत भेट्न मुस्किल छ। गाउँ डुल्दा जडीबुटीबाट पाएको रुपैयाँ कहाँ जान्छ होला भन्ने कौतूहल जाग्नु स्वाभाविक हो। किनभने उनीहरूको जीवनस्तरमा केही भिन्नता देखिन्न।

हिउँ पर्दा चिसोबाट ट्टकी (बच्चाहरू) लाई जोगाउन दाउराको खोजीमा महिलाहरू साँझसम्मै व्यस्त हुन्छन्। कति त उब्जनी नहुने खेतमै नङ खोस्रिरहेका देखिन्छन्। प्रायः महिलाहरू बिहानै पटुकीमा मकैको रोटीसँगै नुन बेरेर वन जान्छन्। हिउँ पर्नुअघि नै गाई, बाख्रा र भेडाका लागि घाँस बटुल्नु जो पर्छ।

व्यस्तताबीच स्याउलाको भारी बोकेर साँझको गोधूलिमा सुनकुली रावतलाई गाउँ छिर्ने गल्छेडामै भेटें।

'श्रीमान् कता हुनुहुन्छ ?'

एकै छिनको अलमलपछि उनले विद्यालय छेउको ठूलो घरमा छन् भन्ने उत्तर दिइन्।

म उनले भनेको घरतिर लागें। काठले बनेको तीनतले घर। प्रत्येक तलामा चारचारवटा कोठा। म घरभित्र छिर्नेबित्तिकै मानिसहरू भागाभाग गर्न थाले। तासका पत्ताहरू फिँजिएको थियो। खाल एकाएक रित्तियो। भाग्दाखेरि घोप्टिएका गिलासहरूबाट आएको ह्वास्स गन्धले नाक र मथिंगल नमज्जासँग हल्लियो। त्यहाँबाट भागेका उनीहरू बाहिर एकअर्कासँग भलाकुसारी गर्न थाले। 'नौलो मान्ठा देखेपछि ढुकढुक भयौं,' भाग्नेमध्येका एकले सुस्तरी भने।

'डोरबहादुर विष्टको बारेमा खोज्दै आएको विद्यार्थी हुँ,' भनेर परिचय दिएपछि स्थिति अलि सामान्य बन्यो। वडाध्यक्ष, स्कुलका मास्टर सबै यहीं आउँदा रहेछन्। जडीबुटीको रुपैयाँ त्यस दिन मैले तासको खालमा छरपस्ट भएको देखें।

तास अम्मलीलाई ट्टकीका किताब बोक्ने झोला च्यातिएको हेर्ने फुर्सद रहेनछ भनेर अनुमान लाउन मुस्किल भएन। साथै श्रीमती, दिदी, बहिनी र आमाहरूलाई कामको बोझ र पौष्टिक खानाको कमीले उमेरभन्दा अगाडि नै बूढ्यौलीले छोएको पनि उनीहरूलाई वास्ता थिएन।

लोग्नेको प्रतीक्षामा चिसो दाउरालाई सुधारिएको चुलोमा अबेर रातिसम्म बालिराख्न आगो फुकिरहेका महिलाहरू सायद उनीहरू तासमा जितुन् भन्ने कामना पनि सँगै गर्छन्। तासमा हार्नेको घरबाट राति महिला रोएको चीत्कार आउँछ। हारे रन्को र रक्सीको मातमा लठ्ठिएको लाग्नेको कुटाइ खाएका महिलाका लागि हरेक रात चुक घोप्टिएझैं अन्धकार औंसी।

एकाबिहानै म बसेको घरमा ७ जना महिला आइपुगे। सबभन्दा अघिकीले सुँक्कसुँक्क गर्दै भनिन्, 'हामी यस्तै पीरकन बूढी भया हौं।' नौलो मान्ठालाई यस्तो कुरा बताएपछि मन हल्का हुन्छ कि भन्ने उनको आस हुँदो हो। तर, तासको खाल र रक्सीको मातलाई मैले कसरी रोक्नु ?

डोरबहादुर अलप भएको लगभग २५ वर्षपछि पनि लुम गाउँमा जडीबुटीको व्यवस्थापन र उचित प्रयोग भएको छैन। फाइदाजति बाहिरका व्यापारीले लगेका छन् र गाउँलेहरू केवल ज्यालामै रमाएका छन्। डोरबहादुर भएको भए यो स्थितिलाई कसरी विश्लेषण गर्थे होलान् ?

● ● ●

काठमाडौं आइसकेपछि डोरबहादुरले त्यसबखत काठमाडौं पठाएका शिवलाल रावत र गोविन्द बुढालाई खोज्न थालें। निकै दिनको प्रयत्नपछि अनामनगरको मोडमा जुम्लाको ओखर, स्याउ, सिमी र मह बेच्ने पसलमा रावत फेला परे। गोविन्दको पत्तो लागेन।

शिवलाललाई लुमका बासिन्दाले जहिल्यै फोन गर्छन् र भन्छन्, 'स्याउ, ओखर र मह किन्देऊ।' गाउँलेको आग्रह टार्न नसकेर घाटै खाएर पनि किन्दिन्छन्। सहरमा संघर्ष गर्दागर्दै गाउँ उनीबाट टुट्यो। वर्षौं भयो उनी लुम नपुगेको।

'म एउटा व्यक्तिले कहिलेसम्म स्याउ किन्दिराख्ने ?' उनी प्रश्न सोध्छन्। म यसको उत्तर दिन सक्दिनँ। 'पहिले पनि डोरबहादुर लागेर केही भएन चौधबीसामा, राज्य नै नलागेपछि अब एउटा रावतले के गर्ने ?'

पृष्ठ क बाट

## धमिलिँदै गएको तस्बिर

माथि आएका यी दुई प्रखर पात्रहरू भेषनाथ र सोमेन्द्रनाथको अकालमै मृत्यु एउटै महिलाले गर्दा भयो, उहाँ भन्नुहुन्थ्यो- ती हामी सबैकी भाउजू हुन्। उनी क्षयरोगी थिइन्, जो आफूभन्दा स-सानाहरूलाई समय बिताउने नाममा तास खेल्न निम्त्याइरहन्थिन्, दिनभर तास चलिरहन्थ्यो। यो एउटा सगोल परिवारको ४०-५० जना किशोरकिशोरी झुन्डको विशाल समाज थियो। मानौं, श्वेतश्याम बंगाली सिनेमाको यस्तो एउटा विशाल 'बाडी घर' थियो, जसको चोकबाहिरको ढोकामा अहिले प्युखाको 'स्यान्डी सप' छ।

सन् १९४९ मा क्षयरोगको औषधि आयो। र, सन् १९५१ मा टोखा स्यानिटोरियम खुल्यो पनि। तर, त्योसँग डर कस्तो भने, १९८० पछि पनि काठमाडौंको एउटा पानपसलबाट हामीले कहिल्यै पान किनेनौं, त्यो परिवारका सदस्यलाई क्षयरोग छ भन्ने सुनेर। एक महिला विशेषको निधन 'बिकुलाई' ले भएको हो भन्नुभयो एक दिन। कहिले नसुनेको त्यो शब्दप्रति उदेक लाग्यो। कालान्तरमा त्यो शब्द शरद्चन्द्र चट्टोपाध्यायको जीवनी 'आवारा मसिहा' मा भेटेपछि थाहा भयो- बंगालमा पढेर आएको कुनै डक्टरको उच्चारण रहेछ, क्षयरोगको कीटाणु ब्यासिलस बुझाउने।

### दिगम्बरा र विषप्रौढा

दिगम्बरा बस्थिन् गौशालाबाट पशुपति जाँदाको देब्रे भीरमा। सम्भवतः यही भीर हो, जहाँबाट एउटा वर्ष हिसिला यमी र उनका साथीहरूले ऐश्वर्यको मोटरमा ढुंगा बर्साएका थिए।

सन् १९७० को दशकको सुरुसुरुतिर एउटी निर्वस्त्र पश्चिमा महिला झोंछेबाट पुरानो नगरपालिका भवनको बाटोमा बढिरहिछन् भन्ने सुनेपछि जनसेवा प्रहरी चौकीका प्रहरीहरू रुमाल र तन्ना बोकेर दौडिएका थिए र तिनलाई बेरेर चौकी लगेका थिए। त्यसअघि कोही साध्वी त्यस रूपमा थिइन् भन्ने थाहा थिएन। उहाँ भन्नुहुन्थ्यो- विशाल जटाधारी, चिनियाँजस्तो देखिने, कपडाले छेकिएर बस्ने तिनले अनेक सात्विक अनुष्ठानपछि मन्त्र पनि दिने गर्थिन्। जो सही साबित भयो पनि। थोरै समयपछि ती कहिल्यै देखिइनन्। अत्यन्त सुनसानका बेला भीर तल र माथि देब्रेपट्टिबाट सर्दै नृत्य गरिरहेको पनि देखिन्थ्यो। विषप्रौढाको घर भने थियो गणबहालमा। ती ब्राह्मणी नै थिइन्। तर, केही महिनामै पति फेरिन्थे। कुनैबेला जटाधारी पनि रहेकी तिनबाट त्यस्तो घटना किन घटिरहन्छ भनेर त्यसबेला समाजको ठूलो ध्यान भने गएन। जीवित पात्र थिए- टर्नेल।

बोधविक्रम अधिकारीको दन्त्यकथाकी एउटी रानी, जसको नाकबाट निस्कने दुई सर्पले प्रत्येक रात नयाँ राजालाई ठुङ्थ्यो- यही घटनाबाट लिइएको रहेछ कि भनेर लाग्ने।

पाल्पाका पुरानो भारदारी परिवारका मनमोहनप्रसाद श्रेष्ठले ९१ वर्षभन्दा बढी उमेरमा यो प्रसंग एकाएक निकाले। आफूले पनि सुनेको हुँदा चासो भयो। उनले त्यो घर देखाउन लगे। खिरखिरे हरियो झ्याल भएको त्यो घर मल्लहरूको घरहरूको चेपमा विलीन भइसकेको थियो। यद्यपि श्रेष्ठ सायद अझै धेरै जानकारी राख्थे। 'नरेन्द्र दाइ' र 'तीन घुम्ती' का प्लटहरू काठमाडौंमा यत्रतत्र थिए।

### माग्ने र गाई

यत्रतत्र थिए गुरूप्रसाद मैनालीको 'नासो' का प्लटहरू। दुइटा यहाँ दिइन्छ।

ताहाचलको गाईबाच्छा पाटीको अर्को कुनामा एक रात अर्को माग्ने बस्न आयो। त्यसपछि दुवै जना माग्ने सँगसँगै माग्न जान थाले। एक महिनापछि अर्को माग्ने मऱ्यो। पहिलो माग्नेले उसको सदगति मात्रै गरेन, गाईजात्रामा आफैं गाई भएर हिँड्यो। वर्षदिनसम्म शोक बारेर लुगा फेरेपछि मात्रै त्यसले पाटी छोड्यो- छेत्रपाटी र पुतलीसडकबीचको ट्रान्जिटकालमा त्यहाँ बसेका बेला उहाँले कौशीबाट देखेको दृश्य थियो त्यो।

१९९० सालको भुइँचालोपछि उहाँका बाको परिवारले मैतीदेवीका निम्ति प्युखा छोड्यो। तर, गोठको गाई छोडेपछि फर्किएन। बाटो पहिल्याउँदै दर्जनौंपल्ट प्युखा नै पुग्यो। विडम्बना, प्युखा नछोडेको परिवारले त्यसलाई गोठमा पस्न दिएनन्। त्यो त्यहाँको ढोकामै उभिइरह्यो, बसिरह्यो। दर्जनौंपटक यसो भएपछि नजिकै बस्ने एक नातेदारले भने- मलाई दिए दूध खान्थें। तर, तिनले त्यसका निम्ति कहिल्यै गोठ बनाएनन्, घाँस हालेनन्, पानी दिएनन्। असन चरेर रात परेपछि त्यो त्यहीँ पेटीमा जीवनभर बस्यो, दूध दिइरह्यो। एक दिन कुनै ज्यापूले हानेको खुकुरीको मार खाएर फर्केको त्यो त्यहीँ पेटीमा थलियो, तिनले घाउमा बेसारसमेत लगाइदिएनन्, त्यो त्यहीँ मऱ्यो र स्थानीय मानिसहरूले उठाएर लगे। पुरानो युगका मानिसहरू भयावह रूपमा निर्दयी थिए- उहाँको निर्क्योल थियो।

### कण्ठस्थ क्रम

'मुकुन्द-इन्दिरा' नाटकको मञ्चन भयो, सम्भवतः १९९० को दशकको सुरुतिर। लेखक-निर्देशक बालकृष्ण सम हुन्। तर, उहाँलाई २०६० सालसम्म पनि त्यस नाटकको पहिलो प्रदर्शनमा कुन पात्रको भूमिका कसले निर्वाह गरेको थियो भन्ने कण्ठस्थ थियो। बरु प्रचण्ड मल्ललाई होला कि नहोला ? कारण थियो- त्यसका एक अभिनयकर्ता गोपीनाथ अर्याल, सोमेन्द्रका भाइ नै थिए। अर्थात् त्यसका यावत् अभिनयकर्ता त्यो सानो काठमाडौंका घर छिमेकहरू नै थिए।

अर्को कण्ठस्थ सामग्री थियो- २००७ सालको तिहारमा महावीरशमशेर राणाको हिमालय एभिएसनले छरेको पर्चाको कवितारूपी राजनीतिक सन्देश। बरु त्यो पर्चा नै पनि कसैको संकलनमा अहिले होला कि नहोला ?

२० वर्षअघि फाखेल, फर्पिङका एक तामाङले २०१५ सालको चुनावमा कंग्रेसविरुद्ध गोरखा परिषद्ले घन्काएको कवितात्मक नारालाई यसरी सुनाएका थिए, मानौं सिर्जनशीलतामा देवकोटाबाहेक त्यतिबेला प्रखर अरू पनि थिए कि जस्तो लाग्थ्यो। उहाँपछि त्यो स्मरणशक्ति यी तामाङमा मात्रै भेटेको छ पंक्तिकारले।

रुद्रराज पाण्डेको 'रूपमती' र भीमनिधि तिवारीको 'बयासी गजल'का पंक्तिपंक्ति याद थिए। काठमाडौंका महिलाविशेषले लेखेका वा महिलाविशेषमाथि लेखिएका पुस्तकहरू उहाँका प्रिय थिए। जस्तो : बुलु शर्माको जीवन : आनन्दको र पीडाको, शोभा भट्टराईको अन्तहीन अन्त। अन्तिम पुस्तक सायद 'दरबारबाहिरकी महारानी' थियो।

### कक्षबहादुर र भजनप्रसाद

कक्षबहादुर काण्डबारे एक-दुई पंक्ति कतै पढेजस्तो पनि लाग्छ। तर, उहाँले सुनाएको प्रसंग यस्तो थियो- कुनै ठूलो दरबारबाट भारीका भारी नोट र सुनका भाँडाकुँडा चोरी भयो। राणा सरकारले पत्ता लगाउन सकेन। बरु झ्याली पिटायो- चोर चिनेका छौं, छिट्टै पक्रन्छौं। आफैं हाजिर हुन्छौ भने क्षमा पाउँछौ। यो जालमा फँसेर धेरै घरका झ्यालबाट रातको अन्धकारमा झाडीतिर सुनका भाँडाकुँडाहरू फाल्नसम्म फालिए। कक्षबहादुर र उसको टोलीले नोट बालेर भात पकाएर खाएको थियो।

यो नोट बालेर भात पकाएको कुरा थाहा पाउनुको सूत्र रहेछ- धेरै परबाट कक्षबहादुरको परिवार परिचित रहेछ। मुखमुखै हुँदै उहाँकहाँ आयो। २०४६ पछि अर्को कक्षबहादुर काण्ड घट्यो, जब मालेका केही सक्रिय कार्यकर्ताहरूले एमालेमा पुनः फर्किने निर्णय गरेपछि केही अन्तरंग साथीहरूसँग भने- त्यो फुटेको बेला के मात्रै गरिएन, नोटमाथि सुतिएन कि नोट ओढिएन ? भात पकाउन मात्रै बाँकी थियो!

दुइटा सुनका बाला झोंछेतिरको कुनै बाँडाले (धेरै सम्भावना अष्टलक्ष्मी शाक्यको पुर्खा) बेच्ने उद्देश्यले जुद्धशमशेर राणाकहाँ पुऱ्यायो। उनले आफ्नो दाहिने हातलाई सोधे- मैले तिमीलाई दिएको बाला मैलाई बेच्न भनेर कसरी आइपुग्यो ? ती पात्रले आफ्नी पत्नीलाई सोधे- त्यो उपहार बाँडाकहाँ कसरी पुग्यो ? पत्नीले जवाफ दिइन्- मैले त कुनै 'भजनप्रसाद' लाई उपहार चढाएथें।

संस्कृत साहित्य पढ्नेहरूले राजा भतृहरिको कथा अवश्य सम्झनेछन्। पंक्तिकारले त अनुवाद मात्रै पढेको हो। उहाँका अनुसार, प्रशस्त राणाहरूका घर, मध्यमवर्गीय ब्राह्मण-क्षत्रीहरूका घर उजाडिएका थिए। वनकालीको रूखमा वर्षमा आठ-दसवटा मानिस आफैं फल्न पुग्नुको स्रोतकेन्द्र खोज्दै गयो भने एउटै ठाउँमा पुग्थ्यो। अधबैंसे महिलाहरूले पन्छाउने अनेक प्रयास गरे पनि सम्मोहन मन्त्र फुकिएको दहीले युवा उमेरका महिलाहरूलाई छ्याप्ने चलनको प्रसंग काठमाडौंमा व्यापक थियो।

### यज्ञराज र सोमनाथ

संगीत शिरोमणि यज्ञराज अर्याललाई अत्यन्तै सरल, हदैसम्मको सोझो र सज्जन मान्नुहुन्थ्यो उहाँ। भगवती दी (अर्यालपत्नी) ले मैतीदेवीको घर कुनै हालतमा बेच्न लगाउनुहुन्नथ्यो भन्नुहुन्थ्यो।

उहाँका भनाइमा त्यो समयमा अर्यालको घरजस्तो सुन्दर, समकालीन सुविधाहरूले भरिएको, बोटबिरुवाले सजिएको, अझ अहिलेको भाषामा भन्नुपर्दा लक्जरियसचाहिँ होइन, सारै कम्फर्टेबल घर त्यो इलाकामा थिएन।

(एउटा यस्तै अभिव्यक्ति लगभग ३० वर्षअघि वासुदेव ढुंगानाको मुखबाट सुनेको थियो पंक्तिकारले अहिलेको शीतलनिवासको दक्षिण पश्चिमको एउटा घरबारे।) उनको भनाइमा त्यो जति सुन्दर घर थिएन काठमाडौंमा।

संगीत शिरोमणिसँग यही सम्बन्धले पनि होला, दुई-चारपटक गफ गर्ने मौका मिलेको छ पंक्तिकारलाई पनि। उहाँ साझा प्रकाशनले आफ्ना पुस्तकहरूको रोयल्टी नदिएको गुनासो गरिररहनुहुन्थ्यो। प्रज्ञामा लखरलखर हिँडिरहेको देख्दा दुःख पनि लाग्थ्यो।

आदर्श पुस्तकहरूले तोकेको मर्यादा पालन नगर्ने कारणहरूले होला, कालिकास्थानस्थित नेसनल मेडिकल कलेज रहेको ठाउँको उहाँको त्यो पछिल्लो घरमा दसैंको टीका लगाउन हामी आमा-छोरा जाँदा बूढी फुपूले पनि जीवनभर टाँसिनुपरेको तर आदर र श्रद्धा नभएको आफ्नो श्रीमान्सँग टीका लगाउने आग्रह गर्नुभएन। आमाले पनि टीका लगाउन खोज्नुभएन। अहिले पनि वाल्मीकि क्याम्पसमा पस्नुपरेको बेला पस्दा वा निस्कँदा उनको शालिकलाई पंक्तिकारले देब्रे नै पार्ने गरेको छ।

यद्यपि संस्कृतका विद्वान्हरू उनको 'आदर्श राघव' लाई देवकोटाका कुनै पनि कृतिभन्दा सर्वोत्कृष्ट मान्छन्। भलै 'कश्यप संहिता' को भूमिका, जसले हेमराज पाण्डेलाई विद्वान्मा स्थापित गरायो त्योचाहिँ हल्ला भएअनुसार सिग्देलले लेखेको होइन, पाण्डेकै मौलिक हो भनेर ज्ञानमणि नेपालबाट पंक्तिकारले सुनेको हो। (यसको हिन्दी अनुवाद प्रकाश ए राजले वाल्मीकि क्याम्पसको पुस्तकालयलाई उपहार दिएका छन्। रुचि राख्नेहरूले पढ्न सक्नेछन्।)

### पुछारमा

अनुहार डढेर चिन्नै नसकिने बनाइएका तर शरीर साबुत रहेका पाँच-सातवटा, लासहरू वाग्मती, विष्णुमतीका घाटमा हरेक बिहानजस्तो देखिन थालेका थिए, २००७ को ठ्याक्कै अगाडि। बिचरा काठमाडौं पढ्न बसेका कताकताका पहाडिया केटाहरू होलान्। विद्रोहमा लागे, त्यो गति भयो। तिनका बाबुआमाले कति खोजे होलान् ? -यो आफूले कहीं पढ्न नपाएको प्रसंग पनि बारम्बार भन्ने गर्नुहुन्थ्यो। सम्भवतः बुबाले दिएको चाहिँ जानकारी हो।

जेलको निर्घात चुटाइले धोतीभित्र देखिएको घाउ नै घाउले भरिएका शुक्रराज शास्त्री र कृष्णप्रसाद कोइरालाका गोडाहरूको दृश्यले पनि उहाँलाई पछिसम्म सताउन छोडेन।

२०६१ सालको दसैंमा छोराछोरीलाई टीका लगाइदिँदा उहाँले आशीर्वादका ठाउँमा भनेको वाक्य यस्तो थियो- मूर्ख पहाडियाहरू आफैंआफैं लडेर मर्छन्, त्यो खाली ठाउँ अर्कोले भर्छ।

गणेशराज शर्मालाई अन्तिम बिदाइ दिन बारका परिचित मित्र वकिलहरू पनि झुम्मिएका रहेछन्। शर्मासँग धोबीधारा र उनको साँखुको 'हिल स्टेसन' मा गफ भएको पनि हो। तर, त्यो रात पाँच मिटर परसम्म अघि बढ्ने मन पनि भएन पंक्तिकारलाई। उनको बिदाइपछि त्यो भकारी रातभर खाली नै रह्यो। त्यसैमा आखिर कात्तिक २०७२ को बिहानपख उहाँलाई बिसाइयो ९३ वर्षको उमेरमा।

उहाँको नाम 'लीला'। अहिलेलाई यत्ति नै।

कविता



श्रवण मुकारुङ

# म्याडम गीता

हाम्रो पहिलो भेट
महिला मुक्ति आन्दोलनको दिन भएको थियो
गुप्तचर र आन्दोलनकारीहरूले घेरिनुभएको
थियो तपाईं
तपाईंको हातमा
'आदिवासी आवाज' नामको बुलेटिन थियो

बुङ्बुङ्ती उडिरहेको धूलो
र चर्को घाममुनि
कलेजी रङको कुर्ता-सुरुवालमा
ठिंग उभिनुभएको थियो तपाईं
देहातको कुनै खडेरीग्रस्त खेतमा
मुस्किलले
पसाउन लागेको केराको बुङ्गाभैंm
अथवा
असंख्य हिन्दुहरूका बीचमा तसलीमा नसरीनभैंm
वा,
असंख्य मुस्लिमहरूका बीचमा मलालाभैंm
अथवा
असंख्य बुद्धिस्टहरूका बीचमा बुद्धभैंm
वा,
असंख्य क्रिस्चियनहरूका बीचमा
जिससभैंm
अथवा
घना अन्धकारबीच
बतासले हल्लाइरहेको दीपभैंm
कुनै सुदूर सपनाको उज्यालोले
धप्प बलिरहनुभएको थियो तपाईं

शृङ्गारका नाममा
घुच्चुकमाथि
गुजुल्टो पारिएको केशराशिभित्र नीलो डट्पेन
थियो

कलिलो खुट्टामा आधा खिइएको कालो सेन्डिल
र सेन्डिलभित्र -
यात्राले चिथोरेको जब्बर कुर्कुच्चा थियो
त्यही कुर्कुच्चाको गति कल्पेर मैले
पहिलोपल्ट सोधेको थिएँ-
'हजुरको शुभ नाम के होला ?'
अन्कनाउँदै
उत्तर दिनुभएको थियो तपाईंले -
'गीता ।'
सर्माउँदै
फेरि सोधेको थिएँ मैले -
'घर कता पऱ्यो कुन्नि ?'
सहजै
बताउनुभएको थियो तपाईंले -
'गोरखा ।'

के गर्दै हुनुहुन्छ ?
पढ्दै छु ।

कहाँ ?
पद्मकन्यामा ।

हातको त्यो के होला ?
हाम्रो पत्रिका ।

तपाईं पत्रकार हो ?
सिक्दै छु ।

फोन नम्बर पाउन सकिन्थ्यो कि ?
पत्रिकामा छ ।
त्यसपछि
हात फैलाएको थिएँ मैले
पत्रिका थमाउनुभएको थियो तपाईंले ।

म्याडम गीता !
वास्तवमा त्यतिबेला तपाईंलाई पत्तै भएन
कि, आफ्नो जीवनमा आइपर्ने यति ठूलो
घुम्तीको
यति कठिन र पट्यारलाग्दो यात्रा तय गर्न
तपाईं
कति सजिलै
यसरी स्टेट्मेन्ट दिइरहनुभएको छ
मानौं
एउटा चाटुकार साहुले अचानक
इमानदार नोकर फेला पारेपछि
स्वाङ पार्दै अन्तर्वार्ता लिइरहेको छ, तपाईं
दिइरहनुभएको छ
मानौं
विश्व शान्तिका लागि
ट्रम्प प्रश्न सोधिरहेछ, सुलेमानी उत्तर
दिइरहेछ ।

कलेज पस्नुअघि
कलेजबाट निस्कनासाथ
अफिस छिर्नुअघि
अफिसबाट निस्कनासाथ
जुलुसमा मिसिनुअघि
जुलुसबाट फर्किनासाथ
डेरा पुग्नुअघि
डेराबाट निस्कनासाथ
...
एक दिन आखिर
हार खानुभो तपाईं
र तयार हुनुभो -
एक आधुनिक बँधुवा मजदुर हुन
हुनुभो - म्याडम गीता ।


बच्चाहरू भए
कलेज छुट्यो
पत्रकारिता छुट्यो
समाजसेवा
आन्दोलन
जुलुस धर्ना
भाषण सब छुट्यो ।
आइलाग्यो -
जुठो भाँडा
मैलो लुगा
फोहोर चोटाकोठा
श्रीमान्को कमिजको खुस्किएको टाँक
आइरन, पालिस, कुचो, टिफिन, स्कुल फी
र कवि

यसरी तपाईंको यात्राको दूरी
मात्र साढे एक किलोमिटरमा खुम्चियो अचानक
तय भयो - घरदेखि बच्चाहरूको स्कुल
र स्कुलदेखि लोग्नेको घर ।

आश्चर्य !
तर आज तपाईं
यी सब छोडेर
अघिदेखि नुहाइरहनुभएको छ बाथरुममा
र म,
तपाईंले आफ्नो शरीरमा खन्याइरहनुभएको
पानीको कडा संगीत
सुनिरहेको छु यहाँ ।

म्याडम गीता !
म कम्युनिस्ट कवि हुँ
लौ न

हाम्रो पहिलो भेटको त्यो महान् दिनको याद
आयो मलाई
म, क्रान्तिले उद्वेलित भइरहेछु अहिले
यदि तपाईं -
खोल्नुहुन्छ भने बाथरुमको ढोका
तपाईंलाई म
निसर्त टाबेल टक्र्याउन तयार छु ।



# दिव्योपदेश : प्रामाणिक कि अप्रामाणिक ?

प्रतिक्रिया



सुजित मैनाली

> प्रत्यूष वन्तले '९० सालको भुइँचालोअघि 'दिव्योपदेश' कहाँ थियो ?' भनी गरेको प्रश्नको जवाफमा केही प्रतिप्रश्न तेर्स्याउन सकिन्छ ।

### एक

गत शनिबार कान्तिपुर 'कोसेली' ले पृथ्वीनारायण शाहको 'दिव्योपदेश' को (अ) प्रामाणिकताबारे चर्चा गरेका तीनवटा सामग्री प्रकाशन गऱ्यो । तीमध्ये 'अप्रमाणित 'दिव्योपदेश' !' शीर्षकमा पत्रकार सङ्गीतको लेख केही वर्ष हतार गरेर लेखिएको देखिएकाले र यो प्रमाणबिनाका ठूल्ठूला दाबीले भरिएकाले यसबारे टिप्पणी गर्न आवश्यक ठानिएन । कोसेलीमै '९० सालको भुइँचालोअघि 'दिव्योपदेश' कहाँ थियो ?' शीर्षकमा छापिएको इतिहासकार प्रत्यूष वन्तको र 'शंका गर्नु नै अप्रामाणिक हो' शीर्षकमा छापिएको अर्का इतिहासकार दिनेशराज पन्तको अन्तर्वार्तामाथि चाहिँ विमर्श आवश्यक छ ।

### दुई

वन्तले अन्तर्वार्ताकारबाट 'दिव्योपदेश' को प्रामाणिकतामाथि प्रश्न उठाइएपछि भनेका छन्, '१९९० सालको भुइँचालोअघि 'दिव्योपदेश' लाई रिफर गर्दै लेखिएको कुनै पनि अर्को चीज खासै देखा पर्दैन... पृथ्वीनारायण शाहले 'दिव्योपदेश' एकै स्थानमा बसेर भनेनन् । यो पनि मानौं, विभिन्न कालमा उनले भनेका कुरालाई कसैले लिखित सामग्रीको रूपमा राख्यो । तर, ९० सालको भुइँचालोसम्म किन यो कतै उल्लेख भएन वा प्रकाशमा आएन ? ...विसं १९९० मा भुइँचालो जान्छ, त्यसपछि बाबुराम आचार्यले... लेख्नुहुन्छ– फलानो-फलानो बस्नेतको भुइँचालोले भत्काएको घरमा 'दिव्योपदेश' भेटियो । र, त्यो टेक्स्ट सूर्यविक्रम ज्ञवालीलाई १९३५ को पृथ्वीनारायण शाहबारे जीवनी... लेख्न उहाँले उपलब्ध गराउनुहुन्छ... त्यो टेक्स्टमा पृथ्वीनारायण शाहलाई शंका नगरौं तर यति लामो समयसम्म हराएर १९३४/३५ तिरै किन निस्कियो ?'

वन्तले 'खासै' प्रयोग गर्न आवश्यक छैन । किनकि बख्शी अभिमानसिंह बस्नेतका सन्तति बखतमानसिंहको घरमा फेला परेको 'दिव्योपदेश' को लिखत उतार गरी बाबुराम आचार्यले सूर्यविक्रम ज्ञवालीलाई दार्जिलिङ पठाउँदै गर्दा र त्यसअघि लेखेका एकाध पत्र र ज्ञवालीले त्यसको उपयोग गरेर लेखेको सामग्री (१९९२) नै 'दिव्योपदेश' उद्धृत गरिएका हालसम्म ज्ञात भएमध्येका पहिला सामग्री हुन् । त्यसपछिका दिनमा नयराज पन्तले बखतमानसिंहकै घरमा फेला परेको सामग्रीमा आधारित रहेर १९९६ मा काव्य तयार गरेका थिए । तर, नेपाली भाषा प्रकाशिनी समितिको अनिच्छाले गर्दा त्यसले पुस्ताकाकार रूप लिन सकेन । पन्तकै सहलेखनमा २००४ मा छापिएको 'नेपालको संक्षिप्त इतिहास' मा चाहिँ त्यसको प्रयोग भयो (नयराज पन्त आदि, श्री ५ पृथ्वीनारायण शाहको उपदेश, २०२५, पृ. ५) । २००७ सालपछि पृथ्वीनारायणको व्यक्तित्वमाथि प्रकाश पार्ने क्रम तीव्र भयो । यही मेसोमा योगी नरहरिनाथले बखतमानसिंहकै घरमा पाइएको सामग्रीको उतार 'श्री ५ पृथ्वीनारायण शाहको दिव्योपदेश' शीर्षकमा २००९ मा प्रकाशन गरे । त्यसलगत्तै २०१० मा त्यही सामग्री बाबुराम आचार्य र योगी नरहरिनाथको संयुक्त सम्पादनमा पृथ्वीनारायणको जन्मदिन पारेर 'बडामहाराजाधिराज श्री ५ पृथ्वीनारायण शाहको दिव्य-उपदेश' शीर्षकमा प्रकाशन भयो । त्यसपछिका दिनमा सो लिखत 'दिव्योपदेश' का नामले चर्चित हुन पुग्यो । उपदेशअगाडि 'दिव्य' जोड्नुलाई अनुपयुक्त ठहर गर्दै नयराजले संशोधन मण्डलमा आबद्ध आफ्ना तीन जना बटुक देवीप्रसाद भण्डारी, गौतमवज्र बज्राचार्य र दिनेशराज पन्तलाई साथ लिएर २०२५ सालमा 'श्री ५ पृथ्वीनारायण शाहको उपदेश' नामको ग्रन्थ प्रकाशन गरे । संशोधन मण्डलले गरेको पृथ्वीनारायणको उपदेशको व्याख्या बढी गहकिलो भए पनि महिमामण्डनको नियतसहितको 'दिव्य' शब्दलाई यसले जनजिब्रोबाट विस्थापित गर्न सकेन ।

### तीन

'दिव्योपदेश' को प्रामाणिकतामाथि प्रश्न उठाइएको यो पहिलो सन्दर्भ होइन । कमलप्रकाश मल्लले पहिलोपटक २०४० पुसमा मेरी सेफर्ड स्लसरको किताबबारे समीक्षा लेख्दा 'दिव्योपदेश' लाई 'अ लेट म्यानुस्क्रिप्ट' अर्थात् 'पछि तयार पारिएको लेखोट' भनेका थिए (कन्ट्रिब्युसन्स टु नेपलिज स्टडिज, ११(१), पृ. १२५-१३३) । तर, यसबारे व्याख्या गर्नु त परै जाओस्, थप एक शब्द पनि उच्चारण गरेका थिएनन् । त्यसको ३६ वर्षपछि जोन ह्वेल्पटनको एउटा किताबको समीक्षा गर्ने क्रममा मल्लले 'दिव्योपदेश' सम्बन्धी आफ्नो दाबी पुष्टि गर्न दुईवटा तर्क अघि सारे । पहिलो, पृथ्वीनारायणले पठाएका चिठी र 'दिव्योपदेश' को शैली र अन्तरवस्तु पृथक् छन् । दोस्रो, गोरखाको ग्रामीण परिवेशमा हुर्किएका पृथ्वीनारायणले 'दिव्योपदेश' मा उल्लिखित अर्थतन्त्र र व्यापारसम्बन्धी धारणा राख्नु अमिल्दो छ (युरोपियन बुलेटिन अफ हिमालयन रिसर्च २९-३०, सन् २००६, पृ. १७८-१८३) । समीक्षा प्रकाशन भएपछि ह्वेल्पटनसँगको एउटा पत्रचारमा मल्लले सूर्यविक्रम ज्ञवाली र बाबुराम आचार्यले जोडजाड गरेर 'दिव्योपदेश' तयार गरिदिएको बताएका रहेछन्, जसको खुलासा मल्ललाई लेखेको सार्वजनिक जवाफमा ह्वेल्पटनले गरिदिएका छन् (युरोपियन बुलेटिन अफ हिमालयन रिसर्च ३१, सन् २००७, पृ. १७८-१८३) । सोही प्रसंगमा ह्वेल्पटनले भक्तपुरमा केही समय बसिसकेका पृथ्वीनारायणलाई चन्द्रागिरि डाँडाबाट कसैले 'त्यो काठमाडौं, त्यो पाटन र त्योचाहिँ भादगाउँ हो' भनी देखाउनु अमिल्दो रहेको भनी डच मानवशास्त्री बर्ट फन डेन हकले 'दिव्योपदेश' को अप्रामाणिकताबारे चर्चा गर्ने सन्दर्भमा उठाएको मौखिक प्रश्नबारे पनि उल्लेख गरेका छन् । तर, मल्ल र हक दुवैको दाबी चित्तबुझ्दो नरहेको ह्वेल्पटनको जिकिर छ । नेपाल महात्म्य नवौं शताब्दीको दस्तावेज हो भनी गरिएको दाबीको खण्डनमा विस्तृत लेखेका मल्लले 'दिव्योपदेश' को अप्रामाणिकताबारे ठोस प्रमाण र तर्क अघि सार्न नसकेको उनले लेखेका छन् । साथै २०४० सालमा स्लसरको किताबको समीक्षा गर्ने क्रममा मल्लले संशोधन मण्डलको माथि उल्लिखित ग्रन्थको आलोचना गर्ने क्रममा 'दिव्योपदेश' को प्रामाणिकतामाथि प्रश्न नउठाइएको लुड्विग स्टिलरको 'पृथ्वीनारायण साह इन द लाइट अफ दिव्योपदेश' लाई राम्रो ठहर गरेर परस्परविरोधी दृष्टिकोण राखेकोतर्फ पनि औंल्याएका छन् । वन्तभन्दा अगावै ह्वेल्पटनले 'दिव्योपदेश' त्यति लामो समयसम्म फेला नपर्नुको कारणबारे अनुसन्धान हुनुपर्नेतर्फ औंल्याउँदै गर्दा यत्तिकै आधारमा 'दिव्योपदेश' लाई अप्रामाणिक भनि पन्छाउनचाहिँ नमिल्ने निष्कर्ष निकालेका थिए ।

### चार

'दिव्योपदेश' को प्रामाणिकतालाई लिएर उठाइने प्रश्नलाई दुई श्रेणीमा राखेर हेर्नु उपयुक्त हुन्छ । पहिलो हो, सत्यलाई अझ परिशुद्ध गर्ने प्राज्ञिक प्रयत्न । ह्वेल्पटन र वन्तले गरेका प्रयत्नलाई यही श्रेणीमा राख्नु उपयुक्त हुन्छ । दोस्रो हो, राजनीतिक अभिष्टमुखी प्रयत्न । यस्तो प्रयत्न कमलप्रकाश मल्लबाट सुरु भएर आजका मितिसम्म छिटफुट रूपमा जारी रहेकाले यसबारे संक्षेपमा टिप्पणी गर्नु सामयिक हुन्छ ।




ङ

९० सालको भुइँचालोअघि 'दिव्योपदेश' कहाँ थियो ?

मार्टिन चौतारीसँग सम्बद्ध इतिहासकार तथा अध्येता प्रत्युष वन्त 'समाज अध्ययन' र 'सिन्हास' जर्नलका एकजना सम्पादक हुन् । उनको लेखन, सम्पादन र सहसम्पादनमा मिडिया, समाज र इतिहाससँग सम्बन्धित थुप्रै पुस्तक प्रकाशित छन् । नेपाली राष्ट्रवादको इतिहासमा विद्यावारिधि गरेका वन्तसँग पृथ्वीनारायण शाहको नायक-निर्माणसम्बन्धी सेरोफेरोमा सङ्गीत र दीपक सापकोटाले गरेको संवाद :

अन्तर्वार्ता

१९९० सालको भुइँचालोअघि 'दिव्योपदेश' लाई रिफर गर्दै लेखिएको कुनै पनि अर्को चीज खासै देखा पर्दैन । त्यसबेलासम्म किन यो दिव्योपदेश कतै उल्लेख भएन वा प्रकाशमा आएन ? यसको उत्तर खोज्नुपर्छ ।

पृथ्वीनारायणको दृष्टिकोणलाई समग्रमा होइन, खण्ड-खण्डमा बुझ्नु बढी वैज्ञानिक हुन्छ । ससुराली राज्य मकवानपुर र जेठानसँग बदला लिने विशुद्ध व्यक्तिकेन्द्रित मनोभावबाट पृथ्वीनारायणको राज्यविस्तार अभियान सुरु हुन्छ । अभियान सफल हुँदै जाँदा आधुनिक राजनीतिक चेतको पुट पाएर त्यो परिवक्व बन्दै जान्छ । जीवनको उत्तरार्द्धतिर पृथ्वीनारायणमा विस्तारित राज्य अखण्ड, दीर्घजीवी रहनुपर्छ भन्ने भाव प्रबल रहेको पाइन्छ । यसका लागि राज्यले लिनुपर्ने विदेशनीति, सैन्य नीति, सामाजिक नीति, आर्थिक नीति आदिसम्बन्धी उनको दृष्टिकोण 'दिव्योपदेश' मा समाविष्ट छन् । तत्कालीन परिवेश झल्किने सन्दर्भहरूलाई बिर्सिदिने हो भने 'दिव्योपदेश' का कतिपय अंश आज पनि सामयिक छन् । 'यो राजे दुई ढुंगाको तरुल जस्तो रहेछ', 'यक दिन त्यो बल (तत्कालीन इस्ट इन्डिया कम्पनी अर्थात् अहिलेको भारत) आउन्या छ...चुरेघाटिमा षुपै काटिन्या छ' आदि केही उदाहरण हुन् ।

सत्ता परिवर्तनसँगै पुराना सत्ताका जह्वाहरूको समग्र मूलच्छेद गरिनुपर्छ, यसका लागि इतिहासका नराम्रा पाटोको भण्डाफोर गर्ने होइन अपितु पुरानो सत्ताले टेकेको इतिहासको समग्र आधार नै ध्वस्त गरिदिनुपर्छ भन्ने 'क्रान्तिकारिता' को मिति गुज्रिएको रूढ मान्यताले दोस्रो जनआन्दोलनपछि प्राज्ञिक, राजनीतिक र सामाजिक/संस्कृतिक क्षेत्रमा प्रश्रय पायो । यही प्रयोजनका लागि पृथ्वीनारायणलाई सुनियोजित रूपमा तारो बनाइयो । उनको दानवीकरणको शृंखलालाई गति दिइयो । नयाँ परिवेशमा तिखारिनुपर्ने थियो, इतिहासलाई हेर्ने आलोचनात्मक चेत । परन्तु यावत् ऊर्जा पृथ्वीनारायण र उनले आरम्भ गरेको इतिहासको धारलाई गलत देखाउनमा खर्च गरियो ।

तमाम प्रयत्न गर्दा पनि यस्तो अभियानमा लागेकाहरूले 'दिव्योपदेश' का अन्तरवस्तुलाई गलत करार गर्न सकेका छैनन् । त्यसैले समग्र 'दिव्योपदेश' लाई अप्रामाणिक घोषणा गरेर लक्ष्य फत्ते गर्ने जमर्को गरिरहेका छन् । तर, यसो गर्दैगर्दा एउटै प्रमाण पनि पेस गर्न सकेका छैनन् । उदाहरणका लागि राजेन्द्र महर्जनले २०७० पुस २५ को कान्तिपुरमा लेखेको 'दिव्योपदेश र हेगियोग्राफी' शीर्षकको लेखलाई लिन सकिन्छ, जहाँ 'दिव्योपदेश' लाई ठाडै अप्रामाणिक नभनिए पनि त्यस्तै भाव प्रसारित हुनेगरी लेखको ढाँचा तय गरिएको छ (पृ. ७) । 'दिव्योपदेश' को प्रामाणिकताबारे सन्देह जगाउन लेखमा योगेश राजले 'द जर्नल अफ क्याप्टेन किनलक' (सन् २०१२) किताबको एउटा पादटिप्पणी (पृ. १९) मा 'दिव्योपदेश' का लेखक र कालनिर्णय विवादास्पद रहेको भनी उल्लेख गरेको प्रसंग उद्धृत गरिएको छ । 'दिव्योपदेश' को कालनिर्णयको प्रसंग योगेश राजले महेशराज पन्तको पुस्तिका 'इनेप्ट स्पेसिमेन ?' (सन् १९८४) बाट लिएका हुन् । महेशराज पन्तदेखि योगेश राज र प्रत्यूष वन्तसम्मले 'दिव्योपदेश' को विवरण पृथ्वीनारायणको अभिव्यक्ति होइन भनि निर्क्योल नगरेको, यसका लेखनदास र लामो समयसम्म यो सार्वजनिक नहुनुको कारणप्रति मात्र जिज्ञासा व्यक्त गरेको तथ्यतर्फ ध्यान दिनु वाञ्छनीय हुन्छ ।

### पाँच

अन्तर्वार्तामा प्रत्यूष वन्तले '९० सालको भुइँचालोअघि 'दिव्योपदेश' कहाँ थियो ?' भनी गरेको प्रश्नको जवाफमा केही प्रतिप्रश्न तेर्स्याउन सकिन्छ । सेसिल बेन्डलले वीर पुस्तकालयमा गोपालराज वंशावली फेला पार्नुअघि त्यो कहाँ थियो ? भगवानलाल इन्द्रजीले मानदेवको चाँगु अभिलेख छाप्नुअघि त्यतिका वर्षसम्म त्यसमाथि कसैको नजर पर्न किन सकेन ? कौटिल्य अर्थशास्त्रको पाण्डुलिपि २० औं शताब्दीको आरम्भतिर फेला पर्नुअघि सयौं वर्षसम्म त्यो कहाँ थियो ? यस्ता प्रश्नले ऐतिहासिक सामग्री गर्तमै रहिरहनुका कारणबारे उत्खनन गर्न प्रेरणा देलान्, तर तिनले उत्खनन भएका सामग्रीको प्रामाणिकताबारे मत जाहेर गर्न सक्दैनन् ।

'दिव्योपदेश' फेला परेको बेला नेपालमा राणाशाही थियो । त्यतिबेला शाह राजाका पुर्खाको होइन, राणाका पुर्खाको महिमामण्डन गरिन्थ्यो । पृथ्वीनारायणबारे खोजबिन गरेर छापिएका सामग्रीलाई तत्कालिन सत्ताले प्रवर्द्धन गर्नु त परै जाओस्, रुचाएको पनि थिएन भन्ने कुरा गोरखापत्र (३ जेठ १९९३) मा छापिएको पृथ्वीनारायणको जीवनसम्बन्धी सूर्यविक्रम ज्ञवालीको किताबको समीक्षा पढ्दा पनि महसुस हुन्छ ।

### छ

विभिन्न इतिहासकारले 'दिव्योपदेश' को लिखतको कालनिर्णय गर्ने जमर्को गरेका छन् । ती प्रयासबाट बखतमानसिंहको घरमा पाइएको लिखत पृथ्वीनारायणको निधन भएको वर्षौंपछि उतारिएको हो भन्ने स्पष्ट हुन्छ । तर, यत्तिकै भरमा त्यसलाई अप्रामाणिक ठहर गर्नु हतारो हुन्छ ।

यसका केही कारण छन् । पहिलो, मूलप्रति फेला नपर्दैमा त्यसको उतार गरिएकोप्रति अप्रामाणिक ठहरिँदैन । होइन भने वेद, उपनिषद्देखि रामायण र महाभारतसम्मलाई अप्रामाणिक मान्नुपर्ने हुन्छ । संस्थागत स्मृति सबल राख्ने सवालमा नेपालसहित भारतीय उपमहाद्वीपको समग्र समाज पश्चिमी मुलुकभन्दा निकै पछाडि छ । महाभारतको पुने संस्करणका अनुसार, महाभारतको सबैभन्दा पुरानो प्रति सन् १५११ मा तयार गरिएको थियो र त्यो प्रति नेपालमा पाइएको थियो । पछिका उतारमा प्रक्षिप्त अंश परेको चाहिँ हुन सक्छ । सूक्ष्म अध्ययनबाट त्यसको निरुपण गर्न सकिन्छ ।

दोस्रो, पृथ्वीनारायणले 'थरघर' समक्ष दिएको उपदेश 'थरघर' का भारदारहरूले लिपिबद्ध गरेर राखेका थिए भनी अनुमान गर्न सकिने आधार बलियो छ । पृथ्वीनारायणको उपदेश उनको 'अन्तिम इच्छा' प्रतीत हुन्छ जसमा बस्नेत, पाँडे, मगर, गुरुङ, खस, ठकुरी, बाहुन भारदार तथा सैनिकलाई राज्यले कस्तो जिम्मेवारी दिने भनी किटान गरिएको छ । तत्तत् परिवारका भारदारले पृथ्वीनारायणको उपदेश उतारेर सुरक्षित राख्नु र 'थरघर' का अन्य सदस्यले त्यसको उतार आफ्नो संग्रहमा राख्ने क्रमलाई निरन्तर्ता दिँदै जानु धेरै सम्भव छ ।

तेस्रो, पृथ्वीनारायणसम्बन्धी फेला परेका आरम्भका दस्तावेजहरूमा 'दिव्योपदेश' पनि पर्छ । त्यसपछिका दिनमा फेला परेका पृथ्वीनारायणको जीवन र विचारमाथि प्रकाश पार्ने संस्कृत र नेपाली भाषाका तत्कालीन साहित्यिक रचना, पत्राचार, वंशावली, अभिलेख आदिले 'दिव्योपदेश' को वर्णनलाई खारेज होइन, पुष्टि गर्छन् । त्यसैले कमलप्रकाश मल्ल र उनका अनुयायीले आचार्य, ज्ञवालीलगायतमाथि लगाएको आक्षेप अप्रामाणिक ठहर्छ ।

चौथो, बखतमानसिंहको घरमा पाइएको उतार पृथ्वीनारायणको निधन भएको वर्षौंपछि तयार गरिएको हो भनी पुष्टि गर्ने एक मात्र आधार त्यसको प्रशश्ती हो, जसमा पृथ्वीनारायणलाई 'श्री ५' र 'बुढा महाराजा' भनिएको छ । त्यस्तो प्रशस्ती लेख्ने चलन पृथ्वीनारायणपछि सुरु भएको हो । 'दिव्योपदेश' को उतार गर्दा प्रशस्तीलाई समयानुकूल बनाउन खोजिएको देखिन्छ । उतारको मूलखण्ड हुबहु साभार गरिएको हो/होइन भनी निरुपण गर्नु प्रमुख चुनौती हो । यसका लागि 'टेक्स्चुअल क्रिटिसिजम्' को साहारा लिनुपर्ने हुन्छ, जुन त्यतिबेला प्रयोग हुने भाषा र तत्कालीन अभिलेख्य प्रमाणहरूमा बलियो पकड भएको व्यक्तिले मात्र गर्न सक्छ । पृथ्वीनारायणसम्बन्धी अभिलेख्य प्रमाणबारे सबैभन्दा बढ्ता काम गर्ने इतिहासकारमा दिनेशराज पन्त पर्छन्, जुन कुरा वन्तले पनि अन्तर्वार्तामा स्विकारेका छन् । कान्तिपुर 'कोसेली' कै अन्तर्वार्तामा दिनेशराजले 'दिव्योपदेश' को प्रामाणिकताबारे गरिएका आशंकालाई 'अप्रामाणित शंका' को दर्जा दिएकाले तथा नेपाली इतिहास लेखनका दुवै मुख्य धार (पाश्चात्य र नेपाली) ले 'दिव्योपदेश' को प्रामाणिकतालाई स्विकारेकाले थप अनुसन्धानबिनै यसमाथि उठाइने प्रश्न कमजोर ठहर्छ ।

@sujitmainali

# विरोधाभासको इन्द्रजालमा सि

**स्थापनाको स्वर्ण जयन्ती मनाएर यहाँसम्म आइपुग्दा नेपाली सिनेमाको भाषाले सिनेमा सौन्दर्यमा सचेत हुनु त परको कुरा, विदेशी प्रभावमा पिल्सिएर आफ्नो मौलिक स्वरूप नि मूलधारे सूत्रहरूले देखाइदिएको चिप्लो बाटोमा लड्दै–पड्दै यहाँसम्म आइपुगेको सिनेमाको स्वरूपमा 'आफ्नो' भन्ने धेरै सामग्री छैनन् ।**

नेपाली फिल्म



मनोजबाबु पन्त

बीसौं सदीको मध्यतिरको कुरा हो, जुन बेला जुग महान युद्ध लड्न व्यस्त थियो, जवान आत्माहरूको लासको पसारो लगाएर सभ्यता गजबको गाथा लेखिरहेथ्यो इतिहासमा । ठीक त्यसैबेला, आफ्नो स्थापनाको स्वर्ण जयन्ती मनाउन थालेको सिनेमा भने आफ्नै अस्तित्व संकटको अप्ठ्यारो युद्ध लडिरहेको थियो । अन्य विधाहरूको कोपभाजनको ठेड्कोमा सिनेमा भन्ने जिनिस आफ्नो स्वतन्त्र अस्तित्व गुमाउने हैसियतमा पुगिसकेको थियो । आफ्नो मौलिक सौन्दर्य निर्माण गर्न खोज्दै गर्दा सिनेमाले कथा, उपन्यास र नाटकबाट यति धेरै खजाना सापटी माग्यो कि, सिनेमाको स्वरूप खिचिएको नाटकजस्तो अथवा देखिने कथाजस्तो मात्र बनिदियो ।

खण्डहरहरूमा बेस्वादसँग दुःखी-मरेका लासहरूको पसारो लगाएर महान युद्ध सुस्ताएको थियो । तिनै भूतबंगलाहरूमा घोत्लिएर ध्यान गर्दागर्दै, कला साहित्य र दर्शनमा मानवीय अस्तित्वका गम्भीर प्रश्नहरू थल्थलाएका थिए । त्यसै बेलातिर सिनेपारखीहरूले भने सिनेमाको मियो समाउन खोजे र एउटा स्वतन्त्र कलाको रूपमा यसको अस्तित्वका रूपरेखा निर्माण गर्न खोजे । फ्रंसुवा त्रुफोले फ्रेन्च सिनेमाहरूलाई गाली गर्दै लेखेको एउटा लामो लेखले फ्रेन्च सिने जगत् थर्कमान भएथ्यो । उनले बनिरहेका साबिकका सिनेमालाई ठाडो गाली गरे । किताबबाट सारेर सिनेमा निर्माण गर्ने फ्रेन्च सिने-परम्पराले सिर्जना गरेको गम्भीर संकट औंल्याए । कथा, उपन्यासमा पहिल्यै लेखिसकिएका आरोह-अवरोहहरू सिनेमाको रूपमा आउँदा, सिनेमाको अस्तित्व सधैं साहित्यको भरिया मात्रै भइदियो भन्ने उनको आरोप थियो । अझ गम्भीर आरोप के थियो भने लेखनीको भाषाबाट दृश्य भाषामा आउँदा कति अवयवहरू बाटोमै छुटिजान्थे । किताबको अथाह सागरभित्र थोरै प्रतिशत मात्र सिनेम्याटिक सम्भावनाका संकेतहरू रहन्थ्यो । अतः सिनेमा एउटा यस्तो भरियाझैं थियो, जो आफैं विकलांग छ । तर, डोकोभरि ठेलमठेल कथा-कथनीको भारी बोकेर अँध्यारो बाटोमा सकीनसकी घस्रिरहेछ ।

सिनेमामा एउटा छुट्टै कलाको रूपमा आफ्नै संकेतहरू छन् कि छैनन् ? कथा, उपन्यास, नाटक र पेन्टिङका मसला मोलेर पाक्ने स्वादे क्वाँटी मात्रै पो हो कि अथवा अन्य कलामा नभेटिएका संकेतहरू सिनेमाको भाषाले बोल्छन् ? फ्रेन्च नवलहरसँग जोडिँदै पश्चिम दिशाका मुलुकमा सिनेमा सौन्दर्यका संकेतहरू उत्खनन हुने प्रयास निरन्तर थियो ।

सिनेमा दृश्यविधा भएकाले चित्रकलासँग स्वभावैले गाँसिएको थियो । चरित्र र नाटकीय उल्झनहरूको प्रस्तुतीकरण गर्दा ऊ नाटकको कोड्सहरूसँग अछुतो रहन सक्ने थिएन । अनि कथ्यको निर्माण गर्दै जाँदा कथा-उपन्यासको परम्परालाई अनुसरण गर्नु नै थियो । स्वाभाविक रूपमा यी विधाहरू सिनेमामा टाँसिएका छन् । तर, यी प्रभासँगसँगै सिनेमासँगको आफ्नै निरपेक्ष संकेतहरू के थिए ? जुन उसको निजी स्वभाव थियो ।

अन्य विधाका प्रभावले प्रदूषित भएर भ्रमित बनेको सिनेमा कलालाई आफ्नो स्वतन्त्र अस्तित्व पत्ता लगाउने एउटा गजबको जुक्ति के थियो भने सिनेमाको माध्यममा अन्य विधाबाट घुस्न आएका तत्त्वहरूलाई हटाएर हेर्दा जे बाँकी रहन्छ त्यही नै शुद्ध सिनेमाको निजी स्वरूप हो । यसरी आजभन्दा पचास वर्षअघि आफ्नै स्वतन्त्र सौन्दर्यका मानकहरूसहित, सिनेमा सातौं कलाको रूपमा आफ्नो निजी अस्तित्व अजमाउन लागिपरेको थियो । ठीक त्यसै बेलातिर हाम्रो मुलुकमा भने कनीकुथी बल्ल-बल्ल सिनेमाले जन्म लिएथ्यो ।

स्थापनाको स्वर्ण जयन्ती मनाईवरी यहाँसम्म आइपुग्दा, हाम्रो सिनेमाको भाषाले सिनेमा सौन्दर्यमा सचेत हुनु त परको कुरा, विदेशी प्रभावमा पिल्सिएर आफ्नो मौलिक स्वरूप निर्माण गर्नसमेत सकेको छैन । स्थापनाकालदेखि नै भारतीय मूलधारे सूत्रहरूले देखाइदिएको चिप्लो बाटोमा लड्दै-पड्दै यहाँसम्म आइपुगेको सिनेमाको स्वरूपमा हाम्रो आफ्नो भन्ने धेरै सामग्री छैनन् । जन्मको पचास वर्षपछि आएर बल्ल आज-भोलि सिनेमाको मौलिकतालाई लिएर एकाध गम्भीर चिन्तनका मूल फुट्न थालेका छन् । सिनेमाको स्वतन्त्र सौन्दर्यबोधको बहसझैं मौलिक नेपाली सिनेमाको बहस पनि थुप्रै विरोधाभासका इन्द्रजालहरूले घेरिएका छन् । यो बहसमा पनि अलमलको जालो चिर्न एउटा जुक्ति निकाल्नुपरेको छ । हाम्रो सिनेमाको सौन्दर्यमा ठेलिएका विदेशी घिसिपिटी सूत्रलाई एकफेर सर्लक्क निकालेर हेर्दा जे-जति कुरा बाँकी रहन्छन्, त्यही नै हाम्रो निजी सिनेमाका मानक बन्न सक्ला । तर, डर के भने, सबै प्रभावबाट मुक्त गर्दा हाम्रो सिनेमामा केही पो बाँकी नरहला कि अथवा जे बाँकी रहला, त्यो सिनेमा नभएर अन्य कुनै जिनिसको थुप्रो पो रहला कि !

यहाँनेर एउटा बलियो विरोधाभासले झ्याप्प डेरा जमाउने उत्तिकै खतरा छ । सिनेमा आफैंमा अन्तर्राष्ट्रिय भाषा हो । यसको सौन्दर्यबोधलाई राजनीतिक सिमानाले छुट्याउनु उक्तिसंगत हो या होइन ? सम्भ्रान्त राष्ट्रहरूमा सिनेमाले जगजगी फैलाएको धेरै वर्षपछि मात्रै हामीले सिनेमाको स्वाद चाख्यौं । धेरै परबाट समुद्रहरू पार गरेर भारतीय सिनेमाले सिकेका बाचाकीका संस्कारहरू, खुला सिमा हुँदै हाम्रोतिर आइपुगे । एउटा यस्तो जिनिस, जो हामीभन्दा धेरै पर जन्मियो, उतै हुर्कियो, आफ्नो लोकप्रियताको जालो फिजिँदै हाम्रो दैलोसम्म आइपुग्यो, यो सुदूरदेखि आएको विदेशी मालमा हामिले हाम्रो मौलिकता खोज्नु नै मूर्खता हो भन्ने एकथरी अर्धसिल्ली तर्कहरू बजारतिर रग्मगाइरहेका भेटिन्छन् । यो तर्कभित्र लुकेको ध्रुवसत्य के हो भने, सिनेमा बन्नको लागि चाहिने केही आधारभूत अवयबहरू हुन्छन्, जुन संसारको जुन कुनामा पनि उस्तै हुन्छन् । जुनसुकै भूगोल, राष्ट्र र संस्कृतिले पनि ती आधारभूत तत्त्व छुटाउन सक्दैनन् । अनि अलिक गहिरिएर हेर्दा मानवीय संवेदनाका आकार पनि संसारभरि, मान्छे बाँचेका ठाउँमा उस्तै रहन्छ । त्यसैले त हामीहरू ल्याटिन अमेरिकाको कुनामा बुनिएको मान्छेको कथा सुनेर दक्षिण एसियाको कुनामा करुणा उमार्छौं । स्पष्ट छ– सिनेमाको भाषा मानवीय संवेदनाको सञ्चार गरिहिँड्ने विश्वब्यापी भाषा हो । यो अलमलको माखेसाङ्लोले सिनेमाको मौलिकताको ओझ कम भयो कि झैँ देखिन्छ । तर, चुरो कुरो कहाँ छ भने निश्चित आधारभूत संकेतहरू र साझा मानवीय संवेगहरू प्रस्तुत हुने तौरतरिकाचाहिँ राष्ट्र, समाज र संस्कृतिपिच्छे आफ्नै शैलीगत आकारहरू हुन्छन् । हामी ती शैलीमा सचेत हुन सकेनौं भने हामीले भन्ने संवेदनाका यात्राहरू झूटा, जाली र उडन्ते भइदिन्छन् । सतहमै रुमल्लिएका हाम्रा संवेदनाका आरोहणहरू अन्तराष्ट्रिय सिनेमाका मञ्चहरूमा पुग्न सक्दैनन् । पुगिहाले भने पनि ती सिनेमाले हाम्रो पहिचानको किलो गाड्न सक्दैनन् ।

प्रत्येक कलाको सौन्दर्यमा केही आधारभूत संकेत हुन्छन् । ती संकेत शास्वत रहन्छन् । ती संकेतबिना त्यो भाषा जिउँदो रहन सक्दैन । सिनेमाका आधारभूत संकेत पनि विश्वव्यापी रूपमा अपरिवर्तनशील शाश्वत रहन्छन् । त्यसपछि ती संकेतलाई प्रयोग गर्ने शैलीहरू हुन्छन् । शैलीहरू भने बारम्बार निर्माण भैरहन्छन्, विनिर्माण भैरहन्छन् । क्रान्तिकारी रूपमा आउने कुनै 'आँवा-गार्द' प्रयोगहरू बिस्तारै सर्वस्वीकार्य शैलीको रूपमा स्थापित भइदिन्छ र यसरी नै कलाको उडान, शैलीको निरन्तर निर्माणमा लागिरहन्छ । जब शैलीहरूको अत्यासलाग्दो पुनरावृत्ति भइदिन्छ र निश्चित संरचनाभित्र फसिदिन्छन्– ती शैलीहरू सूत्रमा परिवर्तन भैदिन्छ । संसारका धेरै मूलधारे सिनेमाले यस्तै बासी सूत्रहरू हसुरेर सिनेमा घरहरूमा बान्ता गरिरहन्छन् ।

बलिउड भन्ने कोठी यस्तै सूत्रहरूको गोदाम थियो कुनै बेला । हाम्रो सिनेमाले त्यही गोदामबाट थुप्रै सूत्र पैंचो माग्यो, त्यही सूत्रको सुकुल ओच्छ्यायो । हाम्रा आफ्ना कथाहरूलाई त्यही सूत्रहरूको सुकुलमा बिसायो । हाम्रा जीवन भोगाइलाई पनि त्यहीँ बिसायो । हाम्रा संवेदनाका यात्रालाई पनि त्यहीं बिसायो । हामीहरू यी सूत्रहरूको हिप्नोसिसले यति धेरै अभ्यस्त भयौं कि यी बासी सूत्रबाहिर पनि सिनेमाको अस्तित्व छ भन्ने कल्पना पनि गर्न सकेनौं । कति मूलधारे सूत्रजीवीहरू कहिलेकाहीँ बन्न खोजेका सिनेमाको नवीन आयामलाई सिनेमा नै भएन भनेर खिसीटिउरी गर्ने गर्छन् । उनीहरूको बुझाइमा बासी सूत्रहरू नाठोसिएका सिनेमाहरू सिनेमाको परिभाषाभित्र पर्दैनन् । बलिउड यतिबेला आफैँ ती सूत्रको गोदामबाट बाहिर चियाइरहेछ । तर, हामीहरू गति हराएर विचलित छौं । हाम्रो सिनेमाको स्वरूप निर्माण गर्ने यात्रामा सबैभन्दा पहिले सूत्रीय यात्रालाई त्यागेर, शैलीगत यात्राको छलाङ लगाउनुपरेको छ । अनि शैली निर्माणको बाटोतर्फ लागिरहँदा केही आधारभूत मानकहरूमा गम्भीर चिन्तनको खाँचो छ ।



## १. विषय उठान

सिनेमा सौन्दर्यको किरणलाई समीक्षाको प्रिज्ममा छिरिहेर्दा यसका ४ थान निर्धारक प्रस्ट हुन्छन् । १. सामाजिक-राजनैतिक २. भावनात्मक ३. शैलीगत ४. आर्थिक । यीमध्ये अघिल्ला दुई निर्धारक भने विषयको उठानसँग सम्बन्धित छन् ।

हामीहरूले सिनेमामा के वाचन गरिरहेका छौं ? ती विषय हाम्रो समाजसँग कति रेलिभेन्ट छन् ? हामीले उठाएका विषय सामाजिक चेतनाको प्रभावबाट प्रस्फुटित छन् कि छैनन् ? यदि आफ्नो सिर्जनाप्रति सर्जक इमानदार छ भने, उसले बाँचेको परिवेश र त्यसले दिएका प्रभावहरू स्वतःस्फूर्त उसका सिर्जनामा आइपुग्छन् । त्यसले प्रत्येक चेतनाको निजी कथा प्रस्फुटन गर्न थाल्छ । सर्जक चाहे जतिसुकै स्वैरकल्पनाको यात्रामा लागोस् अथवा वैयक्तिक स्वप्नयात्राको विम्ब खिचोस्, ती सबै स्वतन्त्र उडानको स्रोत आफ्ना परिवेशहरू नै हुन्छन् । सिनेमाको भाषा परिवेशबाट परेको प्रभाव र त्यसको वस्तुनिष्ठ प्रस्तुतीकरणको तालमेलले बनेको हुन्छ भनिन्छ । तर, जब एउटा सर्जक सिनेमाको विषय उठान गर्न विदेशी सिनेमाको डीभीडी चक्काहरू उठाउँछ, बाटो त्यहीँबाट बिग्रिन्छ । प्रभावहरूको इमानदार सिर्जनाको बाटो छोडेर बाहिरी सूत्रहरूले भरिएका कोठे न्यारेटिभका यात्रा सुरु हुन्छ । अनि हामी समाज-इतर एलियनका कथ्य बुन्न थाल्छौं । हाम्रा परिवेश र पात्रहरूचाहिँ विदेशी बासी सूत्र बोकी हिँड्ने खेताला मात्र भइदिन्छन् । सतहमा नै प्रदूषण बोकेर आउँछन् हाम्रो समाज र पात्रहरू ।

सामाजिक-राजनीतिक चेतनाबाट आफ्नो सिनेमाको विषय उठान गर्ने केही जब्बर सर्जकहरू पनि हाम्रो फ्याटर्निटीमा उपस्थित छन् । तर, सामाजिक मुद्दा मात्रै वकालत गर्न खोज्दा जीवन भोगाइका सूक्ष्म तहहरू कतै छुटेका छन् र कुनै राजनैतिक अगुवाझैं, सिनेकर्मी मुद्धावाचक हुनपुगेका छन् । आम-संचारमा झुल्किरहने सामाजिक मुद्धाहरू र कथावाचकले खोज्ने सामाजिक प्रभावहरूमा तात्विक भिन्नता रहन्छ । मिडिया सधैं मुद्धा खोजिहिँड्छ । साधारण जीवनका सूक्ष्म निरीक्षण समाचारको विषय बन्न सक्दैन । समाचार बन्नका लागि विशेष घटनाहरू चाहिन्छन् । यतिबेला च्याउझैं उम्रेका कोठे मिडियाहरू ट्रेन्डिङको भूत सवार गरेर गल्ली-गल्लीमा बलात्कारीहरू खोज्दै हिँड्दै छन्, टोलटोलमा हत्याराहरू ढुकिरहन्छन् । यस्तो लाग्छ, हाम्रो परिवेश बाँच्नै नसक्ने गरी कहालीलाग्दो भइसकेको छ । त्यस्तै भुइँचालोपछि अत्यधिक सलबलाएका अन्तर्राष्ट्रिय संस्थाहरू डलर पचाउन गाउँगाउँ चहार्दै छन् र मान्छेहरूलाई जबर्जस्ती दुःखी-पीडित बनाइरहेछन् । पपाराजीहरूले सिर्जना गरेको सिउडो न्यारेटिभभित्र समाजको वास्तविक संवेदना कतै हराएको छ । इमानदार कथावाचकको रूपमा यो विचलनको बाटो सोझ्याउन सचेत सिनेकर्मीको चेतनाको खाँचो छ । विषय-उठान गर्दा बासी सूत्रहरूको लेपनलाई त्यागेर आफ्नो परिवेशको भोगाइको गहिराइबाट जब इमानदार न्यारेटिभ सिर्जना हुने संस्कार सुरु हुन्छ, हाम्रो सिनेमाको स्वरूपको पहिलो खुड्किलो त्यतिबेलै उक्लिन्छ ।

## २. मानवीय अवस्था

हाम्रो सिनेमाको सूत्रीय परम्पराले सुरुआतदेखि नै अतिरञ्जित मानवीय संवेदनाको भल बगाइरहेछ । मानव-इतर आर्किटाइप्सको पसार छन् तर गुण र दोषसहितको खाँट्टी मान्छे हाम्रो सिनेमाको पर्दाबाट बेपत्ता छ । हाम्रो उद्यानको मूल ढोकामै टाँसिदिए हुन्छ, 'मानिस हराएको सूचना ।' भारतीय अति नाटकीयताको काखमा हुर्किएको हाम्रो सौन्दर्यचेतले अतिरञ्जित जीवन संवेगहरू छापिरह्यो निरन्तर । पुराना खद्दरका कपडाहरूले पेट उकासेर, अनुहारमा मोसो घसेर विकृत स्वरूपमा मान्छे हँसाउने मस्काराहरूले खनेको हाम्रो प्रदर्शनी कलाको बाटो, आजसम्म आइपुग्दा जीवनको स्वरूप खिच्न असफल छ । हाड-छालाभित्र, गुण-दोषसहित बाँचिरहेको मान्छेको मूल्य हामीलाई थाहा छैन । हाम्रा कल्पनामा केही थान एलियनहरू डेरा गरी बसेका छन् । ती एलियनका घिसीपिटी आरोह बारम्बार दोहोऱ्याउँदै हाम्रो कथ्यको महान् यात्रा निरन्तर छ ।

> सिनेमामा एउटा छुट्टै कलाको रुपमा आफ्नै संकेतहरु छन् कि छैनन् ? कथा, उपन्यास, नाटक र पेन्टिङका मसला मोलेर पाक्ने स्वादे क्वाँटी मात्रै पो हो कि अथवा अन्य कलामा नभेटिएका संकेतहरु सिनेमाको भाषाले बोल्छन् ?

विश्वयुद्धको मार खाएर थलिएको जगतले पहिलोपटक जीवन-अस्तित्वको मूल्यलाई नजिकबाट छाम्न खोजेको थियो । युद्धले मारेका नौजवानहरूको सिनोको गन्ध अनि दुखेर छटपटाएका सुकुमारहरूको आर्तानादमा निसास्सिएको सभ्यताले जीवन कथाको मूल्य नजिकबाट बोध गरेको थियो । जीवनको सबैभन्दा भरपर्दो र सपाट प्रतिनिधि सिनेमा भइदियो । त्यसपछिको सिनेमाले उडन्ते देउता र परीहरूका कथाहरू कम भन्न थालेर मान्छेका भोगाइका इमानदार र अनन्त उडान भर्न थालेका थिए । जीवनलाई यति नजिकबाट छाम्न सक्ने सिनेमाको सम्भावनालाई हाम्रो सिने संस्कारले कहिल्यै बुझ्न खोजेन । केही सडेगलेका मसलाले लठ्ठिएर मन्दबुद्धिले खिपिएका हाम्रा कथ्यहरू मन्द-मन्द गतिमा वर्षौं यात्रा गर्दै यहाँसम्म आइपुगे ।

लगभग तीन दशकअघि प्रदर्शनीमा आएको 'उजेली' हाम्रो सिने संस्कारको संरचनाभन्दा फरक, नवीन आयाम बोकिआएको थियो । भलै यो स्वतन्त्र सिनेमा नभएर राष्ट्रसंघीय कार्यक्रमअन्तर्गत थियो र यसको माध्यम सिनेमाको पर्दा नभएर टीभीको सिसा थियो । किन्तु वर्षौं लामो संस्कारले कोर्न नसकेको मानवीय अवस्थाको प्रतिच्छाया टीभीको सानो स्क्रिनमा देखिएको थियो । अतिनाटकीयताको रोगले ग्रसित नेपाली सिनेमाका लागि 'उजेली' ले पाठ सिकाएको थियो । तर, यो पाठ नेपाली सिनेमाले कहिल्यै सिकेन, सिक्नै चाहेन ।

५० को दशकमा केही बन्ने लहरहरू बौरिरहेका हुन्, यदाकदा 'मुकुन्डो' र 'नुमाफुङ' जस्ता सिनेमाहरू, मूलधारे संक्रमणबाट अछुतो रहेर प्रकट भएथे । केही प्रयासहरू निरन्तर भई नै रहेका छन् । 'कालोपोथी' र 'सेतो सूर्य' जस्ता अन्तर्राष्ट्रिय मञ्चहरू घुमी हिँडेका सिनेमा पनि यी अतिनाटकीयताको रोगबाट मुक्त थिए । किन्तु मूलधारको महामारीले ग्रस्त बनाएको जगत्मा यदाकदा झुल्किने यी झिल्काहरू शून्यमा शून्य सरि बिलाउँदै छन् ।

पछिल्लो समय बनेका केही स्वाधीन सिनेमाले भोगाइका गहिराइमा डुब्ने कसरत गरिरहेका छन् । पछिल्लो दशकमा केही सुन्दर संकेत देखिँदै छन् । 'लुट' भन्ने सिनेमाले बजारबाट अत्यधिक सफलता लुटेपछि हाम्रा मूलधारका आधार स्तम्भहरू डगमगाएका

फोटो



विकास रौनियार



# शोले : एक 'क्लासिक' लोकेसन

**'शोले' सम्झँदा** म पुराना दिनतिर बरालिन्छु । त्यो फिल्म हेर्न हामीले व्यापक प्रतीक्षा गर्नुपरेको थियो । नेपालमा धर्मेन्द्र अघोषित ब्यान्ड थिए । त्यसैले शोले हेर्न धेरै दर्शक रक्सौल पुग्नुपरेको थियो ।


त्यस समय सबैभन्दा बढी चलेको फिल्म हो यो । यस फिल्मका सानाभन्दा साना घटना-विषय विश्वविख्यात छन् । सन् १९७५ मा रिलिज भएको 'शोले' हामीले सन् १९८४-८५ तिर बल्ल काठमाडौंमा हेर्न पायौं– भिडियो सेट आएपछि, मखन टोलको अँध्यारो गल्लीभित्र, थोत्रो सुकुलमा ठेलमठेल गर्दै ।

●●●

हालै दक्षिण भारतको बैंगलोर पुगें । तत्क्षण अनुपमा चोपराको किताब 'शोले द मेकिङ अफ अ क्लासिक' सम्झिएँ । सँगै सम्झना भयो– शोले छायांकन बैंगलोरनजिकै गाउँमा भएको थियो । त्यस ठाउँबारे जानकार ड्राइभरलाई साथै लिएर करिब ५५ किलोमिटर पर रामनगरम्, कर्णाटक पुगेँ । रामनगरम् फिल्ममा रामगढको रूपमा चित्रित छ ।

प्रख्यात निर्देशक रमेश सिप्पीले निर्देशन गरेको शोलेमा सञ्जीव कुमार, धर्मेन्द्र, हेमा मालिनी, जया भादुरी, अमिताभ बच्चनलगायतले अभिनय गरेका छन् । त्यो ठाउँ पुग्नु मेरो सौभाग्य थियो ।

त्यहाँ घुम्न आएका धेरै मानिस शोलेकै कुनै गीत गाइरहेका थिए । त्यसकै संवाद बोलिरहेका थिए । शोलेकै कुनै दृश्यको पोजमा तस्विर खिचाउँदै थिए । 'ए दोस्ती हम नही छोडेंगे,' 'अरे ओ शाम्भा कितने आदमी थे !'- यस्ता संवाद यो लेकोसनमा व्यापक सुन्न पाइन्थ्यो । शोले फिल्मको हिरो वा हिरोइनको पोज दिएर तस्बिर खिच्नेमा त्यहाँ घुम्न आएका सुल्तान मिर्जा पनि थिए । उनी ठूलो स्वरमा शोले-संवाद बोल्दै थिए । अहिले पनि त्यहाँ स्थानीय गाउँले भेटिन्छन्, जसले शोलेको छायांकन हेरेका थिए । कसरी अमिताभ बच्चनले घोडा दौडाएका थिए, कसरी फाइट-सिन सुटिङ भएको थियो- गाउँलेहरू रुचिसाथ सुनाउँछन् । शोलेका धेरै प्रशंसक यहाँ घुम्न आउँछन् ।





# जेमा–बहस

र्माण गर्नसमेत सकेको छैन । स्थापनाकालदेखि नै भारतीय

थिए । त्यसपछि मूलधारको एउटा पाटो साँच्चै मान्छेजस्तो देखिने झर्रा चरित्र, खरो जीवनशैली र विश्वसनीय संवेदनाहरू खिप्न खोजी हिँडे । तर, कथामा भने सूत्रीय परम्पराको मायाजालमा फसेर ती चरित्रका अस्तित्वहरू प्रदूषित भए, संक्रमित भए । अनि अर्काथरी मूलधारे सूत्रजीवीहरू, जसले आफ्नो गोदामभरि सडेगलेका मसलाहरू थुपारेका छन्, उनीहरूलाई जीवनलाई गहिराइमा पुगेर छाम्न खोजेका सिनेमा, सिनेमा नै लाग्दैनन् । मिति नाघेका सूत्रहरू र अतिरञ्जित आर्किटाइप्सको मायाजालमा उनीहरू यतिबिघ्न फसेका छन् । उनीहरू साउनमा आँखा फुटेको गोरुझैँ छन् । अनि यिनै सूत्रजीवीहरूको कोपभाजनको भुमरीमा हाम्रो सिनेमाको भाषा भ्रमित छ ।

आफ्नै सतही जीवनको प्रस्तुतिमा मनमगन भइरहेको मूलधारले जबसम्म हाम्रा मानवीय अवस्थाको स्वरूप सिर्जना गर्न सक्दैनन्, हाम्रा सिनेमाहरू सधैंभरि नेपाली पोसाक लगाएर धर्तीमा प्रकट भएका एलियनहरू उमारिरहन्छन् । जब हाम्रो सिनेमामा हाम्रो परिवेशका मान्छे देखिदैनन् भने हाम्रो जिबन-भोगाइका साक्षी ती सिनेमा कसरी बन्लान् ? हाम्रो मौलिक दस्तावेज भनेर गर्व गर्ने स्वरूपमा ती कसरी ढल्लान् ?

### ३. शिल्पकारिता

विषयमा कनीकुथी बल गर्न खोजिरहेको नेपाली सिनेमा, शैली निर्माणमा भने गोल्खाडी खाएको छ । क्यामराले खिच्दैमा, दृश्यमाथि भद्दा आवाज थुपार्दैमा सिनेमाको अभिप्राय पूरा हुँदैन । सिनेमाका आधारभूत मानकबाट बेखबर हाम्रा अधिकांश सिनेमाहरू, देखिने रेडियो नाटकजस्ता छन् कि खिचिएको गाईजात्रे प्रहसनजस्ता छन् । सिनेमा सिर्जनाका केही आधारभूत मानकहरूमा आफ्नो निजी शैलीहरू नखोज्दासम्म हाम्रा सिनेमाले मौलिक पहिचान बनाउन नसक्ला ।

**क. वाचनशैली**

संसारभरि भनिने कथाका स्वरूप उस्तै रहेछ । शान्त चलिरहेको जीवनमा कम्प घटित गरिदिनु र त्येसको समाधान नभेटुन्जेल घम्साघम्सीको यात्रामा लागिरहनु कथाको धर्म रहेछ । हामीले सुनिआएका दन्त्यकथादेखि सुदूरबाट यता आइपुगेका साई-फाई कथासम्मका मेरुदण्ड येही धर्ममा अडिएको रहेछ । श्रुति परम्पराबाट लेखनीमा झरेको यो कथाको परम्परा दृश्यभाषामा आइपुग्दा पनि निरन्तर रह्यो । सिनेमाले यी सीमित सूत्रमा वाक्कदिक्क हुनेगरी नै कथा भन्यो । अनि लामो समयपछि यो अत्यासबाट सिनेमाले मुक्ति खोज्यो र वाचनशैलीका नयाँ प्रयोग थपिँदै गए । यसै पनि शाब्दिक भाषाबाट दृश्यभाषामा रूपान्तरण भएको कथाका आधारभूत संकेतका तालमेल नै फरक थिए । त्यसैले कथाका उल्झनहरू मात्रै घिच्याइरहँदा सिनेमा सधैँ अधुरो-अपूरो थियो । सिनेमाको भाषाले शैलीगत छलाङ खोज्यो, कथावाचनको परम्परागत सूत्रलाई छोडेर काव्यिक सौन्दर्य खोज्यो । यो काव्यिक छनोट, सर्जकको निजी चेतनासँग बढी गाँसिएको थियो । फलस्वरूप: वाचनशैलीमा राष्ट्र, परिवेश र व्यक्तिको निजी छनोटका लेपनहरू भेटिन थाले । सिनेमाको कथ्यमा सधैँ चरित्रका घम्साघम्सीका आरोह-अवरोह मात्रै छैनन्, बरु अनन्त जीवनका मीठास पनि छन्, जसलाई जिन्दगी अनुभूत गरेझैँ गर्न सकिन्छ । शैलीको यात्रा नै गर्न नसकेको हाम्रो सिनेमाभित्र वाचाकीको काव्यिक चेतना आउन लामो समय कुर्नुपर्ला ।

**ख. दृश्य रचना**

क्यामराअगाडि देखिने प्रत्येक अवयव र त्यसलाई कसरी देखाउने भन्ने विविध सम्भावनाको बीचबाट एउटा सर्जकले गर्ने स्पष्ट नियन्त्रणमा सिनेमाको शैली निर्माण भएको हुन्छ । हामी भने कथालाई छाप्न प्रयोग गरिने पुरातन सूत्रमै अघाएर बसेका छौं । सिनेमाका आधारभूत संकेतको चेतनाको अभावले हाम्रो शैली निर्माणको बाटो छेकेको छ । दृश्यमा अन्तर्निहित समयको वैयक्तिक नियन्त्रणको सम्भावना, हाम्रो चेतनामा अझै छिरिसकेको छैन । त्यसैले हाम्रो सिनेमाको स्वरूप थुप्रै क्लिशेका भण्डार थुपारेर कथा छाप्ने मेसिनभन्दा माथि उठ्न सकेको छैन ।

**ग. निरन्तरता**

दृश्यको निरन्तरताको अनुभूति गराउन हलिउडले एउटा पाठ बनाएको छ । संसारभरिका धेरै मूलधारे सिनेमाहरू त्यही पाठ कण्ठाग्र गरेर कथावाचनको यात्रामा निक्लिएका छन् । हाम्रो सिनेमाले भारतीय परम्परालाई सर्लक्कै स्वीकार गर्दा, निरन्तरताको भाषा पनि सँगै गाँसिएर आयो । यतिबेला खण्डित दृश्यहरूलाई गाँस्ने शैलीहरू नयाँ-नयाँ उत्खनन हुँदै छन् । तर, शैलीको यात्रामा लाग्दै नलागेको हाम्रो सिने परम्पराले कालग्रस्त भैसकेको तिनै पुरातन सूत्रकै जालोमा आफ्नो सबै कथ्यलाई बिसाएको छ ।

### ४. सर्जक सिनेमाको खोजी

केही अपवाद छोडेर भन्ने हो भने नेपाली सिनेमाबाट सर्जक हराएको छ । कथालाई छाप्ने व्यवस्थापकीय जिम्मेवारीमा मात्रै सीमित छन् हाम्रा निर्देशकहरू । त्यसैले हाम्रा सिनेमाका यात्राहरूमा नवीन आयामहरूको गुन्जायस रहँदैनन् । कविता लेख्ने कविझैँ, चित्र कोर्ने चित्रकारझैँ वा उपन्यास लेख्ने लेखकझैँ यदि सिनेमालाई स्पष्ट सिर्जना मान्ने हो भने एउटा स्पस्ट सर्जकको खाँचो रहन्छ । विषयको उठानदेखि शैलीगत आयाम खिप्न स्पष्ट सर्जकको आवष्यकता पर्छ । सर्जक सिनेमाको अवधारणा स्वीकार गर्न नसकुन्जेल सिनेमालाई शाश्वत सिर्जनाको रूपमा पनि स्वीकार गर्न गाह्रो पर्छ ।

### ५. समग्र दृष्टिकोण

विकृत सिनेमाहरूको विशाल कन्टेनरमा प्राणहीन मुर्दा सिनेमाहरू असरल्ल लडी मात्रै रहेका छन् । यो विशाल खातका पत्रहरू केलाउँदा, सदावहार सिनेमाहरूको संख्या असाध्यै थोरै छ । सीमित आयु बोकेर आउने, केही दिन बजारमा तमासा देखाएर, सदाका लागि चिसो कन्टेनरमा अस्ताउने यी दुःखी सिनेमाहरूको नियति साह्रै टीठलाग्दो छ । जुन बेलासम्म मनोरञ्जनको व्यापार गर्ने बजारिया मालसामानभन्दा गम्भीर र पृथक् परिचय सिनेमाले पाउँदैन, सिनेमाका लागि गरिने सबै गम्भीर बहस व्यर्थ हुनेछन् । हाम्रा सिनेमा सधैँ सतहमै तैरिरहनेछन् । मनोरञ्जनको व्यापार मात्रै गर्ने जिनिसको परिचयबाट उठेर जुन बेला सिनेमाले एउटा गम्भीर कलासाधनाको स्वरूप भेट्ला, जीवन-जगत्को असली दस्तावेज बन्ला, हाम्रो सांस्कृतिक मूल्यको समयचित्र बोकेर जब हाम्रा सिनेमाहरू अन्तर्राष्ट्रिय मञ्चहरू चियाउन खोज्लान्, सिनेमाप्रतिको दृष्टिकोण अलि फराकिलो, अलिकति गहिरो बन्ला ।

### ६. बजार

सिनेमा सिर्जनाको सबैभन्दा ठूलो दुःख, थुप्रो पैसा नखन्याईकन, सिर्जनाले मूर्तरूप लिन सक्दैन । जब लगानीले किलो गाड्छ, बजारले भूमिका खेल्छ । जातोका खपेटाझैँ, बजारका यी दुई खपेटाका पिसाइमा धेरै सम्भावना पिठो भइदिन्छन् ।





नेपालमा सिनेमा बन्न सुरु हुनुभन्दा धेरै पहिले, भारतीय सिनेमाको स्वाद यता छिरिसकेको थियो । वर्षौंपछि आक्कलझुक्कल झुल्किने हाम्रा सिनेमाहरू, आँधी-हुरीझैँ आउने विदेशी सिनेमाले सिर्जना गरेका मसलेदार स्वादको नजिक पुग्नुपर्ने बाध्यता थियो । अलिकति फरक स्वाद बोकेर जाऊँ, विदेशी अतिरञ्जनाको कुलतमा फसेका दर्शकहरू तिल्मिलाउलान् भन्ने पीर, बजारबाट कुलेलाम ठोक्नुपर्ला भन्ने पीर । यिनै पीरैपीरको तीरमै बसेर हाम्रा सिनेमाले लगातार घिसीपिटी सूत्रहरू छापिरहे । गान्धारीले झैँ आँखामा पट्टी बाँधेर, बलिउडले हिँडेको अँध्यारो बाटोमा पछिपछि घिस्रिरहे । फाट्टफुट्ट केही प्रयोग आउन खोजेका हुन् । तर, बजारले त्यसलाई स्याबासी नदिँदा, निरन्तरता गुमाएका ती सिनेमाका साधनाहरू, धोको पूरा गर्ने इलममै सीमित भइदिए । गम्भीर भएर लागेका केही साधक भने अन्ततः बजारको निठुरे जालोमा साधनाको समाधि बिसाएर, बजार फकाउनतिर पो लागे । बजारको खेला यस्तै रहेछ । भद्दा स्वादको कुलतमा फसेका हाम्रो सिनेफिलियाले, गम्भीर सिनेमाको स्वाद चाख्न नजानुन्जेल, अन्तर्राष्ट्रिय बजारहरूको आँखा हाम्रा सिनेमामा नपरुन्जेल, कति साधकहरू यो बजारको अचानोमा चिरिँदै, टुक्रिँदै जानुपर्ने हो, थाहा छैन ।

शाश्वत सिनेमाका साधनालाई मलजल हाल्नुपर्ने राज्यको निकाय कानमा तेल हालेर घाममा सुतेको छ । कला चेतनाको यतिविधि बोधो परिवेशमा गम्भीर भएर लागिरहेका साधकहरू अर्धसिल्लीझैँ छन्, पटमूर्खझैँ छन् । कारण उनीहरूले बजारको भाषा बुझेका छैनन् ।

●●●

५० वर्षभन्दा लामो यात्रामा बनेका हजारभन्दा बढी सिनेमा फगत बजारका लागि निक्लिए । सडे-गलेका विदेशी मसला ठोसेर जिन्दगीलाई खिस्याएजस्ता सिनेमाहरूको यस्तै ध्येय थियो– बजारबाट मुनाफा सोहोर्नु । तर, अधिकांश सिनेमालाई निठुरे बजारले टाट पल्टाइदियो । बजारको मोहजालले लट्ठिएकाहरू, बजारकै इन्द्रजालमा जाकिए । बजारमै हारेका हाम्रा सिनेमाहरूबाट, बजारभन्दा माथि बसेर, सिनेमाका अनन्त सम्भावनालाई उत्खनन गर्ने दिन कहिले आउला ? राज्य, सर्जक, चिन्तक र दर्शकको गोलमेचबाट एउटा साझा चेतनाको किलो नठोकुन्जेल, हाम्रा सिनेमाले गम्भीर स्वरूप नभेटलान् । शैलीको निजी उडान भर्न नसक्लान् । हामीले भन्दै गरेका निजी सिनेमाको स्वरूप कहिलेसम्म बनिसक्लान् ?

'शोले द मेकिङ अफ क्लासिक' किताबबाट

# यात्रा : 'अब्जेक्ट' टु 'सब्जेक्ट'

**सिमोन द बुभा (९ जनवरी १९०८– १४ अप्रिल १९८६) बीसौं शताब्दीकी सर्वाधिक प्रभावशाली विचारकमध्ये एक हुन् । प्रसिद्ध कृति 'द सेकेन्ड सेक्स' की लेखक सिमोन मार्क्सवादी आन्दोलनसँग समेत जोडिएकी थिइन् । सक्रिय, सिर्जनशील र प्रेरणादायी जीवन बाँचेकी यिनको व्यक्तित्व दर्शन, राजनीति, प्रेम र वैचारिक-सांस्कृतिक आन्दोलनका मोडहरूको समुच्चय हो ।**



लिजेन्ड
सरिता तिवारी

### द सेकेन्ड सेक्स !

'सेक्स' शब्दको सार्वजनिक उच्चारणसम्म गर्न पनि डराउँथें । भाषाको शाब्दिक अर्थ मात्रै बुझ्ने हुस्सु तर म मात्रै रहेनछु, पछि थाहा पाएँ । त्यस्तो बेला यस्तो विस्फोटक शब्द भएको किताब लेख्ने लेखकबारे झनै उदेकको धारणा सुनेकी हुँ सुरुमै । लेखक नै थिए ती जो उनलाई– छाडा, अराजक, नारी-मुक्ति आन्दोलनविरोधी, 'तथाकथित' नारीवादी... मार्क्सवादविरोधी आदि भन्थे ।

तिनलाई लेखक के भन्नु ! चिन्तनको दारिद्र्य र पूर्वाग्रहको जालोले पुरिएका दुःखी मनुष्य थिए ती । तर, म तिनैको संगतमा थिएँ । धन्न त्यो संगतदेखि समयमै उछिट्टिने संजोगहरू जुरे र म 'विचरा' को अलिकति भए पनि उद्धार हुन सम्भव भयो ।

पोखरा बस्थें त्यतिखेर । पहिलोपल्ट यिनको नाम त्यहीँ सुनें । कविता लेख्न खुबै रौसिने ! दिनकै चार पाँचोटा कविता लेख्दिने उद्दामको ऊर्जा थियो । लेखेपछि पायक मिल्दो, आफूले जाने-चिनेको सुनाउने ठाउँ थियो मासिक 'समता काव्य सन्ध्या' । महिना दिनसम्ममा कविताहरू उरुङ लागेका हुन्थे । कुन सुनाऊँ ? आफूले लेखेका हरेक कविता 'खतरा' लाग्ने कम्ता मीठो हुन्थेन त्यो भ्रम ! बल्लतल्ल छाँटेर कविहरूको अघिल्तिर एउटा मात्रै कविता सुनाउँदा पनि 'बाफ रे' लाग्थ्यो । किनभने कार्यक्रमको अन्त्यमा कुनै अग्रज कविले कविताको समीक्षा गर्ने चलन थियो । स्थापित कविहरूका कविताको मोडेल हेर्दै कविता फुराउने ढंग सिकिरहेको फुच्चे मान्छे म । प्रायः प्रशंसा पाउँथें । त्यसले दिने हौसलाले ज्यान प्वाँख हुन्थ्यो ।

त्यस्तै कुनै एक साँझ एक पाका कविले मन्चबाट भने, 'हामीलाई विश्वास छ, हाम्रै बीचबाट पारिजात जन्मिनेछन् । तसलिमा नसरिन जन्मिनेछन् । सिमोन द बुभा जन्मिने छन्... !' मुटु ढक्क फुल्यो । कत्रा कत्रा मान्छेका नाम ! सुन्दै जीउमा काँडा उम्रिने ! डर लाग्ने !

अघिल्ला दुई मैले पहिल्यै सुनेका र अलि-अलि पढिसकेका लेखकका नाम थिए । तेस्रो नामबारे मलाई केही थाहापत्तो थिएन । थाहा पाउन अहिलेजस्तो इन्टरनेट र गुगल सर्चको सुविधा पनि थिएन । न त ठ्याक्कै त्यही सामग्री भेटिने किताब पाइन्थे कतै । वा पाइने नै भए पनि त्यस्ता ठाउँसम्म मेरो पहुँच थिएन । त्यतिबेला मैले अधिकांशतः पढ्ने ठाउँ पीएन क्याम्पस परिसरभित्रको क्षेत्रीय पुस्तकालय थियो । अब्बल र पठनीय किताबहरू वर्षौंसम्म गायब हुने नियतिले ग्रस्त अरू धेरै पुस्तकालयजस्तै थियो यो पनि । त्यसैले जब खास कुरा जान्नु र बुझ्नु छ, आफ्नै प्रयासले जुगाड गर्नुपर्ने हुन्थ्यो ।

कार्यक्रम सकिएर निस्कने बेला कुनै 'स्वयम्घोषित' प्रगतिशील लेखक महोदयलाई सोध्दी भएँ, सिमोन द बुभा चिन्नुहुन्छ ?

- अँ !

ओहो ! लौ गज्जब । यी सज्जनबाट ज्ञानदानको कृपा बर्सिने निश्चित थियो । किनभने अरू केही विषयमा पनि यिनी मेरो ज्ञानका 'अजस्र स्रोत' रहिसकेका थिए ।

त्यसपछि महोदय भटचाउन थाले र म पूरै आज्ञाकारी मुद्रामा सुन्न । सिमोनबारे माथि पेस गरिएका विशेषण दिने व्यक्ति उनै थिए । तिनले अर्तीको लयमा के-के कारणले अराजकता बेठीक कुरा हो र नारीवाद एनजीओको मात्रै मुद्दा हो भनेर पनि अर्थ्याए । सिमोन कम्युनिस्टविरोधी हुन् पनि भने । यी तिनै व्यक्ति थिए, जसले पछि कुनै एक प्रसंगमा भने, '...हेर्नुस् बैनी जत्ति जे भने पनि विद्या भण्डारीलाई आफ्ना पतिको पाइन्ट धुँदा जुन आत्मीयता र आनन्द 'फिल' हुन्थ्यो त्यस्तो अनुभूति चुनाव जितेर सांसद, मन्त्री जेसुकै भए पनि हुन सक्दैन !' फरक-फरक समयमा तिनले भनेका यी दुइटा कुराले मलाई तिरिमिरी भ्याईं बनायो ।

तैट, सोच !

त्यसपछि न यिनी मेरा ज्ञानका स्रोत रहे न मैले आफूलाई यिनको आसपास नै पुग्न दिएँ ।

प्रसंगवश, कुनै दिन एक युवा लेखकसँग सोधें, 'दाइ सिमोन द बुभाको किताब छ तपाईंसँग ?' तिनले छ भनेनन् । नभएरै होला । तर, 'भव्य' जानकारी भने दिए– फ्रान्सकी अस्तित्ववादी, नारीवादी विचारक । नारीवादको बाइबल भनिने प्रख्यात किताब 'द सेकेन्ड सेक्स' की आँटिली लेखक । विवाह, सन्तान, वैध सम्बन्ध सबै कुरालाई चुनौती दिने अद्भुत महिला । बिहे गरिनन् तर कुनै लेखकसँग आजीवन सम्बन्धमा बसिन् । आदि ।

यिनको व्यक्तित्वका तिलस्मी आख्यान सुन्दा औडाहा छुट्थ्यो तर कतैबाट किताबको जुगाड भएन । यस्तो लेखकको किताब पढ्ने म कहिले हुँला भन्दाभन्दै जिन्दगीको अन्ध-कालीन एक दशक बित्यो ।

एजेन्सी



●●●

भनेको रहेछ, 'सेकेन्ड सेक्स' अर्थात् दोस्रो लिंग ! प्राथमिक होइन त्यसको परिपूरक । कर्ता (सब्जेक्ट) होइन कर्ताद्वारा चलायमान वस्तु (अब्जेक्ट) । बुभा भन्छिन्, 'अब्जेक्ट' ले जबजब 'सब्जेक्ट' बन्ने कोसिस गर्छ, उसले हिंसा र दमनको सिकार हुनुपर्छ । शारीरिक, मानसिक, बौद्धिक सबै स्तरको हिंसा ! सबै स्तरको दमन ! संघर्ष र कोलाहलको बीचबाट पनि जब नारीहरू परम्परालाई पछाडि छोड्दै, आफू जकडिएका सीमा तोड्दै निस्कन्छन्, कर्ता या सब्जेक्ट बन्ने बाटो खुल्दै जान्छ । यसरी पुरुषलाई मूल र महिलालाई अर्को (अन्य) मान्ने भाष्यमाथि प्रश्न गर्ने सिलसिलामा महिनौंका अनुसन्धान, अध्ययन र निष्कर्षको एकमुष्ठ उत्पादन थियो, 'द सेकेन्ड सेक्स' । संसारमै पहिलोपल्ट कुनै (महिला) लेखकले विलक्षण आँट र जोखिम उठाएर गरेको युगान्तकारी कार्य । ऐतिहासिक, भौतिक, दार्शनिक, जैविक दृष्टिले सर्वाधिक वैज्ञानिकता र विश्वसनीयताका साथ गरेको उद्घोष !

किताबमा भनिएको छ, 'स्त्री जन्मिन्न, बनाइन्छे । इतिहासले, साहित्य-जीवविज्ञान-मनोविश्लेषण आदि जम्मैका परम्पराले स्त्रीत्वका असंगत मिथकहरू बुन्दै-बुन्दै आएका छन् । त्यसको चाबीले नै स्त्रीत्वको मापदण्ड निर्माण गर्छ ।'

स्त्रीत्वका निर्धारित सर्तअनुकूल हुनु नै स्त्री हुनु हो भन्ने निर्मित सत्यलाई फड्किएर स्त्रीको विपुल र स्वतन्त्र मानवीय अस्तित्वको खोजी बुभाको निजी र लेखकीय दुवै व्यक्तित्वको साझा गुण हो । छिरोलिएको टुक्राटुक्रा र अपरिचयको, अनस्तित्वको बिरानो वस्तुसदृश अधीनस्थ (अन्य) स्थितिबाट-एउटा पूर्ण मानवको । एकतित्र र सग्लो परिचयको । (महिला) व्यक्ति स्वयम्ले छनोट गरेको नैसर्गिक (मूल) जिन्दगीतर्फको यात्रा बुभाले तय गरेको विचारको यात्रा थियो । वरणको यात्रा पनि यही थियो ।

उनले भनिन्, शरीर वस्तु होइन स्थिति हो । उनले स्त्रीको शान्तिप्रिय, सहनशील, पराधीन र तल्लो दर्जाको परम्परित स्थितिको खण्डनमा तमाम मिथकीय र जीवशास्त्रीय झूटहरूका विरुद्ध प्रामाणिक भाषामा बोलिन् । त्यति मात्रै होइन, नारी मुक्तिको प्रश्नमा कम्युनिस्ट शासनपद्धतिका कपटविरुद्ध हाकाहाकी चुनौती दिएर भनिन्, तिमीहरू पनि झूटा हौ !

बीसौं शताब्दीको मध्यान्तरपछि संसारले धमाका सुन्ने गरी प्रकट भएकी यी दबङ् लेखकलाई कम्युनिस्ट साहित्य र समीक्षाले किन दुत्कार्थ्यो भन्ने कुराको चुरो यहीं छ । मेरा ती सज्जनले कुनै बेला मलाई सिमोन किन कम्युनिस्टविरोधी हुन् भनेर सिकाए भन्ने कुराको पोयो पनि यहींनेर खुल्छ । उनले तत्कालीन सोभियत रुसको उदाहरण दिएर किटेरै भनेकी छन्– महिलाको मुक्ति समाजवादमा पनि सम्भव रहेनछ । लेनिनकालमा बनेका महिलामैत्री कानुन उल्टचाएर मातृत्व र परिवार रक्षाका नाममा जसरी निषेधका कानुन ल्याइए, त्यसले महिलालाई पुरुष कमरेडका कफी-सर्भरभन्दा बढी नबनाएको उनको भनाइ अहिले नेपाली कम्युनिस्ट आन्दोलनमै पनि चरितार्थ भइरहेको छ । धेरैजसो 'कम्युनिस्ट' लेखकहरूलाई सिमोन किन बिझाउँछिन् भन्ने कुरा हिजो-आज आएर म थाहा पाउँदै छु । दुराग्रहको वमन गर्न कोष्ठकभित्र जे-जे शब्द राखेर चिनाइए पनि सिमोन नारी-मुक्ति आन्दोलनकी सानदार नाम हुन्, जो जीवनका पछिल्ला दशकमा फ्रान्सेली महिला मुक्ति संगठनकी अध्यक्षसमेत थिइन् । आजीवन 'लेफ्ट' धारामा प्रवाहित यिनी संसारभरका 'लेफ्ट-विङ्' बाटै लखेटिइन् । उनको जन्मथलो फ्रान्स र उनका वैचारिक मित्रगण समाजवादी देशमा भन्दा पुँजीवादी अमेरिकामा उनी ज्यादा पढिइन् । यसलाई विडम्बना भन्ने कि संयोग ?

●●●

संसारका एक से एक दार्शनिकहरू जन्मेको देशमा जन्मिइन् सिमोन द बुभा । प्रबोधन र प्रयोगको उद्गमभूमिमा जन्मिइन् । फ्रान्सेली क्रान्ति, पेरिस कम्युनदेखि अनेक वाद र संवादले विश्वलाई वैचारिक नेतृत्व गरिरहेको देशमा जन्मिइन् । स्वतन्त्रता र समानताको जाग्रत सपना वायुझैं स्वस्फूर्त उनीभित्र सास भएर पस्यो । विचार र धारणाहरूको निर्बन्ध 'डाइलेक्टिक्स' उनी उभिएको माटोमै उपलब्ध थियो । त्यसैको सुगन्धमा मुक्त पन्छीझैं विभोर भएर बाँचिन् उनी सम्झौताहीन आफ्नै सर्तको जिन्दगी ।

सन् १९०८ जनवरी ९ को जन्म । धनाढ्य परिवारमा जन्मिए पनि दिनानुदिन खस्कँदो आर्थिक अवस्थाले पुर्ख्यौली ध्वाँस व्यवस्थापन गरिरहनुपर्ने उनको परिवार विस्तारै टाट हुँदै थियो । बा र आमा पटक्कै नमिल्ने । बाआमाबीचको अन्तहीन घर्षणमय सम्बन्धले दिएको एक्लोपन र कल्पनाशीलताले आफूलाई 'बौद्धिक' बन्ने मार्गतिर सोझ्याएको बयान उनले 'मेमायर्स अफ डचुटिफुल डटर' मा गरेकी छन् ।

व्यक्ति आफू आफैं बन्दैन । व्यक्ति स्वयम्भू होइन । उसका विचार र बाटो भौतिक परिस्थितिले निर्माण गर्छन् । तर, त्यसको गतिशीलता र रूपान्तरणको सर्त भने व्यक्तिको हातमा हुन्छ । उनको किशोरकालको भयावह एकान्त र विचलनका साथी किताब मात्रै थिए । उनले यति पढिन्, यति पढिन् कि त्यो देखेर परिवारका मान्छेहरू आत्तिन्थे । उनको निरन्तर मुखर गतिशीलताका सारथि तिनै किताबहरूले निर्माण गरेका विचार थिए । किताबमाथिको उनको लगनले हेगेल, लाइबनित्जजस्ता दार्शनिकको गहिरो प्रभाव मात्रै दिएन, जिन ज्याक मर्ली, सार्त्र, क्लाउड लेवी स्ट्रसजस्ता उम्दा विचारकको मित्र पनि बनायो ।

सिमोन पितृसत्ताका तमाम यान्त्रिकीलाई हाकाहाकी चुनौती दिएर उन्मुक्त बाँचेकी साहसी व्यक्ति हुन् विवाह, प्रेम, यौनसम्बन्ध, गर्भपतनजस्ता मान्यतामाथि प्रहार गरेर उनले अन्य वा अब्जेक्ट हुनुको नियतिबाट आफूलाई अलग्गै राखिन् । आफ्नै मर्जीले प्रेम गरिन् र छुट्टिइन् तर हरेक प्रेम र शारीरिक सम्बन्धमाथि बकाइदा गौरव मात्रै गरिनन् आफ्ना उपन्यास र संस्मरणमा पनि तिनको जीवन्त अभिलेख पनि राखिदिइन् ।

प्रख्यात अस्तित्ववादी लेखक जाँ पल सार्त्र १९२९ देखि मृत्युपर्यन्त (१९८१ सम्म) उनका अनन्य 'पार्टनर' रहे । उनीहरू एकअर्काका मेन्टर, एकअर्काका पूरक रहे तर दुवैले निजी छनोटको स्वतन्त्रतालाई सम्मान पनि गरिरहे । यसबीचमा सार्त्र र सिमोन दुवै आआफ्ना प्रेमीसँग 'लिभ इन रिलेसन' मा पनि बसे । सार्त्रबाहेक सिमोनका दुई प्रेमी थिए– अमेरिकी लेखक नेल्सन एल्ग्रिन र फ्रान्सेली फिल्ममेकर क्लाउज लन्जम्यान । कतिपय आलोचक अहिले पनि एल्ग्रिनसँगको सम्बन्धको खुला बयान र उनलाई सिमोनले लेखेको विवादास्पद चिठीका आधारमा उनको नारीवादी अडानको धज्जी उडाउँछन् । तर, मूल कुरा कुन क्षणमा उनीभित्र परम्परित स्त्रीत्व सग्बगाएर उनलाई सम्हालिन हम्मे पऱ्यो भन्ने होइन, उनको अथक साधनाका कारण संसारले के पायो भन्ने हो ।

●●●

'द सेकेन्ड सेक्स' उनको खास परिचायक हो । तर, उनलाई प्रसिद्धि दिलाउने अन्य किताब र कामहरू पनि छन् । उनले अढाई दर्जन जति किताब लेखिन्, प्रायः उपन्यास र निबन्ध । तीमध्ये 'द ब्लड अफ अदर्स', 'द मेन्डरिज', 'एथिक्स अफ एम्बिग्युटी' लगायतको चर्चा बढी सुनिन्छ । उनका संस्मरणात्मक कृतिहरू धेरै नै विवादग्रस्त हुन पुगे । चारवटा संस्मरण कृतिमध्ये 'द प्राइम अफ लाइफ' सर्वाधिक आलोचित र विवादग्रस्त किताब हो । आफ्ना निजी र यौन जीवनबारे निर्धक्कसँग खुलेर बयान गर्ने उनको हक्की शैली जीवनकालका पछिल्ला किताबमा पनि कायम देखिन्छ । त्यसको उदाहरण १९७० मा लिखित वृद्धावस्थामाथिको गहिरो विश्लेषण 'ओल्ड एज' र फ्रान्समा गर्भपतन कानुन ल्याउन दबाबस्वरूप १९७१ मा लेखिएको 'मेनिफेस्टो अफ थ्री फोर थ्री' मा भेटिन्छ । सार्त्रलगायत उनका प्रियजनहरू एक-एक गर्दै उनलाई छोडेर गए । जीवनका अन्तिम वर्षहरूमा पनि लेखन पठनमा निमग्न सिमोन संसारभरका स्त्री बौद्धिकहरूका लागि गतिशील चेतना, निडर लेखन र घर्षणमय 'बोल्ड' जिन्दगीकी साझा गुरु हुन् । अँध्यारो समयमा, स्त्री लेखक हुनुका समस्त असुविधा र दुःखमा, स्त्री भएकैले खप्नुपर्ने छुद्र आलोचना, प्रहार र 'बुलिइड' का क्षणमा सिमोन निरन्तर उज्यालो फर्चाँकिरहने लाइट हाउस हुन् ।

जनवरी सिमोनको जन्ममास हो । अठहत्तर वर्षको आयु बाँचेर १९८६ अप्रिल १४ का दिन बितेकी उनी सच्चा क्रान्तिकारी, सच्चा साम्यवादी हुन् । उनले हिँडेको बाटो सजिलो त छैन तर अस्तित्वको चोटले, नाम अनाम हिंसाको डहनले, परिचयको कठोर प्रश्नले लखेटिएका संसारभरिका स्त्रीहरूले हिँड्नुपर्नेछ–वस्तु (अब्जेक्ट) देखि कर्ता (सब्जेक्ट) सम्मको त्यस्तै कठोर बाटो ।

सिमोन द बुभालाई विनम्र नमन !

# रण-हारको प्रत्यक्ष बयान

समीक्षा



डा. महेशराज पन्त

पृथ्वीनारायण शाह (वि.सं. १७७९-१८३१, राज्यकाल वि.सं. १७९९-१८३१)ले भक्तपुर जितेको ३ महीना पनि नपुग्दै त्यही साल फाल्गुनकृष्ण एकादशीको दिन उनका दरबारिया कवि ललितावल्लभले त्यस विजयलाई मूल विषयवस्तु बनाई 'भक्तविजयकाव्य' लेखेकाले गोरखालीले भक्तपुरविजयलाई ठूलो ठानेको देखिन्छ। हुन पनि हो, भक्तपुरविजय भएपछि पृथ्वीनारायण शाहको राज्यविस्तारको तेस्रो लक्ष्य पूरा भएको थियो। त्यो युद्ध प्रत्यक्ष देखेका, भक्तपुरका अन्तिम राजा रणजित् मल्ल (वि.सं. १७५९-१८२८, राज्यकाल वि.सं. १७७९-१८२६) का आप्त सेवक गरुडनारायण गोंगलले 'भक्तविजयकाव्य' रचिएको २० वर्षपछि भक्तपुरविजयको विवरण लेख्नु संयोग मात्र होइन जस्तो मलाई लाग्छ।

गरुडनारायणले लेखेको यो विवरण सबभन्दा पहिले छत्रबहादुर कायस्थ (वि.सं. १९९९ मा जन्म) बाट वि.सं. २०५५ मा प्रकाशमा आयो ('स्व. गरुडनारायण ग्वंगल, जुजु रणजीत मल्लया काशीवास', 'ज्वलान्हायकं', ७ अङ्क, ने.सं. १०९८, ३७-४६ पृ.)। त्यहाँ 'अनुवादक' भनी छत्रबहादुरको नाउँ दिइएकोले उनले भाषान्तरबाट नेवारीमा उल्था गरेको देखिन्छ। यसको ५ वर्षपछि देविचन्द्र श्रेष्ठ (वि.सं. १९९५ मा जन्म) बाट गरुडनारायणको त्यही विवरणको विषयमा एउटा लेख प्रकाशमा आयो ('पृथ्वीनारायण शाहको भक्तपुरमाथि हमला : आँखाले देखेको बयान', 'पृथ्वीजयन्ती-२०६० स्मारिका', नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौँ, १६-२२ पृ.)। त्यस लेखबाट यो विवरण नेपालीमा लेखिएको रहेछ भन्ने स्पष्ट भयो र छत्रबहादुरले नेपालीबाट नेवारीमा उल्था गरेको ठहरियो।

नेपाली मसीजीवीहरूमा आफ्नो विशिष्ट पहिचान बनाएका देविचन्द्रको नवीनतम कृति 'भक्तपुरमा गोर्खाली हमला– गरुडनारायण गोंगलको सम्झना' (जगदम्बा प्रकाशन, ललितपुर, २०७६) १० सेन्टिमीटर चौडा र २५३ सेन्टिमीटर लम्बा नेपाली कागजमा लेखी बेरेर राखिएको, गरुडनारायण गोंगलको यही विवरणको सम्पादन हो। वि.सं. १८२६ मा भक्तपुरमा हमला भएदेखि वि.सं. १८२८ मा रणजित् मल्ल परलोक भएसम्मको कुरा परेको, गरुडनारायणको यस कृतिमा प्रसंगवश ने.सं. ९०९ तदनुसार वि.सं. १८४६ को पनि चर्चा आएकोले यो पुस्तक पछि लेखिएको हो भन्ने देखियो। नेवार राजाका सेवक, नेवार गरुडनारायणले यो विवरण नेवारीमा नलेखी किन नेपालीमा लेखे भन्ने प्रश्न यहाँनिर उठ्छ। पछि गरुडनारायणको प्रवेश गोरखाली राजाको दरबारमा भएको त मलाई थाहा छैन, उनका छोरा हृदयरत्न भने जङ्गबहादुर (वि.सं. १८७४-१९३३, शासनकाल वि.सं. १९०३-१९३३) को पालामा सुब्बा पदमा विराजमान देखिएकाले गरुडनारायण नै गोरखाली दरबारमा भित्रिइसकेका थिए कि भनी अनुमान गर्न मन लाग्छ।

भक्तपुरमा युद्ध हुँदा पृथ्वीनारायणसँगै भाइसमेतका प्रतापसिंह पनि थिए भनी 'भक्तविजयकाव्य' मा लेखिएकोले (५४-५५ श्लोक) बहादुर शाह पनि त्यहाँ पुगेको देखिन्छ। त्यस बेला प्रतापसिंह (वि.सं. १८०६-१८३४) को उमेर २० वर्ष र बहादुर शाह (वि.सं. १८१४-१८५४) को भने १२ वर्ष मात्र थियो। गरुडनारायणले यो विवरण तयार पार्दा गद्दीमा रणबहादुर शाह (वि.सं. १८३२-१८६३, राज्यकाल वि.सं. १८३४-१८५५) भए पनि हालीमुहाली भने उनका काका बहादुर शाहको भएकोले बालककालमा त्यो युद्ध देखेका बहादुर शाहको लागि त्यस युद्धको विवरण नेवारीभाषी गरुडनारायणले नेपालीमा तयार गरेको हुनुपर्छ जस्तो मलाई लाग्छ।


यस पुस्तिकाका मुखपृष्ठमा देविचन्द्र श्रेष्ठको नाउँअगाडि 'सम्पादक' नभनी 'ग्रन्थ' लेखिएकोले 'सम्पादक'लाई 'ग्रन्थकार' भनिने इच्छा भएको, भनिहाल्न भने अप्ठ्यारो परेको जस्तो लाग्छ। 'प्रकाशकीय'मा भने देविचन्द्रलाई स्पष्टै 'ग्रन्थकार' लेखिएको कुरा यहाँनिर भन्नुपर्छ। हाम्रो यतातिर स्वतन्त्र ग्रन्थलाई माथिल्लो ठानी त्यस्तो ग्रन्थलाई 'मौलिक' भनेर त्यस्तो पुस्तकको बढी मानमनितो गर्ने र प्राचीन ग्रन्थको विवेचना गरी त्यो प्रस्तुत गर्ने सम्पादकलाई भने त्यति सम्मान नदिने परिपाटी बसेको देखिएकोले तथा सम्पादित ग्रन्थलाई पारितोषिकले अलंकृत गर्न पनि संकोच मानिने हुनाले 'ग्रन्थ' शब्दले काम चलाइएको हुनुपर्छ।

क्राउन अक्टाभो साइजमा ८९ पृष्ठ भएको यस पुस्तिकामा ४ पृष्ठ सम्पादकको 'प्राक्कथन' ले (५-८ पृ.) र यसपछिको १ पृष्ठ 'प्रकाशकीय' ले ओगटेको छ (९ पृ.)। त्यसपछिका ४९ पृष्ठमा 'ऐतिहासिक छलफल' (११-५९ पृ.) फैलिएको छ। त्यसपछिका १४ पृष्ठमा मूलपाठ (६१-७४ पृ.) अनि १४ पृष्ठ (७५-८८ पृ.)मा मूल पुस्तकको फ्याक्सिमिलि दिइएको छ। सबभन्दा पछिल्लो पृष्ठमा 'नेपालभाषा प्रभावित शब्दहरूको सूची' (८९ पृ.) दिई यो पुस्तिका टुङ्ग्याइएको छ।

'राणाकालमा नेपाल एकीकरणको इतिहास अध्ययन समेत अगाडि बढ्नै दिइएन। नेपाल बाहिर भने यस प्रकारको अध्ययन रोक्न सकिने अवस्था थिएन। त्यसैले रामनगर (पटना) तथा वनारसमा केही काम भएका छन्' (५ पृ.) भनी 'प्राक्कथन' मा लेखिएकोले कुन कृतितर्फ यो संकेत गरिएको हो भनी खोतल्नुपरेको छ।

वि.सं. १९७९ मा प्रकाशित अम्बिकाप्रसाद उपाध्याय (वि.सं. १९५१ तिर-१९८६ पछि) को 'नेपालको इतिहास' को पहिलो संस्करण त मैले देखेको छैन, वि.सं. १९८६ मा प्रकाशित दोस्रो संस्करण अर्थात् 'नेपालको इतिहास र (रामनगरको इतिहास)' मा प्रकाशकमा 'पण्डित देवीप्रसाद उपाध्याय, रामापुरा बनारस' र ग्रन्थकारको ठेगाना दिँदा 'रामापुरा, काशी 'बनारस' तथा ग्रन्थकार बितिसकेपछि वि.सं. २००४ मा प्रकाशित तेस्रो किंवा अन्तिम संस्करणमा प्रकाशकमा 'राजेश्वरीप्रसाद उपाध्याय, सिंहा लाइब्रेरी रोड, पटना' लेखिएकोले यो संकेत अम्बिकाप्रसादको इतिहासतर्फ हो जस्तो मलाई लाग्छ। अम्बिकाप्रसादको इतिहासमा पृथ्वीनारायणको विषयमा विशेष कुरा केही छैन, त्यो त्यति लामो पनि छैन। उता, वि.सं. २००४ मा प्रकाशित तोत्रराज पाण्डेय (वि.सं. १९६७-२०१४) र नयराज पन्त (वि.सं. १९७०-२०५९)को 'नेपालको संक्षिप्त इतिहास' मा पृथ्वीनारायणको विषयमा कता हो कता बढी लेखिएको छ। अर्को शब्दमा भन्नुपर्दा, अम्बिकाप्रसादको इतिहासमा भन्दा ८ गुना बढी त्यहाँ लेखिएको छ र अन्त अन्त अप्रकाशित नयाँ नयाँ कुरा पनि त्यहाँ निकै छन्। त्यो पुस्तक काशीमा प्रकाशित भए पनि त्यसको रचना राणाशासनमा नेपालमै भएको हो र राणाशासनमै सरकारी विद्यालयमा पाठ्यपुस्तकको रूपमा त्यो पढाइएको पनि हो। यस कारण बाहिर लेखिएको अम्बिकाप्रसादको इतिहास अघि सारी नेपालको एकीकरणको इतिहासको खोजी राणाशासनले गर्दा नै हुन सकेन भनिहाल्नु त्यति उपयुक्त हुँदैन कि!

गोरखाले तनहुँ राज्य जितेपछि तनहुँले राजा आफूले मुगल बादशाहलाई तिरो तिरी हकभोग गर्दै आएको, चम्पारन जिल्लामा पर्ने रामनगरका केही तप्पामा अधिकार कायम राखी त्यहाँका राजा भई बसे। त्यो राज्य पुस्तानपुस्ता कायम रह्यो। तनहुँको भगौडा राजवंशकै पछि लागी रामनगर पुगेका पौडेलवंशका देवीप्रसाद उपाध्याय रामनगर राज्यका भित्रिया हुन पुगेका थिए। यी कुरा राम्ररी नबुझ्दा ती स्थाननामलाई घोलमेल गरी 'रामनगर (पटना) तथा वनारस' भनी 'प्राक्कथन' मा लेखिएको देखिन्छ।



**भक्तपुरमा गोर्खाली हमला**
लेखक : गरूडनारायण गोंगल
ग्रन्थ : देविचन्द्र श्रेष्ठ
प्रकाशक : जगदम्बा प्रकाशन
पृष्ठ : ९०, मूल्य : २५०/-

गोरखा राज्य चौबीसीमा नगनिने हुनाले त्यसलाई देविचन्द्रको भाषामा 'नेपाल मण्डल' को अर्थात् मेरो भाषामा 'नेवारराज्य' को 'चोइटो स्वरूप 'गोर्खा' (७-८ पृ.) भनी गरिएको उत्प्रेक्षा पचाउन गाह्रो छ। किनभने, नेवारराज्य परापूर्वकालदेखि पश्चिमतर्फ नुवाकोटमा सीमित थियो र नुवाकोट नेवारराज्यको पश्चिमी द्वारको रूपमा रहेको हुँदा नेवार राजाहरू नुवाकोटसम्म राज्य कायम गर्न सकेकोमा गर्व गर्थे। त्यसमाथि, काठमाडौँखाल्डोमा राजधानी भएका ३ नेवारराज्यभन्दा गोरखा राज्य भाषा र संस्कार इत्यादिले गर्दा भिन्न प्रकृतिको थियो भन्ने कुराको पनि हामीले हेक्का राख्नुपर्छ।

गरुडनारायणले लखेको विवरणभन्दा ३ गुनाभन्दा पनि बढी पृष्ठको 'ऐतिहासिक छलफल' भएकोले यसलाई 'उपोद्घात' शब्दले संज्ञित गर्न सकिन्छ। सम्पादकले मिहिनेत गरी थरीथरीका दृष्टिले यस विवरणको विवेचना गरेकाले धेरै कुरा स्पष्ट भए पनि केही कुरा अझै अनुसन्धेय छन्। यस विवरण र यसको विषयमा सम्पादकले गरेको विवेचनाको पूरापूर परीक्षा यस पत्रिकामा स्थानाभाव र मेरो समयाभावले गर्दा सम्भव छैन। यसैले, सरसरी हेर्दा मनमा लागेको कुराको चर्चा गरेको छु।

'ललितावल्लभको काव्यले गोंगलको संस्मरण अध्ययन गर्न खास केही सहयोग पुऱ्याउँदैन' (५३ पृ.) भनी सम्पादकले भने पनि भक्तपुरविजयलाई विषयवस्तु बनाएर लेखिएका २ कृतिको तुलनात्मक परिशीलन हुनु जरूरी छ। काव्य भएकोले 'भक्तविजयकाव्य' मा कल्पनाको उडान हुनु स्वाभाविक भए पनि भुसबाट कनिका छाने जस्तै गरी त्यसबाट इतिहास निकाल्न सकिन्छ र गरुडनारायणको विवरणसँग त्यसको तुलना हुन सक्छ। जयप्रकाश मल्ल बित्दा 'भीत्र्यानि १ सती गयीन्' (६७ पृ., १०२ पङ्क्ति) भनी लेखिएकोमा 'भक्तविजयकाव्य' मा भने 'स्त्रीयुगल' अर्थात् २ स्त्री सती गएको (५८ श्लोक) भनी लेखिएको त्यसको एउटा दृष्टान्त हो।

वंशावलीमा आश्विनवदि ११ रोज ५ मा ललितपुरविजय भएको भनी लेखिएको र त्यस मितिको सत्यापन पनि पञ्चाङ्गगणनाद्वारा भएकोले गरुडनारायणको यस विवरणमा भने 'उहापछि भाद्र वदि १३ दिन् पछि पाटन् सहर पनि फुट्यो र श्रीतेज मल्ल राजा पनि भागेर भादगाउ पाउ लाग्नु भयो' (६२ पृ., २५-२६ पङ्क्ति) भनी गरुडनारायणले लेखेकोमा ललितपुरका राजा तेजनरसिंह मल्लले भक्तपुरमा शरण पर्न आएको दिन 'भाद्र वदि १३' नभई 'आश्विन वदि १३' हुनुपर्ने हो भनी सम्पादकले टिप्पणी गरेका छन् (२१ पृ.)। वंशावलीमा ललितपुरविजयको मिति पूर्णान्तमानअनुसार दिइएको र गरुडनारायणले चाहिँ नेवारहरूले अमान्तमानअनुसार, मिति दिने हुनाले यो अन्तर देखिएको हो। यस कारण सम्पादकले भने जस्तो यसमा महीना बिरिएको छैन, कालमानपद्धति मात्र फरक परेको हो।

यस विवरणमा रणजित्का ३ छोरा डाटिह्म जुजु, धन जुजु, र मेल् डाटिको चर्चा आएको छ। यी ३ छोरा उनका ७ जना मठ्याहा छोराहरूमध्येका हुन् भन्ने सम्पादकको ठहऱ्याइ छ। सम्पादकले डाटिह्म जुजुको औपचारिक नाउँ अच्युतसिंह र धन जुजुको चाहिँ धनसिंह हो भनी लेखेका छन् (४५ पृ.)।

गूठीका कागजातबाट ने.सं. ८६८ मा अच्युतसिंहले तलेजुमा चाँदीको केतकीपत्र चढाएको बुझिन्छ (नेपाल-जर्मन हस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्म के ३८१।१)। त्यस्ता कागजातमा धनसिंहको चर्चा नआए पनि अजितसिंह (के ३८१।१, ३८८।१३, ३८८।१७, ३८०।६८), उपेन्द्रसिंह (के ३८८।१३) र अवधूतसिंह (के ३८१।१) को चर्चा आएको छ। ने.सं. ८६८ को महाष्टमीको दिन रणजित्, जयलक्ष्मी मैजु र अजितसिंहले तलेजुमा मुकुट अर्पण गरेको देखिएको छ (के ३८८।१७)। यताबाट अजितसिंह जयलक्ष्मीतर्फका छोरा रहेछन् भन्ने देखिन्छ।

भक्तपुर जितेपछि गोरखालीले नेल ठोकी राखेका आफ्ना छोराहरूलाई बन्धनमुक्त गरिदिने आग्रह काशीवास गर्न जान लाग्दा रणजित्ले गर्दा पृथ्वीनारायणले अस्वीकार गरेको कुरा यस विवरणमा छ। रणजित् बितेको ११ महीनापछि मात्र पृथ्वीनारायणले रणजित्का २ जना छोरा र जुवाइँसँग सलामी कर लिई उनीहरूको अचल सम्पत्ति थामिदिएका थिए

(महेशराज पन्त, 'पृथ्वीनारायण शाहका, अहिलेसम्म प्रकाशमा नआएका तीनवटा लालमोहर', 'पूर्णिमा' ७७ पूर्णाङ्क, २०४७, १७ पृ.)। वि.सं. १८२६ फागुनमै लेखिसकिएको 'भक्तविजयकाव्य'मा भने रणजित्लाई काशीवास पठाइसकेपछि पृथ्वीनारायणले चाहिँदो कर दिएर रणजित्का छोरानातिहरूको घरखेत र सम्पत्ति फिर्ता दिएको कुरा छ (१००-१०१ श्लोक)। यताबाट लालमोहर पछि भए पनि रणजित्लाई काशीवास पठाएको लगत्तैजसो उनका सन्तानको घरबार सलामी लिई फिर्ता दिएको देखिएको छ।

यस विवरणको प्रस्तुतीकरण सम्पादकले पाठालोचनात्मक रीतिले गर्न खोजेको प्रशंसनीय छ। त्यसमाथि, अक्षर टुट्दा मूलपाठमा काकपद दिई दुइटा पङ्क्तिको बीचमा थपिएका त्यस्ता अक्षर मूलपाठमा यसै गरी थपिएकोले यो नयाँ प्रयोग यहाँ गरिएको छ। पहिले लेखिएको अक्षर हटाउनुपर्दा मूलमा यस्तो धर्को हाली हटाएकोमा मूलपाठमा पनि यही हूबहू उतारिनु अर्को नयाँ प्रयोग हो। यसरी मूलको यथारूप प्रस्तुतीकरणमा जोड दिइँदा दिइँदै पनि मूलमा ठाउँठाउँमा हटाउनुपर्ने अक्षरमा मसी दलेको कुरा भने यहाँ खुलाइएको छैन।

कहीँ कहीँ पाठालोचनका सबै नियमको पालना नभएको पनि देखाउन सकिन्छ। उदाहरणको लागि, मूलमा नष्ट भइसकेका अङ्क वा अक्षर यहाँ प्रसंगानुरोधले यस्तो कोष्ठभित्र राखिएको छ। तर, मूलमा टुटेको अक्षर पनि यस्तै कोष्ठमा राखिएकोले फ्याक्सिमिलि नहेरेसम्म कागज नष्ट भई गएको अक्षर हो कि, लेख्नेले नै छुटाएको हो भन्ने स्पष्ट हुँदैन (उदाहरणको लागि, ६८ पृ., ११६ पङ्क्ति)। मूलमा भएको पाठ यथावद् राखी संशोधित पाठ पनि यही कोष्ठ भित्र राखिएकोले अझ भ्रम पर्न गएको छ (६६ पृ., ८१ पङ्क्ति)। कुनै अक्षर वा अक्षरका मात्रा हटाउनुपर्दा तेर्सो मसिनो धर्को दिई हटाउने चलन पनि प्राचीन लेखपद्धतिमा छ (महेशराज पन्त, 'जातरूप'ज् कमेन्टरि अन् दि अमरकोष' १ भाग, दिल्ली, मोतीलाल बनारसीदास, सन् २०००)। मूलपाठमा अघिबाट 'छोडचोछन्' (९० पङ्क्ति) लेखिएकोमा त्यसमा पछिबाट एकलख खारिज गर्न त्यसमाथि दुइटा धर्को दिएको नबुझ्दा पाठ दिँदा 'छोड्योछन्' (६७ पृ., ९० पङ्क्ति) नै छापिएको छ।

मूलको उतार सम्पादकबाट पङ्क्ति पङ्क्ति छुट्ट्याई राम्रोसँग गरिएको छ तापनि अझै सावधान भई उतार गर्नुपर्ने देखिन्छ। सबभन्दा पहिलो वाक्यमा 'गुरवे' नै 'गुरूवे' भई छापिएको छ। ह्रस्व भएकोमा दीर्घ– 'गरि'को ठाउँमा 'गरी', 'तिन्लाइ' को ठाउँ 'तिन्लाई'– हलन्त भएकोमा अजन्त– 'इन्लाइ' को ठाउँमा 'इनलाइ', 'मुल्चोक्' को ठाउँमा 'मूल चोक', 'पाटन्'को ठाउँमा 'पाटन', 'रात्' को ठाउँमा 'रात'– शिरबिन्दु नभएकोमा शिरबिन्दु– 'इटाछे' को ठाउँमा 'इटाछें'– 'र' को ठाउँमा 'ल'– 'तरवार' को ठाउँमा 'तलवाल'– चन्द्रबिन्दु नभएकोमा चन्द्रबिन्दु– 'ज्यूदै'को ठाउँमा 'ज्यूँदै'– चन्द्रबिन्दु भएकोमा चन्द्रबिन्दु छोडेको– 'हुँडा' को ठाउँमा 'हुडा'– 'स'को ठाउँमा 'श' 'साहेव'को ठाउँमा 'शाहेव'– रेफ छुटेकोमा कुनै सूचना नदिई रेफ थपेको – 'हजूमा'को ठाउँमा 'हजूर्मा'– हलन्तको ठाउँमा संयुक्ताक्षर– 'भत्काई' को ठाउँमा 'भत्‍काई'– अनुस्वारमा विपर्यय– 'भंनुभयो' को ठाउँमा 'भनुं भयो'। यी सब यथारूप नउतारिएकाका केही दृष्टान्त हुन्।

हामीकहाँ चलेको देवनागरी लिपिमा केही काल अघिसम्म पनि 'व' लेखी त्यसको मुनि थोपा दिए 'व' उच्चारण गर्ने र 'व' अक्षरमा केही थपथाप नगरे 'ब' उच्चारण गर्ने चलन थियो। त्यसैले सावाँ अक्षर चिनाउँदा 'तलथोप्ली व' भनी पढाउने चलन थियो। मूलपाठ उतार्दा जहाँ जहाँ तल थोपा छैन, त्यसको उच्चारण 'ब' गर्ने र थोपा हुँदा 'व' भनी उतार्ने चलन छ, तर 'व'बाट उठ्ने संस्कृत शब्द आयो भने त्यस अक्षरमा थोप्ला नभए पनि 'व' नै पढ्ने चलन छ। यहाँ मूलपाठ दिँदा एकनासले 'व' लेखिएकोले पाठालोचनको सिद्धान्तबाट यो पाठ पर गएको देखिन्छ।

प्रूफको अशुद्धि त्यति नभए पनि 'ब' र 'व'को खयाल नराख्दा विन्दु, दरवार, वनारस, प्रतिविम्व, चौविसी, वहादुर, दोस्रो वाजि, वाधक, विहिबार, वितेपछिको, वयान, वूढा राजा, वागी, वन्दोवस्त, व्रम्हनाल, बज्रखाल, जवावी जस्ता वर्णविन्यास ठाउँठाउँमा भेट्टिन्छन्। 'श' र 'स'को छ्यानविचार नगर्दा एउटै शब्द कहीँ 'शूरप्रताप' र कहीँ 'सूरप्रताप' भई छापिएको छ। संस्कृतभाषामा त्यति अधिकार नभएर होला, प्रशय, भश्म, सक्षम, प्रसंगवस, पदच्यूत, पुनर्स्थापित, तत्व, व्यतित, मौन रहनु, सविस्तार उल्लेख, संसामयिक जस्ता वर्णविन्यास पनि यहाँ परेका छन्। भक्तपुरका अन्तिम राजाको नाउँ यहाँ सर्वत्र 'रणजित' छापिएकोले 'लडाइँ जित्ने' अर्थमा रहेको मूल शब्द 'रणजित्'को अर्थविपर्यय भई 'लडाइँमा जितिएको' अर्थमा परिणत हुन गएको छ।

# शासकहरू मानिसलाई अलग्याउँदै छन्

पाकिस्तानको शरणार्थी शिविरमा जन्मिएका २५ वर्षीय लेखक **जमिल जान कोचाई** आफ्नो पहिलो किताब '९९ नाइट्स इन लोगाड' डीएससी पुरस्कारको सर्टलिस्टमा परेको अवसरमा पोखरा आइपुगेका थिए। नेपाल लिटरेचर फेस्टिभलको दोस्रो दिन 'राइटिङ होम एन्ड द होमल्यान्ड' सेसनमा उपस्थित थिए। किताबमा उनले लेखेको लोगाड अफगानिस्तानको उत्तरी भागमा पर्ने सुन्दर सहर हो। रसियन र अमेरिकी सेनाहरूले लामो समय संघर्ष गरेको गरेको उक्त ठाउँले धेरै युद्ध भोगेको छ। युद्धका धेरै कथा उनका किताबमा मिसिएका छन्। **सुरज सुवेदी**को प्रश्न :

**आफूभित्रको लेखकलाई कसरी चिन्नुभयो ?**

स्कुलमा म धेरै पुस्तक पढ्थेँ तर आफैँले केही लेखेको थिइनँ। हजुरआमा, बुबाआमा, आन्टीहरू कथा सुनाउनुहुन्थ्यो। म सुनाइएका कथासँग हुर्किएँ। हाइस्कुलको अन्तिम वर्षमा शिक्षकले क्रिएटिभ राइटिङ क्लासका लागि नाम पठाइदिनुभएछ। त्यही क्लासमा गएर मैले पहिलोपल्ट लेखेँ। जब मैले लेखेँ त्यहाँका शिक्षक र विद्यार्थीहरूले मन पराए। अर्को वर्ष युनिभर्सिटी गएपछि क्रिएटिभ क्लासमा भर्ना गरेँ। त्यहाँको शिक्षक मेरो महत्त्वपूर्ण मेन्टर बन्नुभयो। उहाँसँग अहिले पनि सम्पर्कमा छु। त्यसपछिका हरेक वर्ष मैले एउटा वा दुइटा क्रिएटिभ क्लास लिइरहेँ। पढ्न भेटे जति पढेँ। क्रिएटिभ राइटिङ, वाक्य संरचना, व्याकरणलगायत क्षेत्रमा सुधार गर्न मद्दत गर्ने अनेक किताबहरू पढेँ।

**धेरै मानिस पढ्नका लागि राम्रो हुन्छन् तर लेखनसम्म पुग्न सक्दैनन्। पढ्ने पाठकबाट लेख्ने लेखकमा पुग्ने दोबाटो कति बेला पत्तो लाग्छ ?**

ठ्याक्कै के हो भन्ने मलाई पनि थाहा छैन। तर लेख्न थाल्दा प्लट, पात्र वा आइडियाबारे केही पनि थिएन। म केवल राम्रा वाक्य लेख्न चाहन्थेँ। वाक्यबाट अनुच्छेद, पेज अनि पाठ। त्यो प्रक्रिया बिस्तारै बढ्दै गयो। युनिभर्सिटीको प्रोफेसर लेखकले पढ्ने हरेक चीजले लेखनलाई मद्दत गर्ने हुनुपर्छ भनिरहनुहुन्थ्यो। त्यसरी बलियो वाक्य लेख्ने प्रयास बिस्तारै बलियो अनुच्छेद, बलियो कथा, र बलियो उपन्यास बन्दै गयो।

**एक अन्तर्वार्तामा लेखिरहेको बेला पछाडि छुटेको घर र कथा जहिल्यै पनि आफूसँगै थियो भन्नुभएको छ। त्यो कथा आफूसँग छ भन्ने कसरी थाहा भयो ? त्यो पहिला नै थियो या पछि चिनिएको लेखकले लिएर आयो ?**

अमेरिकाको स्कुलमा अंग्रेजी सिक्न प्रयासरत हुन्थेँ। अरूसँग घुलमिल हुने प्रयत्न गर्थेँ तर संस्कार र भाषा थाहा नभएको कारण कम साथी थिए। म पहिलोपल्ट अफगानिसतान ६ वर्षको हुँदा गएको हुँ। त्यो मेरो जीवनको एकदमै महत्त्वपूर्ण समय थियो। पहिलोपल्ट धेरै आफन्त भेटेँ। गाउँमा घुमेँ। भेडा र गाईहरूसँग सँगसँगै दौडिएँ। सम्झनाहरू सँगालेँ। अमेरिका फर्किएँपछि लोगाड कति सुन्दर छ भन्ने बयान गरेर थाकिनँ। १२ वर्षको हुँदा म फेरि त्यहाँ गएँ। अमेरिका फर्किएर हरेक पल सोचिबस्थेँ। अफगानिस्तान कति सुन्दर छ भन्ने कुरा लागिरहन्थ्यो। त्यही याद, सम्झना र नोस्टालजियाले होला सायद जब म केही लेख्न खोज्थेँ कथा लोगाडमै पुगिहाल्थ्यो।


**अर्को अन्तर्वार्तामा लोगाड सहर सुन्दर र डरलाग्दो दुवै थियो भन्नुभएको छ। त्यस्तो किन भन्नुभयो ?**

त्यहाँ जानुभन्दा पहिला अरू अमेरिकनले जस्तै मैले पनि अफगानिस्तानको बारेमा सुनेको थिएँ। धारणा त्यहीअनुसार बनेको थियो। पहिलोपल्ट जाँदा आफ्नै मान्छेहरूसँग म डराइरहेको थिएँ। मलाई आफ्नै देशसँग डराउनुपर्छ भनेर पढाइएको थियो। त्यहाँ मैले सेना देखेँ। आकाशमा उडिरहेका लडाकु विमान देखेँ। बम पड्किएको सुनेँ। तर सँगै त्यहाँ भएका धेरै चीजलाई प्रेम पनि गरेँ। दिदीबहिनीहरूसँग गाउँ घुम्न गएँ। साथीहरू बनाएँ। त्यसको सुन्दरताले मलाई मोहनी लगाएको थियो। यो धेरै खुसी र धेरै डर एकैपल्ट मिसिएको समय थियो। पहिलोपल्ट आफूलाई जीवित महसुस गरिरहेको थिएँ। त्यो महसुस मलाई अमेरिकामा कहिल्यै पनि भएन। जब फर्किएँ त्यो महसुस सँगै होस् चाहिरहेँ। त्यसैले त मैले लेख्ने अक्षरमा लोगाड आइरहन्छ।

**अंग्रेजी भाषाले आफूभित्रको अफगानिस्तान र लोगाडको ठाउँ खोसेको बताउनुभएको छ। किताबमा त्यसैले पनि पास्तो भाषाका धेरै अक्षर र पाठ अनुवाद नगरी छोडिएको छ। किन ?**

भाषा महत्त्वपूर्ण कुरा हो। सबै लेखकले यो कुरा दिमागमा राख्नैपर्छ। अंग्रेजी सिक्नु नराम्रो हैन तर यसलाई आफ्नो भाषाको मूल्यमा सिक्नु हुँदैन। लेखनमा करियर बनाउनका लागि अंग्रेजीमा लेख्नुको धेरै महत्त्व छ। प्रकाशन गर्न सजिलो हुन्छ। तर यसको मतलब आफ्नो भाषा गुमाएर अंग्रेजीमा लेख्नु हैन। आफ्नो भाषा र साहित्यको इतिहाससँग परिचित नभई नयाँ भाषामा पनि खासै केही गर्न सकिँदैन। साहित्यमा हुने सबैभन्दा शक्तिशाली आवाज फरकफरक भाषा मिसिएर बनेको आवाज भइदिन सक्छ। मलाई मेरो मातृभाषा आउँदैन तर त्यसका शब्दहरू राख्नका लागि श्रीमतीले धेरै मद्दत गरिन्।

अन्तर्वार्ता



**९/११ को आतंककारी हमलाले तपाईंको लेखनमा कसरी प्रभाव पारेको छ ?**

म ९ वर्षको थिएँ। टीभीमा कार्टुन हेरिरहेको थिएँ। कार्टुन अकस्मात् रोकिएर ठूलो बिल्डिङमा आगो लागिरहेको दृश्य देखियो। के भइरहेको हो भन्ने मलाई थाहा थिएन। स्कुलमा जाँदा मानिसले यसको बारेमा कुरा गरेको र कोही रोइरहेको देखेँ। ठूलो कुरा भएको रहेछ भन्ने त्यस बेला लाग्यो।

केही दिनमा अमेरिकाले अफगानिस्तानलाई दोष लगायो। सेना पठायो भन्ने सुनियो। त्यसपछि म बसेको ठाउँ र म आएको ठाउँको बीचमा सम्बन्ध नमीठो बन्यो। लडाइँ भयो। विद्यार्थीहरू मसँग रिसाउन थाले। उनीहरू मलाई नाम र देशको नाम लिएर जिस्काउँथे। आतंकवादी भन्थे। बिन लादेन मेरो अंकल वा हजुरबुबा हो भन्थे। म अरूभन्दा फरक रहेछु भन्ने लागेथ्यो। अस्वीकार्य भएको जस्तो लाग्थ्यो।

यसले मेरो पहिचान र म आफूलाई कसरी हेर्छु भन्ने कुरामा पनि व्यापक अन्तर ल्याइदियो। मैले लेखेका कथाहरूमा त्यो बुझाइको ठूलो असर छ। त्यो घटनाले मलाई म को हुँ भन्ने कुरा खोज्दै हिँड्ने बनाएको छ।

**एक कठिन इतिहास बोकेको लोगाडजस्तो सहरको बारेमा लेख्नु कतिको कठिन र जिम्मेवारीयुक्त काम रहेछ ?**

लोगाड लामो समयसम्म लडाइँ भोगेको ठाउँ हो। म स्टेरियोटिपिकल हुन नखोजे पनि, लोगाडलाई बारम्बार लडाइँ भइरहेको खतरा ठाउँको रूपमा चित्रण गर्न नखोजे पनि म एकदमै साँचो र इमानदार हुन भने खोजेको छु। देशमा भइरहेको पीडा र दु:खलाई मैले बरालेको छैन। कथा लेख्दा त्यस बेला गरिएका हत्या, झारिएका बम, आमहत्याजस्ता कुराहरू छुटाउँदिनँ। म मान्छेलाई यहाँ यस्तो भएको थियो र त्यो कुरा हामीले बिर्सिएका छैनौँ भन्ने कुरा बताइरहन चाहन्छु। कुनै बेला यो कुरा भार भएको जस्तो पनि लाग्छ तर सँगै एक लेखकको रूपमा यी कुरा मेरा जिम्मेवारी हुन् भन्ने कुरा पनि सम्झिन्छु। ती मारिएका मान्छे वास्तविक मान्छे थिए। तिनको जीवन थियो। तिनका परिवार थिए। तिनलाई माया गर्ने मान्छे थिए। तिनलाई जानीजानी मारिएको थियो। मानिसहरूलाई यो कुरा भुल्ने अधिकार छैन।

**रिसर्चमा गएको बेला वा इतिहास पढिरहेको बेला यो कुरा त्यस बेला नगरेको वा गरेको भए यस्तो हुँदैन थियो भन्ने लाग्छ कि लाग्दैन ?**

एकदमै लाग्छ। इतिहासमा यस्ता धेरै अवसर थिए जति बेला अफगानिस्तानलाई धेरै यस्ता राजनीतिक निर्णय गर्ने अवसर थियो। तर तिनले गरेनन्। त्यसले देशलाई यस्तो दलदलमा पुग्नबाट बचाउने थियो। तिनले सिकेनन्। पटकपटक नेतृत्वले जनतालाई असफल बनाइरहे। ती शक्तिमा त पुगे तर आफू कुन सपना बेचेर त्यहाँ पुगेको हो भन्ने कुरा बिर्सिए। तिनले शक्तिका लागि धेरै कुरा बेचे। जनतालाई सुनेनन्।

मेरो बुबा यसको बारेमा बारम्बार कुरा पनि गरिरहनुहुन्छ। सोभियत अकुपेसनको रेजिस्टेनको समयमा त्यहाँ धेरै राम्रा कमान्डर र मान्छेहरू थिए। ती देशको चिन्ता गर्थे तर तिनलाई पनि मारियो। मानिसहरूलाई युद्धबाट निकाल्ने धेरै अवसरमा उनीहरू पटकपटक असफल भएका छन्। त्यसको असर अहिले भोग्नुपरिरहेको छ।

**संसारभर धेरै शरणार्थी उत्पादन भइरहेका छन्। तपाईंको परिवार पनि शरणार्थी थियो। यसलाई कसरी हेर्नुहुन्छ ?**

शरणार्थी तथा विस्थापनको समस्या बढिरहेको छ किनकि राज्य वा देशको जुन पुरानो बुझाइ हामीमा थियो त्यो असफल हुँदै गएको छ। यूके, अमेरिका तथा भारतमा भएका पछिल्ला चुनावलाई हेर्दा अति राष्ट्रवादीहरू उदाइरहेको देखिन्छ। त्यसले घृणा वा द्वन्द्वलाई बढावा दिइरहेको छ। देशको सिमाना बलियो बनाउने नाममा देशभित्र भएका सानासाना समूहहरूलाई लगाउने काम भइरहेको छ। अमेरिका आफ्नो बोर्डर बलियो बनाउने भनिरहेको छ सँगै सिरिया र अफगानिस्तानमा बम खसाल्न छोडेको छैन। लाखौँ मान्छेलाई घरबारविहीन बनाइरहेको छ। यो एकदमै विरोधाभास कुरा भयो। शासकहरू देश बलियो बनाउने नाममा मानिसहरूलाई अलग्याउँदै छन्। यो डरलाग्दो छ।

# अच्युतानन्दको ‘विमानशास्त्र’

नेपालको पहिलो वैज्ञानिक धादिङका अच्युतानन्दले वीरशमशेरबाट पाएको पैसाले जहाज बनाउन थाले । उनको नाम नै विमान पण्डित रह्यो । केही वर्षपछि अमेरिकामा राइट दाजुभाइले साइकल मर्मत गर्ने आफ्नै पसलका पार्टपुर्जा जोडेर साँच्चै उड्न सक्ने जहाज बनाए । अच्युतानन्दले बनाएको वाष्पचालित गाडीचाहिँ कता पुग्यो ?



**इतिहास**
टीका ढकाल

सत्ताईसौं अध्यायमा पुगेपछि बालकृष्ण समका ‘मेरो कविताको आराधन’ आकाशबाट कागजको कलेवरमा खसेको अलिकति उज्यालोजस्तै भइदिन्छ । त्यही रोमाञ्चक उज्यालोले डोऱ्याएर प्राचीन ग्रीसेली किंवदन्तीमा वर्णित आइकारस र डिडालसको कथा हुँदै आर्य सभ्यताका महर्षि भरद्वाजकृत ‘बृहद विमानशास्त्रसम्म’ लैजान्छ । त्यससँग सम्बद्ध रहेर बीसौं शताब्दीमा भएका केही मनोरञ्जक, केही अपत्यारिला वैज्ञानिक प्रयोगसम्म खिंच्छ ।

पौराणिक सत्य र ऐतिहासिक सत्यका बीचमा रहेको अन्तर प्राज्ञिक जगत्ले खुट्याउन थालेको धेरै भैसक्यो । आम नागरिकको तहमाचाहिं विश्वव्यापी असमञ्जसको समानान्तर शृंखला सँगसँगै चलिरहेकै छ । जगत्का सत्यसँग शताब्दीयौंसम्म श्रुति, स्मृति, लोककथा र कल्पनालाई बुनेर निर्माण भएको ऐतिहासिक कृतिले पौराणिक सत्य निर्माण गर्छ । जुन बेला इतिहासका अभिलेखजन्य प्रमाणले ती घटनाको अस्तित्व निश्चित गर्छन्, त्यो ऐतिहासिक सत्य बन्न पुग्छ । त्यसैले ‘मेरो कविताको आराधन’ मा उल्लेख गरिएका पण्डित अच्युतानन्द, उनले प्रयास गरेको प्रारम्भिक इन्जिनियरिङ कला, विज्ञानमा समर्पित भएर घरखेत गुमाएको तथ्य आदि ऐतिहासिक सत्य हुन् । बृहद् विमानशास्त्र पौराणिक सत्य हो । आइकारस र डिडालसचाहिं दन्त्यकथा ।

सबै ‘पौराणिक सत्य’ वास्तविक सत्य हुँदैनन् वा सधैं असत्य रहिरहन्छन् भन्ने पनि छैन । पौराणिकताबाट कल्पनालाई अलग्याएर सत्य छुट्याउने बौद्धिक कर्म प्राचीनकालदेखि हालसम्म निरन्तर चलिरहेकै छ । अंग्रेजीमा ‘मिथ’ भनिने पौराणिकता अपरीक्षित मान्यता (एजम्सन) हो, जसलाई आधुनिक इतिहासकारहरू प्रमाणद्वारा परीक्षण गर्नु आफ्नो पहिलो दायित्व ठान्छन् (पिटर हिस, ‘मिथ, हिस्ट्री एन्ड थ्योरी’, जर्नल अफ हिस्ट्री एन्ड थ्योरी, संख्या ३३, पृष्ठ १-१९) । महाभारत वा रामायणका घटनाको ऐतिहासिक प्रमाण खोज्ने कार्य त्यसैले चलिरहेको हो । यद्यपि जडवत् वाक्यहरूमा पौराणिकतलाई पेस गर्ने राजनीतिले आज यस्तो परिशीलन असजिलो, खतरायुक्त बनाएको छ । धर्मआधारित राजनीतिको मुख्य जग पौराणिकता भएकाले उसले पौराणिक सत्यलाई इतिहासका रूपमा अर्थ्याउन थाल्छ । आम मानिसलाई पनि त्यसैगरी सोच्ने फरमान जारी गर्छ । उदाहरणका लागि आजको भारतमा गान्धीको इतिहाससँग हिन्दुत्वको पौराणिकता संघर्षरत छ, जबकि हिन्दु गान्धी आफैं पौराणिकतामा विश्वास राख्थे । मुस्लिम जगत्मा प्रोफेट मुहम्मदको चित्र बनाउनु मात्र पनि मृत्युदण्डकारक हुन्छ । क्रिस्चियनहरूका सम्प्रदायअनुसार फरक पौराणिक विश्वास छन् । धार्मिक हुनु र धर्मभीरु हुनु फरक कुरा हुन् । भीरु चरित्रले पौराणिकताको परिशीलन रोकेर सत्य खोज्ने परिश्रमलाई निस्तेज गर्छ, अन्धविश्वासमा लिप्त राख्छ । धार्मिक हुनुले समाजलाई अनुशासन र कर्तव्यको बाटोतर्फ प्रेरित गर्छ । तसर्थ, मानिस धार्मिक होस्, भीरु नहोस् । समले सम्झाइरहने अच्युतानन्द धार्मिक छन् । उनमा असाधारण वैज्ञानिक वृत्ति पनि सँगै देखिन्छ । समलाई त्रिचन्द्र कलेजमा पढाउने पण्डित पीताम्बर अच्युतानन्दका पारिवारिक नातेदार भएकाले उनैका माध्यमबाट समले अच्युतानन्दलाई भेटे, आफ्नो संस्मरणमा उनका कुरा लेखे ।

युवा अवस्थामा अध्ययनका लागि बनारस गएकाबखत अच्युतानन्दले रेल गाडी देखे, चढे । एकीकृत वाष्पशक्तिले त्यसको इन्जिन चलेको थाहा पाए । यताबाट गएका वा उतैका अरूले पनि रेल गाडी देखेका हुन्, चढेका हुन् । केवल अच्युतानन्दको मस्तिष्कलाई त्यसले हुँडल्यो, हुँडलिरहृयो । आफ्नो जीवनमा यस्तै अनुभवहरू सँगालेका पूर्वभारतीय राष्ट्रपति एपीजे अब्दुल कलामले भनेका होलान्– सपना त्यस्तो होस् जसले निदाउन दिँदैन ।

धेरै अघि अच्युतानन्द पनि निदाएका थिएनन् । बनारसबाट नेपाल फर्केपछि बीस वर्ष लगाएर दुई जना अट्ने चारपांग्रे गाडीलाई वाष्पशक्तिले चलाएर देखाए । उनको महत्त्वाकांक्षा बढ्यो । उड्ने जहाज बनाउने उद्योग गर्न थाले । उनीसँग एउटा जिज्ञासु मस्तिष्कबाहेक अर्थोक थिएन । यो घटना अमेरिकी राइट दाजुभाइले हवाइजहाजको आविष्कार गर्नुभन्दा निकै अघिको हुनाले संसारमा ‘एरोडाइनामिक्स’ जन्मिसकेको थिएन । रेल चलेको देख्नुबाहेक अर्को अनुभव वा आधुनिक विज्ञानको अध्ययन गर्ने सम्भावना अच्युतानन्दसँग थिएन । त्यसैले, जर्मन वैज्ञानिक डेम्लरले अलिक पहिले बनाएको आन्तरिक ज्वलन मेसिनबारे पनि यिनलाई थाहा थिएन । बीस वर्षको अनुत्पादक खर्चले त्यसबेलाको समयमा नौ हजार रुपैयाँ ऋण बोकायो । भतिज पीताम्बरका माध्यमबाट जनरल गेहेन्द्रशमशेर (पहिलो वैज्ञानिक मानिएका) लाई गुहारे । गेहेन्द्रले उनका बाबु तत्कालीन प्रधानमन्त्री वीरशमशेरबाट दस हजार रुपैयाँ सहयोग दिलाइदिए ।

वीरशमशेरले ती दरिद्र वैज्ञानिकलाई भनेका वाक्य सम लेख्छन्, ‘हेर पण्डित राम्रो उद्योग गरेछौ, उहाँ सवारी भएका बेलामा श्री ५ मुमा बडामहारानीलाई पनि नजर गराएछौ, यहाँ चाहिएको बेलामा म पनि डाकुँला, जेठा (गेहेन्द्र) लाई दस हजार दिनु भनिदिएको छु, ऋण तिर, तर अब यस्तो बनाउँदा हामीलाई जाहेर गरेर मात्र गर्नु, अहिले आफ्ना आँटले बनाएछौ, भैहाल्यो (सम, मेरो कविताको आराधन, पृष्ठ १०४)।’

नेपालको पहिलो वैज्ञानिक त धादिङ जिल्लाको चरंगे फेदी अचानेका यी अच्युतानन्द पो देखिए । उनले बनाएको वाष्पचालित गाडी कता पुग्यो होला ? जोगाएर राख्न सकेको भए कमसेकम आज छाउनी संग्रहालयमा देखिन्थ्यो कि ? श्री ३ वीरशमशेरका जेठा छोरा गेहेन्द्रले बनाएको तोपसमेत लिलामी हुने देशमा एउटा शक्तिहीनको आविष्कार बाँच्न के सम्भव हुन्थ्यो होला र ?

> उनका कलपुर्जा आगोमा जले । यसैबेला, करिब सबैथोक सकिएर सडकमा आइपुगेका बेला, समले उनलाई भेटेका थिए ।



वीरशमशेरबाट पाएको पैसाले ऋण तिर्नुको साटो अच्युतानन्द जहाज बनाउन थाले । अर्को बीस वर्ष धातु र इन्धनको प्रयोग नबुझी अनेक असफल प्रयास गरेका उनका सुरुआती सामान काठ र बाँसका थिए । प्रारम्भिक वैज्ञानिक प्रयोगहरू यस्तै उटपटयाङ हुँदा हुन् । बाफले जहाज नचल्ने बुझेपछि मट्टीतेलको इन्धनमा आइपुगे र इन्धन राख्ने भाँडोचाहिं धातुको हुनुपर्छ भन्ने बुझे । फेरि ऋणमा डुबे । वीरशमशेरको देहान्त भैसकेको थियो । अन्यत्रबाट सहयोग पाउने सम्भावना थिएन । विक्षिप्तजस्तै भएर उनी काठमाडौंको चपलीघाटमा तपस्या गर्न थाले, उड्ने मेसिन बनाउन । अनेक खाले चंगा बनाएर उडाए । अनेक पार्टपुर्जा जोडेर तयार गरे । उनको नाम नै विमान पण्डित राखिदिए मानिसहरूले । चपलीघाटमा दिनदिनै रमिता लाग्न थाल्यो ।

अनौठो काम भैरहेको, मानिस जम्मा भैरहेको देखेर एक दिन प्रहरी आएर सोध्यो, ‘बाजे, के बनाउन लाग्नुभएको ?’

‘जहाज ।’

‘कहाँ उडाउने ?’

‘आकाशमा ।’

‘दरबारमाथि पनि उड्छ ?’

‘उड्यो भने सबैतिर उड्छ ।’

‘लौ बाजे, त्यसो भए यो सबै छुट्याउनोस्, आइन्दा हामीलाई नसोधी हात नहाल्नुहोला’ (सम, उही, पृष्ठ १०५) ।

अनि उनका कलपुर्जा आगोमा जले । यसैबेला, करिब सबैथोक सकिएर सडकमा आइपुगेका बेला, समले उनलाई भेटेका थिए । यी अच्युतानन्दको सम्झना मात्र पनि नेपालका लागि प्रेरणादायी हुन सक्छ । अलिक वर्षपछि अमेरिकामा राइट दाजुभाइले साइकल मर्मत गर्ने आफ्नै पसलका पार्टपुर्जा जोडेर साँच्चै उड्न सक्ने जहाज बनाए । राइट दाजुभाइको आविष्कार पनि नमुना मात्र थियो । त्यसमा सयौं वैज्ञानिकले करिब एक दशक लगाएर गरेका सयौं परिष्कारपछि पहिलो विश्वयुद्धमा प्रयोग गर्न सन् १९१४ मा पहिलोपटक यात्रुबाहक जहाज उडाइयो, जसमा १६ जना यात्रु सवार थिए ।

अच्युतानन्दको असफल प्रयोगले प्राचीन ग्रीसको एउटा दन्त्यकथा सम्झाउँछ, जसमा डिडालस र आइकारस ‘वैज्ञानिक’ बाबुछोराको वर्णन छ । इसापूर्व ४३ मा जन्मेर इस १७/१८ मा मृत्यु भएका रोमन कवि ओभिडले सबैभन्दा पहिले यो कथा लेखे, आफ्नो ‘मेटामोर्फोसिस’ शीर्षकको लामो काव्यभित्र । ओभिड, होरेस र भर्जिललाई प्राचीन रोमन साहित्यका त्रिमूर्ति मानिन्छ । ल्याटिन भाषामा लेखिएको मेटामोर्फोसिसलाई पछि अंग्रेजी कविहरू सर स्यामुअल गार्थ र जोन ड्राइडेनले अंग्रेजीमा अनुवाद गरे । पन्ध्रवटा अलग खण्डका पुस्तकाकारमा मेटामोर्फोसिस प्रकाशित छ । हलिउडका ‘साइन्स फिक्सन’ मा ग्रीसेली वा नर्डिक पात्रहरू जोडेर आजकल बनाइने सिनेमाका आदिस्रोत यिनै प्राचीन कृतिहरू हुन् ।

मेटामोर्फोसिसको आठौं पुस्तकअनुसार प्राचीन ग्रीसको एक राज्य ‘क्रिट’ का राजा मिनोसले आफ्नो पराक्रम निर्बाध रहोस् भन्नका लागि समुद्रकी देवी पोसाइडनलाई खुसी राख्न बलि दिने विचार गरे । हिन्दु पौराणिक मान्यताअनुसार पनि भाग्य र सम्पत्तिकी देवी लक्ष्मी समुद्रकै छोरी हुन् । तर, पोसाइडन आक्रोश, अहंकार, आँधी, भूकम्प र एकै छिनमा बदलिने स्वभावका लागि चिनिन्छिन् । लक्ष्मीको कोमलता र दयाको ठीक विपरीत स्वभाव छ ग्रीसेली देवीको । उनले आफूलाई दिइने बलिका लागि एक सुन्दर सेतो गोरु समुद्रबाट सिर्जना गरी मिनोसकहाँ पठाइन् । त्यो गोरुको सुन्दरतामा लोभिएर राजा मिनोसले अर्कै गोरु बलि दिए, जसले पोसाइडनलाई आक्रोशित बनायो । उनले मिनोसकी रानी ‘प्यासिफाए’ लाई त्यो गोरुसँग प्रेममा फसाइन् र सहवाससम्म धकेलिन् । रानीले आधा गोरु, आधा मानव स्वरूपको मानवभक्षी राक्षस मिनोटोरलाई जन्म दिइन् । लगभग अपराजेय त्यस राक्षसलाई डिडालसले बनाएको ‘लेबिरिन्थ’ भित्र नौ वर्ष बन्दी बनाइयो । पहिले रानीलाई र पछि आफ्नी छोरी ‘एरियन’ को प्रेमी थिसियस (जसले मिनोटोरलाई मार्छ) लाई सहयोग गरेको थाहा पाएपछि डिडालस र उसको छोरा आइकारसलाई नै लेबिरिन्थभित्र मिनोसले कैद गरिदिए ।

‘इन टिडियस एक्जाइल नाउ, टु लङ डिटेन्ड

डिडालस ल्यांग्विस्ड फर हिज नेटिभ ल्यान्ड

...हिज बोई यङ आइकरस नियर हिम स्टुड

अन्थिन्किङ अफ हिज फेट, विथ स्माइल्स पर्सुड... ।’ (ओभिड,मेटामोर्फोसिस, पुस्तक ८, भर्स १६-१७)

(लामो कैदी जीवनमा डिडालसलाई मातृभूमिको याद आइरहृयो, ...उसको युवा छोरो आइकारस नजिकै टीठलाग्दो गरी उभिएको हुन्थ्यो, आफ्नै भाग्य सम्झेर... ।)

डिडालसले अन्ततः मैनमा जोडेका पखेटा लगाएर छोरालाई कैदबाट भगाउँछ । तर, आकाशमा धेरै माथि उड्नाले मैन पग्लेर पखेटा खुस्किन्छन् । आइकारस जमिनमा खस्छ, उसको मृत्यु हुन्छ । यसरी, हरेकपल्ट नयाँ र अप्ठ्यारा सामान बनाउनुपर्दा एथेन्सका छिमेकी राज्यले समेत खोजी गरिने डिडालस आफ्नो समयको टमस एडिसनजस्तै थियो भन्न सकिन्छ ।

दन्त्यकथाका पात्रहरूको जीवनमा अनेक संयोग र चमत्कारका प्रसंग जोडिएर आउँछन् । डिडालस बाबुछोराको अस्तित्व केवल मिथक हो भने कवि ओभिडचाहिं ऐतिहासिक सत्य । पहिलो शताब्दीको सुरुतिर लेखिएको मानिने मेटामोर्फोसिसका रचानाकर ओभिडको मस्तिष्कमा मानिस सवार हुने अलग्गै विमान होइन, मानिसकै शरीरमा जोडिएका पखेटा भए उड्न सकिने विचार आयो । सायद चराहरू उडेको यथार्थले उनलाई त्यस्तै काल्पनिकीको निर्माण गर्न प्रेरित गऱ्यो, जसलाई उनले आफ्ना पात्रहरूमा आरोपित गरे । ओभिडको कल्पनामा जहाज आइसकेको छैन । तर, रोचक यथार्थ के हो भने मानिसले गुड्नेभन्दा उड्ने कल्पना धेरै पहिले गर्न थालेको देखिन्छ ।

उड्ने सामर्थ्यको अझ प्राचीन उल्लेख आर्य-हिन्दु सभ्यताका वैदिक ग्रन्थहरूमा पाइन्छ । इसापूर्व १७०० आसपास रचना भएको मानिने ऋग्वेद संसारकै सर्वप्राचीन पूर्ण ग्रन्थ हो । ऋग्वेदअघि सुमेरियन सभ्यताका सानातिना अभिलेखहरू पाइएका छन् । आजको दक्षिणी इराकमा पर्ने सुमेर र मेसोपोटामियाकालीन गिल्गामेस राजाको कहानी समेटिएको महाकाव्य ऋग्वेदभन्दा पहिलेको प्रामाणिक कृति हो । आधुनिक उदार लोकतन्त्रमा आवश्यक पर्ने समाज र राज्यबीच नियन्त्रण-सन्तुलनको विकास खोतल्ने क्रममा गिल्गामेसकालीन आदिम मानिसले सामना गर्नुपरेको राज्यशक्ति विन्यासको प्रश्नलाई वर्तमान बसर अल असदकालीन सिरियाको अवस्थासँग तुलना गर्दै डारोन असिमोग्लु र जेम्स रबिन्सनले ‘गिल्गामेस संकट’ भन्ने नाम दिएका छन् (असिमोग्लु र रबिन्सन, न्यारो कोरिडर, प्राक्कथनको पृष्ठ ८) । सुमेरियन सभ्यताको समकालीन विश्वका प्राचीन कृतिहरूमध्ये ऋग्वेद यस्तो ग्रन्थ देखापर्छ, जसले आजपर्यन्त मानवसभ्यतालाई आश्चर्यमा पारिरहेकै छ । विवाह, धार्मिक अनुष्ठानलगायत विभिन्न प्रयोजनका लागि अहिले पनि उच्चारण गरिने मन्त्रहरू सामेल भएको ऋग्वेदको प्रयोग करिब चार हजार वर्षसम्म निरन्तर भैरहेको छ । गिल्गामेसको महाकाव्यभन्दा विशाल, व्यवस्थित र पूर्ण ग्रन्थका रूपमा ऋग्वेदवरिपरि जति मात्रामा अनुसन्धान, व्याख्यान र संकथनहरू निर्माण भएका छन्, त्यति अन्य कुनै प्राचीन ग्रन्थमाथि भएका छैनन् । युनेस्कोको विश्व सम्पदा सूचीमा सामेल ऋग्वेदका प्राचीन पाण्डुलिपिमध्ये भोजपत्रमा लेखिएका करिब ३० वटा भारतको मुम्बईस्थित भण्डारकर अनुसन्धान संस्थामा सुरक्षित छन् । हाल प्रचलनमा रहेका वैदिक ग्रन्थहरू अठारौं र उन्नाईसौं शताब्दीमा संगृहीत विभिन्न १७००० अलग पाण्डुलिपिबाट तयार गरिएका हुन् । ऋग्वेदमा मानिसको उडान कल्पनाका प्रारम्भिक अभिलेखहरू धेरै छन् । उदाहरणका लागि पहिलो मण्डल, पच्चीसौं सूक्तको सातौं यो मन्त्र-

वेदा यो वीनां पदमन्तरिक्षेण पतताम् । वेदा नाव समुद्रियः । (ऋग्वेद १।२५।७)

(हे वरुण...) तिमीलाई अन्तरिक्षमा पक्षीसरि उड्ने मार्ग थाहा छ, समुद्रमा चल्ने नौकाको बाटो थाहा छ ।

ऋग्वैदिक मीमांसाभित्र प्रवेश गरिसकेपछि आधुनिक विज्ञानले खुट्याउने पौराणिक र ऐतिहासिक सत्यबीचको अन्तर अझ प्रस्टसँग देखिन्छ । कहिलेकाहीं वैज्ञानिकहरू पनि पौराणिकतातर्फ बहकिएका हुन्छन् । तर, त्यतिले मात्रै त्यसको वैज्ञानिक सत्य पुष्टि हुँदैन । जस्तो, सन् २०१५ जनवरी ३-७ मा भारतको मुम्बईमा आयोजित अन्तर्राष्ट्रिय विज्ञान सम्मेलनमा प्रस्तुत एउटा कार्यपत्रद्वारा घोषणा गरियो– करिब सात हजार वर्षअघिको आर्य सभ्यतासँग उड्न सक्ने विमानहरू थिए । केरलाको उड्डयन महाविद्यालयका विमानचालक आनन्द बोदास र उनका सहयोगी अमेय जाधवले गरेको यो दाबीलाई संसारका धेरै वैज्ञानिक संस्थाहरूले खण्डन गरे । आफ्नो दाबी प्रमाणित गर्न बोदास र जाधवले अघि सारेको स्रोत महर्षि भरद्वाजले रचना गरेको भनिएको प्राचीन ‘वैमानिक प्रकरण’ वा बृहद् वैमानिक शास्त्र थियो (बोदास र जाधव, एभिएसन इन द वेदिक एज (कार्यपत्र), १०२ औं अन्तर्राष्ट्रिय भारतीय विज्ञान सम्मेलन २०१५, मुम्बई) ।

ब्रह्ममुनि परिव्राजकको सम्पादनमा ‘बृहद् विमानशास्त्र’ सन् १९५९ मा पहिलोपल्ट प्रकाशित भएको थियो । अनुष्टुप छन्दका तीन हजार संस्कृत श्लोक र तिनको हिन्दी अनुवादसहित प्रकाशित यो कृतिले विज्ञान जगतमा त्यसबेला ठूलै हलचल ल्यायो । रामायणमा उल्लिखित पुष्पक, महाभारतकालीन राजा भोजद्वारा लेखिएको मानिने ‘समराङ्गणसूत्राधार’ मा कल्पित विमान, ‘युक्तिकल्पतरू’ मा वर्णित व्योमयान आदिको उदाहरण पेस गर्दै महर्षि भरद्वाजले ‘यन्त्रसर्वस्व’ ग्रन्थको एक अंगका रूपमा ‘वैमानिकशास्त्र’ को रचना गरेको दाबी यस कृतिमा गरिएको छ । यसको प्रारम्भिक प्रतिलिपि (पाण्डुलिपि होइन) भारतको बडोदा संस्कृत लाइब्रेरीमा पाइएको थियो । कृतिमा गरिएको दाबीअनुसार महर्षि भरद्वाजप्रणित प्राचीन विमान विज्ञानका चालीसमध्येको एक अंश मात्र भेटिएको हो । विमानको गति, मार्ग, प्रकार, प्रयोग र निर्माणकलाको विस्तृत वर्णन भएको ३६८ पृष्ठ लामो यस कृतिलाई सन् १९७२ मा क्यानडाली संस्कृतज्ञ जीआर जोसियरले अंग्रेजीमा अनुवाद गरी प्रकाशित गरे । पुस्तकका एक सय अधिकरणलाई आठ अध्यायमा विभक्त गरिएको छ । पुस्तकले अत्यधिक चर्चासँगै विवाद जन्माएपछि यसको प्रामाणिकता अध्ययन गर्न सन् १९७४ मा भारत सरकारले भारतीय विज्ञान संस्थानलाई जिम्मेवारी दियो । मानवीय कल्पनाको क्षमताभन्दा टाढा विशाल शून्यमा रहेको सत्यलाई यथार्थमा समेट्ने परिश्रमले नै मानव सभ्यताको विमान उडिरहेछ । समय र समाजका सिमानालाई विस्तारित गरिदिने लहर यस्तै खोजीको गर्विलो इतिहास हो ।



# केही प्रश्न केटाहरूलाई



**समाज**
अमृता अनमोल

**अफिसबाट फर्किंदै** थिएँ । साथी निर्मलाले चिया पिउन निम्ता गरी । नजिकैको चियापसल पुग्दा एक जना अपरिचित अनुहार पनि थियो त्यहाँ । उसको बाल्यकालको साथी रे ! मलाई देख्नासाथ ऊ मुस्कुरायो । निकै परिचित जसरी हात चरप्प छोप्यो । र, मुसार्दै बिस्तारै छोड्यो । पहिलो भेटमै ? म छक्क परें । गोलो टेबलको वरिपरि बसेर चिया पिउँदासम्म उसका आँखा मबाट अन्त गएनन् । नशालु आँखा अनुहार, छाती र शरीरमा डुलाइरहृयो उसले । मानौं भोको बाघ सिकारको खोजीमा थियो । त्यस्तो सिकार म थिएँ । टेबुलमुनि उसका खुट्टा मेरै खुट्टा छुने गरी पसारिएका थिए । म तर्कंदै जान्थें । ऊ लहसिंदै जान्थ्यो । बिस्तारै दुवै हात टेबुलमाथि राखेर क्वारक्वारी हेर्न थाल्यो । मैले असुरक्षित- अपमानित महसुस गरें ।

मेरो स्त्रीत्व उर्लियो । जुरुक्क उठेर चड्याम्म गालामा बजार्न मन लाग्यो । तर, सकिनँ । साथीको मुख हेरेर सम्हालिएँ । चार सुर्कोमै चिया पिएँ अनि जुरुक्क उठें । साथीले बस्न भन्दै थिई । मचाहिँ ‘काम छ’ भनेर बाहिरिएँ । ऊ हेरेको हेऱ्यै भयो । घर आइनपुग्दै मोबाइलमा म्यासेज आयो । ‘तिमीलाई भेटेर सारै खुसी लाग्यो । निकै मायालु रहिछ्यौ,’ लेखिएको थियो, ‘फेरिफेरि भेटेर चिया खाऊँ है ।’ मैले हत्तपत्त उसको म्यासेज डिलिट गरें । त्यत्तिले मन मानेन । नम्बरै डिलिट गरें । त्यसपछि कम्तीमा उसका दुई दर्जनपटक फोन आए । ‘हामी साथी बनौं’ भन्ने म्यासेज धेरै आए । मैले सबै म्यासेज र कल डिटेल लिएर प्रहरीमा जाने धम्की दिएँ । त्यसपछि ऊ साइड लाग्यो । तनाव सकियो ।

पहिलो भेटमै उसका तुच्छ हर्कतले केटा साथीप्रतिको मेरो विश्वास डगमगायो । घटनाले समग्र केटाप्रति प्रश्न खडा गरिदियो । के सबै केटा सधैं यौनका भोका हुन्छन् ? किन हरेक केटी साथीको मायालाई काम वासनामा मात्रै बदल्न खोज्छन् ?

अफिसमा काम गर्दै थिएँ । फेसबुक म्यासेन्जरमा यौटा म्यासेज आयो । ‘हाई ! अमृता सन्चै ?’ गाउँले दाइ रहेछन् । मैले ‘नमस्ते, सन्चै छु’ भनें । केही बेर गाउँघरका कुरा गरे । सोधेको प्रश्नको जवाफ दिएँ । त्यसपछिका दिनमा उनी खुल्न थाले । कहिले ‘तिमी कति राम्री छ्यौ’ भन्थे । कहिले ‘टीभीमा तिम्रो कस्तो राम्रो बोली सुनिन्छ’ भन्थे । कहिले ‘तिम्रो बोल्ड रिपोर्टिङले सबै प्रभावित हुन्छन्’ भन्थे । एक दिन त ‘तिमी कस्तो १५ वर्षेजस्तो देखिन्छ्यौ’, ‘तिमीलाई पाउने त कस्तो भाग्यमानी’, ‘सधैँ मस्त, सधैँ सन्तुष्ट’ पो भने । मैले जवाफ फर्काएँ, ‘आफ्नै चेलीमाथि कुदृष्टि लगाउने दाइका नाममा कलंक । तिमीलाई धिक्कार छ ।’ उनले ‘सरी’ लेख्दै थिए । मैले फेसबुक नै ब्लक गरिदिएँ ।

फेसबुक ब्लक गरे पनि मन शान्त भएन । टेबुलमाथिको बोतल तानेर घटघटी पानी पिएँ । बेचैन महसुस भयो । मनभित्रै प्रश्न मडारियो, ‘केटाको शरीरमा त्यस्तो के छ जसले हरेक प्रसंगलाई यौनसित तुलना गर्छ ?’

कात्तिक अन्तिम साता । सिमसिम पानी परिरहेको थियो । घरनजिकैको एसियन रिसोर्टमा वनसम्बन्धी कार्यक्रम थियो । म छाता ओढेर हतार-हतार जाँदै थिएँ । एक जना नजिकैबाट गुनगुनायो । ‘यौटै छाता ओढौं मायालु’ हतार थियो । त्यसैले म नसुनेजस्तो गरी होटलतर्फ लम्कँदै गएँ । उसले फेरि गायो, ‘ओढौं छाता ओढौं मायालु !’ म ठिंग अडिएँ । उसका आँखा मतिर थिए । रिस उम्ल्यो । त्यसैले कड्किएँ, ‘ए, के भनेको ? कसलाई भनेको ?’ ऊ ‘गीत गाएको’ भन्दै मुस्कुराउन पो थाल्यो । मैले झपारें । उसले ‘लाज मानीमानी माया गरेको’ भन्ने जवाफ फर्कायो । म ‘खोइ तेरो माया ?’ भन्दै झम्टिन जाँदै थिएँ । लुसुक्क अर्को होटलभित्र छिऱ्यो । ऊ त्यही होटलको कामदार रहेछ । होटल मालिकलाई ‘आइन्दा त्यसको मुख देखे कालो पोतिदिने’ चेतावनी दिँदै आफ्नो काममा लागें ।

त्यसयता ऊ होटलमा छ या छैन, थाहा छैन । तर, जब म त्यस ठाउँमा पुग्छु– मलाई त्यो मानिसको सम्झना आउँछ । पुरुषको सम्हालिनै नसकिने यौन उत्तेजना सम्झेर दया लाग्छ । र, त्यो स्वभावप्रति घृणा लाग्छ ।

अघिल्लो साता राजमार्ग चौराह हुँदै अफिस जाँदै थिएँ । ठ्याक्कै बर्दघाट बुटवल बस लाग्ने ठाउँतिर एक जना अधबैंसे मतिर फर्केर बोल्यो, ‘बैनी सुन्तला खाम् सुन्तला । सानासाना चट्ट मिलेका । तिम्रैजस्ता । बैनी सुन्तला खाम्,’ मैले बुझें । उसले स्तनसँग तुलना गरेर मलाई जिस्क्याइरहेको थियो । तर, पनि नसुने जसरी अगाडि बढ्दै थिएँ । ऊ झन्झन् जोडले बोल्न थाल्यो । मैले सहन सकिनँ । टक्क अडिएँ र सोधें, ‘के भनेको ?’ उसले ‘सुन्तला किन्न भनेको’ भन्ने जवाफ फर्कायो । ‘खोइ सुन्तला ?’ उसले पारिपट्टि देखायो । मैले ‘ल हिँड्’ भनें । तर, ती सुन्तला उसका थिएनन् । मेरो रिसको पारो तात्यो । ‘तैंले मलाई जिस्क्याएको ?’ ऊ बहादुरी गरे जसरी मुसुक्क हाँस्यो । र, गिज्याउँदै भन्यो, ‘सुन्तला त सुन्तलै हुन् नि बैनी ! जसका भए नि ।’ मैलै सहनै सकिनँ, ‘तँलाई बदमास ! म तोरो जिस्क्याउने वस्तु हुँ ? तेरी आमा, दिदीबैनीलाई कसैले यस्तै भने के हुन्छ ? ल हिँड् प्रहरीमा ।’ ऊ केही नर्भस भयो ।

हत्तपत्त १०० मा डायल गरें । त्यो फोन अहिले नजिकको प्रहरीमा जाँदो रहेनछ । जिल्ला प्रहरीमा उठ्यो । ऊ डरले काँप्दै थियो । त्यतिबेलै अफिसबाट फोन आयो । सम्झँ । आज स्टोरी सक्नु छ । औंला ठाडो पारें र उसलाई ‘आइन्दा कोही केटीमाथि आँखा मात्रै ठाडो गरे जेलमा कोच्छु’ भन्दै भुतभुताएर हिंडें । पछिसम्म मलाई थकथकी लागिरहृयो– त्यसलाई किन प्रहरीकोमा लगिनँ ?

बुटवलमै लैंगिक हिंसाविरुद्धको कार्यक्रम थियो । कार्यक्रममा एक जना नेता र म अतिथि थियौं । हामीसहित मञ्चमा ७ जना र हलमा करिब ६० जना थिए । आयोजकले उपस्थिति पुस्तिका ल्याए । मैले पुस्तिका दिदैं गर्दा ती अधिकृतले मेरो हात छोए । र, रोमाञ्चित हुँदै भने, ‘म्याडमको हात कति मुलायम ! मान्छे राम्री, अनुहार राम्रो, ज्यानै राम्रो । कस्तो म्याचिङ !’ यसो भन्दै गर्दा आफ्ना नशालु आँखा मेरो अनुहार हुँदै शरीरभरि दौडाए । लैंगिक हिंसाविरुद्धको कार्यक्रममै ममाथि हिंसा भयो । जुरुक्क उठेर एक चड्कन लगाउन मन लाग्यो । तर, सम्हालिएँ । ‘सर यो त लैंगिक हिंसा हो नि,’ यत्ति भनें, ‘यसरी कसैलाई नजिस्क्याउनु यौन दुर्व्यवहारको आरोपमा प्रहरी खोरमा जाकिनुपर्ला !’

उनी ङिच्च दाँत देखाएर अगाडि फर्के । जब मेरो कार्यपत्र सुरु भयो, मैले नामै नलिई ‘यसरी पनि हिंसा हुन्छ’ उनको हर्कत सुनाएँ । यस्तोमा के गर्ने भनेर सहभागीलाई सोधें । हलबाट ‘प्रहरी खोरमा जाक्ने’ भन्ने जवाफ आयो । पुलुक्क उनको मुखमा हेरें । उनी उधोमुन्टो लगाएर बसिरहेका थिए ।

अन्त्यमा, केही प्रश्न केटालाई । तिमीले गर्ने व्यवहार तिम्रा आमा, पत्नी र दिदीबैनीमाथि भए तिमी के ठान्छौ ? तिम्रा पत्नी, जसले तिम्रैलागि जीवन अर्पेका छन्, तिनले तिमीले जस्तो व्यवहार अर्को केटासित गरे तिमीलाई कस्तो महसुस हुन्छ ? तिमी सहन्छौ ? अहँ सहन्नौं । आफूले नसहने व्यवहार अरूलाई किन गर्ने ? पतिपत्नीबीच सीमित हुनुपर्ने यौन उत्तेजना अरूलाई किन देखाउने ? हरेक सम्बन्धलाई यौनसित किन जोड्ने ? केटाको यो उसको कमजोरी हो । साहस होइन, दुस्साहस हो । रोमान्स होइन हिंसा हो ।

महिलामाथि हुने हिंसा महिलाको मात्रै समस्या होइन । समाजकै समस्या हो । तसर्थ हिंसाविरुद्ध पुरुष पनि प्रतिबद्ध हुनुपर्छ । हरेक पुरुषले महिलाप्रतिको उच्छृंखलता र आवेग रोक्नुपर्छ ।

# खोल्देऊ

जनवरी १८ (आजकै दिन), उर्दू भाषाका सबभन्दा वाचाल कथाकार सआदत हसन मन्टोको स्मृति दिवस । भारत विभाजनको तनावमा एक बलात्कृत युवतीबारे उनको अति प्रसिद्ध कथा 'खोल दो' मार्फत हामीले उनलाई सम्झने प्रयास गरेका छौँ । भारतको डायमन्ड बुक्सद्वारा प्रकाशित 'मन्टो के बेहतरिन अफसाने' बाट कवि–कथाकार अभय श्रेष्ठले यसको साभार अनुवाद गरेका हुन् ।

## मन्टो स्मृति दिवस





### उल्था-कथा

सआदत हसन मन्टो

अमृतसरबाट दोस्रो प्रहर दुई बजे स्पेसल रेल हिँड्यो । आठ घण्टापछि मुगलपुरा पुग्यो । बाटोमै कैयन् व्यक्ति मारिए । कैयन् घाइते भए । केही व्यक्ति यताउता भड्किए ।

बिहान दस बजे क्याम्पको चिसो भुइँमा सराजुद्दिनले आँखा खोल्दा चारैतिर लोग्नेमान्छे, आइमाई र बालबच्चाको उर्लंदो समुद्र देख्यो । उसको सोच्ने र बुझ्ने बाँकी थोरै क्षमताले पनि धोका दियो । ऊ अबेरसम्म धूमिल आकाशतिर एकटक लगाएर हेरिरह्यो ।

क्याम्पमा कोलाहल थियो, तर कान बन्द भएझैं बुढो सराजुद्दिन केही सुनिरहेको थिएन । कसैले उसलाई हेरेको भए गहिरो निद्रामै रहेको अनुमान लगाउन सक्थ्यो । तर, होइन । उसको होस गायब थियो । उसको सारा अस्तित्व कतै शून्यमा अड्किएको थियो ।

धूमिल आकाशतिर कुनै उद्देश्यबिना हेर्दा उसका आँखा घामसँग ठोकिए । घामको तेजिलो प्रकाश अस्तित्वको नसा नसामा फैलियो । ऊ उठ्यो । दिमागमा कैयन् दृश्य ओहोरदोहोर गर्न थाले । आगलागी, भागदौड, स्टेसन, गोलीको सर्सराहट, रात र सकिना । सराजुद्दिन जुरुक्क उठ्यो र पागलजस्तै चारैतिर फैलिएको मानव समुद्र नियाल्न थाल्यो ।

पूरा तीन घन्टा उसले सकिना, सकिना भनेर चिच्याउँदै क्याम्पलाई चक्कर लगायो । तर उसकी एक्ली तरुनी छोरीको पत्ता लागेन । चारैतिर मानौं धाँदली मच्चिएको थियो । कोही आफ्नो बच्चा, कोही आमा, कोही पत्नी र कोही छोरीलाई खोजिरहेका थिए । सराजुद्दिन पराजित मुद्रामा एक ठाउँमा बस्यो । दिमागमा जोड लगाएर सकिना आफूबाट कहिले र कहाँ छुटेकी थिई भनी सम्झन खोज्यो । सोच्दा सोच्दै उसको दिमाग सकिनाकी आमाको लासको दृश्यमा अड्किन्थ्यो जसका आन्द्राभुँडी बाहिर निस्केको थियो । त्यसअगाडि ऊ केही सोच्न सक्दैनथ्यो ।

सकिनाकी आमा मरिसकेकी थिई । सराजुद्दिनकै अगाडि उसले प्राण त्यागेकी थिई । तर, सकिना कहाँ छे ? प्राण छाड्ने बेला पनि उसले सराजुद्दिनलाई भनेकी थिई, 'मलाई छाडिदेऊ । बरु सकिनालाई लिएर यहाँबाट जतिसक्दो चाँडै भाग ।'

सकिना बाबुसँगै थिई । दुवै जना नांगै खुट्टा दौडिरहेका थिए । सकिनाको सल खसेको थियो । त्यो टिप्न ऊ एकछिन रोकिन खोजेको थियो । सकिनाले चिच्याउँदै भनेकी थिई, 'अब्बा, छाडिदिनुस् ।'

तर उसले सल टिपेको थियो ।

यस्तो सोच्दै उसले आफ्नो कोटको उक्सेको खल्तीतिर हेर्‍यो । अनि त्यहाँबाट एउटा कपडा निकाल्यो । त्यो सकिनाको सल थियो । कठै, उसकी प्यारी छोरी कहाँ थिई ?

सराजुद्दिनले थकित दिमागमा जोड लगाएर सम्झन खोज्यो । तर कुनै नतिजामा पुग्न सकेन । के उसले सकिनालाई आफूसँगै स्टेसनसम्म ल्याएको थियो ? के ऊ पनि सँगै गाडीमा बसेकी थिई ? बीच बाटोमा गाडी रोकिँदा हुल्याहाहरू भित्र पसेका थिए । के ऊ बेहोस भएको थियो र त्यसै बेला तिनले सकिनालाई उठाएर लगेका थिए ?

सराजुद्दिनको दिमागमा सवालै सवाल थियो । जबाफ एउटै थिएन । उसलाई सहानुभूति चाहिएको थियो । चारैतिर जति पनि मानिसहरू भौँतारिएका थिए, सबको हालत उस्तै थियो । सराजुद्दिन रुन चाहन्थ्यो । रुन पनि उसका आँखा उसलाई सहायता गरिरहेका थिएनन् । हरे, आँसु कहाँ गायब भएको थियो, कुन्नि !

> एक्कासि सकिनाको लासमा ज्यान फर्किएझैं भयो । प्राणविहीन हातले उसले बिस्तारै आफ्नो इँजारको सुर्कनी खोली र कम्मरबाट सलवार सरक्क तल सारिदिई ।

छैटौँ दिन होस सामान्य स्थितिमा फर्केपछि सराजुद्दिनको भेट ती व्यक्तिसँग भयो, जो उसलाई मदत गर्न तयार थिए । आठजना स्वयंसेवी नवयुवा थिए । तिनका हातमा लाठी र बन्दुक थिए । सराजुद्दिनले तिनलाई अनेक आशीर्वाद दियो र सकिनाको हुलिया बताइदियो, 'गोरी.. र असाध्यै राम्री छे । मेरो होइन, उसकी आमाको गोता गएकी छ । उमेर करिब सत्र वर्ष । आँखा ठूला ठूला । कपाल गाढा कालो । दाहिने गालामा ठूलो कोठी । मेरी एक्ली छोरी हो । खोजेर ल्याइदेऊ बाबु हो, ईश्वरले तिमीहरूको भलो गर्छन् ।'

स्वयंसेवी युवकले बुढा सराजुद्दिनलाई उसकी छोरी जिउँदै भए केही दिनमै फिर्ता ल्याइदिने दरो आश्वासन दिए । आठै जनाले सक्दो कोसिस गरे । ज्यान हत्केलामा राखेर उनीहरू अमृतसर गए । कैयन् पुरुष र बच्चालाई निकालेर सुरक्षित स्थानमा पुर्‍याइदिए । दस दिन बित्यो । सकिनालाई कतै भेटेनन् ।

एक दिन यस्तै सेवाको काममा लरीमा अमृतसर जाँदै थिए । छरहटानजिकै सडकमा एउटी केटी देखिई । लरीको आवाज सुनेर ऊ तर्सी र दौडन थाली । स्वयंसेवकहरूले मोटर रोके । सबै जना उसलाई पिछा गर्न थाले । खेतमा उनीहरूले केटीलाई पक्रिए । उसको दाहिने गालामा ठूलो कोठी थियो । एउटा केटोले भन्यो, 'डराउनु पर्दैन । तिम्रो नाम सकिना हो ?'

डरले केटीको अनुहारको रङ पहेलो भयो । उसले जबाफ दिइनँ । केटाहरूले भरलाग्दो आश्वासन दिएपछि ऊ ढुक्क भई । उसले आफू सराजुद्दिनकी छोरी सकिना भएको स्वीकार गरी ।

हरेक युवकले केटीको मन बहलाउन सक्दो उपाय गरे । उसलाई खाना खुवाए, दूध पिलाए र लरी चढाए । एउटाले आफ्नो कोट फुकालेर दियो किनभने सल नहुँदा उसलाई एकदमै अप्ठेरो भइरहेको थियो । बारम्बार ऊ हातले छाती ढाक्ने प्रयास गरिरहेकी थिई ।

कैयन् दिन बिते । सराजुद्दिनले सकिनाको कुनै खबर पाएन । ऊ दिनभरि विभिन्न क्याम्प र कार्यालयको चक्कर लगाउँथ्यो । तैपनि कतैबाट उसकी छोरीको पत्तो लागेन । राति ऊ ढिलोसम्म ती स्वयंसेवी युवकको सफलताका लागि प्रार्थना गर्थ्यो, जसले उसलाई सकिना जिउँदो रहेकी भए केही दिनमै फिर्ता ल्याइदिने आश्वासन दिएका थिए ।

एक दिन उसले क्याम्पमा ती नवयुवा स्वयंसेवीलाई देख्यो । उनीहरू लरीमै थिए । सराजुद्दिन दौडँदै तिनीहरूको नजिक पुग्यो । लरी हिँड्नै लागेको थियो । उसले सोध्यो, 'बाबु हो, मेरी छोरीको पत्ता लाग्यो कि ?'

सबैले एउटै स्वरमा भने, 'पत्ता लाग्छ, पत्ता लाग्छ । धन्ना नमान्नुस् बुढा बा !' यति भन्दै तिनले लरी चलाए । सराजुद्दिनले एक चोटि फेरि ती नवयुवाको सफलताका लागि प्रार्थना गर्‍यो । उसको मन अलिकति हलुका भयो ।

साँझपख सराजुद्दिन बसेको क्याम्पमा केही गडबड भयो । चार जना कसैलाई बोकेर आइरहेका थिए । सोधुपुछ गर्दा थाहा भयो, एउटी केटी रेलको लिक नजिकै बेहोस अवस्थामा भेटिएकी थिई । मानिसहरूले उसलाई बोकेर ल्याए । सराजुद्दिन उनीहरूको पछाडि लाग्यो । तिनले केटीलाई अस्पताल पुर्‍याइदिए र फर्किए ।

केही बेर सराजुद्दिन अस्पतालबाहिर बिजुलीको काठे खम्बामा आड लागेर उभियो । अनि बिस्तारै भित्र छिर्‍यो । क्याबिनमा कोही थिएन । एउटा स्ट्रेचरमा लास पसारिएको थियो ।

सराजुद्दिन हलुका पाइला चाल्दै त्यसतर्फ गयो । कोठामा एक्कासि बत्ती बल्यो । सराजुद्दिनले लासको चम्किलो गालामाथि कालो कोठी देख्यो । एक्कासि ऊ चिच्यायो, 'सकिना !'

क्याबिनमा बत्ती बाल्ने डाक्टरले सराजुद्दिनलाई हकार्‍यो, 'के हो ?'

सराजुद्दिनको घाँटीबाट मुस्किलले यति निस्कियो, 'डाक्टर साप, म यो केटीको बाबु हुँ ।'

डाक्टरले स्ट्रेचरमा पसारिएको लासको नाडी छाम्यो । अनि झ्यालतिर संकेत गर्दै सराजुद्दिनलाई भन्यो, 'खोल्देऊ !'


एक्कासि सकिनाको लासमा ज्यान फर्किएझैं भयो । प्राणविहीन हातले उसले बिस्तारै आफ्नो इँजारको सुर्कनी खोली र कम्मरबाट सलवार सरक्क तल सारिदिई ।

'मेरी छोरी जिउँदै छे, मेरी छोरी मरेकी छैन', असीम खुसीले चिच्याउँदै बुढो सराजुद्दिन चिच्यायो ।

डाक्टर शिरदेखि पैतालासम्मै पसिनाले लछप्पै भिज्यो ।

## टिप्पणी

### 'मेरो देश कुन हो ?'



एजेन्सी

यो 'खोल्देऊ' कथा पढ्दा संवेदनशील जो कोही पाठकलाई आँसु थाम्न मुस्किल पर्छ । छ्यांगै नखोलिएकोले यस कथाको अन्त्यको व्याख्या पाठकपिच्छे अलग अलग हुन सक्छ । शब्दमा वर्णन नगरी त्यो दृश्यले सकिनाको जिन्दगीमा के विपत् आइलागेको थियो भन्नेचाहिँ प्रस्ट पार्छ । त्यसकै लागि अश्लीलताको आरोपमा कथाकारले अदालतमा बयान दिनुपर्‍यो । तर, कथा अश्लील थिएन, बरु विपत्मा परेका युवतीको अस्मिता हरण गर्ने अश्लील समाजप्रति तिखो व्यंग्य थियो । हो, कथाकारले एक ठाउँमा केटी बेहोस भएर रेलको लिकनजिक बेहोस अवस्थामा भेटिएकी उल्लेख गरेका छन् । स्ट्रेचरमा रहेको उसको शरीरलाई चाहिँ लास भनेका छन् । यसले प्रश्न उठ्छ, सकिना जिउँदै थिई कि मृत ? मृत हो भने डाक्टरले उसको बाबुलाई झ्यालतिर संकेत गर्दै 'खोल्देऊ' भन्दा उसले कसरी सलवार खोलिदिई ? ज्युँदै थिई भने नाडी छामेर डाक्टरले किन ज्युँदो भएको संकेत गरेन ? प्रश्नजस्तो उठे पनि अन्तिम दृश्यले बलात्कृत युवतीको अन्तरमा लुकेको असीम भयलाई छताछुल्ल पार्छ ।

सआदत हसन मन्टो (१९१२ मे ११- १९५५ जनवरी १८) मुसलमान समुदायका त्यस्ता महान् कथाकार हुन्, जसका लागि मुसलमान वा हिन्दु होइन, 'मान्छेले मानवीय उच्च गरिमासाथ बाँच्न पाउने हक' सबैभन्दा महत्त्वपूर्ण थियो । कथामार्फत सदैव उनले यसैको पक्षधरता देखाए । खासगरी भारत विभाजनपछि त्यहाँका बासिन्दाले भोग्नुपरेको, विपत्ति, हिंसा र भयको मनोविज्ञानलाई उनले जीवन्त चित्रण गरे । परम्परावादी समाजले भारत स्वतन्त्रताअघि उनका तीन कथा 'धुवाँ,' 'बु' र 'काली सलवार' तथा भारत विभाजनपछि पाकिस्तानमा अन्य तीन कथा 'ठन्डा गोस्त', 'खोल दो' र 'उपर निचे दरमियान' लाई अश्लीलता प्रयोग गरेको आरोपमा मुद्दा लगायो । उनले अदालतमा प्रस्टीकरण दिनुपर्‍यो । एकपल्ट त जरिवानै तिर्नुपर्‍यो । अश्लीलताको आरोपमाथि उनको प्रस्टीकरण सधैँ एउटै हुन्थ्यो, 'लेखकले तब मात्र कलम चलाउँछ जब उसको संवेदना घाइते हुन्छ । म अश्लील लेखक होइन, कथा लेखक हुँ ।'

समाजले कहिल्यै महत्त्व नदिएका दलित, उत्पीडित र सीमान्तकृत समुदायको दुःख, पीडा र बाध्यतालाई मन्टोका कथाले इमानदारीपूर्वक प्रकट गर्छन् । उनी तिनको मनस्थितिका अनुद्घाटित सत्य उद्घाटन गर्छन् जहाँ ठूला मनोवैज्ञानिक पनि पुग्न सकेका हुँदैनन् । ती खासमा मान्छेलाई बाँच्ने कला सिकाउने कथा हुन् । उनका अधिकांश मुख्य पात्र यातना भोगेका र विपत्मा परेका मान्छे हुन् । भौतिक स्थिति कमजोर भए पनि ती आफ्ना मानवीय आकांक्षाका बलमा कट्टरपन्थविरुद्ध अन्तिम क्षणसम्म लडिरहन्छन् ।

पन्जाबको लुधियानामा जन्मेका मन्टो सन् १९३६ मा एउटा फिल्मी पत्रिका सम्पादन गर्न बम्बई पुगेका थिए । त्यसैबेला उनले इम्पेरियल फिल्म कम्पनीका लागि पटकथा र संवाद लेख्न थाले । त्यो समय मन्टोका जिन्दगीका सबैभन्दा सुनौला दिनहरू थिए । त्यसै बेला उनका सबैजसो कथा र निबन्धका किताबहरू छापिए । सन् १९४७ अगस्ट १४, रातको १२ बजे भारत विभाजन भयो । पूरै देशमा भागदौड मच्चियो । जताततै हिन्दु र मुसलमानबीच काटामार चल्यो । उनका पत्नी र बच्चाहरू परिवारका अन्य सदस्यसँगै पाकिस्तान गए । कुनै पनि हालतमा बम्बई छाड्दिनँ भनी मन्टो जिद्दी कसेर बसिरहे । त्यसताक उनी बम्बे टाकिजमा काम गर्थे । कट्टरपन्थी हिन्दु समुदायले बम्बे टाकिजको मालिकलाई 'सबै मुसलमान कर्मचारीलाई निकाल्नू, अन्यथा सारा सम्पत्ति नष्ट भएको आफ्नै आँखाले हेर्न तयार हुनू' भनी धम्की दिए । मन्टोमाथि यो आदेशको असर अत्यन्त घातक भयो । उनी भत्किएको सपना र घाइते मन लिएर लाहोर गए । बम्बईमा आखिरी दिनहरूको सम्झना गर्दै उनले लेखेका छन्, 'भारत र पाकिस्तानमध्ये मेरो देश कुन हो ? यो तय गर्नु मेरा लागि असम्भव छ । बडो निर्दयतापूर्वक जसरी रगतको खोलो बगाइँदै छ, त्यसका लागि को जिम्मेवार छ ?' त्यही पीडाले उनी अत्यधिक रक्सी पिउन थाले । अहमद नदिम कासमीको शब्दमा कहानीका यी पागल जादुगरलाई अन्ततः कलेजोको क्यान्सर भयो र चेखब वा मोपासाँजस्तै ४३ वर्षको अल्पायुमा उनको मृत्यु भयो । जीवन जति छोटो भए पनि 'टोबा टेकसिंह', 'ठन्डा गोस्त', 'दो गड्ढे', 'गुरमुखसिंह की वसियत', 'खोल दो', 'नंगी आवाज', 'सुरमा', 'टिटवालका कुत्ता' लगायत आफ्ना कालजयी कथामार्फत उनी अमर छन् ।

- अभय श्रेष्ठ



## बसिबियाँलो

वात्स्यायन



शनिबारको

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक ३२८ विराटनगर | ४ माघ २०७६ शनिबार माघ कृष्णपक्ष अष्टमी | नेपाल संवत् ११४० | प्रदेश १ संस्करण | KANTIPUR, Nepali National Daily, Saturday, January 18, 2020 | पृष्ठ १२+४+८ | १० रुपैयाँ

# तनाव व्यवस्थापनमा चुक्दा

## बढी कमाउने प्रलोभनमा ऋण लिएर गरेको लगानी डुब्न थालेपछि परिवारसहित आत्महत्या प्रयास गरेका युवाले श्रीमती र दुई छोरा गुमाएका छन्

■ **हरिहरसिंह राठौर** (धादिङ)
**मातृका दाहाल** (काठमाडौं)

व्यवस्थापन विषयका लेक्चरर विनय लामिछाने आफैंमा एक कुशल व्यवस्थापक पनि थिए। काठमाडौंको चन्द्रागिरि नगरपालिकास्थित मंगलोदय क्याम्पसमा व्यवस्थापन संकायमा पढाउँदै आएका उनले व्यवसायमा पनि हात हालेका थिए। सेयर र कमोडिटी मार्केटमा उनको लगानी थियो। उनी 'वेस्ट काठमाडौं बिजनेस इन्भेस्टमेन्ट प्रालि' का प्रमुख कार्यकारी अधिकृत पनि हुन्।

डेढ वर्षअघिदेखि सेयर र कमोडिटी मार्केटमा लगानी गरेका विनयले ६ महिनासम्म राम्रै नाफा कमाए। त्यसपछि लोभिएर लगानी बढाए। तर दुर्भाग्य, नाफा पहिलेझैं निरन्तर हुन सकेन। एक वर्षको अवधिमा डेढ करोडभन्दा बढी घाटा व्यहोरेपछि उनको जिन्दगीले अर्कै मोड लियो। हिसाब गर्दा आफ्ना भएभरको जायजेथाले पनि ऋण र सापटी तिर्न नभ्याउने भयो। त्यसपछि तनाव व्यवस्थापन गर्न नसकेका लामिछाने गलत निर्णयमा पुगे। अन्ततः पत्नी र दुई अबोध छोरासहित बिहीबार साँझ त्रिशूली नदीमा हेलिन पुगे।

मकवानपुर, चित्लाङका विनयले धादिङको सिद्धलेख-७, बडघरेकी जमुना रेग्मीसँग २०७४ मा विवाह गरेका थिए। उनीहरूका दुई वर्षीय छोरा विजन र ६ महिनाका रिजन थिए। रिजनको शुक्रबारै पास्नीको साइत जुरेको थियो। तर परिवारमा सुतक परेकाले उनी पास्नी छोडेर श्रीमती र दुई छोरासहित घरबाट निस्किए।

घर छोड्नुअघि विनयले जमुनासँग भनेका थिए, 'म ऋणमा डुबिसकें, अब मर्छु।' जवाफमा जमुनाले 'एक्लै होइन, परिवार नै सँगसँगै मरौं' भनेपछि उनीहरू दुवै छोरालाई लिएर धादिङतर्फ लागेका थिए। घर छोड्नुअघि विनयले लेखेको तीन पाना लामो 'सुसाइड नोट' मा ऋण तिर्नुपर्ने लामो फेहरिस्तसहित आफू मृत्यु रोज्न बाध्य भएको खुलाएका छन्। 'यो पढ्नु होला' शीर्षकमा हरियो अक्षरमा लेखिएको सुसाइड नोटमा परिवार नै मास्नुपरेको कारण उल्लेख गरेका छन्। गएको वर्षदेखि व्यापार निकै खस्केको, सापटी लिएका मानिसले फोन गरेर चर्को मानसिक तनाव दिएको र आफ्नो अंश लाग्ने सम्पत्ति बेच्दा पनि सापटी र ऋण तिर्न नसक्ने अवस्था आएकाले श्रीमती र छोराहरूसहित परिवारले नै मृत्युवरण गर्ने निर्णय गरेको उनले सुसाइड नोटमा लेखेका छन्।



**विनय लामिछाने (दायाँ)। त्रिशूलीमा डुबेर मृत्यु भएकी उनकी पत्नी जमुना र बेपत्ता छोराहरू।** *तस्बिर : विनयको फेसबुकबाट*

धादिङको बेनीघाटस्थित सिउरेनीटार जोड्ने पुलमुनिबाट ६ महिनाका छोरा रिजनलाई श्रीमती र दुईवर्षे विजनलाई विनय आफैंले काखमा लिएर नडुबुन्जेल त्रिशूलीमा हेलिएका थिए। संयोगले विनयलाई जलयात्रा गर्ने समूहले जीवितै उद्धार गर्‍यो। तर जमुना दुई छोरासहित बेपत्ता भइन्।


बाँकी पृष्ठ १३ ▶▶

# किन हुन्छ सामूहिक आत्महत्या ?

■ **गोकर्ण गौतम** (काठमाडौं)

धादिङमा बिहीबार साँझ भएको घटनाले सामूहिक आत्महत्या प्रयास किन बढ्दै छ भन्ने प्रश्न फेरि जगाइदिएको छ।

गत वर्ष चितवनको भरतपुर महानगरपालिका-१८, शशीनगरमा एकै परिवारका तीन जनाले आत्महत्या गरेका थिए। सहरी क्लिनिक टोलकी ३५ वर्षीया माया आलेमगर, उनका १४ वर्षीया छोरी विनिता र १२ वर्षे छोरा विवेक सलमा झुन्डिएका थिए। विवेकले सुनाइड नोटमा लेखेका थिए, 'बुबा, तपाईं हामीलाई नसोधी किन जानुभयो ? ममीले साह्रै दुःख मान्नुभएको छ।' नेपाली सेनामा कार्यरत उनका बाबु घटनाको दुई दिनअगाडि काठमाडौं फर्किएका थिए। पारिवारिक बेमेलले आमाले बच्चासहित आत्महत्या गरेको खुलेको थियो। अघिल्लो वर्ष बझाङको सुर्मामा एउटै रुखमा पासो लगाएर तीन बालिकाले सामूहिक आत्महत्या गरेका थिए। १४ वर्षे जुनतारा पुजारा, १४ वर्षकै रेखा पुजारा र उनीहरूभन्दा एक वर्ष जेठी कविता बोहराले जंगलमा एउटै रुखमा नाम्लोले पासो लगाएर मृत्यु रोजेका थिए। यो रहस्यमयी घटनाको अन्तर्य त्यतिकै लुक्यो।



प्रेममा मनमुटाव वा वियोग भएपछि जोडीले आत्महत्या गरेका घटना पनि उत्तिकै छन्। गत वर्ष फागुनमा वीरगन्जमा तीन किशोरकिशोरीले सामूहिक विष सेवन गरेर आत्महत्या प्रयास गरेका थिए। जिरा भवानी गाउँपालिका-४ की १८ वर्षीया संगीताकुमारीको उपचार क्रममा मृत्यु भयो भने मञ्जिता कुमारी र सञ्जय दास समयमै उपचार पाएरकाले बाँचे। मञ्जिताको राज चौधरीसँग र संगीताको सञ्जयसँग प्रेमसम्बन्ध थियो। सञ्जय र राजचाहिँ साथीसाथी। विवाह गरेर भाग्ने प्रयास असफल भएपछि विष सेवन गरेको खुलेको थियो।

बाँकी पृष्ठ १३ ▶▶

**भित्र**



गुठीको २ हजार रोपनी व्यक्तिको नाममा

- फुक्दै नेकपामा असहमतिको गाँठो
- कांग्रेस भन्छ- 'सभामुख-उपसभामुख राष्ट्रिय हैसियतको फरक दलबाट'
- उस्तै कसुर, दुई थरी फैसला


साथमा





### अमेरिकी दूतावास भन्छ-

## 'एमसीसीमा सैन्य मामिला छैन'



काठमाडौं (कास)- अमेरिकी दूतावासले मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) कुनै सैन्य गठबन्धन नभएको जनाएको छ। जनस्तरमै पक्षविपक्षमा व्यापक तर्क उठेपछि काठमाडौंस्थित दूतावासले शुक्रबार दसबुँदे विज्ञप्ति जारी गरेर एमसीसीमा कुनै सैन्य मामिला नजोडिएको बताएको हो।


दूतावासले अमेरिकी कानुनले कुनै पनि एमसीसी परियोजनामा सैन्य संलग्नतालाई निषेध गरेको दाबी गरेको छ। उसले एमसीसीलाई 'विशुद्ध रूपमा आर्थिक विकासमा केन्द्रित' भनेको छ। 'नेपालमा विद्युत् प्रसारण लाइन निर्माण र सडकको स्तरोन्नतिमार्फत आर्थिक विकासमा सघाउने एमसीसी परियोजनाको लक्ष्य छ,' विज्ञप्तिमा भनिएको छ। सत्तारूढ नेकपाभित्रै एमसीसी 'चीनविरुद्ध लक्षित' इन्डो-प्यासिफिक रणनीतिको अंग भएकाले उसँग भएको परियोजनासम्बन्धी सम्झौता संसद्बाट अनुमोदन गर्न नहुने आवाज उठ्न थालेपछि अमेरिकी दूतावासले विज्ञप्तिमार्फत प्रस्टीकरण सार्वजनिक गरेको हो। एमसीसी सम्झौता अनुमोदनका लागि संघीय संसद्मा पेस गरिएको छ, जसलाई यही हिउँदे अधिवेशनमा पारित गराउने सरकारको तयारी छ।

दूतावासले एमसीसीका सम्बन्धमा उठेका प्रश्नहरूबारे आफू जानकार भएको उल्लेख गरेको छ। 'हालै नेपाली नागरिक, नेतृत्व र सञ्चारकर्मीले एमसीसीको नेपाल कम्प्याक्ट (सम्झौता) बारे सोधिरहनुभएको छ। यस्ता प्रश्नलाई हामी स्वागत गर्छौं। यस कार्यक्रमभित्र नेपालका लागि केकस्ता लाभ छन् भन्नेसम्बन्धी बुझाइ निर्माणमा नेपाली जनसाधारणको सहभागितालाई पनि हामी स्वागत गर्छौं,' विज्ञप्तिमा भनिएको छ, 'अन्तर्राष्ट्रिय विकासका निम्ति पारदर्शिता तथा सच्चा साझेदारीमा आधारित नयाँ मोडलका रूपमा एमसीसी स्थापना भएको हो।'

बाँकी पृष्ठ १३ ▶▶

# फेरि हिमपात र वर्षा

## अन्नपूर्ण हिँडेका ७ जना सम्पर्कविहीन, गोरखामा हिमपहिरो



फाइल तस्बिर

**कान्तिपुर संवाददाता** (काठमाडौं)

सुदूरपश्चिम हुँदै भित्रिएको न्यूनचापीय प्रणालीका कारण शुक्रबार देशैभर वर्षा भएको छ। उच्च पहाडी र हिमाली भागमा हिमपात भएको छ। गोर्खामा हिमपहिरो गएको छ भने पर्यटकीय पदमार्ग अन्नपूर्ण आधारशिविर हिँडेका पाँच विदेशी पर्यटक र दुई नेपाली गाइड सम्पर्कविहीन छन्। निरन्तर वर्षा र खराब मौसमकै कारण चार अन्तर्राष्ट्रिय उडान डाइभर्ट भए भने ३७ आन्तरिक रद्द हुन पुगे।

पोखरास्थित संवाददाताका अनुसार अन्नपूर्ण आधारशिविर हिँडेका चार कोरियाली, एक चिनियाँ र दुई नेपाली सम्पर्कविहीन छन्।

'अन्नपूर्ण बेसक्याम्प (एबीसी) जाने क्रममा नौ कोरियालीमध्ये चार जना सम्पर्कमा नरहेको जानकारी प्राप्त भएको छ,' गण्डकीका प्रदेश प्रहरी प्रमुख डीआईजी विनोद शर्मा घिमिरेले भने, 'नेपाली भरियासहित गएका एक चिनियाँ र छुट्टै टोलीका दुई नेपाली गाइड पनि सम्पर्कविहीन छन्।' कास्कीको अन्नपूर्ण गाउँपालिका-११ हिमालय र देउरालीबीचको हिंकुमा हिमपहिरो आएपछि उनीहरू सम्पर्कमा नरहेको उनले बताए। उक्त वडाको दोभानस्थित डेस्टिनेसन एबीसी होटलका सञ्चालक सुक गुरुङले पनि केही पर्यटक र नेपाली बाटैबाट सम्पर्कविहीन रहेको बताए। अत्यधिक हिमपातले उक्त मार्गमा तत्काल ओहोरदोहोर गर्न सकिने अवस्था छैन। स्थानीय र प्रहरीले उक्त स्थानमा फोनले काम नगरेकाले पनि खोजीमा समस्या भएको बताएका छन्।

'एबीसी जाने बाटोमा रहेका होटलमा उनीहरू सुरक्षितसाथ बसेका पनि हुन सक्छन्,' डीआईजी घिमिरेले भने, 'टेलिफोन सम्पर्क छैन। अत्यधिक हिमपातले कोही जान सक्ने अवस्था छैन।' नजिकै रहेको घान्द्रुक प्रहरी चौकीबाट घटनास्थल पुग्न एक दिन लाग्छ। शुक्रबार बिहान ११ बजेतिर उक्त स्थानमा हिमपहिरो आएको थियो। डीआईजी घिमिरेले स्थानीय र प्रहरीलाई घटनास्थलतर्फ परिचालन गरिएको बताए। कास्की प्रहरीका प्रवक्ता डीएसपी राजकुमार केसीले पनि घटनाबारे अपुष्ट सूचना आएको बताए।

अत्यधिक हिमपातपछि गएको हिमपहिरोले गोरखामा ट्रेकिङ रुट (पैदल मार्ग) बन्द भएको छ। चुमनुब्री गाउँपालिका-४ नामरुङमा शुक्रबार दिउँसो हिमपहिरो जाँदा लार्केबाट सामागाउँ जाने बाटो बन्द भएको प्रहरीले जनाएको छ। गोरखा प्रहरी प्रमुख एसपी ओम अधिकारीका अनुसार करिब ५ सय मिटर माथिबाट आएको हिमपहिरोले लार्केपास ट्रेकिङ रुटको २५ मिटर बाटोमा क्षति पुर्‍याएको छ। 'बाटो नभएका कारण तत्काललाई आवतजावतमा रोक लगाइएको छ,' अधिकारीले भने, 'स्थानीयसँग समन्वय गरी बाटो खुलाउने प्रयासमा छौं।'

बाँकी पृष्ठ १३ ▶▶



# सुख्खा क्षेत्रमा तमोरको पानी

तेह्रथुम (कास)- सरकारले सुख्खा क्षेत्र घोषणा गरेको पाँचथरको कुम्मायक गाउँपालिकामा तमोर विद्युतीय पम्पिङ खानेपानी आयोजनाको काम अन्तिम चरणमा पुगेको छ। विद्युतीय पम्पिङ प्रविधिबाट १७ किलोमिटर तल तमोर नदीबाट तानीएको पानी सुख्खा क्षेत्र रहेको याशोक, रानीगाउँ र स्यावरुम्बामा वितरण गर्ने तयारी भइहेको छ।

विद्युतीय पम्पबाट तमोर नदीको पानी तानेर वितरण गर्ने कार्य अन्तिम चरणमा पुगेको कुम्मायक गाउँपालिका १ का वडाध्यक्ष समेत रहेका आयोजना निर्माण समिति सचिव देवेन्द्रकुमार लावतीले बताए। यासोक, रानीगाउँ र स्यावरुम्बामा रहेका धारा, कुवा, पंधेरा, खोला, खोल्सी, पोखरी र सिमसारसमेत सुकेपछि समस्या भएको उनले जनाए। वर्षा याममा आकासे पानीको भरमा जीवन धानिरहेका गाउँलेले हिउद याममा भने समस्या बेहोर्दै आएका थिए। विद्युतीय पम्पबाट ३ सय ३६ मिटर तलदेखि तानेर तमोर नदीको पानी १ हजार ६ सय ८७ मिटर उचाइसम्म पुर्‍याइएको छ। यासोक, स्यावरुम्बा र रानीगाउँका उच्च ठाउँमा ट्यांकी बनाएर पाइपबाट ल्याइएको पानी जम्मा गरेर बस्तीमा वितरण गर्ने काम भइरहेको आयोजनाका साइट इन्चार्ज लोकेन्द्रराज भण्डारीले बताए। प्रेरणा स्वामी नारायण जेभीले ५१ करोड ३० लाख २० हजार ५ सय ६८ रुपैयाँ लागतमा आयोजना निर्माण गरेको हो।

आयोजनाको काम चाँडो सक्न स्थानीय तह, राजनीतिक दल र स्थानीयले समेत सहयोग गरिरहेको कुम्मायक गाउँपालिकाका अध्यक्ष जयबहादुर चेम्जोङले बताए। उपभोक्ताले जम्मा लागतको एक प्रतिशत रकम प्रतिघर २ हजार ६ सय रुपैयाँका दरले ५३ लाख रुपैयाँ नगद संकलन गरी जम्मा गरेका छन्। पाँचथरको स्यावरुम्बास्थित तमोर नदीको लुमुघाट दोभानमा इनारको आकारमा मुख्य ट्यांकी निर्माण गरी विद्युतीय पम्पिङ प्रविधिबाट नदीको पानी विभिन्न सात तह माथि तानेर ट्यांकीमा जम्मा गरी वितरण लाइनमा पठाइएको छ।

बीपी प्रतिष्ठानमा पदाधिकारी नियुक्ति

# शक्तिकेन्द्र धाउँदै आकांक्षी

'राम्रालाई भन्दा हाम्रालाई' प्राथमिकता दिँदा भ्रष्टाचार मौलाएको सरोकारवालाले बताउँदै आएकामा उपकुलपतिमा कार्यवाहक शिक्षाध्यक्ष आफैं लबिङ गरिरहेका छन्।

■ **प्रदीप मेन्याङ्बो** (सुनसरी)

बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका तत्कालीन उपकुलपति प्राडा. राजकुमार रौनियार भ्रष्टाचार काण्डमा तानिए। पछि निलम्बनमा परे। त्यसपछि प्रतिष्ठानको आन्तरिक प्रशासनिक व्यवस्थापन सञ्चालन गर्न शिक्षाध्यक्ष प्राडा. गुरुप्रसाद खनालले कार्यवाहक उपकुलपति, शिक्षाध्यक्ष तथा रजिस्ट्रारको कार्यभार सम्हालिरहेका छन्।

गिर्दो अवस्थामा रहेको प्रतिष्ठानको साख जोगाउन सरकारले पनि खासै प्राथमिकतामा राखेको छैन। तैपनि प्रतिष्ठानको गत साउनयता रिक्त उपकुलपति र रजिस्ट्रार पदका लागि नेकपाभित्र आकांक्षी बढेका छन्।

पुस २५ मा प्रतिष्ठानको ४३ औं सिनेट बैठकले उपकुपति र रजिष्ट्रार नियुक्तिको बाटो खोलेपछि आकांक्षीहरू शक्तिकेन्द्र धाउन व्यस्त छन्। यसअघि प्रतिष्ठानमा नियुक्त भएका उपकुलपति, शिक्षाध्यक्ष, अस्पताल निर्देशक र रजिस्ट्रार नियुक्तिमा आर्थिक चलखेल भएको व्यापक चर्चा चलेको थियो। मन्त्री र मन्त्रालयले पनि प्रतिष्ठानको साख जोगाउने योग्य दक्ष, मिसन/भिजन भएका प्राज्ञिकलाई नियुक्त गर्नुभन्दा पार्टीका आसेपासे र लाभ लिन सकिनेलाई पदाधिकारीमा नियुक्त गर्ने गरेको आरोप लाग्दै आएको छ।

'राम्रालाई भन्दा हाम्रालाई' प्राथमिकता दिँदा भ्रष्टाचार मौलाएको सरोकारवालाले बताउँदै आएकामा उपकुलपतिमा शिक्षाध्यक्ष प्राडा खनाल आफैं लबिङ गरिरहेका छन्। उनी पूर्वमाओवादी रहेकाले पुष्पकमल दाहालको नजिकका मानिन्छन्। प्रतिष्ठानको विषयमा खनाल अरूको कुरा पनि सुन्ने भए पनि निर्णय भने आफ्नै सानो गुटको संकेतमा गर्ने भनेर आरोप लाग्दै आएको छ। उनी हाडजोर्नी विभाग चिकित्सक हुन्।

उपकुलपति बन्नका लागि विराटनगरका विराट नर्सिङ होमका सञ्चालक डा. ज्ञानेन्द्र गिरी पनि शक्तिकेन्द्र धाइरहेको स्रोतले बताएको छ। फिजिसियन रहेका डा. गिरी स्वास्थ्यमन्त्री भानुभक्त ढकालसँग नजिक मानिन्छन्। नेकपा निकट मानिएका हाल ग्राण्डी अस्पतालका फिजिसियन डा. अर्जुन कार्की पनि प्रतिष्ठानको उपकुलपति बन्न दौडमा छन्। उनी पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका पूर्वउपकुलपति हुन्। प्रतिष्ठानको रिक्त रहेको उपकुलपति पदमा नयाँ नियुक्तिका लागि कुलपति एवं प्रधानमन्त्री केपी शर्मा ओलीले स्वास्थ्यमन्त्री संयोजक रहने गरी ३ सदस्यीय सिफारिस समिति गठन गरिसकेको छ। समितिका सदस्यहरूमा राष्ट्रिय योजना आयोगका सदस्य उषा झा र अर्थ मन्त्रालयका सचिव राजन खनाल रहेका छन्। तीन सदस्यीय समितिले गरेको सिफारिसका आधारमा कुलपतिले एक महिनाभित्र प्रतिष्ठानमा उपकुलपति नियुक्ति गर्ने सिनेट बैठकमा सहकुलपतिले जानकारी दिएको प्रतिष्ठानका सहप्रवक्ता डा. अशोक ऐयरले बताए।



धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान। *तस्बिर : कान्तिपुर*

नयाँ नियुक्त उपकुलपतिको सिफारिसमा रिक्त रहेको रजिस्ट्रार, डिपुटी रजिस्ट्रारलगायतको नियुक्ति हुने डा ऐयरले बताए। गत साउनमा रजिस्ट्रार तुलबहादुर श्रेष्ठविरुद्ध भ्रष्टचार मुद्दा विशेष अदालतमा परेपछि निलम्बनमा परेका र भदौमा उनको कार्यअवधि सकिएपछि प्रतिष्ठानमा रजिस्ट्रार पद रिक्त छ।

प्रतिष्ठानको रजिस्ट्रार पदका लागि पनि तीन जनाको दौडधुप चलेको छ। नेकपाका शीर्ष नेताहरूसँग नजिक रहेका किशोर कार्कीको नाम चर्चामा छ। उनले स्वास्थ्य भानुभक्त ढकाललाई भेटेरै भ्रष्टाचारले अस्तव्यस्त भएको प्रतिष्ठानको स्तरोन्नति गर्न आफ्नो रायसल्लाह सुझावसहितको गुरुयोजनाको फाइल नै दिएका छन्। कानुन र आमसञ्चारका अध्येयता कार्की धरानबाट प्रकाशित हुँदै आएको ब्लास्ट टाइम्स दैनिकका प्रबन्ध निर्देशक सम्पादक हुन्।

रजिस्ट्रार पदका लागि प्रतिष्ठानकै स्त्री तथा प्रसूति विभागका प्रमुख डा. मोहनचन्द्र रेग्मी र विराटनगरका एक आँखा अस्पतालका प्रबन्धक राजेश प्रसाईं पनि दौडमा छन्। डा. रेग्मी नेकपा समर्थक हुन भने प्रसाईं प्रधानमन्त्री ओली नजिकका मानिन्छन्। साउनदेखि उपकुलपति, शिक्षाध्यक्ष र रजिस्ट्रार एउटै व्यक्ति रेक्टर डा. गुरुप्रसाद खनालले चलाउँदै आएका छन्। चलाउँदै आएका छन्।

यसैबीच प्रतिष्ठानको सिनेटले आर्थिक वर्ष २०७६/०७७ को बजेट २ अर्ब ७७ करोड रुपैयाँ बजेट पारित गरेको छ। डेढ वर्षदेखि सिनेट बैठक नहुँदा बजेट, दीक्षान्त समारोह, ४ सय शय्याको मातृ तथा शिशु उपचार केन्द्र (एमसीएच), २ सय शय्याको क्यान्सर उपचार केन्द्र (अंकोलोजी), २ सय शय्याको मुटुरोग उपचार केन्द्र (कार्डियाक), नेपाल फाइनान्सियल रिपोर्ट सिस्टम (एनएफआरएस), एमआरआई जडान लगायतका महत्त्वपूर्ण काम र योजनाहरू रोकिएका थिए।

सिनेट बैठकमा ४ वर्षदेखि रोकिएको दीक्षान्त समारोह आगामी फागुन २४ गते गर्ने, प्रतिष्ठानका शिक्षक तथा कर्मचारीहरूको तलब सरकारले वृद्धि गरेअनुसार १८ देखि २० प्रतिशतसम्म आन्तरिक स्रोतबाट उपलब्ध गराउने, कर्मचारी, शिक्षक नियुक्ति, बढुवाका लागि लोकसेवा आयोगबाट सदस्य रहने गरी ७ सदस्यीय समिति गठन गरेर बढुवा, नियुक्त गर्ने निर्णय भएको छ तर बिरामी उपचार सेवा, अनुसन्धान र स्वास्थ्य शिक्षामा महत्त्वपूर्ण मानिएको एमसीएच, अंकोलोजी, कार्डियाक र एनएफआरएस लगायतका योजनाहरूका बारेमा भने कुनै ठोन निर्णय हुन नसकेको सहप्रवक्ता डा. ऐयरले बताए।

प्रतिष्ठानमा एमसीएच भवन निर्माण हुँदाहुँदै अधुरो अवस्थामा रहँदा भूत बंगला बनेको छ। अंकोलोजी, कार्डियाक सेन्टरका लागि टेन्डर आह्वान गरेर परामर्शदातासमेत नियुक्त गरिसकेको अवस्थामा तत्कालीन मन्त्री र उपकुलपतिबीच तालमेल नमिलेपछि रोकिएका छन्। सिनेटले ती रोकिएका योजनाबारे थप अध्ययन गरेर प्रक्रिया अगाडि बढाउने भनेर थाती राखेको छ।

प्रतिष्ठानमा पछिल्लो समयमा दैनिक उपचार गर्न आउने बिरामीको चाप अत्यधिक बढेको र उनीहरूको सहज उपचार सेवाका लागि चाप व्यवस्थापन, आधुनिक मेडिकल उपकरण आपूर्तिबारे भने सिनेटले कुनै ठोन निर्णय गर्न सकेन। प्रतिष्ठानकै दन्त चिकित्सा महाविद्यालयमा ८० प्रतिशत डेन्टल चियर काम नलाग्ने अवस्थामा छन्।

दाँतसम्बन्धी उपचार गर्न आवश्यक एक्सरे मेसिन समेत बिग्रेर काम नलाग्ने भएकाले अधिकांश सेवाग्राही बिरामीहरूले प्रतिष्ठानबाहिरको निजी क्लिनिकमा जानुपरेको छ। प्रतिष्ठानमा चिकित्सकहरू अपडेट र अपग्रेड भए पनि भारत सरकारले दिएको २५ वर्ष पुराना मेडिकल उपकरणको भरमा उपचार गर्नुपरेकाले ती विषयमा सिनेट र सरकारको ध्यान जान नसकेको प्रतिष्ठानकै सिनियर चिकित्सकले बताए।

# पुल बनाउन म्याद थपेको थप्यै

इलाम (कास)- सडक डिभिजन कार्यालयमार्फत इलामको विभिन्न खोलामा निर्माणाधीन आधा दर्जन पक्की पुल अझै बन्न सकेको छैन। पछिल्लो समय ती पुल निर्माणका लागि ठेकेदार कम्पनीलाई म्याद थप गर्नुपर्ने अवस्था छ।

नाम चलेका र ठूला कम्पनीले नै जिम्मा लिएका पुल निर्माण समयमा हुन नसकेको हो तर सरकारले अवसरसँगै १ वर्षमा अधुरा काम सक्ने वाध्यकारी व्यवस्था गरेकाले अधिकांश पुलको काम सकिने अवस्था आएको कार्यालयको भनाइ छ।

सडक डिभिजनमार्फत इलाम, पाँचथर र ताप्लेजुङमा गरी राजमार्ग क्षेत्रमा ६ वटा र स्थानीय सडकमा १० वटा पुलको काम अघि बढेको छ। मेची राजमार्ग कावेलीमा पुल निर्माणको काम भइरहेको छ। त्यस्तै दमक-चिसापानी-रवि सडकअन्तर्गत बागमारा र घती दोभानमा पुल निर्माणाधीन छन्। त्यस्तै, इलाम सन्दकपुर रोडको गिताङ र राते खोलामा पुल निर्माण भइरहेको छ। फिक्कलबाट पशुपतिनगर हुँदै अन्तु जाने सडकको सिद्धिखोलामा पनि निर्माणको काम अघि बढेको छ।

सन्दकपुर रोडको माइमझुवामा पर्ने गिताङ र रातेखोलामा निर्माण थालिए पनि अधुरै छन्। गिताङ पुलको निर्माणको जिम्मा लिएको नागार्जुन कम्पनीले म्याद थपेर केही महिनाभित्रै काम सक्ने प्रतिबद्धता जनाएको छ। 'सुरुमा यतैका ठेकेदारमार्फत काम गराउँदा केही ढिलो भएको हो,' कम्पनीका इन्जिनियर शुलभ भट्टले भने, 'अहिले अधुरै रहेका योजनालाई पूरा गर्ने गरी केन्द्रबाट नै काम भइरहेको छ।'

यता रातेखोला पुलको निर्माण कार्य वर्षौंअघि सुरु भए पनि पूरा नहुँदा स्थानीयले सास्ती खेप्नुपरेको छ। 'दुईतर्फको जिप आधा आधा मात्र उठाइएको र लामो समय काम बन्द हुँदा फलामे डन्डीहरू खियाले मकाउने अवस्थामा पुगेको छ,' स्थानीय कमल गुरुङले भने, 'सम्बन्धित निकायले तत्काल गुणस्तरीय काम गराएर स्थानीयसँगै सन्दकपुर जाने पर्यटकलाई सहज बनाउनुपर्छ।'

सडक डिभिजन कार्यालयले ठेकेदार सम्पर्कमा आएकाले चाँडै काम अघि बढ्ने जनाएको छ। लामो समयसम्म काममा ढिलाइ भएको राजदुवाली दानाबारी सडक खण्डको बुढी सुखानी र इलाम नयाँबजार सडक खण्डको माइखोला दुधाङ पुलको काम पनि वर्षौंदेखि अलपत्र छ। ढिलो गरी ठेकेदार कम्पनी सम्पर्कमा आएर काम थालेकाले चाँडै पूरा हुने सडक डिभिजन कार्यालयका प्रवक्ता मिलन श्रेष्ठले बताए।

पुलको आधाभन्दा बढी काम सके पनि निर्माण नै अलपत्र पारेपछि उक्त सडकको यात्रा वर्षायाममा जोखिममा पर्ने गरेको छ। इलामको माई नगरपालिकाका दानाबारी, महमाई, चिसापानी तथा माङ्सेबुङ गाउँपालिकाका विभिन्न ठाउँबाट हाट बजार भर्न झापा, खुदुनाबारी, शनिश्चरे, विर्तामोडजस्ता सहरहरूमा जाने मुख्य सडकमा पर्ने पुल तत्काल निर्माण पूरा गर्नुपर्ने स्थानीयको माग छ। वर्ष ०६८/६९ मा स्काई, अजम्बर, शिवराम जेभीले साझेदारीमा उक्त पुलको ठेक्का लिएको यो पुलको काम चाँडै सक्ने गरी कम्पनीले काम थालेको कार्यालयले जनाएको छ। स्ल्याब हाले पनि पुलका अन्य निर्माण र एक्सेस रोड बनाउन बाँकी छ। वर्षौंअघि थालिएको पुल पूरा नहुँदा इलाम नयाँबजारको यात्रा सहज छैन।

# रगत जुटाउँदै रतन

■ **विप्लव भट्टराई** (इलाम)

उपचारका लागि रगत नभई नहुने भएपछि धेरैले सम्झने एउटै नाम हो रतन चौधरी। समस्या परेका बेला तत्कालै रगत जुटाइदिने भएकाले उनैलाई धेरैले सम्झन्छन्। कसैले आग्रह गरे मध्यराति उठेर पनि रगतको जोहो गराउने उनी बिरामीका लागि ठूलो भरथेग बनेका छन्।

इलाम सदरमुकामस्थित चोक बजारमा घर भएका चौधरी नेपाल रेडक्रस सोसाइटीका उपसभापति तथा आकस्मिक रक्तसञ्चार सेवाका संयोजक भएकाले पनि उनले धेरैलाई रगतको जोहो गर्न सघाएका हुन्।

तर उनलाई पद र प्रतिष्ठाले मात्र यो काम गर्न प्रेरित गर्दैन। मध्यरातमा पनि कसैलाई रगत चाहियो भने ब्लड ग्रुप मिल्ने दाताको फोनमा घण्टी बजाउन उनी पछि पर्दैनन्। अहिले रेडक्रसले इलाम अस्पतालमै ब्लड बैंक स्थापना गरिसकेको छ।

यसो भए धेरैलाई लाग्ला रतन चौधरीको धपेडी कम भयो तर उनले ब्लड बैंक उद्‌घाटनसँगै रगतका लागि लाग्ने आवश्यक रकम ४ वर्षका लागि जोहो गर्ने प्रतिबद्धता जनाइसकेका छन्। लामो समयसम्म आकस्मिक रक्तसञ्चार सेवाको जिम्मा लिएर धेरै बिरामीलाई सेवा पुर्‍याएका चौधरीले बाँकी दिनमा पनि रगतमार्फत बिरामीको सेवा गर्ने निश्चित गरेका हुन्।

पेसाले उनी कपडा व्यवसायी हुन् तर उनको अधिकांश समय पसलमा नभएर अस्पतालमै बितेको भेटिन्छ। यसअघि ब्लड बैंक नभएको अवस्थामा आकस्मिक रक्त सञ्चार सेवा सञ्चालन भएको हो। रेडक्रसले रगत दिन चाहने व्यक्ति फोन नम्बरसहितको जानकारी राखेको हुन्थ्यो। कसलाई कुन ग्रुपको रगत आवश्यक हुन्छ अस्पतालले समितिमा जानकारी गराउँथ्यो। संयोजक आफैं भएकाले उनी रगतका लागि रेकर्ड पल्टाएर प्रयास थालिहाल्थे। 'ब्लड बैंक नभए पनि



आफ्नै पहलमा स्थापना भएको ब्लड बैंकमा रतन चौधरी। *तस्बिर : विप्लव/कान्तिपुर*

रगत अभावमा कसैको पनि ज्यान नजाओस् भन्ने मेरो चाहना हुन्थ्यो,' चौधरी भन्छन्, 'त्यही भएर जिम्मेवारी भन्दा पनि उपकार सम्झेर काम गरेको हुँ।' जति बेला उनी दिनरात नभनी रगतका लागि मरिहत्ते गर्थे अहिले त्यो अवस्था टारेको छ।

नेपाल रेडक्रम सोसाइटी इलामले स्थापना गरेको रक्त संकलन तथा सेवा युनिट (ब्लड बैंक) मार्फत निःशुल्क रगत उपलब्ध गराउने कार्य सुरु भइसकेको छ। यसअघि बिरामीले एक प्रिन्ट रगतको ७ सय रुपैयाँ तिर्दै आएका थिए। रेडक्रसले ब्लड ब्याग, आइबीसेट, रक्त परीक्षण लगायतमा लाग्ने खर्चबापतको ७ सय रुपैयाँ लिदैं आएको थियो। चौधरीले निःशुल्क रगत वितरणका लागि रेडक्रसलाई वार्षिक १ लाख ५० हजार उपलब्ध गराउने भएका छन्। चौधरीले ०८० असार मसान्तसम्मका लागि रेडक्रसलाई वार्षिक १ लाख ५० हजार रुपैयाँका दरले नगद उपलब्ध गराउने सम्झौता भएको छ। सम्झौताअनुसार चौधरीले रेडक्रस सोसाइटीलाई अबको ४ वर्षसम्म बर्सेनी डेढ लाखका दरले रकम उपलब्ध गराउनेछन्। सोही रकमबाट रेडक्रसले खर्च व्यवस्थापन गरी बिरामीलाई निःशुल्क रगत उपलब्ध गराउने मन्त्री विजय कार्कीले जनाए। गरिब बिरामीसँग एक प्रिन्ट रगत किन्ने रकमसमेत नभएको देखेकाले त्यस्ता बिरामीका लागि निःशुल्क रगत दिनका लागि रेडक्रसलाई रकम उपलब्ध गराएको चौधरीले बताए। 'रगत किन्ने पैसा नभएर छटपटाएका कति निम्नस्तरका बिरामीको पीडा देख्दै आएको छु,' उनले थपे, 'मेरो सहयोगले धेरैको उपकार हुन्छ भन्ने लागेर नै यो निर्णय गरेको हुँ।' रक्तसञ्चार सेवा सञ्चालन भएपछि करिब १० हजारले रगत पाएको उनको दाबी छ।

**भूमि सुधार तथा मालपोत कार्यालय इनरुवा, सुनसरीको ३० दिने सुचना**

सुचना प्रकाशित मितिः २०७६।१०।०४

भुमि सुधार तथा मालपोत कार्यालय सुनसरीबाट जिल्ला सुनसरी साविक सिमरिया गा.वि.स. वाड नं. २ खटियो माझी थारु का नाममा जारी भएको ३० दिने म्याद सरहको सार्वजनिक सुचना।

जिल्ला सुनसरी समिरिया-२ मै हाल दुहबी न.पा. वडा नं. १० बस्ने रामचन्द्र माझी र आशा कुमारी माझीले जग्गाधनी/मोही रामचन्द्र माझी र आशाकुमारी माझीका नाउमा संयुक्त नाउँमा दर्ता रहेको तपसिलका कित्ता जग्गाको मोही लगत कट्टाको माग गरेकोमा तपाईंका नाउमा १५ दिने म्याद जारी गर्दा घर ठेगानामा फेला नपरेको भनी वेपत्ते म्याद तामेल भई आएको हुँदा यस कार्यालयको मिति २०७६।५।२५ को आदेश अनुसार विपक्षीका नाउँमा विषेश अदालत ऐन २०५९ को दफा १०(९) बमोजिम म्याद सरहको ३० (तिस) दिने सार्वजनिक सुचना प्रकाशीत गरीएको छ। फिरादकर्ता/उजुरकर्ताका नाउको जग्गाको मोही लगत कट्टा गर्नु नपर्नेकुनै कारण भएमा स-प्रमाण म्याद भित्र आफै वा कानून बमोजिमको वारेश मुकरर गरी प्रतिउत्तर पठाउनुहोस म्याद गुजारी बसेमा कानून बमोजिम भै जानेछ र पछि तपाईंको कुनै उजुर वाजुर नलाग्ने व्यहोरा यै सुचना द्वारा जानकारी गराईएको छ।

तपसिल

| जिल्ला | गा.वि.स. | वार्ड नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| सुनसरी | सिमरिया | २(क) | २९६ | ०-६-६½ |

**भूमि सुधार तथा मालपोत कार्यालय इनरुवा, सुनसरीको ३० दिने सुचना**

सुचना प्रकाशित मितिः २०७६।१०।०४

भुमि सुधार तथा मालपोत कार्यालय जिल्ला सुनसरी साविक सिमरिया गा.वि.स. वाड नं. २ खटियो माझी थारु का नाममा जारी भएको ३० दिने म्याद सरहको सार्वजनिक सुचना।

जिल्ला सुनसरी दुहवी न.पा. वडा नं. -२ बस्ने कन्तलाल माझी ले जग्गाधनी/मोही कन्तलाल माझीका नाउमा संयुक्त नाउँमा दर्ता रहेको तपसिलका कित्ता जग्गाको मोही लगत कट्टाको माग लिएको मा तपाईंका नाउमा १५ दिने म्याद जारी गर्दा घर ठेगानामा फेला नपरेको भनी वेपत्ते म्याद तामेल भई आएको हुँदा यस कार्यालयको मिति २०७६।५।२५ को आदेश अनुसार विपक्षीका नाउँमा विषेश अदालत ऐन २०५९ को दफा १०(९) बमोजिम म्याद सरहको ३० (तिस) दिने सार्वजनिक सुचना प्रकाशीत गरीएको छ। फिरादकर्ता/उजुरकर्ताका नाउको जग्गाको मोही लगत कट्टा गर्नु नपर्ने कुनै कारण भएमा स-प्रमाण म्याद भित्र आफै वा कानून बमोजिमको वारेश मुकरर गरी प्रतिउत्तर पठाउनुहोस म्याद गुजारी बसेमा कानून बमोजिम भै जानेछ र पछि तपाईंको कुनै उजुर वाजुर नलाग्ने व्यहोरा यै सुचना द्वारा जानकारी गराईएको छ।


तपसिल

| जिल्ला | गा.वि.स. | वार्ड नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| सुनसरी | सिमरिया | १(क) | २३२ | ०-१७-३ |













## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | यात्रा हुने | तुला | शत्रु वृद्धि |
| वृष | भाग्य वृद्धि | वृश्चिक | केही लाभ |
| मिथुन | विद्यामा सफलता | धनु | यात्रामा सफल |
| कर्कट | आलस्यता | मकर | कार्य सिद्धि |
| सिंह | पराक्रम बढ्ने | कुम्भ | पुण्य आर्जन |
| कन्या | धन आर्जन | मीन | अस्वस्थता |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल माघ ५ गते आइतबार तदनुरुप १९ जनवरी २०२० माघ कृष्णपक्ष दशमी रात्रिको ५:८ बजेसम्म उप्रान्त एकादशी तिथि, विशाखा नक्षत्र रात्रिको २:१६ बजेसम्म उप्रान्त अनुराधा नक्षत्र, शुल योग दिनको १:८ बजेसम्म उप्रान्त गण्ड योग, वणिज करण साँझको ५:५९ बजेसम्म उप्रान्त भद्रा करण, तुला राशिमा चन्द्रमा रात्रिको ८:३२ बजेसम्म उप्रान्त वृश्चिक राशिमा।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | |
|---|---|
| ५:०० | भक्तिसुर |
| ५:३० | आध्यात्मिक सन्देश |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | मार्गदर्शन (लाइभ) |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | हर्के हल्दार (रिपिट) |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | मनी टक्स (रिपिट) |
| ११:०० | कान्तिपुर न्युज |
| ११:३० | यू एण्ड आई (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | सरोकार (रिपिट) |
| १:३० | कान्तिपुर समाचार |
| २:०० | मुभी |
| ४:०० | कान्तिपुर समाचार |
| ४:३० | यू एण्ड आई (रिपिट) |
| ५:०० | कल कान्तिपुर |
| ६:०० | कान्तिपुर न्युज |
| ६:३० | हियर्ज टु लाइफ |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | आउन मसँग खाउन |
| १०:०० | हियर्ज टु लाइफ (रिपिट) |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपीटेड |
| १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १:३० | हियर्ज टु लाइफ (रिपिट) |
| २:०० | कान्तिपुर समाचार (रिपिट १) |
| २:३० | मार्गदर्शन (रिपिट) |
| ३:०० | कल कान्तिपुर रिपीटेड |
| ४:०० | आउन मसँग खाउन (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

| | |
|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (बालचन्द्र) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | विज्ञान प्रविधि (नाष्ट) |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (भूपेन्द्र) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | घुम्ने मेच (डिनेश डिसी) |
| १०:०० | स्पोर्ट्स डायरी |
| १०:०५ | गजब छ बा (दुर्गाराज) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | गेम्स् पिपुल प्ले (प्रियंका) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | टप टेन (एलिसा) |
| १३:०० | डिस्ट्रिक्ट डायरी |
| १३:०५ | सेलिब्रेटी आवर (रस्मिला) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | किक स्टार्ट (सञ्जय गुप्ता) |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | राइवार (नन्दकुमार) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | क्विक फिक्स (स्मिता/एलिसा) |
| १७:०० | डिष्ट्रिक्ट डायरी |
| १७:०५ | म्यूजिक लाउन्ज (राजेश पाण्डे) |
| १८:०० | ज्योतिश दर्शन (शिवराज) |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | काठमान्डु बीट (सागरिका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | रक मेसिन (मानस्वी वान्तवा) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | हेलो मिथिला (धिरेन्द्र/रुपा) |
| २३:०० | सो टाइम (स्वर्ण) |
| २४:०० | टप टेन (एलिसा) |
| २४:१० | म अनि मेरो कथा (शुभ) |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| **दमकल** | |
| विराटनगर | ०२१-४२००० |
| इटहरी | ०२५-५८०१०१ |
| धरान | ०२५-५२०१९९ |
| इनरुवा | ०२५-५६०१०१ |
| दमक | ०२३-५८०१०१ |
| भद्रपुर | ०२३-५१०१०१ |
| धनकुटा | ९८५२०६१२०१ |
| कोसी अञ्चल अस्पताल विराटनगर | ५३०१०३/५२४२३४ |
| मेची अञ्चल अस्पताल, भद्रपुर | ०२३-५२००२४ |
| वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान | ०२५-५२५५५५ |
| रक्तसञ्चार केन्द्र, विराटनगर | ०२१-५२३३२६ |
| विराटनगर आँखा अस्पताल | ०२१-४३६३६० |
| रक्तसञ्चार केन्द्र, धरान | ०२५-५२०९६८ |
| **एम्बुलेन्स** | |
| विराटनगर सेन्ट्रल | ०२१-५३७००१ |
| लाइफगार्ड अस्पताल, विराटनगर | ९७४२०४२३३३ |
| दुहबी जेसिज, सुनसरी | ०२५-५४०४३५ |
| शव बाहन, विराटनगर | ०२१-५२५८७४ |
| **प्रहरी** | |
| जिल्ला प्रहरी कार्यालय, मोरङ | १००/९८५२०२६७५० |
| इलाका प्रहरी कार्यालय, उर्लाबारी | ५४०९९०/९८५२०९०१३६ |
| इलाका प्रहरी कार्यालय, रंगेली | ५८०१३०/९८५२०९०१४४ |
| क्षेत्रीय ट्राफिक कार्यालय, इटहरी | ०२५-५८०१०५/९८५२०९०१६१/१०३ |

### काठमाडौंका महत्त्वपूर्ण नम्बर

| | |
|---|---|
| वीर अस्पताल | ४२२११९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| नेपाल मेडिसिटी अस्पताल | ११३४, ४२१७७६६, ४२१७७५५ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६११९५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

# बचाउने कि धपाउने चौंरी गोठ ?

सडक पूर्वाधारको पहुँच वृद्धिसँगै हिमाली बस्तीमा पनि दशकअघि जस्तो चौंरी पाल्ने चलन घटेको छ । फाट्टफुट्ट पालेकाहरु पनि बेचेर गाडी किन्न लालायित भेटिन्छन् ।

■ **आनन्द गौतम** (पापुङ, ताप्लेजुङ)

सदरमुकाम फुङलिङका वाङगे शेर्पा पुस २६ गते जन्मस्थल पापुङ गए । गाडीमा गएका उनी साँवाको फुङफुङेमा ओर्लिए । बास बस्न बस्तीतिर उक्लँदै थिए । पारिपट्टि चौंरीको घण्टी बज्यो ।

उनलाई लाग्यो, 'अब उतै जान्छु र चौंरीवालसँगै बस्छु' । साँझ पर्दै गएकाले फटाफट अघि बढे । उनी साम्जेटारको ओडारमा पुग्दा चौंरीवाल आगो दन्काएर खाना बनाउँदै थिए । गाउँमा चौंरी पाल्ने अधिकांश चिनजानकै भएकाले 'म पनि थपिएँ है' भन्दै झोला बिसाए । उनीहरूसँगै खाना खाए र त्यही ओडारमा सुते ।

ओडारमा सुतेका उनलाई विशेष सम्मान दिए । चौंरीका डढाल्नामा लगाउने कपडा उनको ओछ्यानमा १० वटा ओछ्याइदिए । ओढ्नका लागि स्लिपिङ ब्याग थियो । 'चौंरी धपाएर आएका केटाहरू गाउँतिर पसेछन्,' वाङगेले भने, 'सुत्ने बेलामा त हामी ५/७ जना बुढा मात्रै भयौं ।' बालेको मुढाको राप आउने र ओडारले शीत छेल्ने भएकाले चिसो नभएको उनले सुनाए । वाङगे २४ वर्षपछि यसरी चौंरीको गोठमा सुतेका थिए ।

त्यसअघि उनी आफैं चौंरी धपाएर हिँड्थे र यस्तै ओडारमा रात बिताउँथे । पापुङको यही बस्तीबाट सयौं पटक सदरमुकाम फुङलिङसम्म चौंरी हिँडाएको उनको अनुभव छ । धपाउँदा धपाउँदै सदरमुकाममा घडेरी किने र घर बनाएर सहरमै बस्न थाले । फुङलिङ बजारको वीरेन्द्र चोकमा होटल चलाउन सुरु गर्दाताका उनले आफ्नो गोठ रित्याएका थिए ।

वाङगेजस्ता चौंरीपालन छाडेर अन्य व्यवसाय गर्नेको संख्या बढ्दो छ । उनैको बुझाइमा गाउँमा बाटो पुगेको चार-पाँच वर्षमा सबैको गोठबाट चौंरी रित्तिइसक्छ । ताप्लेजुङ जिल्लामा ६१ वटा वडा छन् । पापुङ र मामांखेमा मात्रै मोटरबाटो पुग्न बाँकी छ । पापुङको सिमानामा रहेको फुङफुङेसम्मै पुगेकाले यसै वर्षमा मिक्वाखोला-५ को पापुङ पनि मोटरबाटोले छुने वडाध्यक्ष डण्डु शेर्पा बताउँछन् ।

यो क्षेत्रमा मेवाखोला जलविद्युत् आयोजनाले दुईवटा एक्स्काभेटर मेसिन लगाएर सडक विस्तारको काम गरिरहेको छ । पापुङमा २० मेगावाटका दुईवटा आयोजना भएकाले त्यहाँसम्मै सडक विस्तार गर्ने आयोजनाको सञ्चालक समिति सदस्य डम्बरध्वज तुम्बाहाम्फे बताउँछन् ।

अहिले पापुङमा एउटा घरमा पाँचदेखि नौ वटासम्म चौंरी र याक छन् तर यस्ता घरधुरी दुई दर्जन हाराहारी मात्रै छन् । वडाध्यक्ष डण्डुका अनुसार एक दशकअघिसम्म शेर्पा र भोटेका प्रत्येक घरमा कम्तीमा १०/१५ वटा अनिवार्य हुन्थ्यो । औलका किसानले माउ गाई र हल गोरु पाले जत्तिकै थियो । चौंरीको दूध दुहुन्थे । यसबाट घिउ, छुर्पीलगायत उत्पादन हुन्छ । हिउँदको बेला भारी बोक्नका लागि औलतिर झार्थे । ढुवानीका लागि बर्खामा मान्छे र हिउँदमा चौंरी र याकको भर थियो । बर्खा सिद्धिएपछि चौंरीवाल बिग्रेको बाटो बनाउँदै चौंरी धपाएर हिँड्थे । गाउँबाट अलैंची, अम्रिसो र जडीबुटीलगायत वस्तु औलतिर झार्थे । सहरबाट चामल, नुन र दाललगायत सामग्री लिएर फर्कन्थे । सिमेन्ट र बालुवाजस्ता निर्माण सामग्रीसमेत चौंरीबाट ढुवानी गरेको नाम्म्या शेर्पा बताउँछन् ।

जिल्लामा खच्चड भित्रिएपछि चौंरीलाई केही धक्का भयो । चौंरी, याकको तुलनामा चाँडो हिँड्ने र भारी बोक्ने प्रयोजन भएकाले खच्चडको असर चौंरीमा पऱ्यो । नाम्म्याका अनुसार उनी आफैंले पनि चौंरी बेचेर खच्चड किने ।





**ताप्लेजुङको मिक्वाखोला गाउँपालिका ५ पापुङमा पालिएका चौंरी (माथि) र चौंरी गोठमा खाना पकाउँदै गोठाला ।**
*तस्बिर : आनन्द गौतम/कान्तिपुर*

अब यी दुवै विस्थापनको चरणमा पुगेका छन् । वाङगेका अनुसार चौंरी पालकको ध्यान ट्याक्सी खरिदतर्फ केन्द्रित भएको छ ।

त्यही रात साङगे शेर्पाले एउटा ट्याक्सीलाई कति मूल्य पर्छ भनेर सोधेका थिए । गाडी किस्तामा पाइने र पहिलो पटक पाँच-सात लाख रुपैयाँ जम्मा गरे हुने सुनेपछि उनीहरू निकै नै उत्साही बने । एउटा चौंरीको मूल्य एक लाख रुपैयाँसम्म पर्ने र भएका चौंरी बेचेको पैसाले गाडीको पहिलो किस्ता पुग्ने भएकाले युवाको मन बदलिएको वाङगे बताउँछन् । उनीहरूलाई कहिलेसम्म चौंरी धपाउने भन्ने चिन्ता छ ।

**चौंरी र याक**

औलको गाईलाई लेकको याक लगाएपछि उत्पादन हुने सन्तान 'चौंरी' हो । याकको माउमा तिब्बतबाट ल्याएको गोरुको प्रजननबाट उत्पादन हुने सन्तानलाई 'जोबे' भनिन्छ । चौंरीकै गाई-गोरुबाट भने सन्तान हुँदैनन् । पहाडी बहरसँग नाकको संसर्गबाट चौंरी जन्मछ ।

याक र पहाडी गाईबाट जन्मने सन्तानलाई उराङ पनि भनिन्छ । विशुद्ध घरपालुवा जनावर भएकाले दूधदेखि भारी बोकाउनेसम्मको प्रयोजनमा प्रयोग गरिन्छ । पहिले हिमाली ढुवानी सेवा पनि भनिन्थ्यो । मोटोघाटो र तुलनात्मक रूपमा लामो पनि हुने भएकाले खच्चडको तुलनामा भने यो निकै नै ढिलो हिँड्ने जनावर पनि हो ।

गोठपालकले बीउका लागि तिब्बतबाट अनिवार्य गोरु ल्याउने गरेका छन् । यसको मूल्य एक लाख रुपैयाँसम्म पर्ने पेम्बाछिरिङ शेर्पा बताउँछन् । आफ्नो गोठमा नभएकाहरूले अरूको गोठमा चौंरी र याक लगेर संसर्ग गराउँछन् । नौ महिना गर्भधारण अवधि भएका चौंरी र याक १२ बेतसम्म ब्याउँछन् । पेम्बाछिरिङका अनुसार रोग लाग्दा उपचार गर्न नसक्नु अहिलेको मुख्य चुनौती बनेको छ । ज्वरो आउने, झाडापखाला लाग्नेजस्ता समस्या देखिने गरेको छ । यस्तो बेला घरेलु उपचार गर्नुबाहेक उनीहरूसँग विकल्प हुँदैन । अझ यो वर्षदेखित पशुचिकित्सक खोज्न पाँचथर सदरमुकाम फिदिम पुग्नुपर्ने बाध्यता छ ।

पशु स्वास्थ्यकर्मी जिल्लाबाट झिकाउनुपर्छ । गोठमा पुगिसक्दा क्षति भइसक्छ । यस्तो बेला घरेलु उपचार गर्ने र निको नभएर मरे त्यहीं गाडेर गोठ अर्को ठाउँमा सार्ने पेम्बाछिरिङ बताउँछन् । मरेकै ठाउँमा गोठ राख्नु हुँदैन भन्ने पुरानो मान्यता छ । हिउँ परेका बेला घाँस तान्ने क्रममा र बाटो भुलेर लडेर पनि मर्ने गरेका छन् ।

पछिल्ला वर्ष घाँस खान नरुचाउने, बसेको ठाउँबाट नउठ्ने र हिँड्दा थरथर काप्ने लक्षण देखिन्छ । यस्तो भएको ८ देखि ११ दिनको बीचैमा मृत्यु भइसक्छ । समस्या देखिएपछि गोठबाट घरसम्म पनि ल्याउन नसकिने पशुपालकको गुनासो छ । स्वास्थ्यकर्मी विकनेस (कमजोरी) का कारण यस्तो भएको बताउँछन् । हिमालमै बस्ने भएकाले हिउँ र चिसोको सामना चौंरीले गर्न सक्छन् तर धेरै दिन हिउँ परे खाने कुरा पुऱ्याउन कठिन हुन्छ । यो बेला शारीरिक कमजोरी हुने र तन्दुरुस्त पार्न कठिन हुने चौंरीपालक बताउँछन् ।

पहिला हिउँबाट जोगाउन गोठ अनिवार्य औलतिर झार्ने र भारी बोकाउने गरिन्थ्यो । लेकमै भएकालाई गोठमै बाँधेर पनि राखिन्थ्यो । अहिले औलमा धपाएर लिएर जाने जनशक्ति कम भएको छ । गोठाला पनि पाइँदैन । औलमा हिउँदे बाली लगाउने भएकाले राख्ने ठाउँको पनि समस्या छ । हिउँले छोपे त्यहाँबाट निस्कनासाथ नुनभुस खुवाउन पुग्नुपर्छ । यसले उनीहरूलाई चरनमा जान शक्ति प्राप्त हुन्छ । यतिबेलाका लागि घाँसको जोहो पनि पहिल्यै गरिएको हुन्छ । हिउँ परेका बेला घाँस तान्ने क्रममा सबैभन्दा बढी दुर्घटनाको जोखिम हुन्छ ।

लेकमा पाइने निगालो, मालिङ्गो हिउँले नुहाएको हुन्छ । त्यो निगालो खानका लागि तन्किन्छन् । त्यही बेला लड्ने र दुर्घटना हुने नुपु शेर्पा बताउँछन् । भारी बोकाउँदा भने घाँस खोलेका अलावा दाना पनि दिनुपर्छ । मकै, नुन, भुस मिलाएर दिइन्छ ।

मिक्वाखोला ५ का वडाध्यक्ष शेर्पा परम्परागत व्यवसाय जोगाउनु अनिवार्य रहेको बताउँछन् । उनका अनुसार यसका लागि स्थानीय तहले भने धेरै लगानी गर्न सक्तैन । 'मौसम परिवर्तनका कारण रोगको संक्रमण बढी नै देखिन थालेको छ,' उनले भने, 'यसका लागि दक्ष स्वास्थ्यकर्मी सके गोठमै नभए वडामा राख्नु अनिवार्य छ ।' नश्ल सुधारका लागि पनि विशेष योजना ल्याउनुपर्छ । याक संरक्षण र नश्ल सुधारका लागि सरकारले डोल्पा र सोलुखुम्बुमा कार्यक्रम ल्याएको थियो । अहिले स्याङबोचेमा मात्रै संरक्षण तथा संवर्द्धन कार्यक्रम सञ्चालनमा रहेको उनले बताए । यस्तो कार्यक्रम ताप्लेजुङमा पनि विस्तार गर्नुपर्ने उनको माग छ ।

मिक्वाखोलाको पापुङ, साँवा, फक्ताङलुङको ओलाङचुङगोला, लेलेप, सिरिजंघाको याम्फुदिनमा समथर खर्क र चौर प्रशस्तै रहेकाले चौंरीपालनको सम्भावना रहेको डण्डुको बुझाइ छ । यसका लागि पशु बिमा, मौसमको पूर्वजानकारी, बजारको सुनिश्चितता अनिवार्य भएको डण्डु बताउँछन् ।

स्थानीयले पनि अब चार/पाँचवटा मात्रै नभएर व्यावसायिक रूपमा सयौंको संख्यामा पाल्न सक्नुपर्छ । अहिलेसम्म नेपालका चौंरी र याक चीनमा मात्रै निर्यात हुने गरेको छ । मासुका लागि चीनमा लगिन्छ । छुर्पी र चम्मर भने नेपाली बजारमा बिक्री हुन्छ । चौंरीको पुच्छर चम्मरका रूपमा प्रयोग हुन्छ । गोठ जोगाउन सके नेपालको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने डण्डु बताउँछन् । 'तीनजुरे मिल्के जलजलेमा लालीगुँरास हेर्न आएका मान्छेले चौंरी याकको बथान पनि देखे अझै खुसी हुन्छन्,' उनी भन्छन्, 'हिमाली पशुपालनको संस्कृति जोगाउन र पर्यटकलाई देखाउन पनि जोगाउन जरुरी छ ।'

# पारि छोरीको हत्या, वारि न्यायको पर्खाइ

■ **जितेन्द्र साह** (विराटनगर)

छोरीका बारेमा सोध्नेबित्तिकै विराटनगर ११ पिचरा धुदुवा टोलकी ४५ वर्षीया आनन्दीदेवी सहनी डाँको छाडेर रुन्छिन् । 'सासूससुरा, ज्वाइँ, नन्द र छरछिमेकले मिलेर अर्धमूर्च्छित नहुन्जेलसम्म कुट्दै छोरीलाई विष खुवाए, रातारात खोलामा लगेर फाले,' उनी रुँदै भन्छिन्, 'ती निर्दयी हत्यारालाई पनि अदालतले यसै गरी सजाय दिनुपर्छ, उनीहरूलाई फाँसीको सजाय हुनुपर्छ ।'

दाइजोको भोका ससुराली पक्षले छोरी २२ वर्षीया रञ्जनाको हत्या गरेपछि उनी तीन महिनादेखि न्यायको पर्खाइमा छिन् । 'फूल जस्ती छोरीलाई तडपाएर मार्नेहरूले कहिल्यै शान्ति नपाऊन्, उनीहरूको पनि अकालमै मृत्यु होस्,' आनन्दीदेवीले विलाप गर्दै भनिन् ।

भारत बिहारको अररिया जिल्लास्थित जोगबनीको भेडयारीमा रञ्जनाको असोज २४ को राति हत्या भएको थियो । घटनाको आठ महिनाअघि २३ फागुनमा जोगबनी भेडयारीका २५ वर्षीय भीम बहरदारसँग उनको मागी बिहे धुमधामले भएको थियो ।

जोगबनी प्रहरी चौकीका अनुसार हत्याको दुई दिनपछि २६ असोजको बिहान सीमावर्ती जोगबनी बजारदेखि करिब ३ किमि दक्षिण भवानीपुरस्थित परमान खोलामा रञ्जनाको शव फेला परेको थियो । रञ्जनाको घरदेखि यो खोला एक किलोमिटर पर छ ।

छोरी हराएको खबर पाएपछि २५ असोजमा माइती पक्ष खोजतलास गर्दै भेडयारी पुगेका थिए । खोजी जारी रहँदा २६ असोजको बिहान स्थानीय बालबालिकाले खोलामा शव देखेर खबर गरेका थिए, जुन रञ्जनाको थियो । मृतकको अनुहारलगायत शरीरको विभिन्न भागमा चोटपटक देखिएको थियो ।

'शारीरिक यातना र हत्या पुष्टि भएकोले चार आरोपीलाई तत्कालै पक्राउ गऱ्यौं । शवको फारबिसगन्ज अस्पतालमा



**छोरी रञ्जनाको तस्बिर देखाउँदै विराटनगर, पिचरा धुदुवा टोलकी आनन्दीदेवी सहनी ।**
*तस्बिर : जितेन्द्र/कान्तिपुर*

पोस्टमार्टमपछि भिसेरा परीक्षणका लागि पटना पठायौं,' जोगबनी प्रहरी चौकीका प्रमुख आफताब अहमदले कान्तिपुरसँग भने, 'अब यो मुद्दा अदालतमा विचाराधीन छ ।' सीमावर्ती भारत बिहारको अररिया जिल्ला अदालतमा मुद्दा चलिरहेको छ । '६ महिनाभित्र फैसला हुने अदालतले भनेको छ,' आमा आनन्दीदेवीले भनिन् । दाइजो स्वरूप माग गरिएको २ लाख रुपैयाँ नदिँदा छोरीको हत्या भएको माइती पक्षको बयानअनुसार प्रहरीले तत्कालै रञ्जनाका श्रीमान् २५ वर्षीय भीम बहरदार, ससुरा सैनी बहरदार, जेठाजु अर्जुन बहरदार र छिमेकी शिवानन्द मुखियालाई पक्राउ गरेको थियो ।

फरार रहेकी रञ्जनाको सासूलाई दुई साताअघि पक्राउ गरी अदालतमा उपस्थित गराइसकिएको अहमदले बताए । उनको जेठानी दिदी अझै फरार छिन् । आनन्दीदेवीका अनुसार ससुराली पक्षबाहेक कुटपिट र हत्यामा टोलवासीको समेत संलग्नता थियो ।

'मुख्य आरोपीहरूलाई पक्राउ गरिसकेका छौं । अब उनीहरूको घरमा ताल्चा लागेको छ,' उनले भने, 'यस्तो मुद्दा कहिल्यै बन्द हुन्न । अनुसन्धानको क्रममा अन्य पनि आरोपी देखिएमा वा अदालतले थप कसैलाई पक्राउ गरेर ल्याउन भनेमा प्रहरी पछि हट्दैन ।' हरेक कोणबाट अनुसन्धान गरिंदा रञ्जनाको कुटपिट र विष सेवनबाट हत्या भएको पुष्टि भइसकेको हुनाले अभियुक्तहरू बच्ने सम्भावना नरहेको अहमदले बताए ।

रञ्जनाको शव फेला पर्नुभन्दा १५ दिनअघि ज्वाइँले पसल खोल्नलाई पैसा चाहिएको भन्दै दबाब दिएको र नदिएमा रञ्जनाको हत्या गर्ने धम्की दिएको माइती पक्षले बिहार प्रहरीको जोगबनी चौकीलाई दिएको जाहेरीमा उल्लेख छ ।

एक मात्र छोरीको हत्यापछि आनन्दीदेवीको आँखाबाट आँसु नझरेको दिन छैन । 'गरिब भए पनि छोरीको बिहे खर्चमा कुनै कमी हुन दिएनौं,' उनले भनिन् । बाँकी चार सदस्यीय सहनी परिवारमा आनन्दीदेवीका पति ५० वर्षीय मानीचन्दले राजमिस्त्री र छोरा २१ वर्षीय रिकेशले टेन्टको काम गर्छन् ।

सामान्य घरमा बस्ने सहनी परिवारले अहिलेसम्मको सम्पूर्ण बचत छोरीको बिहेमा खर्चेका थिए । टीभी, फर्निचर, गरगहना, लुगाफाटा र भाँडाबर्तनलगायत सम्पूर्ण सामान दिएर छोरीलाई बिदा गरेका थिए । तर ज्वाइँले कम दाइजो पाएको भन्दै रञ्जनालाई शारीरिक एवं मानसिक यातना दिँदै आएको परिवारजनले बताए । बिहेपछि परिवारजनले ऋण खोजेर भए पनि ज्वाइँलाई मोटरसाइकल किनेर दिएका थिए ।

'अब त छोरीलाई खुसी राख्लान् भनेर सोचेका थियौं तर ठिक उल्टो भयो, माग बढ्दै गयो,' आनन्दीदेवीले भनिन्, 'पसल खोल्नलाई ज्वाइँले २ लाख रुपैयाँ माग्यो, यति ठूलो रकम तत्कालै दिनलाई असमर्थ थियौं ।'

मागेको रकम नदिएमा रञ्जनालाई मारेर फालिदिने धम्की पटकपटक ज्वाइँले दिएको कान्छो हजुरबा ५५ वर्षीय लक्ष्मी सहनीले बताए । 'अन्तिम पटक धम्की दिएको १५ दिनपछि नातिनीको हत्या गरे,' उनले भने । तल्लो अदालतको फैसलाबाट चित्त नबुझेमा उच्च अदालत पुग्ने र त्यहाँबाट पनि चित्त नबुझेमा सर्वोच्चलाई गुहार्ने सहनीले बताए । उनले भने, 'नातिनीको हत्याराहरूलाई छाड्दैनौं ।'

तर पनि छोरी गुमाएकी आमा आनन्दीदेवीको अवस्था बेहाल छ । घरमा आइपुग्नेलाई छोरीको एक मात्र तस्बिर र शोकपत्र देखाउँदै रुन थाल्छिन् । बैचेनी र छटपटाहटले गर्दा उनलाई राम्ररी निद्रा आउँदैन । 'सपनीमा छोरीलाई घर फर्केको देख्छु,' आनन्दीदेवी भन्छिन्, 'विपनीमा पनि फर्केर आउँछिन् कि जस्तो लाग्छ, आँगनमा छरछिमेकका छोरीबुहारी आउँदा रञ्जना नै आएजस्तो भान हुन्छ ।' छोरीको सन्तानलाई खेलाउने सपना अधुरै रहेको उनले बताइन् । चाडबाडमा छरछिमेकका छोरीज्वाइँ आउँदा सम्झना आउने गरेको आनन्दीदेवी बताइन् ।

# महामहिमको 'मुस्कान'



मनोज पौडेल

**बुद्धस्थल प्राचीन कपिलवस्तु (तिलौराकोट) मा चिनियाँ राजदूत होउ यान्छी (बायाँ) ।**

कपिलवस्तु (कास)- 'हर एक्सिलेन्सी । फिउ वर्ड इन मिडिया ।' सञ्चारकर्मी मनोज श्रीवास्तवको शब्द उनको कानमा के परेको थियो, उनले गजबको मुस्कान दिइन् । भनिन्, 'एस् प्लिज । यू आर रेडी ।' उनी थिइन्, सेलिब्रिटी चिनियाँ राजदूत हाउ यान्छी ।

सञ्चारकर्मीसँग बुद्धस्थल प्राचीन कपिलवस्तु (तिलौराकोट) मा बिहीबार हाँसीहाँसी कुरा गरिन् । 'निकै फ्रयांक थिइन्,' सञ्चारकर्मी श्रीवास्तवले भने, 'उत्तिकै सरस र सरल ।' मुस्कानसाथ क्यामेरामा कुरा गरिन् । सञ्चारकर्मीको जिज्ञासा धीत् मार्ने गरी मेटिन् । उत्ति नै मुस्कुराउँदै बिदा भइन् । जुन अविस्मरणीय भएको सञ्चारकर्मी शम्भु सैनीले बताए । 'धेरैसँग अन्तर्वार्ता गरियो,' उनले भने, 'तर यस्तो फरासिलो र हँसिलो राजदूत पाएका थिएनौं ।'

तिलौराकोट अवलोकन गर्ने क्रममा संयोगले महामहिमको डुरहाम विश्वविद्यालय बेलायतका प्रोफेसर पुरातत्त्वविद् डा. रविन कनिङ्घमसँग भेट भयो । मुस्कुराउँदै परिचय दिइन् । 'सम्पन्न मुलुकको शक्तिशाली राजदूत हुँदा सामान्य, सरल र मिजासिलो पायौं,' लुम्बिनी विकास कोषका सदस्य राजेश ज्ञवालीले भने ।

चिनियाँ सञ्चार संस्था पिपुल्स डेलीले राजदूत यान्छीले सामाजिक सञ्जालमार्फत नेपालको पर्यटन प्रवर्द्धन गरेको भन्दै समाचार प्रकाशन गरेको छ । उत्तरी चीनको सान्सी प्रान्तमा सन् १९७० मार्चमा जन्मेकी राजदूत हाउ सन् २०१८ मा नेपालका लागि जनवादी गणतन्त्र चीनको राजदूत नियुक्त भएकी थिइन् । उनी बुद्धस्थल र पूर्वी नवलपरासीमा सञ्चालित चिनियाँ लगानीका योजना अनुगमन गरेर शुक्रबार राजधानी फर्किएकी छन् ।

# बनेन न्यायिक समिति

■ **अगन्धर तिवारी** (पर्वत)

संवैधानिक व्यवस्थाबमोजिम स्थानीय तहमा जनप्रतिनिधि चुनिएलगत्तै न्यायिक समिति गठन हुनुपर्ने हो । तर स्थानीय तहभित्रका साँधसिमाना, पारिवारिक तथा सामाजिक झैझगडा, बाटोघाटोका विवादलगायत समस्या निरूपण गर्न समिति गठन हुनैपर्ने भए पनि कुश्मा नगरपालिकामा अझै हुन सकेको छैन । जसका कारण कुश्मावासी जनप्रतिनिधि आएको अढाई वर्षसम्म संघीय संरचनाअनुसारका न्याय अनुभूत गर्न पाएका छैनन् ।

नेकपा र कांग्रेसबीच कुरा नमिल्दा उपप्रमुखको संयोजकत्वमा गठन हुनुपर्ने न्यायिक समिति अझैसम्म गठन नभएको हो । कुश्माका १४ मध्ये ५ वडा कांग्रेस र ९ वडामा नेकपाका अध्यक्ष विजयी भएका छन । २४ कार्यपालिका सदस्यमध्ये ७ नेपाली कांग्रेस र बाँकी सबै नेकपाका छन् ।

तीन सदस्य रहने समिति नगरपालिकाका उपप्रमुखको संयोकत्वमा गठन हुने संवैधानिक व्यवस्था छ । संविधानको धारा २१७ बमोजिम न्यायिक समिति गठन गर्नुपर्ने व्यवस्था छ । सोही धाराको उपधारा २ मा न्यायिक समितिमा गाउँसभा वा नगरसभाबाट निर्वाचित २ सदस्य हुनुपर्ने व्यवस्था छ ।

यस्तो समितिले प्रचलित कानुनबमोनिम मेलमिलाप हुन सक्ने व्यक्ति वादी भई दायर हुने अन्य देवानी र अन्य एक वर्षसम्म कैद हुन सक्ने फौजदारी विवादको फैसला गर्ने अधिकार स्थानीय तह सञ्चालन ऐन, २०७४ को परिच्छेद ८ (ट) मा उल्लेख छ । संवैधानिक व्यवस्थाअनुसार उपप्रमुखको संयोजकत्वमा गठन हुनुपर्ने न्यायिक समिति नेकपाको बहुमतकै कारण गठन हुन नसकेको नगरका पदाधिकारी बताउँछन् । 'हाम्रो बहुमत भएको भए तत्कालै हुन्थ्यो,' एक जनप्रतिनिधिले भने, 'उहाँहरूले विभिन्न बखेडा झिकेर बन्दी बनाउनुभएको छ ।' नेकपाबाट विजयी केही वडाध्यक्षले गत वर्षको नगरसभामा ५ वर्षसम्म न्यायिक समिति बन्न नदिने चुनौती दिएको ती सदस्यले बताए ।

नेकपाको बहुमत रहेको नगरपालिकामा प्रमुख र उपप्रमुख कांग्रेसबाट विजयी छन् । लेखा, विधायन र न्यायिक समिति संवैधानिक भएकोले कानुनको परिधिभित्रै रहेर समिति बनाउन सहमत भएको नेकपाका सदस्य बताउँछन् । नगरपालिकाको प्रवक्ता, विधायन, लेखा, सुशासनलगायतका अरू समितिका संयोजकसहित बहुमत सदस्य आफ्ना दलका नबनाए न्यायिक समिति गठन गर्न नदिने अडान नेकपाका सदस्यको छ । 'न्यायिक समितिमा हामीले कुनै अवरोध गरेका छैनौं,' कुश्मा-११ का अध्यक्ष शिवप्रसाद पौडेलले भने, 'विपक्षी दलका हिसाबले हामीले लेखा समितिको संयोजक मागेको सत्य हो । अरूमा उहाँहरूले मागे बमोजिमका सदस्य तोकेका छौं ।' नगरप्रमुख र उपप्रमुखकै चासो कम हुँदा संवैधानिक समिति गठन हुन नसकेको उनको आरोप छ ।

नगरप्रमुख र उपप्रमुख भने न्यायिक समितिको गठन नहुनुमा नेकपा नै दोषी रहेको बताउँछन् । 'न्यायिक समिति बनाउने हो भने प्रवक्ता हामीलाई चाहिन्छ भन्ने उहाँहरूको कुरा हो,' नगरप्रमुख रामचन्द्र जोशीले भने, 'हरेक मिटिङमा मैले गर्नसम्म गरेको छु । बहुमत र अल्पमतको कुरा गर्छन् । तपाईंहरूकै सदस्य राख्नुस् भन्दा पनि मान्नुभएको छैन ।' हरेक बैठकमा

**नेकपाकै कारण समिति गठन हुन नसकेको हो**

फरकफरक कुरा गर्ने नेकपाका सदस्यबीच नै कुरा नमिलेर बिग्रिएको उनको आरोप छ । 'हामी समिति बनाउने होमवर्क धेरै पहिलेदेखि गर्दै आएका हौं,' उपप्रमुख सीता काफ्ले लामिछानेले भनिन्, 'उहाँहरूले अरू समितिका कुरा ल्याएर जोडेपछि यो विषय धेरै जटिल बन्न पुग्यो ।'

**समितिमा उजुरी बढ्दै**

न्यायिक समिति गठन भएपछि कुश्माबाहेकका सबैजसो स्थानीय तहमा उजुरीको चाङ लाग्न थालेका छन् । घरेलु हिंसा, महिला हिंसा, आर्थिक लेनदेन, योजना विवाद, साँधसिमाना, सडक, खानेपानी, सिँचाइलगायतदेखि बहुविवाहसम्मका उजुरी पर्न थालेका छन् । संविधानले न्यायिक समितिलाई कानुनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरूपण गर्न गाउँपालिका वा नगरपालिकाले उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति गठन गर्ने प्रावधान राखेको छ । सोही प्रावधानअनुसार गठित न्यायिक समितिले आएका उजुरीमाथि छानबिन एवम् मिलापत्र गर्न थालेका हुन् ।

शनिबारको
नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
# कान्तिपुर
ekantipur.com
सातै प्रदेशबाट एकैसाथ प्रकाशित
वर्ष २७ अंक ३२८ जनकपुर | ४ माघ २०७६ शनिबार माघ कृष्णपक्ष अष्टमी | नेपाल संवत् ११४० | प्रदेश २ संस्करण | KANTIPUR, Nepali National Daily, Saturday, January 18, 2020 | पृष्ठ १२+४+८ | १० रुपैयाँ

# तनाव व्यवस्थापनमा चुक्दा

## बढी कमाउने प्रलोभनमा ऋण लिएर गरेको लगानी डुब्न थालेपछि परिवारसहित आत्महत्या प्रयास गरेका युवाले श्रीमती र दुई छोरा गुमाएका छन्

■ **हरिहरसिंह राठौर** (धादिङ)
**मातृका दाहाल** (काठमाडौं)

व्यवस्थापन विषयका लेक्चरर विनय लामिछाने आफैंमा एक कुशल व्यवस्थापक पनि थिए। काठमाडौंको चन्द्रागिरि नगरपालिकास्थित मंगलोदय क्याम्पसमा व्यवस्थापन संकायमा पढाउँदै आएका उनले व्यवसायमा पनि हात हालेका थिए। सेयर र कमोडिटी मार्केटमा उनको लगानी थियो। उनी 'वेस्ट काठमाडौं बिजनेस इन्भेस्टमेन्ट प्रालि' का प्रमुख कार्यकारी अधिकृत पनि हुन्।

डेढ वर्षअघिदेखि सेयर र कमोडिटी मार्केटमा लगानी गरेका विनयले ६ महिनासम्म राम्रै नाफा कमाए। त्यसपछि लोभिएर लगानी बढाए। तर दुर्भाग्य, नाफा पहिलेझैं निरन्तर हुन सकेन। एक वर्षको अवधिमा डेढ करोडभन्दा बढी घाटा व्यहोरेपछि उनको जिन्दगीले अर्कै मोड लियो। हिसाब गर्दा आफ्ना भएभरको जायजेथाले पनि ऋण र सापटी तिर्न नभ्याउने भयो। त्यसपछि तनाव व्यवस्थापन गर्न नसकेका लामिछाने गलत निर्णयमा पुगे। अन्ततः पत्नी र दुई अबोध छोरासहित बिहीबार साँझ त्रिशूली नदीमा हेलिन पुगे।

मकवानपुर, चित्लाङका विनयले धादिङको सिद्धलेख-७, बडघरेकी जमुना रेग्मीसँग २०७४ मा विवाह गरेका थिए। उनीहरूका दुई वर्षीय छोरा विजन र ६ महिनाका रिजन थिए। रिजनको शुक्रबारे पास्नीको साइत जुरेको थियो। तर परिवारमा सुतक परेकाले उनी पास्नी छोडेर श्रीमती र दुई छोरासहित घरबाट निस्किए।

घर छोड्नुअघि विनयले जमुनासँग भनेका थिए, 'म ऋणमा डुबिसकें, अब मर्छु।' जवाफमा जमुनाले 'एक्लै होइन, परिवार नै सँगसँगै मरौं' भनेपछि उनीहरू दुवै छोरालाई लिएर धादिङतर्फ लागेका थिए। घर छोड्नुअघि विनयले लेखेको तीन पाना लामो 'सुसाइड नोट' मा ऋण तिर्नुपर्ने लामो फेहरिस्तसहित आफू मृत्यु रोज्न बाध्य भएको खुलाएका छन्। 'यो पढ्नु होला' शीर्षकमा हरियो अक्षरमा लेखिएको सुसाइड नोटमा परिवार नै मास्नुपरेको कारण उल्लेख गरेका छन्। गएको वर्षदेखि व्यापार निकै खस्केको, सापटी लिएका मानिसले फोन गरेर चर्को मानसिक तनाव दिएको र आफ्नो अंश लाग्ने सम्पत्ति बेच्दा पनि सापटी र ऋण तिर्न नसक्ने अवस्था आएकाले श्रीमती र छोराहरूसहित परिवारले नै मृत्युवरण गर्ने निर्णय गरेको उनले सुसाइड नोटमा लेखेका छन्।

धादिङको बेनीघाटस्थित सिउरेनीटार जोड्ने पुलमुनिबाट ६ महिनाका छोरा रिजनलाई श्रीमती र दुईवर्षे विजनलाई विनय आफैंले काखमा लिएर नडुबुन्जेल त्रिशूलीमा हेलिएका थिए। संयोगले विनयलाई जलयात्रा गर्ने समूहले जीवितै उद्धार गऱ्यो। तर जमुना दुई छोरासहित बेपत्ता भइन्।

बाँकी पृष्ठ १३ ▶▶




विनय लामिछाने (दायाँ)। त्रिशूलीमा डुबेर मृत्यु भएकी उनकी पत्नी जमुना र बेपत्ता छोराहरू। *तस्बिर : विनयको फेसबुकबाट*

# किन हुन्छ सामूहिक आत्महत्या ?

■ **गोकर्ण गौतम** (काठमाडौं)

धादिङमा बिहीबार साँझ भएको घटनाले सामूहिक आत्महत्या प्रयास किन बढ्दै छ भन्ने प्रश्न फेरि जगाइदिएको छ।

गत वर्ष चितवनको भरतपुर महानगरपालिका-१८, शशीनगरमा एकै परिवारका तीन जनाले आत्महत्या गरेका थिए। सहरी क्लिनिक टोलकी ३५ वर्षीया माया आलेमगर, उनका १४ वर्षीया छोरी विनिता र १२ वर्षे छोरा विवेक सलमा झुन्डिएका थिए। विवेकले सुनाइड नोटमा लेखेका थिए, 'बुबा, तपाईं हामीलाई नसोधी किन जानुभयो ? ममीले साह्रै दुःख मान्नुभएको छ।' नेपाली सेनामा कार्यरत उनका बाबु घटनाको दुई दिनअगाडि काठमाडौं फर्किएका थिए। पारिवारिक बेमेलले आमाले बच्चासहित आत्महत्या गरेको खुलेको थियो। अघिल्लो वर्ष बझाङको सुर्मामा एउटै रुखमा पासो लगाएर तीन बालिकाले सामूहिक आत्महत्या गरेका थिए। १४ वर्षे जुनतारा पुजारा, १४ वर्षकै रेखा पुजारा र उनीहरूभन्दा एक वर्ष जेठी कविता बोहराले जंगलमा एउटै रुखमा नाम्लोले पासो लगाएर मृत्यु रोजेका थिए। यो रहस्यमयी घटनाको अन्तर्य त्यतिकै लुक्यो।



प्रेममा मनमुटाव वा वियोग भएपछि जोडीले आत्महत्या गरेका घटना पनि उत्तिकै छन्। गत वर्ष फागुनमा वीरगन्जमा तीन किशोरकिशोरीले सामूहिक विष सेवन गरेर आत्महत्या प्रयास गरेका थिए। जिरा भवानी गाउँपालिका-४ की १८ वर्षीया संगीताकुमारीको उपचार क्रममा मृत्यु भयो भने मञ्जिता कुमारी र सञ्जय दास समयमै उपचार पाएरकाले बाँचे। मञ्जिताको राज चौधरीसँग र संगीताको सञ्जयसँग प्रेमसम्बन्ध थियो। सञ्जय र राजचाहिँ साथीसाथी। विवाह गरेर भाग्ने प्रयास असफल भएपछि विष सेवन गरेको खुलेको थियो।

बाँकी पृष्ठ १३ ▶▶

## भित्र



गुठीको २ हजार रोपनी व्यक्तिको नाममा


- फुक्दै नेकपामा असहमतिको गाँठो
- कांग्रेस भन्छ- 'सभामुख-उपसभामुख राष्ट्रिय हैसियतको फरक दलबाट'
- उस्तै कसुर, दुई थरी फैसला

साथमा





### अमेरिकी दूतावास भन्छ-
# 'एमसीसीमा सैन्य मामिला छैन'



काठमाडौं (कास)- अमेरिकी दूतावासले मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) कुनै सैन्य गठबन्धन नभएको जनाएको छ। जनस्तरमै पक्षविपक्षमा व्यापक तर्क उठेपछि काठमाडौंस्थित दूतावासले शुक्रबार दसबुँदे विज्ञप्ति जारी गरेर एमसीसीमा कुनै सैन्य मामिला नजोडिएको बताएको हो।


दूतावासले अमेरिकी कानुनले कुनै पनि एमसीसी परियोजनामा सैन्य संलग्नतालाई निषेध गरेको दाबी गरेको छ। उसले एमसीसीलाई 'विशुद्ध रूपमा आर्थिक विकासमा केन्द्रित' भनेको छ। 'नेपालमा विद्युत् प्रसारण लाइन निर्माण र सडकको स्तरोन्नतिमार्फत आर्थिक विकासमा सघाउने एमसीसी परियोजनाको लक्ष्य छ,' विज्ञप्तिमा भनिएको छ। सत्तारूढ नेकपाभित्रै एमसीसी 'चीनविरुद्ध लक्षित' इन्डो-प्यासिफिक रणनीतिको अंग भएकाले उसँग भएको परियोजनासम्बन्धी सम्झौता संसद्बाट अनुमोदन गर्न नहुने आवाज उठ्न थालेपछि अमेरिकी दूतावासले विज्ञप्तिमार्फत प्रस्टीकरण सार्वजनिक गरेको हो। एमसीसी सम्झौता अनुमोदनका लागि संघीय संसद्मा पेस गरिएको छ, जसलाई यही हिउँदे अधिवेशनमा पारित गराउने सरकारको तयारी छ।

दूतावासले एमसीसीका सम्बन्धमा उठेका प्रश्नहरूबारे आफू जानकार भएको उल्लेख गरेको छ। 'हालै नेपाली नागरिक, नेतृत्व र सञ्चारकर्मीले एमसीसीको नेपाल कम्प्याक्ट (सम्झौता) बारे सोधिरहनुभएको छ। यस्ता प्रश्नलाई हामी स्वागत गर्छौं। यस कार्यक्रमभित्र नेपालका लागि केकस्ता लाभ छन् भन्नेसम्बन्धी बुझाइ निर्माणमा नेपाली जनसाधारणको सहभागितालाई पनि हामी स्वागत गर्छौं,' विज्ञप्तिमा भनिएको छ, 'अन्तर्राष्ट्रिय विकासका निम्ति पारदर्शिता तथा सच्चा साझेदारीमा आधारित नयाँ मोडलका रूपमा एमसीसी स्थापना भएको हो।'

बाँकी पृष्ठ १३ ▶▶

# फेरि हिमपात र वर्षा

## अन्नपूर्ण हिँडेका ७ जना सम्पर्कविहीन, गोरखामा हिमपहिरो



फाइल तस्बिर

**कान्तिपुर संवाददाता** (काठमाडौं)

सुदूरपश्चिम हुँदै भित्रिएको न्यूनचापीय प्रणालीका कारण शुक्रबार देशैभर वर्षा भएको छ। उच्च पहाडी र हिमाली भागमा हिमपात भएको छ। गोर्खामा हिमपहिरो गएको छ भने पर्यटकीय पदमार्ग अन्नपूर्ण आधारशिविर हिँडेका पाँच विदेशी पर्यटक र दुई नेपाली गाइड सम्पर्कविहीन छन्। निरन्तर वर्षा र खराब मौसमकै कारण चार अन्तर्राष्ट्रिय उडान डाइभर्ट भए भने ३७ आन्तरिक रद्द हुन पुगे।

पोखरास्थित संवाददाताका अनुसार अन्नपूर्ण आधारशिविर हिँडेका चार कोरियाली, एक चिनियाँ र दुई नेपाली सम्पर्कविहीन छन्।

'अन्नपूर्ण बेसक्याम्प (एबीसी) जाने क्रममा नौ कोरियालीमध्ये चार जना सम्पर्कमा नरहेको जानकारी प्राप्त भएको छ,' गण्डकीका प्रदेश प्रहरी प्रमुख डीआईजी विनोद शर्मा घिमिरेले भने, 'नेपाली भरियासहित गएका एक चिनियाँ र छुट्टै टोलीका दुई नेपाली गाइड पनि सम्पर्कविहीन छन्।' कास्कीको अन्नपूर्ण गाउँपालिका-११ हिमालय र देउरालीबीचको हिंकुमा हिमपहिरो आएपछि उनीहरू सम्पर्कमा नरहेको उनले बताए। उक्त वडाको दोभानस्थित डेस्टिनेसन एबीसी होटलका सञ्चालक सुक गुरुङले पनि केही पर्यटक र नेपाली बाटैबाट सम्पर्कविहीन रहेको बताए। अत्यधिक हिमपातले उक्त मार्गमा तत्काल ओहोरदोहोर गर्न सकिने अवस्था छैन। स्थानीय र प्रहरीले उक्त स्थानमा फोनले काम नगरेकाले पनि खोजीमा समस्या भएको बताएका छन्।

'एबीसी जाने बाटोमा रहेका होटलमा उनीहरू सुरक्षितसाथ बसेका पनि हुन सक्छन्,' डीआईजी घिमिरेले भने, 'टेलिफोन सम्पर्क छैन। अत्यधिक हिमपातले कोही जान सक्ने अवस्था छैन।' नजिकै रहेको घान्द्रुक प्रहरी चौकीबाट घटनास्थल पुग्न एक दिन लाग्छ। शुक्रबार बिहान ११ बजेतिर उक्त स्थानमा हिमपहिरो आएको थियो। डीआईजी घिमिरेले स्थानीय र प्रहरीलाई घटनास्थलतर्फ परिचालन गरिएको बताए। कास्की प्रहरीका प्रवक्ता डीएसपी राजकुमार केसीले पनि घटनाबारे अपुष्ट सूचना आएको बताए।

अत्यधिक हिमपातपछि गएको हिमपहिरोले गोरखामा ट्रेकिङ रुट (पैदल मार्ग) बन्द भएको छ। चुमनुब्री गाउँपालिका-४ नामरुङमा शुक्रबार दिउँसो हिमपहिरो जाँदा लार्केबाट सामागाउँ जाने बाटो बन्द भएको प्रहरीले जनाएको छ। गोरखा प्रहरी प्रमुख एसपी ओम अधिकारीका अनुसार करिब ५ सय मिटर माथिबाट आएको हिमपहिरोले लार्केपास ट्रेकिङ रुटको २५ मिटर बाटोमा क्षति पुऱ्याएको छ। 'बाटो नभएका कारण तत्काललाई आवतजावतमा रोक लगाइएको छ,' अधिकारीले भने, 'स्थानीयसँग समन्वय गरी बाटो खुलाउने प्रयासमा छौं।'

बाँकी पृष्ठ १३ ▶▶




# चार करोड महसुल बक्यौता

पर्सा (कास)- लाइन नकाटी बिजुलीको बिल नतिर्ने प्रवृत्तिका कारण विद्युत प्राधिकरण वीरगन्ज बितरण केन्द्रको महसुल बक्यौता ४ करोड बढी पुगेको छ। प्राधिकरणको तथ्यांक अनुसार, बुधबारसम्म प्राधिकरणको ग्राहकबाट असुल गर्नुपर्ने महसुल बक्यौता ४ करोड १९ लाख ३३ हजार ४ सय ५० रुपैया ५९ पैसा पुगेको छ।

केन्द्र प्रमुख इन्जिनियर शम्भु कुसियैत यादवले कूल ग्राहक मध्ये उद्योग तथा ग्राहस्थ दुबै तर्फका ग्राहकको गरी यति ठूलो रकम महशुल बक्यौता हुन गएको जानकारी दिए। 'कूल ग्राहक मध्ये ३० प्रतिशतले मात्र नियमित महसुल बुझाउँछन्,' उनले भने, 'विद्युतको लाइन नकाटेसम्म महसुल बुझाउनै नआउने प्रवृत्ति बढेको छ।' सर्वाधिक महशुल बक्यौता राख्नेमा हिमालयन फुड्स इन्टरनेशनलको २ लाख ९५ हजार १२ रुपैया, घरेलु आधुनिक राइसमिलको १ लाख ८ हजार ४ सय ७० रुपैयाँ, सुमन राइस मिलको १ लाख ३ हजार १ सय १४ रुपैयाँ, अर्शद इन्जिनियरिङ वर्कशपको ८३ हजार ५ सय ७७ रुपैया रहेको छ।

सामान्यतया ६० दिन सम्म बक्यौता महसुल नबुझाउने ग्राहकको लाइन काट्ने गरिएको इन्जिनियर यादव बताउँछन्। 'हामी दैनिक जसो लाइन काटी रहेका छौं, यसका लागि एउटा टोली नै दैनिक परिचालन हुन्छ,' उनले भने, 'लाइन काटिएपछि मात्र कतिपय ग्राहक महसुल बुझाउन आइपुग्छन्।'

ग्राहस्थ तथा औद्यिगकतर्फका ग्राहक मात्र नभई जिल्लाका सरकारी कार्यालयको पनि ठूलो रकम महसुल बक्यौता रहेको प्रमुख यादव बताउछन्। सूचना तथा सन्चार मन्त्रालय अन्तर्गतका कार्यालयहरूको १ लाख ३२ हजार ३ सय ५५ रुपैया ९८ पैसा, भौतिक पूर्वाधार मन्त्रालय अन्तर्गतका कार्यालयहरूको २ लाख ५६ हजार ५ सय ४५ रुपैयाँ ६ पैसा, शिक्षा मन्त्रालय अन्तर्गतका कार्यालयहरूको ४७ लाख २५ हजार १ सय ८१ रुपैया १२ पैसा, स्वास्थ्य मन्त्रालय अन्तर्गतका कार्यालयहरूको १६ लाख ६५ हजार ८ सय ५८ रुपैया ६५ पैसा, भूमि सुधार मन्त्रालय अन्तर्गतका कार्यालयहरूको २ लाख ९४ हजार २ सय ९६ रुपैया ६९ पैसा, कानून तथा न्याय मन्त्रालयहरू अन्तर्गतका कार्यालयहरूको २ लाख ५ हजार ३ सय २९ रुपैया ७६ पैसा, जलस्रोत मन्त्रालय अन्तर्गतका कार्यालयहरूको २ लाख ३० हजार नौं सय ८७ रुपैया २९ पैसा र समाज कल्याण मन्त्रालय अन्तर्गतका कार्यालयहरूको १ लाख ४८ हजार ६ सय ३० रुपैया ९० पैसा महसुल बक्यौता रहेको छ। सरकारी कार्यालयहरूको असार मसान्तसम्म जरिवाना सहित यतिको महशुल बक्यौता रहन गएको यादव बताउछन्। साउनदेखि पुस मध्यसम्म साढे ५ महिना यता यो रकम झन्डै डेढ गुनाले वृद्धि भएको हुन सक्छ।



धनुषाको जनकपुरधामस्थित उद्योग वाणिज्य संघको सभाहलमा शुक्रबार समाजवादी पार्टीले सुरु गरेको पार्टी संगठन विस्तार तथा सुदृढीकरण अभियान (बिसु) कार्यक्रममा सहभागी भएका प्रदेश २ अन्तर्गत ८ जिल्लाका नेता तथा कार्यकर्ता। *तस्बिर : शाहीमान राई/कान्तिपुर*

# कटेरोमा दुई सन्तान स्याहार्दै

महोत्तरी बर्दिवास हात्तीलेटका एक दम्पती मानसिक रोगी छोरी र अपाङ्गता भएका छोरालाई आर्थिक अभावमा उपचार गराउन नसकेर २० वर्षयता कटेरोमा थुनेर राखेका छन्।

■ **सुनिता बराल** (महोत्तरी)

बर्दिवास ८ हात्तीलेटकी ७० वर्षीया धनमाया बमजन भोक-निन्द्रा भुलेर २० वर्षदेखि दुई छोराछोरीको सेवामा खटिएकी छन्। जेठी छोरी सुकुमाया र कान्छो छोरा मानबहादुरलाई उपचार गर्न नसकेपछि धनमायाको परिवारले २० वर्षदेखि कटेरोमा थुनेको छ।

रहरको पहिलो सन्तान छोरी जन्मिएपछि धनमाया र बादल बमजन निकै खुशी थिए। छोरीको प्रगति हेर्न आतुर उनीहरू छोरीले मानसिक सन्तुलन गुमाएपछि उपचारमा पनि तल्लीन भए। चिनेजानेका धामी र डाक्टर लाउँदा छोरीको उपचारमै सबै सम्पत्ति सकियो।

सिन्धुली रानीचुरीको घर, खेती, हल गोरु, बाखा सबै साहुलाई बुझाएर उनीहरूले थातथलो छाडे। २० वर्षदेखि धनमायाको परिवार महोत्तरीको बर्दिवास ८ हात्तीलेटमा बसोबास गर्दै आएका छन्। सम्पत्ति सकिएपछि छोरीलाई राम्रो उपचार पाउने ठाउँमा लान नसकिएको बादलले बताए। छोरी सुकुमाया अहिले ४५ वर्ष पुगिसकेकी छन्। उपचार गर्न नसकेपछि उनलाई २० वर्षदेखि एउटै कटेरोमा कोचेर राखिएको छ। सुकमायालाई सुरुमा सिन्धुलीको भिमानमा एक डाक्टरलाई देखाएका थिए। त्यसपछि धामी कहा झारफुक गराए पनि निको नभएको धनमायाले बताइन्।

सुरुका दिनमा छोरीलाई बाँधेर राखेको बताउने धनमाया अहिले आफ्नो छोरीको अवस्था देख्दा आँसु खसाल्छिन्। बादल र धनमायाको कान्छो छोरा मानबहादुर ३० वर्षका भए। उनी बिरामी परेपछि उपचार गर्ने पैसा नहुँदा मानबहादुरलाई उनको परिवारले धामी र डाक्टरको मुख समेत देखाउन सकेन। कमाउने र आफ्नो जीवन बनाउने उमेरमा रोगले गलेर थला परेपछि धनमाया र बादलले कान्छो छोरालाई समेत कटेरो बनाएर कोच्न बाध्य भए। छोरा मानबहादुर जन्मिँदा बोल्न नसक्ने भए पनि अन्य शारीरिक अवस्था ठीक थियो। १२ वर्षको उमेरदेखि मानबहादुरमा हिँड्न नसक्ने भयो। 'त्यतिबेलासम्म बोल्न नसके पनि अरु काम सबै आफै गर्थ्यो। खर्च नहुँदा कतै देखाउन सकिएन,' धनमायाले भनिन्।

सम्पति सकिएपछि छोरी ठीक हुने आशामा ७ पटकसम्म ठाउँ सर्दै बसेको उनले बताइन्। टाँट लगाएको सानो झुप्रो घर र छेउमा २ बिरामी छोराछोरीलाई राख्ने कटेरा अहिले आफुहरूको सम्पति भएको उनी बताउँछिन्। 'आधा रातमा समेत टर्च लिएर यिनीहरूको सेवा गर्छु' धनमायाले भनिन्, 'आमा हुँ, मर्न दिन सक्दिनँ, उपचार गर्न सकिएन।' धनमायाले चिसोको समय कटेरामा कोचिएका दुई सन्तान सुकुमाया र मानबहादुरलाई आफ्नै सारिले लट्पट्याउँदै राख्छिन्। आफ्नो आर्थिक अवस्था कमजोर भएकाले लाउने, खाने, ओढ्ने, ओछ्याउनेको समेत अभाव रहेको उनले बताइन्।

दुई सन्तानले उपचार पाएर आफ्नो ख्याल आफैं गर्न सक्ने भए त्यो भन्दा खुशी आफूलाई अरु केही नहुने उनी बताउँछिन्। आफ्नो पारिवारिक अवस्था सबैले देखेको भए पनि सरकारले कुनै सहयोग नगरेको उनीहरूको गुनासो छ। दुवै सन्तानको अपांगता भएकाको परिचय पत्र अहिलेसम्म उनीहरूले बनाउन सकेका छैनन्। पशु झैं दुई सन्तान कटेरामा राखेर पाल्दा समेत स्थानीय सरकारले नदेखेझैं गरेको दम्पतीको गुनासो छ।

उनीहरूलाई उपचारको व्यवस्था मिलाउन र सहयोग गर्न स्थानीय सरकार चुकेको भूमि अधिकार मञ्च नेपालका केन्द्रिय तथा स्थानीय फौदसिंह स्याङ्वाले बताए। परिवारको आर्थिक अवस्था कमजोर भएकाले पशुको झैं, जीवन बाँचिरहेका सुकुमाया र मानबहादुरको स्थानीय सरकारले उद्धार गर्नुपर्ने उनले बताए। वर्षौ देखि गोठमा थुनेर राखेकाले उनीहरूलाई संरक्षरण गर्न उपचार पहिलो आवश्यकता भएको स्याङ्वाले बताए।

चिसोपीडितको नाम नगरमा पठाएको भए पनि न्यानो समेत उनीहरूले नगरबाट पाउन सकेका छैनन्। वडामा त्यसको लागि बजेट नभएकाले नगरले दिने न्यानो समेत अहिले दिन नसकिएको वडा ८ का वडाध्यक्ष शमशेरसिंह थिङले बताए।

गत पुसमा इलाका प्रशासन कार्यालय बर्दिवासका प्रमुख सहितको टोलि लगेर नागरिकता बनाइदिएको र आफूले उनीहरूको सामाजिक सुरक्षा भत्ताका लागि पहल गरिरहेको थिङले जनाए।

# धान खरिदको कोटा थपियो

**कान्तिपुर संवाददाता** (पर्सा)

लक्षित धान एक महिनामै खरिद गरेपछि खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड केन्द्रीय कार्यालयले कम्पनी वीरगन्ज शाखालाई थप ५ हजार क्विन्टल धान खरिदको कोटा बढाएको छ।

शाखा प्रमुख नरनाथ अधिकारीले केन्द्रले सोना मन्सुली धान खरिदको कोटा बढाएको जनाए। 'यस बर्ष सुरुमा वीरगन्ज शाखालाई १५ हजार क्विन्टल सोना मन्सुली धान खरिदको आदेश थियो,' उनले भने, 'तर त्यति परिमाणमा धान खरिद भइसकेकाले केन्द्रले थप ५ हजार क्विन्टल धान खरिदका लागि कोटा बढाएको हो।'

थप गरिएको कोटामध्ये पनि झण्डै आधा धान खरिद भई सकेको उनले जनाए। ' पुस मसान्त सम्ममा कूल १७ हजार १ सय ६५ क्विन्टल ८४ किलो सोना मन्सुली धान खरिद गरी सकेको छौं, बुधबार र बिहीबार किसानले धान ल्याएनन्' उनले भने, 'यसरी थपिएको कोटामा पनि २ हजार १ सय ६५ क्विन्टल ८४ किलो धान खरिद भई सकेको छ।' शाखाले सोना मन्सुली धान २ हजार ६ सय ७३ रुपैयाँ १६ पैसा प्रति क्विन्टल मूल्यमा खरिद गरी रहेको छ।

यसबर्ष जिरा मसिनो धान भने लक्ष्य अनुरूप खरिद हुन नसकेको अधिकारी बताउँछन्। यस वर्ष ५ हजार क्विन्टल जिरा मसिनो धान खरिदको कोटा पाएकोमा जम्मा ३२ क्विन्टल मात्र खरिद हुन सकेको उनले बताए। 'किसानले यो धान ल्याउनै सकेका छैनन्,' उनले भने, 'सम्भवतः यस भेगमा जिरा मसिनो धानको उत्पादननै कम भएर पनि यसो भएको होला।' जिरा मसिनो धानको प्रति क्विन्टल ३ हजार २० रुपैया निर्धारण गरिएको छ।

जिरा मसिनो धानको खरिद मूल्य प्रमुख जिल्ला अधिकारी संयोजक रहेको स्थानीय प्राथमिक खरिद समितिले निर्धारण गरेको हो भने सोना मन्सुलीको मूल्य मन्त्री परिषदले निर्धारण गरेको हो। गत आवमा कार्यालयले सोना मन्सुली धान मात्र खरिद गरेको थियो। यस वर्ष केन्द्रबाटै दुवै धान खरिदको कोटासहित निर्देशन आएको थियो। यस बर्ष मंसिरको पहिलो साताबाटै शाखाले धान खरिद सुरु गरेको हो। गत बर्ष माघको दोश्रो साताबाट धान खरिद सुरु गरेको थियो।

व्यापारी तथा किसानबाट पनि भारतीय धान बिक्री गर्न ल्याउन सक्ने संभावना रहने भएकाले यसतर्फ पनि आवश्यक सजगता अपनाएको अधिकारीले जनाए। धान बिक्रेता किसानको नागरिकताको फोटोकपि तथा शंका लागेकाहरूको हकमा सम्बन्धित वडा कार्यालयको सिफारिस पनि माग गरिएको उनले बताए।।

# आपत्कालीन कोष

जनकपुर (कास)- यहाा क्रियाशिल एक गैरसरकारी संस्थाले आपतकालिन कोष स्थापना गरेको छ। आसमान नेपालका कार्यकारी निर्देशक नवलकिशोर यादवले आफ्ना कर्मचारी, कार्यसमितिका पदाधिकारी तथा साधारण सदस्यले ५ दिन बराबरको तलब/सुविधाबापत आउने रकम जम्मा गरी कोष स्थापना गरेको बताए।

स्थापनासँगै कोषमा करिब आठ लाखभन्दा बढी रकम जम्मा भएको उल्लेख गर्दै उनले आर्थिक सहयोगको आधारमा सर्वसधारलाई पनि जोड्ने नीति लिएको जनाए। भविष्यमा आइपर्ने आपत्कालिन अवस्थालाई मध्यनजरगरी स्थापना गरिएको कोषको संरक्षण तथा परिचालनको लागि स्थानीय, प्रदेश तथा संघीय सरकारसंग सहकार्य गरी अघि बढ्ने उनको भनाइ छ।

# दुर्घटना कम गर्न 'चालकसित चिया'

■ **शिव पुरी** (रौतहट)

यहाँका ट्राफिक प्रहरीले सवारी दुर्घटना कम गर्न 'चालकसित चिया' कार्यक्रम संचालन गरेको छ। पूर्व पश्चिम राजमार्गमा बढ्दो सवारी दुर्घट्ना न्यूनीकरणका लागी यो कार्यक्रम सञ्चालन गरेको ट्राफिक प्रहरीले जनाएका हो। राजमार्गमा राती गाडी चलाउँदा चालक निदाउने र दुर्घट्ना हुने गरेको पाईए पछि यस्तो नीति अपनाईएको प्रहरीले बतायो। ट्राफिक र इलाका प्रहरी चन्द्रनिगाहपुरले यस क्षेत्रमा मध्य रातमा चालकलाई चिया खुवाएर केहीबेर आराम गर्न लगाई पठाउने गरेको छ। चालकलाई रोकेर चिया खुवाउने, उनिहरू सित कुरा गर्ने, ट्राफिक ज्ञान, दुर्घटनाबारे बताउने, र रिफ्रेस बनाई पठाउने गरिएको छ। चालक निदाउने हुँदा दुर्घटना बढेको भन्दै न्यूनीकरण गर्ने उपाय अवलम्बन गर्दै चालक सित चिया कार्यक्रम ल्याइएको प्रहरीको भनाइ छ। यो क्षेत्रमा लगातार सबारी दुर्घट्ना हुने गरेको छ। 'रातभरी गाडी चलाउदा चालकहरू थाक्ने र निदाउने गर्नाले दुर्घटना हुने गर्छ। त्यसैले चालकलाई रोकेर चिया गफ गर्दा मस्तिष्क चलाख हुन्छ,' इलाका प्रहरीका डिएसपी हेमबहादुर शाहीले भने, 'हामिले सम्झाए अनुसार सचेत हुने हो भने दुर्घट्ना न्यूनीकरण आफै हुन्छ। चालकहरू आफै सचेत हुनुपर्छ।'

यसैगरि, चन्द्रपुर ८ स्थित गौर-सन्तपुर खण्डमा शुक्रबार इलाका र जिल्ला ट्राफिकका प्रहरीले सबारी रोकेर चालकलाई सम्भावित दुर्घट्नाबारे सम्झाएर लापरबाहीका साथ नचलाउन अनुरोध गरे। केही पर आएपछि चालकहरूको हकाई उस्तै हुन्थ्यो। बजार, भिडभाड, बिद्यालय क्षेत्रमा उनीहरू तीब्र गति र ओभरटेक गर्न नछाडेको पाइयो गुनासो समेत सुनियो।


शाहीले चालकहरूलाई सम्भावित दुर्घटनाबारे जानकारी गराउन लागेको बताए। 'हामीले सवारी चलाउँदा लापरबाही नगर्नुस् भनेर सम्झाएका छौं। उनीहरूसित दुर्घटना बढ्नुको कारण भनेका छौं,' उनले भने, 'चालक सचेत भयो भने दुर्घटना कम हुन्छ। सवारी चलाउँदा लापरबाही गर्नु हुन्न।' ३ साताअघि गौर- चन्द्रनिगाहपुर खण्डको चन्द्रपुर ८ सन्तपुरस्थित शुभलाल भागवत उमावि अगाडि सन्तपुरबाट चपुर जादै गरेको ना ७ ख ४३४७ टिफरले बृन्दावन १ बलेरिखोरका साइकल यात्री राजकुमार राउतलाई ठक्कर दिंदा मृत्यु भएको थियो। चितवन राप्ति १ घर भएका चालक तिर्थराज तामाङलाई इलाका र जिल्ला ट्राफिकले केही समयअघि मात्र सवारी दुर्घटना हुन नदिने बारे जानकारी गराएका थिए। तर उनले बेवास्ता गरे। यस दुर्घट्नामा चालकको गम्भीर लापरबाही भनेर पिडित पक्षले पोष्टमार्टम गर्ने स्थानमै आन्दोलन गरे।

त्यस्तै, ट्राफिकले सवारी चालकको स्वास्थ्य परिक्षण समेत गर्दै आएको छ। पूर्व पश्चिमबाट आउने सबै गाडी रोकेर चालकको परीक्षण गरिन्छ। पछिल्लो समय अधिकाश चालकमा उच्च रक्तचाप भएको पाईएको छ। धेरै प्रेसर भएका चालकले गाडी चलाउनु जोखिम हुन्छ। उच्च रक्तचाप भएका चालकले औषधि समेत सेवन नगरेको पाइएको छ। ट्राफिकका अनुसार ३ महिनामा ११ सय चालकको स्वास्थ्य परीक्षण गरिएकोमा धेरैमा उच्च रक्तचाप पाइएको छ। रौतहट बस व्यवसायी संघ अध्यक्ष लालबाबु गिरीले सबैभन्दा बढी चालक सचेत हुनुपर्ने बताए। जिल्ला ट्राफिकका अनुसार चालु आर्थिक वर्षको साउन यता ६ महिनामा जिल्लाभरी ९४ सवारी दुर्घटना भए। दुर्घटनामा २८ ले ज्यान गुमाए। १ सय ५७ घाईते भएको तथ्यांक छ। यही अवधिमा १० हजार २६ सवारीलाई ट्राफिक नियम उल्लघन गरेको आरोपमा कारबाही गरिएको छ। उनीहरूबाट ६१ लाख ७७ हजार जरिवाना असुलेको ट्राफिकले जनायो। ट्राफिकको तथ्यांक हेर्ने हो भने वर्ष २०७४/७५ मा देशभरि १० हजार १ सय ६५ वटा सबारी दुर्घट्ना भएको छ। सबैभन्दा बढी मोटरसाइकल दुर्घटना हुने गरेको ट्राफिकले जनायो।



रौतहटको गौर-चन्द्रनिगाहपुर खण्डको सन्तपुरमा सवारी रोकेर चालकलाई बढ्दो दुर्घटनाबारे सम्झाउँदै प्रहरी अधिकारी। *तस्बिर : शिव/कान्तिपुर*










## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | यात्रा हुने | तुला | शत्रु वृद्धि |
| वृष | भाग्य वृद्धि | वृश्चिक | केही लाभ |
| मिथुन | विद्यामा सफलता | धनु | यात्रामा सफल |
| कर्कट | आलस्यता | मकर | कार्य सिद्धि |
| सिंह | पराक्रम बढ्ने | कुम्भ | पुण्य आर्जन |
| कन्या | धन आर्जन | मीन | अस्वस्थता |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल माघ ५ गते आइतबार तदनुरुप १९ जनवरी २०२० माघ कृष्णपक्ष दशमी रात्रिको ५:८ बजेसम्म उप्रान्त एकादशी तिथि, विशाखा नक्षत्र रात्रिको २:१६ बजेसम्म उप्रान्त अनुराधा नक्षत्र, शुल योग दिनको १:८ बजेसम्म उप्रान्त गण्ड योग, वणिज करण साँझको ५:५९ बजेसम्म उप्रान्त भद्रा करण, तुला राशिमा चन्द्रमा रात्रिको ८:३२ बजेसम्म उप्रान्त वृश्चिक राशिमा। ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | |
|---|---|
| ५:०० | भक्तिसुर |
| ५:३० | आध्यात्मिक सन्देश |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | मार्गदर्शन (लाइभ) |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | हर्के हल्दार (रिपिट) |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | मनी टक्स (रिपिट) |
| ११:०० | कान्तिपुर न्यूज |
| ११:३० | यू एण्ड आई (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | सरोकार (रिपिट) |
| १:३० | कान्तिपुर समाचार |
| २:०० | मुभी |
| ४:०० | कान्तिपुर समाचार |
| ४:३० | यू एण्ड आई (रिपिट) |
| ५:०० | कल कान्तिपुर |
| ६:०० | कान्तिपुर न्यूज |
| ६:३० | हियर्ज टु लाइफ |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | आउन मसँग खाउन |
| १०:०० | हियर्ज टु लाइफ (रिपिट) |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपीटेड |
| १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १:३० | हियर्ज टु लाइफ (रिपिट) |
| २:०० | कान्तिपुर समाचार (रिपीट १) |
| २:३० | मार्गदर्शन (रिपिट) |
| ३:०० | कल कान्तिपुर रिपीटेड |
| ४:०० | आउन मसँग खाउन (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

| | |
|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (बालचन्द्र) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | विज्ञान प्रविधि (नाष्ट) |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (भूपेन्द्र) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | घुम्ने मेच (डिनेश डिसी) |
| १०:०० | स्पोर्टस् डायरी |
| १०:०५ | गजब छ बा (दुर्गाराज) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | गेम्स् पिपुल प्ले (प्रियंका) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | टप टेन (एलिसा) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | सेलिब्रेटी आवर (रस्मिला) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | किक स्टार्ट (सञ्जय गुप्ता) |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | राइवार (नन्दकुमार) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | क्विक फिक्स (स्मिता/एलिसा) |
| १७:०० | डिष्ट्रिक्ट डायरी |
| १७:०५ | म्यूजिक लाउन्ज (राजेश पाण्डे) |
| १८:०० | ज्योतिश दर्शन (शिवराज) |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | काठमान्डु बीट (सागरिका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | रक मेसिन (मानस्वी वान्तवा) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | हेलो मिथिला (धिरेन्द्र/रुपा) |
| २३:०० | सो टाइम (स्वर्ण) |
| २४:०० | टप टेन (एलिसा) |
| २४:१० | म अनि मेरो कथा (शुभ) |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| **धनुषा** | |
| प्रहरी | ०४१५२४१०० |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२६९३८ |
| एम्बुलेन्स महावीर युवा कमिटी | ५२५९८० |
| एम्बुलेन्स मारवाडी सेवा समिति | ५२१७८४ |
| रक्त सञ्चार रेडक्रस | ५२०८७० |
| धनुषा अस्पताल | ५२५८०० |
| केयर मेडिकल सेन्टर | ५२०२३० |
| जानकी आँखा अस्पताल | ५२०३९७ |
| जानकी हेल्थ केयर सेन्टर | ५२५३४१ |
| अञ्चल प्रहरी कार्यालय | ५२०३६५ |
| एयरपोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२४४६० |
| जानकी मन्दिर | ५२०१७६ |
| राष्ट्रिय मानव अधिकार आयोग | ०४१-५२७८१२/५२७८११ |
| **महोत्तरी** | |
| जिल्ला अस्पताल | ५२००७० |
| वारुण यन्त्र | ५२००९७ |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२०००९ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| बन्दना हस्पिटल प्रा.लि. गौशाला | ९८५४०२५५२७/९८५४०२३५२७ |
| विद्युत् फ्युज शाखा | ५२००६६ |
| जलेश्वर अस्पताल | ५२००७० |
| ईलाका हेल्थ पोष्ट बलवा एम्बुलेन्स | ९८४४१२७१७७ |
| छिन्नमस्ता गाण | ५२९६१९ |
| ई.प्र.का. बर्दिबास | ५५५००६ |
| जिल्ला प्रहरी कार्यालय | ५२०१९९ |
| प्रहरी कन्ट्रोल | ५२०००९ |
| जिल्ला अस्पताल | ५२००७० |
| ईलाका प्रहरी कार्यालय गौशाला | ५५१००/६९२०७२ |
| **काठमाडौंका महत्वपूर्ण टेलिफोन** | |
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२११९८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| नेपाल मेडिसिटी अस्पताल | ११३४, ४२१७७६६, ४२१७७५५ |
| मेडीकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडीकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१९१ |
| नेपाल अर्थोपिडिक अस्पताल | ४४९३७२५ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७१६०३ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

# बचाउने कि धपाउने चौंरी गोठ ?

सडक पूर्वाधारको पहुँच वृद्धिसँगै हिमाली बस्तीमा पनि दशकअघि जस्तो चौंरी पाल्ने चलन घटेको छ । फाट्टफुट्ट पालेकाहरु पनि बेचेर गाडी किन्न लालायित भेटिन्छन् ।

■ **आनन्द गौतम** (पापुङ, ताप्लेजुङ)

सदरमुकाम फुङलिङका वाङगे शेर्पा पुस २६ गते जन्मस्थल पापुङ गए । गाडीमा गएका उनी साँवाको फुङफुङेमा ओर्लिए । बास बस्न बस्तीतिर उक्लँदै थिए । पारिपट्टि चौंरीको घण्टी बज्यो ।

उनलाई लाग्यो, 'अब उतै जान्छु र चौंरीवालसँगै बस्छु' । साँझ पर्दै गएकाले फटाफट अघि बढे । उनी साम्जेटारको ओडारमा पुग्दा चौंरीवाल आगो दन्काएर खाना बनाउँदै थिए । गाउँमा चौंरी पाल्ने अधिकांश चिनजानकै भएकाले 'म पनि थपिएँ है' भन्दै झोला बिसाए । उनीहरूसँगै खाना खाए र त्यही ओडारमा सुते ।

ओडारमा सुतेका उनलाई विशेष सम्मान दिए । चौंरीका डढाल्नामा लगाउने कपडा उनको ओछ्यानमा १० वटा ओछ्याइदिए । ओढ्नका लागि स्लिपिङ ब्याग थियो । 'चौंरी धपाएर आएका केटाहरू गाउँतिर पसेछन्,' वाङगेले भने, 'सुत्ने बेलामा त हामी ५/७ जना बुढा मात्रै भयौं ।' बालेको मुढाको राप आउने र ओडारले शीत छेल्ने भएकाले चिसो नभएको उनले सुनाए । वाङगे २४ वर्षपछि यसरी चौंरीको गोठमा सुतेका थिए ।

त्यसअघि उनी आफैं चौंरी धपाएर हिँड्थे र यस्तै ओडारमा रात बिताउँथे । पापुङको यही बस्तीबाट सयौं पटक सदरमुकाम फुङलिङसम्म चौंरी हिँडाएको उनको अनुभव छ । धपाउँदा धपाउँदै सदरमुकाममा घडेरी किने र घर बनाएर सहरमै बस्न थाले । फुङलिङ बजारको वीरेन्द्र चोकमा होटल चलाउन सुरु गर्दाताका उनले आफ्नो गोठ रित्याएका थिए ।

वाङगेजस्ता चौंरीपालन छाडेर अन्य व्यवसाय गर्नेको संख्या बढ्दो छ । उनैको बुझाइमा गाउँमा बाटो पुगेको चार-पाँच वर्षमा सबैको गोठबाट चौंरी रित्तिइसक्छ । ताप्लेजुङ जिल्लामा ६१ वटा वडा छन् । पापुङ र मामांखेमा मात्रै मोटरबाटो पुग्न बाँकी छ । पापुङको सिमानामा रहेको फुङफुङेसम्मै पुगेकाले यसै वर्षमा मिक्वाखोला-५ को पापुङ पनि मोटरबाटोले छुने वडाध्यक्ष डण्डु शेर्पा बताउँछन् ।

यो क्षेत्रमा मेवाखोला जलविद्युत् आयोजनाले दुईवटा एक्स्काभेटर मेसिन लगाएर सडक विस्तारको काम गरिरहेको छ । पापुङमा २० मेगावाटका दुईवटा आयोजना भएकाले त्यहाँसम्मै सडक विस्तार गर्ने आयोजनाको सञ्चालक समिति सदस्य डम्बरध्वज तुम्बाहाम्फे बताउँछन् ।

अहिले पापुङमा एउटा घरमा पाँचदेखि नौ वटासम्म चौंरी र याक छन् तर यस्ता घरधुरी दुई दर्जन हाराहारी मात्रै छन् । वडाध्यक्ष डण्डुका अनुसार एक दशकअघिसम्म शेर्पा र भोटेका प्रत्येक घरमा कम्तीमा १०/१५ वटा अनिवार्य हुन्थ्यो । औलका किसानले माउ गाई र हल गोरु पाले जत्तिकै थियो । चौंरीको दूध दुहुन्थे । यसबाट घिउ, छुर्पीलगायत उत्पादन हुन्छ । हिउँदको बेला भारी बोक्नका लागि औलतिर झार्थे । ढुवानीका लागि बर्खामा मान्छे र हिउँदमा चौंरी र याकको भर थियो । बर्खा सिद्धिएपछि चौंरीवाल बिग्रेको बाटो बनाउँदै चौंरी धपाएर हिँड्थे । गाउँबाट अलैंची, अम्रिसो र जडीबुटीलगायत वस्तु औलतिर झार्थे । सहरबाट चामल, नुन र दाललगायत सामग्री लिएर फर्कन्थे । सिमेन्ट र बालुवाजस्ता निर्माण सामग्रीसमेत चौंरीबाट ढुवानी गरेको नाम्म्या शेर्पा बताउँछन् ।

जिल्लामा खच्चड भित्रिएपछि चौंरीलाई केही धक्का भयो । चौंरी, याकको तुलनामा चाँडो हिँड्ने र भारी बोक्ने प्रयोजन भएकाले खच्चडको असर चौंरीमा पर्‍यो । नाम्म्याका अनुसार उनी आफैंले पनि चौंरी बेचेर खच्चड किने ।





ताप्लेजुङको मिक्वाखोला गाउँपालिका ५ पापुङमा पालिएका चौंरी (माथि) र चौंरी गोठमा खाना पकाउँदै गोठाला ।
*तस्बिर : आनन्द गौतम/कान्तिपुर*

अब यी दुवै विस्थापनको चरणमा पुगेका छन् । वाङगेका अनुसार चौंरी पालकको ध्यान ट्याक्सी खरिदतर्फ केन्द्रित भएको छ ।

त्यही रात साङगे शेर्पाले एउटा ट्याक्सीलाई कति मूल्य पर्छ भनेर सोधेका थिए । गाडी किस्तामा पाइने र पहिलो पटक पाँच-सात लाख रुपैयाँ जम्मा गरे हुने सुनेपछि उनीहरू निकै नै उत्साही बने । एउटा चौंरीको मूल्य एक लाख रुपैयाँसम्म पर्ने र भएका चौंरी बेचेको पैसाले गाडीको पहिलो किस्ता पुग्ने भएकाले युवाको मन बदलिएको वाङगे बताउँछन् । उनीहरूलाई कहिलेसम्म चौंरी धपाउने भन्ने चिन्ता छ ।

**चौंरी र याक**

औलको गाईलाई लेकको याक लगाएपछि उत्पादन हुने सन्तान 'चौंरी' हो । याकको माउमा तिब्बतबाट ल्याएको गोरुको प्रजननबाट उत्पादन हुने सन्तानलाई 'जोबे' भनिन्छ । चौंरीकै गाई-गोरुबाट भने सन्तान हुँदैनन् । पहाडी बहरसँग नाकको संसर्गबाट चौंरी जन्मछ ।

याक र पहाडी गाईबाट जन्मने सन्तानलाई उराङ पनि भनिन्छ । विशुद्ध घरपालुवा जनावर भएकाले दूधदेखि भारी बोकाउनेसम्मको प्रयोजनमा प्रयोग गरिन्छ । पहिले हिमाली ढुवानी सेवा पनि भनिन्थ्यो । मोटोघाटो र तुलनात्मक रूपमा लामो पनि हुने भएकाले खच्चडको तुलनामा भने यो निकै नै ढिलो हिँड्ने जनावर पनि हो ।

गोठपालकले बीउका लागि तिब्बतबाट अनिवार्य गोरु ल्याउने गरेका छन् । यसको मूल्य एक लाख रुपैयाँसम्म पर्ने पेम्बाछिरिङ शेर्पा बताउँछन् । आफ्नो गोठमा नभएकाहरूले अरूको गोठमा चौंरी र याक लगेर संसर्ग गराउँछन् । नौ महिना गर्भधारण अवधि भएका चौंरी र याक १२ बेतसम्म ब्याउँछन् । पेम्बाछिरिङका अनुसार रोग लाग्दा उपचार गर्न नसक्नु अहिलेको मुख्य चुनौती बनेको छ । ज्वरो आउने, झाडापखाला लाग्नेजस्ता समस्या देखिने गरेको छ । यस्तो बेला घरेलु उपचार गर्नुबाहेक उनीहरूसँग विकल्प हुँदैन । अझ यो वर्षदेखित पशुचिकित्सक खोज्न पाँचथर सदरमुकाम फिदिम पुग्नुपर्ने बाध्यता छ ।

पशु स्वास्थ्यकर्मी जिल्लाबाट झिकाउनुपर्छ । गोठमा पुगिसक्दा क्षति भइसक्छ । यस्तो बेला घरेलु उपचार गर्ने र निको नभएर मरे त्यहीं गाडेर गोठ अर्को ठाउँमा सार्ने पेम्बाछिरिङ बताउँछन् । मरेकै ठाउँमा गोठ राख्नु हुँदैन भन्ने पुरानो मान्यता छ । हिउँ परेका बेला घाँस तान्ने क्रममा र बाटो भुलेर लडेर पनि मर्ने गरेका छन् ।

पछिल्ला वर्ष घाँस खान नरुचाउने, बसेको ठाउँबाट नउठ्ने र हिँड्दा थरथर काप्ने लक्षण देखिन्छ । यस्तो भएको ८ देखि ११ दिनको बीचैमा मृत्यु भइसक्छ । समस्या देखिएपछि गोठबाट घरसम्म पनि ल्याउन नसकिने पशुपालकको गुनासो छ । स्वास्थ्यकर्मी विकनेस (कमजोरी) का कारण यस्तो भएको बताउँछन् । हिमालमै बस्ने भएकाले हिउँ र चिसोको सामना चौंरीले गर्न सक्छन् तर धेरै दिन हिउँ परे खाने कुरा पुर्‍याउन कठिन हुन्छ । यो बेला शारीरिक कमजोरी हुने र तन्दुरुस्त पार्न कठिन हुने चौंरीपालक बताउँछन् ।

पहिला हिउँबाट जोगाउन गोठ अनिवार्य औलतिर झार्ने र भारी बोकाउने गरिन्थ्यो । लेकमै भएकालाई गोठमै बाँधेर पनि राखिन्थ्यो । अहिले औलमा धपाएर लिएर जाने जनशक्ति कम भएको छ । गोठाला पनि पाइँदैन । औलमा हिउँदे बाली लगाउने भएकाले राख्ने ठाउँको पनि समस्या छ । हिउँले छोपे त्यहाँबाट निस्कनासाथ नुनभुस खुवाउन पुग्नुपर्छ । यसले उनीहरूलाई चरनमा जान शक्ति प्राप्त हुन्छ । यतिबेलाका लागि घाँसको जोहो पनि पहिल्यै गरिएको हुन्छ । हिउँ परेका बेला घाँस तान्ने क्रममा सबैभन्दा बढी दुर्घटनाको जोखिम हुन्छ ।

लेकमा पाइने निगालो, मालिङ्गो हिउँले नुहाएको हुन्छ । त्यो निगालो खानका लागि तन्किन्छन् । त्यही बेला लड्ने र दुर्घटना हुने नुपु शेर्पा बताउँछन् । भारी बोकाउँदा भने घाँस खोलेका अलावा दाना पनि दिनुपर्छ । मकै, नुन, भुस मिलाएर दिइन्छ ।

मिक्वाखोला ५ का वडाध्यक्ष शेर्पा परम्परागत व्यवसाय जोगाउनु अनिवार्य रहेको बताउँछन् । उनका अनुसार यसका लागि स्थानीय तहले भने धेरै लगानी गर्न सक्तैन । 'मौसम परिवर्तनका कारण रोगको संक्रमण बढी नै देखिन थालेको छ,' उनले भने, 'यसका लागि दक्ष स्वास्थ्यकर्मी सके गोठमै नभए वडामा राख्नु अनिवार्य छ ।' नश्ल सुधारका लागि पनि विशेष योजना ल्याउनुपर्छ । याक संरक्षण र नश्ल सुधारका लागि सरकारले डोल्पा र सोलुखुम्बुमा कार्यक्रम ल्याएको थियो । अहिले स्याङबोचेमा मात्रै संरक्षण तथा संवर्द्धन कार्यक्रम सञ्चालनमा रहेको उनले बताए । यस्तो कार्यक्रम ताप्लेजुङमा पनि विस्तार गर्नुपर्ने उनको माग छ ।

मिक्वाखोलाको पापुङ, साँवा, फक्ताङलुङको ओलाङचुङगोला, लेलेप, सिरिजंघाको याम्फुदिनमा समथर खर्क र चौर प्रशस्तै रहेकाले चौंरीपालनको सम्भावना रहेको डण्डुको बुझाइ छ । यसका लागि पशु बिमा, मौसमको पूर्वजानकारी, बजारको सुनिश्चितता अनिवार्य भएको डण्डु बताउँछन् ।

स्थानीयले पनि अब चार/पाँचवटा मात्रै नभएर व्यावसायिक रूपमा सयौंको संख्यामा पाल्न सक्नुपर्छ । अहिलेसम्म नेपालका चौंरी र याक चीनमा मात्रै निर्यात हुने गरेको छ । मासुका लागि चीनमा लगिन्छ । छुर्पी र चम्मर भने नेपाली बजारमा बिक्री हुन्छ । चौंरीको पुच्छर चम्मरका रूपमा प्रयोग हुन्छ । गोठ जोगाउन सके नेपालको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने डण्डु बताउँछन् । 'तीनजुरे मिल्के जलजलेमा लालीगुँरास हेर्न आएका मान्छेले चौंरी याकको बथान पनि देखे अझै खुसी हुन्छन्,' उनी भन्छन्, 'हिमाली पशुपालनको संस्कृति जोगाउन र पर्यटकलाई देखाउन पनि जोगाउन जरुरी छ ।'

# पारि छोरीको हत्या, वारि न्यायको पर्खाइ

■ **जितेन्द्र साह** (विराटनगर)

छोरीका बारेमा सोध्नेबित्तिकै विराटनगर ११ पिचरा धुदुवा टोलकी ४५ वर्षीया आनन्दीदेवी सहनी डाँको छाडेर रुन्छिन् । 'सासूससुरा, ज्वाइँ, नन्द र छरछिमेकले मिलेर अर्धमूर्च्छित नहुन्जेलसम्म कुट्दै छोरीलाई विष खुवाए, रातारात खोलामा लगेर फाले,' उनी रुँदै भन्छिन्, 'ती निर्दयी हत्यारालाई पनि अदालतले यसै गरी सजाय दिनुपर्छ, उनीहरूलाई फाँसीको सजाय हुनुपर्छ ।'

दाइजोको भोका ससुराली पक्षले छोरी २२ वर्षीया रञ्जनाको हत्या गरेपछि उनी तीन महिनादेखि न्यायको पर्खाइमा छिन् । 'फूल जस्ती छोरीलाई तडपाएर मार्नेहरूले कहिल्यै शान्ति नपाऊन्, उनीहरूको पनि अकालमै मृत्यु होस्,' आनन्दीदेवीले विलाप गर्दै भनिन् ।

भारत बिहारको अररिया जिल्लास्थित जोगबनीको भेडयारीमा रञ्जनाको असोज २४ को राति हत्या भएको थियो । घटनाको आठ महिनाअघि २३ फागुनमा जोगबनी भेडयारीका २५ वर्षीय भीम बहरदारसँग उनको मागी बिहे धुमधामले भएको थियो ।

जोगबनी प्रहरी चौकीका अनुसार हत्याको दुई दिनपछि २६ असोजको बिहान सीमावर्ती जोगबनी बजारदेखि करिब ३ किमि दक्षिण भवानीपुरस्थित परमान खोलामा रञ्जनाको शव फेला परेको थियो । रञ्जनाको घरदेखि यो खोला एक किलोमिटर पर छ ।

छोरी हराएको खबर पाएपछि २५ असोजमा माइती पक्ष खोजतलास गर्दै भेडयारी पुगेका थिए । खोजी जारी रहँदा २६ असोजको बिहान स्थानीय बालबालिकाले खोलामा शव देखेर खबर गरेका थिए, जुन रञ्जनाको थियो । मृतकको अनुहारलगायत शरीरको विभिन्न भागमा चोटपटक देखिएको थियो ।

'शारीरिक यातना र हत्या पुष्टि भएकोले चार आरोपीलाई तत्कालै पक्राउ गर्‍यौं । शवको फारबिसगन्ज अस्पतालमा पोस्टमार्टमपछि भिसेरा परीक्षणका लागि पटना पठायौं,' जोगबनी प्रहरी चौकीका प्रमुख आफताब अहमदले कान्तिपुरसँग भने, 'अब यो मुद्दा अदालतमा विचाराधीन छ ।' सीमावर्ती भारत बिहारको अररिया जिल्ला अदालतमा मुद्दा चलिरहेको छ । '६ महिनाभित्र फैसला हुने अदालतले भनेको छ,' आमा आनन्दीदेवीले भनिन् । दाइजो स्वरूप माग गरिएको २ लाख रुपैयाँ नदिँदा छोरीको हत्या भएको माइती पक्षको बयानअनुसार प्रहरीले तत्कालै रञ्जनाका श्रीमान् २५ वर्षीय भीम बहरदार, ससुरा सैनी बहरदार, जेठाजु अर्जुन बहरदार र छिमेकी शिवानन्द मुखियालाई पक्राउ गरेको थियो ।



छोरी रञ्जनाको तस्बिर देखाउँदै विराटनगर, पिचरा धुदुवा टोलकी आनन्दीदेवी सहनी ।
*तस्बिर : जितेन्द्र/कान्तिपुर*

फरार रहेकी रञ्जनाको सासूलाई दुई साताअघि पक्राउ गरी अदालतमा उपस्थित गराइसकिएको अहमदले बताए । उनको जेठानी दिदी अझै फरार छिन् । आनन्दीदेवीका अनुसार ससुराली पक्षबाहेक कुटपिट र हत्यामा टोलवासीको समेत संलग्नता थियो ।

'मुख्य आरोपीहरूलाई पक्राउ गरिसकेका छौं । अब उनीहरूको घरमा ताल्चा लागेको छ,' उनले भने, 'यस्तो मुद्दा कहिल्यै बन्द हुन्न । अनुसन्धानको क्रममा अन्य पनि आरोपी देखिएमा वा अदालतले थप कसैलाई पक्राउ गरेर ल्याउन भनेमा प्रहरी पछि हट्दैन ।' हरेक कोणबाट अनुसन्धान गरिंदा रञ्जनाको कुटपिट र विष सेवनबाट हत्या भएको पुष्टि भइसकेको हुनाले अभियुक्तहरू बच्ने सम्भावना नरहेको अहमदले बताए ।

रञ्जनाको शव फेला पर्नुभन्दा १५ दिनअघि ज्वाइँले पसल खोल्नलाई पैसा चाहिएको भन्दै दबाब दिएको र नदिएमा रञ्जनाको हत्या गर्ने धम्की दिएको माइती पक्षले बिहार प्रहरीको जोगबनी चौकीलाई दिएको जाहेरीमा उल्लेख छ ।

एक मात्र छोरीको हत्यापछि आनन्दीदेवीको आँखाबाट आँसु नझरेको दिन छैन । 'गरिब भए पनि छोरीको बिहे खर्चमा कुनै कमी हुन दिएनौं,' उनले भनिन् । बाँकी चार सदस्यीय सहनी परिवारमा आनन्दीदेवीका पति ५० वर्षीय मानीचन्दले राजमिस्त्री र छोरा २१ वर्षीय रिकेशले टेन्टको काम गर्छन् ।

सामान्य घरमा बस्ने सहनी परिवारले अहिलेसम्मको सम्पूर्ण बचत छोरीको बिहेमा खर्चेका थिए । टीभी, फर्निचर, गरगहना, लुगाफाटा र भाँडाबर्तनलगायत सम्पूर्ण सामान दिएर छोरीलाई बिदा गरेका थिए । तर ज्वाइँले कम दाइजो पाएको भन्दै रञ्जनालाई शारीरिक एवं मानसिक यातना दिँदै आएको परिवारजनले बताए । बिहेपछि परिवारजनले ऋण खोजेर भए पनि ज्वाइँलाई मोटरसाइकल किनेर दिएका थिए ।

'अब त छोरीलाई खुसी राख्लान् भनेर सोचेका थियौं तर ठिक उल्टो भयो, माग बढ्दै गयो,' आनन्दीदेवीले भनिन्, 'पसल खोल्नलाई ज्वाइँले २ लाख रुपैयाँ माग्यो, यति ठूलो रकम तत्कालै दिनलाई असमर्थ थियौं ।'

मागेको रकम नदिएमा रञ्जनालाई मारेर फालिदिने धम्की पटकपटक ज्वाइँले दिएको कान्छो हजुरबा ५५ वर्षीय लक्ष्मी सहनीले बताए । 'अन्तिम पटक धम्की दिएको १५ दिनपछि नातिनीको हत्या गरे,' उनले भने । तल्लो अदालतको फैसलाबाट चित्त नबुझेमा उच्च अदालत पुग्ने र त्यहाँबाट पनि चित्त नबुझेमा सर्वोच्चलाई गुहार्ने सहनीले बताए । उनले भने, 'नातिनीको हत्याराहरूलाई छाड्दैनौं ।'

तर पनि छोरी गुमाएकी आमा आनन्दीदेवीको अवस्था बेहाल छ । घरमा आइपुग्नेलाई छोरीको एक मात्र तस्बिर र शोकपत्र देखाउँदै रुन थाल्छिन् । बैचेनी र छटपटाहटले गर्दा उनलाई राम्ररी निद्रा आउँदैन । 'सपनीमा छोरीलाई घर फर्केको देख्छु,' आनन्दीदेवी भन्छिन्, 'विपनीमा पनि फर्केर आउँछिन् कि जस्तो लाग्छ, आँगनमा छरछिमेकका छोरीबुहारी आउँदा रञ्जना नै आएजस्तो भान हुन्छ ।' छोरीको सन्तानलाई खेलाउने सपना अधुरै रहेको उनले बताइन् । चाडबाडमा छरछिमेकका छोरीज्वाइँ आउँदा सम्झना आउने गरेको आनन्दीदेवी बताइन् ।

# महामहिमको 'मुस्कान'


मनोज पौडेल

बुद्धस्थल प्राचीन कपिलवस्तु (तिलौराकोट) मा चिनियाँ राजदूत होउ यान्छी (बायाँ) ।

कपिलवस्तु (कास)- 'हर एक्सिलेन्सी । फिउ वर्ड इन मिडिया ।' सञ्चारकर्मी मनोज श्रीवास्तवको शब्द उनको कानमा के परेको थियो, उनले गजबको मुस्कान दिइन् । भनिन्, 'एस् प्लिज । यू आर रेडी ।' उनी थिइन्, सेलिब्रिटी चिनियाँ राजदूत हाउ यान्छी ।

सञ्चारकर्मीसँग बुद्धस्थल प्राचीन कपिलवस्तु (तिलौराकोट) मा बिहीबार हाँसीहाँसी कुरा गरिन् । 'निकै फ्रयांक थिइन्,' सञ्चारकर्मी श्रीवास्तवले भने, 'उत्तिकै सरस र सरल ।' मुस्कानसाथ क्यामेरामा कुरा गरिन् । सञ्चारकर्मीको जिज्ञासा धीत् मार्ने गरी मेटिन् । उत्ति नै मुस्कुराउँदै बिदा भइन् । जुन अविस्मरणीय भएको सञ्चारकर्मी शम्भु सैनीले बताए । 'धेरैसँग अन्तर्वार्ता गरियो,' उनले भने, 'तर यस्तो फरासिलो र हँसिलो राजदूत पाएका थिएनौं ।'

तिलौराकोट अवलोकन गर्ने क्रममा संयोगले महामहिमको डुर्‍हाम विश्वविद्यालय बेलायतका प्रोफेसर पुरातत्त्वविद् डा. रविन कनिङ्घमसँग भेट भयो । मुस्कुराउँदै परिचय दिइन् । 'सम्पन्न मुलुकको शक्तिशाली राजदूत हुँदा सामान्य, सरल र मिजासिलो पायौं,' लुम्बिनी विकास कोषका सदस्य राजेश ज्ञवालीले भने ।

चिनियाँ सञ्चार संस्था पिपुल्स डेलीले राजदूत यान्छीले सामाजिक सञ्जालमार्फत नेपालको पर्यटन प्रवर्द्धन गरेको भन्दै समाचार प्रकाशन गरेको छ । उत्तरी चीनको सान्सी प्रान्तमा सन् १९७० मार्चमा जन्मेकी राजदूत हाउ सन् २०१८ मा नेपालका लागि जनवादी गणतन्त्र चीनको राजदूत नियुक्त भएकी थिइन् । उनी बुद्धस्थल र पूर्वी नवलपरासीमा सञ्चालित चिनियाँ लगानीका योजना अनुगमन गरेर शुक्रबार राजधानी फर्किएकी छन् ।

# बनेन न्यायिक समिति

■ **अगन्धर तिवारी** (पर्वत)

संवैधानिक व्यवस्थाबमोजिम स्थानीय तहमा जनप्रतिनिधि चुनिएलगत्तै न्यायिक समिति गठन हुनुपर्ने हो । तर स्थानीय तहभित्रका साँधसिमाना, पारिवारिक तथा सामाजिक झैझगडा, बाटोघाटोका विवादलगायत समस्या निरूपण गर्न समिति गठन हुनैपर्ने भए पनि कुश्मा नगरपालिकामा अझै हुन सकेको छैन । जसका कारण कुश्मावासी जनप्रतिनिधि आएको अढाई वर्षसम्म संघीय संरचनाअनुसारका न्याय अनुभूत गर्न पाएका छैनन् ।

नेकपा र कांग्रेसबीच कुरा नमिल्दा उपप्रमुखको संयोजकत्वमा गठन हुनुपर्ने न्यायिक समिति अझैसम्म गठन नभएको हो । कुश्माका १४ मध्ये ५ वडा कांग्रेस र ९ वडामा नेकपाका अध्यक्ष विजयी भएका छन । २४ कार्यपालिका सदस्यमध्ये ७ नेपाली कांग्रेस र बाँकी सबै नेकपाका छन् ।

तीन सदस्य रहने समिति नगरपालिकाका उपप्रमुखको संयोकत्वमा गठन हुने संवैधानिक व्यवस्था छ । संविधानको धारा २१७ बमोजिम न्यायिक समिति गठन गर्नुपर्ने व्यवस्था छ । सोही धाराको उपधारा २ मा न्यायिक समितिमा गाउँसभा वा नगरसभाबाट निर्वाचित २ सदस्य हुनुपर्ने व्यवस्था छ ।

यस्तो समितिले प्रचलित कानुनबमोनिम मेलमिलाप हुन सक्ने व्यक्ति वादी भई दायर हुने अन्य देवानी र अन्य एक वर्षसम्म कैद हुन सक्ने फौजदारी विवादको फैसला गर्ने अधिकार स्थानीय तह सञ्चालन ऐन, २०७४ को परिच्छेद ८ (ट) मा उल्लेख छ । संवैधानिक व्यवस्थाअनुसार उपप्रमुखको संयोजकत्वमा गठन हुनुपर्ने न्यायिक समिति नेकपाको बहुमतकै कारण गठन हुन नसकेको नगरका पदाधिकारी बताउँछन् । 'हाम्रो बहुमत भएको भए तत्कालै हुन्थ्यो,' एक जनप्रतिनिधिले भने, 'उहाँहरूले विभिन्न बखेडा झिकेर बन्दी बनाउनुभएको छ ।' नेकपाबाट विजयी केही वडाध्यक्षले गत वर्षको नगरसभामा ५ वर्षसम्म न्यायिक समिति बन्न नदिने चुनौती दिएको ती सदस्यले बताए ।

नेकपाको बहुमत रहेको नगरपालिकामा प्रमुख र उपप्रमुख कांग्रेसबाट विजयी छन् । लेखा, विधायन र न्यायिक समिति संवैधानिक भएकोले कानुनको परिधिभित्रै रहेर समिति बनाउन सहमत भएको नेकपाका सदस्य बताउँछन् । नगरपालिकाको प्रवक्ता, विधायन, लेखा, सुशासनलगायतका अरू समितिका संयोजकसहित बहुमत सदस्य आफ्ना दलका नबनाए न्यायिक समिति गठन गर्न नदिने अडान नेकपाका सदस्यको छ । 'न्यायिक समितिमा हामीले कुनै अवरोध गरेका छैनौं,' कुश्मा-११ का अध्यक्ष शिवप्रसाद पौडेलले भने, 'विपक्षी दलका हिसाबले हामीले लेखा समितिको संयोजक मागेको सत्य हो । अरूमा उहाँहरूले मागे बमोजिमका सदस्य तोकेका छौं ।' नगरप्रमुख र उपप्रमुखकै चासो कम हुँदा संवैधानिक समिति गठन हुन नसकेको उनको आरोप छ ।

नगरप्रमुख र उपप्रमुख भने न्यायिक समितिको गठन नहुनुमा नेकपा नै दोषी रहेको बताउँछन् । 'न्यायिक समिति बनाउने हो भने प्रवक्ता हामीलाई चाहिन्छ भन्ने उहाँहरूको कुरा हो,' नगरप्रमुख रामचन्द्र जोशीले भने, 'हरेक मिटिङमा मैले गर्नसम्म गरेको छु । बहुमत र अल्पमतको कुरा गर्छन् । तपाईंहरूकै सदस्य राख्नुस् भन्दा पनि मान्नुभएको छैन ।' हरेक बैठकमा

## नेकपाकै कारण समिति गठन हुन नसकेको हो

फरकफरक कुरा गर्ने नेकपाका सदस्यबीच नै कुरा नमिलेर बिग्रिएको उनको आरोप छ । 'हामी समिति बनाउने होमवर्क धेरै पहिलेदेखि गर्दै आएका हौं,' उपप्रमुख सीता काफ्ले लामिछानेले भनिन्, 'उहाँहरूले अरू समितिका कुरा ल्याएर जोडेपछि यो विषय धेरै जटिल बन्न पुग्यो ।'

**समितिमा उजुरी बढ्दै**

न्यायिक समिति गठन भएपछि कुश्माबाहेकका सबैजसो स्थानीय तहमा उजुरीको चाङ लाग्न थालेका छन् । घरेलु हिंसा, महिला हिंसा, आर्थिक लेनदेन, योजना विवाद, साँधसिमाना, सडक, खानेपानी, सिँचाइलगायतदेखि बहुविवाहसम्मका उजुरी पर्न थालेका छन् । संविधानले न्यायिक समितिलाई कानुनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरूपण गर्न गाउँपालिका वा नगरपालिकाले उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति गठन गर्ने प्रावधान राखेको छ । सोही प्रावधानअनुसार गठित न्यायिक समितिले आएका उजुरीमाथि छानबिन एवम् मिलापत्र गर्न थालेका हुन् ।

शनिबारको
नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
# कान्तिपुर
ekantipur.com
सातै प्रदेशबाट एकैसाथ प्रकाशित
वर्ष २७ अंक ३२८ पोखरा | ४ माघ २०७६ शनिबार माघ कृष्णपक्ष अष्टमी | नेपाल संवत् ११४० | गण्डकी प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Saturday, January 18, 2020 | पृष्ठ १२+४+८ | १० रुपैयाँ

# तनाव व्यवस्थापनमा चुक्दा

## बढी कमाउने प्रलोभनमा ऋण लिएर गरेको लगानी डुब्न थालेपछि परिवारसहित आत्महत्या प्रयास गरेका युवाले श्रीमती र दुई छोरा गुमाएका छन्

**हरिहरसिंह राठौर** (धादिङ)
**मातृका दाहाल** (काठमाडौं)

व्यवस्थापन विषयका लेक्चरर विनय लामिछाने आफैंमा एक कुशल व्यवस्थापक पनि थिए। काठमाडौंको चन्द्रागिरि नगरपालिकास्थित मंगलोदय क्याम्पसमा व्यवस्थापन संकायमा पढाउँदै आएका उनले व्यवसायमा पनि हात हालेका थिए। सेयर र कमोडिटी मार्केटमा उनको लगानी थियो। उनी 'वेस्ट काठमाडौं बिजनेस इन्भेस्टमेन्ट प्रालि' का प्रमुख कार्यकारी अधिकृत पनि हुन्।

डेढ वर्षअघिदेखि सेयर र कमोडिटी मार्केटमा लगानी गरेका विनयले ६ महिनासम्म राम्रै नाफा कमाए। त्यसपछि लोभिएर लगानी बढाए। तर दुर्भाग्य, नाफा पहिलेभैंm निरन्तर हुन सकेन। एक वर्षको अवधिमा डेढ करोडभन्दा बढी घाटा व्यहोरेपछि उनको जिन्दगीले अर्कै मोड लियो। हिसाब गर्दा आफ्ना भएभरको जायजेथाले पनि ऋण र सापटी तिर्न नभ्याउने भयो। त्यसपछि तनाव व्यवस्थापन गर्न नसकेका लामिछाने गलत निर्णयमा पुगे। अन्ततः पत्नी र दुई अबोध छोरासहित बिहीबार साँझ त्रिशूली नदीमा हेलिन पुगे।

मकवानपुर, चित्लाङका विनयले धादिङको सिद्धलेख-७, बडघरेकी जमुना रेग्मीसँग २०७४ मा विवाह गरेका थिए। उनीहरूका दुई वर्षीय छोरा विजन र ६ महिनाका रिजन थिए। रिजनको शुक्रबारै पास्नीको साइत जुरेको थियो। तर परिवारमा सुतक परेकाले उनी पास्नी छोडेर श्रीमती र दुई छोरासहित घरबाट निस्किए।

घर छोड्नुअघि विनयले जमुनासँग भनेका थिए, 'म ऋणमा डुबिसकें, अब मर्छु।' जवाफमा जमुनाले 'एक्लै होइन, परिवार नै सँगसँगै मरौं' भनेपछि उनीहरू दुवै छोरालाई लिएर धादिङतर्फ लागेका थिए। घर छोड्नुअघि विनयले लेखेको तीन पाना लामो 'सुसाइड नोट' मा ऋण तिर्नुपर्ने लामो फेहरिस्तसहित आफू मृत्यु रोज्न बाध्य भएको खुलाएका छन्। 'यो पढ्नु होला' शीर्षकमा हरियो अक्षरमा लेखिएको सुसाइड नोटमा परिवार नै मास्नुपरेको कारण उल्लेख गरेका छन्। गएको वर्षदेखि व्यापार निकै खस्केको, सापटी लिएका मानिसले फोन गरेर चर्को मानसिक तनाव दिएको र आफ्नो अंश लाग्ने सम्पत्ति बेच्दा पनि सापटी र ऋण तिर्न नसक्ने अवस्था आएकाले श्रीमती र छोराहरूसहित परिवारले नै मृत्युवरण गर्ने निर्णय गरेको उनले सुसाइड नोटमा लेखेका छन्।


विनय लामिछाने (दायाँ)। त्रिशूलीमा डुबेर मृत्यु भएकी उनकी पत्नी जमुना र बेपत्ता छोराहरू। *तस्बिर : विनयको फेसबुकबाट*

धादिङको बेनीघाटस्थित सिउरेनीटार जोड्ने पुलमुनिबाट ६ महिनाका छोरा रिजनलाई श्रीमती र दुईवर्षे विजनलाई विनय आफैंले काखमा लिएर नडुबुन्जेल त्रिशूलीमा हेलिएका थिए। संयोगले विनयलाई जलयात्रा गर्ने समूहले जीवितै उद्धार गऱ्यो। तर जमुना दुई छोरासहित बेपत्ता भइन्।


बाँकी पृष्ठ १३

# किन हुन्छ सामूहिक आत्महत्या ?

**गोकर्ण गौतम** (काठमाडौं)

धादिङमा बिहीबार साँझ भएको घटनाले सामूहिक आत्महत्या प्रयास किन बढ्दै छ भन्ने प्रश्न फेरि जगाइदिएको छ।

गत वर्ष चितवनको भरतपुर महानगरपालिका-१८, शशीनगरमा एकै परिवारका तीन जनाले आत्महत्या गरेका थिए। सहरी क्लिनिक टोलकी ३५ वर्षीया माया आलेमगर, उनका १४ वर्षीया छोरी विनिता र १२ वर्षे छोरा विवेक सलमा झुन्डिएका थिए। विवेकले सुनाइड नोटमा लेखेका थिए, 'बुबा, तपाईं हामीलाई नसोधी किन जानुभयो ? ममीले साह्रै दुःख मान्नुभएको छ।' नेपाली सेनामा कार्यरत उनका बाबु घटनाको दुई दिनअगाडि काठमाडौं फर्किएका थिए। पारिवारिक बेमेलले आमाले बच्चासहित आत्महत्या गरेको खुलेको थियो। अघिल्लो वर्ष बझाङको सुर्मामा एउटै रुखमा पासो लगाएर तीन बालिकाले सामूहिक आत्महत्या गरेका थिए। १४ वर्षे जुनतारा पुजारा, १४ वर्षकै रेखा पुजारा र उनीहरूभन्दा एक वर्ष जेठी कविता बोहराले जंगलमा एउटै रुखमा नाम्लोले पासो लगाएर मृत्यु रोजेका थिए। यो रहस्यमयी घटनाको अन्तर्य त्यतिकै लुक्यो।



प्रेममा मनमुटाव वा वियोग भएपछि जोडीले आत्महत्या गरेका घटना पनि उत्तिकै छन्। गत वर्ष फागुनमा वीरगन्जमा तीन किशोरकिशोरीले सामूहिक विष सेवन गरेर आत्महत्या प्रयास गरेका थिए। जिरा भवानी गाउँपालिका-४ की १८ वर्षीया संगीताकुमारीको उपचार क्रममा मृत्यु भयो भने मञ्जिता कुमारी र सञ्जय दास समयमै उपचार पाएरकाले बाँचे। मञ्जिताको राज चौधरीसँग र संगीताको सञ्जयसँग प्रेमसम्बन्ध थियो। सञ्जय र राजचाहिँ साथीसाथी। विवाह गरेर भाग्ने प्रयास असफल भएपछि विष सेवन गरेको खुलेको थियो।

बाँकी पृष्ठ १३

**भित्र**


गुठीको २ हजार रोपनी व्यक्तिको नाममा


- फुक्दै नेकपामा असहमतिको गाँठो
- कांग्रेस भन्छ- 'सभामुख-उपसभामुख राष्ट्रिय हैसियतको फरक दलबाट'
- उस्तै कसुर, दुई थरी फैसला

साथमा



अमेरिकी दूतावास भन्छ-

# 'एमसीसीमा सैन्य मामिला छैन'



काठमाडौं (कास)- अमेरिकी दूतावासले मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) कुनै सैन्य गठबन्धन नभएको जनाएको छ। जनस्तरमै पक्षविपक्षमा व्यापक तर्क उठेपछि काठमाडौंस्थित दूतावासले शुक्रबार दसबुँदे विज्ञप्ति जारी गरेर एमसीसीमा कुनै सैन्य मामिला नजोडिएको बताएको हो।


दूतावासले अमेरिकी कानुनले कुनै पनि एमसीसी परियोजनामा सैन्य संलग्नतालाई निषेध गरेको दाबी गरेको छ। उसले एमसीसीलाई 'विशुद्ध रूपमा आर्थिक विकासमा केन्द्रित' भनेको छ। 'नेपालमा विद्युत् प्रसारण लाइन निर्माण र सडकको स्तरोन्नतिमार्फत आर्थिक विकासमा सघाउने एमसीसी परियोजनाको लक्ष्य छ,' विज्ञप्तिमा भनिएको छ। सत्तारूढ नेकपाभित्रै एमसीसी 'चीनविरुद्ध लक्षित' इन्डो-प्यासिफिक रणनीतिको अंग भएकाले उसँग भएको परियोजनासम्बन्धी सम्झौता संसद्बाट अनुमोदन गर्न नहुने आवाज उठ्न थालेपछि अमेरिकी दूतावासले विज्ञप्तिमार्फत प्रस्टीकरण सार्वजनिक गरेको हो। एमसीसी सम्झौता अनुमोदनका लागि संघीय संसद्मा पेस गरिएको छ, जसलाई यही हिउँदे अधिवेशनमा पारित गराउने सरकारको तयारी छ।

दूतावासले एमसीसीका सम्बन्धमा उठेका प्रश्नहरूबारे आफू जानकार भएको उल्लेख गरेको छ। 'हालै नेपाली नागरिक, नेतृत्व र सञ्चारकर्मीले एमसीसीको नेपाल कम्प्याक्ट (सम्झौता) बारे सोधिरहनुभएको छ। यस्ता प्रश्नलाई हामी स्वागत गर्छौं। यस कार्यक्रमभित्र नेपालका लागि केकस्ता लाभ छन् भन्नेसम्बन्धी बुझाइ निर्माणमा नेपाली जनसाधारणको सहभागितालाई पनि हामी स्वागत गर्छौं,' विज्ञप्तिमा भनिएको छ, 'अन्तर्राष्ट्रिय विकासका निम्ति पारदर्शिता तथा सच्चा साझेदारीमा आधारित नयाँ मोडलका रूपमा एमसीसी स्थापना भएको हो।'

बाँकी पृष्ठ १३

# फेरि हिमपात र वर्षा

## अन्नपूर्ण हिँडेका ७ जना सम्पर्कविहीन, गोरखामा हिमपहिरो


फाइल तस्बिर

**कान्तिपुर संवाददाता** (काठमाडौं)

सुदूरपश्चिम हुँदै भित्रिएको न्यूनचापीय प्रणालीका कारण शुक्रबार देशैभर वर्षा भएको छ। उच्च पहाडी र हिमाली भागमा हिमपात भएको छ। गोर्खामा हिमपहिरो गएको छ भने पर्यटकीय पदमार्ग अन्नपूर्ण आधारशिविर हिँडेका पाँच विदेशी पर्यटक र दुई नेपाली गाइड सम्पर्कविहीन छन्। निरन्तर वर्षा र खराब मौसमकै कारण चार अन्तर्राष्ट्रिय उडान डाइभर्ट भए भने ३७ आन्तरिक रद्द हुन पुगे।

पोखरास्थित संवाददाताका अनुसार अन्नपूर्ण आधारशिविर हिँडेका चार कोरियाली, एक चिनियाँ र दुई नेपाली सम्पर्कविहीन छन्।

'अन्नपूर्ण बेसक्याम्प (एबीसी) जाने क्रममा नौ कोरियालीमध्ये चार जना सम्पर्कमा नरहेको जानकारी प्राप्त भएको छ,' गण्डकीका प्रदेश प्रहरी प्रमुख डीआईजी विनोद शर्मा घिमिरेले भने, 'नेपाली भरियासहित गएका एक चिनियाँ र छुट्टै टोलीका दुई नेपाली गाइड पनि सम्पर्कविहीन छन्।' कास्कीको अन्नपूर्ण गाउँपालिका-११ हिमालय र देउरालीबीचको हिंकुमा हिमपहिरो आएपछि उनीहरू सम्पर्कमा नरहेको उनले बताए। उक्त वडाको दोभानस्थित डेस्टिनेसन एबीसी होटलका सञ्चालक सुक गुरुङले पनि केही पर्यटक र नेपाली बाटैबाट सम्पर्कविहीन रहेको बताए। अत्यधिक हिमपातले उक्त मार्गमा तत्काल ओहोरदोहोर गर्न सकिने अवस्था छैन। स्थानीय र प्रहरीले उक्त स्थानमा फोनले काम नगरेकाले पनि खोजीमा समस्या भएको बताएका छन्।

'एबीसी जाने बाटोमा रहेका होटलमा उनीहरू सुरक्षितसाथ बसेका पनि हुन सक्छन्,' डीआईजी घिमिरेले भने, 'टेलिफोन सम्पर्क छैन। अत्यधिक हिमपातले कोही जान सक्ने अवस्था छैन।' नजिकै रहेको घान्द्रुक प्रहरी चौकीबाट घटनास्थल पुग्न एक दिन लाग्छ। शुक्रबार बिहान ११ बजेतिर उक्त स्थानमा हिमपहिरो आएको थियो। डीआईजी घिमिरेले स्थानीय र प्रहरीलाई घटनास्थलतर्फ परिचालन गरिएको बताए। कास्की प्रहरीका प्रवक्ता डीएसपी राजकुमार केसीले पनि घटनाबारे अपुष्ट सूचना आएको बताए।

अत्यधिक हिमपातपछि गएको हिमपहिरोले गोरखामा ट्रेकिङ रुट (पैदल मार्ग) बन्द भएको छ। चुमनुब्री गाउँपालिका-४ नामरुङमा शुक्रबार दिउँसो हिमपहिरो जाँदा लार्केबाट सामागाउँ जाने बाटो बन्द भएको प्रहरीले जनाएको छ। गोरखा प्रहरी प्रमुख एसपी ओम अधिकारीका अनुसार करिब ५ सय मिटर माथिबाट आएको हिमपहिरोले लार्केपास ट्रेकिङ रुटको २५ मिटर बाटोमा क्षति पुऱ्याएको छ। 'बाटो नभएका कारण तत्काललाई आवतजावतमा रोक लगाइएको छ,' अधिकारीले भने, 'स्थानीयसँग समन्वय गरी बाटो खुलाउने प्रयासमा छौं।'

बाँकी पृष्ठ १३



# झेरीखण्डे दरबारको भग्नावशेष फेला

**कान्तिपुर संवाददाता** (नवलपुर)

भ्रमण वर्ष २०२० का लागि पूर्वी नवलपरासीमा नयाँ पर्यटकीय क्षेत्रको खोजी भइरहेको छ। चल्तीका पर्यटकीय गन्तव्यबाहेक पनि जिल्लाको दुर्गम क्षेत्रका ऐतिहासिक क्षेत्रको पहिचान र यसको संरक्षणका लागि जिल्ला समन्वय समितिको पहलमा नयाँ गन्तव्यको खोजी गरिएको हो।

यसैक्रममा बुलिङटार गाउँपालिका-१ हात्तीगौडामा रहेको झेरीखण्डे दरबारको भग्नावशेष फेला परेको छ। हात्तीगौडा र काफलडाँडाका स्थानीय, जनप्रतिनिधिसहितको टोलीले दुर्गम क्षेत्रमा भग्नावशेष फेला पारेको हो।

जिल्ला समन्वय समिति नवलपुरका प्रमुख चेसराम आलेको नेतृत्वको टोलीले पर्यटकीय क्षेत्रको खोजी गरेको हो। प्रदेश सरकारबाट जिल्लाका १० उत्कृष्ट पर्यटकीय गन्तव्य घोषणा भएपछि थप पर्यटकीय क्षेत्रको खोजी थालिएको हो।

**दरबारको इतिहासबारे थप खोजी र पुनर्निर्माण गरिने**

ऐतिहासिक, पुरातात्विक महत्वसँगै प्राकृतिक सुन्दरताले भरिपूर्ण झेरीखण्डे दरबारको बारेमा सीमित स्थानीयलाई पत्तो भए पनि जिल्लामा यसको औपचारिक सूचना भने थिएन। प्रचारप्रसारका कारण ओझेलमा परेको बताउँदै आलेले दरबारको इतिहासबारे थप खोजी र पुनर्निर्माण गर्ने जानकारी दिए।

'नवलपुर क्षेत्रमा यस्ता धेरै ऐतिहासिक स्थल छन्। पहाडको टुप्पामा भएकाले अधिकांशलाई पुराना दरबारबारे थाहा छैन,' उनले भने, 'युद्धमा शत्रुबाट बच्न राजाहरू पहाडको टुप्पोमा बस्ने इतिहास छ। जिल्लामा सेन र झेरीखण्डे राजाहरूको इतिहास छ।'

प्राकृतिक तथा ऐतिहासिक सम्पत्तिको खोजीमा जिल्लास्थित पर्यटन विकास समिति लागिपरेको छ। हात्तीगौडासम्म पुगेको सडकलाई दरबारको फेदसम्म पुऱ्याउने र दरबार रहेको स्थान चुचुरोसम्म पुग्न सिमेन्टका सिढीहरू बनाउने योजना छ। जयसिङ्गे राजाले राज्य गरेको उक्त स्थानको संरक्षणसँगै पूर्वाधार विकास गर्नुपर्ने उनले बताए। दरवारको पुरातात्विक ढुगाहरू त्यसको वरिपारी ठूलो गुफा, ओढार भेटिएको छ। अव ती सवै स्थालहरूको संरक्षणसगै त्यसको विवरणहरू संकलन गर्ने कार्यलाई तिव्र पारिने जिल्ला समन्वय समितिले जनाएको छ। दरबारको इतिहास, गुफाको लम्बाइ, ओढारको विशेषतासँगै मुकुन्दसेन दरबार र झेरीखण्डे दरवारको सम्बन्धलगायत विषयमा विषयमा खोजी गर्ने बुलिङटार-१ का अध्यक्ष दिलबहादुर सूर्यवंशीले बताए। फागुन र चैतमा गुँरास फुल्ने उक्त स्थानबाट अन्नपूर्ण हिमाल र अन्य हिमशृंखला देख्न सकिन्छ।

# जग्गा बसपार्कलाई दिएको १६ वर्षसम्म 'तिरो'

बसपार्क बनाउने खण्ड र आफूले पाउने जग्गाको कित्ताकाट नहुँदा उपभोक्ताले नियमित कर तिर्दै आएका छन्

■ **प्रकाश बराल** (बागलुङ)

सोह्र वर्षअघि बसपार्क बनाउन जग्गा दिएका यहाँका मोहीले अझै मालपोत शुल्क तिरिरहेका छन। कित्ताकाट नभएपछि नियमित शुल्क तिर्नुपरेको उनीहरूले गुनासो छ। बसपार्क बनाउने खण्ड र उपभोक्ताले पाउने जग्गाको अहिलेसम्म कित्ताकाट भएको छैन।

यहाँका ५१ जना उपभोक्ताले दिएको झण्डै सय रोपनी जमिन छ। त्यो मध्ये ५९ रोपनी जमिनमा बसपार्क र अन्य संरचना बनाउने लक्ष्य छ। सदरमुकामस्थित बागलुङ नगरपालिका-४ को उपल्लाचौरको जमिन अब्बलको कर तिर्ने गरेको स्थानीयले बताए।

२०५९ सालमा जग्गा दिएपछि जमिनमा किसानले खेतीपाती लगाउन पाएका छैनन्। 'कुन खण्डमा काम हुने हो, कुन खण्ड घडेरीको रुपमा पाउने हो त्यो पनि थाहा भएन,' स्थानीय खड्गबहादुर जिसीले भने, 'वर्षौंदेखि खेत बाँझो छ, न उत्पादन गर्न पाइन्छ, न अन्य संरचना गर्न पाइन्छ, बरु कर भने तिरेकै छौं।' बसपार्क बनेपछि जग्गादातालाई एकएक वटा घडेरी मिलाइदिने भन्दै बागलुङ नगरपालिकाले जिम्मा लिएको थियो।

तत्कालै बसपार्क बन्ने भयो भनेर स्थानीयले खेती गर्दागर्दैको जग्गा नगरपालिकालाई दिएका थिए। अघिल्लो वर्ष ठेक्का लगाए पनि चालु वर्षमा बसपार्कको काम सक्ने योजना सफल भएन। अहिले बसपार्कको ३५ प्रतिशत मात्र काम सम्पन्न भएको अनुमान छ। समय भने सकिएर म्याद थप भएको छ। थपिएको म्याद अनुसार चालु आर्थिक वर्षभित्र काम सकिनुपर्छ। कित्ताकाट नभएकै कारण आफ्नो भागमा कुन घडेरी पर्छ भन्ने समेत मोहीले थाहा पाएका छैनन्। घडेरी थाहा पाउन नसक्दा बेच्न पनि नपाएको स्थानीय कोपिला केसीले बताइन्। 'बालबालिका पढ्नका लागि चाहिने खर्च ऋणमा चलेको छ,' उनले भनिन्, 'वर्षौंसम्म अन्योलमा पारेर के गर्न खोजिएको हो ?' बसपार्क प्राविधिक कारणले नबनेको भन्दै म्याद थपेपछि स्थानीय झनै सशंकित भएका छन्।

नगरविकास कोषको ऋण सहयोगमा निर्माण गर्न लागिएको बसपार्क आशिष फेवा संयुक्त निर्माण कम्पनीले गत वर्षदेखि निर्माण गरिरहेको छ। तोकिएको समयमा काम नसकेपछि गत कात्तिकमा म्याद थप भएको हो। ७ करोड ६६ लाख ९९ हजार रुपैयाँमा बसपार्क निर्माणको काम भइरहेको छ। बसको पार्किङ, टर्मिनल भवन, शौचालय, खानेपानी र दोहोरो ट्र्याक १७ रोपनीमा बन्नेछ। बाँकी जमिनमा जग्गादाताको लागि कम्तीमा साढे २ आनादेखि ५ आनासम्मका १२७ घडेरी बनाइने योजना छ।

नगरपालिकाले जग्गा व्यवस्थापन समितिसँग सम्झौता गरेकोले जनताले कर तिर्नु नपरेको वडाध्यक्ष ध्रुबबहादुर केसीले दाबी गरे। 'जनताले समयमा जग्गा फिर्ता नपाएको भने हो, कर त समितिले तिरेको छ,' केसीले भने, 'स्थानीयले कुरा नबुझेर होला।' समिति निर्माण व्यवस्थापन हेर्नमात्र भएकोले कित्ताकाट नभएको जमिनको कर आफैले तिरेको स्थानीयको दाबी छ।



बागलुङको उपल्लाचौरमा बसपार्क निर्माण स्थल। स्थानीयले १६ वर्षअघि यो जमिन दिए पनि अझै बसपार्क बनेको छैन। *तस्बिर : प्रकाश/कान्तिपुर*

# साँघुरिँदै जलाशय

**कान्तिपुर संवाददाता** (स्याङ्जा)

स्याङ्जाको कालीगण्डकी गाउँपालिका-७ मा रहेको कालीगण्डकी ए जलविद्युत् आयोजनाको बाँधका कारण बनेको जलाशय पुरिन थालेको छ। कालीगण्डकी करिडोर निर्माणको क्रममा खसेका ढुंगा, गिट्टी, बालुवा र माटोले जलाशय पुरिँदै गएको हो। आसपासमा खनिएका ग्रामीण सडक, बाढीपहिरोले बगाएर ल्याउने काठपातले पनि जलाशय पुरिन थालेको स्थानीयले बताए।



जलाशयमा रुख, लेदो माटो र बालुवा मात्र देख्न सकिने स्थानीय प्रेमबहादुर बोटेले जानकारी दिए। यसतर्फ आयोजना र अन्य सरोकारवालाको ध्यान नपुगेको उनको भनाइ छ। करिडोरसँगै मिर्मीदेखि गुल्मीको हर्मीचौर जोड्ने ग्रामीण सडकका कारण पनि पहिरो गइरहँदा ताल साँघुरिएको हो। जलाशयको दुवै किनारमा भूक्षय समेत हुँदै आएको छ। ड्यामको करीब ५ सय मिटर माथिदेखि जमिन भाँसिएकाले पनि समस्या विकराल बन्दै गएको बोटेले बताए।

स्याङ्जाको पश्चिमतर्फको गुल्मीको भूभागमा झण्डै एक दर्जन स्थानमा माटो, ढुंगा र रुख खस्ने क्रम जारी छ। नेपाललाई उत्तरमा चीन र दक्षिणमा भारतसँग जोड्ने सबैभन्दा छोटो ४३५ किमीको कालीगण्डकी करिडोर हो। करिडोरबाट खस्ने ढुंगामाटोलाई रोक्न पहल गर्नुपर्ने र वर्षामा सम्भव नभए पनि हिउँदमा यसको संरक्षण गर्नुपर्ने स्थानीयको भनाइ छ। आयोजना निर्माणकै अवधिमा दायाँबायाँ पर्खाल निर्माण गर्नुपर्ने सम्झौता भए पनि सो अनुरुप काम हुन नसक्दा यस्तो अवस्था आएको परियोजनाका पुराना कर्मचारीले बताए।

कालीगण्डकी 'ए' मर्मतको लागि धेरै खर्चिलो र उत्पादन बन्द गर्नुपर्ने हुनाले यसका लागि सरकारले नै पहल गर्नुपर्ने परियोजनाका लेखा अधिकृत पर्शुराम पाण्डेको भनाइ छ।

१ सय ४४ मेगावाट क्षमताको आयोजनाबाट दिनमा औसतमा ६८ मेगावाट विद्युत् उत्पादन भएको परियोजना प्रमुख पशुपतिराज गौतमले जानकारी दिए। बिहान र बेलुकाको समयमा भने पूरा क्षमतामा नै विद्युत् उत्पादन हुन्छ। २०५८ सालदेखि सञ्चालनमा आएको परियोजनामा उत्पादित विद्युत् कास्कीको लेखनाथ र बुटवल सबस्टेशनमा जोडिएको छ। कालीगण्डकी गापाका अध्यक्ष खिम थापाले कालीगण्डकी परियोजना गापाकै गहनाको रुपमा रहेको बताए। उनले यसको संरक्षणको लागि संघीय सरकारसमक्ष पहल गर्ने बताए। बाँधले कालीगण्डकी नदीको पानी जम्मा भई ७ किलोमिटर जलाशय बनेको छ।

# घनपोखरामा 'रैथाने' स्वाद

**कान्तिपुर संवाददाता** (लमजुङ)

गाइभैंसीको दूधमा पकाएको कागुनोको खीर। चरेसको थालभित्र बटुकोमा राखिएको खीरलाई घेरिने गरी कोदोको सेलरोटी। साथमा आलु र केराउको तरकारी। मनाङ ङिस्याङ गाउँपालिका-५ भ्राकाकी सुन्दर घलेले पहिलोपटक कागुनोको खीर खाइन्। कोदोको पिठोबाट बनेको सेलरोटीको स्वाद पनि पहिलोपटक चाखिन्। मनाङमा सहरबाट लैजाने चामल र गाउँमा उत्पादित फापर, आलु खाँदै आएकी उनले नयाँ स्वाद फेरिन्।

मनाङकै नार्सो गाउँपालिका-८ ताचैका उमिता गुरुङले पनि पहिलोपटक कागुनो र कोदोको पिठोबाट बनाइएको परिकार खाएको बताइन्। लमजुङको दूधपोखरी गाउँपालिका-२ बिचौरठाँटीका बालकृष्ण दवाडीले घनपोखरा आएर स्वाद फेरेको बताए। 'करीब ३५ वर्षपछि कागुनोको स्वाद लिँदै छु। कोदो भने गाउँमा पाइन्छ,' उनले भने। कागुनो र कोदोको खुवाउने कार्यक्रम कृषि ज्ञान केन्द्रले गरेको हो। यसको व्यवस्थापन घनपोखरा बीउ उत्पादक तथा संरक्षक कृषक समूह र सामुदायिक बीउ बैंकले गरेको हो। कृषि ज्ञान केन्द्रका कृषि अर्थविज्ञ मदन रेग्मीका अनुसार रैथाने बालीको क्षेत्र एकीन तथा बजारीकरण सम्बन्धमा आयोजित कार्यक्रममा सहभागी मनाङ र लमजुङका कृषक, होमस्टे व्यवसायी, कर्मचारी तथा जनप्रतिनिधिलाई घनपोखरामा लगेर रैथाने बालीको स्वाद चखाइएको हो। मर्स्याङ्दी-२ रोप्लेफाँटको घनपोखरा सामुदायिक बीउ बैंकका अध्यक्ष खगेश्वरजंग गुरुङका अनुसार ५० कृषकबाट संकलित बीउबाट बैंक स्थापना गरिएको छ। अहिले १०५ कृषक पुगेका छन्। 'कोदो अहिले नै मासिएको छैन। कागुनो मासियो। हामीले जोगाएर राखेका छौं,' उनले भने, 'कागुनोको पकेट क्षेत्र बनाउन अघि बढेका छौं।' जिजुबाजेले गरेको खेतीलाई फेरि ब्युँताएको भन्दै उनले कागुनो स्वास्थ्यको दृष्टिकोणले पनि महत्वपूर्ण रहेको बताए। 'हाम्रो कागुनो दोलखा र जुम्लामा राम्रो फल्यो। हामीले रोपेर फलेको रैथाने बाली हामी पाहुनालाई खुवाउँछौं,' उनले भने।

**यसरी बन्छ कागुनोको खीर**

कागुनोको चामललाई पानीमा २ घण्टा भिजाइन्छ। दूधलाई उमालिन्छ। बाक्लो २ लिटर बराबर २ माना कागुनोको चामल राखिन्छ। त्यसपछि किसमिस राखिन्छ। चिनी भने राखिँदैन। करीब आधा घण्टामा काहुनाको खीर बन्छ। काठमाडौं र तनहुँको बाइसजाँगरको खाद्यमेलामा कागुनोको खीर बनाउनसमेत गएकी रोप्लेफाँटकी वृषमाया गुरुङका अनुसार रोप्लेफाँट र घनपोखरा क्षेत्रमा पर्यटकले कागुनोको खीर रोज्ने गर्छन्।



लमजुङको मर्स्याङदी-२ घनपोखरा रोप्लफाँटमा कागुनोको खीर खाँदै आगन्तुक। *तस्बिर : आश/कान्तिपुर।*

# शिविरले ल्यायो खुसी

**कान्तिपुर संवाददाता** (तनहुँ)

माघे झरीको प्रवाह नगरी स्याङ्जाको हरिनास गाउँपालिका-३ की कुमारी कोइराला एकाबिहानै तनहुँको शुक्लागण्डकीको बेलचौतारा आइपुगिन्। ५१ वर्षीया कोइराला लामो समयदेखि देब्रे खुट्टामा देखिएको समस्याको समाधान खोज्दै यहाँ आएकी हुन्।

जिपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र शुक्लागण्डकीले विशेषज्ञ चिकित्सकको उपस्थितिमा बृहत् निःशुल्क स्वास्थ्य शिविर गर्दै छ भन्ने थाहा पाएर उनी यहाँ आएको बताइन्। खुट्टामा डल्लो पलाएकाले क्यान्सरको लक्षण हो कि भनी डर लागेको उनले सुनाइन्। घरनजिकै सम्बन्धित रोग विशेषज्ञबाट निःशुल्क सेवा लिन पाउँदा उनी निकै खुसी थिइन्।

शुक्लागण्डकी-५ क्याम्पसबस्तीका ८० वर्षीया पदमलाल लामिछानेले पनि निःशुल्क स्वास्थ्य शिविरले सहज भएको बताए। 'बुढाबुढी भैइसकेका हामी धेरै बिमार भइरहन्छौं,' उनले भने, 'उपचारका लागि धेरै रकम खर्च गरेर टाढा पनि जान सक्दैनौं। यसरी घरआँगनमै डाक्टर आएर हाम्रो स्वास्थ्य परीक्षण गरिदिँदा निकै खुसी लागेको छ।' ग्रामीण बस्तीका वृद्धवृद्धा र आर्थिक स्थिति कमजोर भएकालाई यस्तो सेवाले निकै सहज बनाउने स्थानीय सुष्मा अधिकारीले बताइन्। 'कति मानिसहरू आर्थिक स्थिति कमजोर भएका कारण उपचारको लागि विशेषज्ञ चिकित्सक भएको अस्पतालमा पुग्न सक्दैनन्', उनले भनिन्, 'घरनजिकै आएर उपचार सेवा प्रदान गर्दा सहज हुने गरेको छ।'

ग्रामीणवासीलाई सहज सेवा दिने उद्देश्यसाथ केन्द्रले शुक्रबारदेखि ३ दिने स्वास्थ्य शिविरको आयोजना गरेको हो। शिविरको स्वास्थ्य तथा जनसंख्यामन्त्री भानुभक्त ढकालले शुभारम्भ गरे। उक्त अवसरमा मन्त्री ढकालले केन्द्रलाई दक्ष तथा जनताको विश्वासिलो बनाउन सरकारको योजना सुनाए।

शिविरमा सम्बन्धित रोगहरूको विशेषज्ञ चिकित्सकहरूद्वारा श्वासप्रश्वास, पाठेघरको मुखको क्यान्सर परीक्षण, जनरल मेडिसिन सेवा, बालरोग लगायत अन्य सेवाहरूको साथै निःशुल्क रुपमा ल्याब परीक्षण, रेडियोलोजी सेवा तथा औषधि वितरण गरिने कार्यक्रम संयोजक शेषमणि आचार्यले बताए।










## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | यात्रा हुने | तुला | शत्रु वृद्धि |
| वृष | भाग्य वृद्धि | वृश्चिक | केही लाभ |
| मिथुन | विद्यामा सफलता | धनु | यात्रामा सफल |
| कर्कट | आलस्यता | मकर | कार्य सिद्धि |
| सिंह | पराक्रम बढ्ने | कुम्भ | पुण्य आर्जन |
| कन्या | धन आर्जन | मीन | अस्वस्थता |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल माघ ५ गते आइतबार तदनुरुप १९ जनवरी २०२० माघ कृष्णपक्ष दशमी रात्रिको ५:८ बजेसम्म उप्रान्त एकादशी तिथि, विशाखा नक्षत्र रात्रिको २:१६ बजेसम्म उप्रान्त अनुराधा नक्षत्र, शुल योग दिनको १:८ बजेसम्म उप्रान्त गण्ड योग, वणिज करण साँझको ५:५९ बजेसम्म उप्रान्त भद्रा करण, तुला राशिमा चन्द्रमा रात्रिको ८:३२ बजेसम्म उप्रान्त वृश्चिक राशिमा।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | |
|---|---|
| ५:०० | भक्तिसुर |
| ५:३० | आध्यात्मिक सन्देश |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | मार्गदर्शन (लाइभ) |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | हर्के हल्दार (रिपिट) |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | मनी टक्स (रिपिट) |
| ११:०० | कान्तिपुर न्युज |
| ११:३० | यू एण्ड आई (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | सरोकार (रिपिट) |
| १:३० | कान्तिपुर समाचार |
| २:०० | मुभी |
| ४:०० | कान्तिपुर समाचार |
| ४:३० | यू एण्ड आई (रिपिट) |
| ५:०० | कल कान्तिपुर |
| ६:०० | कान्तिपुर न्युज |
| ६:३० | हियर्ज टु लाइफ |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | आउन मसँग खाउन |
| १०:०० | हियर्ज टु लाइफ (रिपिट) |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपीटेड |
| १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १:३० | हियर्ज टु लाइफ (रिपिट) |
| २:०० | कान्तिपुर समाचार (रिपिट १) |
| २:३० | मार्गदर्शन (रिपिट) |
| ३:०० | कल कान्तिपुर रिपीटेड |
| ४:०० | आउन मसँग खाउन (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगञ्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगञ्ज

| | |
|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (बालचन्द्र) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | विज्ञान प्रविधि (नाष्ट) |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (भूपेन्द्र) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | घुम्ने मेच (डिनेश डिसी) |
| १०:०० | स्पोर्ट्स डायरी |
| १०:०५ | गजब छ बा (दुर्गाराज) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | गेम्स् पिपुल प्ले (प्रियंका) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | टप टेन (एलिसा) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | सेलिब्रेटी आवर (रस्मिला) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | किक स्टार्ट (सञ्जय गुप्ता) |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | राइवार (नन्दकुमार) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | क्विक फिक्स (स्मिता/एलिसा) |
| १७:०० | डिष्ट्रिक्ट डायरी |
| १७:०५ | म्यूजिक लाउन्ज (राजेश पाण्डे) |
| १८:०० | ज्योतिश दर्शन (शिवराज) |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | काठमान्डु बीट (सागरिका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | रक मेसिन (मानस्वी वान्तवा) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | हेलो मिथिला (धिरेन्द्र/रुपा) |
| २३:०० | सो टाइम (स्वर्ण) |
| २४:०० | टप टेन (एलिसा) |
| २४:१० | म अनि मेरो कथा (शुभ) |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

**पोखराका महत्त्वपूर्ण नम्बरहरू**

| | |
|---|---|
| रक्त सञ्चार सेवा केन्द्र/एम्बुलेन्स रेडक्रस | ०६१-५२१०९१ |
| कास्की रेडक्रस | ०६१-५२०३४७ |
| दमकल सेवा | ०६१-५२०२२२ |
| शव बाहन सेवा (सिद्धार्थ क्लब) | ०६१-५३०२०० |
| पश्चिमाञ्चल क्षेत्रीय अस्पताल | ०६१-५२००६६/६७ |
| मनिपाल शिक्षण अस्पताल | ०६१-५२६४१६/१७/१८ |
| गण्डकी मेडिकल कलेज | ०६१-५५०२५३ |
| हिमालय आँखा अस्पताल | ०६१-४६११६८ |
| पोखरा विश्वविद्यालय, लेखनाथ | ०६१-५६१०४६/५६१५४६ |
| क्षेत्रीय प्रशासन कार्यालय | टोल फ्रि ११११/०६१-४६४८४१ |
| क्षेत्रीय प्रहरी कार्यालय | ०६१-४६२५००/९८५६०२८४३३ |
| जिल्ला प्रहरी कार्यालय | ०६१-५२००३३/९८५६०३९५९९ |
| जिल्ला ट्राफिक प्रहरी | १०३/०६१-५२०४१२ |
| सशस्त्र प्रहरी बल (कालिका गण) | ०६१-५४१०८८/९८५१२७२०४७ |

**बागलुङ**

| | |
|---|---|
| धौलागिरि अञ्चल अस्पताल | ०६८ ५२०१८८/५२०२८८ |
| रक्तसञ्चार केन्द्र | ०६८ ५२०२७३ |
| कालिका भगवती गुठी एम्बुलेन्स | ९८४६९१७५०० |
| गोरखा अस्पताल | ०६४ ४२०२०८ |
| स्याङ्जा जिल्ला अस्पताल | ०६३ ४२०२३९ |
| स्याङ्जा रेडक्रस एम्बुलेन्स | ०६३ ४२०११४ |
| पर्वत जिल्ला अस्पताल | ०६७ ४२०११९/४२०४१४ |
| पर्वत रेडक्रस एम्बुलेन्स | ०६७ ४२०१६९ |
| पर्वत प्रहरी/वारुणयन्त्र | ०६७ ४२०१००/४२०१९९ |
| लमजुङ जिल्ला अस्पताल | ०६६ ५२०१९५/५२०५५७ |
| लमजुङ सामुदायिक अस्पताल | ०६६ ५२०१८३ |
| म्याग्दी जिल्ला अस्पताल | ०६९ ५२०१०८ |
| दमौली अस्पताल | ०६५ ५६०२०३ |
| नवलपरासी जिल्ला अस्पताल | ०७८ ५२०५०३ |
| स्याङ्जा बारुणयन्त्र | ०६३ ४२०४०९ |
| जिल्ला प्रहरी बागलुङ | ०६८ ५२०१९९ र ५२०२१९ |
| जिल्ला प्रहरी गोरखा | ०६४ ४२०२३७ |
| जिल्ला प्रहरी लमजुङ | ०६६ ५२०१९८ र ५२०१९९ |
| जिल्ला प्रहरी मनाङ | ०६६ ४४०१९९ |
| जिल्ला प्रहरी मुस्ताङ | ०६९ ४४०११६ र ४४००९८ |
| जिल्ला प्रहरी म्याग्दी | ०६९ ५२०१९९ र ५२०२९९ |
| जिल्ला प्रहरी पर्वत | ०६७ ४२०१९९ |
| जिल्ला प्रहरी स्याङ्जा | ०६३ ४२०१००/४२०१९९/४२०२८४ |
| जिल्ला प्रहरी तनहुँ | ०६५ ५६०१९९ |
| इप्रका आँबुखैरेनी | ०६५ ५४००९९ |
| जिल्ला प्रहरी नवलपरासी | ०७८ ५४०१०० |
| लुम्बिनी अञ्चल अस्पताल बुटवल | ०७१५४०२०० |
| बुद्ध सामुदायीक मुटु अस्पताल | ०७१५४६१९७ |
| महिला तथा बाल अस्पताल-आम्दा | ०७१५४४४५० |
| युनिभर्सल कलेज अफ मेडिकल सायन्सेस भैरहवा | ०७१५०६०३० |
| भीम अस्पताल भैरहवा | ०७१५२०१९३ |
| पृथ्वी चन्द्र अस्पताल परासी | ०७८५२०१८८ |
| अर्घाखाची जिल्ला अस्पताल | ०७७४२०२५७ |
| गुल्मी जिल्ला अस्पताल | ०७९५२०१८८ |
| कपिलवस्तु जिल्ला अस्पताल | ०७६५६०२०० |
| रेडक्रस एम्बुलेन्स भैरहवा | ०७१-५२०२६३, ९७४७०२११०४ |
| रेडक्रस, रक्त संचार भैरहवा | ०७१-५२०२६३, ९८६७३२६४५७ |
| रेडक्रस, रक्त संचार, बुटवल | ०७१-५४१००४ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

**कान्तिपुर सम्पर्क** जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

# बचाउने कि धपाउने चौंरी गोठ ?

सडक पूर्वाधारको पहुँच वृद्धिसँगै हिमाली बस्तीमा पनि दशकअघि जस्तो चौंरी पाल्ने चलन घटेको छ । फाट्टफुट्ट पालेकाहरु पनि बेचेर गाडी किन्न लालायित भेटिन्छन् ।

■ **आनन्द गौतम** (पापुङ, ताप्लेजुङ)

सदरमुकाम फुङलिङका वाङगे शेर्पा पुस २६ गते जन्मस्थल पापुङ गए । गाडीमा गएका उनी साँवाको फुङफुङेमा ओर्लिए । बास बस्न बस्तीतिर उक्लँदै थिए । पारिपट्टि चौंरीको घण्टी बज्यो ।

उनलाई लाग्यो, 'अब उतै जान्छु र चौंरीवालसँगै बस्छु' । साँझ पर्दै गएकाले फटाफट अघि बढे । उनी साम्जेटारको ओडारमा पुग्दा चौंरीवाल आगो दन्काएर खाना बनाउँदै थिए । गाउँमा चौंरी पाल्ने अधिकांश चिनजानकै भएकाले 'म पनि थपिएँ है' भन्दै झोला बिसाए । उनीहरूसँगै खाना खाए र त्यही ओडारमा सुते ।

ओडारमा सुतेका उनलाई विशेष सम्मान दिए । चौंरीका डढाल्नामा लगाउने कपडा उनको ओछ्यानमा १० वटा ओछ्याइदिए । ओढ्नका लागि स्लिपिङ ब्याग थियो । 'चौंरी धपाएर आएका केटाहरू गाउँतिर पसेछन्,' वाङगेले भने, 'सुत्ने बेलामा त हामी ५/७ जना बुढा मात्रै भयौं ।' बालेको मुढाको राप आउने र ओडारले शीत छेल्ने भएकाले चिसो नभएको उनले सुनाए । वाङगे २४ वर्षपछि यसरी चौंरीको गोठमा सुतेका थिए ।

त्यसअघि उनी आफैं चौंरी धपाएर हिँड्थे र यस्तै ओडारमा रात बिताउँथे । पापुङको यही बस्तीबाट सयौं पटक सदरमुकाम फुङलिङसम्म चौंरी हिँडाएको उनको अनुभव छ । धपाउँदा धपाउँदै सदरमुकाममा घडेरी किने र घर बनाएर सहरमै बस्न थाले । फुङलिङ बजारको वीरेन्द्र चोकमा होटल चलाउन सुरु गर्दाताका उनले आफ्नो गोठ रित्याएका थिए ।

वाङगेजस्ता चौंरीपालन छाडेर अन्य व्यवसाय गर्नेको संख्या बढ्दो छ । उनैको बुझाइमा गाउँमा बाटो पुगेको चार-पाँच वर्षमा सबैको गोठबाट चौंरी रित्तिइसक्छ । ताप्लेजुङ जिल्लामा ६१ वटा वडा छन् । पापुङ र मामांखेमा मात्रै मोटरबाटो पुग्न बाँकी छ । पापुङको सिमानामा रहेको फुङफुङेसम्मै पुगेकाले यसै वर्षमा मिक्वाखोला-५ को पापुङ पनि मोटरबाटोले छुने वडाध्यक्ष डण्डु शेर्पा बताउँछन् ।

यो क्षेत्रमा मेवाखोला जलविद्युत् आयोजनाले दुईवटा एक्स्काभेटर मेसिन लगाएर सडक विस्तारको काम गरिरहेको छ । पापुङमा २० मेगावाटका दुईवटा आयोजना भएकाले त्यहाँसम्मै सडक विस्तार गर्ने आयोजनाको सञ्चालक समिति सदस्य डम्बरध्वज तुम्बाहाम्फे बताउँछन् ।

अहिले पापुङमा एउटा घरमा पाँचदेखि नौ वटासम्म चौंरी र याक छन् तर यस्ता घरधुरी दुई दर्जन हाराहारी मात्रै छन् । वडाध्यक्ष डण्डुका अनुसार एक दशकअघिसम्म शेर्पा र भोटेका प्रत्येक घरमा कम्तीमा १०/१५ वटा अनिवार्य हुन्थ्यो । औलका किसानले माउ गाई र हल गोरु पाले जत्तिकै थियो । चौंरीको दूध दुहुन्थे । यसबाट घिउ, छुर्पीलगायत उत्पादन हुन्छ । हिउँदको बेला भारी बोक्नका लागि औलतिर झार्थे । ढुवानीका लागि बर्खामा मान्छे र हिउँदमा चौंरी र याकको भर थियो । बर्खा सिद्धिएपछि चौंरीवाल बिग्रेको बाटो बनाउँदै चौंरी धपाएर हिँड्थे । गाउँबाट अलैंची, अम्रिसो र जडीबुटीलगायत वस्तु औलतिर झार्थे । सहरबाट चामल, नुन र दाललगायत सामग्री लिएर फर्कन्थे । सिमेन्ट र बालुवाजस्ता निर्माण सामग्रीसमेत चौंरीबाट ढुवानी गरेको नाम्म्या शेर्पा बताउँछन् ।

जिल्लामा खच्चड भित्रिएपछि चौंरीलाई केही धक्का भयो । चौंरी, याकको तुलनामा चाँडो हिँड्ने र भारी बोक्ने प्रयोजन भएकाले खच्चडको असर चौंरीमा पऱ्यो । नाम्म्याका अनुसार उनी आफैंले पनि चौंरी बेचेर खच्चड किने । अब यी दुवै विस्थापनको चरणमा पुगेका छन् । वाङगेका अनुसार चौंरी पालकको ध्यान ट्याक्सी खरिदतर्फ केन्द्रित भएको छ ।

त्यही रात साङगे शेर्पाले एउटा ट्याक्सीलाई कति मूल्य पर्छ भनेर सोधेका थिए । गाडी किस्तामा पाइने र पहिलो पटक पाँच-सात लाख रुपैयाँ जम्मा गरे हुने सुनेपछि उनीहरू निकै नै उत्साही बने । एउटा चौंरीको मूल्य एक लाख रुपैयाँसम्म पर्ने र भएका चौंरी बेचेको पैसाले गाडीको पहिलो किस्ता पुग्ने भएकाले युवाको मन बदलिएको वाङगे बताउँछन् । उनीहरूलाई कहिलेसम्म चौंरी धपाउने भन्ने चिन्ता छ ।





**ताप्लेजुङको मिक्वाखोला गाउँपालिका ५ पापुङमा पालिएका चौंरी (माथि) र चौरी गोठमा खाना पकाउँदै गोठाला ।**
*तस्बिर : आनन्द गौतम/कान्तिपुर*

**चौंरी र याक**

औलको गाईलाई लेकको याक लगाएपछि उत्पादन हुने सन्तान 'चौंरी' हो । याकको माउमा तिब्बतबाट ल्याएको गोरुको प्रजननबाट उत्पादन हुने सन्तानलाई 'जोबे' भनिन्छ । चौंरीकै गाई-गोरुबाट भने सन्तान हुँदैनन् । पहाडी बहरसँग नाकको संसर्गबाट चौंरी जन्मछ ।

याक र पहाडी गाईबाट जन्मने सन्तानलाई उराङ पनि भनिन्छ । विशुद्ध घरपालुवा जनावर भएकाले दूधदेखि भारी बोकाउनेसम्मको प्रयोजनमा प्रयोग गरिन्छ । पहिले हिमाली ढुवानी सेवा पनि भनिन्थ्यो । मोटोघाटो र तुलनात्मक रूपमा लामो पनि हुने भएकाले खच्चडको तुलनामा भने यो निकै नै ढिलो हिँड्ने जनावर पनि हो ।

गोठपालकले बीउका लागि तिब्बतबाट अनिवार्य गोरु ल्याउने गरेका छन् । यसको मूल्य एक लाख रुपैयाँसम्म पर्ने पेम्बाछिरिङ शेर्पा बताउँछन् । आफ्नो गोठमा नभएकाहरूले अरूको गोठमा चौंरी र याक लगेर संसर्ग गराउँछन् । नौ महिना गर्भधारण अवधि भएका चौंरी र याक १२ बेतसम्म ब्याउँछन् । पेम्बाछिरिङका अनुसार रोग लाग्दा उपचार गर्न नसक्नु अहिलेको मुख्य चुनौती बनेको छ । ज्वरो आउने, झाडापखाला लाग्नेजस्ता समस्या देखिने गरेको छ । यस्तो बेला घरेलु उपचार गर्नुबाहेक उनीहरूसँग विकल्प हुँदैन । अझ यो वर्षदेखित पशुचिकित्सक खोज्न पाँचथर सदरमुकाम फिदिम पुग्नुपर्ने बाध्यता छ ।

पशु स्वास्थ्यकर्मी जिल्लाबाट झिकाउनुपर्छ । गोठमा पुगिसक्दा क्षति भइसक्छ । यस्तो बेला घरेलु उपचार गर्ने र निको नभएर मरे त्यहीं गाडेर गोठ अर्को ठाउँमा सार्ने पेम्बाछिरिङ बताउँछन् । मरेकै ठाउँमा गोठ राख्नु हुँदैन भन्ने पुरानो मान्यता छ । हिउँ परेका बेला घाँस तान्ने क्रममा र बाटो भुलेर लडेर पनि मर्ने गरेका छन् ।

पछिल्ला वर्ष घाँस खान नरुचाउने, बसेको ठाउँबाट नउठ्ने र हिँड्दा थरथर काप्ने लक्षण देखिन्छ । यस्तो भएको ८ देखि ११ दिनको बीचैमा मृत्यु भइसक्छ । समस्या देखिएपछि गोठबाट घरसम्म पनि ल्याउन नसकिने पशुपालकको गुनासो छ । स्वास्थ्यकर्मी विकनेस (कमजोरी) का कारण यस्तो भएको बताउँछन् । हिमालमै बस्ने भएकाले हिउँ र चिसोको सामना चौंरीले गर्न सक्छन् तर धेरै दिन हिउँ परे खाने कुरा पुऱ्याउन कठिन हुन्छ । यो बेला शारीरिक कमजोरी हुने र तन्दुरुस्त पार्न कठिन हुने चौंरीपालक बताउँछन् ।

पहिला हिउँबाट जोगाउन गोठ अनिवार्य औलतिर झार्ने र भारी बोकाउने गरिन्थ्यो । लेकमै भएकालाई गोठमै बाँधेर पनि राखिन्थ्यो । अहिले औलमा धपाएर लिएर जाने जनशक्ति कम भएको छ । गोठाला पनि पाइँदैन । औलमा हिउँदे बाली लगाउने भएकाले राख्ने ठाउँको पनि समस्या छ । हिउँले छोपे त्यहाँबाट निस्कनासाथ नुनभुस खुवाउन पुग्नुपर्छ । यसले उनीहरूलाई चरनमा जान शक्ति प्राप्त हुन्छ । यतिबेलाका लागि घाँसको जोहो पनि पहिल्यै गरिएको हुन्छ । हिउँ परेका बेला घाँस तान्ने क्रममा सबैभन्दा बढी दुर्घटनाको जोखिम हुन्छ ।

लेकमा पाइने निगालो, मालिङ्गो हिउँले नुहाएको हुन्छ । त्यो निगालो खानका लागि तन्किन्छन् । त्यही बेला लड्ने र दुर्घटना हुने नुपु शेर्पा बताउँछन् । भारी बोकाउँदा भने घाँस खोलेका अलावा दाना पनि दिनुपर्छ । मकै, नुन, भुस मिलाएर दिइन्छ ।

मिक्वाखोला ५ का वडाध्यक्ष शेर्पा परम्परागत व्यवसाय जोगाउनु अनिवार्य रहेको बताउँछन् । उनका अनुसार यसका लागि स्थानीय तहले भने धेरै लगानी गर्न सक्तैन । 'मौसम परिवर्तनका कारण रोगको संक्रमण बढी नै देखिन थालेको छ,' उनले भने, 'यसका लागि दक्ष स्वास्थ्यकर्मी सके गोठमै नभए वडामा राख्नु अनिवार्य छ ।' नश्ल सुधारका लागि पनि विशेष योजना ल्याउनुपर्छ । याक संरक्षण र नश्ल सुधारका लागि सरकारले डोल्पा र सोलुखुम्बुमा कार्यक्रम ल्याएको थियो । अहिले स्याङबोचेमा मात्रै संरक्षण तथा संवर्द्धन कार्यक्रम सञ्चालनमा रहेको उनले बताए । यस्तो कार्यक्रम ताप्लेजुङमा पनि विस्तार गर्नुपर्ने उनको माग छ ।

मिक्वाखोलाको पापुङ, साँवा, फक्ताङलुङको ओलाङचुङगोला, लेलेप, सिरिजंघाको याम्फुदिनमा समथर खर्क र चौर प्रशस्तै रहेकाले चौंरीपालनको सम्भावना रहेको डण्डुको बुझाइ छ । यसका लागि पशु बिमा, मौसमको पूर्वजानकारी, बजारको सुनिश्चितता अनिवार्य भएको डण्डु बताउँछन् ।

स्थानीयले पनि अब चार/पाँचवटा मात्रै नभएर व्यावसायिक रूपमा सयौंको संख्यामा पाल्न सक्नुपर्छ । अहिलेसम्म नेपालका चौंरी र याक चीनमा मात्रै निर्यात हुने गरेको छ । मासुका लागि चीनमा लगिन्छ । छुर्पी र चम्मर भने नेपाली बजारमा बिक्री हुन्छ । चौंरीको पुच्छर चम्मरका रूपमा प्रयोग हुन्छ । गोठ जोगाउन सके नेपालको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने डण्डु बताउँछन् । 'तीनजुरे मिल्के जलजलेमा लालीगुँरास हेर्न आएका मान्छेले चौंरी याकको बथान पनि देखे अझै खुसी हुन्छन्,' उनी भन्छन्, 'हिमाली पशुपालनको संस्कृति जोगाउन र पर्यटकलाई देखाउन पनि जोगाउन जरुरी छ ।'

# पारि छोरीको हत्या, वारि न्यायको पर्खाइ

■ **जितेन्द्र साह** (विराटनगर)

छोरीका बारेमा सोध्नेबित्तिकै विराटनगर ११ पिचरा धुदुवा टोलकी ४५ वर्षीया आनन्दीदेवी सहनी डाँको छाडेर रुन्छिन् । 'सासूससुरा, ज्वाइँ, नन्द र छरछिमेकले मिलेर अर्धमूर्च्छित नहुन्जेलसम्म कुट्दै छोरीलाई विष खुवाए, रातारात खोलामा लगेर फाले,' उनी रुँदै भन्छिन्, 'ती निर्दयी हत्यारालाई पनि अदालतले यसै गरी सजाय दिनुपर्छ, उनीहरूलाई फाँसीको सजाय हुनुपर्छ ।'

दाइजोको भोका ससुराली पक्षले छोरी २२ वर्षीया रञ्जनाको हत्या गरेपछि उनी तीन महिनादेखि न्यायको पर्खाइमा छिन् । 'फूल जस्ती छोरीलाई तडपाएर मार्नेहरूले कहिल्यै शान्ति नपाऊन्, उनीहरूको पनि अकालमै मृत्यु होस्,' आनन्दीदेवीले विलाप गर्दै भनिन् ।

भारत बिहारको अररिया जिल्लास्थित जोगबनीको भेडयारीमा रञ्जनाको असोज २४ को राति हत्या भएको थियो । घटनाको आठ महिनाअघि २३ फागुनमा जोगबनी भेडयारीका २५ वर्षीय भीम बहरदारसँग उनको मागी बिहे धुमधामले भएको थियो ।

जोगबनी प्रहरी चौकीका अनुसार हत्याको दुई दिनपछि २६ असोजको बिहान सीमावर्ती जोगबनी बजारदेखि करिब ३ किमि दक्षिण भवानीपुरस्थित परमान खोलामा रञ्जनाको शव फेला परेको थियो । रञ्जनाको घरदेखि यो खोला एक किलोमिटर पर छ ।

छोरी हराएको खबर पाएपछि २५ असोजमा माइती पक्ष खोजतलास गर्दै भेडयारी पुगेका थिए । खोजी जारी रहँदा २६ असोजको बिहान स्थानीय बालबालिकाले खोलामा शव देखेर खबर गरेका थिए, जुन रञ्जनाको थियो । मृतकको अनुहारलगायत शरीरको विभिन्न भागमा चोटपटक देखिएको थियो ।

'शारीरिक यातना र हत्या पुष्टि भएकोले चार आरोपीलाई तत्कालै पक्राउ गऱ्यौं । शवको फारबिसगन्ज अस्पतालमा पोस्टमार्टमपछि भिसेरा परीक्षणका लागि पटना पठायौं,' जोगबनी प्रहरी चौकीका प्रमुख आफताब अहमदले कान्तिपुरसँग भने, 'अब यो मुद्दा अदालतमा विचाराधीन छ ।' सीमावर्ती भारत बिहारको अररिया जिल्ला अदालतमा मुद्दा चलिरहेको छ । '६ महिनाभित्र फैसला हुने अदालतले भनेको छ,' आमा आनन्दीदेवीले भनिन् । दाइजो स्वरूप माग गरिएको २ लाख रुपैयाँ नदिँदा छोरीको हत्या भएको माइती पक्षको बयानअनुसार प्रहरीले तत्कालै रञ्जनाका श्रीमान् २५ वर्षीय भीम बहरदार, ससुरा सैनी बहरदार, जेठाजु अर्जुन बहरदार र छिमेकी शिवानन्द मुखियालाई पक्राउ गरेको थियो ।

फरार रहेकी रञ्जनाको सासूलाई दुई साताअघि पक्राउ गरी अदालतमा उपस्थित गराइसकिएको अहमदले बताए । उनको जेठानी दिदी अझै फरार छिन् । आनन्दीदेवीका अनुसार ससुराली पक्षबाहेक कुटपिट र हत्यामा टोलवासीको समेत संलग्नता थियो ।

'मुख्य आरोपीहरूलाई पक्राउ गरिसकेका छौं । अब उनीहरूको घरमा ताल्चा लागेको छ,' उनले भने, 'यस्तो मुद्दा कहिल्यै बन्द हुन्न । अनुसन्धानको क्रममा अन्य पनि आरोपी देखिएमा वा अदालतले थप कसैलाई पक्राउ गरेर ल्याउन भनेमा प्रहरी पछि हट्दैन ।' हरेक कोणबाट अनुसन्धान गरिंदा रञ्जनाको कुटपिट र विष सेवनबाट हत्या भएको पुष्टि भइसकेको हुनाले अभियुक्तहरू बच्ने सम्भावना नरहेको अहमदले बताए ।

रञ्जनाको शव फेला पर्नुभन्दा १५ दिनअघि ज्वाइँले पसल खोल्नलाई पैसा चाहिएको भन्दै दबाब दिएको र नदिएमा रञ्जनाको हत्या गर्ने धम्की दिएको माइती पक्षले बिहार प्रहरीको जोगबनी चौकीलाई दिएको जाहेरीमा उल्लेख छ ।

एक मात्र छोरीको हत्यापछि आनन्दीदेवीको आँखाबाट आँसु नझरेको दिन छैन । 'गरिब भए पनि छोरीको बिहे खर्चमा कुनै कमी हुन दिएनौं,' उनले भनिन् । बाँकी चार सदस्यीय सहनी परिवारमा आनन्दीदेवीका पति ५० वर्षीय मानीचन्दले राजमिस्त्री र छोरा २१ वर्षीय रिकेशले टेन्टको काम गर्छन् ।

सामान्य घरमा बस्ने सहनी परिवारले अहिलेसम्मको सम्पूर्ण बचत छोरीको बिहेमा खर्चेका थिए । टीभी, फर्निचर, गरगहना, लुगाफाटा र भाँडाबर्तनलगायत सम्पूर्ण सामान दिएर छोरीलाई बिदा गरेका थिए । तर ज्वाइँले कम दाइजो पाएको भन्दै रञ्जनालाई शारीरिक एवं मानसिक यातना दिँदै आएको परिवारजनले बताए । बिहेपछि परिवारजनले ऋण खोजेर भए पनि ज्वाइँलाई मोटरसाइकल किनेर दिएका थिए ।

'अब त छोरीलाई खुसी राख्लान् भनेर सोचेका थियौं तर ठिक उल्टो भयो, माग बढ्दै गयो,' आनन्दीदेवीले भनिन्, 'पसल खोल्नलाई ज्वाइँले २ लाख रुपैयाँ माग्यो, यति ठूलो रकम तत्कालै दिनलाई असमर्थ थियौं ।'

मागेको रकम नदिएमा रञ्जनालाई मारेर फालिदिने धम्की पटकपटक ज्वाइँले दिएको कान्छो हजुरबा ५५ वर्षीय लक्ष्मी सहनीले बताए । 'अन्तिम पटक धम्की दिएको १५ दिनपछि नातिनीको हत्या गरे,' उनले भने । तल्लो अदालतको फैसलाबाट चित्त नबुझेमा उच्च अदालत पुग्ने र त्यहाँबाट पनि चित्त नबुझेमा सर्वोच्चलाई गुहार्ने सहनीले बताए । उनले भने, 'नातिनीको हत्याराहरूलाई छाड्दैनौं ।'

तर पनि छोरी गुमाएकी आमा आनन्दीदेवीको अवस्था बेहाल छ । घरमा आइपुग्नेलाई छोरीको एक मात्र तस्बिर र शोकपत्र देखाउँदै रुन थाल्छिन् । बैचेनी र छटपटाहटले गर्दा उनलाई राम्ररी निद्रा आउँदैन । 'सपनीमा छोरीलाई घर फर्केको देख्छु,' आनन्दीदेवी भन्छिन्, 'विपनीमा पनि फर्केर आउँछिन् कि जस्तो लाग्छ, आँगनमा छरछिमेकका छोरीबुहारी आउँदा रञ्जना नै आएजस्तो भान हुन्छ ।' छोरीको सन्तानलाई खेलाउने सपना अधुरै रहेको उनले बताइन् । चाडबाडमा छरछिमेकका छोरीज्वाइँ आउँदा सम्झना आउने गरेको आनन्दीदेवी बताइन् ।



**छोरी रञ्जनाको तस्बिर देखाउँदै विराटनगर, पिचरा धुदुवा टोलकी आनन्दीदेवी सहनी ।**
*तस्बिर : जितेन्द्र/कान्तिपुर*

# महामहिमको 'मुस्कान'



मनोज पौडेल

**बुद्धस्थल प्राचीन कपिलवस्तु (तिलौराकोट) मा चिनियाँ राजदूत होउ यान्छी (बायाँ) ।**

कपिलवस्तु (कास)- 'हर एक्सिलेन्सी । फिउ वर्ड इन मिडिया ।' सञ्चारकर्मी मनोज श्रीवास्तवको शब्द उनको कानमा के परेको थियो, उनले गजबको मुस्कान दिइन् । भनिन्, 'एस् प्लिज । यू आर रेडी ।' उनी थिइन्, सेलिब्रिटी चिनियाँ राजदूत हाउ यान्छी ।

सञ्चारकर्मीसँग बुद्धस्थल प्राचीन कपिलवस्तु (तिलौराकोट) मा बिहीबार हाँसीहाँसी कुरा गरिन् । 'निकै फ्रयांक थिइन्,' सञ्चारकर्मी श्रीवास्तवले भने, 'उत्तिकै सरस र सरल ।' मुस्कानसाथ क्यामेरामा कुरा गरिन् । सञ्चारकर्मीको जिज्ञासा धीत् मार्ने गरी मेटिन् । उत्ति नै मुस्कुराउँदै बिदा भइन् । जुन अविस्मरणीय भएको सञ्चारकर्मी शम्भु सैनीले बताए । 'धेरैसँग अन्तर्वार्ता गरियो,' उनले भने, 'तर यस्तो फरासिलो र हँसिलो राजदूत पाएका थिएनौं ।'

तिलौराकोट अवलोकन गर्ने क्रममा संयोगले महामहिमको डुर्हाम विश्वविद्यालय बेलायतका प्रोफेसर पुरातत्त्वविद् डा. रविन कनिङ्घमसँग भेट भयो । मुस्कुराउँदै परिचय दिइन् । 'सम्पन्न मुलुकको शक्तिशाली राजदूत हुँदा सामान्य, सरल र मिजासिलो पायौं,' लुम्बिनी विकास कोषका सदस्य राजेश ज्ञवालीले भने ।

चिनियाँ सञ्चार संस्था पिपुल्स डेलीले राजदूत यान्छीले सामाजिक सञ्जालमार्फत नेपालको पर्यटन प्रवर्द्धन गरेको भन्दै समाचार प्रकाशन गरेको छ । उत्तरी चीनको सान्सी प्रान्तमा सन् १९७० मार्चमा जन्मेकी राजदूत हाउ सन् २०१८ मा नेपालका लागि जनवादी गणतन्त्र चीनको राजदूत नियुक्त भएकी थिइन् । उनी बुद्धस्थल र पूर्वी नवलपरासीमा सञ्चालित चिनियाँ लगानीका योजना अनुगमन गरेर शुक्रबार राजधानी फर्किएकी छन् ।

# बनेन न्यायिक समिति

■ **अगन्धर तिवारी** (पर्वत)

संवैधानिक व्यवस्थाबमोजिम स्थानीय तहमा जनप्रतिनिधि चुनिएलगत्तै न्यायिक समिति गठन हुनुपर्ने हो । तर स्थानीय तहभित्रका साँधसिमाना, पारिवारिक तथा सामाजिक झैझगडा, बाटोघाटोका विवादलगायत समस्या निरूपण गर्न समिति गठन हुनैपर्ने भए पनि कुश्मा नगरपालिकामा अझै हुन सकेको छैन । जसका कारण कुश्मावासी जनप्रतिनिधि आएको अढाई वर्षसम्म संघीय संरचनाअनुसारका न्याय अनुभूत गर्न पाएका छैनन् ।

नेकपा र कांग्रेसबीच कुरा नमिल्दा उपप्रमुखको संयोजकत्वमा गठन हुनुपर्ने न्यायिक समिति अझैसम्म गठन नभएको हो । कुश्माका १४ मध्ये ५ वडा कांग्रेस र ९ वडामा नेकपाका अध्यक्ष विजयी भएका छन । २४ कार्यपालिका सदस्यमध्ये ७ नेपाली कांग्रेस र बाँकी सबै नेकपाका छन् ।

तीन सदस्य रहने समिति नगरपालिकाका उपप्रमुखको संयोकत्वमा गठन हुने संवैधानिक व्यवस्था छ । संविधानको धारा २१७ बमोजिम न्यायिक समिति गठन गर्नुपर्ने व्यवस्था छ । सोही धाराको उपधारा २ मा न्यायिक समितिमा गाउँसभा वा नगरसभाबाट निर्वाचित २ सदस्य हुनुपर्ने व्यवस्था छ ।

यस्तो समितिले प्रचलित कानुनबमोनिम मेलमिलाप हुन सक्ने व्यक्ति वादी भई दायर हुने अन्य देवानी र अन्य एक वर्षसम्म कैद हुन सक्ने फौजदारी विवादको फैसला गर्ने अधिकार स्थानीय तह सञ्चालन ऐन, २०७४ को परिच्छेद ८ (ट) मा उल्लेख छ । संवैधानिक व्यवस्थाअनुसार उपप्रमुखको संयोजकत्वमा गठन हुनुपर्ने न्यायिक समिति नेकपाको बहुमतकै कारण गठन हुन नसकेको नगरका पदाधिकारी बताउँछन् । 'हाम्रो बहुमत भएको भए तत्कालै हुन्थ्यो,' एक जनप्रतिनिधिले भने, 'उहाँहरूले विभिन्न बखेडा झिकेर बन्दी बनाउनुभएको छ ।' नेकपाबाट विजयी केही वडाध्यक्षले गत वर्षको नगरसभामा ५ वर्षसम्म न्यायिक समिति बन्न नदिने चुनौती दिएको ती सदस्यले बताए ।

नेकपाको बहुमत रहेको नगरपालिकामा प्रमुख र उपप्रमुख कांग्रेसबाट विजयी छन् । लेखा, विधायन र न्यायिक समिति संवैधानिक भएकोले कानुनको परिधिभित्रै रहेर समिति बनाउन सहमत भएको नेकपाका सदस्य बताउँछन् । नगरपालिकाको प्रवक्ता, विधायन, लेखा, सुशासनलगायतका अरू समितिका संयोजकसहित बहुमत सदस्य आफ्ना दलका नबनाए न्यायिक समिति गठन गर्न नदिने अडान नेकपाका सदस्यको छ । 'न्यायिक समितिमा हामीले कुनै अवरोध गरेका छैनौं,' कुश्मा-११ का अध्यक्ष शिवप्रसाद पौडेलले भने, 'विपक्षी दलका हिसाबले हामीले लेखा समितिको संयोजक मागेको सत्य हो । अरूमा उहाँहरूले मागे बमोजिमका सदस्य तोकेका छौं ।' नगरप्रमुख र उपप्रमुखकै चासो कम हुँदा संवैधानिक समिति गठन हुन नसकेको उनको आरोप छ ।

नगरप्रमुख र उपप्रमुख भने न्यायिक समितिको गठन नहुनुमा नेकपा नै दोषी रहेको बताउँछन् । 'न्यायिक समिति बनाउने हो भने प्रवक्ता हामीलाई चाहिन्छ भन्ने उहाँहरूको कुरा हो,' नगरप्रमुख रामचन्द्र जोशीले भने, 'हरेक मिटिङमा मैले गर्नसम्म गरेको छु । बहुमत र अल्पमतको कुरा गर्छन् । तपाईंहरूकै सदस्य राख्नुस् भन्दा पनि मान्नुभएको छैन ।' हरेक बैठकमा फरकफरक कुरा गर्ने नेकपाका सदस्यबीच नै कुरा नमिलेर बिग्रिएको उनको आरोप छ । 'हामी समिति बनाउने होमवर्क धेरै पहिलेदेखि गर्दै आएका हौं,' उपप्रमुख सीता काफ्ले लामिछानेले भनिन्, 'उहाँहरूले अरू समितिका कुरा ल्याएर जोडेपछि यो विषय धेरै जटिल बन्न पुग्यो ।'

**नेकपाकै कारण समिति गठन हुन नसकेको हो**

**समितिमा उजुरी बढ्दै**

न्यायिक समिति गठन भएपछि कुश्माबाहेकका सबैजसो स्थानीय तहमा उजुरीको चाङ लाग्न थालेका छन् । घरेलु हिंसा, महिला हिंसा, आर्थिक लेनदेन, योजना विवाद, साँधसिमाना, सडक, खानेपानी, सिँचाइलगायतदेखि बहुविवाहसम्मका उजुरी पर्न थालेका छन् । संविधानले न्यायिक समितिलाई कानुनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरूपण गर्न गाउँपालिका वा नगरपालिकाले उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति गठन गर्ने प्रावधान राखेको छ । सोही प्रावधानअनुसार गठित न्यायिक समितिले आएका उजुरीमाथि छानबिन एवम् मिलापत्र गर्न थालेका हुन् ।

शनिबारको
नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com
# कान्तिपुर
सातै प्रदेशबाट एकैसाथ प्रकाशित
वर्ष २७ अंक ३२८ बुटवल | ४ माघ २०७६ शनिबार माघ कृष्णपक्ष अष्टमी | नेपाल संवत् ११४० | प्रदेश ५ संस्करण | KANTIPUR, Nepali National Daily, Saturday, January 18, 2020 | पृष्ठ १२+४+८ | १० रुपैयाँ

# तनाव व्यवस्थापनमा चुक्दा

## बढी कमाउने प्रलोभनमा ऋण लिएर गरेको लगानी डुब्न थालेपछि परिवारसहित आत्महत्या प्रयास गरेका युवाले श्रीमती र दुई छोरा गुमाएका छन्

**हरिहरसिंह राठौर** (धादिङ)
**मातृका दाहाल** (काठमाडौं)

व्यवस्थापन विषयका लेक्चरर विनय लामिछाने आफैंमा एक कुशल व्यवस्थापक पनि थिए। काठमाडौंको चन्द्रागिरि नगरपालिकास्थित मंगलोदय क्याम्पसमा व्यवस्थापन संकायमा पढाउँदै आएका उनले व्यवसायमा पनि हात हालेका थिए। सेयर र कमोडिटी मार्केटमा उनको लगानी थियो। उनी 'वेस्ट काठमाडौं बिजनेस इन्भेस्टमेन्ट प्रालि' का प्रमुख कार्यकारी अधिकृत पनि हुन्।

डेढ वर्षअघिदेखि सेयर र कमोडिटी मार्केटमा लगानी गरेका विनयले ६ महिनासम्म राम्रै नाफा कमाए। त्यसपछि लोभिएर लगानी बढाए। तर दुर्भाग्य, नाफा पहिलेझैं निरन्तर हुन सकेन। एक वर्षको अवधिमा डेढ करोडभन्दा बढी घाटा व्यहोरेपछि उनको जिन्दगीले अर्कै मोड लियो। हिसाब गर्दा आफ्ना भएभरको जायजेथाले पनि ऋण र सापटी तिर्न नभ्याउने भयो। त्यसपछि तनाव व्यवस्थापन गर्न नसकेका लामिछाने गलत निर्णयमा पुगे। अन्ततः पत्नी र दुई अबोध छोरासहित बिहीबार साँझ त्रिशूली नदीमा हेलिन पुगे।

मकवानपुर, चित्लाङका विनयले धादिङको सिद्धलेख-७, बडघरेकी जमुना रेग्मीसँग २०७४ मा विवाह गरेका थिए। उनीहरूका दुई वर्षीय छोरा विजन र ६ महिनाका रिजन थिए। रिजनको शुक्रबारै पास्नीको साइत जुरेको थियो। तर परिवारमा सुतक परेकाले उनी पास्नी छोडेर श्रीमती र दुई छोरासहित घरबाट निस्किए।

घर छोड्नुअघि विनयले जमुनासँग भनेका थिए, 'म ऋणमा डुबिसकें, अब मर्छु।' जवाफमा जमुनाले 'एक्लै होइन, परिवार नै सँगसँगै मरौं' भनेपछि उनीहरू दुवै छोरालाई लिएर धादिङतर्फ लागेका थिए। घर छोड्नुअघि विनयले लेखेको तीन पाना लामो 'सुसाइड नोट' मा ऋण तिर्नुपर्ने लामो फेहरिस्तसहित आफू मृत्यु रोज्न बाध्य भएको खुलाएका छन्। 'यो पढ्नु होला' शीर्षकमा हरियो अक्षरमा लेखिएको सुसाइड नोटमा परिवार नै मास्नुपरेको कारण उल्लेख गरेका छन्। गएको वर्षदेखि व्यापार निकै खस्केको, सापटी लिएका मानिसले फोन गरेर चर्को मानसिक तनाव दिएको र आफ्नो अंश लाग्ने सम्पत्ति बेच्दा पनि सापटी र ऋण तिर्न नसक्ने अवस्था आएकाले श्रीमती र छोराहरूसहित परिवारले नै मृत्युवरण गर्ने निर्णय गरेको उनले सुसाइड नोटमा लेखेका छन्।


**विनय लामिछाने (दायाँ)। त्रिशूलीमा डुबेर मृत्यु भएकी उनकी पत्नी जमुना र बेपत्ता छोराहरू।** *तस्बिर : विनयको फेसबुकबाट*

धादिङको बेनीघाटस्थित सिउरेनीटार जोड्ने पुलमुनिबाट ६ महिनाका छोरा रिजनलाई श्रीमती र दुईवर्षे विजनलाई विनय आफैंले काखमा लिएर नडुबुन्जेल त्रिशूलीमा हेलिएका थिए। संयोगले विनयलाई जलयात्रा गर्ने समूहले जीवितै उद्धार गर्‍यो। तर जमुना दुई छोरासहित बेपत्ता भइन्।


बाँकी पृष्ठ १३

# किन हुन्छ सामूहिक आत्महत्या ?

**गोकर्ण गौतम** (काठमाडौं)

धादिङमा बिहीबार साँझ भएको घटनाले सामूहिक आत्महत्या प्रयास किन बढ्दै छ भन्ने प्रश्न फेरि जगाइदिएको छ।

गत वर्ष चितवनको भरतपुर महानगरपालिका-१८, शशीनगरमा एकै परिवारका तीन जनाले आत्महत्या गरेका थिए। सहरी क्लिनिक टोलकी ३५ वर्षीया माया आलेमगर, उनका १४ वर्षीया छोरी विनिता र १२ वर्षे छोरा विवेक सलमा झुन्डिएका थिए। विवेकले सुनाइड नोटमा लेखेका थिए, 'बुबा, तपाईं हामीलाई नसोधी किन जानुभयो ? ममीले साह्रै दुःख मान्नुभएको छ।' नेपाली सेनामा कार्यरत उनका बाबु घटनाको दुई दिनअगाडि काठमाडौं फर्किएका थिए। पारिवारिक बेमेलले आमाले बच्चासहित आत्महत्या गरेको खुलेको थियो। अघिल्लो वर्ष बझाङको सुर्मामा एउटै रुखमा पासो लगाएर तीन बालिकाले सामूहिक आत्महत्या गरेका थिए। १४ वर्षे जुनतारा पुजारा, १४ वर्षकै रेखा पुजारा र उनीहरूभन्दा एक वर्ष जेठी कविता बोहराले जंगलमा एउटै रुखमा नाम्लोले पासो लगाएर मृत्यु रोजेका थिए। यो रहस्यमयी घटनाको अन्तर्य त्यतिकै लुक्यो।



प्रेममा मनमुटाव वा वियोग भएपछि जोडीले आत्महत्या गरेका घटना पनि उत्तिकै छन्। गत वर्ष फागुनमा वीरगन्जमा तीन किशोरकिशोरीले सामूहिक विष सेवन गरेर आत्महत्या प्रयास गरेका थिए। जिरा भवानी गाउँपालिका-४ की १८ वर्षीया संगीताकुमारीको उपचार क्रममा मृत्यु भयो भने मञ्जिता कुमारी र सञ्जय दास समयमै उपचार पाएरकाले बाँचे। मञ्जिताको राज चौधरीसँग र संगीताको सञ्जयसँग प्रेमसम्बन्ध थियो। सञ्जय र राजचाहिँ साथीसाथी। विवाह गरेर भाग्ने प्रयास असफल भएपछि विष सेवन गरेको खुलेको थियो।

बाँकी पृष्ठ १३

## भित्र



गुठीको २ हजार रोपनी व्यक्तिको नाममा

- फुक्दै नेकपामा असहमतिको गाँठो
- कांग्रेस भन्छ- 'सभामुख-उपसभामुख राष्ट्रिय हैसियतको फरक दलबाट'
- उस्तै कसुर, दुई थरी फैसला

साथमा



### अमेरिकी दूतावास भन्छ-
# 'एमसीसीमा सैन्य मामिला छैन'



काठमाडौं (कास)- अमेरिकी दूतावासले मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) कुनै सैन्य गठबन्धन नभएको जनाएको छ। जनस्तरमै पक्षविपक्षमा व्यापक तर्क उठेपछि काठमाडौंस्थित दूतावासले शुक्रबार दसबुँदे विज्ञप्ति जारी गरेर एमसीसीमा कुनै सैन्य मामिला नजोडिएको बताएको हो।


दूतावासले अमेरिकी कानुनले कुनै पनि एमसीसी परियोजनामा सैन्य संलग्नतालाई निषेध गरेको दाबी गरेको छ। उसले एमसीसीलाई 'विशुद्ध रूपमा आर्थिक विकासमा केन्द्रित' भनेको छ। 'नेपालमा विद्युत् प्रसारण लाइन निर्माण र सडकको स्तरोन्नतिमार्फत आर्थिक विकासमा सघाउने एमसीसी परियोजनाको लक्ष्य छ,' विज्ञप्तिमा भनिएको छ। सत्तारूढ नेकपाभित्रै एमसीसी 'चीनविरुद्ध लक्षित' इन्डो-प्यासिफिक रणनीतिको अंग भएकाले उसँग भएको परियोजनासम्बन्धी सम्झौता संसद्बाट अनुमोदन गर्न नहुने आवाज उठ्न थालेपछि अमेरिकी दूतावासले विज्ञप्तिमार्फत प्रस्टीकरण सार्वजनिक गरेको हो। एमसीसी सम्झौता अनुमोदनका लागि संघीय संसद्मा पेस गरिएको छ, जसलाई यही हिउँदे अधिवेशनमा पारित गराउने सरकारको तयारी छ।

दूतावासले एमसीसीका सम्बन्धमा उठेका प्रश्नहरूबारे आफू जानकार भएको उल्लेख गरेको छ। 'हालै नेपाली नागरिक, नेतृत्व र सञ्चारकर्मीले एमसीसीको नेपाल कम्प्याक्ट (सम्झौता) बारे सोधिरहनुभएको छ। यस्ता प्रश्नलाई हामी स्वागत गर्छौं। यस कार्यक्रमभित्र नेपालका लागि केकस्ता लाभ छन् भन्नेसम्बन्धी बुझाइ निर्माणमा नेपाली जनसाधारणको सहभागितालाई पनि हामी स्वागत गर्छौं,' विज्ञप्तिमा भनिएको छ, 'अन्तर्राष्ट्रिय विकासका निम्ति पारदर्शिता तथा सच्चा साझेदारीमा आधारित नयाँ मोडलका रूपमा एमसीसी स्थापना भएको हो।'

बाँकी पृष्ठ १३

# फेरि हिमपात र वर्षा

## अन्नपूर्ण हिँडेका ७ जना सम्पर्कविहीन, गोरखामा हिमपहिरो


फाइल तस्बिर

**कान्तिपुर संवाददाता** (काठमाडौं)

सुदूरपश्चिम हुँदै भित्रिएको न्यूनचापीय प्रणालीका कारण शुक्रबार देशैभर वर्षा भएको छ। उच्च पहाडी र हिमाली भागमा हिमपात भएको छ। गोर्खामा हिमपहिरो गएको छ भने पर्यटकीय पदमार्ग अन्नपूर्ण आधारशिविर हिँडेका पाँच विदेशी पर्यटक र दुई नेपाली गाइड सम्पर्कविहीन छन्। निरन्तर वर्षा र खराब मौसमकै कारण चार अन्तर्राष्ट्रिय उडान डाइभर्ट भए भने ३७ आन्तरिक रद्द हुन पुगे।

पोखरास्थित संवाददाताका अनुसार अन्नपूर्ण आधारशिविर हिँडेका चार कोरियाली, एक चिनियाँ र दुई नेपाली सम्पर्कविहीन छन्।

'अन्नपूर्ण बेसक्याम्प (एबीसी) जाने क्रममा नौ कोरियालीमध्ये चार जना सम्पर्कमा नरहेको जानकारी प्राप्त भएको छ,' गण्डकीका प्रदेश प्रहरी प्रमुख डीआईजी विनोद शर्मा घिमिरेले भने, 'नेपाली भरियासहित गएका एक चिनियाँ र छुट्टै टोलीका दुई नेपाली गाइड पनि सम्पर्कविहीन छन्।' कास्कीको अन्नपूर्ण गाउँपालिका-११ हिमालय र देउरालीबीचको हिंकुमा हिमपहिरो आएपछि उनीहरू सम्पर्कमा नरहेको उनले बताए। उक्त वडाको दोभानस्थित डेस्टिनेसन एबीसी होटलका सञ्चालक सुक गुरुङले पनि केही पर्यटक र नेपाली बाटैबाट सम्पर्कविहीन रहेको बताए। अत्यधिक हिमपातले उक्त मार्गमा तत्काल ओहोरदोहोर गर्न सकिने अवस्था छैन। स्थानीय र प्रहरीले उक्त स्थानमा फोनले काम नगरेकाले पनि खोजीमा समस्या भएको बताएका छन्।

'एबीसी जाने बाटोमा रहेका होटलमा उनीहरू सुरक्षितसाथ बसेका पनि हुन सक्छन्,' डीआईजी घिमिरेले भने, 'टेलिफोन सम्पर्क छैन। अत्यधिक हिमपातले कोही जान सक्ने अवस्था छैन।' नजिकै रहेको घान्द्रुक प्रहरी चौकीबाट घटनास्थल पुग्न एक दिन लाग्छ। शुक्रबार बिहान ११ बजेतिर उक्त स्थानमा हिमपहिरो आएको थियो। डीआईजी घिमिरेले स्थानीय र प्रहरीलाई घटनास्थलतर्फ परिचालन गरिएको बताए। कास्की प्रहरीका प्रवक्ता डीएसपी राजकुमार केसीले पनि घटनाबारे अपुष्ट सूचना आएको बताए।

अत्यधिक हिमपातपछि गएको हिमपहिरोले गोरखामा ट्रेकिङ रुट (पैदल मार्ग) बन्द भएको छ। चुमनुब्री गाउँपालिका-४ नामरुङमा शुक्रबार दिउँसो हिमपहिरो जाँदा लार्केबाट सामागाउँ जाने बाटो बन्द भएको प्रहरीले जनाएको छ। गोरखा प्रहरी प्रमुख एसपी ओम अधिकारीका अनुसार करिब ५ सय मिटर माथिबाट आएको हिमपहिरोले लार्केपास ट्रेकिङ रुटको २५ मिटर बाटोमा क्षति पुर्‍याएको छ। 'बाटो नभएका कारण तत्काललाई आवतजावतमा रोक लगाइएको छ,' अधिकारीले भने, 'स्थानीयसँग समन्वय गरी बाटो खुलाउने प्रयासमा छौं।'

बाँकी पृष्ठ १३



## बाढीले रुरु मेलामा क्षति

रूरू क्षेत्र (कास)- दुई दिनदेखिको अविरल वर्षाले खोला र नदीको सतह बढेपछि पाल्पा, गुल्मी र स्याङ्जा जोड्ने दुई अस्थायी पुल बगाएको छ। बिहीबार राती रिडीखोलामा पानी तह बढेपछि रूरू महोत्सव तथा मेलाका लागि बनाइएका ह्युम पाइपसहितका अस्थायी पुल बगाएको हो। मेलाका लागि रिडी खोलामा निर्माण गरिएको र कालीगण्डकी नदीबाट स्याङ्जा जोड्न बनाइएको अस्थायी पुल बाढीले बगाएको छ।
तानसेन नगरपालिका-१४, अर्गलीका सञ्जय भट्टराईका अनुसार वर्षाका कारण रिडी खोलाको सतह बढ्दा मेलाका लागि बनाइएका केही स्टलमा समेत क्षति पुगेको छ। रिडी खोलाको सतह बढ्न थालेपछि जनपद, सशस्त्र प्रहरी र स्थानीय बासिन्दाको सहयोगमा स्टल तथा त्यहाँका सामग्री व्यवस्थापन गरिएको मेला आयोजकले जनाएको छ।

खोला किनारमा स्टल निर्माण भएका थिए। गुल्मीतर्फ होटल राखिएका १५ भन्दा बढी स्टलमा पानी पसेको छ। खोला नजिकका स्टल अहिले हटाइएको आयोजक उद्योग वाणिज्य संघ रिडीले जनाएको छ। रूरू मेलाका लागि पाल्पातर्फका स्टल खोलाले बगाएको हो। पाल्पातर्फका ३ स्टलमा क्षति पुगेको वडाध्यक्ष कमल रानाले बताए।

स्टल राखेका व्यवसायीले वर्षाका कारण लाखौंका सामानमा क्षति पुगेको गुनासो गरेका छन्। आफूहरु रातारात विस्थापित हुनुपरेको स्टल सञ्चालक रविल मियाले बताए। उनका अनुसार कतिपयको सामानसमेत बगाएको छ। त्रासपूर्ण वातावरणमा रात बिताउनु परेको उनीहरुको भनाइ छ।

९ दिने रूरू महोत्सव गुल्मीतर्फ चलेको छ। महोत्सव र मेलाका लागि कालीगण्डकी नदीमा बनाइएको अस्थायी पुलको केही भाग बगाएपछि स्याङ्जातर्फ आवातजावत ठप्प छ। कालीगण्डकी नदी बढ्ने क्रम जारी छ भने रिडी खोला पनि बढ्ने क्रम रोकिएको छैन।

# आत्मविश्वासले उद्यमी

'कतिपयले दया गरेजस्तो गरेर किन्न खोज्छन् । त्यतिबेला हामीलाई हौसला दिनुस् भनेर सम्झाउने गरेका छौं ।'

■ **रूपा गहतराज** (नेपालगन्ज)

दृष्टिविहीनहरूले सडकमा मागेर गुजारा चलाएको देख्दा न्यून दृष्टिका ३३ वर्षीय समीप चौधरीलाई आफ्नो भविष्यबारे चिन्ता लाग्थ्यो। आफ्नै कमाइले बाँच्न किन सकिन्न होला भनी सोच्थे। यही सोचले उनलाई दाङबाट नेपालगन्ज ल्यायो। नेपालगन्ज आउनुअघि उनले बेतबाँस र अगरबत्तीको व्यापार गर्थे। यहाँ आएर उनी उद्यमी बने। आफू उद्यमी बनेसँगै अहिले उनले अरूलाई पनि उद्यमी बनाउने बाटोमा डोर्‍याउँदै छन्।

नेपालगन्ज उपमहानगरपालिका- १० आदर्शनगरमा रहेको आफ्नै घरमा उनले आफूजस्तै फरक शारीरिक अवस्था भएका युवालाई उद्यमी बनाउने काम गर्दैछन्। त्यसका लागि उनले गाउँमा उत्पादित मसलाको प्रशोधन एवं प्याकेजिङ गर्ने र त्यसलाई घरघरमा लगेर बेच्ने काम गर्छन्। उनको यो अभियानमा बाँके र बर्दियाका डेढ दर्जनभन्दा बढी फरक क्षमताका युवाले साथ दिइरहेका छन्।

युवा सशक्तीकरण समूहका रूपमा संगठित भएका यहाँका युवाले व्यावसायिक रूपमा आत्मनिर्भर बन्ने प्रयास थालेका हुन्। समीप समूहका संयोजक बनेका छन्। स्नातक तह पढिरहेका बर्दियाका सुरेश योगीलाई पनि भविष्यमा के होला भन्ने चिन्ताले छोड्थेन। 'अवसर पाए पनि पढाउने काममात्रै हो भन्ने लाग्थ्यो,' उनले भने, 'अहिले चाहिँ हामीले त व्यापार पनि गर्न सक्दा रहेछौं भन्ने भएको छ।'

यो समूहले मसला प्रशोधन र प्याकेजिङको व्यवसाय थालेको पाँच महिना भयो। आफूले प्याकेजिङ गरेका मसलाको प्याकेज लिएर गाउँगाउँ पुग्नु अहिले उनीहरुको दैनिकी बनेको छ। त्यसबाट उपभोक्ताको रुचि, धारणा र क्रयशक्ति बुझ्छन्।

बाँके राप्तीसोनारीका आशाराम थारुले प्याकेजिङ गरिएका मसला बोकेर बाँके र बर्दियाका विभिन्न ठाउँमा पुग्ने गरेको बताए। त्यसले समाज र व्यापार दुवै चिन्न सघाएको उनको अनुभव छ। 'धेरैजसोले त पहिलोपटक यिनीहरू माग्न आए कि भन्ने सोच्दा रहेछन्,' उनले भने, 'जब हामीले हाम्रो सामान किनिदिनुपर्‍यो भनेर आग्रह गर्छौं, त्यसपछि बल्ल ध्यान दिएर कुरा सुन्न थाल्छन्।'



नेपालगन्ज उपमहानगरपालिका-१० आदर्शनगरमा दृष्टिविहीनले चलाएको मसलाको प्रशोधन एवं प्याकेजिङ उद्योग। *तस्बिर : रुपा/कान्तिपुर*

हत्तपत्त किन्न नमान्ने ग्राहकले पनि उत्पादन हेरेपछि र आफूहरूको मेहनतबारे बुझेपछि खुसीसाथ सामान किन्ने गरेको उनको अनुभव छ। कतिपयले दया गरेजस्तो गरेर किन्न खोज्दा हामीलाई दया होइन, हौसला दिनुस् भनेर सम्झाउने गरेको उनले बताए।

उनीहरूले अहिले गाउँबाट धनिया, अदुवा, बेसारलगायत अर्ग्यानिक मसला ल्याउने र त्यसलाई प्याकेजिङ गरेर बेच्ने गर्छन्। सशक्तीकरण समूहमा आबद्ध सबै युवा दृष्टिविहीनमात्रै छैनन्, कतिपय अन्य शारीरिक अपांगता भएकाहरू पनि छन्। उनीहरूले अरू साथीले गर्न नसक्ने काममा सघाउने गरेको आशारामले बताए।

मसला पिस्नका लागि उनीहरूले साना तथा घरेलु उद्योग कार्यालय बाँकेबाट अनुदानमा तीन थान मेसिन पाएका छन्। ती मेसिन चलाउन पनि धेरैले सिकिसकेको समीपले बताए। 'अहिले त मैले पनि ती मेसिन चलाउँछु,' आशारामले भने, 'आफूमा आएको परिवर्तनले आत्मविश्वास बढेको छ।'

काममा खटिनेलाई मसला बेचेर आएको मुनाफाबाट पारिश्रमिक दिने गरिएको छ। त्यही नाफाबाट कोठाभाडा र अन्य खर्च चलेको उनले बताए। समूहमा आबद्ध सुमिता चौधरीले उद्यममा लागेपछि आत्मविश्वास बढेको सुनाइन्। 'पहिले के गर्नसक्छौ र भन्नेहरू नै अहिले हौसला थप्दैछन्,' उनले भनिन्, 'कतिपय साथीहरू विकल्प नदेखेर माग्न बसेको हामीले देखेका छौं। आत्मनिर्भर नहुँदा परिवारका सदस्यले पनि बोझ ठान्थे। अहिले हामी पनि केही गर्नसक्छौं भन्ने लाग्न थालेको छ।'

यही उद्यमलाई मसला उद्योगका रूपमा विकास गर्ने उद्देश्य लिइएको संयोजक समीपले बताए। 'अब हामी सामूहिक रूपमै यस कामलाई उद्योगका रूपमा विकास गर्ने तयारीमा छौं,' उनले भने, 'मसला हरेक भान्साको अत्यावश्यक वस्तु भएकाले बजार पाउन सहज छ।'

## सुत्केरीले पाएनन् प्रोत्साहन भत्ता

■ **हरि गौतम** (रुकुम पूर्व)

सात महिनाअघि दिलकुमारी खड्का आफ्नै वडाको स्वास्थ्य चौकीको प्रसूति गृहमा सुत्केरी भइन्। त्यसअघि नियमित चारपटक गर्भवती चेकजाँचका लागि स्वास्थ्य चौकी पुगेकी थिइन्। सरकारले दिने गरेको सुत्केरी प्रोत्साहन भत्ता सात महिना बित्दा पनि आफूले नपाएको उनले गुनासो गरिन्। भूमे गाउँपालिका-९, चुनबाङको स्वास्थ्य चौकीबाट सुत्केरी प्रोत्साहन भत्ता नपाउने उनी एक्ली भने होइनन्। यस अवधिमा प्रसूति गृहमा गएर सुत्केरी भएका उनीजस्तै २३ सुत्केरी आमाले प्रोत्साहन भत्ता र यातायातबापतको रकम नपाएको बताए। 'यो त डिस्चार्ज हुने बेलै पाइनुपर्ने रकम हो तर सात महिना बितिसक्दा समेत यो रकम पाउन सकेकी छैन,' खड्काले भनिन्, 'ममात्रै होइन, अरू सुत्केरीलाई पनि यो भत्ता दिइएको छैन।'

भूमे गाउँपालिकाभित्रका पाँच प्रसूति गृहमध्ये चुनबाङको स्वास्थ्य चौकीको प्रसूति गृहमा सुत्केरी भएका मात्रैले प्रोत्साहन भत्ता नपाएका हुन्। अन्य चार प्रसूति गृहमा सुत्केरी भएकाले भने यो रकम पाइसकेका छन्। आर्थिक वर्षको आधा समय बितीसक्दा पनि सुत्केरी हुने बित्तिकै पाउनुपर्ने प्रोत्साहन भत्ता नपाएको गुनासो सुत्केरी आमाहरूको छ। स्वास्थ्य चौकी चुनबाङकी महिला स्वास्थ्य स्वयंसेविका कविता पुनले प्रोत्साहन भत्ता बाँड्न ढिलो हुँदा सुत्केरी भइसकेका र हुन आउनेहरूमा अन्योल छाएको बताइन्।

नियमित स्वास्थ्य चेकजाँच गरेबापत प्रतिसुत्केरी ८ सय र स्वास्थ्य संस्थामा सुरक्षित सुत्केरी भएबापतको यातायात खर्च २ हजार गरी २ हजार ८ सय रुपैयाँ हरेक सुत्केरीले पाउँदै आएका छन्। केन्द्र सरकारले दिने गरेको प्रोत्साहन भत्ता तथा यातायात खर्चसँगै भूमे गाउँपालिकाले थप नगद १ हजार २ सय रुपैयाँ बराबरको पोषण सामग्रीसमेत उपलब्ध गराउँदै आएको छ।

चुनबाङ स्वास्थ्य चौकीमा भत्ता दिन समस्या भएको गाउँपालिकाका स्वास्थ्य सह-संयोजक सञ्जीव खड्काले बताए। स्वास्थ्य चौकी इन्चार्ज समायोजन भएर अन्यत्र जाने तयारी गरेकाले पहिलो चौमासिकमा पेस्की नलिएको र त्यसको व्यवस्थापन गर्दा ढिलाई भएको उनको भनाइ छ। अब चित्रबहादुर विष्टलाई स्वास्थ्य चौकी इन्चार्जको जिम्मेवारी दिएकाले उनीमार्फत छिट्टै भुक्तानी हुने उनको भनाइ छ।

जिम्मेवारी पाएपछि विष्टले रकम निकासाका लागि निवेदन लेखिसकेको र बैंकिङ प्रक्रिया मिल्ने बित्तिकै सुत्केरीले प्रोत्साहन भत्ता पाउने सह-संयोजक खड्काले बताए।

# आत्मनिर्भर बन्न सीप

■ **सन्जु पौडेल** (तिलोत्तमा)

बाल्यकालको रहरले नृत्यांगना बनेकी दिया थापा अहिले पनि नृत्य कार्यक्रममै व्यस्त छन्। ३५ वर्षको उमेरमा पनि मञ्चको रोजाइ र कार्यक्रमप्रतिको लगावले उनलाई छोडेको छैन। थुप्रै दर्शक र प्रशंषक कमाएकी छन्। 'कार्यक्रममा नाच्न निम्तो आउँछ, कलाको सम्मानले दिने पारिश्रमिकमा खुसी नै छु' उनले भनिन्। बाल्यकालमा उनको नाम दया थियो। अहिले उनी आफूलाई दियाबाट परिचित गराउँछिन्।

बाल्यकाल देवदहको केउलीमा बिताएकी उनी विगत ७ वर्षदेखि नवलपरासीको महेशपुरमा छिन्। नवलपरासीबाट बुटवल आएर फेसन डिजाइनिङको तालिम लिइरहेकी छन्। यसबाट सिकेर आफूजस्तै साथीलाई सिकाउने र नृत्य गर्दा चाहिने पहिरन उत्पादन र बिक्रीका लागि उद्यमी बन्ने उनको सोच छ। 'सधैं अरूको भर पर्नुभन्दा आफ्नै सीपले व्यावसायिक बन्छु' उनले भनिन्, 'उद्यमीकै नाममा परिचित हुने चाहनालाई पूरा गर्न यो सहयोगी बन्नेछ।'

बुटवलका प्रशान्त थापा उमेरले २० पुगे। १० कक्षासम्मको अध्ययनपछि उनले पढाइ छोडे। नृत्यमा रुचि भएका उनले बुटवलस्थित जुनतारा रेस्टुराँ एन्ड बारमा नृत्य गर्थे। 'एक वर्षअघि धेरै पैसा दिने भन्दै लोभ देखाए, भारतमा नाच्न गएँ,' उनले भने, 'तीन महिनामै फर्किएँ।' त्यहाँका विवाहमा नाच्नेले दुर्व्यवहार गरेपछि फर्किएको उनले बताए। विद्यालयमा पढ्दा साथीले केटा भएर पनि केटीजस्तो गर्छ भनेर जिस्क्याउने गरेको उनी सम्झन्छन्। आफूलाई आफ्नैबारे प्रष्ट थाहा नहुँदा धेरैको मजाक र घृणाको पात्र बनेको उनले सुनाए। नयाँ कपडा लगाउन सौखिन उनलाई तालिमले उत्साह थपेको छ।



बुटवल टेक्निकल इन्स्टिच्युटमा सञ्चालन भइरहेको फेसन डिजाइनिङ तालिममा सहभागी यौनिक तथा लैंगिक अल्पसंख्यक। *तस्बिर : कान्तिपुर*

'बुटिक सञ्चालन गर्नेगरी दक्ष बन्न सकेमा आम्दानी र पहिचान दुवै हुनेछ,' उनले भने, 'मेहनत गरेर सीप सिक्नेछु र उद्यमी बन्नेछु।' मोडलिङ र कोरियोग्राफीमा अघि बढेका रेशम न्यौपाने 'रेश्मा' नामबाट परिचित छन्। २०१५ मा मिस डायमन्ड नेपालको ताज जितेपछि उनले आफ्नो पहिचान खुलाएको बताइन्।

'महिला र पुरुषभन्दा फरक भए पनि दक्षताका हिसाबले हामीले पनि गर्नसक्ने क्षमता राख्छौं,' उनले भनिन्। बुटवल उपमहानगरपालिकासँगको सहकार्यमा संयुक्त राष्ट्रसंघीय विकास परियोजना (यूएनडीपी)ले बुटवलमा तीनमहिने फेसन डिजाइनिङ तालिम दिइरहेको छ। बुटवल टेक्निकल इन्स्टिच्युटले त्यसमा सहजीकरण गरेको छ। तालिममा नवलपरासी, कपिलवस्तु र रूपन्देहीका यौनिक तथा लैंगिक अल्पसंख्यकलाई सहभागी गराइएको संस्थाको प्रदेश ५ का फिल्ड प्रमुख सुदीप अर्यालले बताए।

# थारु समुदायमा महतवा छानिँदै

दाङ (कास)- थारु गाउँमा माघीको रौनक छ। एक सातासम्म चल्ने माघीले अझै पनि छोडेको छैन। नाचगान, खानपान र महतवा चयन भइरहेका छन्। वर्षभरिको समीक्षा गर्ने र नयाँ योजना बनाउने क्रम पनि चलिरहेको छ।

पानी परेकाले माघी पर्व झनै लम्बिएको हो। कामकाजमा कतै निस्कनु नपरेकाले आफन्तहरू भेला भएर रमाइलो गर्ने, घरायसी कामको सल्लाह गर्ने र नयाँ कामका योजना बनाउने काममा थारु समुदाय व्यस्त छ। माघीको दिन बुधबार बिहान नुहाउने, अग्रजसँग टीकाटाला गर्ने र नाचगान गर्ने कामबाट यसको रौनक सुरु भएको हो। बिहीबार बिहानैदेखि दिदीबहिनीको घरमा दानदक्षिणा दिन जानेहरूको चटारो भयो। शुक्रबार पनि माघीको नाचगान, आफन्त भेटघाट र खानपिन चलिरहेको थियो। माघीको दिन बिहानै उठेर नदीमा नुहाउने, नुहाएर फर्केपछि चामल, दाल र नुन मिसाएको निसराऊ छुने र त्यसपछि गाउँका मान्यजनको घरमा गएर टीकाटाला लगाइएको तुलसीपुर उपमहानगरपालिका-१८, मैरहवाका ६० वर्षीय फूलराम चौधरीले बताए।

'अहिले नयाँ वर्षका लागि महतवा छान्ने र नयाँ योजना बनाउने काम चलिरहेको छ। हरेक घरमा नाच्न जाने र मीठोमीठो खाने काम भइरहेको छ,' उनले भने, 'प्रत्येक घरमा पुगेर दुःख बिर्साउने र खुसी बाँड्ने चलन भएकाले यो क्रम चलिरहेको छ।' मघौटा गीत र नाचले अहिले पनि थारु गाउँ र महतवाको घरआँगन रमाइलो भइरहेको घोराही उपमहानगरपालिका-७, वेसाही गाउँका महतवा चन्द्रप्रसाद चौधरीले बताए। 'अन्य समुदायमा माघी एक दिनमात्रै मनाइन्छ। थारु समुदायमा लामो समय रहन्छ। एक सातासम्म माघीकै रमझम हुन्छ,' उनले भने, 'वर्षभरिको सबैभन्दा महत्त्वपूर्ण पर्व यही हो। आफन्तहरू जुट्ने, पुरानाका कामको समीक्षा गर्ने र नयाँ कामको योजना बनाउने भएकाले बढी महत्त्वपूर्ण छ।' माघी सामाजिकीकरणको हिसाबले पनि बढी महत्त्वपूर्ण भएको थारु कल्याणकारिणी सभाका अध्यक्ष भुवन चौधरीले बताए। 'यो सामाजिकीकरणको अवसर पनि हो। यतिबेला कामको चाप बढी नहुने भएकाले पनि सबै फुर्सदले पर्व मनाउन पाउँछन्। एकापसमा सम्बन्ध सुधार्ने, मेलमिलाप बढाउने काम पनि माघीले गर्छ।' एक सातासम्म माघी मनाइने भएकाले थारु गाउँ माघीमय बनेको उनको भनाइ छ।



दाङको घोराही उपमहानगरपालिका-१६, भगवानपुर गाउँमा सामूहिक रूपमा खानपिन गरी माघी मनाउँदै थारु समुदाय। *तस्बिर : दुर्गालाल केसी/कान्तिपुर*















## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | यात्रा हुने | तुला | शत्रु वृद्धि |
| वृष | भाग्य वृद्धि | वृश्चिक | केही लाभ |
| मिथुन | विद्यामा सफलता | धनु | यात्रामा सफल |
| कर्कट | आलस्यता | मकर | कार्य सिद्धि |
| सिंह | पराक्रम बढ्ने | कुम्भ | पुण्य आर्जन |
| कन्या | धन आर्जन | मीन | अस्वस्थता |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल माघ ५ गते आइतबार तदनुरुप १९ जनवरी २०२० माघ कृष्णपक्ष दशमी रात्रिको ५:८ बजेसम्म उप्रान्त एकादशी तिथि, विशाखा नक्षत्र रात्रिको २:१६ बजेसम्म उप्रान्त अनुराधा नक्षत्र, शुल योग दिनको १:८ बजेसम्म उप्रान्त गण्ड योग, वणिज करण साँझको ५:५९ बजेसम्म उप्रान्त भद्रा करण, तुला राशिमा चन्द्रमा रात्रिको ८:३२ बजेसम्म उप्रान्त वृश्चिक राशिमा।
ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | |
|---|---|
| ५:०० | भक्तिसुर |
| ५:३० | आध्यात्मिक सन्देश |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | मार्गदर्शन (लाइभ) |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | हर्के हल्दार (रिपिट) |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | मनी टक्स (रिपिट) |
| ११:०० | कान्तिपुर न्युज |
| ११:३० | यू एण्ड आई (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | सरोकार (रिपिट) |
| १:३० | कान्तिपुर समाचार |
| २:०० | मुभी |
| ४:०० | कान्तिपुर समाचार |
| ४:३० | यू एण्ड आई (रिपिट) |
| ५:०० | कल कान्तिपुर |
| ६:०० | कान्तिपुर न्युज |
| ६:३० | हियर्ज टु लाइफ |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | आउन मसँग खाउन |
| १०:०० | हियर्ज टु लाइफ (रिपिट) |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपीटेड |
| १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १:३० | हियर्ज टु लाइफ (रिपिट) |
| २:०० | कान्तिपुर समाचार (रिपिट १) |
| २:३० | मार्गदर्शन (रिपिट) |
| ३:०० | कल कान्तिपुर रिपीटेड |
| ४:०० | आउन मसँग खाउन (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | |
|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (बालचन्द्र) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | विज्ञान प्रविधि (नाष्ट) |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (भूपेन्द्र) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | घुम्ने मेच (डिनेश डिसी) |
| १०:०० | स्पोर्टस् डायरी |
| १०:०५ | गजब छ बा (दुर्गाराज) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | गेम्स् पिपुल प्ले (प्रियंका) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | टप टेन (एलिसा) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | सेलिब्रेटी आवर (रस्मिला) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | किक स्टार्ट (सञ्जय गुप्ता) |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | राइवार (नन्दकुमार) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | क्विक फिक्स (स्मिता/एलिसा) |
| १७:०० | डिष्ट्रिक्ट डायरी |
| १७:०५ | म्यूजिक लाउन्ज (राजेश पाण्डे) |
| १८:०० | ज्योतिश दर्शन (शिवराज) |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | काठमान्डु बीट (सागरिका) |
| २०:०० | सेक्युरिटी एण्ड क्राइम डायरी |
| २०:०५ | रक मेसिन (मानस्वी वान्तवा) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | हेलो मिथिला (धिरेन्द्र/रुपा) |
| २३:०० | सो टाइम (स्वर्ण) |
| २४:०० | टप टेन (एलिसा) |
| २४:१० | म अनि मेरो कथा (शुभ) |
| ०२:०० | नेपाली गीतहरू लगातार |
| ०३:०० | हिन्दी गीतहरू लगातार |
| ०४:०० | भजनहरू लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| लुम्बिनी अञ्चल अस्पताल बुटवल | ०७१५४०२०० |
| बुद्ध सामुदायीक मुटु अस्पताल | ०७१५४६१९७ |
| महिला तथा बाल अस्पताल-आम्दा | ०७१५४४४५० |
| युनिभर्सल कलेज अफ मेडिकल सायन्सेस भैरहवा | ०७१५०६०३० |
| भीम अस्पताल भैरहवा | ०७१५२०१९३ |
| पृथ्वी चन्द्र अस्पताल परासी | ०७८५२०१८८ |
| अर्घाखाची जिल्ला अस्पताल | ०७७४२०२५७ |
| गुल्मी जिल्ला अस्पताल | ०७९५२०१८८ |
| कपिलवस्तु जिल्ला अस्पताल | ०७६५६०२०० |
| रेडक्रस एम्बुलेन्स भैरहवा | ०७१-५२०२६३, ९८४७०२११०४ |
| रेडक्रस, रक्त संचार भैरहवा | ०७१-५२०२६३, ९८६७३२६४५७ |
| रेडक्रस, रक्त संचार, बुटवल | ०७१-५४१००४ |
| संयुक्त एम्बुलेन्स चालक संघ बुटवल | ९८५७०२३०९९ |
| भीम अस्पताल भैरहवा | ०७१-५२०१९३ |
| युनिभर्सल शिक्षण अस्पताल भैरहवा | ०७१-५०६०९२, ५०६०५२ |
| जिल्ला ट्राफिक प्रहरी कार्यालय | ०७१-५२२८७५, ९८५७०९०३९० |
| इलाका प्रहरी कार्यालय बेलहिया | ०७१-४१८००४ |
| अध्यागमन कार्यालय बेलहिया | ०७१-४१८०२० |
| गौतम बुद्ध विमानस्थल कार्यालय | ०७१-५०७०८६ |
| दमकल सिद्धार्थनगर नगरपालिका | ०७१-५२०२१५ |
| दमकल बुटवल उपमहानगरपालिका | ०७१-५४०१११ |
| माईती नेपाल क्षेत्रिय कार्यालय भैरहवा | ०७१-५२३५३४ |
| जिल्ला प्रशासन कार्यालय | ५६०१३३ |
| जिल्ला प्रहरी कार्यालय | ५६०१९९ |
| राप्ती उपक्षेत्रीय अस्पताल घोराही | ५६२३६५ |
| राप्ती अञ्चल अस्पताल तुलसीपुर | ५२००११ |
| लमही अस्पताल | ५४००११ |
| राप्ती आँखा अस्पताल तुलसीपुर | ५२०१६५ |
| आँखा अस्पताल लमही | ४१७००८ |
| घोराही उपमहानगरपालिका | ५६०७०० |
| तुलसीपुर उपमहानगरपालिका | ५२०२३३ |
| लमही नगरपालिका | ५४००५० |
| उच्च अदालत तुलसीपुर | ५२००२४ |
| जिल्ला अदालत | ५६०२४५ |
| राप्ती प्राबिधिक शिक्षालय लालमटिया | ४१३००१ |
| एम्बुलेन्स सञ्जिवनी विकास केन्द्र तुलसीपुर | ९८५७८२३१२३ |
| एम्बुलेन्स परिवार नियोजन संघ घोराही | ५६००२३/९८४७८६२३५८ |
| दमकल घोराही | ५६०४९९ |
| दमकल तुलसीपुर | ५२०३०५ |
| रेडक्रश सोसाइटी घोराही ब्लड बैंक | ५६१४६० |
| रेडक्रश सोसाइटी तुलसीपुर ब्लड बैंक | ५२३१४० |
| घोराही बसपार्क | ५६०४१५ |
| तुलसीपुर बसपार्क | ५२०५७४ |
| लमही बसपार्क | ५४००४० |
| जिल्ला प्रहरी कार्यालय बाँके | ५२०२११/५२२७४८/१०० |
| ईलाका प्रहरी कार्यालय कोहलपुर | ५४०४२०/५४०११३ |
| वडा प्रहरी कार्यालय नेपालगन्ज | ५२०२९९ |
| क्षेत्रीय ट्राफिक कार्यालय नेपालगन्ज | ५४०००३/ १०३ |
| जिल्ला ट्राफिक कार्यालय नेपालगन्ज | ५२०८५३ |
| नेपाल रेडक्रस सोसाईटी | ५२०१०४ |
| एम्बुलेन्स/ब्लड बैंक नेपालगन्ज | ५२०१७४ |
| दमकल नेपालगन्ज | ५२०१११ |
| दमकल कोहलपुर | ९८६८११४९६० |
| भेरी अन्चल अस्पताल नेपालगन्ज | ५२०१२० |
| नेपालगन्ज मेडिकल कलेज | ५२२४५८ |
| कोहलपुर मेडिकल | ५४०४०८ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६११९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९८५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

# बचाउने कि धपाउने चौंरी गोठ ?

**सडक पूर्वाधारको पहुँच वृद्धिसँगै हिमाली बस्तीमा पनि दशकअघि जस्तो चौंरी पाल्ने चलन घटेको छ । फाट्टफुट्ट पालेकाहरु पनि बेचेर गाडी किन्न लालायित भेटिन्छन् ।**

■ **आनन्द गौतम** (पापुङ, ताप्लेजुङ)

सदरमुकाम फुङलिङका वाङगे शेर्पा पुस २६ गते जन्मस्थल पापुङ गए । गाडीमा गएका उनी साँवाको फुङफुङेमा ओर्लिए । बास बस्न बस्तीतिर उक्लँदै थिए । पारिपट्टि चौंरीको घण्टी बज्यो ।

उनलाई लाग्यो, 'अब उतै जान्छु र चौंरीवालसँगै बस्छु' । साँझ पर्दै गएकाले फटाफट अघि बढे । उनी साम्जेटारको ओडारमा पुग्दा चौंरीवाल आगो दन्काएर खाना बनाउँदै थिए । गाउँमा चौंरी पाल्ने अधिकांश चिनजानकै भएकाले 'म पनि थपिएँ है' भन्दै झोला बिसाए । उनीहरूसँगै खाना खाए र त्यही ओडारमा सुते ।

ओडारमा सुतेका उनलाई विशेष सम्मान दिए । चौंरीका डढाल्नामा लगाउने कपडा उनको ओछ्यानमा १० वटा ओछ्याइदिए । ओढ्नका लागि स्लिपिङ ब्याग थियो । 'चौंरी धपाएर आएका केटाहरू गाउँतिर पसेछन्,' वाङगेले भने, 'सुत्ने बेलामा त हामी ५/७ जना बुढा मात्रै भयौं ।' बालेको मुढाको राप आउने र ओडारले शीत छेल्ने भएकाले चिसो नभएको उनले सुनाए । वाङगे २४ वर्षपछि यसरी चौंरीको गोठमा सुतेका थिए ।

त्यसअघि उनी आफैं चौंरी धपाएर हिँड्थे र यस्तै ओडारमा रात बिताउँथे । पापुङको यही बस्तीबाट सयौं पटक सदरमुकाम फुङलिङसम्म चौंरी हिँडाएको उनको अनुभव छ । धपाउँदा धपाउँदै सदरमुकाममा घडेरी किने र घर बनाएर सहरमै बस्न थाले । फुङलिङ बजारको वीरेन्द्र चोकमा होटल चलाउन सुरु गर्दाताका उनले आफ्नो गोठ रित्याएका थिए ।

वाङगेजस्ता चौंरीपालन छाडेर अन्य व्यवसाय गर्नेको संख्या बढ्दो छ । उनैको बुझाइमा गाउँमा बाटो पुगेको चार-पाँच वर्षमा सबैको गोठबाट चौंरी रित्तिइसक्छ । ताप्लेजुङ जिल्लामा ६१ वटा वडा छन् । पापुङ र मामांखेमा मात्रै मोटरबाटो पुग्न बाँकी छ । पापुङको सिमानामा रहेको फुङफुङेसम्मै पुगेकाले यसै वर्षमा मिक्वाखोला-५ को पापुङ पनि मोटरबाटोले छुने वडाध्यक्ष डण्डु शेर्पा बताउँछन् ।

यो क्षेत्रमा मेवाखोला जलविद्युत् आयोजनाले दुईवटा एक्स्काभेटर मेसिन लगाएर सडक विस्तारको काम गरिरहेको छ । पापुङमा २० मेगावाटका दुईवटा आयोजना भएकाले त्यहाँसम्मै सडक विस्तार गर्ने आयोजनाको सञ्चालक समिति सदस्य डम्बरध्वज तुम्बाहाम्फे बताउँछन् ।

अहिले पापुङमा एउटा घरमा पाँचदेखि नौ वटासम्म चौंरी र याक छन् तर यस्ता घरधुरी दुई दर्जन हाराहारी मात्रै छन् । वडाध्यक्ष डण्डुका अनुसार एक दशकअघिसम्म शेर्पा र भोटेका प्रत्येक घरमा कम्तीमा १०/१५ वटा अनिवार्य हुन्थ्यो । औलका किसानले माउ गाई र हल गोरु पाले जत्तिकै थियो । चौंरीको दूध दुहुन्थे । यसबाट घिउ, छुर्पीलगायत उत्पादन हुन्छ । हिउँदको बेला भारी बोक्नका लागि औलतिर झार्थे । ढुवानीका लागि बर्खामा मान्छे र हिउँदमा चौंरी र याकको भर थियो । बर्खा सिद्धिएपछि चौंरीवाल बिग्रेको बाटो बनाउँदै चौंरी धपाएर हिँड्थे । गाउँबाट अलैंची, अम्रिसो र जडीबुटीलगायत वस्तु औलतिर झार्थे । सहरबाट चामल, नुन र दाललगायत सामग्री लिएर फर्कन्थे । सिमेन्ट र बालुवाजस्ता निर्माण सामग्रीसमेत चौंरीबाट ढुवानी गरेको नाम्म्या शेर्पा बताउँछन् ।

जिल्लामा खच्चड भित्रिएपछि चौंरीलाई केही धक्का भयो । चौंरी, याकको तुलनामा चाँडो हिँड्ने र भारी बोक्ने प्रयोजन भएकाले खच्चडको असर चौंरीमा पर्‍यो । नाम्म्याका अनुसार उनी आफैंले पनि चौंरी बेचेर खच्चड किने । अब यी दुवै विस्थापनको चरणमा पुगेका छन् । वाङगेका अनुसार चौंरी पालकको ध्यान ट्याक्सी खरिदतर्फ केन्द्रित भएको छ ।





**ताप्लेजुङको मिक्वाखोला गाउँपालिका ५ पापुङमा पालिएका चौंरी (माथि) र चौरी गोठमा खाना पकाउँदै गोठाला ।**
*तस्बिर : आनन्द गौतम/कान्तिपुर*

त्यही रात साङगे शेर्पाले एउटा ट्याक्सीलाई कति मूल्य पर्छ भनेर सोधेका थिए । गाडी किस्तामा पाइने र पहिलो पटक पाँच-सात लाख रुपैयाँ जम्मा गरे हुने सुनेपछि उनीहरू निकै नै उत्साही बने । एउटा चौंरीको मूल्य एक लाख रुपैयाँसम्म पर्ने र भएका चौंरी बेचेको पैसाले गाडीको पहिलो किस्ता पुग्ने भएकाले युवाको मन बदलिएको वाङगे बताउँछन् । उनीहरूलाई कहिलेसम्म चौंरी धपाउने भन्ने चिन्ता छ ।

**चौंरी र याक**

औलको गाईलाई लेकको याक लगाएपछि उत्पादन हुने सन्तान 'चौंरी' हो । याकको माउमा तिब्बतबाट ल्याएको गोरुको प्रजननबाट उत्पादन हुने सन्तानलाई 'जोबे' भनिन्छ । चौंरीकै गाई-गोरुबाट भने सन्तान हुँदैनन् । पहाडी बहरसँग नाकको संसर्गबाट चौंरी जन्मछ ।

याक र पहाडी गाईबाट जन्मने सन्तानलाई उराङ पनि भनिन्छ । विशुद्ध घरपालुवा जनावर भएकाले दूधदेखि भारी बोकाउनेसम्मको प्रयोजनमा प्रयोग गरिन्छ । पहिले हिमाली ढुवानी सेवा पनि भनिन्थ्यो । मोटोघाटो र तुलनात्मक रूपमा लामो पनि हुने भएकाले खच्चडको तुलनामा भने यो निकै नै ढिलो हिँड्ने जनावर पनि हो ।

गोठपालकले बीउका लागि तिब्बतबाट अनिवार्य गोरु ल्याउने गरेका छन् । यसको मूल्य एक लाख रुपैयाँसम्म पर्ने पेम्बाछिरिङ शेर्पा बताउँछन् । आफ्नो गोठमा नभएकाहरूले अरूको गोठमा चौंरी र याक लगेर संसर्ग गराउँछन् । नौ महिना गर्भधारण अवधि भएका चौंरी र याक १२ बेतसम्म ब्याउँछन् । पेम्बाछिरिङका अनुसार रोग लाग्दा उपचार गर्न नसक्नु अहिलेको मुख्य चुनौती बनेको छ । ज्वरो आउने, झाडापखाला लाग्नेजस्ता समस्या देखिने गरेको छ । यस्तो बेला घरेलु उपचार गर्नुबाहेक उनीहरूसँग विकल्प हुँदैन । अझ यो वर्षदेखित पशुचिकित्सक खोज्न पाँचथर सदरमुकाम फिदिम पुग्नुपर्ने बाध्यता छ ।

पशु स्वास्थ्यकर्मी जिल्लाबाट झिकाउनुपर्छ । गोठमा पुगिसक्दा क्षति भइसक्छ । यस्तो बेला घरेलु उपचार गर्ने र निको नभएर मरे त्यहीं गाडेर गोठ अर्को ठाउँमा सार्ने पेम्बाछिरिङ बताउँछन् । मरेकै ठाउँमा गोठ राख्नु हुँदैन भन्ने पुरानो मान्यता छ । हिउँ परेका बेला घाँस तान्ने क्रममा र बाटो भुलेर लडेर पनि मर्ने गरेका छन् ।

पछिल्ला वर्ष घाँस खान नरुचाउने, बसेको ठाउँबाट नउठ्ने र हिँड्दा थरथर काप्ने लक्षण देखिन्छ । यस्तो भएको ८ देखि ११ दिनको बीचैमा मृत्यु भइसक्छ । समस्या देखिएपछि गोठबाट घरसम्म पनि ल्याउन नसकिने पशुपालकको गुनासो छ । स्वास्थ्यकर्मी विकनेस (कमजोरी) का कारण यस्तो भएको बताउँछन् । हिमालमै बस्ने भएकाले हिउँ र चिसोको सामना चौंरीले गर्न सक्छन् तर धेरै दिन हिउँ परे खाने कुरा पुऱ्याउन कठिन हुन्छ । यो बेला शारीरिक कमजोरी हुने र तन्दुरुस्त पार्न कठिन हुने चौंरीपालक बताउँछन् ।

पहिला हिउँबाट जोगाउन गोठ अनिवार्य औलतिर झार्ने र भारी बोकाउने गरिन्थ्यो । लेकमै भएकालाई गोठमै बाँधेर पनि राखिन्थ्यो । अहिले औलमा धपाएर लिएर जाने जनशक्ति कम भएको छ । गोठाला पनि पाइँदैन । औलमा हिउँदे बाली लगाउने भएकाले राख्ने ठाउँको पनि समस्या छ । हिउँले छोपे त्यहाँबाट निस्कनासाथ नुनभुस खुवाउन पुग्नुपर्छ । यसले उनीहरूलाई चरनमा जान शक्ति प्राप्त हुन्छ । यतिबेलाका लागि घाँसको जोहो पनि पहिल्यै गरिएको हुन्छ । हिउँ परेका बेला घाँस तान्ने क्रममा सबैभन्दा बढी दुर्घटनाको जोखिम हुन्छ ।

लेकमा पाइने निगालो, मालिङ्गो हिउँले नुहाएको हुन्छ । त्यो निगालो खानका लागि तन्किन्छन् । त्यही बेला लड्ने र दुर्घटना हुने नुपु शेर्पा बताउँछन् । भारी बोकाउँदा भने घाँस खोलेका अलावा दाना पनि दिनुपर्छ । मकै, नुन, भुस मिलाएर दिइन्छ ।

मिक्वाखोला ५ का वडाध्यक्ष शेर्पा परम्परागत व्यवसाय जोगाउनु अनिवार्य रहेको बताउँछन् । उनका अनुसार यसका लागि स्थानीय तहले भने धेरै लगानी गर्न सक्तैन । 'मौसम परिवर्तनका कारण रोगको संक्रमण बढी नै देखिन थालेको छ,' उनले भने, 'यसका लागि दक्ष स्वास्थ्यकर्मी सके गोठमै नभए वडामा राख्नु अनिवार्य छ ।' नश्ल सुधारका लागि पनि विशेष योजना ल्याउनुपर्छ । याक संरक्षण र नश्ल सुधारका लागि सरकारले डोल्पा र सोलुखुम्बुमा कार्यक्रम ल्याएको थियो । अहिले स्याङबोचेमा मात्रै संरक्षण तथा संवर्द्धन कार्यक्रम सञ्चालनमा रहेको उनले बताए । यस्तो कार्यक्रम ताप्लेजुङमा पनि विस्तार गर्नुपर्ने उनको माग छ ।

मिक्वाखोलाको पापुङ, साँवा, फक्ताङलुङको ओलाङचुङगोला, लेलेप, सिरिजंघाको याम्फुदिनमा समथर खर्क र चौर प्रशस्तै रहेकाले चौंरीपालनको सम्भावना रहेको डण्डुको बुझाइ छ । यसका लागि पशु बिमा, मौसमको पूर्वजानकारी, बजारको सुनिश्चितता अनिवार्य भएको डण्डु बताउँछन् ।

स्थानीयले पनि अब चार/पाँचवटा मात्रै नभएर व्यावसायिक रूपमा सयौंको संख्यामा पाल्न सक्नुपर्छ । अहिलेसम्म नेपालका चौंरी र याक चीनमा मात्रै निर्यात हुने गरेको छ । मासुका लागि चीनमा लगिन्छ । छुर्पी र चम्मर भने नेपाली बजारमा बिक्री हुन्छ । चौंरीको पुच्छर चम्मरका रूपमा प्रयोग हुन्छ । गोठ जोगाउन सके नेपालको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने डण्डु बताउँछन् । 'तीनजुरे मिल्के जलजलेमा लालीगुँरास हेर्न आएका मान्छेले चौंरी याकको बथान पनि देखे अझै खुसी हुन्छन्,' उनी भन्छन्, 'हिमाली पशुपालनको संस्कृति जोगाउन र पर्यटकलाई देखाउन पनि जोगाउन जरुरी छ ।'

# पारि छोरीको हत्या, वारि न्यायको पर्खाइ

■ **जितेन्द्र साह** (विराटनगर)

छोरीका बारेमा सोध्नेबित्तिकै विराटनगर ११ पिचरा धुदुवा टोलकी ४५ वर्षीया आनन्दीदेवी सहनी डाँको छाडेर रुन्छिन् । 'सासूससुरा, ज्वाइँ, नन्द र छरछिमेकले मिलेर अर्धमूर्च्छित नहुन्जेलसम्म कुट्दै छोरीलाई विष खुवाए, रातारात खोलामा लगेर फाले,' उनी रुँदै भन्छिन्, 'ती निर्दयी हत्यारालाई पनि अदालतले यसै गरी सजाय दिनुपर्छ, उनीहरूलाई फाँसीको सजाय हुनुपर्छ ।'

दाइजोको भोका ससुराली पक्षले छोरी २२ वर्षीया रञ्जनाको हत्या गरेपछि उनी तीन महिनादेखि न्यायको पर्खाइमा छिन् । 'फूल जस्ती छोरीलाई तडपाएर मार्नेहरूले कहिल्यै शान्ति नपाऊन्, उनीहरूको पनि अकालमै मृत्यु होस्,' आनन्दीदेवीले विलाप गर्दै भनिन् ।

भारत बिहारको अररिया जिल्लास्थित जोगबनीको भेडयारीमा रञ्जनाको असोज २४ को राति हत्या भएको थियो । घटनाको आठ महिनाअघि २३ फागुनमा जोगबनी भेडयारीका २५ वर्षीय भीम बहरदारसँग उनको मागी बिहे धुमधामले भएको थियो ।

जोगबनी प्रहरी चौकीका अनुसार हत्याको दुई दिनपछि २६ असोजको बिहान सीमावर्ती जोगबनी बजारदेखि करिब ३ किमि दक्षिण भवानीपुरस्थित परमान खोलामा रञ्जनाको शव फेला परेको थियो । रञ्जनाको घरदेखि यो खोला एक किलोमिटर पर छ ।

छोरी हराएको खबर पाएपछि २५ असोजमा माइती पक्ष खोजतलास गर्दै भेडयारी पुगेका थिए । खोजी जारी रहँदा २६ असोजको बिहान स्थानीय बालबालिकाले खोलामा शव देखेर खबर गरेका थिए, जुन रञ्जनाको थियो । मृतकको अनुहारलगायत शरीरको विभिन्न भागमा चोटपटक देखिएको थियो ।

'शारीरिक यातना र हत्या पुष्टि भएकोले चार आरोपीलाई तत्कालै पक्राउ गऱ्यौं । शवको फारबिसगन्ज अस्पतालमा



**छोरी रञ्जनाको तस्बिर देखाउँदै विराटनगर, पिचरा धुदुवा टोलकी आनन्दीदेवी सहनी ।**
*तस्बिर : जितेन्द्र/कान्तिपुर*

पोस्टमार्टमपछि भिसेरा परीक्षणका लागि पटना पठायौं,' जोगबनी प्रहरी चौकीका प्रमुख आफताब अहमदले कान्तिपुरसँग भने, 'अब यो मुद्दा अदालतमा विचाराधीन छ ।' सीमावर्ती भारत बिहारको अररिया जिल्ला अदालतमा मुद्दा चलिरहेको छ । '६ महिनाभित्र फैसला हुने अदालतले भनेको छ,' आमा आनन्दीदेवीले भनिन् । दाइजो स्वरूप माग गरिएको २ लाख रुपैयाँ नदिँदा छोरीको हत्या भएको माइती पक्षको बयानअनुसार प्रहरीले तत्कालै रञ्जनाका श्रीमान् २५ वर्षीय भीम बहरदार, ससुरा सैनी बहरदार, जेठाजु अर्जुन बहरदार र छिमेकी शिवानन्द मुखियालाई पक्राउ गरेको थियो ।

फरार रहेकी रञ्जनाको सासूलाई दुई साताअघि पक्राउ गरी अदालतमा उपस्थित गराइसकिएको अहमदले बताए । उनको जेठानी दिदी अझै फरार छिन् । आनन्दीदेवीका अनुसार ससुराली पक्षबाहेक कुटपिट र हत्यामा टोलवासीको समेत संलग्नता थियो ।

'मुख्य आरोपीहरूलाई पक्राउ गरिसकेका छौं । अब उनीहरूको घरमा ताल्चा लागेको छ,' उनले भने, 'यस्तो मुद्दा कहिल्यै बन्द हुन्न । अनुसन्धानको क्रममा अन्य पनि आरोपी देखिएमा वा अदालतले थप कसैलाई पक्राउ गरेर ल्याउन भनेमा प्रहरी पछि हट्दैन ।' हरेक कोणबाट अनुसन्धान गरिंदा रञ्जनाको कुटपिट र विष सेवनबाट हत्या भएको पुष्टि भइसकेको हुनाले अभियुक्तहरू बच्ने सम्भावना नरहेको अहमदले बताए ।

रञ्जनाको शव फेला पर्नुभन्दा १५ दिनअघि ज्वाइँले पसल खोल्नलाई पैसा चाहिएको भन्दै दबाब दिएको र नदिएमा रञ्जनाको हत्या गर्ने धम्की दिएको माइती पक्षले बिहार प्रहरीको जोगबनी चौकीलाई दिएको जाहेरीमा उल्लेख छ ।

एक मात्र छोरीको हत्यापछि आनन्दीदेवीको आँखाबाट आँसु नझरेको दिन छैन । 'गरिब भए पनि छोरीको बिहे खर्चमा कुनै कमी हुन दिएनौं,' उनले भनिन् । बाँकी चार सदस्यीय सहनी परिवारमा आनन्दीदेवीका पति ५० वर्षीय मानीचन्दले राजमिस्त्री र छोरा २१ वर्षीय रिकेशले टेन्टको काम गर्छन् ।

सामान्य घरमा बस्ने सहनी परिवारले अहिलेसम्मको सम्पूर्ण बचत छोरीको बिहेमा खर्चेका थिए । टीभी, फर्निचर, गरगहना, लुगाफाटा र भाँडाबर्तनलगायत सम्पूर्ण सामान दिएर छोरीलाई बिदा गरेका थिए । तर ज्वाइँले कम दाइजो पाएको भन्दै रञ्जनालाई शारीरिक एवं मानसिक यातना दिँदै आएको परिवारजनले बताए । बिहेपछि परिवारजनले ऋण खोजेर भए पनि ज्वाइँलाई मोटरसाइकल किनेर दिएका थिए ।

'अब त छोरीलाई खुसी राख्लान् भनेर सोचेका थियौं तर ठिक उल्टो भयो, माग बढ्दै गयो,' आनन्दीदेवीले भनिन्, 'पसल खोल्नलाई ज्वाइँले २ लाख रुपैयाँ माग्यो, यति ठूलो रकम तत्कालै दिनलाई असमर्थ थियौं ।'

मागेको रकम नदिएमा रञ्जनालाई मारेर फालिदिने धम्की पटकपटक ज्वाइँले दिएको कान्छो हजुरबा ५५ वर्षीय लक्ष्मी सहनीले बताए । 'अन्तिम पटक धम्की दिएको १५ दिनपछि नातिनीको हत्या गरे,' उनले भने । तल्लो अदालतको फैसलाबाट चित्त नबुझेमा उच्च अदालत पुग्ने र त्यहाँबाट पनि चित्त नबुझेमा सर्वोच्चलाई गुहार्ने सहनीले बताए । उनले भने, 'नातिनीको हत्याराहरूलाई छाड्दैनौं ।'

तर पनि छोरी गुमाएकी आमा आनन्दीदेवीको अवस्था बेहाल छ । घरमा आइपुग्नेलाई छोरीको एक मात्र तस्बिर र शोकपत्र देखाउँदै रुन थाल्छिन् । बैचेनी र छटपटाहटले गर्दा उनलाई राम्ररी निद्रा आउँदैन । 'सपनीमा छोरीलाई घर फर्केको देख्छु,' आनन्दीदेवी भन्छिन्, 'विपनीमा पनि फर्केर आउँछिन् कि जस्तो लाग्छ, आँगनमा छरछिमेकका छोरीबुहारी आउँदा रञ्जना नै आएजस्तो भान हुन्छ ।' छोरीको सन्तानलाई खेलाउने सपना अधुरै रहेको उनले बताइन् । चाडबाडमा छरछिमेकका छोरीज्वाइँ आउँदा सम्झना आउने गरेको आनन्दीदेवी बताइन् ।

# महामहिमको 'मुस्कान'




**बुद्धस्थल प्राचीन कपिलवस्तु (तिलौराकोट) मा चिनियाँ राजदूत होउ यान्छी (बायाँ) ।**

कपिलवस्तु (कास)- 'हर एक्सिलेन्सी । फिउ वर्ड इन मिडिया ।' सञ्चारकर्मी मनोज श्रीवास्तवको शब्द उनको कानमा के परेको थियो, उनले गजबको मुस्कान दिइन् । भनिन्, 'एस् प्लिज । यू आर रेडी ।' उनी थिइन्, सेलिब्रिटी चिनियाँ राजदूत हाउ यान्छी ।

सञ्चारकर्मीसँग बुद्धस्थल प्राचीन कपिलवस्तु (तिलौराकोट) मा बिहीबार हाँसीहाँसी कुरा गरिन् । 'निकै फ्रयांक थिइन्,' सञ्चारकर्मी श्रीवास्तवले भने, 'उत्तिकै सरस र सरल ।' मुस्कानसाथ क्यामेरामा कुरा गरिन् । सञ्चारकर्मीको जिज्ञासा धीत् मार्ने गरी मेटिन् । उत्ति नै मुस्कुराउँदै बिदा भइन् । जुन अविस्मरणीय भएको सञ्चारकर्मी शम्भु सैनीले बताए । 'धेरैसँग अन्तर्वार्ता गरियो,' उनले भने, 'तर यस्तो फरासिलो र हँसिलो राजदूत पाएका थिएनौं ।'

तिलौराकोट अवलोकन गर्ने क्रममा संयोगले महामहिमको डुरहाम विश्वविद्यालय बेलायतका प्रोफेसर पुरातत्त्वविद् डा. रविन कनिङ्घमसँग भेट भयो । मुस्कुराउँदै परिचय दिइन् । 'सम्पन्न मुलुकको शक्तिशाली राजदूत हुँदा सामान्य, सरल र मिजासिलो पायौं,' लुम्बिनी विकास कोषका सदस्य राजेश ज्ञवालीले भने ।

चिनियाँ सञ्चार संस्था पिपुल्स डेलीले राजदूत यान्छीले सामाजिक सञ्जालमार्फत नेपालको पर्यटन प्रवर्द्धन गरेको भन्दै समाचार प्रकाशन गरेको छ । उत्तरी चीनको सान्सी प्रान्तमा सन् १९७० मार्चमा जन्मेकी राजदूत हाउ सन् २०१८ मा नेपालका लागि जनवादी गणतन्त्र चीनको राजदूत नियुक्त भएकी थिइन् । उनी बुद्धस्थल र पूर्वी नवलपरासीमा सञ्चालित चिनियाँ लगानीका योजना अनुगमन गरेर शुक्रबार राजधानी फर्किएकी छन् ।

# बनेन न्यायिक समिति

■ **अगन्धर तिवारी** (पर्वत)

संवैधानिक व्यवस्थाबमोजिम स्थानीय तहमा जनप्रतिनिधि चुनिएलगत्तै न्यायिक समिति गठन हुनुपर्ने हो । तर स्थानीय तहभित्रका साँधसिमाना, पारिवारिक तथा सामाजिक झैझगडा, बाटोघाटोका विवादलगायत समस्या निरूपण गर्न समिति गठन हुनैपर्ने भए पनि कुश्मा नगरपालिकामा अझै हुन सकेको छैन । जसका कारण कुश्मावासी जनप्रतिनिधि आएको अढाई वर्षसम्म संघीय संरचनाअनुसारका न्याय अनुभूत गर्न पाएका छैनन् ।

नेकपा र कांग्रेसबीच कुरा नमिल्दा उपप्रमुखको संयोजकत्वमा गठन हुनुपर्ने न्यायिक समिति अझैसम्म गठन नभएको हो । कुश्माका १४ मध्ये ५ वडा कांग्रेस र ९ वडामा नेकपाका अध्यक्ष विजयी भएका छन । २४ कार्यपालिका सदस्यमध्ये ७ नेपाली कांग्रेस र बाँकी सबै नेकपाका छन् ।

तीन सदस्य रहने समिति नगरपालिकाका उपप्रमुखको संयोकत्वमा गठन हुने संवैधानिक व्यवस्था छ । संविधानको धारा २१७ बमोजिम न्यायिक समिति गठन गर्नुपर्ने व्यवस्था छ । सोही धाराको उपधारा २ मा न्यायिक समितिमा गाउँसभा वा नगरसभाबाट निर्वाचित २ सदस्य हुनुपर्ने व्यवस्था छ ।

यस्तो समितिले प्रचलित कानुनबमोनिम मेलमिलाप हुन सक्ने व्यक्ति वादी भई दायर हुने अन्य देवानी र अन्य एक वर्षसम्म कैद हुन सक्ने फौजदारी विवादको फैसला गर्ने अधिकार स्थानीय तह सञ्चालन ऐन, २०७४ को परिच्छेद ८ (ट) मा उल्लेख छ । संवैधानिक व्यवस्थाअनुसार उपप्रमुखको संयोजकत्वमा गठन हुनुपर्ने न्यायिक समिति नेकपाको बहुमतकै कारण गठन हुन नसकेको नगरका पदाधिकारी बताउँछन् । 'हाम्रो बहुमत भएको भए तत्कालै हुन्थ्यो,' एक जनप्रतिनिधिले भने, 'उहाँहरूले विभिन्न बखेडा झिकेर बन्दी बनाउनुभएको छ ।' नेकपाबाट विजयी केही वडाध्यक्षले गत वर्षको नगरसभामा ५ वर्षसम्म न्यायिक समिति बन्न नदिने चुनौती दिएको ती सदस्यले बताए ।

नेकपाको बहुमत रहेको नगरपालिकामा प्रमुख र उपप्रमुख कांग्रेसबाट विजयी छन् । लेखा, विधायन र न्यायिक समिति संवैधानिक भएकोले कानुनको परिधिभित्रै रहेर समिति बनाउन सहमत भएको नेकपाका सदस्य बताउँछन् । नगरपालिकाको प्रवक्ता, विधायन, लेखा, सुशासनलगायतका अरू समितिका संयोजकसहित बहुमत सदस्य आफ्ना दलका नबनाए न्यायिक समिति गठन गर्न नदिने अडान नेकपाका सदस्यको छ । 'न्यायिक समितिमा हामीले कुनै अवरोध गरेका छैनौं,' कुश्मा-११ का अध्यक्ष शिवप्रसाद पौडेलले भने, 'विपक्षी दलका हिसाबले हामीले लेखा समितिको संयोजक मागेको सत्य हो । अरूमा उहाँहरूले मागे बमोजिमका सदस्य तोकेका छौं ।' नगरप्रमुख र उपप्रमुखकै चासो कम हुँदा संवैधानिक समिति गठन हुन नसकेको उनको आरोप छ ।

नगरप्रमुख र उपप्रमुख भने न्यायिक समितिको गठन नहुनुमा नेकपा नै दोषी रहेको बताउँछन् । 'न्यायिक समिति बनाउने हो भने प्रवक्ता हामीलाई चाहिन्छ भन्ने उहाँहरूको कुरा हो,' नगरप्रमुख रामचन्द्र जोशीले भने, 'हरेक मिटिङमा मैले गर्नसम्म गरेको छु । बहुमत र अल्पमतको कुरा गर्छन् । तपाईंहरूकै सदस्य राख्नुस् भन्दा पनि मान्नुभएको छैन ।' हरेक बैठकमा

**नेकपाकै कारण समिति गठन हुन नसकेको हो**

फरकफरक कुरा गर्ने नेकपाका सदस्यबीच नै कुरा नमिलेर बिग्रिएको उनको आरोप छ । 'हामी समिति बनाउने होमवर्क धेरै पहिलेदेखि गर्दै आएका हौं,' उपप्रमुख सीता काफ्ले लामिछानेले भनिन्, 'उहाँहरूले अरू समितिका कुरा ल्याएर जोडेपछि यो विषय धेरै जटिल बन्न पुग्यो ।'

**समितिमा उजुरी बढ्दै**

न्यायिक समिति गठन भएपछि कुश्माबाहेकका सबैजसो स्थानीय तहमा उजुरीको चाङ लाग्न थालेका छन् । घरेलु हिंसा, महिला हिंसा, आर्थिक लेनदेन, योजना विवाद, साँधसिमाना, सडक, खानेपानी, सिँचाइलगायतदेखि बहुविवाहसम्मका उजुरी पर्न थालेका छन् । संविधानले न्यायिक समितिलाई कानुनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरूपण गर्न गाउँपालिका वा नगरपालिकाले उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति गठन गर्ने प्रावधान राखेको छ । सोही प्रावधानअनुसार गठित न्यायिक समितिले आएका उजुरीमाथि छानबिन एवम् मिलापत्र गर्न थालेका हुन् ।

शनिबारको
नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
कान्तिपुर
ekantipur.com
सातै प्रदेशबाट एकैसाथ प्रकाशित
वर्ष २७ अंक ३२८ सुर्खेत | ४ माघ २०७६ शनिबार माघ कृष्णपक्ष अष्टमी | नेपाल संवत् ११४० | कर्णाली प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Saturday, January 18, 2020 | पृष्ठ १२+४+८ | १० रुपैयाँ

# तनाव व्यवस्थापनमा चुक्दा

## बढी कमाउने प्रलोभनमा ऋण लिएर गरेको लगानी डुब्न थालेपछि परिवारसहित आत्महत्या प्रयास गरेका युवाले श्रीमती र दुई छोरा गुमाएका छन्

**हरिहरसिंह राठौर** (धादिङ)
**मातृका दाहाल** (काठमाडौं)

व्यवस्थापन विषयका लेक्चरर विनय लामिछाने आफैंमा एक कुशल व्यवस्थापक पनि थिए। काठमाडौंको चन्द्रागिरि नगरपालिकास्थित मंगलोदय क्याम्पसमा व्यवस्थापन संकायमा पढाउँदै आएका उनले व्यवसायमा पनि हात हालेका थिए। सेयर र कमोडिटी मार्केटमा उनको लगानी थियो। उनी 'वेस्ट काठमाडौं बिजनेस इन्भेस्टमेन्ट प्रालि' का प्रमुख कार्यकारी अधिकृत पनि हुन्।

डेढ वर्षअघिदेखि सेयर र कमोडिटी मार्केटमा लगानी गरेका विनयले ६ महिनासम्म राम्रै नाफा कमाए। त्यसपछि लोभिएर लगानी बढाए। तर दुर्भाग्य, नाफा पहिलेझैं निरन्तर हुन सकेन। एक वर्षको अवधिमा डेढ करोडभन्दा बढी घाटा व्यहोरेपछि उनको जिन्दगीले अर्कै मोड लियो। हिसाब गर्दा आफ्ना भएभरको जायजेथाले पनि ऋण र सापटी तिर्न नभ्याउने भयो। त्यसपछि तनाव व्यवस्थापन गर्न नसकेका लामिछाने गलत निर्णयमा पुगे। अन्ततः पत्नी र दुई अबोध छोरासहित बिहीबार साँझ त्रिशूली नदीमा हेलिन पुगे।

मकवानपुर, चित्लाङका विनयले धादिङको सिद्धलेख-७, बडघरेकी जमुना रेग्मीसँग २०७४ मा विवाह गरेका थिए। उनीहरूका दुई वर्षीय छोरा विजन र ६ महिनाका रिजन थिए। रिजनको शुक्रबारै पास्नीको साइत जुरेको थियो। तर परिवारमा सुतक परेकाले उनी पास्नी छोडेर श्रीमती र दुई छोरासहित घरबाट निस्किए।

घर छोड्नुअघि विनयले जमुनासँग भनेका थिए, 'म ऋणमा डुबिसकें, अब मर्छु।' जवाफमा जमुनाले 'एक्लै होइन, परिवार नै सँगसँगै मरौं' भनेपछि उनीहरू दुवै छोरालाई लिएर धादिङतर्फ लागेका थिए। घर छोड्नुअघि विनयले लेखेको तीन पाना लामो 'सुसाइड नोट' मा ऋण तिर्नुपर्ने लामो फेहरिस्तसहित आफू मृत्यु रोज्न बाध्य भएको खुलाएका छन्। 'यो पढ्नु होला' शीर्षकमा हरियो अक्षरमा लेखिएको सुसाइड नोटमा परिवार नै मास्नुपरेको कारण उल्लेख गरेका छन्। गएको वर्षदेखि व्यापार निकै खस्केको, सापटी लिएका मानिसले फोन गरेर चर्को मानसिक तनाव दिएको र आफ्नो अंश लाग्ने सम्पत्ति बेच्दा पनि सापटी र ऋण तिर्न नसक्ने अवस्था आएकाले श्रीमती र छोराहरूसहित परिवारले नै मृत्युवरण गर्ने निर्णय गरेको उनले सुसाइड नोटमा लेखेका छन्।

धादिङको बेनीघाटस्थित सिउरेनीटार जोड्ने पुलमुनिबाट ६ महिनाका छोरा रिजनलाई श्रीमती र दुईवर्षे विजनलाई विनय आफैंले काखमा लिएर नडुबुन्जेल त्रिशूलीमा हेलिएका थिए। संयोगले विनयलाई जलयात्रा गर्ने समूहले जीवितै उद्धार गर्‍यो। तर जमुना दुई छोरासहित बेपत्ता भइन्।

बाँकी पृष्ठ १३ ▶▶




**विनय लामिछाने (दायाँ)। त्रिशूलीमा डुबेर मृत्यु भएकी उनकी पत्नी जमुना र बेपत्ता छोराहरू।** *तस्बिर : विनयको फेसबुकबाट*

# किन हुन्छ सामूहिक आत्महत्या ?

**गोकर्ण गौतम** (काठमाडौं)

धादिङमा बिहीबार साँझ भएको घटनाले सामूहिक आत्महत्या प्रयास किन बढ्दै छ भन्ने प्रश्न फेरि जगाइदिएको छ।

गत वर्ष चितवनको भरतपुर महानगरपालिका-१८, शशीनगरमा एकै परिवारका तीन जनाले आत्महत्या गरेका थिए। सहरी क्लिनिक टोलकी ३५ वर्षीया माया आलेमगर, उनका १४ वर्षीया छोरी विनिता र १२ वर्षे छोरा विवेक सलमा झुन्डिएका थिए। विवेकले सुनाइड नोटमा लेखेका थिए, 'बुबा, तपाईं हामीलाई नसोधी किन जानुभयो ? ममीले साह्रै दुःख मान्नुभएको छ।' नेपाली सेनामा कार्यरत उनका बाबु घटनाको दुई दिनअगाडि काठमाडौं फर्किएका थिए। पारिवारिक बेमेलले आमाले बच्चासहित आत्महत्या गरेको खुलेको थियो। अघिल्लो वर्ष बझाङको सुर्मामा एउटै रुखमा पासो लगाएर तीन बालिकाले सामूहिक आत्महत्या गरेका थिए। १४ वर्षे जुनतारा पुजारा, १४ वर्षकै रेखा पुजारा र उनीहरूभन्दा एक वर्ष जेठी कविता बोहराले जंगलमा एउटै रुखमा नाम्लोले पासो लगाएर मृत्यु रोजेका थिए। यो रहस्यमयी घटनाको अन्तर्य त्यतिकै लुक्यो।



प्रेममा मनमुटाव वा वियोग भएपछि जोडीले आत्महत्या गरेका घटना पनि उत्तिकै छन्। गत वर्ष फागुनमा वीरगन्जमा तीन किशोरकिशोरीले सामूहिक विष सेवन गरेर आत्महत्या प्रयास गरेका थिए। जिरा भवानी गाउँपालिका-४ की १८ वर्षीया संगीताकुमारीको उपचार क्रममा मृत्यु भयो भने मञ्जिता कुमारी र सञ्जय दास समयमै उपचार पाएरकाले बाँचे। मञ्जिताको राज चौधरीसँग र संगीताको सञ्जयसँग प्रेमसम्बन्ध थियो। सञ्जय र राजचाहिँ साथीसाथी। विवाह गरेर भाग्ने प्रयास असफल भएपछि विष सेवन गरेको खुलेको थियो।

बाँकी पृष्ठ १३ ▶▶

## भित्र



गुठीको २ हजार रोपनी व्यक्तिको नाममा

- फुक्दै नेकपामा असहमतिको गाँठो
- कांग्रेस भन्छ- 'सभामुख-उपसभामुख राष्ट्रिय हैसियतको फरक दलबाट'
- उस्तै कसुर, दुई थरी फैसला


साथमा





अमेरिकी दूतावास भन्छ-

# 'एमसीसीमा सैन्य मामिला छैन'



काठमाडौं (कास)- अमेरिकी दूतावासले मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) कुनै सैन्य गठबन्धन नभएको जनाएको छ। जनस्तरमै पक्षविपक्षमा व्यापक तर्क उठेपछि काठमाडौंस्थित दूतावासले शुक्रबार दसबुँदे विज्ञप्ति जारी गरेर एमसीसीमा कुनै सैन्य मामिला नजोडिएको बताएको हो।


दूतावासले अमेरिकी कानुनले कुनै पनि एमसीसी परियोजनामा सैन्य संलग्नतालाई निषेध गरेको दाबी गरेको छ। उसले एमसीसीलाई 'विशुद्ध रूपमा आर्थिक विकासमा केन्द्रित' भनेको छ। 'नेपालमा विद्युत् प्रसारण लाइन निर्माण र सडकको स्तरोन्नतिमार्फत आर्थिक विकासमा सघाउने एमसीसी परियोजनाको लक्ष्य छ,' विज्ञप्तिमा भनिएको छ। सत्तारूढ नेकपाभित्रै एमसीसी 'चीनविरुद्ध लक्षित' इन्डो-प्यासिफिक रणनीतिको अंग भएकाले उसँग भएको परियोजनासम्बन्धी सम्झौता संसद्बाट अनुमोदन गर्न नहुने आवाज उठ्न थालेपछि अमेरिकी दूतावासले विज्ञप्तिमार्फत प्रस्टीकरण सार्वजनिक गरेको हो। एमसीसी सम्झौता अनुमोदनका लागि संघीय संसद्मा पेस गरिएको छ, जसलाई यही हिउँदे अधिवेशनमा पारित गराउने सरकारको तयारी छ।

दूतावासले एमसीसीका सम्बन्धमा उठेका प्रश्नहरूबारे आफू जानकार भएको उल्लेख गरेको छ। 'हाले नेपाली नागरिक, नेतृत्व र सञ्चारकर्मीले एमसीसीको नेपाल कम्प्याक्ट (सम्झौता) बारे सोधिरहनुभएको छ। यस्ता प्रश्नलाई हामी स्वागत गर्छौं। यस कार्यक्रमभित्र नेपालका लागि केकस्ता लाभ छन् भन्नेसम्बन्धी बुझाइ निर्माणमा नेपाली जनसाधारणको सहभागितालाई पनि हामी स्वागत गर्छौं,' विज्ञप्तिमा भनिएको छ, 'अन्तर्राष्ट्रिय विकासका निम्ति पारदर्शिता तथा सच्चा साझेदारीमा आधारित नयाँ मोडलका रूपमा एमसीसी स्थापना भएको हो।'

बाँकी पृष्ठ १३ ▶▶

# फेरि हिमपात र वर्षा

## अन्नपूर्ण हिँडेका ७ जना सम्पर्कविहीन, गोरखामा हिमपहिरो



फाइल तस्बिर

**कान्तिपुर संवाददाता** (काठमाडौं)

सुदूरपश्चिम हुँदै भित्रिएको न्यूनचापीय प्रणालीका कारण शुक्रबार देशैभर वर्षा भएको छ। उच्च पहाडी र हिमाली भागमा हिमपात भएको छ। गोर्खामा हिमपहिरो गएको छ भने पर्यटकीय पदमार्ग अन्नपूर्ण आधारशिविर हिँडेका पाँच विदेशी पर्यटक र दुई नेपाली गाइड सम्पर्कविहीन छन्। निरन्तर वर्षा र खराब मौसमकै कारण चार अन्तर्राष्ट्रिय उडान डाइभर्ट भए भने ३७ आन्तरिक रद्द हुन पुगे।

पोखरास्थित संवाददाताका अनुसार अन्नपूर्ण आधारशिविर हिँडेका चार कोरियाली, एक चिनियाँ र दुई नेपाली सम्पर्कविहीन छन्।

'अन्नपूर्ण बेसक्याम्प (एबीसी) जाने क्रममा नौ कोरियालीमध्ये चार जना सम्पर्कमा नरहेको जानकारी प्राप्त भएको छ,' गण्डकीका प्रदेश प्रहरी प्रमुख डीआईजी विनोद शर्मा घिमिरेले भने, 'नेपाली भरियासहित गएका एक चिनियाँ र छुट्टै टोलीका दुई नेपाली गाइड पनि सम्पर्कविहीन छन्।' कास्कीको अन्नपूर्ण गाउँपालिका-११ हिमालय र देउरालीबीचको हिंकुमा हिमपहिरो आएपछि उनीहरू सम्पर्कमा नरहेको उनले बताए। उक्त वडाको दोभानस्थित डेस्टिनेसन एबीसी होटलका सञ्चालक सुक गुरुङले पनि केही पर्यटक र नेपाली बाटैबाट सम्पर्कविहीन रहेको बताए। अत्यधिक हिमपातले उक्त मार्गमा तत्काल ओहोरदोहोर गर्न सकिने अवस्था छैन। स्थानीय र प्रहरीले उक्त स्थानमा फोनले काम नगरेकाले पनि खोजीमा समस्या भएको बताएका छन्।

'एबीसी जाने बाटोमा रहेका होटलमा उनीहरू सुरक्षितसाथ बसेका पनि हुन सक्छन्,' डीआईजी घिमिरेले भने, 'टेलिफोन सम्पर्क छैन। अत्यधिक हिमपातले कोही जान सक्ने अवस्था छैन।' नजिकै रहेको घान्द्रुक प्रहरी चौकीबाट घटनास्थल पुग्न एक दिन लाग्छ। शुक्रबार बिहान ११ बजेतिर उक्त स्थानमा हिमपहिरो आएको थियो। डीआईजी घिमिरेले स्थानीय र प्रहरीलाई घटनास्थलतर्फ परिचालन गरिएको बताए। कास्की प्रहरीका प्रवक्ता डीएसपी राजकुमार केसीले पनि घटनाबारे अपुष्ट सूचना आएको बताए।

अत्यधिक हिमपातपछि गएको हिमपहिरोले गोरखामा ट्रेकिङ रुट (पैदल मार्ग) बन्द भएको छ। चुमनुब्री गाउँपालिका-४ नामरुङमा शुक्रबार दिउँसो हिमपहिरो जाँदा लार्केबाट सामागाउँ जाने बाटो बन्द भएको प्रहरीले जनाएको छ। गोरखा प्रहरी प्रमुख एसपी ओम अधिकारीका अनुसार करिब ५ सय मिटर माथिबाट आएको हिमपहिरोले लार्केपास ट्रेकिङ रुटको २५ मिटर बाटोमा क्षति पुर्‍याएको छ। 'बाटो नभएका कारण तत्काललाई आवतजावतमा रोक लगाइएको छ,' अधिकारीले भने, 'स्थानीयसँग समन्वय गरी बाटो खुलाउने प्रयासमा छौं।'

बाँकी पृष्ठ १३ ▶▶




# अनुमति झोलामा काम भएन खोलामा

सरकारबाट जलविद्युत् आयोजना बनाउन अनुमति लिएकाहरूले निर्माण सम्पन्न गरेको भए मुगुका गाउँबस्तीमा सबैतिर बिजुली पुग्ने थियो

■ **राजबहादुर शाही** (मुगु)

अनुमति लिएको लामो समयसम्म पनि जलविद्युत् आयोजना नबन्दा मुगुका बासिन्दा अँध्यारोमा बस्न बाध्य भएका छन् । जिल्ला सदरमुकाम बाहिरका अधिकांश क्षेत्रमा विद्युत् पुग्न नसकेको हो ।

कर्णाली जलविद्युत् आयोजना कम्पनीले मुगु-कर्णालीको सिम्लीदेखि भिई दोभानसम्म करिब ३१ किलोमिटर ओगटिरहेको छ । उक्त क्षेत्रमा अन्य कम्पनी वा व्यक्तिले विद्युत् उत्पादनलगायत अन्य कार्य गर्न पाउँदैनन् । कम्पनीले ओगटेको जग्गा छायानाथरारा नगरपालिका र सोरु गाउँपालिकामा पर्दछ । कम्पनीले २०६३ सालमा सरकारबाट अनुमति लिएको थियो । १ सय ६० मेगावाट विद्युत् उत्पादन गर्ने कम्पनीको योजना छ ।

कम्पनीका सिनियर मेनेजर गणेशप्रसाद खनालले अनुमति लिएबापत सरकारलाई वर्षेनि ५० लाख रुपैयाँ राजस्व बुझाउने गरिएको बताए । उनका अनुसार विद्युत् उत्पादनको लागि पूर्वसम्भाव्यता अध्ययनको काम सकिएको छ । वातावरणीय प्रभाव मूल्यांकनको काम भने हुन सकेको छैन । यसको जिम्मा हाइड्रो कन्टिजेन्सी इन्जिनियरिङले गरिरहेको खनालले जानकारी दिए । आयोजनाको लागि ५ अर्ब ३३ करोड रुपैयाँ लागत अनुमान गरिएको छ । आयोजनाले विद्युत् उत्पादनको लागि कुन स्थान उपयुक्त हुने भन्ने अहिलेसम्म टुंगो लगाएको छैन । कच्चेकोट दाक्चा र धैनकोटदेखि तल राताचौर क्षेत्रलाई बढी सम्भावनामा राखेर सर्भे अघि बढाइएको इन्जिनियर खनालले बताए ।

सोरु गाउँपालिकाले दाक्चामा विद्युत् उत्पादनका लागि सर्भे अघि बढाउने तयारी गरे पनि आयोजनाका कारण अलमलमा परेको छ । गाउँपालिका अध्यक्ष लोकबहादुर शाहीले काम नगर्ने र नदी ओगटिरहने प्रवृत्तिले समस्या बढाएको बताए । 'कि त छिटो काम गर्नुपर्‍यो, कि हामीलाई काम गर्ने बाटो खोल्नुपर्‍यो,' उनले भने, 'फेरि आयोजनाले स्थानीय सरोकारवालासँग कुनै छलफल पनि गरेको छैन ।' यसका साथै माथिल्लो मुगुको डोल्फूबाट विद्युत् निकाल्ने गरी भारतको लान्को इनर्जी कम्पनीले लिएको लाइसेन्स पनि त्यत्तिकै थन्किएको छ । कम्पनीले २०६५ मा ३ सय ३३ मेगावाट विद्युत् उत्पादन गर्ने गरी सरकारबाट अनुमति लिएको थियो । त्यस्तै मुगु र बाजुराको सीमाक्षेत्र हयाङ्लुस्थित हुम्ला कर्णालीबाट १९ मेगावाट विद्युत् उत्पादनको लागि नेपाल विद्युत् प्राधिकरण र लगानी बोर्डले सर्भे अघि बढाएका छन् । यद्यपि काम प्रभावकारी रुपमा अघि बढ्न सकेको छैन ।

मुगुमकार्मारोङ गाउँपालिका प्रमुख छिरिङ क्याप्ने लामाले सरकारबाट अनुमति लिएर नदी ओगट्ने तर काम नगर्ने प्रवृत्ति देखिएको बताए । ठूला कम्पनीले लाइसेन्स ओगटिरहँदा जिल्लाको ठूलो क्षेत्र विद्युत्‌विहीन बनेको उनको भनाइ छ । गमगढीमा ४ सय किलोवाट क्षमताको गमगाढ साना जलविद्युत् आयोजना रहेको छ ।

उक्त आयोजनाले जिल्ला सदरमुकाम गमगढीलाई धानेको छ । गत वर्षदेखि खत्याड गाउँपालिकाले बिराबगरमा ५ सय किलोवाट विद्युत् उत्पादनको लागि निर्माण अघि बढाएको छ । आउँदो वैशाखभित्र विद्युत् आयोजना सम्पन्न गर्ने लक्ष्य रहेको गाउँपालिका प्रमुख उब्जन शाहीले बताए ।



विद्युत् उत्पादनका लागि कर्णाली जलविद्युत् आयोजना कम्पनीले ओगटेको मुगु–कर्णाली क्षेत्र । तस्बिर : राजबहादुर/कान्तिपुर

## 'मेडिकल धाउनु पर्दैन'

वीरेन्द्रनगर (कास)- वीरेन्द्रनगर नगरपालिका-९ की उजेली राना अहिले उपचार गराउन वडाकै स्वास्थ्यचौकीमा जान्छिन् । पहिले निजी मेडिकल जाने उनलाई स्वास्थ्यचौकीमै डाक्टरको व्यवस्था भएपछि सहज भएको हो ।

'ठूलै रोग लागे मात्रै हो बाहिर जानैपर्ने,' उनले भनिन्, 'अब मेडिकल धाउनु पर्दैन ।' पूर्वाधार अभावबीच पनि स्वास्थ्य चौकीबाट नै सहज उपचार सेवा पाइरहेको सोही वडाका छविलाल सुनारले बताए । बिरामीलाई सहज र गुणस्तरीय उपचार सेवा दिन वडा कार्यालयले करारमा डा.कृष्णदेव गिरीलाई नियुक्त गरेको छ । डेढ वर्षदेखि नै वडा कार्यालयले हप्तामा एकपटक डाक्टरद्वारा नै उपचार सेवा दिइरहेको थियो । गत साउन १ गतेदेखि भने स्वास्थ्यचौकीमा दैनिक बिहान १० बजेदेखि दिउँसो २ बजेसम्म डा. गिरीले चेकजाँच गर्ने गरेका छन् । वडाध्यक्ष सुरेश मानन्धरका अनुसार डाक्टरबाट सेवा दिन थालेपछि स्वास्थ्य चौकीमा बिरामीको चाप बढिरहेको छ ।

'पूर्वाधार अभाव र औषधि व्यवस्थापन सहज नहुँदा भनेजसरी सेवा दिन सकिएको छैन,' उनले भने । पर्याप्त औषधिको व्यवस्था नहुँदा संघीय र स्थानीय सरकारले उपलब्ध गराउने निःशुल्क औषधिबाट मात्र काम चलाइरहेको उनले गुनासो गरे ।वडा कार्यालयले स्वास्थ्यचौकीको स्तरोन्नति गरी १५ शैय्याको अस्पताल बनाउने योजना अघि सारेको छ । त्यसका लागि प्रारम्भिक चरणका कामहरू भइरहेका छन् । वडाध्यक्ष मानन्धरले संघीय सरकारबाट स्वीकृति पाएपछि अस्पताल विस्तार सुरु गरिने जनाए । ४२ वर्षअघि सञ्चालनमा आएको स्वास्थ्यचौकीमा ६ जनाको दरबन्दी छ । एक डाक्टरसहित आकस्मिक कक्षमा ३, प्रसूतितर्फ १ जना र ल्याबमा १ जना स्वास्थ्यकर्मी कार्यरत छन् ।

## पाँचथरको टोली पञ्चकोशीमा

दैलेख (कास)- भ्रमण वर्ष-२०२० को प्रचारप्रसार गर्दै पाँचथरको टोली दैलेखको पञ्चकोशी क्षेत्रमा पुगेको छ । भ्रमण वर्ष उद्‌घाटनकै अवसर पारेर टोलीले पाँचथरको चिवाभञ्ज्याङदेखि प्रचारात्मक अभियान सुरु गरेको थियो । यो अभियान मध्यपहाडी (पुष्पलाल) लोकमार्ग हुँदै बैतडीको झुलाघाटमा पुगेर टुंगिनेछ । दैलेख टोलीले भ्रमण गरेको २४औं जिल्ला हो । उनीहरूले कर्णालीका विभिन्न जिल्लाका पर्यटकीय गन्तव्यको समेत भ्रमण गरिसकेको जानकारी दिए ।

टोलीले शुक्रबार दैलेखको पानीमाथि बलेको ज्वाला, गढी, पाँच पाण्डवद्वारा निर्मित २२ देवल, दुल्लु दरबार, नेपाली भाषाको शिलालेखलगायत विभिन्न क्षेत्रको अवलोकन गरेको छ । टोलीको नेतृत्व गरिरहेका नेकपा प्रदेश-१ का सदस्य हर्क नेम्वाङ मिक्सोले कर्णालीका विभिन्न पर्यटकीय गन्तव्य उत्कृष्ट रहेको बताए ।

टोली सदस्य गिरिराज बाँस्कोटाले भ्रमणबाट पूर्वदेखि पश्चिमसम्मका विभिन्न जिल्लाको फरकफरक रहनसहन, रीतिरिवाज, संस्कृति र गन्तव्यको अवलोकन गर्न पाइएको सुनाए । उनले राजमार्ग आसपासमा पर्ने बस्तीको सामाजिक, आर्थिक, पर्यटकीय तथा भौगोलिक अवस्थाबारे प्रचारप्रसार गरिने जानकारी दिए । ११ जनाको टोलीमा विभिन्न दलमा आवद्ध युवा, पर्यटन व्यवसायीलगायत छन् ।

# १५ वर्षदेखि 'बमका छर्रा' शरीरमै

■ **विप्लव महर्जन** (सल्यान)



मनबहादुर विक

पन्ध्र वर्षअघिको त्यो घटना नभइदिएको भए सायद उनको जीवन अर्कै ढंगले अघि बढिरहेको हुन्थ्यो । दार्मा गाउँपालिकास्थित भल्चौरका ४६ वर्षीय मनबहादुर विकलाई कहिलेकाहीँ यस्तै लाग्छ । २०६१ चैत २४ गते उनको लागि कालो दिन बन्यो । रुकुमको खारामा तत्कालीन माओवादी र नेपाली सेनाबीच भीडन्त हुँदा उनी गम्भीर घाइते भए ।

शरीरमा लागेका बमका ७ छर्रा अझै निकाल्न सकेका छैनन् । '१६ वर्षको उमेरमै भूमिगत भइयो,' उनले भने, 'कम्पनी कमान्डरसम्म पुगियो, तर समायोजनमा अयोग्य ठहरिएँ ।' पार्टीले सरकारमा गएको बेला पनि बेवास्ता गरेको उनको गुनासो छ । आर्थिक अवस्था कमजोर हुँदा उनी हातमा ३, खुट्टामा ३ र छातीमा एउटा बमको छर्रा बोक्न बाध्य छन् ।

०५९ जेठ २९ गते छत्रेश्वरी गाउँपालिका-१ स्थित गुराँसे भीडन्तमा बमको छर्रा टाउकोमा लागेपछि ४६ वर्षीया नन्दकली कवर घाइते बनिन् । टाउकोमा लागेको ३ छर्रामध्ये २ वटा फालिए पनि एउटा अझैं बाँकी छ । आर्थिक अवस्था कमजोर हुँदा उनको आँखादेखि माथिको भागमा रहेको छर्रा त्यत्तिकै रहेको हो । छर्रा फाल्न नसक्दा शारीरिक अवस्था दिनदिनै कमजोर बनेको उनले बताइन् ।

यी २ मात्र होइनन्, जिल्लामा द्वन्द्वकालमा घाइते भई अशक्त जीवनयापन गर्नेको संख्या दर्जनौं छ । साविकको स्थानीय शान्ति समितिका अनुसार द्वन्द्वकालमा जिल्लाभरि २ हजार ३ सय १० जना घाइते भएका थिए । खारा भीडन्तकै क्रममा बम विष्फोट हुँदा काप्रेचौर-१ जुमखोलाका कृष्ण केसीको शरीरभरि ५४ वटा बमका छर्रा लागे । घरजग्गा र पत्नीको गहनासमेत बेचेर उपचार गर्दा २२ वटा छर्रामात्र फाल्न सके । सबै निकाल्न २० लाख रुपैयाँ लाग्ने भएपछि उनको टाउकोमा २, घाँटीमा १, छातीमा १ र हातखुट्टामा २८ छर्रा बाँकी छन् । 'शरीर कमजोर बनिरहेको छ,' उनले भने, 'कहिलेकाँही राम्ररी बोल्न, सुन्न र हिँड्नसमेत समस्या हुन्छ ।' कामकाज गर्न नसक्दा अर्काको भरमा पालिनुपरेको उनले गुनासो गरे ।

७ कक्षामा अध्ययन गर्दागर्दै २०५२ फागुन १४ गते छत्रेश्वरी-४ झिम्पेका देवबहादुर डिसीलाई प्रहरीले माओवादीको आरोपमा घर नजिकैबाट नियन्त्रणमा लियो । प्रहरीबाट चरम यातना पाए । २०५८ मा रिहा गरे पनि फेरि २०६० सालमा भैरवनाथ गणले नियन्त्रणमा लियो । त्यहाँ पनि उनले दुई वर्ष यातना पाए । अहिले उनको शरीर कमजोर छ । औषधि खाएर बाँचिरहेका उनले सरकारले राहत नदिएको गुनासो गरे ।

माओवादीको कुटपिटले बायाँ खुट्टा गुमाएका कालीमाटी गाउँपालिकाका भूपेन्द्र खत्रीले पनि राहत पाएका छैनन् । शान्ति समिति र शान्ति मन्त्रालय नै खारेज भएपछि राहतको आशा गर्न छाडेको उनले बताए । 'बैशाखीको भरमा जीवन बिताइरहेको छु,' उनले भने । राजनीतिक पहुँचका आधारमा सरकारले राहत वितरण गरेको उनको आरोप छ ।

जिल्लामा द्वन्द्वको समयमा माओवादी र राज्य पक्षबाट पीडित बनेका २ हजार ५९ जनाले अझै राहत पाउन सकेका छैनन् । घाइते तथा अंगभंग भएका २ हजार ३ सय १० मध्ये ३३ जनालाई मात्र साविक स्थानीय शान्ति समितिमार्फत राहत र जीवन निर्वाह भत्ता दिइएको थियो । द्वन्द्वको समयमा जिल्लामा ३ सय ७२ जनाको मृत्यु भएको तथ्यांक छ । स्थानीय शान्ति समिति खारेज भएपछि अहिले द्वन्द्वपीडितको समस्या जिल्ला प्रशासन कार्यालयले हेर्दै आएको छ ।

प्रमुख जिल्ला अधिकारी चूडाराज न्यौपानेले द्वन्द्वकालमा घाइते तथा अंगभंग भएकामध्ये ३३ जनाले अहिले जीवन निर्वाह भत्ता पाउँदै आएको जानकारी दिए । 'यस वर्ष छुटेकाहरूको पुनरावलोकन गर्न भन्दै गृह मन्त्रालयले सूचना जारी गरेको थियो, ६८ जनाको निवेदन पर्‍यो,' उनले भने, 'मन्त्रालयमा कागजात पठाइसकिएको छ, मन्त्रालयकै निर्देशनअनुसार उहाँहरूलाई राहत तथा जीवन निर्वाहभत्ता वितरण गरिनेछ ।'

# धनकलीलाई छैन पिरलो

■ **हरि गौतम** (रुकुम पश्चिम)

'खानेपानीकै लागि धेरै ज्यान खियाइयो होला,' धनकली ओलीले भनिन्, 'अब त त्यतिबेलाको दुःख भुल्दै गएका छौं ।' त्रिवेणी गाउँपालिका-९ नालेचौरकी उनी डेढ वर्षअघिसम्म खानेपानी ओसार्नमै दैनिक ३ घण्टा बिताउँथिन् । चौरजहारी नगरपालिका-१४ नाउलीकी रामसरी पुनलाई पनि वस्तुभाउका लागि पानी जुटाउन ठूलो सास्ती थियो । डेढ वर्ष अघिसम्म उनी २ घण्टा हिँडेर कालाखोलाबाट खानेपानी बोक्थिन् ।

उनीहरू मात्र होइन, नाउली र नालेचौरसहित खड्काटोल, डाँडागाउँ, नुवाकोटडाँडालगायत टोलवासीको धेरै समय पानी बोक्नमै जान्थ्यो । गाउँ नजिकै मुहान नहुँदा स्थानीयले लामो समयदेखि खानेपानी अभाव भोग्दै आएका थिए । तर अब समय फेरिएको छ । पहिले जिल्लामै सबैभन्दा बढी सुक्खा क्षेत्र मानिएका यी गाउँमा एक घर, एक धाराको सुविधा पुगेको छ । खानेपानीका लागि छुट्याउनुपर्ने समयमा अहिले अन्य घरायसी काम गर्न सजिलो भएको धनकलीले जनाइन् । स्थानीयका अनुसार कुनै बेला घरको एक जनाको काम पानी ओसार्ने मात्रै हुन्थ्यो । 'दुःख पनि त्यतिकै थिए,' रामसरीले भनिन्, 'अब खानेपानीको पिरलो छैन ।' दैनिकी सहज बनेको उनले सुनाइन् । मिटरबाट पानी आउने भएकाले मितव्ययी तरिकाले प्रयोग गरिरहेको उनले जानकारी दिइन् । स्थानीयले पानी प्रयोग गरेबापत शुल्क तिर्ने गरेका छन् । त्रिवेणी गाउँपालिका-९ का ७४ र चौरजहारी नगरपालिकाका ४० घर परिवारमा खानेपानीको धारा जडान गरिएको छ ।

उनीहरूले ७ युनिट पानीको १ सय २० रुपैयाँ महसुल बुझाउने गरेका छन् । स्थानीयबाट संकलन भएको रकम खानेपानी आयोजना मर्मतमा खर्च भइरहेको छ । दुवै वडाका १ सय ५६ घरधुरीका लागि खानेपानी आयोजनाको डिजाइन गरे पनि अहिले १ सय १४ घरमा पानी आइरहेको छ । अरु घरमा जडानको प्रक्रिया सुरु भएको छ । त्रिवेणी गाउँपालिका-९ को हिमालय मावि र नुवाकोटडाँडास्थित प्रहरी चौकी पनि खानेपानी आयोजना बनेपछि लाभान्वित भएका छन् ।

यी गाउँ यत्तिकै खानेपानी समस्याबाट मुक्त भएका होइनन् । उपभोक्ता, स्थानीय सरकार र सरोकारवालाको लगानी र ठूलो मेहनतपछि गाउँमा खानेपानीको संकट हल भएको हो । गाउँभन्दा माथि पानीका मुहान नभएपछि गाउँमुनिको कालाखोलाबाट पानी डाँडामा पुर्‍याइएको छ । सोलार प्रविधिको प्रयोग गरी लिफ्टमार्फत कालाखोला, घोर्लेगोठ, नुवाकोटडाँडा खानेपानी आयोजना निर्माण गरिएको हो । निर्माण समितिका सचिव सन्तोष ओलीले १ करोड ३१ लाख रुपैयाँको लगानीमा आयोजना सम्पन्न भएको जानकारी दिए । समितिका अनुसार नेपाल रेडक्रस सोसाइटीको ६४ लाख ४८ हजार, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको १७ लाख ३२ हजार, त्रिवेणी गाउँपालिकाको ७ लाख र चौरजहारी नगरपालिकाको ४ लाख ५० हजार रुपैयाँ लगानीमा आयोजना बनेको हो । आयोजनामा स्थानीयले ३३ लाख ३० हजार बराबरको जनश्रमदान र उपभोक्ताबाट १ लाख ४९ हजार रुपैयाँ संकलन गरिएको थियो । आयोजनामा १९ किलोवाटको सोलार प्रयोग गरिएको छ ।

कालाखोलाबाट घोर्लेगोठसम्म पानी उकाल्न मुहानमा एउटा इन्टेक निर्माण गरिएको छ । कालाखोलादेखि घोर्लेगोठसम्मको दुरी ७ सय २० मिटर छ । तलबाट माथि पानी ल्याई गाउँमा वितरण भएपछि गाउँले पनि दंग भएको चौरजहारी-१४ का वडाध्यक्ष अतिराम बिष्टले बताए ।



रुकुम पश्चिमको चौरजहारी-१४ मा घरमै जडान गरिएको धारामा पानी भर्दै महिला । तस्बिर : हरि/कान्तिपुर

# जिप दुर्घटनामा ७ घाइते

मुगु (कास)- सोरु गाउँपालिकामा बिहीबार जिप दुर्घटना हुँदा ७ जना गम्भीर घाइते भएका छन् । सोरुकोटदेखि सिपगाउँतर्फ आउँदै गरेको लु-१ ज ३९९३ नम्बरको जिप कुलाहा खोला नजिक चिप्लिएर दुर्घटनामा परेको हो ।

दुर्घटनामा परी गिलाहाकी दलना बम, बन्जाहाका धर्मबहादुर मल्ल, लिब्रुकी कमला शाही र नुवाकोटकी दर्शनादेवी शाही गम्भीर घाइते भएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार राष्ट्रिय वाणिज्य बैंकका लेखापाल तेजेन्द्र आचार्य, जुम्लाकी उषा भण्डारी र जिप चालक प्रकाश बस्याल पनि घाइते भएका छन् । घाइतेलाई सीप स्वास्थ्यचौकीमा उपचार हुन नसकेपछि जिल्ला अस्पताल पठाइएको गाउँपालिका अध्यक्ष लोकबहादुर शाहीले बताए । घाइतेको टाउको र शरीरका विभिन्न भागमा चोट लागेको छ । सोरु गाउँपालिका सडक सञ्जालमा जोडिएपछि पहिलोपल्ट दुर्घटना भएको हो ।













## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | यात्रा हुने | तुला | शत्रु वृद्धि |
| वृष | भाग्य वृद्धि | वृश्चिक | केही लाभ |
| मिथुन | विद्यामा सफलता | धनु | यात्रामा सफल |
| कर्कट | आलस्यता | मकर | कार्य सिद्धि |
| सिंह | पराक्रम बढ्ने | कुम्भ | पुण्य आर्जन |
| कन्या | धन आर्जन | मीन | अस्वस्थता |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल माघ ५ गते आइतबार तदनुरुप १९ जनवरी २०२० माघ कृष्णपक्ष दशमी रात्रिको ५:८ बजेसम्म उप्रान्त एकादशी तिथि, विशाखा नक्षत्र रात्रिको २:१६ बजेसम्म उप्रान्त अनुराधा नक्षत्र, शुल योग दिनको १:८ बजेसम्म उप्रान्त गण्ड योग, वणिज करण साँझको ५:५९ बजेसम्म उप्रान्त भद्रा करण, तुला राशिमा चन्द्रमा रात्रिको ८:३२ बजेसम्म उप्रान्त वृश्चिक राशिमा । ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | |
|---|---|
| ५:०० | भक्तिसुर |
| ५:३० | आध्यात्मिक सन्देश |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | मार्गदर्शन (लाइभ) |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | हर्के हल्दार (रिपिट) |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | मनी टक्स (रिपिट) |
| ११:०० | कान्तिपुर न्यूज |
| ११:३० | यू एण्ड आई (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | सरोकार (रिपिट) |
| १:३० | कान्तिपुर समाचार |
| २:०० | मुभी |
| ४:०० | कान्तिपुर समाचार |
| ४:३० | यू एण्ड आई (रिपिट) |
| ५:०० | कल कान्तिपुर |
| ६:०० | कान्तिपुर न्यूज |
| ६:३० | हियर्ज टु लाइफ |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | आउन मसँग खाउन |
| १०:०० | हियर्ज टु लाइफ (रिपिट) |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपीटेड |
| १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १:३० | हियर्ज टु लाइफ (रिपिट) |
| २:०० | कान्तिपुर समाचार (रिपीट १) |
| २:३० | मार्गदर्शन (रिपिट) |
| ३:०० | कल कान्तिपुर रिपीटेड |
| ४:०० | आउन मसँग खाउन (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | |
|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (बालचन्द्र) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | विज्ञान प्रविधि (नाष्ट) |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (भूपेन्द्र) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | घुम्ने मेच (डिनेश डिसी) |
| १०:०० | स्पोर्ट्स डायरी |
| १०:०५ | गजब छ बा (दुर्गाराज) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | गेम्स् पिपुल प्ले (प्रियंका) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | टप टेन (एलिसा) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | सेलिब्रेटी आवर (रस्मिला) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | किक स्टार्ट (सञ्जय गुप्ता) |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | राइवार (नन्दकुमार) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | क्विक फिक्स (स्मिता/एलिसा) |
| १७:०० | डिष्ट्रिक्ट डायरी |
| १७:०५ | म्यूजिक लाउन्ज (राजेश पाण्डे) |
| १८:०० | ज्योतिश दर्शन (शिवराज) |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | काठमान्डु बीट (सागरिका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | रक मेसिन (मानस्भी वान्तवा) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | हेलो मिथिला (धिरेन्द्र/रुपा) |
| २३:०० | सो टाइम (स्वर्ण) |
| २४:०० | टप टेन (एलिसा) |
| २४:१० | म अनि मेरो कथा (शुभ) |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

सुर्खेत, महेन्द्रनगर, कैलाली, कञ्चनपुर, डोटी, डडेल्धुरा, जाजरकोट, दैलेख, जुम्ला, हुम्ला, मुगु, कालिकोट, सल्यान, डोल्पा — जिल्ला अस्पताल, प्रहरी कार्यालय, एम्बुलेन्स तथा रेडक्रस सम्पर्क नम्बरहरू

## प्रहरी र एम्बुलेन्स

## यातायात र विविध

कान्तिपुर सम्पर्क — जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि (NTC) (Ncell)

# बचाउने कि धपाउने चौँरी गोठ ?

सडक पूर्वाधारको पहुँच वृद्धिसँगै हिमाली बस्तीमा पनि दशकअघि जस्तो चौँरी पाल्ने चलन घटेको छ । फाट्टफुट्ट पालेकाहरु पनि बेचेर गाडी किन्न लालायित भेटिन्छन् ।

■ **आनन्द गौतम** (पापुङ, ताप्लेजुङ)

सदरमुकाम फुङलिङका वाङगे शेर्पा पुस २६ गते जन्मस्थल पापुङ गए । गाडीमा गएका उनी साँवाको फुङफुङेमा ओर्लिए । बास बस्न बस्तीतिर उक्लँदै थिए । पारिपट्टि चौँरीको घण्टी बज्यो ।

उनलाई लाग्यो, 'अब उतै जान्छु र चौँरीवालसँगै बस्छु' । साँझ पर्दै गएकाले फटाफट अघि बढे । उनी साम्जेटारको ओडारमा पुग्दा चौँरीवाल आगो दन्काएर खाना बनाउँदै थिए । गाउँमा चौँरी पाल्ने अधिकांश चिनजानकै भएकाले 'म पनि थपिएँ है' भन्दै झोला बिसाए । उनीहरूसँगै खाना खाए र त्यही ओडारमा सुते ।

ओडारमा सुतेका उनलाई विशेष सम्मान दिए । चौँरीका डढाल्नामा लगाउने कपडा उनको ओछ्यानमा १० वटा ओछ्याइदिए । ओढ्नका लागि स्लिपिङ ब्याग थियो । 'चौँरी धपाएर आएका केटाहरू गाउँतिर पसेछन्,' वाङगेले भने, 'सुत्ने बेलामा त हामी ५/७ जना बुढा मात्रै भयौं ।' बालेको मुढाको राप आउने र ओडारले शीत छेल्ने भएकाले चिसो नभएको उनले सुनाए । वाङगे २४ वर्षपछि यसरी चौँरीको गोठमा सुतेका थिए ।

त्यसअघि उनी आफैं चौँरी धपाएर हिँड्थे र यस्तै ओडारमा रात बिताउँथे । पापुङको यही बस्तीबाट सयौं पटक सदरमुकाम फुङलिङसम्म चौँरी हिँडाएको उनको अनुभव छ । धपाउँदा धपाउँदै सदरमुकाममा घडेरी किने र घर बनाएर सहरमै बस्न थाले । फुङलिङ बजारको वीरेन्द्र चोकमा होटल चलाउन सुरु गर्दाताका उनले आफ्नो गोठ रित्याएका थिए ।

वाङगेजस्ता चौँरीपालन छाडेर अन्य व्यवसाय गर्नेको संख्या बढ्दो छ । उनैको बुझाइमा गाउँमा बाटो पुगेको चार-पाँच वर्षमा सबैको गोठबाट चौँरी रित्तिइसक्छ । ताप्लेजुङ जिल्लामा ६१ वटा वडा छन् । पापुङ र मामांखेमा मात्रै मोटरबाटो पुग्न बाँकी छ । पापुङको सिमानामा रहेको फुङफुङेसम्मै पुगेकाले यसै वर्षमा मिक्वाखोला-५ को पापुङ पनि मोटरबाटोले छुने वडाध्यक्ष डण्डु शेर्पा बताउँछन् ।

यो क्षेत्रमा मेवाखोला जलविद्युत् आयोजनाले दुईवटा एक्स्काभेटर मेसिन लगाएर सडक विस्तारको काम गरिरहेको छ । पापुङमा २० मेगावाटका दुईवटा आयोजना भएकाले त्यहाँसम्मै सडक विस्तार गर्ने आयोजनाको सञ्चालक समिति सदस्य डम्बरध्वज तुम्बाहाम्फे बताउँछन् ।

अहिले पापुङमा एउटा घरमा पाँचदेखि नौ वटासम्म चौँरी र याक छन् तर यस्ता घरधुरी दुई दर्जन हाराहारी मात्रै छन् । वडाध्यक्ष डण्डुका अनुसार एक दशकअघिसम्म शेर्पा र भोटेका प्रत्येक घरमा कम्तीमा १०/१५ वटा अनिवार्य हुन्थ्यो । औलका किसानले माउ गाई र हल गोरु पाले जत्तिकै थियो । चौँरीको दूध दुहुन्थे । यसबाट घिउ, छुर्पीलगायत उत्पादन हुन्छ । हिउँदको बेला भारी बोक्नका लागि औलतिर झार्थे । ढुवानीका लागि बर्खामा मान्छे र हिउँदमा चौँरी र याकको भर थियो । बर्खा सिद्धिएपछि चौँरीवाल बिग्रेको बाटो बनाउँदै चौँरी धपाएर हिँड्थे । गाउँबाट अलैंची, अम्रिसो र जडीबुटीलगायत वस्तु औलतिर झार्थे । सहरबाट चामल, नुन र दाललगायत सामग्री लिएर फर्कन्थे । सिमेन्ट र बालुवाजस्ता निर्माण सामग्रीसमेत चौँरीबाट ढुवानी गरेको नाम्म्या शेर्पा बताउँछन् ।

जिल्लामा खच्चड भित्रिएपछि चौँरीलाई केही धक्का भयो । चौँरी, याकको तुलनामा चाँडो हिँड्ने र भारी बोक्ने प्रयोजन भएकाले खच्चडको असर चौँरीमा पर्‍यो । नाम्म्याका अनुसार उनी आफैंले पनि चौँरी बेचेर खच्चड किने ।





ताप्लेजुङको मिक्वाखोला गाउँपालिका ५ पापुङमा पालिएका चौँरी (माथि) र चौँरी गोठमा खाना पकाउँदै गोठाला ।
*तस्बिर : आनन्द गौतम/कान्तिपुर*

अब यी दुवै विस्थापनको चरणमा पुगेका छन् । वाङगेका अनुसार चौँरी पालकको ध्यान ट्याक्सी खरिदतर्फ केन्द्रित भएको छ ।

त्यही रात साङगे शेर्पाले एउटा ट्याक्सीलाई कति मूल्य पर्छ भनेर सोधेका थिए । गाडी किस्तामा पाइने र पहिलो पटक पाँच-सात लाख रुपैयाँ जम्मा गरे हुने सुनेपछि उनीहरू निकै नै उत्साही बने । एउटा चौँरीको मूल्य एक लाख रुपैयाँसम्म पर्ने र भएका चौँरी बेचेको पैसाले गाडीको पहिलो किस्ता पुग्ने भएकाले युवाको मन बदलिएको वाङगे बताउँछन् । उनीहरूलाई कहिलेसम्म चौँरी धपाउने भन्ने चिन्ता छ ।

**चौँरी र याक**

औलको गाईलाई लेकको याक लगाएपछि उत्पादन हुने सन्तान 'चौँरी' हो । याकको माउमा तिब्बतबाट ल्याएको गोरुको प्रजननबाट उत्पादन हुने सन्तानलाई 'जोबे' भनिन्छ । चौँरीकै गाई-गोरुबाट भने सन्तान हुँदैनन् । पहाडी बहरसँग नाकको संसर्गबाट चौँरी जन्मछ ।

याक र पहाडी गाईबाट जन्मने सन्तानलाई उराङ पनि भनिन्छ । विशुद्ध घरपालुवा जनावर भएकाले दूधदेखि भारी बोकाउनेसम्मको प्रयोजनमा प्रयोग गरिन्छ । पहिले हिमाली ढुवानी सेवा पनि भनिन्थ्यो । मोटोघाटो र तुलनात्मक रूपमा लामो पनि हुने भएकाले खच्चडको तुलनामा भने यो निकै नै ढिलो हिँड्ने जनावर पनि हो ।

गोठपालकले बीउका लागि तिब्बतबाट अनिवार्य गोरु ल्याउने गरेका छन् । यसको मूल्य एक लाख रुपैयाँसम्म पर्ने पेम्बाछिरिङ शेर्पा बताउँछन् । आफ्नो गोठमा नभएकाहरूले अरूको गोठमा चौँरी र याक लगेर संसर्ग गराउँछन् । नौ महिना गर्भधारण अवधि भएका चौँरी र याक १२ बेतसम्म ब्याउँछन् । पेम्बाछिरिङका अनुसार रोग लाग्दा उपचार गर्न नसक्नु अहिलेको मुख्य चुनौती बनेको छ । ज्वरो आउने, झाडापखाला लाग्नेजस्ता समस्या देखिने गरेको छ । यस्तो बेला घरेलु उपचार गर्नुबाहेक उनीहरूसँग विकल्प हुँदैन । अझ यो वर्षदेखित पशुचिकित्सक खोज्न पाँचथर सदरमुकाम फिदिम पुग्नुपर्ने बाध्यता छ ।

पशु स्वास्थ्यकर्मी जिल्लाबाट झिकाउनुपर्छ । गोठमा पुगिसक्दा क्षति भइसक्छ । यस्तो बेला घरेलु उपचार गर्ने र निको नभएर मरे त्यहीं गाडेर गोठ अर्को ठाउँमा सार्ने पेम्बाछिरिङ बताउँछन् । मरेकै ठाउँमा गोठ राख्नु हुँदैन भन्ने पुरानो मान्यता छ । हिउँ परेका बेला घाँस तान्ने क्रममा र बाटो भुलेर लडेर पनि मर्ने गरेका छन् ।

पछिल्ला वर्ष घाँस खान नरुचाउने, बसेको ठाउँबाट नउठ्ने र हिँड्दा थरथर काप्ने लक्षण देखिन्छ । यस्तो भएको ८ देखि ११ दिनको बीचैमा मृत्यु भइसक्छ । समस्या देखिएपछि गोठबाट घरसम्म पनि ल्याउन नसकिने पशुपालकको गुनासो छ । स्वास्थ्यकर्मी विकनेस (कमजोरी) का कारण यस्तो भएको बताउँछन् । हिमालमै बस्ने भएकाले हिउँ र चिसोको सामना चौँरीले गर्न सक्छन् तर धेरै दिन हिउँ परे खाने कुरा पुर्‍याउन कठिन हुन्छ । यो बेला शारीरिक कमजोरी हुने र तन्दुरुस्त पार्न कठिन हुने चौँरीपालक बताउँछन् ।

पहिला हिउँबाट जोगाउन गोठ अनिवार्य औलतिर झार्ने र भारी बोकाउने गरिन्थ्यो । लेकमै भएकालाई गोठमै बाँधेर पनि राखिन्थ्यो । अहिले औलमा धपाएर लिएर जाने जनशक्ति कम भएको छ । गोठाला पनि पाइँदैन । औलमा हिउँदे बाली लगाउने भएकाले राख्ने ठाउँको पनि समस्या छ । हिउँले छोपे त्यहाँबाट निस्कनासाथ नुनभुस खुवाउन पुग्नुपर्छ । यसले उनीहरूलाई चरनमा जान शक्ति प्राप्त हुन्छ । यतिबेलाका लागि घाँसको जोहो पनि पहिल्यै गरिएको हुन्छ । हिउँ परेका बेला घाँस तान्ने क्रममा सबैभन्दा बढी दुर्घटनाको जोखिम हुन्छ ।

लेकमा पाइने निगालो, मालिङ्गो हिउँले नुहाएको हुन्छ । त्यो निगालो खानका लागि तन्किन्छन् । त्यही बेला लड्ने र दुर्घटना हुने नुपु शेर्पा बताउँछन् । भारी बोकाउँदा भने घाँस खोलेका अलावा दाना पनि दिनुपर्छ । मकै, नुन, भुस मिलाएर दिइन्छ ।

मिक्वाखोला ५ का वडाध्यक्ष शेर्पा परम्परागत व्यवसाय जोगाउनु अनिवार्य रहेको बताउँछन् । उनका अनुसार यसका लागि स्थानीय तहले भने धेरै लगानी गर्न सक्तैन । 'मौसम परिवर्तनका कारण रोगको संक्रमण बढी नै देखिन थालेको छ,' उनले भने, 'यसका लागि दक्ष स्वास्थ्यकर्मी सके गोठमै नभए वडामा राख्नु अनिवार्य छ ।' नश्ल सुधारका लागि पनि विशेष योजना ल्याउनुपर्छ । याक संरक्षण र नश्ल सुधारका लागि सरकारले डोल्पा र सोलुखुम्बुमा कार्यक्रम ल्याएको थियो । अहिले स्याङबोचेमा मात्रै संरक्षण तथा संवर्द्धन कार्यक्रम सञ्चालनमा रहेको उनले बताए । यस्तो कार्यक्रम ताप्लेजुङमा पनि विस्तार गर्नुपर्ने उनको माग छ ।

मिक्वाखोलाको पापुङ, साँवा, फक्ताङलुङको ओलाङचुङगोला, लेलेप, सिरिजंघाको याम्फुदिनमा समथर खर्क र चौर प्रशस्तै रहेकाले चौँरीपालनको सम्भावना रहेको डण्डुको बुझाइ छ । यसका लागि पशु बिमा, मौसमको पूर्वजानकारी, बजारको सुनिश्चितता अनिवार्य भएको डण्डु बताउँछन् ।

स्थानीयले पनि अब चार/पाँचवटा मात्रै नभएर व्यावसायिक रूपमा सयौंको संख्यामा पाल्न सक्नुपर्छ । अहिलेसम्म नेपालका चौँरी र याक चीनमा मात्रै निर्यात हुने गरेको छ । मासुका लागि चीनमा लगिन्छ । छुर्पी र चम्मर भने नेपाली बजारमा बिक्री हुन्छ । चौँरीको पुच्छर चम्मरका रूपमा प्रयोग हुन्छ । गोठ जोगाउन सके नेपालको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने डण्डु बताउँछन् । 'तीनजुरे मिल्के जलजलेमा लालीगुँरास हेर्न आएका मान्छेले चौँरी याकको बथान पनि देखे अझै खुसी हुन्छन्,' उनी भन्छन्, 'हिमाली पशुपालनको संस्कृति जोगाउन र पर्यटकलाई देखाउन पनि जोगाउन जरुरी छ ।'

# पारि छोरीको हत्या, वारि न्यायको पर्खाइ

■ **जितेन्द्र साह** (विराटनगर)



**छोरी रञ्जनाको तस्बिर देखाउँदै विराटनगर, पिचरा धुदुवा टोलकी आनन्दीदेवी सहनी ।**
*तस्बिर : जितेन्द्र/कान्तिपुर*

छोरीका बारेमा सोध्नेबित्तिकै विराटनगर ११ पिचरा धुदुवा टोलकी ४५ वर्षीया आनन्दीदेवी सहनी डाँको छाडेर रुन्छिन् । 'सासूससुरा, ज्वाइँ, नन्द र छरछिमेकले मिलेर अर्धमूर्च्छित नहुन्जेलसम्म कुट्दै छोरीलाई विष खुवाए, रातारात खोलामा लगेर फाले,' उनी रुँदै भन्छिन्, 'ती निर्दयी हत्यारालाई पनि अदालतले यसै गरी सजाय दिनुपर्छ, उनीहरूलाई फाँसीको सजाय हुनुपर्छ ।'

दाइजोको भोका ससुराली पक्षले छोरी २२ वर्षीया रञ्जनाको हत्या गरेपछि उनी तीन महिनादेखि न्यायको पर्खाइमा छिन् । 'फूल जस्ती छोरीलाई तडपाएर मार्नेहरूले कहिल्यै शान्ति नपाऊन्, उनीहरूको पनि अकालमै मृत्यु होस्,' आनन्दीदेवीले विलाप गर्दै भनिन् ।

भारत बिहारको अररिया जिल्लास्थित जोगबनीको भेडयारीमा रञ्जनाको असोज २४ को राति हत्या भएको थियो । घटनाको आठ महिनाअघि २३ फागुनमा जोगबनी भेडयारीका २५ वर्षीय भीम बहरदारसँग उनको मागी बिहे धुमधामले भएको थियो ।

जोगबनी प्रहरी चौकीका अनुसार हत्याको दुई दिनपछि २६ असोजको बिहान सीमावर्ती जोगबनी बजारदेखि करिब ३ किमि दक्षिण भवानीपुरस्थित परमान खोलामा रञ्जनाको शव फेला परेको थियो । रञ्जनाको घरदेखि यो खोला एक किलोमिटर पर छ ।

छोरी हराएको खबर पाएपछि २५ असोजमा माइती पक्ष खोजतलास गर्दै भेडयारी पुगेका थिए । खोजी जारी रहँदा २६ असोजको बिहान स्थानीय बालबालिकाले खोलामा शव देखेर खबर गरेका थिए, जुन रञ्जनाको थियो । मृतकको अनुहारलगायत शरीरको विभिन्न भागमा चोटपटक देखिएको थियो ।

'शारीरिक यातना र हत्या पुष्टि भएकोले चार आरोपीलाई तत्कालै पक्राउ गर्‍यौं । शवको फारबिसगन्ज अस्पतालमा पोस्टमार्टमपछि भिसेरा परीक्षणका लागि पटना पठायौं,' जोगबनी प्रहरी चौकीका प्रमुख आफताब अहमदले कान्तिपुरसँग भने, 'अब यो मुद्दा अदालतमा विचाराधीन छ ।' सीमावर्ती भारत बिहारको अररिया जिल्ला अदालतमा मुद्दा चलिरहेको छ । '६ महिनाभित्र फैसला हुने अदालतले भनेको छ,' आमा आनन्दीदेवीले भनिन् । दाइजो स्वरूप माग गरिएको २ लाख रुपैयाँ नदिँदा छोरीको हत्या भएको माइती पक्षको बयानअनुसार प्रहरीले तत्कालै रञ्जनाका श्रीमान् २५ वर्षीय भीम बहरदार, ससुरा सैनी बहरदार, जेठाजु अर्जुन बहरदार र छिमेकी शिवानन्द मुखियालाई पक्राउ गरेको थियो ।

फरार रहेकी रञ्जनाको सासूलाई दुई साताअघि पक्राउ गरी अदालतमा उपस्थित गराइसकिएको अहमदले बताए । उनको जेठानी दिदी अझै फरार छिन् । आनन्दीदेवीका अनुसार ससुराली पक्षबाहेक कुटपिट र हत्यामा टोलवासीको समेत संलग्नता थियो ।

'मुख्य आरोपीहरूलाई पक्राउ गरिसकेका छौं । अब उनीहरूको घरमा ताल्चा लागेको छ,' उनले भने, 'यस्तो मुद्दा कहिल्यै बन्द हुन्न । अनुसन्धानको क्रममा अन्य पनि आरोपी देखिएमा वा अदालतले थप कसैलाई पक्राउ गरेर ल्याउन भनेमा प्रहरी पछि हट्दैन ।' हरेक कोणबाट अनुसन्धान गरिंदा रञ्जनाको कुटपिट र विष सेवनबाट हत्या भएको पुष्टि भइसकेको हुनाले अभियुक्तहरू बच्ने सम्भावना नरहेको अहमदले बताए ।

रञ्जनाको शव फेला पर्नुभन्दा १५ दिनअघि ज्वाइँले पसल खोल्नलाई पैसा चाहिएको भन्दै दबाब दिएको र नदिएमा रञ्जनाको हत्या गर्ने धम्की दिएको माइती पक्षले बिहार प्रहरीको जोगबनी चौकीलाई दिएको जाहेरीमा उल्लेख छ ।

एक मात्र छोरीको हत्यापछि आनन्दीदेवीको आँखाबाट आँसु नझरेको दिन छैन । 'गरिब भए पनि छोरीको बिहे खर्चमा कुनै कमी हुन दिएनौं,' उनले भनिन् । बाँकी चार सदस्यीय सहनी परिवारमा आनन्दीदेवीका पति ५० वर्षीय मानीचन्दले राजमिस्त्री र छोरा २१ वर्षीय रिकेशले टेन्टको काम गर्छन् ।

सामान्य घरमा बस्ने सहनी परिवारले अहिलेसम्मको सम्पूर्ण बचत छोरीको बिहेमा खर्चेका थिए । टीभी, फर्निचर, गरगहना, लुगाफाटा र भाँडाबर्तनलगायत सम्पूर्ण सामान दिएर छोरीलाई बिदा गरेका थिए । तर ज्वाइँले कम दाइजो पाएको भन्दै रञ्जनालाई शारीरिक एवं मानसिक यातना दिँदै आएको परिवारजनले बताए । बिहेपछि परिवारजनले ऋण खोजेर भए पनि ज्वाइँलाई मोटरसाइकल किनेर दिएका थिए ।

'अब त छोरीलाई खुसी राख्लान् भनेर सोचेका थियौं तर ठिक उल्टो भयो, माग बढ्दै गयो,' आनन्दीदेवीले भनिन्, 'पसल खोल्नलाई ज्वाइँले २ लाख रुपैयाँ माग्यो, यति ठूलो रकम तत्कालै दिनलाई असमर्थ थियौं ।'

मागेको रकम नदिएमा रञ्जनालाई मारेर फालिदिने धम्की पटकपटक ज्वाइँले दिएको कान्छो हजुरबा ५५ वर्षीय लक्ष्मी सहनीले बताए । 'अन्तिम पटक धम्की दिएको १५ दिनपछि नातिनीको हत्या गरे,' उनले भने । तल्लो अदालतको फैसलाबाट चित्त नबुझेमा उच्च अदालत पुग्ने र त्यहाँबाट पनि चित्त नबुझेमा सर्वोच्चलाई गुहार्ने सहनीले बताए । उनले भने, 'नातिनीको हत्याराहरूलाई छाड्दैनौं ।'

तर पनि छोरी गुमाएकी आमा आनन्दीदेवीको अवस्था बेहाल छ । घरमा आइपुग्नेलाई छोरीको एक मात्र तस्बिर र शोकपत्र देखाउँदै रुन थाल्छिन् । बैचेनी र छटपटाहटले गर्दा उनलाई राम्ररी निद्रा आउँदैन । 'सपनीमा छोरीलाई घर फर्केको देख्छु,' आनन्दीदेवी भन्छिन्, 'विपनीमा पनि फर्केर आउँछिन् कि जस्तो लाग्छ, आँगनमा छरछिमेकका छोरीबुहारी आउँदा रञ्जना नै आएजस्तो भान हुन्छ ।' छोरीको सन्तानलाई खेलाउने सपना अधुरै रहेको उनले बताइन् । चाडबाडमा छरछिमेकका छोरीज्वाइँ आउँदा सम्झना आउने गरेको आनन्दीदेवी बताइन् ।

# महामहिमको 'मुस्कान'



मनोज पौडेल

**बुद्धस्थल प्राचीन कपिलवस्तु (तिलौराकोट) मा चिनियाँ राजदूत होउ यान्छी (बायाँ) ।**

कपिलवस्तु (कास)- 'हर एक्सिलेन्सी । फिउ वर्ड इन मिडिया ।' सञ्चारकर्मी मनोज श्रीवास्तवको शब्द उनको कानमा के परेको थियो, उनले गजबको मुस्कान दिइन् । भनिन्, 'एस् प्लिज । यू आर रेडी ।' उनी थिइन्, सेलिब्रिटी चिनियाँ राजदूत हाउ यान्छी ।

सञ्चारकर्मीसँग बुद्धस्थल प्राचीन कपिलवस्तु (तिलौराकोट) मा बिहीबार हाँसीहाँसी कुरा गरिन् । 'निकै फ्रयांक थिइन्,' सञ्चारकर्मी श्रीवास्तवले भने, 'उत्तिकै सरस र सरल ।' मुस्कानसाथ क्यामेरामा कुरा गरिन् । सञ्चारकर्मीको जिज्ञासा धीत् मार्ने गरी मेटिन् । उत्ति नै मुस्कुराउँदै बिदा भइन् । जुन अविस्मरणीय भएको सञ्चारकर्मी शम्भु सैनीले बताए । 'धेरैसँग अन्तर्वार्ता गरियो,' उनले भने, 'तर यस्तो फरासिलो र हँसिलो राजदूत पाएका थिएनौं ।'

तिलौराकोट अवलोकन गर्ने क्रममा संयोगले महामहिमको डुरहाम विश्वविद्यालय बेलायतका प्रोफेसर पुरातत्त्वविद् डा. रविन कनिङ्घमसँग भेट भयो । मुस्कुराउँदै परिचय दिइन् । 'सम्पन्न मुलुकको शक्तिशाली राजदूत हुँदा सामान्य, सरल र मिजासिलो पायौं,' लुम्बिनी विकास कोषका सदस्य राजेश ज्ञवालीले भने ।

चिनियाँ सञ्चार संस्था पिपुल्स डेलीले राजदूत यान्छीले सामाजिक सञ्जालमार्फत नेपालको पर्यटन प्रवर्द्धन गरेको भन्दै समाचार प्रकाशन गरेको छ । उत्तरी चीनको सान्सी प्रान्तमा सन् १९७० मार्चमा जन्मेकी राजदूत हाउ सन् २०१८ मा नेपालका लागि जनवादी गणतन्त्र चीनको राजदूत नियुक्त भएकी थिइन् । उनी बुद्धस्थल र पूर्वी नवलपरासीमा सञ्चालित चिनियाँ लगानीका योजना अनुगमन गरेर शुक्रबार राजधानी फर्किएकी छन् ।

# बनेन न्यायिक समिति

■ **अगन्धर तिवारी** (पर्वत)

संवैधानिक व्यवस्थाबमोजिम स्थानीय तहमा जनप्रतिनिधि चुनिएलगत्तै न्यायिक समिति गठन हुनुपर्ने हो । तर स्थानीय तहभित्रका साँधसिमाना, पारिवारिक तथा सामाजिक झैझगडा, बाटोघाटोका विवादलगायत समस्या निरूपण गर्न समिति गठन हुनैपर्ने भए पनि कुश्मा नगरपालिकामा अझै हुन सकेको छैन । जसका कारण कुश्मावासी जनप्रतिनिधि आएको अढाई वर्षसम्म संघीय संरचनाअनुसारका न्याय अनुभूत गर्न पाएका छैनन् ।

नेकपा र कांग्रेसबीच कुरा नमिल्दा उपप्रमुखको संयोजकत्वमा गठन हुनुपर्ने न्यायिक समिति अझैसम्म गठन नभएको हो । कुश्माका १४ मध्ये ५ वडा कांग्रेस र ९ वडामा नेकपाका अध्यक्ष विजयी भएका छन । २४ कार्यपालिका सदस्यमध्ये ७ नेपाली कांग्रेस र बाँकी सबै नेकपाका छन् ।

तीन सदस्य रहने समिति नगरपालिकाका उपप्रमुखको संयोकत्वमा गठन हुने संवैधानिक व्यवस्था छ । संविधानको धारा २१७ बमोजिम न्यायिक समिति गठन गर्नुपर्ने व्यवस्था छ । सोही धाराको उपधारा २ मा न्यायिक समितिमा गाउँसभा वा नगरसभाबाट निर्वाचित २ सदस्य हुनुपर्ने व्यवस्था छ ।

यस्तो समितिले प्रचलित कानुनबमोनिम मेलमिलाप हुन सक्ने व्यक्ति वादी भई दायर हुने अन्य देवानी र अन्य एक वर्षसम्म कैद हुन सक्ने फौजदारी विवादको फैसला गर्ने अधिकार स्थानीय तह सञ्चालन ऐन, २०७४ को परिच्छेद ८ (ट) मा उल्लेख छ । संवैधानिक व्यवस्थाअनुसार उपप्रमुखको संयोजकत्वमा गठन हुनुपर्ने न्यायिक समिति नेकपाको बहुमतकै कारण गठन हुन नसकेको नगरका पदाधिकारी बताउँछन् । 'हाम्रो बहुमत भएको भए तत्कालै हुन्थ्यो,' एक जनप्रतिनिधिले भने, 'उहाँहरूले विभिन्न बखेडा झिकेर बन्दी बनाउनुभएको छ ।' नेकपाबाट विजयी केही वडाध्यक्षले गत वर्षको नगरसभामा ५ वर्षसम्म न्यायिक समिति बन्न नदिने चुनौती दिएको ती सदस्यले बताए ।

नेकपाको बहुमत रहेको नगरपालिकामा प्रमुख र उपप्रमुख कांग्रेसबाट विजयी छन् । लेखा, विधायन र न्यायिक समिति संवैधानिक भएकोले कानुनको परिधिभित्रै रहेर समिति बनाउन सहमत भएको नेकपाका सदस्य बताउँछन् । नगरपालिकाको प्रवक्ता, विधायन, लेखा, सुशासनलगायतका अरू समितिका संयोजकसहित बहुमत सदस्य आफ्ना दलका नबनाए न्यायिक समिति गठन गर्न नदिने अडान नेकपाका सदस्यको छ । 'न्यायिक समितिमा हामीले कुनै अवरोध गरेका छैनौं,' कुश्मा-११ का अध्यक्ष शिवप्रसाद पौडेलले भने, 'विपक्षी दलका हिसाबले हामीले लेखा समितिको संयोजक मागेको सत्य हो । अरूमा उहाँहरूले मागे बमोजिमका सदस्य तोकेका छौं ।' नगरप्रमुख र उपप्रमुखकै चासो कम हुँदा संवैधानिक समिति गठन हुन नसकेको उनको आरोप छ ।

नगरप्रमुख र उपप्रमुख भने न्यायिक समितिको गठन नहुनुमा नेकपा नै दोषी रहेको बताउँछन् । 'न्यायिक समिति बनाउने हो भने प्रवक्ता हामीलाई चाहिन्छ भन्ने उहाँहरूको कुरा हो,' नगरप्रमुख रामचन्द्र जोशीले भने, 'हरेक मिटिङमा मैले गर्नसम्म गरेको छु । बहुमत र अल्पमतको कुरा गर्छन् । तपाईंहरूकै सदस्य राख्नुस् भन्दा पनि मान्नुभएको छैन ।' हरेक बैठकमा फरकफरक कुरा गर्ने नेकपाका सदस्यबीच नै कुरा नमिलेर बिग्रिएको उनको आरोप छ । 'हामी समिति बनाउने होमवर्क धेरै पहिलेदेखि गर्दै आएका हौं,' उपप्रमुख सीता काफ्ले लामिछानेले भनिन्, 'उहाँहरूले अरू समितिका कुरा ल्याएर जोडेपछि यो विषय धेरै जटिल बन्न पुग्यो ।'

**नेकपाकै कारण समिति गठन हुन नसकेको हो**

**समितिमा उजुरी बढ्दै**

न्यायिक समिति गठन भएपछि कुश्माबाहेकका सबैजसो स्थानीय तहमा उजुरीको चाङ लाग्न थालेका छन् । घरेलु हिंसा, महिला हिंसा, आर्थिक लेनदेन, योजना विवाद, साँधसिमाना, सडक, खानेपानी, सिँचाइलगायतदेखि बहुविवाहसम्मका उजुरी पर्न थालेका छन् । संविधानले न्यायिक समितिलाई कानुनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरूपण गर्न गाउँपालिका वा नगरपालिकाले उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति गठन गर्ने प्रावधान राखेको छ । सोही प्रावधानअनुसार गठित न्यायिक समितिले आएका उजुरीमाथि छानबिन एवम् मिलापत्र गर्न थालेका हुन् ।

शनिबारको

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक ३२८ गोदावरी | ४ माघ २०७६ शनिबार माघ कृष्णपक्ष अष्टमी | नेपाल संवत् ११४० | सुदूरपश्चिम प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Saturday, January 18, 2020 | पृष्ठ १२+४+८ | १० रुपैयाँ

# तनाव व्यवस्थापनमा चुक्दा

## बढी कमाउने प्रलोभनमा ऋण लिएर गरेको लगानी डुब्न थालेपछि परिवारसहित आत्महत्या प्रयास गरेका युवाले श्रीमती र दुई छोरा गुमाएका छन्

■ **हरिहरसिंह राठौर** (धादिङ)
**मातृका दाहाल** (काठमाडौं)



**विनय लामिछाने (दायाँ) । त्रिशूलीमा डुबेर मृत्यु भएकी उनकी पत्नी जमुना र बेपत्ता छोराहरू ।** *तस्बिर : विनयको फेसबुकबाट*

व्यवस्थापन विषयका लेक्चरर विनय लामिछाने आफैंमा एक कुशल व्यवस्थापक पनि थिए । काठमाडौंको चन्द्रागिरि नगरपालिकास्थित मंगलोदय क्याम्पसमा व्यवस्थापन संकायमा पढाउँदै आएका उनले व्यवसायमा पनि हात हालेका थिए । सेयर र कमोडिटी मार्केटमा उनको लगानी थियो । उनी 'वेस्ट काठमाडौं बिजनेस इन्भेस्टमेन्ट प्रालि' का प्रमुख कार्यकारी अधिकृत पनि हुन् ।

डेढ वर्षअघिदेखि सेयर र कमोडिटी मार्केटमा लगानी गरेका विनयले ६ महिनासम्म राम्रै नाफा कमाए । त्यसपछि लोभिएर लगानी बढाए । तर दुर्भाग्य, नाफा पहिलेझैं निरन्तर हुन सकेन । एक वर्षको अवधिमा डेढ करोडभन्दा बढी घाटा व्यहोरेपछि उनको जिन्दगीले अर्कै मोड लियो । हिसाब गर्दा आफ्ना भएभरको जायजेथाले पनि ऋण र सापटी तिर्न नभ्याउने भयो । त्यसपछि तनाव व्यवस्थापन गर्न नसकेका लामिछाने गलत निर्णयमा पुगे । अन्ततः पत्नी र दुई अबोध छोरासहित बिहीबार साँझ त्रिशूली नदीमा हेलिन पुगे ।

मकवानपुर, चित्लाङका विनयले धादिङको सिद्धलेख-७, बडघरेकी जमुना रेग्मीसँग २०७४ मा विवाह गरेका थिए । उनीहरूका दुई वर्षीय छोरा विजन र ६ महिनाका रिजन थिए । रिजनको शुक्रबारै पास्नीको साइत जुरेको थियो । तर परिवारमा सुतक परेकाले उनी पास्नी छोडेर श्रीमती र दुई छोरासहित घरबाट निस्किए ।


घर छोड्नुअघि विनयले जमुनासँग भनेका थिए, 'म ऋणमा डुबिसकें, अब मर्छु ।' जवाफमा जमुनाले 'एक्लै होइन, परिवार नै सँगसँगै मरौं' भनेपछि उनीहरू दुवै छोरालाई लिएर धादिङतर्फ लागेका थिए । घर छोड्नुअघि विनयले लेखेको तीन पाना लामो 'सुसाइड नोट' मा ऋण तिर्नुपर्ने लामो फेहरिस्तसहित आफू मृत्यु रोज्न बाध्य भएको खुलाएका छन् । 'यो पढ्नु होला' शीर्षकमा हरियो अक्षरमा लेखिएको सुसाइड नोटमा परिवार नै मास्नुपरेको कारण उल्लेख गरेका छन् । गएको वर्षदेखि व्यापार निकै खस्केको, सापटी लिएका मानिसले फोन गरेर चर्को मानसिक तनाव दिएको र आफ्नो अंश लाग्ने सम्पत्ति बेच्दा पनि सापटी र ऋण तिर्न नसक्ने अवस्था आएकाले श्रीमती र छोराहरूसहित परिवारले नै मृत्युवरण गर्ने निर्णय गरेको उनले सुसाइड नोटमा लेखेका छन् ।

धादिङको बेनीघाटस्थित सिउरेनीटार जोड्ने पुलमुनिबाट ६ महिनाका छोरा रिजनलाई श्रीमती र दुईवर्षे विजनलाई विनय आफैंले काखमा लिएर नडुबुन्जेल त्रिशूलीमा हेलिएका थिए । संयोगले विनयलाई जलयात्रा गर्ने समूहले जीवितै उद्धार गर्‍यो । तर जमुना दुई छोरासहित बेपत्ता भइन् ।

बाँकी पृष्ठ १३ ▸▸

# किन हुन्छ सामूहिक आत्महत्या ?

■ **गोकर्ण गौतम** (काठमाडौं)



धादिङमा बिहीबार साँझ भएको घटनाले सामूहिक आत्महत्या प्रयास किन बढ्दै छ भन्ने प्रश्न फेरि जगाइदिएको छ ।

गत वर्ष चितवनको भरतपुर महानगरपालिका-१८, शशीनगरमा एकै परिवारका तीन जनाले आत्महत्या गरेका थिए । सहरी क्लिनिक टोलकी ३५ वर्षीया माया आलेमगर, उनका १४ वर्षीया छोरी विनिता र १२ वर्षे छोरा विवेक सलमा झुन्डिएका थिए । विवेकले सुनाइड नोटमा लेखेका थिए, 'बुबा, तपाईं हामीलाई नसोधी किन जानुभयो ? ममीले साह्रै दुःख मान्नुभएको छ ।' नेपाली सेनामा कार्यरत उनका बाबु घटनाको दुई दिनअगाडि काठमाडौं फर्किएका थिए । पारिवारिक बेमेलले आमाले बच्चासहित आत्महत्या गरेको खुलेको थियो । अघिल्लो वर्ष बझाङको सुर्मामा एउटै रुखमा पासो लगाएर तीन बालिकाले सामूहिक आत्महत्या गरेका थिए । १४ वर्षे जुनतारा पुजारा, १४ वर्षकै रेखा पुजारा र उनीहरूभन्दा एक वर्ष जेठी कविता बोहराले जंगलमा एउटै रुखमा नाम्लोले पासो लगाएर मृत्यु रोजेका थिए । यो रहस्यमयी घटनाको अन्तर्य त्यतिकै लुक्यो ।

प्रेममा मनमुटाव वा वियोग भएपछि जोडीले आत्महत्या गरेका घटना पनि उत्तिकै छन् । गत वर्ष फागुनमा वीरगन्जमा तीन किशोरकिशोरीले सामूहिक विष सेवन गरेर आत्महत्या प्रयास गरेका थिए । जिरा भवानी गाउँपालिका-४ की १८ वर्षीया संगीताकुमारीको उपचार क्रममा मृत्यु भयो भने मञ्जिता कुमारी र सञ्जय दास समयमै उपचार पाएरकाले बाँचे । मञ्जिताको राज चौधरीसँग र संगीताको सञ्जयसँग प्रेमसम्बन्ध थियो । सञ्जय र राजचाहिँ साथीसाथी । विवाह गरेर भाग्ने प्रयास असफल भएपछि विष सेवन गरेको खुलेको थियो ।

बाँकी पृष्ठ १३ ▸▸

## भित्र



गुठीको २ हजार रोपनी व्यक्तिको नाममा


- फुक्दै नेकपामा असहमतिको गाँठो
- कांग्रेस भन्छ- 'सभामुख-उपसभामुख राष्ट्रिय हैसियतको फरक दलबाट'
- उस्तै कसुर, दुई थरी फैसला

साथमा




अमेरिकी दूतावास भन्छ-

# 'एमसीसीमा सैन्य मामिला छैन'



काठमाडौं (कास)- अमेरिकी दूतावासले मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) कुनै सैन्य गठबन्धन नभएको जनाएको छ । जनस्तरमै पक्षविपक्षमा व्यापक तर्क उठेपछि काठमाडौंस्थित दूतावासले शुक्रबार दसबुँदे विज्ञप्ति जारी गरेर एमसीसीमा कुनै सैन्य मामिला नजोडिएको बताएको हो ।


दूतावासले अमेरिकी कानुनले कुनै पनि एमसीसी परियोजनामा सैन्य संलग्नतालाई निषेध गरेको दाबी गरेको छ । उसले एमसीसीलाई 'विशुद्ध रूपमा आर्थिक विकासमा केन्द्रित' भनेको छ । 'नेपालमा विद्युत् प्रसारण लाइन निर्माण र सडकको स्तरोन्नतिमार्फत आर्थिक विकासमा सघाउने एमसीसी परियोजनाको लक्ष्य छ,' विज्ञप्तिमा भनिएको छ । सत्तारूढ नेकपाभित्रै एमसीसी 'चीनविरुद्ध लक्षित' इन्डो-प्यासिफिक रणनीतिको अंग भएकाले उसँग भएको परियोजनासम्बन्धी सम्झौता संसद्बाट अनुमोदन गर्न नहुने आवाज उठ्न थालेपछि अमेरिकी दूतावासले विज्ञप्तिमार्फत प्रस्टीकरण सार्वजनिक गरेको हो । एमसीसी सम्झौता अनुमोदनका लागि संघीय संसद्मा पेस गरिएको छ, जसलाई यही हिउँदे अधिवेशनमा पारित गराउने सरकारको तयारी छ ।

दूतावासले एमसीसीका सम्बन्धमा उठेका प्रश्नहरूबारे आफू जानकार भएको उल्लेख गरेको छ । 'हाले नेपाली नागरिक, नेतृत्व र सञ्चारकर्मीले एमसीसीको नेपाल कम्प्याक्ट (सम्झौता) बारे सोधिरहनुभएको छ । यस्ता प्रश्नलाई हामी स्वागत गर्छौं । यस कार्यक्रमभित्र नेपालका लागि केकस्ता लाभ छन् भन्नेसम्बन्धी बुझाइ निर्माणमा नेपाली जनसाधारणको सहभागितालाई पनि हामी स्वागत गर्छौं,' विज्ञप्तिमा भनिएको छ, 'अन्तर्राष्ट्रिय विकासका निम्ति पारदर्शिता तथा सच्चा साझेदारीमा आधारित नयाँ मोडलका रूपमा एमसीसी स्थापना भएको हो ।'

बाँकी पृष्ठ १३ ▸▸

# फेरि हिमपात र वर्षा

## अन्नपूर्ण हिँडेका ७ जना सम्पर्कविहीन, गोरखामा हिमपहिरो



फाइल तस्बिर

**कान्तिपुर संवाददाता** (काठमाडौं)

सुदूरपश्चिम हुँदै भित्रिएको न्यूनचापीय प्रणालीका कारण शुक्रबार देशैभर वर्षा भएको छ । उच्च पहाडी र हिमाली भागमा हिमपात भएको छ । गोर्खामा हिमपहिरो गएको छ भने पर्यटकीय पदमार्ग अन्नपूर्ण आधारशिविर हिँडेका पाँच विदेशी पर्यटक र दुई नेपाली गाइड सम्पर्कविहीन छन् । निरन्तर वर्षा र खराब मौसमकै कारण चार अन्तर्राष्ट्रिय उडान डाइभर्ट भए भने ३७ आन्तरिक रद्द हुन पुगे ।

पोखरास्थित संवाददाताका अनुसार अन्नपूर्ण आधारशिविर हिँडेका चार कोरियाली, एक चिनियाँ र दुई नेपाली सम्पर्कविहीन छन् ।

'अन्नपूर्ण बेसक्याम्प (एबीसी) जाने क्रममा नौ कोरियालीमध्ये चार जना सम्पर्कमा नरहेको जानकारी प्राप्त भएको छ,' गण्डकीका प्रदेश प्रहरी प्रमुख डीआईजी विनोद शर्मा घिमिरेले भने, 'नेपाली भरियासहित गएका एक चिनियाँ र छुट्टै टोलीका दुई नेपाली गाइड पनि सम्पर्कविहीन छन् ।' कास्कीको अन्नपूर्ण गाउँपालिका-११ हिमालय र देउरालीबीचको हिंकुमा हिमपहिरो आएपछि उनीहरू सम्पर्कमा नरहेको उनले बताए । उक्त वडाको दोभानस्थित डेस्टिनेसन एबीसी होटलका सञ्चालक सुक गुरुङले पनि केही पर्यटक र नेपाली बाटैबाट सम्पर्कविहीन रहेको बताए । अत्यधिक हिमपातले उक्त मार्गमा तत्काल ओहोरदोहोर गर्न सकिने अवस्था छैन । स्थानीय र प्रहरीले उक्त स्थानमा फोनले काम नगरेकाले पनि खोजीमा समस्या भएको बताएका छन् ।

'एबीसी जाने बाटोमा रहेका होटलमा उनीहरू सुरक्षितसाथ बसेका पनि हुन सक्छन्,' डीआईजी घिमिरेले भने, 'टेलिफोन सम्पर्क छैन । अत्यधिक हिमपातले कोही जान सक्ने अवस्था छैन ।' नजिकै रहेको घान्द्रुक प्रहरी चौकीबाट घटनास्थल पुग्न एक दिन लाग्छ । शुक्रबार बिहान ११ बजेतिर उक्त स्थानमा हिमपहिरो आएको थियो । डीआईजी घिमिरेले स्थानीय र प्रहरीलाई घटनास्थलतर्फ परिचालन गरिएको बताए । कास्की प्रहरीका प्रवक्ता डीएसपी राजकुमार केसीले पनि घटनाबारे अपुष्ट सूचना आएको बताए ।

अत्यधिक हिमपातपछि गएको हिमपहिरोले गोरखामा ट्रेकिङ रुट (पैदल मार्ग) बन्द भएको छ । चुमनुब्री गाउँपालिका-४ नामरुङमा शुक्रबार दिउँसो हिमपहिरो जाँदा लार्केबाट सामागाउँ जाने बाटो बन्द भएको प्रहरीले जनाएको छ । गोरखा प्रहरी प्रमुख एसपी ओम अधिकारीका अनुसार करिब ५ सय मिटर माथिबाट आएको हिमपहिरोले लार्केपास ट्रेकिङ रुटको २५ मिटर बाटोमा क्षति पुर्‍याएको छ । 'बाटो नभएका कारण तत्काललाई आवतजावतमा रोक लगाइएको छ,' अधिकारीले भने, 'स्थानीयसँग समन्वय गरी बाटो खुलाउने प्रयासमा छौं ।'

बाँकी पृष्ठ १३ ▸▸



# 'अनियमितता' मा लेखाको चासो

प्रदेश सरकारका विभिन्न योजनामा ठूलो आर्थिक चलखेल भएको भन्दै उजुरी परेका छन् तर अध्ययनका लागि समितिले मागेका कागजात सम्बन्धित मन्त्रालयले उपलब्ध गराउन सकेका छैनन्

■ **मोहन बुढाऐर** (धनगढी)

प्रदेश सरकारका योजना र विभिन्न उपकरण खरिद प्रक्रियामा भएको आर्थिक अनिमियतामा प्रदेशसभाको सार्वजनिक लेखा समितिले अनुसन्धान थालेको छ। सम्बन्धित मन्त्रालयबाट फाइल झिकाएर अध्ययन तथा अनुसन्धान गर्ने काम सुरु गरिएको लेखा समिति सभापति नन्दा बमले जानकारी दिइन्।

प्रदेश सरकारका योजनामा भएको आर्थिक अनियमितताका सम्बन्धमा समितिमा उजुरी परेको उनले बताइन्। प्रदेशको सामाजिक विकास मन्त्रालयद्वारा एम्बुलेन्स र अल्ट्रासाउन्ड खरिद प्रक्रियामा भएको भनिएको आर्थिक अनियमिततामा सम्बन्धित मन्त्रालयबाट कागजात झिकाएर अध्ययन गरिरहेको उनको भनाइ छ।

मन्त्रालयले गत आर्थिक वर्षको बजेटबाट १६ वटा एम्बुलेन्स खरिद गरेको थियो। ३९ लाख ७ हजारका दरले कूल ६ करोड ३५ लाख २० हजार रुपैयाँमा 'ख' श्रेणीका आधुनिक र सुविधायुक्त भनिएका एम्बुलेन्स खरिद गरिएको मन्त्रालयले जनाएको छ। गत कात्तिकमा ती एम्बुलेन्स ९ वटै जिल्लाका विभिन्न स्थानीय तहलाई हस्तान्तरण गरिएको थियो। मन्त्रालयले 'ख' श्रेणीका भनेर खरिद गरेका एम्बुलेन्स मिनी ट्रकको च्यासिसबाट बनाइएका खुलेको छ। त्यसमा जडान गरिएका उपकरणसमेत कमसल रहेको प्रमुख प्रतिपक्षी दल कांग्रेसको आरोप छ।

सोही मन्त्रालयले प्रदेशका ८८ वटै स्थानीय तहका स्वास्थ्य संस्थाका लागि साढे ११ करोड बढी खर्च गरी अल्ट्रासाउन्ड मेसिन खरिद गरेको छ। अल्ट्रासाउन्ड खरिद प्रक्रियामा समेत मापदण्डविपरीत गई आर्थिक अनियमितता गरिएको आरोप लाग्दै आएको छ। त्यस्तै, प्रदेश सरकारको गत आवको बजेटबाट कञ्चनपुरको वेदकोट नगरपालिका-२ मा ४५ लाखको औद्योगिक क्षेत्र पहुँचमार्ग, सोही नगरको वडा नम्बर ५ मा ७५ लाखको झलेखोला तटबन्ध, चौधर नदी तटबन्ध, ७५ लाख बजेटकै शुक्लाफाँटा आश्रम निर्माण, वडा नम्बर १ र १० मा ३८ लाखको कंक्रिट मेसवायरको योजनामा समेत अनियमितता भएको उजुरी समितिमा परेको सभापति बमले जानकारी दिइन्। उनका अनुसार बैतडी पाटन नगरपालिकामा तटबन्ध निर्माण शीर्षकमा प्रदेश सरकारले विनियोजन गरेको ७५ लाख र बझाङ केही पूर्वाधार विकासका योजनामा आर्थिक अनियमितता भएको छ। कैलालीको घोडाघोडी नगरपालिकास्थित सिँचाइ योजनामा समेत सोही अवस्था रहेको उनको भनाइ छ। 'स्थानीय स्तरबाट प्राप्त निवेदन र सूचनाबाहेक हामीलाई पनि आशंका पैदा भएका अन्य योजना पनि छन्,' उनले भनिन्, 'अनियमितताको जानकारी भएका योजनामा समितिले सम्बन्धित मन्त्रालयबाट आर्थिक विवरण मागेर अध्ययन गर्ने भएका छौं।' समितिले आफ्नै प्रक्रियाबाट काम गर्नु परेकोले छानबिन चाँडो गर्न नसकिएको उनले स्वीकारिन्। 'समितिमा पहिले निर्णय गरेर छानबिनको प्रक्रिया अगाडि बढाउनुपर्ने हुन्छ। तर, सम्बन्धित मन्त्रालयबाट कागजात उपलब्ध हुन ढिलाइ हुने गरेको छ,' बमले भनिन्। फिल्डको अध्ययन गर्दा पनि प्राविधिक तथा विज्ञको आवश्यकता पर्ने लगायतका समस्या समितिलाई पर्ने गरेको नी बताउँछिन्।



सुदूरपश्चिम प्रदेशको सामाजिक विकास मन्त्रालयले गत कात्तिकमा वितरण गरेका एम्बुलेन्स। *तस्बिर : अर्जुन शाह/कान्तिपुर*

समितिले आव ०७४/७५ मा विभिन्न आयोजनाको सम्भाव्यता अध्ययनमा भएको खर्चको पनि छानबिन गरेको छ।

'अल्पकालीन बजेटको ठूलो हिस्सा सम्भाव्यता अध्ययनमा राखिएको थियो,' उनले भनिन्, 'त्यसमा ठूलो आर्थिक अनमियतता गरिएको देखिएको थियो। त्यसमा अध्ययन थाल्यौं तर सम्बन्धित मन्त्रालयले मागेको कागजात नै उपलब्ध गराउन सकेन।' उनका अनुसार उद्योग, वन, पर्यटन तथा वातावरण मन्त्रालयको सम्भाव्यता अध्ययनमा खर्च भएको १ करोड, सामाजिक विकास मन्त्रालयको स्कूलतर्फ ११ लाख ७० हजार, स्वास्थ्य संस्थालाई ३६ लाख अनुदान दिँदा आर्थिक अनमियतता भएको आशंकाले छानबिन गरिएको थियो।

यसैबीच, कैलाली कांग्रेसले हालै पत्रकार सम्मेलन गरेर स्थानीय तह र प्रदेश सरकारमा व्यापक आर्थिक चलखेल भएको आरोप लगाएको थियो। यहाँका १३ वटा स्थानीय तहमध्ये मोहन्याल, कैलारी, जानकी र चुरे गाउँपालिका तथा गौरीगंगा, घोडाघोडी, गोदावरी र भजनी नगरपालिकामा चरम आर्थिक अनियमितता भएको दाबी कांग्रेसको छ।

# पौने ६ करोड मुआब्जा बाँडियो

■ **गणेश चौधरी** (टीकापुर)

रानी-जमरा-कुलरिया सिँचाइ आयोजनाले अधिग्रहण गरेको जग्गाको मुआब्जाबापत दोस्रो चरणमा हालसम्म करिब पौने ६ करोड वितरण गरिएको छ। लम्कीचुहा नगरपालिकामा नहर विस्तारका क्रममा ५ करोड ७५ लाख ४४ हजार रुपैयाँ वितरण गरिसकेको आयोजनाले जनाएको छ। आयोजनाको निर्माण १० वर्षअघि सुरु भएको हो।

यो चरणमा करिब ३४ विघा नम्बरी र २२ विघा ऐलानी जग्गाको मुआब्जा दिनुपर्ने अवस्था रहेको आयोजनाका इन्जिनियर कृष्ण विष्टले बताए। उनले भने, 'नम्बरी जग्गाको मुआब्जा वितरण भइरहेको र ऐलानीको मुआब्जा दिने आधार तय भइसकेको छैन।' मन्त्रिपरिषद्ले निर्णय गरेपछि त्यसैअनुसार ऐलानी जग्गाको मुआब्जा दिन सुरु गरिने उनले जानकारी दिए।

नहर क्षेत्रमा परेका घर र रुख तथा जग्गाको छुट्टै मुआब्जा दिइएको छ। यसका लागि करिब १ अर्ब रुपैयाँ बजेट विनियोजन गरिएको छ। दोस्रो चरणको नहर निर्माणको लागि ऐलानीबाहेक २ सय ४ स्थानीयको जग्गा अधिग्रहणमा परेको सूचना निकालिएको थियो। आयोजनाका अनुसार निकास नभएको, घरघडेरी र सडकसँग जोडिएको आधारमा जग्गाको मूल्यांकन गरिएको छ।

अधिग्रहणमा परेको जग्गालाई प्रतिकठ्ठा ४ देखि १० लाख रुपैयाँ मूल्य निर्धारण गरी मुआब्जा दिइएको छ। लम्कीचुहा नगरपालिकाको वडा नम्बर ४, ६ र ८ मा जग्गा अधिग्रहण गरिएको थियो। नहर निर्माण भए करिब ६ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुग्नेछ। ६ किलोमिटर जंगल क्षेत्र र साढे ८ किलोमिटर आवादी क्षेत्रमा मुख्य नहर बन्नेछ र मुख्य नहरबाट ५ वटा शाखा नहर बन्नेछन्।

'दोस्रो चरणमा नहर निर्माणका क्रममा मुआब्जाबापत दिइने १ अर्ब रुपैयाँमा बोरिङबाटै पनि किसानलाई राम्रो सिँचाइ सुविधा दिन सकिने हुन्थ्यो,' स्थानीय किसान भोजबहादुर चौधरीले भने, '१ लाख लगानीमा बोरिङबाट करिब ५ विघामा सिँचाइ पुऱ्याउन सकिन्छ।'

आयोजनाले दोस्रो चरणमा पथरैया खोला र तेस्रो चरणमा कैलालीको कन्द्रा नदीसम्म सिँचाइ सुविधा पुऱ्याउने लक्ष्यका साथ काम अघि बढाएको छ। कर्णाली चिसापानीबाट आएको पानीलाई बलचौरबाट रानी-जमरा-कुलरिया तथा लम्की क्षेत्रका लागि बाँडिनेछ।

आयोजना सुरु हुँदा कर्णाली चिसापानीमा मुआब्जा विवाद भएको थियो। विवादका कारण आयोजना सुरु हुन करिब ७ महिना ढिलाइ भएको थियो। चिसापानीका स्थानीयले उचित बसोबास र क्षतिपूर्ति नदिएसम्म नहट्ने अडान राखेपछि समस्या समाधानका लागि तत्कालीन सिँचाइ राज्यमन्त्री दलबहादुर सुनार परियोजना स्थल पुगेका थिए। राजनीतिक दलको प्रयास र सहमतिमा १ सय ७४ घरपरिवारलाई कर्णाली चिसापानीको राष्ट्रिय निमाविको पश्चिम उत्तरतर्फ स्थानान्तरण गरिएको थियो। उनीहरुको घरको मूल्यांकन गरी क्षतिपूर्ति र राहतको व्यवस्था गरिएको थियो।

# वर्षाले तटबन्ध निर्माण प्रभावित

दार्चुला (कास)- पुस सुरुवातदेखि दार्चुलाका उच्च लेकाली भेगमा हिमपात र बेंसीमा वर्षा भइरहेको छ। निरन्तरको वर्षाले महाकाली नदीको तटीय क्षेत्रमा चलिरहेको पक्की तटबन्ध निर्माण कार्य प्रभावित भएको छ।

वर्षा र हिमपातले नदीमा पानीको सतह बढेको छ। झरी पनि नरोकिएकाले केही दिनयता आंशिकरुपमा मात्रै काम गर्न सकिएको महाकाली नदी नियन्त्रण आयोजनाका निमित्त प्रमुख कमलसिंह महतले बताए। 'झरी रोकिएको अवस्थामा तटबन्धको प्याकेज-१६ र १७ मा मात्र आंशिक रुपमा काम भइरहेको छ,' उनले भने। यहाँ १/२ दिन मौसममा सुधार आउने र त्यसको ४/५ दिनसम्म लगातार पानी परिरहेको छ। महतका अनुसार पुस सुरुदेखि मौसम प्रतिकूल बन्दा तटबन्ध निर्माणमा खटिएका धेरै कामदार २/३ साताअघि नै घर फर्किएका छन्। अहिले १६ नम्बर प्याकेजमा एउटा समूहले मौसम सुधार भएको दिनमा मात्र काम गरिरहेको उनले बताए।

चिसो मौसममा कामदारलाई दबाब दिएर काम गराउन नसकिने उनको भनाइ छ। यहाँ काम गर्ने धेरै कामदार चौधरी समुदायका छन्। उनीहरू माघी मनाउन घर गएकोले पनि काम प्रभावित बनेको निर्माण व्यवसायी दानसिंह तिंकरीले बताए। धेरैजसो कामदार जिल्ला बाहिरका छन्। मौसम अनुकूल भए उनीहरू एक सातापछि मात्र काममा फर्किने आयोजनाले जनाएको छ। झरीका कारण आयोजनाको मुख्य क्षेत्र नमस्कारदेखि बांगाबगडसम्म (प्याकेज-१६) निर्माणाधीन पक्की तटबन्ध संरक्षणका लागि सर्पोटिङ वाललगायत संरचना निर्माणकार्य रोकिएको छ।

'केही स्थानमा कंक्रिट वाल बनाउने, जाली लगाउने जस्ता काम गर्नुपर्नेछ। जालीमा ढुंगा भर्न सकिने भए पनि कंक्रिट वाल लगाउन सकिँदैन,' निमित्त प्रमुख महतले भने, 'वाल लगाउने र जग हालीसकेको ठाउँमा काम गर्न सकिने हुनाले पूर्णरुपमा भने काम रोकिएको छैन।'

हालसम्म ८० प्रतिशतको हाराहारीमा तटबन्ध निर्माणकार्य सकिएको आयोजनाले जनाएको छ। महतका अनुसार पक्की र अस्थायी गरी १५ वटा प्याकेजको काम सकिएको छ। गत आवबाट १६ र १७ नं प्याकेजमा काम भइरहेको छ। चालु आवमा १८, १९ र २० नं प्याकेजमा निर्माण अगाडि बढाउने तयारी भइरहेको महतले जानकारी दिए।

०७० मा महाकालीमा आएको बाढीले नदी तटीय क्षेत्रमा क्षति पुगेको थियो। गुरुयोजना बनाएर सोही वर्षबाटै तटबन्ध निर्माण भइरहेको छ। ५ वर्षमा निर्माण सक्नेगरी काम थालिएको थियो। सुरुवातमा विविध कारणले प्रगति नभएको भन्दै आयोजनाको समय ०७८ सम्म पुर्‍याइएको छ। गुरुयोजनाअनुसार नदी नियन्त्रण गर्न २ अर्ब ६७ करोड बजेट अनुमान गरिएकोमा हालसम्म सवा २ अर्ब बजेट खर्च भएको आयोजनाले जनाइएको छ।

# स्मार्ट कक्षाले सिकाइ सहज

■ **मोहन शाही** (डोटी)

विद्यार्थीहरू गणित विषय उत्सुकताका साथ पढ्दै थिए। कक्षा ७ मा अध्ययनरत उनीहरूका अघि किताबकापी थिएन, कम्प्युटर थियो। डोटीको लडागडास्थित सुनादेवी माध्यमिक विद्यालयका शिक्षक भक्तबहादुर कठायतले पनि विगतजस्तो चक, डस्टर, बोर्ड र मार्कर प्रयोग गरेनन्। बरु प्रोजेक्टरमार्फत् विद्यार्थीलाई 'समूह' शीर्षकमा ज्ञान बाँड्ने प्रयास गरे।

विद्यार्थीहरू प्रोजेक्टरमा देखाएको सामग्रीबारे कम्प्युटरमा हेर्दै गणितीय सुत्रमा समूहका सदस्यलाई वर्गीकरण गर्ने तरिका सिकिरहेका थिए। डेढ महिनायता आफुहरू कम्प्युटरमा अध्ययन गरिरहेकाले पहिलेभन्दा राम्रो बुझाइ हुन थालेको कक्षा ७ की सिमा कठायतले बताइन्।

१० कक्षामा अध्ययनरत विद्यार्थी विज्ञान प्रयोगशालामा व्यस्त थिए। उनीहरू शिक्षक गणेशबहादुर रोकायाले कार्बनडाइअक्साइड बनाउन गरिरहेको प्रयोगात्मक कृयाकलाप हेरिरहेका थिए। चुनढुंगा र हाइड्रोक्लोरिक एसिडबाट कार्बनडाइअक्साइड बनाउनेबारे प्रत्यक्ष प्रयोगबाटै सिक्न पाएकोमा उनीहरू खुसी व्यक्त गरिरहेका थिए। कक्षा ८ का विद्यार्थी केही फरक माहोलमा थिए। उनीहरू विद्यालयको पुरानो भवनको माथिल्लो तलामा रहेको पुस्तकालयमा भेटिए।



डोटीको लडागडास्थित सुनादेवी माविका शिक्षक कक्षा १० का विद्यार्थीलाई कार्बनडाइअक्साइड बनाउने रासायनिक प्रक्रिया सिकाउँदै। *तस्बिर : मोहन/कान्तिपुर*

आफूलाई पढ्न रुची लागेका पाठ्यक्रम बाहिरका पुस्तक झिकेर पढ्दै थिए। विद्यालयमा देखिएको शैक्षिक वातावरणले पछिल्लो समय सुनादेवी माविमा विद्यार्थी र अभिभावक दुवै सन्तुष्ट देखिन्छन्। नमूना बनाउन स्मार्ट कक्षा सञ्चालन गरिएपछि विद्यालयको पठनपाठनमा समेत उल्लेख्य सुधार आएको छ। दिपायल सिलगढी नगरपालिका-८, लडागडास्थित सुनादेवीमा देखिएको यो दृष्य त्यही वडाको चौखान मावि र पूर्वीचौकी गाउँपालिका-७, पोखरीमा रहेको मष्टामाण्डौ माविमा पनि देख्न पाइन्छ।


यी तीनवटै विद्यालयलाई नमूना बनाउन विभिन्न कृयाकलाप सञ्चालन गरिँदै आएको छ। कम्प्युटर ल्याब, पुस्तकालयदेखि व्यवस्थित विज्ञान प्रयोगशालाले विद्यार्थीको सिकाईमा सहयोग पुग्ने मष्टामाण्डौ माविका निमित्त प्रधानाध्यापक राजबहादुर बडैलाले बताए। यस विद्यालयमा झण्डै २ हजार पुस्तक राखिएको पुस्तकालय छ।

'एसईईको तयारी अनलाइनबाट विद्यालयमै गर्ने गरेका छौं,' मष्टामाण्डौ माविमा कक्षा १० मा पढ्ने त्रिलोचन बडैलाले भने, 'श्रव्यदृष्य सामग्रीहरू देखिने भएकाले हामीलाई किताबभन्दा बुझ्न सहज भएको छ।'

स्मार्ट कक्षाकोठा भनेको सामान्यरूपमा कम्प्युटर ल्याबको स्थापना गर्नु भन्ने मात्र नभई सूचनाप्रविधिका साधनको प्रयोगमार्फत विद्यार्थी र शिक्षकलाई सिक्ने र सिकाउने अवसर दिनु रहेको सामुदायिक विकास केन्द्र, डोटीका अध्यक्ष हेमराज जोशी बताउँछन्। केन्द्रले गुड नेवर्स इन्टरनेसनल नेपालको सहयोगमा डोटीका ३ विद्यालयमा स्मार्ट कक्षा सञ्चालनका लागि सहयोग गर्दै आएको छ।

सामुदायिक विकास परियोजनामा कार्यरत शिक्षा विकास अधिकृत एकराज बडुले स्मार्ट कक्षा कोठा व्यवस्थापन राम्रो नतिजा ल्याउन उपयोगी रहेको धारणा राखे। जिल्लामा शैक्षिक गुणस्तरका हिसाबले कमजोर मानिएका यी तीनवटै विद्यालयमा स्मार्ट कक्षा सञ्चालन गर्न स्थानीय तहले पनि लगानी गरिरहेका छन्।

'कम्प्युटर, पाठ्यसामग्री र पुस्तकको उपलब्धता तथा शिक्षकलाई दक्ष बनाउन दिइने तालिममा सामुदायिक विकास केन्द्रको सहयोगले निकै राहत पुगेको छ,' पूर्वीचौकी गाउँपालिका अध्यक्ष दीर्घराज बोगटीले भने, 'गाउँपालिकाले पनि उहाँहरूको अवधारणामा योजना बनाएर लगानी गरिरहेको छ।' स्मार्ट कक्षाकोठाको अवधारणाले केही वर्षभित्र राम्रो नतिजा ल्याउने उनको भनाइ छ।













## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | यात्रा हुने | तुला | शत्रु वृद्धि |
| वृष | भाग्य वृद्धि | वृश्चिक | केही लाभ |
| मिथुन | विद्यामा सफलता | धनु | यात्रामा सफल |
| कर्कट | आलस्यता | मकर | कार्य सिद्धि |
| सिंह | पराक्रम बढ्ने | कुम्भ | पुण्य आर्जन |
| कन्या | धन आर्जन | मीन | अस्वस्थता |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल माघ ५ गते आइतबार तदनुरुप १९ जनवरी २०२० माघ कृष्णपक्ष दशमी रात्रिको ५:८ बजेसम्म उप्रान्त एकादशी तिथि, विशाखा नक्षत्र रात्रिको २:१६ बजेसम्म उप्रान्त अनुराधा नक्षत्र, शुल योग दिनको १:८ बजेसम्म उप्रान्त गण्ड योग, वणिज करण साँझको ५:५९ बजेसम्म उप्रान्त भद्रा करण, तुला राशिमा चन्द्रमा रात्रिको ८:३२ बजेसम्म उप्रान्त वृश्चिक राशिमा। ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | |
|---|---|
| ५:०० | भक्तिसुर |
| ५:३० | आध्यात्मिक सन्देश |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | मार्गदर्शन (लाइभ) |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | हर्के हल्दार (रिपिट) |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | मनी टक्स (रिपिट) |
| ११:०० | कान्तिपुर न्यूज |
| ११:३० | यू एण्ड आई (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | सरोकार (रिपिट) |
| १:३० | कान्तिपुर समाचार |
| २:०० | मुभी |
| ४:०० | कान्तिपुर समाचार |
| ४:३० | यू एण्ड आई (रिपिट) |
| ५:०० | कल कान्तिपुर |
| ६:०० | कान्तिपुर न्यूज |
| ६:३० | हियर्ज टु लाइफ |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | आउन मसला खाउन |
| १०:०० | हियर्ज टु लाइफ (रिपिट) |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपीटेड |
| १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १:३० | हियर्ज टु लाइफ (रिपिट) |
| २:०० | कान्तिपुर समाचार (रिपीट १) |
| २:३० | मार्गदर्शन (रिपिट) |
| ३:०० | कल कान्तिपुर रिपीटेड |
| ४:०० | आउन मसला खाउन (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | |
|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (बालचन्द्र) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | विज्ञान प्रविधि (नाष्ट) |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (भूपेन्द्र) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | घुम्ने मेच (डिनेश डिसी) |
| १०:०० | स्पोर्टस् डायरी |
| १०:०५ | गजब छ बा (दुर्गाराज) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | गेम्स् पिपुल प्ले (प्रियंका) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | टप टेन (एलिसा) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | सेलिब्रेटी आवर (रस्मिला) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | किक स्टार्ट (सञ्जय गुप्ता) |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | राइवार (नन्दकुमार) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | क्विक फिक्स (स्मिता/एलिसा) |
| १७:०० | डिष्ट्रिक्ट डायरी |
| १७:०५ | म्यूजिक लाउन्ज (राजेश पाण्डे) |
| १८:०० | ज्योतिश दर्शन (शिवराज) |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | काठमान्डु बीट (सागरिका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | रक मेसिन (मानस्वी वान्तवा) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | हेलो मिथिला (धिरेन्द्र/रुपा) |
| २३:०० | सो टाइम (स्वर्ण) |
| २४:०० | टप टेन (एलिसा) |
| २४:१० | म अनि मेरो कथा (शुभ) |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| **सुर्खेतका महत्वपूर्ण टेलिफोन नम्बर** | |
| मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल | ५२०२०० |
| जिल्ला प्रहरी कार्यालय | ५२०१९९ |
| नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा) | ५२०३१० |
| क्षेत्रीय अस्पताल एम्बुलेन्स | ९८४८०६३५२० |
| **महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन** | |
| महाकाली अञ्चल अस्पताल | ५२११११ |
| जिल्ला प्रहरी कार्यालय | ५२१२०० |
| नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा | ५२१२५८ |
| जिल्ला प्रशासन कार्यालय | ५२११०९ |
| **कैलालीका महत्वपूर्ण टेलिफोन** | |
| सेती अञ्चल अस्पताल | ५२१२७१ |
| जिल्ला प्रहरी कार्यालय | ५२११५० |
| नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा | ५२१६०० |
| जिल्ला प्रशासन कार्यालय | ५२११०१ |
| टीकापुर अस्पताल | ५६०१५० |
| क्षेत्रीय अस्पताल | ०८३-५२०२०० |
| सुर्खेत विमानस्थल | ०८३-५२०१३२ |
| **कञ्चनपुर** | |
| महाकाली अञ्चल अस्पताल महेन्द्रनगर | ०९९-५२११११ |
| रेडक्रस एम्बुलेन्स | ५२१२५८/५२३१८३ |
| जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर | ५२११०९/५२२४०६ |
| जिल्ला प्रहरी कार्यालय | १००/५२१२०० |
| **डोटी** | |
| सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय | ०९४-४४०३१० |
| जिल्ला प्रशासन कार्यालय डोटी | ४२०१३३ |
| जिल्ला प्रहरी डोटी कन्ट्रोल | ९८५८४४०१९९/४२०२०५ |
| जिल्ला अस्पताल | ४२००१९ |
| जिल्ला अस्पताल एम्बुलेन्स | ९८४८५२५१५० |
| **डडेल्धुरा** | |
| जिल्ला प्रहरी | ०९६-४२०१९९ |
| **जाजरकोट** | |
| जिल्ला प्रहरी कार्यालय- | ०८९-४३०१३१, ९८५८०४५५५५ |
| अस्पताल- | ०८९४३०१८८ |
| एम्बुलेन्स | ९८१५५०९४३० |
| रेडक्रस एम्बुलेन्स | ०८९४३००४२, ९८६६७००२६४ |
| **कालिकोट** | |
| प्रहरी | ०८७-४४०११३, ९८५८३३५५५५ |
| **जुम्ला** | |
| प्रहरी | ०८७-५२००१३, ०८७-५२०११३ |
| शिक्षण अस्पताल | ०८७-५२०३५५, ५२००१५ |
| एम्बुलेन्स | ९७४८९४१६६६ |
| **दैलेख** | |
| जिल्ला प्रहरी कार्यालय | ०८९-४२०१२५,९८५८०१५५५५ |
| अस्पताल | ०८९-४१०१२७ |
| एम्बुलेन्स | ०८९-४१०१८५, ९८६८१६५६८२ |
| **पश्चिम रूकुम** | |
| जिल्ला प्रहरी कार्यालय | ०८८५३०१८७ |
| जिल्ला अस्पताल | ०८८५३०२४७, ०८८५३०११५ |
| एम्बुलेन्स | ९८०९८५८५८५ |
| **हुम्ला** | |
| प्रहरी | ०८७-६८००३/ ०८७६८००९९ |
| अस्पताल | ०८७-६८००२४ |
| विमानस्थल | ९८५१०७३९५९ |
| **डोल्पा** | |
| जिल्ला प्रहरी कार्यालय | ०८७-५५००५५, ९८५८३०५५५५ |
| **मुगु** | |
| प्रहरी | ०८७-४६००९९ |
| अस्पताल | ०८७-४६०१३० |
| एम्बुलेन्स | ९८४८३२१६६६ |
| **सल्यान** | |
| प्रहरी | ०८८-५२००७०, ९८५७८४५५५५ |
| अस्पताल | ०८८-५२००८२ |
| एम्बुलेन्स/रेडक्रस | ९८४७८३२४३८/०८८-५२०००४ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२८९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४००३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

कान्तिपुर सम्पर्क — जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

# बचाउने कि धपाउने चौंरी गोठ ?

सडक पूर्वाधारको पहुँच वृद्धिसँगै हिमाली बस्तीमा पनि दशकअघि जस्तो चौंरी पाल्ने चलन घटेको छ । फाट्टफुट्ट पालेकाहरु पनि बेचेर गाडी किन्न लालायित भेटिन्छन् ।

■ **आनन्द गौतम** (पापुङ, ताप्लेजुङ)

सदरमुकाम फुङलिङका वाङगे शेर्पा पुस २६ गते जन्मस्थल पापुङ गए । गाडीमा गएका उनी साँवाको फुङफुङेमा ओर्लिए । बास बस्न बस्तीतिर उक्लँदै थिए । पारिपट्टि चौंरीको घण्टी बज्यो ।

उनलाई लाग्यो, 'अब उतै जान्छु र चौंरीवालसँगै बस्छु' । साँझ पर्दै गएकाले फटाफट अघि बढे । उनी साम्जेटारको ओडारमा पुग्दा चौंरीवाल आगो दन्काएर खाना बनाउँदै थिए । गाउँमा चौंरी पाल्ने अधिकांश चिनजानकै भएकाले 'म पनि थपिएँ है' भन्दै झोला बिसाए । उनीहरूसँगै खाना खाए र त्यही ओडारमा सुते ।

ओडारमा सुतेका उनलाई विशेष सम्मान दिए । चौंरीका डढाल्नामा लगाउने कपडा उनको ओछ्यानमा १० वटा ओछ्याइदिए । ओढ्नका लागि स्लिपिङ ब्याग थियो । 'चौंरी धपाएर आएका केटाहरू गाउँतिर पसेछन्,' वाङगेले भने, 'सुत्ने बेलामा त हामी ५/७ जना बुढा मात्रै भयौं ।' बालेको मुढाको राप आउने र ओडारले शीत छेल्ने भएकाले चिसो नभएको उनले सुनाए । वाङगे २४ वर्षपछि यसरी चौंरीको गोठमा सुतेका थिए ।

त्यसअघि उनी आफैं चौंरी धपाएर हिँड्थे र यस्तै ओडारमा रात बिताउँथे । पापुङको यही बस्तीबाट सयौं पटक सदरमुकाम फुङलिङसम्म चौंरी हिँडाएको उनको अनुभव छ । धपाउँदा धपाउँदै सदरमुकाममा घडेरी किने र घर बनाएर सहरमै बस्न थाले । फुङलिङ बजारको वीरेन्द्र चोकमा होटल चलाउन सुरु गर्दाताका उनले आफ्नो गोठ रित्याएका थिए ।

वाङगेजस्ता चौंरीपालन छाडेर अन्य व्यवसाय गर्नेको संख्या बढ्दो छ । उनैको बुझाइमा गाउँमा बाटो पुगेको चार-पाँच वर्षमा सबैको गोठबाट चौंरी रित्तिइसक्छ । ताप्लेजुङ जिल्लामा ६१ वटा वडा छन् । पापुङ र मामांखेमा मात्रै मोटरबाटो पुग्न बाँकी छ । पापुङको सिमानामा रहेको फुङफुङेसम्मै पुगेकाले यसै वर्षमा मिक्वाखोला-५ को पापुङ पनि मोटरबाटोले छुने वडाध्यक्ष डण्डु शेर्पा बताउँछन् ।

यो क्षेत्रमा मेवाखोला जलविद्युत् आयोजनाले दुईवटा एक्स्काभेटर मेसिन लगाएर सडक विस्तारको काम गरिरहेको छ । पापुङमा २० मेगावाटका दुईवटा आयोजना भएकाले त्यहाँसम्मै सडक विस्तार गर्ने आयोजनाको सञ्चालक समिति सदस्य डम्बरध्वज तुम्बाहाम्फे बताउँछन् ।

अहिले पापुङमा एउटा घरमा पाँचदेखि नौ वटासम्म चौंरी र याक छन् तर यस्ता घरधुरी दुई दर्जन हाराहारी मात्रै छन् । वडाध्यक्ष डण्डुका अनुसार एक दशकअघिसम्म शेर्पा र भोटेका प्रत्येक घरमा कम्तीमा १०/१५ वटा अनिवार्य हुन्थ्यो । औलका किसानले माउ गाई र हल गोरु पाले जत्तिकै थियो । चौंरीको दूध दुहुन्थे । यसबाट घिउ, छुर्पीलगायत उत्पादन हुन्छ । हिउँदको बेला भारी बोक्नका लागि औलतिर झार्थे । ढुवानीका लागि बर्खामा मान्छे र हिउँदमा चौंरी र याकको भर थियो । बर्खा सिद्धिएपछि चौंरीवाल बिग्रेको बाटो बनाउँदै चौंरी धपाएर हिँड्थे । गाउँबाट अलैंची, अम्रिसो र जडीबुटीलगायत वस्तु औलतिर झार्थे । सहरबाट चामल, नुन र दाललगायत सामग्री लिएर फर्कन्थे । सिमेन्ट र बालुवाजस्ता निर्माण सामग्रीसमेत चौंरीबाट ढुवानी गरेको नाम्म्या शेर्पा बताउँछन् ।

जिल्लामा खच्चड भित्रिएपछि चौंरीलाई केही धक्का भयो । चौंरी, याकको तुलनामा चाँडो हिँड्ने र भारी बोक्ने प्रयोजन भएकाले खच्चडको असर चौंरीमा पर्‍यो । नाम्म्याका अनुसार उनी आफैंले पनि चौंरी बेचेर खच्चड किने ।





**ताप्लेजुङको मिक्वाखोला गाउँपालिका ५ पापुङमा पालिएका चौंरी (माथि) र चौंरी गोठमा खाना पकाउँदै गोठाला ।**
*तस्बिर : आनन्द गौतम/कान्तिपुर*

अब यी दुवै विस्थापनको चरणमा पुगेका छन् । वाङगेका अनुसार चौंरी पालकको ध्यान ट्याक्सी खरिदतर्फ केन्द्रित भएको छ ।

त्यही रात साङगे शेर्पाले एउटा ट्याक्सीलाई कति मूल्य पर्छ भनेर सोधेका थिए । गाडी किस्तामा पाइने र पहिलो पटक पाँच-सात लाख रुपैयाँ जम्मा गरे हुने सुनेपछि उनीहरू निकै नै उत्साही बने । एउटा चौंरीको मूल्य एक लाख रुपैयाँसम्म पर्ने र भएका चौंरी बेचेको पैसाले गाडीको पहिलो किस्ता पुग्ने भएकाले युवाको मन बदलिएको वाङगे बताउँछन् । उनीहरूलाई कहिलेसम्म चौंरी धपाउने भन्ने चिन्ता छ ।

**चौंरी र याक**

औलको गाईलाई लेकको याक लगाएपछि उत्पादन हुने सन्तान 'चौंरी' हो । याकको माउमा तिब्बतबाट ल्याएको गोरुको प्रजननबाट उत्पादन हुने सन्तानलाई 'जोबे' भनिन्छ । चौंरीकै गाई-गोरुबाट भने सन्तान हुँदैनन् । पहाडी बहरसँग नाकको संसर्गबाट चौंरी जन्मछ ।

याक र पहाडी गाईबाट जन्मने सन्तानलाई उराङ पनि भनिन्छ । विशुद्ध घरपालुवा जनावर भएकाले दूधदेखि भारी बोकाउनेसम्मको प्रयोजनमा प्रयोग गरिन्छ । पहिले हिमाली ढुवानी सेवा पनि भनिन्थ्यो । मोटोघाटो र तुलनात्मक रूपमा लामो पनि हुने भएकाले खच्चडको तुलनामा भने यो निकै नै ढिलो हिँड्ने जनावर पनि हो ।

गोठपालकले बीउका लागि तिब्बतबाट अनिवार्य गोरु ल्याउने गरेका छन् । यसको मूल्य एक लाख रुपैयाँसम्म पर्ने पेम्बाछिरिङ शेर्पा बताउँछन् । आफ्नो गोठमा नभएकाहरूले अरूको गोठमा चौंरी र याक लगेर संसर्ग गराउँछन् । नौ महिना गर्भधारण अवधि भएका चौंरी र याक १२ बेतसम्म ब्याउँछन् । पेम्बाछिरिङका अनुसार रोग लाग्दा उपचार गर्न नसक्नु अहिलेको मुख्य चुनौती बनेको छ । ज्वरो आउने, झाडापखाला लाग्नेजस्ता समस्या देखिने गरेको छ । यस्तो बेला घरेलु उपचार गर्नुबाहेक उनीहरूसँग विकल्प हुँदैन । अझ यो वर्षदेखित पशुचिकित्सक खोज्न पाँचथर सदरमुकाम फिदिम पुग्नुपर्ने बाध्यता छ ।

पशु स्वास्थ्यकर्मी जिल्लाबाट झिकाउनुपर्छ । गोठमा पुगिसक्दा क्षति भइसक्छ । यस्तो बेला घरेलु उपचार गर्ने र निको नभएर मरे त्यहीं गाडेर गोठ अर्को ठाउँमा सार्ने पेम्बाछिरिङ बताउँछन् । मरेकै ठाउँमा गोठ राख्नु हुँदैन भन्ने पुरानो मान्यता छ । हिउँ परेका बेला घाँस तान्ने क्रममा र बाटो भुलेर लडेर पनि मर्ने गरेका छन् ।

पछिल्ला वर्ष घाँस खान नरुचाउने, बसेको ठाउँबाट नउठ्ने र हिँड्दा थरथर काप्ने लक्षण देखिन्छ । यस्तो भएको ८ देखि ११ दिनको बीचैमा मृत्यु भइसक्छ । समस्या देखिएपछि गोठबाट घरसम्म पनि ल्याउन नसकिने पशुपालकको गुनासो छ । स्वास्थ्यकर्मी विकनेस (कमजोरी) का कारण यस्तो भएको बताउँछन् । हिमालमै बस्ने भएकाले हिउँ र चिसोको सामना चौंरीले गर्न सक्छन् तर धेरै दिन हिउँ परे खाने कुरा पुर्‍याउन कठिन हुन्छ । यो बेला शारीरिक कमजोरी हुने र तन्दुरुस्त पार्न कठिन हुने चौंरीपालक बताउँछन् ।

पहिला हिउँबाट जोगाउन गोठ अनिवार्य औलतिर झार्ने र भारी बोकाउने गरिन्थ्यो । लेकमै भएकालाई गोठमै बाँधेर पनि राखिन्थ्यो । अहिले औलमा धपाएर लिएर जाने जनशक्ति कम भएको छ । गोठाला पनि पाइँदैन । औलमा हिउँदे बाली लगाउने भएकाले राख्ने ठाउँको पनि समस्या छ । हिउँले छोपे त्यहाँबाट निस्कनासाथ नुनभुस खुवाउन पुग्नुपर्छ । यसले उनीहरूलाई चरनमा जान शक्ति प्राप्त हुन्छ । यतिबेलाका लागि घाँसको जोहो पनि पहिल्यै गरिएको हुन्छ । हिउँ परेका बेला घाँस तान्ने क्रममा सबैभन्दा बढी दुर्घटनाको जोखिम हुन्छ ।

लेकमा पाइने निगालो, मालिङ्गो हिउँले नुहाएको हुन्छ । त्यो निगालो खानका लागि तन्किन्छन् । त्यही बेला लड्ने र दुर्घटना हुने नुपु शेर्पा बताउँछन् । भारी बोकाउँदा भने घाँस खोलेका अलावा दाना पनि दिनुपर्छ । मकै, नुन, भुस मिलाएर दिइन्छ ।

मिक्वाखोला ५ का वडाध्यक्ष शेर्पा परम्परागत व्यवसाय जोगाउनु अनिवार्य रहेको बताउँछन् । उनका अनुसार यसका लागि स्थानीय तहले भने धेरै लगानी गर्न सक्तैन । 'मौसम परिवर्तनका कारण रोगको संक्रमण बढी नै देखिन थालेको छ,' उनले भने, 'यसका लागि दक्ष स्वास्थ्यकर्मी सके गोठमै नभए वडामा राख्नु अनिवार्य छ ।' नश्ल सुधारका लागि पनि विशेष योजना ल्याउनुपर्छ । याक संरक्षण र नश्ल सुधारका लागि सरकारले डोल्पा र सोलुखुम्बुमा कार्यक्रम ल्याएको थियो । अहिले स्याङबोचेमा मात्रै संरक्षण तथा संवर्द्धन कार्यक्रम सञ्चालनमा रहेको उनले बताए । यस्तो कार्यक्रम ताप्लेजुङमा पनि विस्तार गर्नुपर्ने उनको माग छ ।

मिक्वाखोलाको पापुङ, साँवा, फक्ताङलुङको ओलाङचुङगोला, लेलेप, सिरिजंघाको याम्फुदिनमा समथर खर्क र चौर प्रशस्तै रहेकाले चौंरीपालनको सम्भावना रहेको डण्डुको बुझाइ छ । यसका लागि पशु बिमा, मौसमको पूर्वजानकारी, बजारको सुनिश्चितता अनिवार्य भएको डण्डु बताउँछन् ।

स्थानीयले पनि अब चार/पाँचवटा मात्रै नभएर व्यावसायिक रूपमा सयौंको संख्यामा पाल्न सक्नुपर्छ । अहिलेसम्म नेपालका चौंरी र याक चीनमा मात्रै निर्यात हुने गरेको छ । मासुका लागि चीनमा लगिन्छ । छुर्पी र चम्मर भने नेपाली बजारमा बिक्री हुन्छ । चौंरीको पुच्छर चम्मरका रूपमा प्रयोग हुन्छ । गोठ जोगाउन सके नेपालको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने डण्डु बताउँछन् । 'तीनजुरे मिल्के जलजलेमा लालीगुँरास हेर्न आएका मान्छेले चौंरी याकको बथान पनि देखे अझै खुसी हुन्छन्,' उनी भन्छन्, 'हिमाली पशुपालनको संस्कृति जोगाउन र पर्यटकलाई देखाउन पनि जोगाउन जरुरी छ ।'

# पारि छोरीको हत्या, वारि न्यायको पर्खाइ

■ **जितेन्द्र साह** (विराटनगर)

छोरीका बारेमा सोध्नेबित्तिकै विराटनगर ११ पिचरा धुदुवा टोलकी ४५ वर्षीया आनन्दीदेवी सहनी डाँको छाडेर रुन्छिन् । 'सासूससुरा, ज्वाइँ, नन्द र छरछिमेकले मिलेर अर्धमूर्च्छित नहुन्जेलसम्म कुट्दै छोरीलाई विष खुवाए, रातारात खोलामा लगेर फाले,' उनी रुँदै भन्छिन्, 'ती निर्दयी हत्यारालाई पनि अदालतले यसै गरी सजाय दिनुपर्छ, उनीहरूलाई फाँसीको सजाय हुनुपर्छ ।'

दाइजोको भोका ससुराली पक्षले छोरी २२ वर्षीया रञ्जनाको हत्या गरेपछि उनी तीन महिनादेखि न्यायको पर्खाइमा छिन् । 'फूल जस्ती छोरीलाई तडपाएर मार्नेहरूले कहिल्यै शान्ति नपाऊन्, उनीहरूको पनि अकालमै मृत्यु होस्,' आनन्दीदेवीले विलाप गर्दै भनिन् ।

भारत बिहारको अररिया जिल्लास्थित जोगबनीको भेडयारीमा रञ्जनाको असोज २४ को राति हत्या भएको थियो । घटनाको आठ महिनाअघि २३ फागुनमा जोगबनी भेडयारीका २५ वर्षीय भीम बहरदारसँग उनको मागी बिहे धुमधामले भएको थियो ।

जोगबनी प्रहरी चौकीका अनुसार हत्याको दुई दिनपछि २६ असोजको बिहान सीमावर्ती जोगबनी बजारदेखि करिब ३ किमि दक्षिण भवानीपुरस्थित परमान खोलामा रञ्जनाको शव फेला परेको थियो । रञ्जनाको घरदेखि यो खोला एक किलोमिटर पर छ ।

छोरी हराएको खबर पाएपछि २५ असोजमा माइती पक्ष खोजतलास गर्दै भेडयारी पुगेका थिए । खोजी जारी रहँदा २६ असोजको बिहान स्थानीय बालबालिकाले खोलामा शव देखेर खबर गरेका थिए, जुन रञ्जनाको थियो । मृतकको अनुहारलगायत शरीरको विभिन्न भागमा चोटपटक देखिएको थियो ।

'शारीरिक यातना र हत्या पुष्टि भएकोले चार आरोपीलाई तत्कालै पक्राउ गर्‍यौं । शवको फारबिसगन्ज अस्पतालमा पोस्टमार्टमपछि भिसेरा परीक्षणका लागि पटना पठायौं,' जोगबनी प्रहरी चौकीका प्रमुख आफताब अहमदले कान्तिपुरसँग भने, 'अब यो मुद्दा अदालतमा विचाराधीन छ ।' सीमावर्ती भारत बिहारको अररिया जिल्ला अदालतमा मुद्दा चलिरहेको छ । '६ महिनाभित्र फैसला हुने अदालतले भनेको छ,' आमा आनन्दीदेवीले भनिन् । दाइजो स्वरूप माग गरिएको २ लाख रुपैयाँ नदिँदा छोरीको हत्या भएको माइती पक्षको बयानअनुसार प्रहरीले तत्कालै रञ्जनाका श्रीमान् २५ वर्षीय भीम बहरदार, ससुरा सैनी बहरदार, जेठाजु अर्जुन बहरदार र छिमेकी शिवानन्द मुखियालाई पक्राउ गरेको थियो ।

फरार रहेकी रञ्जनाको सासूलाई दुई साताअघि पक्राउ गरी अदालतमा उपस्थित गराइसकिएको अहमदले बताए । उनको जेठानी दिदी अझै फरार छिन् । आनन्दीदेवीका अनुसार ससुराली पक्षबाहेक कुटपिट र हत्यामा टोलवासीको समेत संलग्नता थियो ।

'मुख्य आरोपीहरूलाई पक्राउ गरिसकेका छौं । अब उनीहरूको घरमा ताल्चा लागेको छ,' उनले भने, 'यस्तो मुद्दा कहिल्यै बन्द हुन्न । अनुसन्धानको क्रममा अन्य पनि आरोपी देखिएमा वा अदालतले थप कसैलाई पक्राउ गरेर ल्याउन भनेमा प्रहरी पछि हट्दैन ।' हरेक कोणबाट अनुसन्धान गरिंदा रञ्जनाको कुटपिट र विष सेवनबाट हत्या भएको पुष्टि भइसकेको हुनाले अभियुक्तहरू बच्ने सम्भावना नरहेको अहमदले बताए ।

रञ्जनाको शव फेला पर्नुभन्दा १५ दिनअघि ज्वाइँले पसल खोल्नलाई पैसा चाहिएको भन्दै दबाब दिएको र नदिएमा रञ्जनाको हत्या गर्ने धम्की दिएको माइती पक्षले बिहार प्रहरीको जोगबनी चौकीलाई दिएको जाहेरीमा उल्लेख छ ।

एक मात्र छोरीको हत्यापछि आनन्दीदेवीको आँखाबाट आँसु नझरेको दिन छैन । 'गरिब भए पनि छोरीको बिहे खर्चमा कुनै कमी हुन दिएनौं,' उनले भनिन् । बाँकी चार सदस्यीय सहनी परिवारमा आनन्दीदेवीका पति ५० वर्षीय मानीचन्दले राजमिस्त्री र छोरा २१ वर्षीय रिकेशले टेन्टको काम गर्छन् ।



**छोरी रञ्जनाको तस्बिर देखाउँदै विराटनगर, पिचरा धुदुवा टोलकी आनन्दीदेवी सहनी ।**
*तस्बिर : जितेन्द्र/कान्तिपुर*

सामान्य घरमा बस्ने सहनी परिवारले अहिलेसम्मको सम्पूर्ण बचत छोरीको बिहेमा खर्चेका थिए । टीभी, फर्निचर, गरगहना, लुगाफाटा र भाँडाबर्तनलगायत सम्पूर्ण सामान दिएर छोरीलाई बिदा गरेका थिए । तर ज्वाइँले कम दाइजो पाएको भन्दै रञ्जनालाई शारीरिक एवं मानसिक यातना दिँदै आएको परिवारजनले बताए । बिहेपछि परिवारजनले ऋण खोजेर भए पनि ज्वाइँलाई मोटरसाइकल किनेर दिएका थिए ।

'अब त छोरीलाई खुसी राख्लान् भनेर सोचेका थियौं तर ठिक उल्टो भयो, माग बढ्दै गयो,' आनन्दीदेवीले भनिन्, 'पसल खोल्नलाई ज्वाइँले २ लाख रुपैयाँ माग्यो, यति ठूलो रकम तत्कालै दिनलाई असमर्थ थियौं ।'

मागेको रकम नदिएमा रञ्जनालाई मारेर फालिदिने धम्की पटकपटक ज्वाइँले दिएको कान्छो हजुरबा ५५ वर्षीय लक्ष्मी सहनीले बताए । 'अन्तिम पटक धम्की दिएको १५ दिनपछि नातिनीको हत्या गरे,' उनले भने । तल्लो अदालतको फैसलाबाट चित्त नबुझेमा उच्च अदालत पुग्ने र त्यहाँबाट पनि चित्त नबुझेमा सर्वोच्चलाई गुहार्ने सहनीले बताए । उनले भने, 'नातिनीको हत्याराहरूलाई छाड्दैनौं ।'

तर पनि छोरी गुमाएकी आमा आनन्दीदेवीको अवस्था बेहाल छ । घरमा आइपुग्नेलाई छोरीको एक मात्र तस्बिर र शोकपत्र देखाउँदै रुन थाल्छिन् । बैचेनी र छटपटाहटले गर्दा उनलाई राम्ररी निद्रा आउँदैन । 'सपनीमा छोरीलाई घर फर्केको देख्छु,' आनन्दीदेवी भन्छिन्, 'विपनीमा पनि फर्केर आउँछिन् कि जस्तो लाग्छ, आँगनमा छरछिमेकका छोरीबुहारी आउँदा रञ्जना नै आएजस्तो भान हुन्छ ।' छोरीको सन्तानलाई खेलाउने सपना अधुरै रहेको उनले बताइन् । चाडबाडमा छरछिमेकका छोरीज्वाइँ आउँदा सम्झना आउने गरेको आनन्दीदेवी बताइन् ।

# महामहिमको 'मुस्कान'


मनोज पौडेल

**बुद्धस्थल प्राचीन कपिलवस्तु (तिलौराकोट) मा चिनियाँ राजदूत होउ यान्छी (बायाँ) ।**

कपिलवस्तु (कास)- 'हर एक्सिलेन्सी । फिउ वर्ड इन मिडिया ।' सञ्चारकर्मी मनोज श्रीवास्तवको शब्द उनको कानमा के परेको थियो, उनले गजबको मुस्कान दिइन् । भनिन्, 'एस् प्लिज । यू आर रेडी ।' उनी थिइन्, सेलिब्रिटी चिनियाँ राजदूत हाउ यान्छी ।

सञ्चारकर्मीसँग बुद्धस्थल प्राचीन कपिलवस्तु (तिलौराकोट) मा बिहीबार हाँसीहाँसी कुरा गरिन् । 'निकै फ्रयांक थिइन्,' सञ्चारकर्मी श्रीवास्तवले भने, 'उत्तिकै सरस र सरल ।' मुस्कानसाथ क्यामेरामा कुरा गरिन् । सञ्चारकर्मीको जिज्ञासा धीत् मार्ने गरी मेटिन् । उत्ति नै मुस्कुराउँदै बिदा भइन् । जुन अविस्मरणीय भएको सञ्चारकर्मी शम्भु सैनीले बताए । 'धैरसँग अन्तर्वार्ता गरियो,' उनले भने, 'तर यस्तो फरासिलो र हँसिलो राजदूत पाएका थिएनौं ।'

तिलौराकोट अवलोकन गर्ने क्रममा संयोगले महामहिमको डुह्राम विश्वविद्यालय बेलायतका प्रोफेसर पुरातत्त्वविद् डा. रबिन कनिङ्घमसँग भेट भयो । मुस्कुराउँदै परिचय दिइन् । 'सम्पन्न मुलुकको शक्तिशाली राजदूत हुँदा सामान्य, सरल र मिजासिलो पायौं,' लुम्बिनी विकास कोषका सदस्य राजेश ज्ञवालीले भने ।

चिनियाँ सञ्चार संस्था पिपुल्स डेलीले राजदूत यान्छीले सामाजिक सञ्जालमार्फत नेपालको पर्यटन प्रवर्द्धन गरेको भन्दै समाचार प्रकाशन गरेको छ । उत्तरी चीनको सान्सी प्रान्तमा सन् १९७० मार्चमा जन्मेकी राजदूत हाउ सन् २०१८ मा नेपालका लागि जनवादी गणतन्त्र चीनको राजदूत नियुक्त भएकी थिइन् । उनी बुद्धस्थल र पूर्वी नवलपरासीमा सञ्चालित चिनियाँ लगानीका योजना अनुगमन गरेर शुक्रबार राजधानी फर्किएकी छन् ।

# बनेन न्यायिक समिति

■ **अगन्धर तिवारी** (पर्वत)

संवैधानिक व्यवस्थाबमोजिम स्थानीय तहमा जनप्रतिनिधि चुनिएलगत्तै न्यायिक समिति गठन हुनुपर्ने हो । तर स्थानीय तहभित्रका साँधसिमाना, पारिवारिक तथा सामाजिक झैझगडा, बाटोघाटोका विवादलगायत समस्या निरूपण गर्न समिति गठन हुनैपर्ने भए पनि कुश्मा नगरपालिकामा अझै हुन सकेको छैन । जसका कारण कुश्मावासी जनप्रतिनिधि आएको अढाई वर्षसम्म संघीय संरचनाअनुसारका न्याय अनुभूत गर्न पाएका छैनन् ।

नेकपा र कांग्रेसबीच कुरा नमिल्दा उपप्रमुखको संयोजकत्वमा गठन हुनुपर्ने न्यायिक समिति अझैसम्म गठन नभएको हो । कुश्माका १४ मध्ये ५ वडा कांग्रेस र ९ वडामा नेकपाका अध्यक्ष विजयी भएका छन । २४ कार्यपालिका सदस्यमध्ये ७ नेपाली कांग्रेस र बाँकी सबै नेकपाका छन् ।

तीन सदस्य रहने समिति नगरपालिकाका उपप्रमुखको संयोकत्वमा गठन हुने संवैधानिक व्यवस्था छ । संविधानको धारा २१७ बमोजिम न्यायिक समिति गठन गर्नुपर्ने व्यवस्था छ । सोही धाराको उपधारा २ मा न्यायिक समितिमा गाउँसभा वा नगरसभाबाट निर्वाचित २ सदस्य हुनुपर्ने व्यवस्था छ ।

यस्तो समितिले प्रचलित कानुनबमोनिम मेलमिलाप हुन सक्ने व्यक्ति वादी भई दायर हुने अन्य देवानी र अन्य एक वर्षसम्म कैद हुन सक्ने फौजदारी विवादको फैसला गर्ने अधिकार स्थानीय तह सञ्चालन ऐन, २०७४ को परिच्छेद ८ (ट) मा उल्लेख छ । संवैधानिक व्यवस्थाअनुसार उपप्रमुखको संयोजकत्वमा गठन हुनुपर्ने न्यायिक समिति नेकपाको बहुमतकै कारण गठन हुन नसकेको नगरका पदाधिकारी बताउँछन् । 'हाम्रो बहुमत भएको भए तत्कालै हुन्थ्यो,' एक जनप्रतिनिधिले भने, 'उहाँहरूले विभिन्न बखेडा झिकेर बन्दी बनाउनुभएको छ ।' नेकपाबाट विजयी केही वडाध्यक्षले गत वर्षको नगरसभामा ५ वर्षसम्म न्यायिक समिति बन्न नदिने चुनौती दिएको ती सदस्यले बताए ।

नेकपाको बहुमत रहेको नगरपालिकामा प्रमुख र उपप्रमुख कांग्रेसबाट विजयी छन् । लेखा, विधायन र न्यायिक समिति संवैधानिक भएकोले कानुनको परिधिभित्रै रहेर समिति बनाउन सहमत भएको नेकपाका सदस्य बताउँछन् । नगरपालिकाको प्रवक्ता, विधायन, लेखा, सुशासनलगायतका अरू समितिका संयोजकसहित बहुमत सदस्य आफ्ना दलका नबनाए न्यायिक समिति गठन गर्न नदिने अडान नेकपाका सदस्यको छ । 'न्यायिक समितिमा हामीले कुनै अवरोध गरेका छैनौं,' कुश्मा-११ का अध्यक्ष शिवप्रसाद पौडेलले भने, 'विपक्षी दलका हिसाबले हामीले लेखा समितिको संयोजक मागेको सत्य हो । अरूमा उहाँहरूले मागे बमोजिमका सदस्य तोकेका छौं ।' नगरप्रमुख र उपप्रमुखकै चासो कम हुँदा संवैधानिक समिति गठन हुन नसकेको उनको आरोप छ ।

नगरप्रमुख र उपप्रमुख भने न्यायिक समितिको गठन नहुनुमा नेकपा नै दोषी रहेको बताउँछन् । 'न्यायिक समिति बनाउने हो भने प्रवक्ता हामीलाई चाहिन्छ भन्ने उहाँहरूको कुरा हो,' नगरप्रमुख रामचन्द्र जोशीले भने, 'हरेक मिटिङमा मैले गर्नसम्म गरेको छु । बहुमत र अल्पमतको कुरा गर्छन् । तपाईंहरूकै सदस्य राख्नुस् भन्दा पनि मान्नुभएको छैन ।' हरेक बैठकमा

## नेकपाकै कारण समिति गठन हुन नसकेको हो

फरकफरक कुरा गर्ने नेकपाका सदस्यबीच नै कुरा नमिलेर बिग्रिएको उनको आरोप छ । 'हामी समिति बनाउने होमवर्क धेरै पहिलेदेखि गर्दै आएका हौं,' उपप्रमुख सीता काफ्ले लामिछानेले भनिन्, 'उहाँहरूले अरू समितिका कुरा ल्याएर जोडेपछि यो विषय धेरै जटिल बन्न पुग्यो ।'

**समितिमा उजुरी बढ्दै**

न्यायिक समिति गठन भएपछि कुश्माबाहेकका सबैजसो स्थानीय तहमा उजुरीको चाङ लाग्न थालेका छन् । घरेलु हिंसा, महिला हिंसा, आर्थिक लेनदेन, योजना विवाद, साँधसिमाना, सडक, खानेपानी, सिँचाइलगायतदेखि बहुविवाहसम्मका उजुरी पर्न थालेका छन् । संविधानले न्यायिक समितिलाई कानुनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरूपण गर्न गाउँपालिका वा नगरपालिकाले उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति गठन गर्ने प्रावधान राखेको छ । सोही प्रावधानअनुसार गठित न्यायिक समितिले आएका उजुरीमाथि छानबिन एवम् मिलापत्र गर्न थालेका हुन् ।